शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २७९ काठमाडौं | १४ मंसिर २०७६ शनिबार मार्ग शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 30, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

ग्रान्ड रिहर्सल | १३औं दक्षिण एसियाली खेलकुद (साग) को उद्घाटन समारोहका लागि दशरथ रंगशालामा शुक्रबार साँझ 'ग्रान्ड रिहर्सल' का क्रममा मार्चपास र आतिसबाजी गरिँदै । सागको उद्घाटन आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन् । *तस्बिर : हेमन्त श्रेष्ठ र दीपक केसी/कान्तिपुर*

६ वर्षमा ५.६७ क्विन्टल सुन बरामद

■ **मातृका दाहाल** (काठमाडौं)

इकडबाट आएका दुई चिनियाँ नागरिक चेन होङयाङ र चेन क्विनहाङ ८ केजी सुनसहित विहीबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परे । जहाजबाट बाहिरिने क्रममा भन्सार र प्रहरीको टोलीले उनीहरूलाई पक्रिएको थियो । चीनको फुजियान प्रान्तका दुवै जना भरिया रहेको प्रहरीको आशंका छ । शुक्रबार पनि तिब्बत एयरबाट आइपुगेका चिनियाँ नागरिक सा लुतुई एक किलो सुनसहित त्रिभुवन विमानस्थलमा पक्राउ परेका छन् ।

गत साउन १९ गते हडकडबाटै आएका चिनियाँ नागरिक ली निङसिङ ४ केजीसहित विमानस्थलबाटै समातिए । उनी पनि तस्करका भरिया नै रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । त्यसको १० दिनअघि गोरखाको धार्चे गाउँपालिका-३ खोर्लाबेसी नजिकैको ओडारमा १६ केजी सुन फेला पऱ्यो । बरामद सुन गोरखाकै तिब्बती सीमा चुमनुब्री गाउँपालिकाको छेकम्पारस्थित डुइला नाकाबाट भित्रिएको अनुसन्धानले देखायो ।

अवैध रूपमा नेपाल भित्र्याइएको सुन बरामद गरिएका यी पछिल्ला घटना हुन् । जसबाट तस्करले विभिन्न शैली र बाटो अपनाउँदै सुन भित्र्याउने क्रम चलिरहेको देखिन्छ । प्रहरीले प्रायः भरिया मात्र समात्ने र मुख्य कारोबारी पत्ता नलगाउने हुनाले पनि तस्करी निरन्तर भइरहेको आकलन गरिएको छ । गत चैत २० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रहरीले थाइल्यान्डबाट आएका ५ भारतीयलाई ६ केजी सुनसहित पक्राउ गरेको थियो । ०७४ असोज ४ गते रसुवागढी/केरुङ नाका हुँदै भित्रिएको ८८ केजी सुन क्षेत्रपाटीबाट बरामद भयो । यी घटनाका मुख्य कारोबारी पत्ता लागेका छैनन् ।



रोकिएन तस्करी

प्रहरीका अनुसार ०७१ मा १ सय ११ केजी, ०७२ मा ६८ केजी, ०७३ मा ९१ केजी, ०७४ मा १ सय ७९ केजी, ०७५ मा ८९ केजी र चालु आवको ८ महिनामा २९ केजी तस्करीको सुन बरामद भएको छ । प्रहरीका अनुसार ६ वर्षको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग जोडिएका नाकाबाट ५ सय ६७ केजी सुन बरामद भएको छ, जुन अहिलेको दरअनुसार करिब ३ अर्ब ५० करोड रुपैयाँ मूल्य बराबरको हो । तस्करीमा संलग्न ४ सय ५५ जना नेपाली र विदेशी नागरिक पक्राउ परेका छन् । पक्राउ परेका केहीबाहेक अधिकांश भरिया रहेको प्रहरी अधिकारीले बताएका छन् । चीन, भारत, नेपाल, दुबई, हडकङ, सिंगापुर, थाइल्यान्डलगायत मुलुकमा बसेर सुन अवैध रूपमा ओहोरदोहोर गराउने गिरोह सक्रिय रहे पनि निस्तेज पार्न सरकारले सकेको छैन ।

यसबीचमा सुन तस्करलाई ओसारपसारमा सहयोग गरेको अभियोगमा नेपाल प्रहरीका एसएसपीद्वय रविराज श्रेष्ठ र श्याम खत्री लगायतसमेत पक्राउ परे । सशस्त्र प्रहरीका तत्कालीन डीएसपी हर्क पन्त भन्सार छली र सुन तस्करसँग मिलेको अभियोगमा तातोपानीबाटै पक्राउ परे । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भुजुङ गुरुङ पनि पक्राउ परे ।

पूर्वडीआईजी हेमन्त मल्ल नेपालमा तस्करीको सुन ९० प्रतिशत चीनबाट आउने गरेको बताउँछन् । 'तस्करले नेपाललाई ट्रान्जिट बनाएर सुन ओसारपसार गरिरहेका छन्, त्यसलाई नियन्त्रण गर्न सरकारले विद्युतीय उपकरणको प्रयोग बढाउनुपर्छ,' उनले भने, 'विमानस्थलसहित सबै नाकामा सुन, लागूऔषध र मुद्रा पहिचान गर्न सक्ने उपकरण जडान गरियो भने धेरै हदसम्म तस्करी रोक्न सकिन्छ ।'

नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग सीमा जोडिएका स्थल नाकाबाट सुन तस्करी हुँदै आएको छ । भारतसँग मानव आवतजावत गर्न मिल्ने ७३ नाका/चेकप्वाइन्टमा सरकारको उपस्थिति छैन । चीनसँग सीमानाका जोडिएका डेढ दर्जन चेकप्वाइन्टमा पनि सरकारको संयन्त्र पुगेको छैन ।

बाँकी पृष्ठ १३ ▸▸

यसरी सुरु हुँदै छ १३औं साग

■ **विनोद पाण्डे** (काठमाडौं)

दशरथ रंगशाला यतिबेला दुहली घरजस्तै भएको छ । पुनर्निर्माणले रूप फेरिएको रंगशाला धपक्क बलेको छ । चारैतर्फ प्यारापिटमा छानो हालिएको छ । रंगीविरंगी कुर्सी, अनि मैदानको हरियो दुबोमा फ्लडलाइटको प्रकाश छरिँदा यो हाम्रै देशको रंगशाला हो भन्न पाउँदा पनि आनन्द लाग्छ । हो, यही रंगशालामा आइतबार भव्य समारोह हुनेछ- दक्षिण एसियाली खेलकुद १३औं संस्करणको उद्घाटन ।

'नेपाली मौलिकता प्रस्तुत हुनेछ । प्रकृति र संस्कृतिको धनी देश भनेर चिनाउनेछौं,' समारोह समितिका निर्देशक कुलबहादुर थापाले भने, 'हेरौं-हेरौं लाग्ने बनाएका छौं उद्घाटन समारोह ।' बाँकी पृष्ठ १५ ▸▸

उपनिर्वाचन आज

प्रतिनिधिसभाको १, प्रदेशसभाको ३ र स्थानीय तहका रिक्त ४८ समेत ५२ पदका लागि मतदान

१६ हजार २ सय १९ नयाँ मतदाता, परिचयपत्र नहुनेलाई विकल्प

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त पदका लागि शनिबार उपनिर्वाचन हुँदै छ । निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको र बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने जनाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उपनिर्वाचनका लागि सुरक्षा व्यवस्था मजबुत बनाइएकाले निर्भीक भएर मतदानमा सहभागी हुन मतदातालाई आह्वान गरेका छन् ।

प्रतिनिधिसभाको रिक्त रहेको कास्की-२, प्रदेशसभाको भक्तपुर १(१), बागलुङ २(२), दाङ ३(२) मा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनमा जसले जिते पनि प्रतिनिधिसभा वा प्रदेशसभामा रहेको दलीय उपस्थितिमा ठूलो प्रभाव पार्ने छैन । स्थानीय तहतर्फ सुनसरीको धरान उपमहानगरमा प्रमुख, संखुवासभाको मकालु, पाँचथरको फालगुनन्द र महोत्तरीको पिपरा गाउँपालिकामा अध्यक्ष पदको निर्वाचन हुन लागेको हो । हुम्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिका एवं गाउँपालिकाका रिक्त ४३ वडाध्यक्ष पदका लागि समेत उपनिर्वाचन हुँदै छ । स्थानीय तहतर्फ नगरप्रमुख, अध्यक्ष तथा वडाध्यक्ष कार्यकारी पद भएकाले त्यसको जितहारले स्थानीय सरकारमा सम्बन्धित राजनीतिक दलको भूमिका थपघट हुनेछ ।

प्रतिनिधिसभातर्फ कास्की क्षेत्र नं. २ बाट निर्वाचित तत्कालीन एमाले नेता पर्यटनमन्त्री रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । कास्की-२ मा ११ राजनीतिक दलले चुनावमा भाग लिएका छन् ।

बाँकी पृष्ठ १३ ▸▸

सीमा विवाद

बहकियो कालापानी बहस

भारतले नयाँ राजनीतिक नक्सामा नेपालअन्तर्गतका कालापानी, लिपुलेक, लिम्पियाधुरालाई समेटेपछि उब्जिएको विवाद र बहसमा 'नचाहिने र मुद्दाको चुरोलाई बहकाउने' तर्क-वितर्क बढेका छन् ।

टिप्पणी

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

नेपाल र भारतका दुई पूर्वपरराष्ट्र सचिवका कालापानीबारे आएका राय-टिपोट यतिखेर सार्वजनिक सञ्जालको बहसमा छाएका छन् । नेपालका लागि भारतीय पूर्वराजदूत एवं पूर्वविदेश सचिव श्याम शरणले यो साता भारतीय अखबारमा लेख लेखेका छन्, 'कालापानी मुद्दामा नेपालले छलफल चाहेकै छैन, द्विपक्षीय एजेन्डामा नेपालले कालापानीलाई राख्न चाहेकै छैन ।' यसको प्रतिवाद गर्दै पूर्वपरराष्ट्र सचिव मधुरमण आचार्यले ट्वीट गरे, 'तत्कालीन (२००३) भारतीय राजदूत श्याम शरणले नै प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण क्रममा कालापानी र सन् १९५० को सन्धिलाई संयुक्त वक्तव्यबाट हटाउन लबिइङ गरेका थिए ।'

भारतले आफ्नो नयाँ राजनीतिक नक्सामा नेपालअन्तर्गतका कालापानी, लिपुलेक, लिम्पियाधुरासहितको भूभागलाई समेटेपछि उब्जिएको विवाद र बहसमा 'नचाहिने र मुद्दाको चुरोलाई बहकाउने' तर्क-वितर्क बढेका छन् । उठेको मामिलालाई समातेर सम्बोधन गर्नेतर्फ लाग्नुपर्ने परराष्ट्र मन्त्रालय भने कसैले थाहा नपाएको आभास दिने गरी 'आन्तरिक तयारी' मा छ । परराष्ट्र सचिव शंकर बैरागीले तीन साताअघि मिडियामा भनेका थिए, 'यस विषयमा हामीले भारतीय पक्षसँग कुरा गर्नैपर्ने हुन्छ । कुराकानीका लागि छिट्टै टुंगो लाग्छ ।'

यसबीचमा प्रधानमन्त्री केपी शर्मा ओलीले 'कालापानीबाट सेना हटाओस्' भनेर बोलीको अडान सुनाए । संसद्को राज्य व्यवस्था तथा सुशासन समिति स्थलगत अनुगमनका लागि जाने तयारी गरे पनि सभामुख नभएका कारण प्रक्रिया तत्कालका लागि अघि बढेको छैन ।

नागरिकस्तरबाट गठित विज्ञ समूहले 'सीमा बचाऔं अभियान' अघि बढाएको छ । एउटा राष्ट्रवादी समूह कालापानीमै अखण्ड धर्ना कार्यक्रम लिएर अघि बढिसकेको छ । संसद्को राज्य व्यस्था समितिले लिम्पियाधुरासहितको नेपालको नयाँ नक्सा जारी गर्न भूमि व्यवस्था मन्त्रालय र नापी विभागलाई निर्देशन दिएको दुई साता बितेको छ । यो निर्देशन 'लिखित' हैसियतमा शुक्रबारसम्म पनि सिंहदरबारबाट नापी विभागसम्म पुग्न सकेको छैन । नापीका महानिर्देशक प्रकाश जोशी भन्छन्, 'सीमा व्यवस्थापनको प्राविधिक पक्ष र सीमांकनमा हामी तम्तयार छौं तर नयाँ नक्सा तयारीबारे अथवा यस्तो सैद्धान्तिक पक्षमा कतैबाट कुनै निर्देशन पाइसकेका छैनौं ।'

तीन साताअघि कालापानीबारे प्रधानमन्त्रीसहित बसेको सर्वदलीय बैठकले 'साझा सहमति' जुटाएको थियो । आफैंसमेत

कालापानी मामिलामा तालुकदार भनिएको परराष्ट्र मन्त्रालय कहाँ छ ? परराष्ट्र सचिवको संयन्त्र के गर्दै छ, थाहा छैन ।

संलग्न रहेको सर्वदलीय बैठकमा भएको सहमतिको मसी सुक्न नपाउँदै पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले मंसिर ७ मा पोखरा पुगेर तरंग ल्याउने गरी बोले, 'भारतले हाम्रो प्रधानमन्त्री ओलीसँग नै सम्झौता गरेर मात्र नयाँ नक्सा बनाएको हो । होइन भने नेपाली भूभाग मिचिएको प्रस्ट हुँदाहुँदै सरकारले किन पहल गर्दैन ?'

पोखराको चुनावी प्रचारमाझ पूर्वप्रधानमन्त्री तहका वरिष्ठ नेताले राखेको यो धारणाले तरंग ल्यायो तर यो भनाइ आफ्नै निम्ति र राष्ट्रिय हित-स्वार्थका हिसाबमा कति घातक थियो भन्ने बहस अघि बढ्न सकेन । यही बेला भारतीय पूर्वविदेश सचिव एवं राजदूत श्याम शरणले एकतर्फी रूपमा 'नेपाली पक्षले कालापानीबारे गम्भीर छलफल गर्न नचाहेको' भन्दै नेपाली राजनीति, प्रशासन र संयन्त्रमा रहेको 'छिद्र' को फाइदा उठाएर प्रहार गरेका हुन् ।

सन् २०१४ मा काठमाडौंमा सम्पन्न नेपाल-भारत मन्त्रीस्तरीय बैठकले कालापानी र सुस्ताको विवाद समाधान गर्न सचिवस्तरीय संयन्त्र बनाएको यथार्थलाई भने पूर्वसचिव श्याम शरणले स्मरणसम्म पनि गरेका छैनन् । लगत्तै नेपाल-भारत १९५० को सन्धिसहितका सहमति, सम्झौताको पुनरावलोकन गर्न बनाइएको प्रबुद्ध समूह (ईपीजी) को उच्च आकांक्षा र मार्गनिर्देशनको प्रतिवेदन एक वर्षयता कता-कहाँ थन्किएको छ, कसैलाई थाहा छैन । भारत सरकारले ईपीजी प्रतिवेदन बुझ्नै नचाहेको एकातर्फ छ भने उक्त समूहका अधिकांश द्विदेशीय सदस्यहरू राजदूत, गभर्नर, प्रधानमन्त्रीका सल्लाहकार आदि बनेर 'चुप लाग्ने' स्थितिमा पुगिसकेका छन् । 'ईपीजी प्रतिवेदन भारतले बुझ्न नचाहनुका पछाडि सबैभन्दा चर्को रूपमा यही खुला सीमा विवाद, अनिवार्य पहिचान पत्र र कालापानीसहितको सरोकार पनि जोडिएको छ,' ईपीजीकै एक सदस्य भन्छन्, 'अर्कातिर, यो सरोकारमा हामी कामले भन्दा बढी कुरामा सहमत र गम्भीर छौं । यही हाम्रो सतही गम्भीरताको फाइदा उठाएर अनेक तहका भारतीय अधिकारीहरू हामीलाई कमजोर देखाउँदै कुरा गरिरहेका छन् ।'

यो सन्दर्भमा परराष्ट्र मन्त्रालयले २०६३ सालमा राष्ट्रिय अभिलेखालयमा ऐतिहासिक प्रमाणका रूपमा बुझाएका नापनक्सासहितका अभिलेखबारे सोधीखोजी पनि सुरु भयो । सन् १९३४ को कालापानी क्षेत्रको ट्रेस-नक्सा, सेती-महाकाली नक्सा आदिसमेत उक्त सामग्रीमा पाइएपछि नियमानुसार परराष्ट्र मन्त्रालयको प्रशासनमा ती सामग्री अध्यन-मननका लागि लिखित निवेदन पेस गर्दासमेत सहमति वा असहमति दिइएको छैन । 'हामी आफैं आवश्यक प्रमाण सामग्री जुटाउँदैछौं,' परराष्ट्रमा प्रशासनका एक वरिष्ठ कर्मचारीले भने, 'फेरि अहिले परराष्ट्रमन्त्री, सचिव रुसदेखि सर्वियासम्मको भ्रमणमा निस्कनुभएको छ । तपाईंले चाहेको सामग्रीको अध्ययन गर्न दिने कि नदिने भन्नेबारे पछि निर्णय हुन्छ ।'

यो घडी राष्ट्रवादी स्वर सुनाउन सञ्चारमन्त्री गोकुल बाँस्कोटा सञ्चार मन्त्रालयमै कालापानीबारे राजनीतिक बोली बोलिरहेका छन् भने भूमि व्यवस्थामन्त्री पद्मा अर्याल कालापानीसमेत देखिने नक्सा आफ्नो कक्षमा राखेर संवाददातालाई 'कुरो बुझाउन' खोजिरहेकी छन् । प्रधानमन्त्रीको बोलीपछि प्रधानमन्त्रीका सल्लाहकारहरू पनि 'कालापानी हाम्रै हो' भन्दै सुगा-अन्तर्वार्ता दिनमा व्यस्त छन् । तर यो मामिलामा तालुकदार भनिएको परराष्ट्र मन्त्रालय कहाँ छ ? परराष्ट्र सचिवको संयन्त्र के गर्दै छ, थाहा छैन । यसबेला, फेरि पनि भारतीय पूर्वविदेश सचिवको भनाइ उल्लेख गरौं, 'नेपाली पक्षले यो (कालापानी) विषयलाई भाषणबाजीका क्रममा मात्रै उठाउने गरेको छ । तर, बैठकहरूमा गम्भीर छलफल गर्न भने सधैं अनिच्छुक छ ।'



व्यास गाउँपालिका-२ घाटीबगड क्षेत्रमा भारतले लिपुलेक जाने सडक निर्माणका क्रममा विस्फोट गराउँदा ढुंगा र माटो खसेपछि थुनिने लागेको महाकाली नदी ।

तस्बिर : मनोज/कान्तिपुर

महाकाली थुनिने खतरा

■ **मनोज बडू** (दार्चुला)

भारतले नेपाल-भारत सीमा नदी महाकालीको किनारैकिनार लिपुलेक सडक निर्माण गर्दा नदीको बहाव थुनिने खतरा बढेको छ । भारतले व्यास गाउँपालिका-१ र २ को पारिपट्टि चट्टान फुटाएर सडक निर्माण गर्दै छ । त्यसका क्रममा खस्ने ढुंगा र माटो नदीमा थुप्रिएर बहाव थुनिने खतरा बढेको हो ।

सडक निर्माणका क्रममा निस्केका ठूला ढुंगा नदी किनारमा फालिएको छ । 'त्यसले धेरै ठाउँमा नदी ताल परेको छ,' व्यास गाउँपालिका-२ दुम्लिङका स्थानीय दीपेन बुढाथोकीले भने, 'दुम्लिङदेखि माथिल्लो क्षेत्रमा महाकाली साँघुरिएर बगिरहेको छ ।'

व्यास गाउँपालिका-५ धौलाकोटको पारितर्फको तवाघाटदेखि महाकाली नदी साँघुरिँदै गएको छ । सडक निर्माणका क्रममा चट्टान फोर्न प्रयोग गरिएको विस्फोटले पनि नेपाली बस्तीलाई जोखिममा पारेको छ । तवाघाट, तिउतला, बत्तिघाट, पांगलादेखि गर्भासम्म भारततर्फ र नदीको बीचसम्म ठूल्ठूला ढुंगा फालिएको छ । गर्भादेखिको माथिल्लो क्षेत्रमा भारततर्फको चट्टानी भूभाग फोरेर सडक खन्न विस्फोट गराउँदा त्यसको असर नेपाली भूभागसम्मै परेको बुढाथोकीको भनाइ छ ।

केही दिनअघि व्यास गाउँपालिकाका अध्यक्ष दिलीपसिंह बुढाथोकी, दार्चुला-तिंकर योजनाका प्रमुख अच्युत पन्तलगायतको प्राविधिक टोलीले भारतले बनाइरहेको सडक र त्यसको असरबारे स्थलगत निरीक्षण गरेका थिए । विस्फोटकै कारण दुम्लिङदेखि दोपखेसम्मको दार्चुला-तिंकर घोरेटो बाटो ठाउँठाउँमा भत्किएको छ ।

विस्फोटका कारण माल्पा, घाटिबगडलगायत नेपाली भूभागमा पनि क्षति पुगेको व्यास गाउँपालिकाले जानकारी दिएको छ । ०७० सालमा पनि धौलीगंगा जलविद्युत् परियोजनाको ड्याम खोल्दा महाकाली तटीय क्षेत्रमा ठूलो जोखिम उत्पन्न भएको थियो । अहिले पनि महाकाली थुनिए तल्लो क्षेत्रका बस्तीलाई ठूलो क्षति पुग्ने स्थानीय बताउँछन् । 'तटीय क्षेत्रका ती सबै बस्ती जोखिममा छन्,' स्थानीय जयदेवसिंह धामीले भने, 'दार्चुलालगायत अन्य जिल्लामा पनि यसले असर पुऱ्याउनेछ ।' यही सडकको असरले व्यास गाउँपालिकाले बनाएको बाटो बर्खाका बेला भत्कने गरेको उनको भनाइ छ ।

भारतले सन् २०२० भित्र लिपुलेक नाका जोड्ने गरी सडक निर्माण गर्दै छ । गर्भादेखि माथिल्लो क्षेत्र र लिपुलेकबाट तल गरी दुई ठाउँबाट सडक निर्माणाधीन छ । भारतले सीमा क्षेत्रमा दुई लेनको सडक दशकअघि निर्माण थालेको हो ।

हेलिकप्टर नपाउँदा अनुगमन रोकियो

■ **ऋषिराम पौड्याल** (काठमाडौं)

नेपाली सेनाले हेलिकप्टर उपलब्ध नगराएपछि प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समिति भारतसँगको सीमा क्षेत्र कालापानी अनुगमनमा तत्काल नजाने भएको छ । रक्षा मन्त्रालयलाई हेलिकप्टर उपलब्ध गराउन गरेको लिखित अनुरोध अस्वीकृत भएपछि समिति अनुगमनमा नजाने निर्णयमा पुगेको हो । संसद् सचिवालयले सांसदलाई भ्रमण गराउने र बजेट खर्च गर्ने स्वीकृति दिन नसक्ने जानकारी दिएपछि समितिले रक्षा मन्त्रालयमार्फत सेनाको हेलिकप्टर मागेको थियो ।

भारतले जारी गरेको नयाँ नक्सामा लिम्पियाधुरासहितको नेपाली भूमिलाई आफ्तिर पारेपछि समितिले अनुगमनका लागि मंसिर ११ मा कालापानी क्षेत्र जाने निर्णय गरेको थियो । समितिबाट हेलिकप्टर उपलब्ध गराइदिन अनुरोधपत्र आएको रक्षाका प्रवक्ता शान्तबहादुर सुनारले बताए । मन्त्रालयको सल्लाहमै सेनाले आन्तरिक समस्या देखाउँदै हेलिकप्टर दिन असमर्थता जनाएपछि समितिको अनुगमन रोकिएको हो । यसबारे समिति सभापति शशि श्रेष्ठले अनुगमनमा जान नसक्ने जानकारी सांसदहरूलाई दिइसकेकी छन् । सांसद झपट रावलले भने प्राविधिक कारणले अनुगमन रोकिएकाले सोमबार बस्ने समिति बैठकमा कालापानी जाने विषयमा पुनः छलफल हुने दाबी गरे ।

सचिवालयले बजेट दिन नमिल्ने भएपछि रक्षा मन्त्रालयमार्फत हेलिकप्टर व्यवस्था गर्न सकिने सुझाव दिएको समितिका सदस्य तथा सांसद दिलेन्द्रप्रसाद बडूले बताए । 'गम्भीर विषय भएकाले बैठकले जानैपर्ने निर्णय गरेको हो,' उनले भने ।

नेपाली सेनाका प्रवक्ता विज्ञानदेव पाण्डेले भने मौखिक रूपमा हेलिकप्टर माग भएको बताए । 'लिखित रूपमा पत्र पठाउन मैले नै भनेको हुँ,' उनले भने, 'त्यसपछि के भयो, थाहा छैन ।' सीमा क्षेत्रमा सेनाको हेलिकप्टर उडाउँदा भारतलाई गलत सन्देश जान सक्ने भएकाले रक्षाका अधिकारी असहमत भएको मन्त्रालय स्रोतको भनाइ छ । 'यस्तो संवेदनशील विषयमा छिमेकीसँग कूटनीतिक छलफल गर्नुको विकल्प छैन । सडकमा उफ्रे जसरी कूटनीति चल्दैन,' मन्त्रालयका एक अधिकारीले भने ।

कालापानी मात्र नभई विवादित सबै नाकामा जाने निर्णय भएको समिति सभापति श्रेष्ठले बताइन् । हेलिकप्टरका लागि रक्षा मन्त्रालयमा पत्र लेखिएको विषयबारे आफूलाई जानकारी नभएको उनको भनाइ छ । 'समितिले कहाँ जाने भन्ने निर्णय गर्ने हो, व्यवस्थापन सचिवालयले गर्ने भएकाले उसले के गऱ्यो थाहा छैन,' उनले भनिन् । सांसदको भ्रमण र आन्तरिक बजेट खर्चका लागि सभामुखबाट अनुमोदन गराउने प्रावधान रहेको संसद् सचिवालयका प्रवक्ता रोजनाथ पाण्डेले बताए ।

'विवाद समाधानमा पहल भएन'

कान्तिपुर संवाददाता (काठमाडौं)

प्रमुख प्रतिपक्ष कांग्रेसले नेपाली भूमि कालापानी र लिपुलेक फिर्ता गर्न सरकारले उच्चस्तरीय कूटनीतिक पहल नगरेको भन्दै चिन्ता प्रकट गरेको छ । कालीपानीबाट भारतीय सुरक्षा बल फिर्ता गराउने राष्ट्रिय एकताको ऐतिहासिक अवसर गुम्न सक्ने आशंका बढेको कांग्रेस केन्द्रीय कार्यालय सानेपामा शुक्रबार आयोजित पत्रकार सम्मलेनमा पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले बताए ।

'नेपालका अविभाज्य भूमिहरू कालापानी, लिपुलेक र लिम्पियाधुरासमेत गाँसेर नक्सा सार्वजनिक गरेको महिना दिन पुग्न लाग्दासमेत सरकारले उच्चस्तरीय कूटनीतिक र राजनीतिक पहल गम्भीर ढंगले नगर्नु अत्यन्तै दुःखद छ,' पत्रकार सम्मेलनपछि जारी प्रेस विज्ञप्तिमा उल्लेख छ, 'कांग्रेसलगायत सबै दल र समस्त नेपालीको सम्पूर्ण साथका बाबजुद सरकारले परिणाममुखी पहल गर्न नसक्नु लज्जास्पद विषय हो । हिजोको उग्र राष्ट्रवादको नारा यो प्रकरणमा आइपुग्दा विसर्जित हुँदै गएको छ ।' यस विषयमा गम्भीर भएर पहलकदमी लिन कांग्रेसले सरकारलाई पुनः आह्वानसमेत गरेको छ । कांग्रेसले उपनिर्वाचनका क्रममा सत्तापक्षबाट आचारसंहितासमेत उल्लंघन भएको आरोप लगाएको छ । प्रदेशका मुख्यमन्त्रीसमेत चुनाव प्रचारमा संलग्न भएको र कैयौं स्थानमा सरकारी साधनको दुरुपयोग भएको कांग्रेसको दाबी छ ।

'लिम्पियाधुरा त्रिदेशीय सीमाविन्दु'

दार्चुला (कास)- भारतले नयाँ राजनीतिक नक्सामा आफ्नो भूमिसमेत समेटेकामा आपत्ति जनाउँदै व्यास गाउँपालिकाले आपत्ति जनाएको छ । व्यासले बुधबार विज्ञप्ति जारी गरेर लिम्पियाधुरा त्रिदेशीय सीमाविन्दु भएको उल्लेख गरेको छ ।

भारतले कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नो नक्सामा समेटेको विषयमा केन्द्रीय सरकारले कूटनीतिक तवरबाट जतिसक्दो छिटो आवाज उठाउनुपर्ने व्यास गाउँपालिकाको माग छ । गत कात्तिक २२ मा पनि व्यासले विज्ञप्ति जारी गरेर नेपाल सरकारले यथाशक्य कूटनीतिक पहल गरी राज्यकै सामरिक क्षेत्रको भूमि फिर्ता गर्न माग गरेको थियो । व्यास गाउँपालिकाका अध्यक्ष दिलीपसिंह बुढाथोकी, प्रवक्ता धीरेन्द्रसिंह बुढाथोकी र वडा नं ५ का अध्यक्ष मंगलसिंह धामीले हस्ताक्षर गरेको विज्ञप्तिमा त्रिदेशीय सीमा क्षेत्रमा राज्यको उपस्थिति नहुँदा चोरी तस्करी तथा भूमि अतिक्रमणका घटना बढेकाले सुरक्षा निगरानी बढाउन पनि माग गरिएको छ । व्यास गाउँपालिकाको छाङ्रुमा सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट (बीओपी) राख्ने प्रक्रिया अगाडि बढेको भए पनि ठोस परिणाम नदेखिएको विज्ञप्तिमा उल्लेख छ ।

गाउँपालिकाले सामरिक क्षेत्र भएकाले नेपाली सेना, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीको स्थायी पोस्ट स्थापना गरी बाह्रै महिना सुरक्षा निकाय बस्ने संरचना निर्माण गर्न माग गरेको छ । सशस्त्र प्रहरीका लागि व्यास गाउँपालिका-१ छाङ्रुमा १५ रोपनी जग्गा स्थानीयले चैतमै उपलब्ध गराएको र जिल्लाबाट गृह मन्त्रालय हुँदै वन मन्त्रालयमा पुगेर प्रक्रिया रोकिएको विज्ञप्तिमा उल्लेख छ । लामो समयदेखि निर्माणाधीन त्रिदेशीय सीमा जोडने तिंकर सडकको काम कछुवा गतिमा भइरहेको उल्लेख गर्दै विज्ञप्तिमा सडक निर्माणको जिम्मा नेपाली सेनालाई दिन माग गरिएको छ । सीमासम्बन्धी समस्या समाधानमा सबै राजनीतिक दलहरू एक हुनुपर्नेमा व्यास गाउँपालिकाले जोड दिएको छ ।

अमेरिका पस्न खोज्दा अलपत्र

■ **जनकराज सापकोटा** (काठमाडौं)

तस्करलाई पछ्याउँदै अमेरिका छिर्न खोज्दा नेपालीहरू अफ्रिकीलगायत विभिन्न देशमा अलपत्र पर्ने क्रम बढेको छ । अध्यागमन विभागको पहलमा शुक्रबार दिउँसो मात्रै इन्डोनेसियाको अध्यागमनको नियन्त्रणमा परेका ५ जना काठमाडौं फर्किएका छन् । नेपाल प्रहरीको मानव बेचबिखन नियन्त्रण ब्युरोको समन्वयमा एक महिनायता मात्रै मलावीबाट चार र इथियोपियाबाट ६ जनालाई फर्काइएको छ ।

इन्डोनेसियाबाट फर्किएका पाँचमध्ये दुई जना गत फागुन १६ गते र तीन जना फागुनकै पहिलो साता अमेरिका जान भन्दै इन्डोनेसिया उडेका थिए । उनीहरूमध्ये तीन जना रुकुमका हुन् भने रोल्पा र बाँकेका एक-एक जना । इन्डोनेसियाको अध्यागमनको नियन्त्रणमा १४ दिन बिताएर फर्किएकाहरूमध्ये एक जना १९ वर्षका मात्रै छन् । संगठित मानव तस्करको गिरोहले उनीहरूलाई काम हुँदैछ भन्दै महिनौंसम्म इन्डोनेसियामा अलपत्र पारेर राखेको थियो । फर्किएकामध्ये दुईले आफूहरूलाई एजेन्टले इन्डोनेसियाबाट इथियोपिया पुऱ्याएर ३६ दिनसम्म राखेर इन्डोनेसिया नै फर्काएको बताए । ती दुईलाई एजेन्टले फेरि सिंगापुर छिराउने प्रयास गरे पनि कागजात नमिलेपछि पुनः इन्डोनेसिया फर्किएका थिए । अन्य तीनलाई भने काठमाडौंबाट मलेसिया हुँदै इन्डोनेसिया पुऱ्याइएको थियो ।

छ महिना अलपत्र परेका उनीहरू नेपाल फर्किन खोजेपछि ओभरस्टे भएका कारण अध्यागमनको नियन्त्रणमा परेका हुन् । उनीहरूलाई अध्यागमन विभाग र नेपाल प्रहरीको मानव बेचबिखन नियन्त्रण ब्युरोको पहलमा नेपाल ल्याइएको हो । खर्च अभावमा अलपत्र परेका उनीहरूलाई परिवारका सदस्यले जहाज टिकटको प्रबन्ध मिलाइदिएका थिए ।

अवैध रूपमा मेक्सिको हुँदै अमेरिका छिर्ने सपना बोकेका उनीहरूमध्ये दुईले २७ लाख रुपैयाँ गुमाएका छन् भने दुई जनाले करिब २० लाख र एक जनाले १५ लाख रुपैयाँ सिध्याएका छन् । 'कुकुरले नपाउने दुःख पाएर फर्कियौं,' उनीहरूमध्येका एक जनाले

अवैध बाटो अमेरिका हिँडेका नेपालीमध्ये कोही विभिन्न देशका अध्यागमनको नियन्त्रणमा छन् त कसैलाई परिवारले पैसा तिरेर फर्काएका छन् ।

भने । आफूहरूसँगै अमेरिका छिर्ने भन्दै हिँडेकामध्ये केही मेक्सिको, पानामा र कोस्टारिका पुगेको उनीहरूले जानकारी दिए ।

मानव बेचबिखन नियन्त्रण ब्युरोका अनुसार अफ्रिकी देश मलावीमा अझै सात नेपाली अलपत्र छन् । उनीहरू भियतनाम, मादागास्कर, जोर्डन, दुबई, अजरबैजान हुँदै त्यहाँ पुगेका हुन् । यसरी नै गएका केही भने थप पैसा दिए मेक्सिको हुँदै अमेरिका छिर्न पाइने आसमा बसेका छन् ।

मलावीबाट फर्केका एक पीडितका अनुसार त्यहाँसम्मको यात्रामा प्रत्येकले २० लाख रुपैयाँ हाराहारी बुझाएका छन् । 'यत्तिको पैसा त फसिहाल्यो, अब एक-दुई लाख थपे अगाडि बढ्न सकिन्छ भनेर कतिपय उतै लुकेर बसिरहेका छन्,' उनले भने । इथियोपियाबाट मंसिर पहिलो साता फर्केका चार जनाले पनि जनही २० लाखभन्दा बढी गुमाएको ब्युरोले जनाएको छ । कात्तिक २६ मा ब्युरोले मलावीमा ३२ दिनदेखि बन्धक बनाइएका ४ नेपालीको उद्धार गरेको थियो । ब्युरोका डीएसपी नरहरि रेग्मीले व्यक्तिगत चिनजानका आधारमा मलावी प्रहरीका एक उच्च अधिकारीलाई सूचना दिएपछि उद्धार सम्भव भएको हो । उनीहरूले नेपाल छाडेको एक वर्ष भएको थियो ।

केही महिनाअघि मात्रै अमेरिका हिँडेका दाङका ११ जना यस्तै अर्को रुटमा फसेका थिए । उनीहरूलाई काठमाडौंबाट भारत, भियतनाम हुँदै रुसको मस्को पुऱ्याइएको थियो । मस्कोमा केही साता बसेपछि एजेन्टकै सल्लाहमा दुबई हुँदै नेपाल फर्केका एक पीडितले सँगै गएका कोही दुबई अध्यागमनको नियन्त्रणमा त केही भियतनाममा अलपत्र रहेको सुनाए । उनका अनुसार पहिलो पटक मेक्सिको पुऱ्याइदिने भन्दै रुसबाट फर्काएको उक्त एजेन्टले दोस्रो पटक काठमाडौंबाट दिल्ली हुँदै भियतनाम पुऱ्याएको थियो । त्यहाँबाट अघि बढाउन नसकेपछि काठमाडौं नै फर्काइएको हो । 'तेस्रो पटक पनि काठमाडौंबाट दुबईका लागि उडायो । तर त्यहाँबाट अगाडि बढाउन नसकेपछि ओभरस्टेको शुल्क तिरेर आफन्तहरूले नै नेपाल फर्काए,' उनले भने ।

दाङ तुलसीपुरका लोकराज पराजुली पनि ओभरस्टे भएपछि दुबई अध्यागमनको नियन्त्रणमा परेका थिए । अमेरिका छिर्ने सपनामा उनले १६ लाख गुमाए । उनलाई आफन्तले रकम तिरेर फर्काएका हुन् ।

प्रधानमन्त्रीलाई 'संक्रमणबाट जोगाउन' आईसीयूमै

चिकित्सक भन्छन्, '१० दिनजतिमा कसैको सहयोगमा कुरा गर्न, अन्तर्वार्ता दिन सक्नुहुन्छ'

■ **अतुल मिश्र** (काठमाडौं)

मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा उपचाररत प्रधानमन्त्री केपी शर्मा ओलीलाई अझै आईसीयूमा राखिएको छ। सम्भावित संक्रमणबाट जोगाउन उनलाई आईसीयूमा राखिएको उपचारमा संलग्न चिकित्सकहरूले बताएका छन्। प्रधानमन्त्री ओलीलाई काममा फर्कन करिब १० दिन लाग्ने पनि उनीहरूले आकलन गरेका छन्।

'एपेन्डिसाइटिस' सहित 'पेरिटोनाइटिस' (पेटको संक्रमण) देखिएपछि गत मंगलबार प्रधानमन्त्री ओलीको उक्त सेन्टरमा शल्यक्रिया गरिएको थियो। उनलाई थप कति दिन आईसीयूमा राख्ने भन्ने चिकित्सकहरूले खुलाएका छैनन्। उपचारमा संलग्न डा. सुवास आचार्यले पेटको घाउ आलै रहेका कारण बाहिर सारे अन्य संक्रमण हुने जोखिम भएकाले प्रधानमन्त्री ओलीलाई आईसीयूमै राखिएको बताए। 'स्वास्थ्य अवस्था, क्षमता, गतिशीलता, खानपान हेरेर आईसीयूबाट बाहिर राख्ने विषयमा निर्णय गरिन्छ,' सेन्टरले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा डा. आचार्यले भने।

ओलीको एपेन्डिक्सको शल्यक्रिया गरेका डा. रमेशसिंह भण्डारीका अनुसार प्रधानमन्त्रीको शरीरको प्रतिरक्षा प्रणाली कमजोर भएकाले मंगलबार संक्रमण सुरु भएको २-४ घण्टामै पेटभरि फैलिएको थियो। 'उहाँको शरीरमा सामान्य व्यक्तिको दाँजोमा अत्यन्त छिटो संक्रमण फैलियो,' उनले भने। पेटभरि एपेन्डिक्सको संक्रमण फेलिएकाले 'त्यापरोटोमी' (पेटलाई पूरा चिरेर गरिने शल्यक्रिया) गरेर एपेन्डिसाइटिस हटाइएको थियो। 'मंगलबार यहाँ आउँदा प्रधानमन्त्री धेरै बिरामी हुनुहुन्थ्यो,' डा. भण्डारीले भने, 'शल्यक्रियापछि संक्रमणको असर अलिअलि पेटमा भयो, रगतमा समेत भयो। तर हामीले आशंका गरेकोसम्म भएन। सोचेभन्दा राम्रो सुधार देखिएको छ।'

शल्यक्रियाको प्रभाव र यसको संक्रमण नियन्त्रण भइसकेको जानकारी दिँदै उनले पछि देखिन सक्ने जटिलता र संक्रमणको डर मात्र रहेको बताए। उनले प्रधानमन्त्री आफ्नो काममा करिब १० दिनमा फर्कन सक्ने बताए। 'प्रधानमन्त्रीले १० दिनजतिमा कसैको सहयोगमा कुरा गर्न, अन्तर्वार्ता दिन सक्नुहुन्छ,' उनले भने, 'तर शल्यक्रियाको घाउको स्थिति कस्तो हुन्छ, त्यो पनि महत्त्वपूर्ण छ।'

प्रधानमन्त्रीका निजी चिकित्सक डा. दिव्यासिंह शाहले ओली खतरामुक्त रहेको जानकारी दिइन्। 'तर भविष्यको कुरा समयले नै बताउँछ,' उनले भनिन्, 'शल्यक्रिया आफैंमा शतप्रतिशत सुरक्षित प्रक्रिया होइन। प्रत्यारोपण गरेको व्यक्तिमा एपेन्डिक्सको लक्षण ढिलो थाहा पाउने वा नपाउने पनि हुनसक्छ, किटाणु अत्यन्त तीव्र गतिले फैलिन्छ।' डा. शाहका अनुसार शल्यक्रियाले गर्दा रक्तस्रावको जोखिम भएकाले उनलाई बिहीबार प्लेटलेट्स चढाइएको थियो।

प्रधानमन्त्रीको हालको स्वास्थ्य अवस्थाले सम्भावित मिर्गौला प्रत्यारोपणको समयलाई धेरै पर नसार्ने डा. शाहले बताइन्। 'सबै चिज सोचेअनुसार भयो र एपेन्डिक्सको घाउ भरियो भने प्रत्यारोपणको समय पछाडि सर्दैन,' उनले भनिन्। प्रधानमन्त्रीको मिर्गौलाको प्रत्यारोपण कहाँ गर्ने भन्ने निर्क्योल भइनसकेको डा. शाहले बताइन्।

'यहींकै निजी वा सरकारी कुनै क्षेत्रमा पनि गर्न सकिन्छ,' उनले भनिन्, 'नेपाल प्रत्यारोपणमा आत्मनिर्भर छ।' उनले डायलसिससमै बस्दा पनि खासै फरक नपर्ने संकेत गरिन्। 'मानिसले डायलसिससमै बसेर १०-२० वर्षसम्म काम गर्न सक्छन्,' उनले भनिन्, 'पत्यारोपणको फाइदा डायलसिसको झन्झटबाट मुक्त हुनु र अलि राम्रो स्वास्थ्य अवस्था पाउनु हो।' उनले प्रधानमन्त्री ओलीका लागि प्रत्यारोपण गर्न एकदम हतार गर्नुपर्ने अवस्था नरहेको बताइन्। 'अनुकूल समय पारेर उहाँको प्रत्यारोपण गर्न सकिन्छ,' उनले भनिन्।

यसैबीच नेकपाका अध्यक्ष पुष्पकमल दाहालले शुक्रबार प्रधानमन्त्री ओलीसँग भेटेर उपचारमा संलग्न चिकित्सहरूबाट स्वास्थ्यस्थितिबारे जानकारी लिएका छन्।

'सिद्धबाबा' विरुद्ध बलात्कारको उजुरी

चतरामा नवनिर्मित १ सय २८ कोठाको आश्रम र सिद्धबाबा भनिने कृष्णदास। *तस्बिर : प्रदीप मेन्याङ्बो/कान्तिपुर*

■ **कान्तिपुर संवाददाता** (सुनसरी)

आफ्नो नाम फेरेर 'सिद्धबाबा' कहलिएका कृष्णबहादुर गिरीविरुद्ध जिल्ला प्रहरी कार्यालय सुनसरीमा जबर्जस्ती करणीको उजुरी दर्ता भएको छ। सुनसरीबाहिरकी एक अनुयायीले सिद्धबाबाले आफूलाई बराहक्षेत्रको चतरा आश्रममा बलात्कार गरेको भन्दै उजुरी दिएकी हुन्। आफूविरुद्ध उजुरी परेपछि गिरी आश्रम छाडेर अस्पताल भर्ना भएका छन्।

प्रहरी उपरीक्षक यज्ञविनोद पोखरेलले महिलाको उक्त उजुरी दर्ता भएको पुष्टि गरे। 'सरकारवादी मुद्दा भएकाले अब अदालतले जे आदेश दिन्छ, सोहीअनुसार अनुसन्धान र कारवाही प्रक्रिया अघि बढाउँछौं,' उनले भने। उजुरी दर्ता गरे पनि प्रहरीले गिरीलाई पक्राउ गरिसकेको छैन। जिल्ला अदालतका एक अधिकृतले गिरीलाई पक्राउ गर्न अनुमति दिइएको जनाएका छन्।

ती महिलाले घटना कात्तिक ४ गते भएको उजुरीमा उल्लेख गरेकी छन्। गिरी शुक्रबार बिहानदेखि आश्रम छाडेर कहाँ गएको भन्ने सहयोगीहरूले बताउन चाहेनन्। मुटुको समस्या रहेको भन्दै उनी विराटनगरको विराट नर्सिङहोममा भर्ना भएको स्रोतले बताएको छ। नर्सिङहोमको क्याबिनमा रहेका उनले आफ्ना केही विशेष सहयोगीबाहेक अरूसँग भेटेका छैनन्।

बलात्कार घटनाको उजुरी स्थानीय प्रहरी कार्यालयले लिन नमानेपछि ती महिला प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो पुगेकी थिइन्। ब्युरोले उजुरी जिल्लालाई फिर्ता पठाइदिएपछि मात्रै सुनसरीमा दर्ता भएको हो। ६ महिनायता आफूलाई सिद्धबाबा भनेर चिनाउँदै आएका गिरीलाई कृष्णदास महाराज भनेर पनि चिनिन्छ। विवादमा आइरहने गिरीले करिब दशकअघि पनि दुई किशोरीलाई बलात्कार गरेको घटना ढाकछोप गरिएको स्थानीय बासिन्दाले आरोप लगाउँदै आएका छन्। पाँच वर्षसम्म उनकै आश्रममा व्यवस्थापक भएर चतरामा बसेका भाइ कुमार गिरीले कृष्णबहादुरले पहिलैदेखि दैनिक यौनबर्द्धक जडीबुटी औषधि दूधसँग मिसाएर खाने गरेको सार्वजनिक रूपमा बताउँदै आएका छन्। अनावश्यक गतिविधि देखेपछि कुमार आश्रम छाडेर बेग्लै बस्दै आएका छन्। सुनसरी मोरङ सिँचाइ आयोजनाको बराह क्षेत्रस्थित चतराको जग्गामा गिरीको सक्रियतामा आठ करोड रुपैयाँ लागतको १ सय २८ कोठाको वातानुकूलित आश्रम भवन निर्माण भएको छ। निर्माणका लागि दातादरूको सहयोग पाएको उनले बताउँदै आएका छन्। उक्त भवनको हालसम्म नक्सापास भएको छैन।

गिरीको जन्ममिति नै फरक भएको दुई नागरिकता रहेको यसअघि खुलेको थियो। भारतको अयोध्यामा करिब आठ महिनाअघि आयोजित कार्यक्रममा अनन्तश्री उपाधि पाएका गिरीले ०४८ फागुन १२ मा वंशजका आधारमा सोलुखुम्बु जिल्ला प्रशासन कार्यालयबाट छविलाल गिरीको छोरा कृष्णबहादुर गिरी भएको पहिलो नागरिकता लिएका थिए। प्रमाणपत्र नम्बर २२२७/५९५ को उक्त नागरिकतामा उनको ठेगाना जुबु-१ र जन्ममिति २०३० मंसिर १० उल्लेख छ। दोस्रो नागरिकता जिल्ला प्रशासन कार्यालय सुनसरीबाट ०६५ पुस १७ मा लिएका छन्। वंशजकै आधारमा निकालेका श्रीवैष्णव कृष्णदासको नाममा लिएको दोस्रो नागरिकतामा जन्मस्थान ठेगाना जुबु, बाबु छविलाल गिरी, स्थायी बासस्थान बराहक्षेत्र-१, जन्ममिति २०३१ फागुन १९ उल्लेख छ।

पहिलो नागरिकतामा सोलुका प्रशासकीय अधिकृत भीमशेर रुम्दालीले प्रमाणित गरिदिएका छन् भने दोस्रो सुनसरीका प्रशासकीय अधिकृत वेदनिधि खनालले प्रमाणित गरिदिएका छन्। कृष्ण गिरीले पहिलो नागरिकता १८ वर्ष पुगेपछि लिएको देखिन्छ भने दोस्रो ३४ वर्षको उमेरमा लिएको देखिन्छ।

कृष्णदाससँग पहिले निकट भएर चतरामा पाँच वर्षभन्दा बढी समय बसे पनि पछिल्लो समयमा आश्रमबाट निस्केकाहरूले दिएको जानकारीअनुसार बनारसको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट आयुर्वेदमा आचार्य गरेको प्रमाणपत्र कृष्णदासले कुरियरमार्फत प्राप्त गरेका हुन्। कृष्णदाससँग निकट भएर बसे पनि हाल आफ्नै घरव्यवहारमा रमाइरहेका अर्का शिष्यका अनुसार भक्तजन र नेता, मन्त्री र भारतका अन्य सन्त-महन्थहरूलाई प्रभावित पार्न आफूले चेन्नाईको सेन्ट जोसेफमा मेट्रिक, बनारसको सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट व्याकरणमा आचार्य, आयुर्वेदमा आचार्य, ज्योतिषमा आचार्य, योगमा आचार्य र विद्यावरिधि पनि गरेको बताउँदै आएका छन्। कतिपयलाई वनस्पति विज्ञान पनि पढेको भन्ने गरेका छन्। उनले ०६५ सालदेखि आफ्नो नामको अगाडि 'डाक्टर' लेख्दै आएका छन्। आफन्तका अनुसार गाउँबाट उनी ०४९ सालतिर भारत गएका थिए। त्यसबेला उनको उमेर १८ वर्ष थियो। आठ वर्षपछि ०५७ सालमा फर्केर आउँदा उनी सन्तले लगाउने पहिरनमा थिए। दाजुका बारेमा कुमारले भने, 'दाइले कक्षा सातसम्म पढेको थाहा छ तर उनले भन्ने अर्थोक पढेको थाहा छैन।'

मेडिकल कलेजले फेरि थप शुल्क माग्न थाले

■ **सुदीप कैनी** (काठमाडौं)

एमबीबीएस र बीडीएस पहिलो र दोस्रो वर्षको शुल्क समायोजन गर्ने सहमति कार्यान्वयन नहुँदै मेडिकल कलजेहरूले तेस्रो र चौथो वर्षका विद्यार्थीसँग अतिरिक्त शुल्क माग्न थालेका छन्। भैरहवास्थित युनिभर्सल र पोखराको गण्डकी मेडिकल कलेजले विभिन्न शीर्षकमा अतिरिक्त रकम लिन विद्यार्थीलाई शुल्क चिट वितरण गरेका छन्। तेस्रो वर्षका विद्यार्थीसँग ५ लाख १४ हजार र चौथो वर्षका विद्यार्थीसँग ४ लाख ६४ हजारभन्दा बढी रकम मागिएको हो।

दुवै कलेजले सरकारले तोकेकै शुल्कमा पढाउने र बढी शुल्क समायोजन गर्ने प्रतिबद्धता जनाएका थिए। गण्डकीले गत फागुनमै शुल्क समायोजन गर्ने प्रतिबद्धता जनाए पनि अझै पूरा गरेको छैन। सञ्चालकविरुद्ध कास्की अदालतमा दायर गरिएको ठगी मुद्दा विचाराधीन छ।

यी दुई कलेजले शिक्षा कर भनेर सरकारले तोकेको शिक्षण शुल्कको एक प्रतिशत रकम मागेका छन्। सरकारले उपत्यकाबाहिर एमबीबीएसका लागि ४२ लाख ४५ हजार र बीडीएसका लागि १९ लाख रुपैयाँ शुल्क तोकेको छ। विश्वविद्यालय परीक्षाबापत ५४ देखि ७१ हजार, संस्थागत शुल्क २६ हजार, कम्युनिटी फिल्ड भिजिटका लागि २२ हजार र आन्तरिक परीक्षाबापत १४ देखि १८ हजार रुपैयाँ माग गरिएको हो। १० वटा शीर्षक बनाएर कलेजले बढी रकम माग्न थालेको गण्डकीका एमबीबीएस तेस्रो वर्षका छात्र अनित सिन्हाको गुनासो छ। शिक्षा मन्त्रालय र कलेज सञ्चालकबीच भएको सहमतिमा पहिलो र दोस्रो वर्षका विद्यार्थीबाट लिएको बढी शुल्क फिर्ता गर्ने, तेस्रो र चौथो वर्षको हकमा चिकित्सा शिक्षा आयोगले छानबिन गर्ने भनिएको थियो।

विद्यार्थी भने सरकारले कलेज सञ्चालकसँग गरेको सम्झौता आफूहरूलाई अमान्य भएको बताउँदै आएका छन्। सम्झौता जलाएर उनीहरूले आन्दोलनका कार्यक्रमलाई अघि बढाएका छन्। सरकारले सञ्चालकसँग गरेको सम्झौता सच्याउनुपर्ने चिकित्सा शिक्षा संघर्ष समितिका संयोजक मिलन गैरेको भनाइ छ। समितिले शुक्रबार पत्रकार सम्मेलन गर्दै फेरि बढी शुल्क माग्न थालेको जनाएको हो। 'सबै ब्याचका विद्यार्थीबाट बढी रकम लिइएको प्रमाण छ,' गैरेले भने, 'पहिलो र दोस्रो वर्षको मात्र समायोजन गर्ने भनेर विद्यार्थी आन्दोलनमा विभाजन ल्याउन खोजियो।' अवैध शुल्क लिनेलाई ठगी मुद्दा चलाउनुपर्नेमा सरकारले मेडिकल कलेजको पक्षमा सम्झौता गरेको उनको भनाइ छ। 'शुल्क समायोजन भनेर अमूर्त कुरा गरियो, कहिलेसम्म गर्ने, कसरी गर्ने भन्ने केही उल्लेख छैन,' उनले भने, 'कलेजहरूले विद्यार्थीपिच्छे ५/५ लाखका दरले बढी पैसा माग्न थालेका छन्।' बढी लिइएको रकम समायोजन गरिनुपर्ने विद्यार्थीको माग छ।

'टु प्लस वान अवधारणा उपयुक्त होइन'

■ **कान्तिपुर संवाददाता** (काठमाडौं)

नेकपाका अध्यक्ष पुष्पकमल दाहालले नेपाल, भारत र चीनबीच बराबरीको सम्बन्ध हुनुपर्ने बताएका छन्। नेपाल चाइना मिडिया फोरमले शुक्रबार काठमाडौंमा गरेको कार्यक्रममा अध्यक्ष दाहालले तीन देशबीचको सम्बन्धलाई 'दुई प्लस वान' भन्न उपयुक्त नहुने बताए। 'हामीले चीन र भारतसँग त्रिदेशीय रणनीतिक साझेदारी चाहेका छौं,' दाहालले भने, 'चिनियाँ राष्ट्रपति सी चिनफिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अघि सारेको 'टु प्लस वान' अवधारणा उपयुक्त छैन।'

पछिल्लो पटक चीनका राष्ट्रपति र भारतका प्रधानमन्त्रीबीच छलफल हुँदा त्रिदेशीय साझेदारीको रणनीतिअन्तर्गत 'टु प्लस वान' भन्ने शब्द प्रयोग भएको छ। 'यो शब्द जसरी प्रयोग भएको छ र यसले जे अर्थ बोक्न खोजेको छ, मलाई त्यति उपयुक्त लागेको छैन,' अध्यक्ष दाहालले भने। 'त्रिदेशीय साझेदारीले सकारात्मक वातावरण बनाउन सक्छ,' उनले भने, 'टुले विशेष अधिकार प्राप्त जस्तो र वानले जोडिएको सामान्य जस्तो अर्थ दिन्छ।'

चिनियाँ राष्ट्रपति भारतको बाटो भएर नेपाल भ्रमणमा आउनुलाई बेवास्ता गर्न नहुने दाहालले बताए। 'भारत नै गएर नरेन्द्र मोदीसँग सात-आठ घण्टा कुरा गरेर नेपाल आउनुपर्ने परिस्थितिले त्रिदेशीय साझेदारीको हाम्रो सोचलाई र हामीले अगाडि सार्न खोजेको रणनीतिको महत्त्वलाई स्थापित गरेको छ,' उनले भने।

नेपालका राजनीतिज्ञ, बुद्धिजीवीहरू 'प्रो-चाइनिज', 'प्रो-इन्डियन' र 'प्रो-अमेरिकन' हुने गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले अब सबै 'प्रो-नेपाली' भएर नेपालको विकास निर्माणमा केन्द्रित हुने बेला आएको बताए। दाहालले नेपालका पार्टी र नेताहरूले चीनको अध्ययन गर्ने र उतावाट पनि आएर नेपालको अध्ययन गर्ने सहमति भएको सुनाउँदै आफू चीन जान लागेको जानकारी दिए।

'सहमतिपछि पहिलो टोली छिट्टै चीन भ्रमणमा जाँदै छ। उहाँहरू (चीन) ले मेरो नेतृत्वमा आइदियोस् भनेर प्रधानमन्त्री र मलाई पनि भन्नुभएको छ। म जाँदै पनि छु।' उनले चिनियाँ राष्ट्रपति सीकै निम्तोमा चीन लागेको पनि बताए। चिनियाँ राष्ट्रपति सी चिनफिङसँग अलग-अलग सन्दर्भमा आठ पटक भेटेको स्मरण गर्दै उनले सीसँग खुलेर कुरा गरेको र आपसमा 'एक खालको' सम्बन्ध रहेको पनि बताए।

कार्यक्रममा कांग्रेस नेता रामशरण महतले नेपालमा चीनको लगानी बढाउन पहल गर्नुपर्ने बताए। उनले चीनको लगानीमा उत्पादन बढाएर चीनमै निर्यात गर्नुपर्ने बताए। नेता महतले नेपाल र चीनबीच पहिलेदेखिकै राम्रो आउजाउलाई अझै बढाउनुपर्ने भनाइ राखे। नेकपा विदेश विभाग उपप्रमुख विष्णु रिजालले नेपाल सधैं चीनको साथमा रहेको र त्यसलाई नेपालको एक चीन नीतिले पुष्टि गर्ने बताए।

७०.५ प्रतिशत प्रगति : श्रम मन्त्रालय

काठमाडौं (कास)- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रधानमन्त्री केपी शर्मा ओलीसँग सम्झौता गरेबमोजिम प्रथम चौमासिकमा ७०.५ प्रतिशत प्रगति हासिल गरेको दावी गरेको छ।

आफ्नो कार्यक्षेत्रभित्र पर्ने वैदेशिक रोजगारी व्यवस्थापन, आन्तरिक रोजगार, श्रम सम्बन्ध, सीप विकास र सामाजिक सुरक्षामा ७०.५ प्रतिशत प्रगति भएको मन्त्रालयका प्रवक्ता रामप्रसाद घिमिरेले बताए। 'प्रधानमन्त्रीले सम्झौता गरेअनुसार प्रथम चौमासिकमा १.५ प्रतिशत मात्रै काम सुरु हुन बाँकी छ। ७०.५ प्रतिशत प्रगति भएको छ। २८ प्रतिशत योजना चालु छन्,' उनले भने, 'प्रथम चौमासिकको कुल बजेटको ४४ प्रतिशत खर्च भएको छ।'

श्रमले कुल बजेटको झन्डै ८७ प्रतिशत बजेट प्रधानमन्त्री रोजगार कार्यक्रमसँग जोडिएको जानकारी दिएको छ। यो कार्यक्रममा ५ अर्ब एक करोड बजेट विनियोजित छ। 'प्रधानमन्त्री रोजगारी कार्यक्रम सीधै स्थानीय तहका सरकारसँग जोडिएको छ। हामीले प्रथम चौमासिकमा स्थानीय तहसँग रोजगार सिर्जना हुने आयोजनाको माग गर्ने गरी प्रस्ताव माग्ने सम्झौता गरेका हौं। आयोजना प्रस्ताव पेस गर्ने मिति मंसिर मसान्तसम्मको समयसीमा राखिएको छ,' प्रधानमन्त्री रोजगार कार्यक्रमका प्रमुख प्रकाश दाहालले भने, 'दोस्रो चौमासिकमा मात्रै प्रस्तावअनुसार स्थानीय तहलाई बजेट दिनेछौं।'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरेको प्रतिवेदनअनुसार भने श्रम मन्त्रालयले प्रथम चौमासिकका लागि छुट्याएको बजेटमध्ये ५.७ प्रतिशत मात्रै खर्च गरेको देखिएको छ। कात्तिक मसान्तसम्म एक सय ३२ वटा योजना सम्पन्न वा सुरु हुनुपर्नेमा २६ सम्पन्न, एक सय २ चालु र ४ योजना सुरु नभएको प्रतिवेदनमा उल्लेख छ। मन्त्रालयमा शुक्रबार प्रथम चौमासिक योजनाको विस्तृत छलफल भएको थियो।

टीयू र एएफयूबीच पुनः विवाद

■ **सुवास विडारी** (मकवानपुर)

निर्माणाधीन विश्वविद्यालय भवनको विषयलाई लिएर कृषि तथा वन विश्वविद्यालय (एएफयू) र त्रिभुवन विश्वविद्यालय (टीयू) बीच पुनः विवाद उत्पन्न भएको छ। दुवै विश्वविद्यालयले हेटौंडा-१० मा वनविज्ञान विज्ञान संकाय सञ्चालन गरिरहेको स्थानमा प्रदेश सरकारको १० करोड लगानीमा बन्न लागेको भवनलाई लिएर पुनः विवाद देखिएको हो। बिहीबार हेटौंडामा पत्रकार सम्मेलन गरी टीयूले एएफयूले तोकिएको जग्गाभन्दा फरक स्थान अतिक्रमण गरी अदालतको आदेशविपरीत काम गरेको आरोप लगाएको छ।

वन विज्ञान अध्ययन संस्थान हेटौंडा क्याम्पसले तोकिएको स्थानभन्दा अन्यत्र जग्गा अतिक्रमण गरेर भवन निर्माण सुरु गरेको भन्दै उच्च अदालत पाटन, हेटौंडा इजलासमा मुद्दा दायर गरेको थियो। साउन ८ मा न्यायाधीश टेकराज नेपाल र चण्डीराज ढकालको संयुक्त इजलासले जग्गा विवाद अन्तिम टुंगो नलागेसम्म रुख कटान तथा भवन निर्माणका काम नगर्न अन्तरिम आदेश जारी गरेको थियो। तर आदेशविपरीत एएफयूले भवन निर्माणलाई निरन्तरता दिएको भन्दै टीयूले विरोध गरेको हो। 'अदालतको आदेश अवज्ञा गर्दै भवन बनाएको जानकारी गराए पनि प्रशासन मौन रहेको छ, हामी त्यसविरुद्ध संघर्ष गर्छौं,' हेटौंडा क्याम्पस प्रमुख विजयकुमार यादवले भने।

०६७ मा एएफयुअन्तर्गत हेटौंडामा वन विज्ञान संकाय स्थापना भएको हो। मन्त्रिपरिषद् र त्रिभुवन विश्वविद्यालय सभाको निर्णयअनुसार वन विज्ञान अध्ययन संस्थानको स्वामित्वमा रहेको जग्गामध्ये पश्चिम दक्षिणको ६० बिघा वन विज्ञान संकायलाई दिइने निर्णय भएको पत्रकार सम्मेलनमा जानकारी गराइयो।

टीयूले एक सय ५८ बिघा जग्गाको लालपुर्जा हालसम्म आफ्नै नाममा रहेको भन्दै एएफयूलाई भवन निर्माण गर्न नदिने अडान लिएको छ। वन विज्ञान अध्ययन संस्थानले भने ०६७ मा स्थापनाकालदेखि भोगचलन गरिरहेको र हालसम्म लालपुर्जा संस्थानकै स्वामित्वमा रहेको दावी गरेको छ। वन विज्ञान संकायका डीन डा. बलराम भट्टले वन विज्ञान अध्ययन संस्थान नै एएफयूमा गाभिइसकेको दावी गरे। विद्यार्थी भर्नादेखि जग्गा विवाद बढेपछि ०७४ मा सर्वोच्चले एएफयुमा ऐनअनुसार वन विज्ञान अध्ययन संस्थान गाभ्न अन्तरिम आदेश दिएको उनको भनाइ छ।

'बोक्साबोक्सी' आरोपमा सामाजिक बहिष्कार

मानवअधिकार आयोगले थाल्यो अध्ययन

- पीडितको घरमा ताला
- गाउँलेसँग सोधपुछ
- प्रहरीबाट थप जानकारी लिइँदै

कान्तिपुर संवाददाता (दोलखा)

गाउँलेले निर्णय नै गरेर 'बोक्साबोक्सी' आरोप लगाएको उजुरी परेपछि दोलखाको दुर्गम उत्तरी बिगु गाउँपालिका-५ स्थित स्याखुमा राष्ट्रिय मानवअधिकार आयोगको टोलीले स्थलगत अध्ययन थालेको छ। आयोग प्रवक्ता मोहना अन्सारीसहितको टोली शुक्रबार पीडित रत्नबहादुर श्रेष्ठ र पत्नी कृष्णमायाको घर पुगेर अध्ययन थालेको हो।

'उहाँहरूको घरमा ताला लगाएको पाइयो,' प्रवक्ता अन्सारीले भनिन्। टोलीले स्थानीय बासिन्दासँग घटनाको यथार्थ बुझेको छ। गाउँलेले तीनवटा एजेन्डामा नौ घण्टासम्म छलफल नै चलाएर श्रेष्ठ दम्पतीलाई 'बोक्साबोक्सी' भन्ने प्रमाणित गर्न लगाई ल्याप्चेसमेत लगाउन बाध्य पारेको उजुरी आयोगमा परेको थियो। टोलीले सिंगटीस्थित प्रहरी चौकीबाट पनि जानकारी लिएको छ। 'जिल्ला प्रहरी कार्यालयबाट थप जानकारी र प्रक्रिया बुझेपछि अरू अनुसन्धानमा सहयोग पुग्छ,' प्रवक्ता अन्सारीले भनिन्।

निर्णयको प्रतिलिपि र चार घन्टा लामो अडियोको आधारमा कठोर र अमानवीय ढंगको व्यवहार गरेको प्रमाणसहित आयोगलाई गुहारेको पीडितका छोरा भाजु श्रेष्ठले बताए। 'हाल बाआमा काठमाडौंमा उपचारका क्रममा हुनुहुन्छ,' उनले भने, 'घटनापछि आमालाई बढी समस्या देखिएको छ।'

पीडित श्रेष्ठ दम्पती। *फाइल तस्बिर : कान्तिपुर*

घटनामा संलग्नमध्ये रत्ननारायण श्रेष्ठलाई पक्राउ गरी अदालतमा म्याद थप गरी अनुसन्धान भइरहेको छ। प्रहरी नायब उपरीक्षक मानबहादुर राईले संलग्न अन्यको पनि खोजी भइरहेको बताए। उनका अनुसार सामाजिक बहिष्कार गर्ने नौ जनाविरुद्ध बोक्सीको आरोप कसुर र सजाय ऐन २०७२ अनुसार मुद्दा दर्ता भएको छ। रत्ननारायणसहित एक सय १३ जनाको भेलाले गत ७ गते गैरकानुनी व्यहोराको निर्णय गरी दम्पतीमाथि अमानवीय व्यवहार गरेको उजुरी परेको थियो। उक्त घटनापछि गाउँबाट विस्थापित भएपछि उनीहरू सुरक्षा माग गर्दै सदरमुकाम आएका थिए।

६० घरमा पाइपलाइनबाट ग्यास

■ **प्रमिता ढकाल** (भरतपुर)

राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम रामपुरले कार्यालयको आवास क्षेत्रमा पाइपलाइनमार्फत् ग्यास वितरणको सफल परीक्षण गरेको छ। कार्यालयमा पालिएका गाईको गोबरबाट उत्पादन गरिएको बायोग्यास घरघरमा पुऱ्याइएको हो। आवास क्षेत्रमा करिब ६० घरपरिवार बस्छन्। उनीहरूले एक महिनामा ३० देखि ४० एलपीजी ग्यास सिलिन्डर खपत गर्दै आएका छन्। चार सय मिटर पाइपलाइन बिछ्याएर घरघरमा ग्यास वितरण गरिएको राष्ट्रिय गाई अनुसन्धान कार्यक्रमका प्रमुख डा. माधवप्रसाद आचार्यले बताए। करिब १ करोड ६५ लाखको लागतमा बायोग्यास पुऱ्याउन सफल भएको उनले जानकारी दिए। 'कृषि अनुसन्धान परिषद्को ६५ लाख र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको ६५ लाख लागतमा सुरु गरिएको परियोजना सम्पन्न गर्दा थप ३० लाख खर्च बढ्यो,' उनले भने।

केन्द्रको प्राविधिक सहयोगमा दुई सय घनमिटर क्षमताको बायोग्यास प्लान्ट निर्माण गरिएको छ। मोडलका रूपमा निर्माण गरिएको बायोग्यास प्लान्टबाट ६० घरपरिवारलाई पुग्ने ऊर्जा सहजै उत्पादन हुने बताइएको छ। राष्ट्रिय गाई अनुसन्धान कार्यक्रममा उत्पादन गरिएको ऊर्जा आवास क्षेत्रमा मात्रै प्रयोगमा ल्याउन सके एलपीजी ग्यासको आयात प्रतिस्थापनमा मद्दत पुग्ने डा. आचार्यले बताए। परीक्षण अवधिपछि न्यूनतम शुल्क लिएर ऊर्जा वितरण गर्ने उनको भनाइ छ। अनुसन्धान कार्यक्रमअन्तर्गत हाल रामपुरमा १७० वटा गाई छन्।

पाइपलाइनबाट घरमा ग्यास आएपछि आवास क्षेत्रका परिवार खुसी छन्। 'सकिएला भन्ने पिर पनि नहुने, सधैं सुविधा हुने भएपछि न्यूनतम शुल्क तिर्न हामीलाई पनि के समस्या ?' संगीता आचार्यले भनिन्। पाइपलाइनबाट ग्यास वितरण गर्न करिब ६ महिनाअघिबाट प्राविधिक काम सुरु गरिएको थियो। अझै करिब दुई महिना परीक्षण अवधि पूरा गरेपछि मात्रै औपचारिक उद्घाटन गरिने कार्यक्रम प्रमुख आचार्यले बताए।

सडक कार्यालयप्रति जनप्रतिनिधि रुष्ट

रामेछाप (कास)- दुई दिनअघि जिरी नगरपालिका प्रमुख टंक जिरेल सडक विभागको खुर्कोट डिभिजन कार्यालय पसे। बिहान ११ बजे कार्यालयमा कोही थिएनन्। जिरीदेखि रामेछापको धारापानी जोड्ने सडक सुधारका लागि धेरैपल्ट फोन गर्दा सुनुवाइ नभएपछि डिभिजन पुगेका जिरेल कार्यालयको अवस्था हेर्दा अझ खिन्न भएर फर्किए।

क्षतिग्रस्त सडकको स्तर सुधारका लागि रामेछाप नगरपालिकाका प्रमुख नरबहादुर थापामगरले पनि सडक डिभिजन कार्यालयलाई गुहारे। तर, नगरपालिका क्षेत्रकै खाल्डाखुल्डीमा सडक कार्यालयले काम गरेन। कहिले प्रमुख त कहिले कार्यालयको टुंगो नभएको जवाफ पाएको थापामगरले बताए। कार्यक्रम, बजेट र कर्मचारी नहुँदा जिल्लाका प्रमुख सडक क्षतिग्रस्त हुने क्रम बढेको छ। पहिले समयमै सडकको स्तरोन्नति हुन्थ्यो। अहिले उक्त कार्य ठप्प छ। कार्यालय सुनसानजस्तै छ। कर्मचारी छैनन्। भएका कर्मचारीले काम पाएका छैनन्। रामेछाप बजार क्षेत्रको झन्डै एक किलोमिटर सडक कामै नलाग्ने भएको छ। उक्त सडक, सडक विभागको कार्यक्षेत्रभित्र पर्ने भएकाले नगरपालिकाले समेत लगानी गर्न सकेको छैन।

सडक सुधारका लागि नगरप्रमुखले डिभिजन कार्यालयलाई गुहारे। तर, नगर क्षेत्रकै खाल्डाखुल्डी पुरिएन।

जिल्ला सदरमुकाम रहेको मन्थली नगरपालिकाका प्रमुख रमेशकुमार बस्नेतले सडक डिभिजन कार्यालयको कामप्रति आक्रोश पोख्दै आएका छन्। पटकपटक डिभिजनलाई मर्मतका लागि आग्रह गर्दा पनि काम नभएको उनले बताए।

मन्थलीबाट रामेछाप जाने सडक दर्जनौं स्थानमा चर्किएको, पहिरो झरेको र भास्सिएको छ। डिभिजनका इन्जिनियर रामबहादुर विश्वकर्मा डिभिजन प्रमुखले राजीनामा दिएकाले समस्या आएको बताए। 'अर्को डिभिजन प्रमुख आएपछि मात्रै कार्यक्रम अघि बढ्छ,' उनले भने, 'पहिलो चौमासिकमा पनि कुनै काम हुन सकेन।' उक्त डिभिजनको क्षेत्राधिकारमा रामेछाप जिल्ला सदरकामुकाम जोड्ने ३५ किलोमिटर र मन्थलीदेखि रामेछाप १३ किलोमिटर कालोपत्रे सडक र अन्य दुई महत्त्वपूर्ण सडक पर्छन्।

जरिवानाको २५ प्रतिशत प्रहरीलाई

खोलामा गिट्टी, बालुवा उत्खनन् गरिँदै। *फाइल तस्बिर : कान्तिपुर*

■ **रमेशकुमार पौडेल** (चितवन)

अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन् गर्नेलाई कारवाही गर्दा उठेको रकमको २५ प्रतिशत प्रहरीलाई 'प्रोत्साहन' स्वरूप उपलब्ध गराइएको छ। चितवन जिल्ला समन्वय समिति (जिसस) ले गत आर्थिक वर्षमा १२ लाख ५९ हजार रुपैयाँ जरिवाना संकलन गरेको थियो। नियम र मापदण्डविपरीत गिट्टी, ढुंगा, बालुवा उत्खनन् गर्नेहरूलाई कारवाही गरी उठाइएको जरिवाना रकमबाटै प्रहरीलाई 'प्रोत्साहन रकम' प्रदान गरिएको हो।

'नियमविपरीत हुने उत्खननमा ढुवानीका गाडी र उपकरण नियन्त्रणमा लिने चौकीलाई प्रोत्साहन रकम दिएका छौं,' चितवन जिससका प्रमुख कृष्णकुमार डल्लाकोटीले भने। अघिल्लो आवमा भरतपुर महानगरले गिट्टी, ढुंगा उत्खनन्को स्वीकृति दिएर साढे ५ करोड, कालिका नगरपालिका र इच्छाकामना गाउँपालिकाले ३/३ करोड रुपैयाँ आम्दानी गरे। चितवनमा सातवटा स्थानीय तह छन्। अन्य नगरपालिकाले एक करोड रुपैयाँभन्दा कम राजस्व आम्दानी गरेका छन्। गिट्टी, ढुंगा, बालुवा उत्खनन्को स्वीकृतिबाट जिल्लाका सबै स्थानीय तहमा गरेर करिब १५ करोड रुपैयाँ राजस्व आम्दानी भएको छ।

नदीजन्य पदार्थ उत्खनन्को अनुगमन जिससले गर्छ। अघिल्लो वर्ष १३ पटक अनुगमन गरिएको जिसस प्रमुख डल्लाकोटीले बताए। 'प्रहरीलाई चनाखो बनाउनका लागि रकमै दिएर प्रोत्साहित गर्न खोजेका हौं,' उनले भने। प्रोत्साहन रकम सम्बन्धित प्रहरी कार्यालयको बैंक खातामा दाखिला गर्ने गरिएको छ। नदीजन्य पदार्थको जरिवानाबापत् प्राप्त रकमबाट प्रहरीलाई प्रोत्साहन गर्न ३ लाख ५० हजार प्रदान गरिएको विवरण हालै सम्पन्न चितवन जिससको जिल्लासभामा पेस भएको थियो। कार्यविधि बनाएरै जिससले प्रहरीलाई रकम दिएको प्रमुख डल्लाकोटीको भनाइ छ।

'अनुगमन नभए झनै समस्या आउँछ। अनुगमनमा जाँदा प्रहरीको पनि सहयोग चाहिन्छ,' उनले भने, 'जरिवानाको निश्चित रकम प्रहरीलाई दिए अनुगमनका लागि खट्ने बेला बजेट नभएर गाडी मर्मत नगरेको, डिजेल/पेट्रोल नभएको जस्ता गुनासा नआउलान् भनेर कार्यविधि बनाएरै प्रोत्साहन रकम दिएका हौं।' अन्य जिल्लामा जरिवानाको ४० प्रतिशतसम्म प्रोत्साहन रकम दिने चलन रहेको उनले बताए। चितवन प्रहरीका प्रवक्ता डीएसपी एकनारायण कोइराला विधि र प्रक्रियाअनुसार नै जिससबाट प्रोत्साहन रकम उपलब्ध भएको बताउँछन्। 'गैरकानुनी कामलाई रोक्ने गतिविधिमा लागेको प्रहरीलाई विधिसम्मत प्रोत्साहन रकम दिनु बेठिक होइन,' उनले भने।

राजस्वको हिस्सा माग

जिससको आम्दानी स्रोत सीमित छ। चितवन जिससको हकमा गिट्टी, बालुवाको जरिवाना नै मुख्य स्रोत हो। स्थानीय तहले उत्खनन्को स्वीकृति दिनुअघि तयार पारेको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन जिससले स्वीकृत गर्छ। त्यसअनुसार भए/नभएको अनगुमन पनि गर्छ। तर, राजस्व स्थानीय तहले संकलन गर्ने भएकाले जिससले राजस्व बाँडफाँटमा पनि हिस्सा खोजेको छ। नदीजन्य र खानीजन्य पदार्थको उत्खनन्बाट प्राप्त राजस्वको ०.५ प्रतिशत रकम जिससलाई पनि उपलब्ध हुनुपर्ने जिल्ला समन्वय समिति महासंघको माग छ। मंसिर ८ मा सौराहामा सम्पन्न महासंघ प्रदेश-३ को भेलामा महासंघका प्रदेश अध्यक्ष रघुनाथ खुलालले प्रदेश कार्यविधिमा यो प्रवधान रहेको हुँदा रकम यथाशीघ्र जिससहरूलाई उपलब्ध गराउन स्थानीय तहसँग पहल गरिएको बताएका थिए।

खुल्दैनन् एड्स संक्रमित

हेटौंडा (कास)- मकवानपुरमा एचआईभी संक्रमित हुनेको संख्या बर्सेनि बढ्दै गएको छ। गत वर्ष हेटौंडा अस्पतालस्थित एआरटी सेन्टरमा गएर एआरभी औषधि सेवन गर्नेको संख्या १७० जना थियो। यो वर्ष १९७ जनाले एआरभी सेवन गर्ने गरेका छन्। अन्य जिल्लामा गएर एआरभी सेवन गर्नेको संख्या २७ छ।

हेटौंडा उपमहानगरपालिकाको स्वास्थ्य शाखाका सहसंयोजक भोला चौलागाईले जिल्लामा एचआईभी संक्रमितको संख्या बढेको बताए। उनका अनुसार मकवानपुरमा नयाँ र पुराना गरी २६८ जना एचआईभी संक्रमित रहेका छन्। हालसम्म जिल्लामा ४ महिलासहित २२ जनाको मृत्यु भइसकेको छ।

संक्रमितको संख्या बढिरहे पनि उनीहरू अझै समाजमा खुल्न सकेका छैनन्। 'हेटौंडाका ३८ वर्षीय एक युवक संक्रमित छन् तर उनले परिवारलाई भनेका छैनन्,' मकवानपुर महिला समूहकी कमला सुवेदीले भनिन्, 'परिवारलाई भन्यो भने उनीहरूलाई पीडा हुन्छ, घृणा गर्छन् भन्ने सोच उनमा छ।' समाज र परिवारले गर्ने घृणा र तिरस्कार एड्सको जीवाणुभन्दा खतरनाक भएको पीडितहरू बताउँछन्। चुरियामाईकी संक्रिमत एक युवती परिवारकै कारण पीडा भोगिरहेकी छन्। घरपरिवारले गर्ने व्यवहारका कारण उनी दिक्क छिन्। 'एड्सको जीवाणुले भन्दा घृणा र तिरस्कारले गलाएको महसुस भइरहेको छ,' उनले भनिन्।

हेटौंडा उपमहानगरपालिका-९ की एक संक्रमित महिलाले भने परिवारको मायाका कारण आफू संक्रमित छु भन्ने सोच नै नआउने बताइन्। भन्छिन्, 'माइती, घरपरिवार र साथीसंगीहरूले घृणा नगर्ने हो भने मात्र हामीमा आत्मविश्वास पलाउने हो।' ३८ वर्षीया उनको रगतमा १६ वर्षदेखि एचआईभी/एड्सको जीवाणु रहेको छ। तर, पनि उनी सक्रिय र फूर्तिली देखिन्छिन्। उनका श्रीमान् हेटौंडाको एक उद्योगमा मजदुरी काम गर्छन्। श्रीमान्को रगतमा एड्सको जीवाणु सरेको एक दशक भइसकेको छ। दम्पतीबीच सुमधुर सम्बन्ध रहेको उले बताइन्। 'छरछिमेक, आफन्त कसैले पनि घृणा गर्दैनन्,' उनले भनिन्, आँट भर्ने कुरा मात्र गर्छन्, त्यसले आत्मबल बढाउँदो रहेछ।'

नेपालमा सन् १९८८ देखि एचआईभी संक्रमितहरू देखापरेका थिए। अहिले नेपालका करिब ३१ हजार एचआईभी संक्रमित भएको अनुमान छ।



तपाईको आज

मेष	भाग्य वृद्धि	तुला	पराक्रम बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	वैमनस्यता
मिथुन	प्रियजन भेट	धनु	पदोन्नती
कर्कट	खटपट	मकर	केही लाभ
सिंह	वादविवादमा सफल	कुम्भ	कार्य सद्धि
कन्या	हर्ष बढ्ने	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १५ गते आइतबार तदनुरुप १ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष पञ्चमी तिथि रात्रिको ८:१३ बजेसम्म उप्रान्त षष्ठि तिथि, उत्तरषाढा नक्षत्र प्रातः ११:३२ बजेसम्म उप्रान्त श्रवण नक्षत्र, वृद्धि योग दिनको ३:५८ बजेसम्म उप्रान्त ध्रुव योग, बव करण प्रातः ७:४३ बजेसम्म उप्रान्त बालव करण, मकर राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुमी
८:००	कान्तिपुर समाचार
८:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज द् लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मसैंग खाउन
१०:००	हियर्ज द् लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्ज द् लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
८:००	आउन मसैंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, मैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (गुप्तेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	विवेक फिक्स (रिमता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्मी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२२५३४४
वीर अस्पताल	४२२१०८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१५५५०
प्रसूति गृह	४२५३०७६
ठेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२७७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२०/४३७१३७६
मानसिक अस्पताल	५५२१३३३
नेपाल आँखा बैंक	४४०३६८४
नेपाल आँखा अस्पताल	४२७०६२९
तिलगंगा आँखा अस्पताल	४४०३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४२९१७२५
मरक्युर अस्पताल	६६१०८७६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४२९१००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६५५२
काठमाडौं जोडल अस्पताल	४२४०८७५/६
नेपाल मेडिसिटी अस्पताल	९९३६/४२७७०६६/४२७७०५५
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर मेरोनल अस्पताल	४४६०७६७
मेडीकेयर मेरोनल अस्पताल (धनबुलेन्स)	४४६०७६७
कान्तिपुर मरिपटल	४९९९५७०/८५८
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२२५
नार्मिक, थाथापली	४२५८५५४
वयोश्री अस्पताल (प्रा.) लि.	४२८६४०८/४२८९६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३९०३६/६६३४०१६
क्याथिल मरिपटल (प्रा.) लि.	४२४४०२२
मरक्युर रेडक्रस	६६१२२६६
नेशनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
नेपाल मेडिसिटी	४२५७०६५५/४२७०७६६
मानसिक अस्पताल	४४८०५७०
हुवाकस अस्पताल	४३७०४०४/४३७०७०४
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३४५३७/४३८५०६२
गोर्खा अस्पताल र रिसर्च इन्टिचयूट	४२४८५४२/४२४८५४५
मनमोहन मेमोरियल अस्पताल	४४१६०५/४४२०८२३
मरीरोसा अस्पताल प्रा.लि.	४४०४०६८/४४८८९९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६२१२१४४
जनमैत्री हस्पिटल	४३६६३०१-०५
मरप्युर अस्पताल	०१-५०२३३८८/५०२३३०५/५०२३३०२
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५२०/४३८०८४८
केन्द्रीय पशु चिकित्सालय	४२६९३८२/४२२०८६४/४२६८१२३
हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल	४४०३५१८/४४०८६१५
शहीद मेमोरियल अस्पताल	४४०२२३४/०१६२०८६०२
स्पार्क हेल्थ होम अस्पताल	४२०३०४४/४२७०२२३
ओम समाज अस्पताल	४३९३५२२
स्टार अस्पताल	५५५०१९७/५५५०१९८/५५५२२७७
अल्का अस्पताल	५५५५५५५
नागरिक सामुदायिक अस्पताल	६६३७०००/४६३०१८४
हिमाल अस्पताल/धनबुलेन्स	४४१५०८६/४४१२६२०
स्पाइनल इन्जरी पुनस्थापना केन्द्र	०१९-६६०८४०/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२२
अन्तराष्ट्रिय मैत्री बाल अस्पताल	४४१९५३८/४४५४४१
बी.पी. स्मृति अस्पताल	४३८७०२४/४३८७०१६
सुनेत्र अस्पताल	५२७५३०७/५२७५०८८/९९
वेलकेयर हस्पिटल	४४२६९३४/४४२६९८६
धनरेष्ट हस्पिटल	४७८२२२६/४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५४४/४२२६७३०
ग्रान्डी इन्टरनेशनल हस्पिटल	५१५२२६६/५१५२२६०
ग्रिन सिटी हस्पिटल	४३५२२४८/४३५०४५२
शुभेक्षा इन्टरनेशनल हस्पिटल	४२८९४३७/४२८५४३५
कान्तिपुर जनरल हस्पिटल	४३८५९२०/४३८५९२९
निःशुल्क होमियो दातव्य	४२५५५४०/४२५५५४१
दीर्घायु गुरु हस्पिटल	४४६२५१३/९८४४८५५५०
गणेशमान सिंह मेमोरियल अस्पताल	०१-५५३०८८४/५५२३४२०, ५५४४४४४/५५५५८७४
ॐ समाज डेण्टल हस्पिटल	०१-४४७३४४४/४४८०८८०

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२२२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुनेत्र एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५५०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
पशुपति आर्यघाट सेवा केन्द्र	४४०२२०९
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२४८०८६
नेपाल मिटर दयाबरी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क ☎ जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

छोटकरी

चोरिएको मूर्ति फर्काउन पहल

काठमाडौं (कास)- पाटनको नारायण मन्दिरबाट ३५ वर्षअघि चोरिएको मूर्ति फर्काउन पुरातत्त्व विभागले पहल थालेको छ । १५औं शताब्दीको 'वासुदेव-कमलाजा मूर्ति' अमेरिकाको टेक्सास राज्यस्थित डल्लास म्युजियम अफ आर्टमा भेटिएपछि विभागले सक्रियता देखाएको हो । अमेरिकाको वासिङ्टन डीसीस्थित नेपाली दूतावासलाई वैधानिक प्रक्रिया अघि बढाउन विभागले आग्रह गरेको छ । कूटनीतिक नियोगले इन्टरपोलमार्फत् मूर्ति फर्काउन पहल थाल्ने भएको छ । सन् १९८९ मा प्रकाशित लेनसिंह बाङ्देलको 'स्टोलन इमेजेज अफ नेपाल' (पृष्ठ २४८) मा समेत उल्लेख भएको यो मूर्ति सन् १९८४ मा चोरिएको जनाइएको छ । सन् १९७० मा अनुमोदित 'गैरकानुनी रूपले सांस्कृतिक सम्पत्ति आयातनिर्यातमा प्रतिबन्ध लगाउनेबारेको अभिसन्धि' का आधारमा पनि पहिचानयुक्त मूर्तिलाई फर्काउन सकिनेछ ।

धनमाल चोरी

काठमाडौं (कास)- काठमाडौंका विभिन्न स्थानमा धनमाल चोरी भएको छ । काठमाडौं महानगरपालिका-४ सुकेधारा बस्ने टीकादेवी पौडेलेको घरबाट दुई लाख रुपैयाँसहित करिब सात लाख ६० हजार बराबरको गरगहना चोरी भएको प्रहरीले जनाएको छ । यस्तै, चन्द्रागिरी नगरपालिका-४ हिमचुली बस्ने द्रौपती शाहको घरबाट ल्यापटप एक थानसहित १० लाख १० हजार रुपैयाँ बराबरको गरगहना चोरी भएको प्रहरीले जनाएको छ । काठमाडौं महानगरपालिका-४ गणेश बस्ती बस्ने अशोककुमार राईको घरबाट पनि दुई लाख ५६ हजार बराबरको नगद तथा गरगहना चोरी भएको छ ।

करणी आरोपमा पक्राउ

काठमाडौं (कास)- जबरजस्ती करणी गरेको अभियोगमा नागार्जुन नगरपालिका-३ का ३१ वर्षीय सोमराज नगरकोटी पक्राउ परेका छन् । ३६ वर्षीया महिलालाई पटकपटक करणी गरेको खबरका आधारमा महानगरीय प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

चन्द्रागिरिमा सुविधासम्पन्न भवन

काठमाडौं (कास)- चन्द्रागिरि नगरपालिका-१२ ले सुविधासम्पन्न प्रशासकीय भवन निर्माण गर्ने भएको छ । सात रोपनी जग्गामा बगैंचासहितको भवन बनाउन लागिएको नगरपालिकाका प्रवक्ता हरिभक्त महर्जनले बताए । 'सांस्कृतिक, कलात्मक तथा पुरातात्त्विक तरिकाले भवन बनाइन्छ,' उनले भने, 'अन्डरग्राउड पार्किङसहित अपाग/महिलाअनुकूल लिफ्टसमेत जडान गरिनेछ ।' जिल्ला समन्वय समितिको आठ करोड ७६ लाख ३२ हजार एक सय पाँच र नगरपालिकाको पाँच करोड ८४ लाख २१ हजार लागतमा भवन निर्माण हुने भएको हो । रसुवा कन्स्ट्रक्सन कम्पनी प्रालिले १८ महिनाभित्र सक्ने गरी १४ करोड ६० लाख रुपैयाँमा ठेक्का पाएको छ ।

हिरोताकाको लक्ष्य 'भर्जिन पिक'

काठमाडौं (कास)- १४ वटा ८ हजार अग्ला हिमाल आरोहण गर्ने पहिलो जापानी आरोही हिरोताका ताकेउचीले नेपालका भर्जिन हिम चुचुरा आरोहण गर्ने घोषणा गरेका छन् । २४ वर्षअघि मकालु हिमालबाट आरोहण यात्रा थालेका ४८ वर्षीय यी आरोहीले शुक्रबार पानीपोखरीस्थित जापानी दूतावासमा आयोजित कार्यक्रममा यस्तो घोषणा गरेका हुन् । 'अबको मेरो यात्रा अरू कसैले पनि आरोहण नगरेका नेपालसहितका अन्य मुलुकका हिमाल आरोहण गर्ने रहेको छ,' ताकेउचीले भने । विश्वभर रहेका ८ हजार मिटर अग्ला १४ वटा हिमालमध्ये ८ वटा नेपालमा छन् ।

राजधानीको टेकुस्थित पचली भैरवमा पुनर्निर्माण हुँदै गरेको लक्ष्मी-महेश्वर मन्दिर । उक्त मन्दिर २०७२ सालको भूकम्पले क्षतिग्रस्त बनेको थियो । *तस्बिर : संजोग मानन्धर/कान्तिपुर*

कारागारमा अस्पताल, छैन जनशक्ति

कान्तिपुर संवाददाता (ललितपुर)

नख्खु कारागारमा पाँच महिनाअघि २५ शय्याको अस्पताल भवन बने पनि जनशक्ति नहुँदा सञ्चालनमा आउन सकेको छैन । मानसिक रोगबाट पीडित कैदीबन्दीका लागि अस्पताल सञ्चालनमा ल्याउन लागिएको हो । 'बाहिरको अस्पताल लैजानुभन्दा भित्रै उपचार सहज होओस् भनेर भवन तयार गरेका हौं,' मनोसामाजिक अपांग बन्दी अस्पताल नख्खुका शाखा अधिकृत राजन श्रेष्ठले भने, 'तर, जनशक्ति नहुँदा सञ्चालनमा आउन सकेको छैन ।' हाल दैनिक दुई/तीन जनालाई उपचार गराउन मानसिक अस्पताल लगनखेल पुऱ्याउने गरेको उनले बताए ।

कारागारका जेलर सुरेन्द्र पौडेलका अनुसार कारागारमा करिब ५० प्रतिशत मानसिक बिरामी छन् । 'अस्पताल बनेपछि मानसिकसँगै अन्य रोगको पनि उपचार हुनेछ,' उनले भने ।

कारागार व्यवस्थापन विभागका महानिर्देशक वासुदेव घिमिरेले स्वास्थ्य मन्त्रालयको ढिलाइले दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गर्न नसकेको बताए । 'स्वास्थ्य मन्त्रालयमा कर्मचारी पठाउन पत्राचार गरिसकेका छौं,' उनले भने । अस्पतालमा वरिष्ठ कन्सल्ट्यान्ट साइकियाट्रिक, मेडिकल अधिकृत, अनमी, अहेब र हेल्थ असिस्टेन्ट गरी १४ जनाको दरबन्दी छ ।

मेलम्ची खानेपानी आयोजना

सिनोले थाल्यो सुरुङ र हेडवर्क्सको काम

अस्थायी बाँध निर्माण गरेर भए पनि एक वर्षभित्र सुन्दरीजलमा पानी ल्याउने ठेकेदार कम्पनीको प्रतिबद्धता

■ **दीपेन्द्र विष्ट** (काठमाडौं)

इटालीयन कम्पनी सीएमसीले एकतर्फी रूपमा ठेक्का तोडेको घोषणा गरेपछि ठप्प रहेको मेलम्ची खानेपानी आयोजनाको काम करिब एक वर्षपछि पुनः सुरु भएको छ । नयाँ ठेकेदार कम्पनी सिनो हाइड्रोले सुरुङको बाँकी काम र हेडवर्क्स निर्माण गरिरहेको हो । आयोजनाका प्रमुख त्रिरेशप्रसाद खत्रीले १५ महिनाभित्र सम्पन्न हुने गरी काम अघि बढेको जानकारी दिए । 'ठेकेदार र आयोजनाका कर्मचारी चौबीसै घन्टा निर्माणस्थलमा खटिएका छन्,' उनले भने, 'सुरुङ १२ महिनाभित्र र हेडवर्क्सको काम १५ महिनाभित्र सकिन्छ ।'

सीएसीले गत वर्ष पुसमा ठेक्का सम्झौता तोडेपछि सरकारले फास्ट ट्रयाकबाट काम अघि बढाउने निर्णय गरेको थियो । ठेक्का सम्झौताअनुसार सिनो हाइड्रोले ८५ करोड १ लाख लागतमा सुरुङ र १ अर्ब २ करोड ८२ लाखमा हेडवर्क्स निर्माण गर्नेछ ।

२६ किमि सुरुङ खन्ने काम सकिएको छ भने त्यसमध्येको ५ किलोमिटरमा आरसीसी ढलान हुँदै छ ।

गत असोजमा सिनो र आयोजनाबीच सम्झौता भएको थियो । खानेपानी तथा सरसफाइ मन्त्रालयले करिब ९३ प्रतिशत काम सकिएको दाबी गरे पनि ससाना काम धेरै बाँकी छन् । टनेल अडिट मार्ग तथा इचोक, थकनी र शिवपुरीमा भेन्टिलेटर, सुरुङभित्र प्लास्टर र ओपन कट इन्टेक निर्माण अघि बढिसकेको खत्रीले बताए । डाइभर्सन टनेल, अस्थायी बाँध (कभर बाँध) निर्माण, स्थायी बाँध र इन्टेक संरचनासमेत निर्माण हुन बाँकी छ । अम्बानथानमा हेडवर्क्स जोड्ने पक्की पुलसमेत बनेको छैन । अस्थायी बाँध निर्माण गरेर भए पनि १२ महिनाभित्र सुन्दरीजलमा पानी ल्याउने ठेकेदार कम्पनीले प्रतिबद्धता जनाएको छ ।

फाइल तस्बिर

खत्रीका अनुसार सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्र र ९ वटा पानीपोखरी निर्माण भइसकेका छन् । 'समानान्तर हिसाबले घरघरमा पानी पुऱ्याउँछौं,' उनले भने, 'त्यही किसिमले प्रत्येक संरचना निर्माण भइरहेका छन् ।' पाइप परीक्षणलगायत सरसफाइ काम पनि भइरहेको उनले बताए । सुन्दरीजलमा साढे ८ करोड लिटर क्षमताको पानीपोखरी पनि निर्माण भइसकेको भने यहीं अर्को पानी प्रशोधन केन्द्र निर्माण भइरहेको उनले जनाकारी गराए ।

मेलम्चीबाट आउने खानेपानी वितरणका लागि ७० हजारभन्दा बढी धारा जडान भइसकेका छन् । 'थोरै धारा निर्माण गरिसक्न बाँकी छ, ती पनि निर्माणको चरणमा छन्,' आयोजनाका प्रमुख त्रिरेशप्रसाद खत्रीले भने, 'सुन्दरीजलमा पानी आइपुग्नेबित्तिकै खास समस्या छैन, पाइप र धाराको परीक्षण भइरहेको छ ।' केही दिनअघि अनामनगर क्षेत्रको ५ सय ९० भन्दा बढी घरधुरीमा धाराको परीक्षण गरिएको खानेपानी आयोजना निर्देशनालयका प्रमुख भोजविक्रम थापाले जानकारी दिए ।

राष्ट्रिय गौरवअन्तर्गतको मेलम्ची खानेपानी आयोजनामा हालसम्म ३२ अर्ब रुपैयाँ खर्च भइसकेको छ । दोस्रो चरणको याङ्ग्री र लार्केको मुआब्जा वितरणको काम भइरहेको छ । याङ्ग्री र लार्केबाट ३४ करोड लिटर पानी मेलम्चीमा थपिनेछ । त्यसपछि मेलम्ची, याङ्ग्री र लार्केबाट त्याइने ५१ करोड लिटर पानी दैनिक उपत्यकामा वितरण गरिनेछ । एसियाली विकास बैंकको ऋण सहयोगमा ०५८ सालमा उक्त आयोजना सुरु भएको हो । ०६५ भित्र निर्माण सम्पन्न गरिसक्नुपर्ने भनिए पनि समय सीमाभित्र काम सम्पन्न नहुँदा आयोजनाको लागत ४२ अर्ब रुपैयाँभन्दा बढी पुगेको छ ।

यूएन पार्कछेउ चिल्ड्रेन पार्क

कान्तिपुर संवाददाता (ललितपुर)

कुपन्डोलनजिक यूएन पार्कछेउको एकतले भवन । ललितपुर खेलकुद प्रशिक्षण केन्द्र । त्यहींनेर छ, पुरानो स्वरूपको खरको छाना भएको घर । जहाँ ढिक्की, जाँतोजस्ता परम्परागत साधन राखिएका छन् । घरको भित्तामा झ्यालबाट चियाइरहेका दुई बालबालिकाको चित्र छ । वरपर बस्नका लागि काठका मुढा छन् भने सौन्दर्यका लागि फूल । यी संरचना यूएन पार्क समितिले पहिल्यै निर्माण गरेको हो ।

केन्द्रले भने ललितपुर महानगरपालिकाको आर्थिक सहयोगमा बालबालिकाका लागि प्रशिक्षण केन्द्रदेखि पार्क, खेलमैदान र ज्येष्ठ नागरिकका लागि विश्रामस्थल समेत निर्माण गर्दै छ । यूएन पार्कसँगै जोडिएको ज्वागलस्थित ६ रोपनी ३ आना जग्गामा खेलमैदान र प्रशिक्षण केन्द्रको भवन निर्माण सम्पन्न भइसकेको छ । जहाँ ५० जना अटाउने क्षमता छ ।

एक करोड रुपैयाँको लागतमा चिल्ड्रेन पार्क, खेलमैदान, प्रशिक्षण केन्द्रको भवन, ज्येष्ठ नागरिक विश्रामस्थल र राजतीर्थ घाट व्यवस्थितसँगै मन्दिर पनि निर्माण गर्ने राजतीर्थ उपभोक्ता समितिका अध्यक्ष सिद्धि व्यञ्जनकारले बताए । खेलकुद मैदानमा बिहान-बेलुका बालबालिकालाई तालिम दिन थालिएको छ । 'अब चिल्ड्रेन पार्कमा बच्चाहरूका लागि पिङ, चिप्लेटी राख्न बाँकी छ,' उनले भने, 'लगभग ७० प्रतिशत काम सम्पन्न भइसक्यो । फिटनेस सेन्टरसमेत राख्ने योजना छ ।' ०७२ सालको भूकम्पबाट विचलित बालबालिकालाई खेलको माध्यमबाट जागरुक बनाउन केन्द्रको स्थापना भएको हो ।

व्यञ्जनकार एन्फाका पूर्वप्रशिक्षक पनि हुन् । अहिले बिहान/बेलुका ६० जना बालबालिकालाई उनी अभ्यास गराइरहेका छन् । पार्क सम्पन्न भएपछि स्थानीयदेखि बटुवासम्मलाई बस्न र शान्त ठाउँमा समय व्यतित गर्न सकिने महानगरपालिका वडा नम्बर १० का अध्यक्ष नरसिङ व्यञ्जनकारले बताए । 'अहिलेका बच्चाहरूले छिमेकीका बच्चासमेत चिन्दैनन्,' उनले भने, 'पार्क बनेपछि बच्चादेखि वृद्धलाई समेत सजिलो हुन्छ ।'

भक्तपुरमा सबै तयारी पूरा

भक्तपुर (कास)- कोही बाँस गाड्ने, कोही डोरी बाँध्ने त कोही मतदाता परिचयपत्र वितरण गर्ने । उपनिर्वाचनका लागि मतदान केन्द्र खटिएका कर्मचारी शुक्रबार निकै व्यस्त रहे । भक्तपुरमा पनि प्रदेशसभा १ (क) का लागि शनिबार उपनिर्वाचन हुँदै छ ।

'मतदान कार्यका लागि आवश्यक सम्पूर्ण तयारी सम्पन्न भयो,' भक्तपुर नगरपालिका-१० कमलविनायकस्थित सरस्वती इङ्लिस स्कुल मतदान केन्द्र 'क' का मतदान अधिकृत घनेन्द्र अधिकारीले भने ।

यहाँ 'क', 'ख', 'ग', 'घ' र 'ङ' गरी पाँच मतदान केन्द्रमा पाँच अधिकृतसहित २५ कर्मचारी, २० स्वयंसेवक, राजनीतिक दलका एक/एक प्रतिनिधि र सुरक्षाकर्मी खटिएको उनले बताए ।

उपनिर्वाचनमा लागि जिल्लाको सुरक्षा व्यवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले जानकारी दिए । 'सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना परिचालन भइसकेका छन्,' उनले भने । केन्द्रभित्र नेपाल प्रहरीले सुरक्षा दिनेछ भने मतदान स्थलको बाहिरी घेरामा सशस्त्र प्रहरी रहनेछन् । नेपाली सेनाले तेस्रो घेरामा रहेर सुरक्षा प्रदान गर्नेछन् ।

जिल्लाको सुरक्षा समिति, मुख्य निर्वाचन अधिकृतको कार्यालयका साथै सुरक्षा निकायका प्रमुखहरू समेतको सहभागितामा विभिन्न मतदानस्थलको स्थलगत अनुगमन र निरीक्षणसमेत गरिएको उनले जानकारी दिए ।

सवारीसाधन निषेध

उपनिर्वाचनको सुरक्षालाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालयले शुक्रबार राति १२ बजेदेखि शनिबार

उपनिर्वाचन २०७६

राति ९ बजेसम्म उपनिर्वाचन हुने क्षेत्रमा सवारीसाधन सञ्चालनमा रोक लगाएको छ ।

कार्यालयले सूचना जारी गर्दै अरनिको राजमार्गको साँगादेखि राधेराधेसम्मको सडकखण्डबाट उत्तरतर्फ, राधेराधे चोकबाट निकोसेरा चोकसम्मका सडकखण्डबाट पूर्वतर्फ, पेप्सीकोला मनोहरादेखि निकोसेरा सडकखण्डबाट उत्तरतर्फ सवारीसाधन प्रवेशमा रोक लगाइएको छ । त्यस्तै, काठमाडौंबाट भक्तपुर आउने पेप्सीकोला-मनोहरा र जडिबुटी-मनोहरा नाकाबाहेकका सम्पूर्ण नाकामा सवारीसाधन प्रवेशमा रोक लगाइएको छ ।

काभ्रेबाट भक्तपुर आउने साँगा नाकाबाहेक सम्पूर्ण नाकाबाट सवारीसाधन प्रवेशमा रोक लगाइएको छ । एम्बुलेन्स, शवबाहन, दमकल र निर्वाचन आयोगका सम्बन्धित अधिकृतबाट र जिल्ला प्रशासन कार्यालयबाट पास प्राप्त सवारीसाधनलाई भने निर्बाध रूपमा सञ्चालन गर्न दिइने व्यवस्था गरिएको प्रजिअ भट्टले बताए ।

भक्तपुरमा हुन लागेको उपनिर्वाचनमा ९ राजनीतिक दलका ९ र १० स्वतन्त्र गरी १९ जना उम्मदेवार चुनावी मैदानमा छन् । प्रदेशसभा सदस्य हरिशरण लामिछानेको निधनपछि रिक्त रहेको स्थानका लागि हुन लागेको उपनिर्वाचन ४५ हजार १५ मतदाता छन् । चाँगुनारायण नगरपालिकाको ९ वटै वडा र भक्तपुर नगरपालिका १० रहेको यस क्षेत्रमा २२ मतदानस्थल र ५४ मतदान केन्द्र तोकिएका छन् ।

ललितपुरको प्युटारमा अस्पताल बन्दै

■ **प्रशान्त माली** (ललितपुर)

दमको बिरामले थलिएपछि मकवानपुर बेतिनीकी ५५ वर्षीया माइली थिङ दुई दिन लगाएर ललितपुरको लेले टीकाभैरवस्थित आनन्दवन अस्पताल आइपुगिन् । अस्पतालसम्म आइपुग्न उनले एक रात गिम्दीमा बास बस्नुपरेको थियो । ललितपुरकै प्युटार सिम्लेका ५५ वर्षीय रामबहादुर तामाङ तीन घन्टा हिँडेपछि बल्ल सवारीसाधन चढ्न पाए । त्यसपछि मात्रै उपचार गर्न अस्पताल आए । गिम्दीका ५५ वर्षीय रामप्रसाद तामाङ पनि घन्टौं हिँडेर उपचार गराउन आएका हुन् । उनीहरू जस्तै ललितपुरको दक्षिणी दुर्गम भेगका बासिन्दाले उपचारका लागि अस्पताल पुग्न ठूलो कष्ट झेलिइरहनुपरेको छ ।

अहिले वाग्मती गाउँपालिकाले प्युटारमा ५ शय्याको अस्पताल बनाउन थालेपछि भने उनीहरूजस्ता दक्षिणी भेगका बासिन्दा गाउँमै उपचार पाउनेमा आशावादी बनेका छन् । अस्पताल भवन बनाउन सांसद चेतनाथ सञ्जेलको पहलमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट गत वर्ष एक करोड ६० लाख र चालू आर्थिक वर्षमा २ करोड गरी ३ करोड ६० लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो ।

अस्पताल भवन निर्माणका लागि पिल्लर उठाउन डन्डी बिछ्याउने काम भइरहेको छ । केही दिनमै पहिलो तलाको ढलान गरिने वाग्मती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चनले बताए । 'दक्षिणका दैनिक दुई/तीनजना बिरामी उपचारका लागि सहर पुग्ने गरेका छन्, अब

ललितपुरको दक्षिणी दुर्गम गाउँ प्युटारमा निर्माणाधीन पाँच शय्याको अस्पताल भवन । प्युटार लगनखेलबाट ४५ किलोमिटर दक्षिणमा पर्छ । *तस्बिर : प्रशान्त/कान्तिपुर*

यो झन्झटबाट गाउँलेले चाँडै मुक्ति पाउनेछन्,' उनले भने, 'स्थानीय तहमा एक हजार पाँच सय शय्यासम्मको अस्पताल बनाउने नीति छ,' उनले भने, 'अति विकट माझखण्ड गाउँमा सामुदायिक स्वास्थ्य केन्द्रमार्फत् सेवा दिइरहेका छौं ।' अस्पतालको सुविधा पाँच शय्याबाट क्रमशः बढाउँदै लैजाने योजना रहेको उनले बताए ।

बिरामीको चापले गर्दा स्वास्थ्य चौकीहरूलाई सेवा दिन भ्याईनभ्याई छ । अस्पताल सञ्चालनमा नआएसम्म भट्टेडाँडामा डाक्टर झिकाएर गरेर उपचार गराउँदै आएको लोप्चनले बताए । 'अस्पताल सञ्चालनमा आएपछि सहरमा बसाइँसराइ गरेर उपचार गराइरहेका समेत फर्केर आउने विश्वास छ,' उनले भने, 'चारवटा वर्थिङ सेन्टरसमेत यहाँ सञ्चालन हुनेछ ।'

गाउँपालिकाका अनुसार अस्पताल भवन ज्ञानज्योति कन्ट्रक्सनले ०७७ जेठभित्रमा निर्माण सम्पन्न गर्ने गरी भ्याटसहित २ करोड १ लाख रुपैयाँमा ०७६ भदौ ९ मा ठेक्का पाएको थियो । अस्पतालमा इमर्जेन्सी सेवासहित २४ घन्टै सञ्चालनमा आउने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज आर्चायले बताए । अस्पतालमा वरिष्ठ डाक्टरसहित एकएक जना नासु, लेखापाल, सहायक कम्प्युटर अधिकृत र दुई/दुईजना मेडिकल अधिकृत, अनमी, अहेब र हेल्थ असिस्टेन्ट गरी १२ जना कर्मचारीको दरबन्दी राख्ने योजनामा रहेको आर्चायले बताए ।

अस्पताल समयमै बनेका ललितपुरको आश्राङ, गिम्दी, प्युटार, ठूलादुर्लुङ क्षेत्रबाहेक मकवानपुरको थिङगिन, मन्थलीवासीले पनि सेवा पाउनेछन् । प्युटार लगनखेलबाट ४५ किमि दक्षिणमा पर्छ ।

मानिखेल सञ्चालनमा आएन

ललितपुरको दक्षिणी भेग मानिखेलमा अस्पताल भवन निर्माण सम्पन्न भएको ६ वर्ष बिते पनि सञ्चालनमा आउन सकेको छैन । ४ करोड ६ लाख रुपैयाँ लगानीमा बनेको अस्पताल स्वास्थ्य मन्त्रालयले चिकित्सक लगायत कर्मचारीको दरबन्दी नदिँदा सञ्चालन हुन नसकेको हो । अस्पतालमा रगत, खकार, ईसीजी, दिसा-पिसाब जाँच्ने प्रयोगशालासहित एक्स-रेलगायतका उपकरण जडान भइसकेका छन् । उपकरण सञ्चालनमा आउन नसक्दा खिया लाग्ने र बिग्रने अवस्थामा पुगेको अस्पताल व्यवस्थापन समितिका उपाध्यक्ष बुद्धबहादुर नेगीले बताए । 'स्वास्थ्य मन्त्रालयमा पटकपटक बजेट र दरबन्दीका लागि पत्र पठायौं, तर बेवास्ता गरियो,' अध्यक्ष नेगीले भने, 'अस्पताल सञ्चालनमा ल्याउन सके आकस्मिक र दुर्घटनामा परेका बिरामीले अकालमा ज्यान गुमाउनु पर्दैनथ्यो ।'

कोही किन सधैं विधवा होस् ?

शीतल शर्मा

समयको चक्र अचम्मको छ। कहिलेकाहीं हाँसो र आँसु एकैपटक ल्याउँछ। पाँच वर्ष अघिको कुरो हो। भर्खर दसैं सकिएर अलिअलि जाडो सुरु भएको असोजको एक विहानी आफ्नो भर्खर जन्मेको छोरोलाई घाममा राखेर तेल लगाउँदै थिइन्, फोनको घन्टी बज्यो। उनले 'हेलो' भन्न नपाउँदै उतावाट आवाज आयो, 'तपाईको मान्छे दुर्घटनामा परेका छन्, जतिसक्यो छिटो आउनुहोस्।' दाइ र आमाबावासहित उनको लोग्ने मनकामना दर्शन गर्न विहानै पाँच बजेतिर काठमाडौंवाट हिंडेका थिए। कसलाई पो थाहा थियो होला र ? भगवानको दर्शन गर्न हिंडेका ती चारैजना दुर्घटनामा परी भगवानका प्यारा होलान् भनेर।

एक निमेषमा उनले आफ्नो सम्पूर्ण परिवार गुमाइन्। लोग्नेसहित बावुआमा र एक्लो दाइ। भर्खरै अघिसम्मको उनको हराभरा संसार उजाड मरुभूमि बनेको थियो, छोरोलाई जिस्काउँदै गरेको हाँसो बन्लिद्रधारा जस्तै आँसु बनेर आँखावाट खस्न थाल्यो। त्यो हृदयविदारक बज्रपात अरु कसैमाथि यही हो, मेरा सासु-ससुरा नै मेरा कर्म दिने बुवा, आमा हुन्। जन्म दिनेलाई त गुमाइसकें। अब यो घरमा बुहारी होइन, छोरी भएर बस्न चाहन्छु' भनेर आफ्नै घरमा बस्ने इच्छा राखिन्। छोरो गुमाए पनि बुहारी र नातिसँगै बस्न पाउँदा बुबाआमाको लागि त्योभन्दा खुसीको कुरो के हुन्थ्यो र ?

हाम्रो संस्कार, संस्कृति या समाज अनौठो छ। जब एक श्रीमानकी श्रीमतीको मृत्यु हुन्छ, उसलाई अर्को विहे गर्ने बाटो खुल्ने मात्र होइन, विहे गर्न समाजले नै दबाव दिन्छ। तर जब श्रीमानको मृत्यु हुन्छ, श्रीमतीको चाहिँ सौभाग्य खोसिनु मात्र होइन कि उनका इच्छा र आकांक्षाहरू पनि खोसिएका हुन्छन्। जबकि रातो वस्त्र, टीका र चुरा त लगनगाँठो कसिनुभन्दा पहिले नै लगाइएको हुन्छ। श्रीमानले दिएको सिन्दूर र पोते मात्र हो, तर हाम्रो समाजमा श्रीमानको मृत्युपछि विधवाहरूलाई रातो रंगवाट नै टाढा राखिन्छ। अवका नारी घरमा बस्ने मात्र हुँदैनन्, उनीहरूलाई काममा जानुपर्ने पनि हुन्छ। त्यही विधवाकै पहिरनमा बाहिर निस्कँदा विधवा भन्ने प्रस्टसँग छुट्टिन्छ। खराब नियत भएकाहरूले तिनको कमजोरीपनको फाइदा लिन नखोज्लान् भन्न सकिँदैन।

समय बित्दै गयो। छोरो पनि हुर्कँदै गयो। हामीले उनलाई बाहिरी शृंगार त गर्न लगाउँथ्यौं, तर भित्री शृंगार खल्लो देखिन्थ्यो। मन खुसी भए न सबैथोक खुसी हुने हो। उनी कलिली अनि राम्री थिइन्। चारैतिरबाट सल्लाहको ओइरो लाग्न थाल्यो- 'जीवन लामो छ। एक्लो यात्रा सजह हुँदैन। पहिले जस्तो सोचाइ राख्नु हुँदैन। नयाँ जीवन दिएर त्यो घाउलाई विस्तारै निको पार्नुपर्छ। पहिलेको कुरा सम्झेर नरोऊ कि आउने दिनहरूमा हाँस्दै अघि बढ।' त्यस्तै-त्यस्तै।

उनले आफ्नो मनको कुरो कुनै संकोच नमानी बुबाआमासँग खोलिन्- उनलाई एकजना केटाले मनपराउन थालेका रहेछन् र उनले पनि। बुबाआमाले आफ्नो स्वार्थमात्र हेर्नु भएन। बुहारीको खुसी नै आफ्नो खुसी ठान्नुभयो। केटा योग्य देखेर हामीले त्यो समाजको विभेदकारी नियमलाई नमान्ने निधो गर्दै आफन्तसँग सल्लाह लिई जोडी बाँधिदिने निर्णयमा पुग्यौं।

बुबाआमाको लागि त्यो सजिलो थिएन। बुहारीसँगै संरक्षण गर्दै आएको नाति पनि पठाउनु थियो। तर मनलाई बाँधेर उहाँहरूले टीकाको साइत गरेर घरबाट पठाउनुभयो। तोते बोलीमा 'नरुनु भोलि आइहाल्छु नि' भन्दै नाति पनि विदा भयो। केटाको घरको तर्फबाट उनलाई विहे गर्ने स्वीकृति थिएन, किनकि उनले एक विधवालाई विहे गर्दै थिए। यो उनको परिवारको मात्र दोष होइन कि समाजकै दोष हो। तर परिवारको अस्वीकारबीच पनि उनले विद्रोह गरेर भए पनि विहे गरेरै छोडे। नयाँ वैवाहिक जीवनमा बाँधिएर अहिले दुवै खुसी छन् र छोरा पनि बाबा पाएकोमा खुसी छ।

सबै कुरा सोचाइ नै रहेछ, सोचाइ परिवर्तन गरे सबै कुरा सामान्य लाग्दोरहेछ। बुबाआमाले पनि आफ्नो सोचाइमा सानो परिवर्तन गरेर उनको गुमेको खुसीमात्र फर्काउनु भएन, आफू पनि खुसी भएर बाँच्न सिक्नुभयो। न त बुहारीसँग सम्बन्ध बिग्रियो, न त समाजले कुरा काट्न सक्यो, न नाति टाढियो। अहिले हाम्रो घर उनको लागि साँच्चिकै माइती भएको छ, नियास्रो लाग्यो भने माइती सम्झेर आउँछिन्।

हामीले समाजको विभेदकारी नियमलाई नमान्ने निधो गर्दै आफन्तसँग सल्लाह लिई जोडी बाँधिदिने निर्णयमा पुग्यौं।

नभई मेरी आफ्नै भाइ-बुहारीमाथि परेको थियो। मैले भाइ गुमाएकी थिएँ, तर उनले सर्वस्व गुमाएकी थिइन्। अहिले पनि जब मर्माथि कुनै सानो दुःख आइपर्छ, त्यतिबेला मैले तिनै भाइ-बुहारीलाई सम्झन्छु र आफूलाई सम्झाउँछु।

जसरी समयले कुनै दया नराखी बज्रपात दिँदोरहेछ, त्यसरी नै मानिसलाई सहन पनि सिकाउँदो रहेछ। त्यही बेला सहनशीलताको परिभाषा मैले बुझारीवाट पाएँ। त्यो घटनापछि उनी माइतीतिरको एक्लो भइन् न त अरु दिदीबहिनीहरू थिए, भएका बाबुआमा र दाजुले पनि लोग्नेसँगै त्यही दुर्घटनामा ज्यान गुमाएका थिए।

पशुपतिवाट उनलाई लोग्ने नभएको घरमा उसको नासो २८ दिनको छोरो सँगै लिएर आयौं। हामीले उनलाई सेतो पहिरनमा कुनामा वसी काजकिरिया गर्न दिएनौं, किनकि हामी पीडामाथि पीडा थप्न चाहँदैनथ्यौं। उनी अघिपछिकै जस्तो सामान्य पहिरनमा बसिन्। तेह्रौं दिनको काम सकिएपछि पनि हामीले पुनः उनका कलिला हातमा चुरा र निधारमा रातो टीका लगाइदियौं, ताकि समाजले उनलाई विधवाको दृष्टिले नहेरोस्। मेरा बुबाआमाले पनि अलिकति पनि नहिच्किचाई त्यो कार्यलाई समाज परिवर्तनको एउटा फड्को भनेर आफै अग्रसर भएर स्वीकृति दिनुभयो।

माइतीपट्टिका ठूलोबुवा, काकाहरूले 'हामी छौं, हामी छोरीलाई घर लान्छौं' नभन्नुभएको होइन। तर उनले 'मेरो घर नै

केही चिनेका बूढाहरूका भाखा

समय रेखा

अभि सुवेदी

मैले नेपालमा खासगरी नेपाल उपत्यकामा निकै बूढाहरूको संगत गरें। 'बूढा मरे भाखा सरे' भन्ने पुरानो नेपाली उखानवाट इतिहासभित्र पस्न सकिने हुनाले त्यही प्रयोग गरेको हुँ। म किन बूढाहरूको नजिक पुगेँ, त्यसका आफ्नै कारणहरू रहेछन्। इतिहासभित्र लुकेका केही समानान्तर मानवीय चेतनाले खिचिएको हुँ। नेपालमा छयालीस र त्रिसठ्ठी सालका राजनीतिक परिवर्तन भएदेखि मलाई यो प्रश्नले खेदन थालेको हो। ती सबै इतिहाससँग सम्बन्ध राख्छन्। यी बूढाहरू धेरैजसो दिवंगत भइसके। केही जीवित छन्, जोसँग यत्नले कुराकानी गरेर पत्रिकाहरूमा छपाउन सफल भएको छु। यी बूढाहरूका आनीबानी, यिनका राजनीतिक चिन्ता र इतिहास, यिनका धार्मिक र रागात्मक वा रोमान्टिक पक्ष, यिनका किञ्चित अराजक चरित्र र विचार, केही हास्यरसलाई बल दिने स्वभाव र कुराकानी मेरा सम्झनाभरि छन्। आफूले युवा अवस्थादेखि भेटेका बूढाहरू निकैजना भए पनि यस लेखमा चारजनाको मात्र सम्झना लेखेको छु।

कमलपोखरीको पीपलको बोटमा केशरबहादुर केसी 'मर्निङ वाक'मा निस्कने बेला पारेर म विहानै पुगेँ। म त्यो बेला विद्यार्थी थिएँ। मलाई केशरबहादुर केसीका कुरामा चाख लागेको कुरा इतिहास थियो। ती धाराप्रवाह अनौठा न्यारेटिभ सुनाउँथे। ती राणाकालीन भारदार थिए। मैले ती विद्वान रहेछन् भनेर रत्नपुस्तक भण्डारमा भेटेपछि थाहा पाएको थिएँ। रत्नले तिनका कानुन सम्बन्धी ठूला अंग्रेजीका ठेली पनि छापेको थियो। साझाले तिनको 'नेपाल आफ्टर द रिभोलुसन् अफ् १९५०' किताब प्रकाशित गऱ्यो। म तिनलाई त्यो बेलाका कुरा सोध्थेँ। ती लामो किञ्चित् रंगीन घरमा लाउने गाउन लाएर दाँत माझ्दै आउँथे। दाँत माझ्दै ती निकै हिँड्थे। एक पटक त कालिकास्थानसम्म पुगेर फर्केको सम्झना छ। पेस्ट सकिएको भए पनि उनको मुखमा ब्रस हुन्थ्यो। बीच-बीचमा चलाउँथे। ती राजा त्रिभुवन र बीपी कोइरालाका स्वभाव विषयमा धेरै कुरा गर्थे।

यस्ता अर्का सामन्ती घरानाकै तर अलग चरित्र भएका बूढा थिए, हृषिकेश शाह (१९८२-२०५९)। मैले तीसँग निकै समय हिर्मचिम गरें। ती दिवंगत हुँदा मैले लेखेको 'कान्तिपुर'मा प्रकाशित लेखमा तिनको स्वभाव र राजनीति विषयमा बयान गरेको छु। ती एक अनौठो अन्तर्विरोध भएका विषयलाई आफ्नो विश्वास बनाएर हिँड्ने मानिस र विद्वान थिए। गोलभैंडा फलाउने 'ग्रिन हाउस' जस्तो चन्डोल घरको हपहप कोठामा ती किताबले घेरिएर बसेका हुन्थे। तिनले राजादेखि कांग्रेस र कमिनिष्टका नेताहरूसँगको संगत गरे। तिनका अनेकौं चरित्रहरूसँग परिचित छु। मनमोहन अधिकारीलाई श्रद्धाञ्जली अर्पण गर्न ती र म खुलामञ्च गयौं। मनमोहनमाथि फूल राखेपछि ती हातको लठ्ठी उचालेर आकाशतिर हेर्दै बूढो बाघजस्तै करaएर रोए। मैले अलिक पर पुगेपछि सोधेँ, 'शाहजी, यी मानिससँग चुनाव उठ्दा असीवटा भोट ल्याएर हार्नुभयो। अहिले किन रुनुभयो ?' तिनले दिएको उत्तरमा इतिहास आकाशवाट खस्यो। तिनले भने, 'अब नेपाली राजनीतिको अन्तिम इमानदार मानिस गयो।' म मौन भएँ।

अर्का यस्तै मानिस थिए, जगदीशशमशेर राणा (१८८६-२०७४)। ती राणापरिवारका सम्भ्रान्त भए पनि सिमलामा स्याउ खेती गरेर बस्थे। यीसँग मेरो निकै संगत भयो। यी राजनीतिका कुरा एक अराजक मानिसले जस्तो गर्थे। ती भरतशमशेरका भाइ, नेपाली कांग्रेसका मानिस भए पनि स्वतन्त्र विचारका विद्वान, कवि, उपन्यासकार र समीक्षक थिए। ती एक सरल मानिस थिए। तिनको पछिल्लो किताब 'उत्तरआधुनिकवाद बाहुल्य विस्फोट' (२०७०) को विमोचन तिनको भनाइ अनुसार एकजना मात्र मानिसले बोल्नेगरी मिलाएको हुनाले मैले बोलेको थिएँ। त्यस किताबमा तिनले माओवादीको खुलेरै प्रशंसा गरेका छन्। ती इतिहासका विरोधाभास बोल्ने एक 'न्यारेटर' थिए। त्यसैले म तिनका कुरा ध्यान दिएर सुन्थेँ। पछिल्लो समय तिनले मलाई लाम्चिला राम्रा अक्षरमा एउटा चिठी पठाए। त्यसमा तिनले लेखेका यी शब्दले मलाई बूढाहरूको विषयमा लेख्न बस्ता अनौठो सन्जोग मिलेको भावना भएको छ। तिनले लेखेका छन्, 'प्रिय अभिजी, २००४ सालमा प्रथम नेपाली कविता सम्मेलन हुँदाको केही हामीलाई दैवले साँचेको रहेछ। त्यसबेलाको कुरालाई समयको धुलोले ढाकिराखेको। .... पुराना बूढापाका र नयाँ संयोजकहरू भेटेर ... मौका फेरि जुट्ला, नजुट्ला भनी' एउटा मिलनको आयोजना गरेको कुरा उनले लेखे। सरस्वती सदनको ऐतिहासिक साहित्य गोष्ठीको कुरा गरेका हुन्, राणाले। मैले उनको 'ओविचुअरी' अन्नपूर्ण पोस्ट (१२ मंसिर २०७६) मा लेखें।

'बूढा मरे भाखा सरे' भन्ने कुरा यथार्थ नभए पनि भाखा बोल्ने परिस्थिति, उपलब्धि र संकट उस्तै देखिएका छन्। त्यो ऐतिहासिक चेतनाको कुरा बुझ्नु उपलब्धिपूर्ण हुनसक्छ।

अर्का बूढा पुस्ताका कवि र राजनीतिमा काम गरेका प्रख्यात व्यक्ति केदारमान व्यथितसँग मेरो सम्बन्ध निकै काल रहयो। उनी दिवंगत भएपछि उनको स्मृतिमा लेखेको लेखमा मैले उनको चित्रण यसरी गरें, 'झन्डै ६ फिट अग्ला, शास्त्रीय कालका चिनियाँ दार्शनिकका जस्ता लाम्चिला आँखामाथि घना आँखीभौं भएका, अनि एक महत्त्वाकांक्षीका जस्ता सपनाले भरिएका आँखा अनि गम्भीर अनुहारमा एक्कासी हाँसो ल्याउने रेखाहरू फैलिने ती कविको अभिव्यक्तिमा एउटा कहिल्यै नथाक्ने र काम गर्न बाँकी छ भन्ने चिन्ताको गतिशीलता प्रस्ट देखिन्थ्यो' (कवि व्यथित स्मृतिग्रन्थ, सिन्धु, २०६०)। व्यथितको राजनीति स्थिर थिएन, तर तिनका स्मृतिहरू सात साल पहिलेका प्रजातान्त्रिक आन्दोलनसँग जोडिएका थिए। ती राजा महेन्द्र र वीरेन्द्रका पनि नजिकका पात्र थिए। तर ती आफ्नो विगतलाई जीवन्त पारेर सुनाइरहन्थे।

एक पटक उनले घरमा कवि गोष्ठी र भोजनको आयोजना गरे। पचासको दशकको बखत थियो। व्यथितका पुराना मित्र नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंह पनि त्यहाँ आमन्त्रित थिए। भारतमा रहेर प्रजातन्त्रको निम्ति संघर्ष गरेका बेलाको गणेशमान जोडिएको एउटा भावपूर्ण सम्झना व्यथितले बोलेपछि गणेशमानलाई अत्यन्त भावुक बनायो, अनि ती अब साथीहरूले प्रजातन्त्र लगेर राजालाई दिन्छन् भनेर हामी सबैको सामु खुलेर रोए। सबै भावुक भयौं। त्यसको केही समयपछि त्यस्तै भयो। सन्दर्भहरू त्यस्तै जोडिए। राजा ज्ञानेन्द्रले २०६१ मा शक्ति लिए। व्यथित यी प्रजातन्त्रका लागि लडेका नेताहरूसँग काम गरेका मानिस थिए।

अन्त्यमा, अर्का एकजनाको सम्झना गर्छु। ती हुन्- हास्यव्यङ्ग्य लेखक, उपन्यासकार र पत्रकार केशवराज पिँडाली (१९७१-२०५५)। पिँडालीसँग निकै अन्तरङ्ग सम्बन्ध गरेँ। मैले उनलाई सम्मान गर्ने कारण उनी एक लेखक भएकाले र इमानदार र खुला प्रजातान्त्रिक चेतना भएका मानिस भएकाले गर्दा हो। तिनलाई पत्रकार भएको बेला पटक-पटक पञ्चायत व्यवस्थाले दुःख दियो। तर तिनका संस्मरण अत्यन्त महत्त्वपूर्ण छन्। पिँडालीसँग सन् १९९१ को फेब्रुअरीमा डेनिस पेनको निस्तोमा डेनमार्क गएको बेला धेरै अन्तरंग सम्वाद गरें। पिँडाली प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाका निजी सचिव थिए। भारत र नेपालभित्रका राजनीतिक संघर्षका कथा अनि नेताहरूका विचार र चरित्रका ती लेखकले जस्तो अरुले चित्रण गरेको मलाई सम्झना छैन।

मैले मेरो लामो लेख वा अध्यायवाट यहाँ यत्ति सम्झना राख्नसकें। यिनीहरू वाहेक यदुनाथ खनाल, वालकृष्ण सम र अरु आफूले नजिकवाट जानेका बूढाहरूका भाखा मैले आफ्ना सम्झना र टिपोटमा राखेको छु। यी मानिसहरूको सम्झनाको प्रसङ्ग अहिले त्याउनुको कारण इतिहास चेतनाका यी प्रश्नहरू हुन्- यी बूढाहरूका भाखाको पछिल्लो समयमा के प्रयोजन भयो ? आफू नजिक नभएका गणेशमानका भावना र सिद्धान्तको पछिल्लो वा आजको इतिहासमा के प्रयोजन भएको छ ? केशरबहादुर केसीदेखि पिँडालीसम्म आफूले राम्री जानेका बूढाहरू इतिहास परिवर्तनका कारक थिए त ? तिनका सम्झनाले इतिहास परिवर्तनबारे के भन्छन् ? तिनका भाखाको कुरा गर्दा तिनीहरू लेखक, साहित्यकार भएका हुनाले तिनले आफ्नै किसिमले इतिहास रचे। तिनीहरूले राजाका शासनकालमा

दैलेखमा पेट्रोलियम

डा. गणेशनाथ त्रिपाठी

एउटा मात्र कुवा खनेर पेट्रोलियमको भण्डार रहे/नरहेको निष्कर्ष निकाल्न सकिने वा नसकिनेबारे तर्क/वितर्क गर्न सकिने अवसर सुरक्षित छ।

नेपालमा पेट्रोलियम अन्वेषणको काम सन् १९८० को दशकदेखि सुरु भएको हो। १९८२ मा विश्व बैंकको सहयोगमा क्षेत्रीयस्तरमा तराई र चुरेक्षेत्रलाई समेटेर भौगर्भिक, भू-रासायनिक तथा भू-भौतिक सर्भे सञ्चालन भएका थिए। यस प्रकारका अध्ययन तथा अनुसन्धानबाट प्राप्त नतिजाहरूको विश्लेषण गरी पेट्रोलियमको भण्डार हुनसक्ने सम्भावित क्षेत्रको रूपमा पूर्वदेखि पश्चिमसम्म १० वटा अन्वेषण खण्डहरूमा विभाजित गरिएको थियो। पेट्रोलियम कार्यलाई सहज बनाउन छुट्टै नेपाल पेट्रोलियम ऐन, २०४० र पेट्रोलियम सम्झौताको ढाँचासहितको पेट्रोलियम नियमावली-२०४१ जारी गरिएको छ। पछिल्लो पटक २०७४ सालमा पेट्रोलियम नियमावलीलाई समय-सापेक्ष र प्रतिस्पर्धी बनाउनसंशोधन गरिएको छ।

विभिन्न समयमा पेट्रोलियम अन्वेषण तथा उत्खननका लागि प्रयास नभएका होइनन्। सन् १९८५ मा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरी पेट्रोलियम सम्झौताबाट अन्वेषण खण्ड १० (विराटनगर)मा विस्तृत अन्वेषण कार्य तथा उत्खननका लागि अमेरिका र नेदरल्यान्डको जोइन्ट भेन्चर कम्पनीलाई जिम्मेवारी सुम्पिइएको थियो। उक्त कम्पनीले सो क्षेत्रमा विस्तृत अन्वेषण कार्य सम्पन्न गरी१९९० मा मोरङको राधानगरमा ३.५ किलोमिटरको अन्वेषणात्मक ड्रिलिङ कार्य गरेको थियो।

त्यसबखतको जनआन्दोलनले अन्वेषण कार्यलाई प्रभावित पाऱ्यो भनिन्छ। ३.५ किमि गहिराइसम्म कुवा खन्दा पनि भण्डार फेलापर्ने संकेत नदेखेपछि उक्त कम्पनीले पेट्रोलियम फेला नपरेको निष्कर्ष निकाली विधिवत रूपमा सम्झौताबाट बाहिरिएको थियो। पेट्रोलियम कार्यको अन्तर्राष्ट्रिय अभ्यास र प्रचलन अनुसार तथा पेट्रोलियम सम्झौता अनुसार एउटामात्र कुवा खनेर पेट्रोलियमको भण्डार रहे/नरहेको निष्कर्ष निकाल्न सकिने वा नसकिनेबारे तर्क/वितर्क गर्न सकिने अवसर सुरक्षित नै छ।

सन् १९९८ मा अन्वेषण खण्डहरू ३ (नेपालगन्ज) र ५ (चितवन) मा पेट्रोलियम अन्वेषण गर्नअमेरिकाको टेक्साना रिसोर्स कम्पनीसँग पेट्रोलियम सम्झौता भएको थियो। २००४ मा अन्तर्राष्ट्रिय बोलपत्रबाट छनोट भई स्कटल्यान्डको कैर्न इनर्जी, पीसीएलसँग ५ वटा अन्वेषण खण्डहरू १ (धनगढी), २ (कर्णाली), ४ (लुम्बिनी), ६ (वीरगन्ज) र ७ (मलङ्गवा) मा पेट्रोलियम कार्य गर्न पेट्रोलियम सम्झौता भयो। तत्पश्चात् २०१२ मा बाँकी रहेका ३ वटा अन्वेषण खण्डहरू अन्वेषणका लागिसरकारले युएईको इमिरेट्स एसोसियटेड बिजनेस ग्रुप, युएई/बीवीवी च्याम्पियन्ससँग अन्वेषण खण्डहरू क्रमशः ८ (जनकपुर) र ९ (राजविराज) तथा १० (विराटनगर) मा काम गर्नेगरी पेट्रोलियम सम्झौता गरेको थियो।

सन् २०१२ सम्ममा सम्पूर्ण अन्वेषण खण्डहरू पेट्रोलियम सम्झौताबाट माथि उल्लिखित कम्पनीहरूलाई प्रदान गरिएको थियो। १९८५ मा सम्झौता गरेको सेल/ट्रिटन बाहेक पछिल्ला समयमा पेट्रोलियम सम्झौताद्वारा आवद्ध कुनै पनि कम्पनीले सम्झौता मुताबिक कार्यसम्पादन गरेनन् वा गर्न सकेनन्। खानी तथा भू-गर्भ विभागले पटक-पटक ताकेता गर्दा पनि कार्य सुचारु नभएपछि विभिन्न चरणमा छलफल भई सरकारले २०७१/०७२ मा उक्त कम्पनीहरूसँगको पेट्रोलियम सम्झौता रद्द गरी हाल सम्पूर्ण अन्वेषण खण्डहरू फुकुवा गरेको छ।

दैलेखमा सञ्चालनमा आइरहेको विस्तृत पेट्रोलियम अन्वेषण कार्य प्रधानमन्त्री केपी शर्मा ओलीको सन् २०१६ को चीन भ्रमणको क्रममा नेपाल सरकार र चीन

सरकारबीच भएको द्विपक्षीय सहमतिको मूर्तरूप हो।

दैलेख क्षेत्रमा पेट्रोलियम अन्वेषण सम्बन्धी कार्य भएको यो पहिलो पटकचाहिँ होइन। पेट्रोलियम अन्वेषण परियोजनाका भू-गर्भविद्हरूले प्रारम्भिक चरणको भौगर्भिक अध्ययन पूरा गरी भौगर्भिक नक्सासमेत तयार पारेका छन्। हाल सोही नक्सालाई आधार मानी विस्तृत अन्वेषण कार्य सञ्चालन भइरहेका छन्। यस क्षेत्रमा चिनियाँ टोलीहरूले सङ्कलन गरेका स्रोत चट्टानको नमुना परीक्षणबाट उत्साहजनक नतिजा प्राप्त भएको जानकारी गराएका छन्। जमिनमुनिपेट्रोलियम पदार्थलाई थुनेर राख्नसक्ने भौगर्भिक संरचना हुनसक्ने यथेष्ट प्रमाण सतही अध्ययनबाट पनि देखिएका छन्। सतहमै देखिएका ग्यास तथा तेलको चुहावट, पेट्रोलियम बन्न आवश्यक पर्ने स्रोत चट्टान, त्यसलाई भण्डार गर्नसक्ने खालका चट्टान, पेट्रोलियम पदार्थ थुनेर राख्न सक्ने खालका चट्टान र उपयुक्त भौगर्भिक संरचनाहरू यस क्षेत्रमा पेट्रोलियमको भण्डार हुनसक्ने सम्भावनाका बलिया आधार हुन्।

दैलेख जिल्लामा सञ्चालित पेट्रोलियम अन्वेषण कार्य अन्तर्गतका पेट्रोलियम जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे, जियोकेमिकल स्याम्पलिङ कार्य अवका केही हप्ताभित्रै सम्पन्न हुँदैछन्। यस अन्वेषण कार्य अन्तर्गतको महत्त्वपूर्ण मानिएको विस्तृत सिस्मिक सर्भेको कार्य सुचारु भइरहेको र आगामी २-३ महिनासम्ममा सो कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ। ३ वटा पूर्व-पश्चिम र ७ वटा उत्तर-दक्षिण दिशामा फैलिएका जम्मा १० वटा सिस्मिक लाइनहरूमा जम्मा २०० लाइन किमि सिस्मिक सर्भे गरिनेछ र यसले यस क्षेत्रको करिब ४०० वर्ग किमि भूभाग ओगटेको छ। दैलेख जिल्लाको मुख्यतया दुल्लु नगरपालिका, भैरवी गाउँपालिका, महाबु गाउँपालिका र नारायणनगरपालिका क्षेत्रमा यो कार्यलाई केन्द्रीकृत गरिएको छ भने चामुण्डा विन्द्रासैनी नगरपालिका, डुङ्गेश्वर गाउँपालिका, नौमुले गाउँपालिका र भगवतीमाई गाउँपालिकाको केही भू-भाग पनि यस अन्वेषण कार्यमा समेटिएका छन्।

सिस्मिक सर्भे कार्य अन्तर्गत कृत्रिम भूकम्प सिर्जना गरी उत्पन्न गरिएको भूकम्पीय तरङ्गहरू जमिनको सतहमुनि धेरै गहिराइसम्म पठाइन्छ र सतहमुनिका विभिन्न तहमा ठोक्किएर फिर्ता भएका तरङ्गहरूलाई सतहमा गाडिएका सेन्सरहरूमा रेकर्ड गरिन्छ।

सिस्मिक सर्भेको स्थलगत कार्य सम्पन्न भएपश्चात रेकर्ड गरिएका विभिन्न गहिराइवाट परावर्तन भई आएका तरङ्गहरूको प्रशोधन गर्ने कार्य हुन्छ। प्रशोधन गरेर तयार भएको तरङ्गहरूको सूक्ष्म विश्लेषण गरी पेट्रोलियमको भण्डार हुनसक्ने सम्भावित भौगर्भिक संरचना पहिचान गर्ने कार्य गरिन्छ। अन्वेषणको अर्को चरणमा विश्लेषणबाट यकिन गरिएको स्थानमा अन्वेषणात्मक ड्रिलिङ गरी तोकिएको स्थानमा पेट्रोलियम भण्डार रहे/नरहेको पुष्टि गर्ने कार्य हुन्छ।

अन्वेषणात्मक ड्रिलिङबाट पेट्रोलियम भण्डार भएको पुष्टि भएमा सो भण्डारको आर्थिक विश्लेषण अन्तर्गत भण्डारको आकार, प्रकार, आयतन, व्यापारिक रूपमा उत्पादन गर्न सकिने पेट्रोलियमको मात्रा आदिको विश्लेषण गरी प्रमाणित भण्डार व्यापारिक प्रयोजनको लागि उपयुक्त छ वा छैन, त्यसको निष्कर्ष निकालिन्छ।

माथि उल्लेखित चरणहरूबाट व्यापारिक महत्त्वको भण्डार रहेको प्रमाणित भएमा सो भण्डारलाई उत्पादन प्रक्रियामा अगाडि बढाइन्छ।

पेट्रोलियम कार्य आफैमा अनिश्चित, चुनौतीपूर्ण र आर्थिक जोखिमयुक्त कार्य हो। अध्ययन, अनुसन्धानबाट सम्भावना देखिएका कैयौं स्थानमा खोजी कार्य सफल नभएका उदाहरणहरू भेट्न सकिन्छ। पेट्रोलियमको खोजीमा यस्ता जोखिमलाई स्वीकार गर्नुको एकमात्र कारण खोजी कार्यबाट सफलता हासिल भएमा त्यसबाट प्राप्त हुने उपलब्धि नै हो। पेट्रोलियम खोजीमा अन्वेषणका विभिन्न चरण पार गर्नैपर्छ। यस्ता जोखिम स्वीकार गर्नैपर्ने हुन्छ। सन् १९८५-१९९० सम्म सेल/ट्रिटनले गरेको विस्तृत अन्वेषण कार्यपछि चीन सरकारको सहयोगमा चाइना जियोलोजिकल सर्भे र खानी तथा भू-गर्भ विभागको संयुक्त प्रयासमा दोस्रोपटक त्यही स्तरको अन्वेषण कार्य दैलेख जिल्लामा सञ्चालित छ। सम्भावना र आशावादी हुने ठाउँ प्रशस्तै छ। तर त्यसको पुष्टि अध्ययन, अनुसन्धानको अन्तिम निष्कर्षले नै बताउनेछ। हाल दैलेखमा सञ्चालन भइरहेको अन्वेषण कार्य प्रथम चरणको अन्वेषण कार्यपछिको महत्त्वपूर्ण दोस्रो चरणको अन्वेषण कार्य हो। यसबाट प्राप्त नतिजाहरूको विश्लेषणबाट सकारात्मक उपलब्धि हासिल भई व्यापारिक महत्त्वको पेट्रोलियम भण्डार फेला परेमा देश नयाँ युगमा प्रवेश गर्ने विश्वास गर्न सकिन्छ।

लेखक खानी तथा भू-गर्भ विभाग अन्तर्गत हाल दैलेखमा सञ्चालित पेट्रोलियम अन्वेषण परियोजनामा संलग्न छन्।

नयाँ निरो, पुरानै बाँसुरी

यादव देवकोटा



दासताको पाइन

विसं १८१४ मा पलासीको लडाइँमा विजय हासिल गरी 'इष्ट इन्डिया कम्पनी' भारतीय भूमिमा विजयको झण्डा फहराउन उभिएको २५ दिनअघि गोर्खालीहरू कीर्तिपुरमाथिको पहिलो हमलामा पराजित भएका थिए । विसं १६५७ मा इष्ट इन्डिया कम्पनी गठन गरी व्यापारको आवरणमा भारतलाई नियन्त्रणमा लिने ब्रिटिस अभियान सुरु भयो, एलिजावेथको राज्यकालमा । मुगल वादशाह जहाँगिरबाट आफ्नै कानुन अनुसार व्यापार गर्ने अधिकार पायो, इष्ट इन्डिया कम्पनीले । त्यो व्यापारका कोठीहरू कलकत्ता, मद्रास, बंगाल, दक्षिण भारतभर फैलियो ।

पछि, विसं १८१४ मा बंगालका नवाव सिराजुद्दौलालाई पलासी युद्धमा पतन गराई इष्ट इन्डिया कम्पनीको झण्डा फहरायो भारतमा । उनको पराजय आफ्नै सेनापति मिरजाफरको निर्लज्ज र कपटपूर्ण विश्वासघातले भएको थियो । त्यसबाट त्रसित भई एकगठ भएका मुगल सम्राट, अवध र बंगालका नवाबहरूको गठबन्धनलाई विसं १७२१ मा बक्सरमा पराजित गरेपछि इष्ट इन्डिया कम्पनीले भारतमा आफ्नो स्थायी उपनिवेशको आधार तयार गऱ्यो । त्यही आधारमा स्थापित ब्रिटिस साम्राज्यवादको भारतस्थित अखडाले पुग-नपुग दुई सय वर्षसम्म उपनिवेशको बुटमुनि दबाएर भारतीय जनचेतनालाई दासताको पाइनमा घोलेको थियो । बेलाबखत त्यो दमित चेतना अझै पनि दासताको अत्यासलाग्दो निलडाम छाम्रेर प्रत्युत्पन्न मतिका साथ अरुमाथि थोपरिने कुरूप चरित्रका साथ अग्रसर हुन खोज्छ र छिमेकीमाथि बलमिच्याइँ गर्छ ।

विद्रुपीकरण १

गोर्खा राज्य विस्तार हुँदै जाने क्रममा कान्तिपुरे राजा जयप्रकाश मल्लले गुहार लगाएपछि मद्दतका लागि किन्लकको नेतृत्वमा आएको बेलायती फौज पौवागढी भिडन्तमा गोर्खाली लडाकुहरूबाट पराजित भएको थियो । काठमाडौं उपत्यका जितेपछि पृथ्वीनारायणले यहाँ रहेका क्रिस्चियन धर्मप्रचारकहरूलाई निकाला गरेका थिए । यी दुवै घटनाले कम्पनी सरकारको 'फिल्ड कमाण्ड' गरिरहेका गभर्नर जनरलको कान इसाई पादरीहरूले राम्रैसँग फुकेर नेपाल (विस्तारित गोर्खा राज्य) प्रति बदलाको मनोभाव पैदा गराएको थियो । पादरी जिस्सेपीहरू लेखै लेखेर पृथ्वीनारायणको विद्रुपीकरणमा लागिपरेका थिए भने 'फौजी मिसनरी'हरू बदलाको उपयुक्त मौका खोजेर बसेका थिए ।

उपाय १

गोर्खा राज्यले आफ्नो आकार बढाउँदै जाँदा काठमाडौंमा मुकाम सारेर मकवानपुर, चौदण्डी र विजयपुरसम्म आफ्नो धुन्य फहराउन पुगेको थियो । कम्पनी सरकार भने मकवानपुर र विजयपुरका भूभागमा आफ्नो दावी अघि सारिरहेको थियो । पृथ्वीनारायणले चतुर कूटनीतिक बाटो समात्दै आफ्ना दूतमार्फत कम्पनी सरकारलाई 'भएका सबुद तथा प्रमाणहरूको आधारमा दुई पक्षमध्ये जसको ठहर्छ, त्यसलाई दुवै पक्षले मान्यता दिने' सन्देश पठाए । सुब्बा दिनानाथ उपाध्यायलाई खटाई जम्मा गरिएको प्रमाणका आधारमा सालिन्दा १४ हात अग्ला दुई हात्ती कम्पनी सरकारलाई बुझाउनेगरी मकवानपुर अधीनस्थ हालका बारा, पर्सा, रौतहटको भोगचलन नेपाल अधीनस्थ रहने निर्क्योलमा पुग्न कम्पनी सरकार बाध्य भयो (आचार्य, बाबुराम- जनरल भीमसेन थापा : यिनको उत्थान तथा पतन, पृ. ११२) । प्रमाण बोलेपछि कम्पनी सरकारको अर्घेल्याइँ पृथ्वीनारायणको चतुऱ्याइँको मुनि पिल्सियो ।

उपाय २

हालको रणमुक्तेश्वर (निर्मल विद्यापीठको भवन) मा रणबहादुरको हत्या भएपछि त्यही घानमा पृथ्वीनारायणको पालादेखि राज्य बढाउने उद्योगमा सामेल तमाम भारदारहरूको कत्लेआम गरेर भीमसेन थापाले शक्ति आफ्नो परिवारमा पजनी गरे । पृथ्वीनारायणको पाला अघिदेखि नै अन्य राज्यको तुलनामा समावेशी गोर्खाली फौजी नेतृत्वलाई भीमसेन चरम खसकरण गरे । मगर, पाँडे, नेवारहरू राजकाजको चौघेराबाट पर हुत्याइए । राज्य र फौजी कमाण्डमा थापाहरू छानी-छानी हुलिए । राज्य विस्तारमा सामेल नेतृत्व पंक्तिको कत्लेआम र राज्यको परिवारकरणले नागरिकहरूमा भीमसेनप्रति चरम असन्तोष, निन्दा र आक्रोशको हुण्डरी मच्चाएको थियो, भित्रभित्रै । भीमसेनको दबदबाका कारण बाहिर मुखर भएर प्रकट नभए पनि त्यसले भुसमा सल्किएको आगोझैं भित्रभित्रै चरम स्वरुप हासिल गर्दै गएको थियो ।

त्यही बखत विस्तारित नेपालको अधीनस्थ बुटवल र स्युराज (शिवराज) माथि कम्पनी सरकारले दावी बढायो । पुराना र लडाइँ-भिडाइँमा अनुभव हासिल गरेका बडाकाजी अमरसिंह थापा, मुलुकी सुब्बा चौतारिया बम शाह, राजगुरु रङ्गनाथ पण्डित, भक्ति थापा लगायतले 'अहिलेको विकट परिस्थितिमा आफूभन्दा बलियो विपक्षीसँग यत्तिकै लडाइँमा होमिन ठिक छैन । विवादित भूमि कम्पनी सरकारलाई दिएर भए पनि युद्ध टार्नुपर्छ । अहिले जितेकै भेगमा सुव्यवस्था कायम गर्न सकिएको छैन । फौजी तयारीहरू व्यवस्थित छैनन् । सर्वप्रथम आफ्ना सैनिक तयारीहरूलाई पूरा गर्नुपर्छ, अनिमात्रै उनीहरूको सशक्त रूपमा मुकाविला गर्न सकिन्छ' भन्ने सुझाव भीमसेन थापा समक्ष पठाएका थिए । तर, चरम नागरिक असन्तोषलाई विषयान्तर गर्न भीमसेनले देशलाई बहुलट्ठीपूर्ण तवरले युद्धमा होमिदिए । परिणाममा विस्तारित नेपालको एक तिहाइ भूमि सुगौली सन्धिका नाममा गुम्यो । कतिपयले विवादित भूमि दिएको भए पनि अंग्रेजहरूले हमला गरिछाड्थे, त्यो त बहाना मात्रै हो भनिरहेको पनि पाइन्छ । त्यसो हुन पनि सक्थ्यो रे । तर, त्यो अनुमान मात्रै किन पनि भैदियो भने हामीले दावी गरेका भेग छोडेनौं । छोड्दा पनि आक्रमण गरेका भए, उसको अर्घेल्याइँको अनुहार अर्कै तवरले उदाङ्गिन्थ्यो ।

आजका विवादित भूमिबारे समाधानको उपाय हाम्रो राष्ट्रिय तागतको बलमा पृथ्वीनारायणको बाटो अघि बढ्ने कि भीमसेनको भनेर रोज्ने काम भने हाम्रै हो ।

विद्रुपीकरण २

ईशाको पहिलो शताब्दी । जुलाई १८, सन् ६४ । सर्कस म्याक्सिमसका नामले प्रख्यात घोडा दौड (खासमा रथ प्रतिस्पर्धा) गराइने रंगशालामा रहेको एउटा पसलबाट मध्यरातमा आगो फैलियो । निकै बतास चलेको उक्त दिन हावाको वेगसँगै आगोको लप्को फैलियो र एकसाता बढी चलेको भीषण आगलागीले प्राचीन रोमको दुई तिहाइ भाग जलाएर भष्म बनायो ।

लेखपढको प्रमुख 'ठेकेदारी' सम्हालेका क्रिस्चियन पादरीहरूद्वारा लिखित विवरण र तिनले फैलाएको अफवाह, जो प्रमाणको बलमा आजसम्म उभिएको पाइएको छैन, त्यसले निरोलाई रोम जल्दा मस्ती र नाचगानमा लागेका शासकको रूपमा विद्रुपीकरण गरेकाले हामीसमेत निरोलाई संवेदनाहीन विम्बको रूपमा उभ्याउने गर्छौं । निरो १६ वर्षको उमेरमा सन् ५४ मा रोमको शासक बनेका थिए । रोममा आगलागी हुँदा उनी एन्टियममा थिए । रोम जलेको खबरपछि तत्काल उनी रोम फर्किए । पादरीहरूले फैलाएको भ्रमित विवरण अनुसार तिनै निरोले आफ्ना एक वफादारलाई जँड्याहाको हाउभाउसहित प्रज्वलनशील पदार्थ बिक्री गरिने कुनै पसलमा आगो झोस्न पठाएका थिए । उनी रोमको अव्यवस्थित र क्रिस्चियन आधिपत्यले प्रताडित बस्तीको बनावटसँग असन्तुष्ट थिए । पादरी वितरित विवरण विपरीत बरु निरोले आगलागीका लागि जिम्मेवार ठहऱ्याइएका सयौं क्रिस्चियनलाई गिरफ्तार गरेर र गहिरो अनुसन्धान गराएका थिए, आगलागी गरेको आरोपमा । त्यसरी आगलागीका लागि क्रिस्चियनहरूलाई जिम्मेवार ठहराउनुका साथै गिर्जाघरहरूको ठाउँमा भव्य दरबार र नागरिक बसोबास बसाएपछि क्रिस्चियन आधिपत्यका ठेकेदारहरू तिल्मिलाए र निरोलाई विद्रुपित गर्न कुनै कसर बाँकी राखेनन् । जसरी हामीकहाँ पौवागढीमा इसाईहरूले निम्त्याएको इष्ट इन्डिया कम्पनीको फौजलाई धुलो चटाउने र उपत्यकामा धर्मान्तरमा सामेल मिसनरीहरूलाई निकाला गरेको बदलामा उनीहरूले पृथ्वीनारायणलाई, गोर्खा विस्तार अभियानको मर्मलाई विद्रुपीकरण गर्न कुनै कसर बाँकी राखेनन् । त्यसमा आफ्नै कमजोरी र सीमा अवश्य थिए । तर संसार हड्प्न बन्दुक, तरवार र बाइबल बोकेर हिँडेको र जितका लागि मानव बस्तीमा बम खसाल्नेहरूले अरुलाई सिकाउने मानवतावाद भने आफैंमा टिठलाग्दो मजाक नबन्ने कुरै भएन । अफगानिस्तानदेखि इराकसम्म, प्यालेस्टाइनदेखि सिरियासम्म अबोध बालबालिकादेखि निरपराध मानिसहरूको बस्तीमा क्रिस्चियन/पश्चिमा आधिपत्य लाद्न बम खसाल्नेदेखि अन्धाधुन्द बन्दुक पड्काउने कदमबारे मौनता साँध्ने पश्चिमाहरूको गढीमाई (बरियारपुर) का राँगोभैंसीका नाममा पोखिएको आँसुको प्रायोजन नाइँदै जानु कुनै अनौठो होइन, रोमकै निरोको विद्रुपीकरणको 'प्रोजेक्ट' बुझ्नेहरूलाई । बरियारपुर होस् या भ्याटिकन, जनावरहरूको विभत्स बलि व्यवस्थित गरिनु अपरिहार्य छ, यो अर्कै कुरा हो । सके थ्यांक्स गिभिङका नाममा अथाह रूपमा मारिने टर्कीको बलि होस् या कुनै मन्दिरका नाममा दिइने राँगोको बलि होस्, त्यो रोकिनुपर्छ, यो राम्रै र अनुकरण गर्नलायकै कुरा हो ।

जे होस्, जसले आगलागी गरे पनि गिर्जाघरहरूको अव्यवस्थित बाहुल्यताले भरिएको रोम खरानीको थुप्रोको रूपमा निरोको अघि उभिएको थियो । त्यहीं उनले भव्य बगैंचासहितको स्वर्ण दरबार भनिने 'डोमुस औरिया' बनाए र आफ्नै योजनामा सहर बसाले । यताका दिनमा रोमन पादरीहरूले पुष्टि गर्ने कुनै प्रमाणविनै 'रोम जलिरहयो, निरो भायलिन (नेपालीमा त्यो बाँसुरी बजाएको भनेर अपभ्रंशित छ) बजाइरहे' भनेर हल्ला फिँजाए । जबकि त्यो समयमा भायलिन नै अस्तित्वमा थिएन रोममा । यो एघारौं शताब्दीमा विकसित भएको मानिन्छ । यस विपरीत बरु निरो आफैं गीत लेख्थे र गाउँथे पनि । आगलागीले पीडित भएका रोमवासीहरूलाई उनले आफ्नै दरबारमा आश्रय दिएका थिए । पीडितहरूलाई मानिसक पीडामा रहन नदिन गीत-संगीत सुनाउने कामलाई उद्धार, राहतको साथसाथै अघि बढाएका थिए । यसरी आफ्नो स्वार्थ विपरीत उभिनेहरूलाई अपभ्रंशको सुलीमा चढाएर विद्रुपीकरण गर्ने र नयाँ-नयाँ निरोका रूपमा डाम्ने प्रयास निरन्तर जारी छ । त्यो प्रयासमा भिराइएको बाँसुरीको कथा भने पुरानै छ ।

विद्रुपीकरण ३

त्यो प्रयास हालैको दिनमा लिम्पियाधुरा, लिपुलेकमा भारतीय दादागिरी फेरि एकपटक नवजारी नक्सामार्फत प्रकट भएपछि त्यसलाई वैध ठहऱ्याउने भारतीय योजनाबद्धताको हिस्सेदार बनेर पूर्व शासक महेन्द्रका विरुद्ध विघठित हुन आइपुगेको छ । भारतले एक्काइसौं शताब्दीको सुरुवातमै नेपालका विभिन्न भेगमा राखेको सुरक्षापोष्ट महेन्द्रले हटाएका थिए । डेढ दर्जन त्यस्ता पोष्टहरूमध्ये सुदूर पश्चिमी विकट भेग कालापानी-लिपुलेकमा अवस्थित सुरक्षापोष्ट भारतीय पक्षले बलमिच्याइँपूर्वक हटाएन । त्यसैलाई देखाएर महेन्द्रले नै त्यहाँ भारतीय सुरक्षापोष्ट राख्न दिएको भनेर भारत परिचालित नेपाली राजनीतिक गोटीका सफेद चेहरा मानिएका हृषिकेश शाहलाई सिरानी हालेर यताका दिनमा प्रचारको लहर चलाइएको थियो । भारत निर्देशित २००७ को परिवर्तनपछि प्रशासनिक पुनर्संरचनाका लागि भनेर ल्याइएका भारतीय अधिकारीहरूमार्फत तयार गरी पछि महेन्द्रीय राष्ट्रवादका शास्त्रमार्फत वितरित नक्सालाई देखाएर लिपुलेक, लिम्पियाधुरासम्मको नेपाली भूगोलमा भएको भारतीय अतिक्रमणलाई विवादित भूमिका रूपमा प्रचार गर्ने भारतीय योजनाको जानी-नजानी हामी मतियार बनिरहेको पनि देखिन्छ ।

पंक्तिकार महेन्द्रको 'पाखण्डी राष्ट्रवादी' भाष्यसँग सदैव असहमत छ । त्यसबारे पहिल्यै पनि प्रशस्त लेखिसकिएकाले त्यता नलागौं । तर, कथित राष्ट्रवादी महेन्द्रले समेत भारतलाई दिइसकेको कालापानी, लिम्पियाधुराबारे अहिले बेकारको अर्घेल्याइँ भनेर जसरी भारतीय अतिक्रमणलाई वैध ठहऱ्याउन 'ए त्यो त महेन्द्रले दिइसकेको नि' भन्ने किसिमले प्रचार गरिएको छ, त्यस्ता अजासुहरूलाई महेन्द्रले भारतलाई ती भूमि दिएको प्रमाण लिएर सार्वजनिक बहसमा आउन चुनौती दिन सकिन्छ । 'त्यो त पहिल्यै दिइसकेको नि', 'महेन्द्रले दिइसकेको नि', 'छ दशकदेखि मौनता साँधिएको नि' भनेर भारतीय अतिक्रमणलाई वैध ठहऱ्याउन र नेपाली भूमिको अतिक्रमण विरुद्ध उद्वेलित जनचेतनालाई धरमरमा पार्ने योजनाबद्धताको योभन्दा खुलेआम चेहरा अरु हुन सक्दैन । हो, महेन्द्रकै पालामा पनि भारतीय अतिक्रमण जारी थियो । उनले त्यसलाई हटाउन सकेनन्, चाहेनन् । तर त्यसको मतलब त्यो भूमि उनले दिएको ठहर हुने हो ?

आजको दिनमा दादागिरी देखाउँदै गरिएको त्यस्तो अतिक्रमण हामीले हटाउन सकेनौं भन्दैमा त्यो अतिक्रमित भूमि हामीले भारतलाई दिएको ठहरिन्छ, भविष्यमा ? कि छ दशकभन्दा बढी समयदेखि एकपक्षीय रूपमा भारतले अतिक्रमण गरिरहेको भूमि हुन्छ त्यो ? अन्यथा दुई हजार वर्ष अघि नै रोम जल्दा निरोले नबजाएको बाँसुरी आज आफ्नो निहितार्थलाई चरितार्थ पार्न खडा गरिएका नयाँ निरोको ओठमा पुरानै बाँसुरीको धुन फैलाउने दुःख केका खातिर आइलागेको हो अजासुहरूलाई ?

ट्वीटर : @gaunkomanchhey

बुद्धबारे भ्रम

आनन्द पोखरेल

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत २७ सेप्टेम्बरमा अमेरिकाको न्युयोर्कमा सम्पन्न संयुक्त राष्ट्र संघको ७४ औं महासभामा सम्बोधन गर्दै भने, 'हामी त्यो देशको वासिन्दा हौं, जसले संसारलाई युद्ध होइन, बुद्ध दियो ।' सम्बोधनका क्रममा त्यत्तिकै भावनामा वहकिएर आएका वाणी थिएनन् ती । न झुक्किएर फुत्त निस्किएका वाक्य नै थिए । ती थिए, गौतम बुद्ध भारतमै जन्मेको सन्देश अन्तर्राष्ट्रिय जगतमा प्रवाह गर्ने योजनाबद्ध अभिव्यक्ति । जसमा प्रयोग भयो- महासभाको मञ्च । मोदीबाट भएका यो घटना पहिलो होइन, यस अघि पनि उनले जापान र युरोपको मञ्च यसैगरी प्रयोग गरे ।

अहिले मोदीले राष्ट्र संघको महासभामा गौतम बुद्ध सम्बन्धी उच्चारण गरेको वाक्यांश विश्वभर चर्चामा छ, जसले गौतम बुद्धको जन्मको विवादलाई पुनः सतहमा ल्याइदिएको छ । बुद्ध र बुद्ध दर्शनमाथि आस्था राख्ने विश्वभरका बौद्धमार्गीका लागि यो चिन्ताको विषय हो । स्वीडेनस्थित अपसाला विश्वविद्यालयका प्राध्यापक अशोक स्वेनले राष्ट्र संघको महासभामा गौतम बुद्ध जन्मको सम्बन्धमा मोदीबाट सम्बोधित भाषण विरुद्ध आलोचना गर्दै ट्वीट नै गरे, 'संयुक्त राष्ट्र महासभाको आफ्नो भाषणमा मोदीले विश्वलाई भारतले बुद्ध दिएको दावी गरे । बुद्ध भारतमा होइन, नेपालको लुम्बिनीमा जन्मेका हुन् । मोदीबाट भएको इतिहासको विकृति लाजमर्दो विषय हो ।'

सत्य प्रोफेसर स्वेनकै ट्वीट हो । यसका लागि धेरै टाढा जानै पर्दैन, संयुक्त राष्ट्र संघकै तथ्य अध्ययन गरे पुग्छ । जसलाई विश्वले समेत अनुमोदन गरिसकेको छ । वैसाख शुक्ल पूर्णिमा गौतम बुद्धको जन्म दिन हो । यही दिन राष्ट्र संघले प्रत्येक वर्ष 'वैसाख डे' मनाउँछ । जसको सम्पूर्ण संयोजन राष्ट्र संघस्थित नेपाल डेक्सले गर्छ । 'वैसाख डे' नेपालको हो, भारतको होइन । बुद्ध नेपालमा जन्मको पुष्टि गर्न योभन्दा ठूलो प्रमाण के हुनसक्छ ?

बुद्धको जन्म सम्बन्धमा राष्ट्र संघ अन्तर्गतकै युनेस्कोले तयार पारेको अध्ययन प्रतिवेदन पनि यसको दरिलो प्रमाण हो, जसले गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको तथ्य फेला पारेको थियो । यसका लागि युनेस्कोले पुरातत्त्वविद् नेपालको लुम्बिनी पठायो । उनीहरूले लुम्बिनी आसपासका अनेक क्षेत्र उत्खनन गरे । उत्खननबाट शाक्यमुनीको दरबार लुम्बिनीमै रहेको पुष्टि भयो । यस क्रममा बुद्धले प्रयोग गरेका गुम्बा, ध्यान गरेका स्थान, बालापन बिताएका क्षेत्र फेला परे । अथक अनुसन्धानपछि अन्ततः बुद्ध लुम्बिनीमै जन्मेको पुष्टि भयो । युनेस्कोको यो तथ्य अहिले पनि वेवसाइटमा अध्ययन गर्न सकिन्छ ।

यही सन्दर्भमा मौर्य वंशीय सम्राट अशोक (२६८-२३२ बीसी) ले लुम्बिनीमा स्थापना गरेको अशोक स्तम्भमा उल्लेखित विवरण यहाँ सान्दर्भिक देखिन्छ । सम्राट अशोक भारतका सिकन्दर थिए । युद्धपछिको ह्यांडओभरबाट मुक्ति पाउन उनी लुम्बिनी आए । आफ्नो नाममा स्तम्भ बनाए । सोही स्तम्भमा उनले गौतम बुद्ध लुम्बिनीमै जन्मेको भनेका छन् । छैठौं शताब्दीको उत्तरार्धतिर चिनियाँ तीर्थयात्री ह्विन चाङ नेपाल आए । उनले पनि गौतम बुद्ध नेपालमा नै जन्मको भनेका छन् ।

यी तथ्यबारे विश्व जानकार छ । तर, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जब अन्तर्राष्ट्रिय मञ्चमा पुग्छन्, त्यसबेला मञ्चको दुरुपयोग गर्दै सधैं भन्ने गर्छन्, 'गौतम बुद्ध भारतमै जन्मेका हुन्, नेपालमा जन्मेको त सिद्धार्थ गौतम मात्रै हुन् ।' यही तर्कका आधारमा भारतीय प्रधानमन्त्री मोदी भन्न सक्छन् ? 'हार्वर्ड युनिभर्सिटीमा पीएचडी गरेका भारतीय, भारतीय नभई अमेरिकी हुन् । अक्सफोर्ड विश्व विद्यालयबाट उच्चशिक्षा हासिल गरेका भारतीय ब्रिटिस हुन् ?'

मिथमा आधारित रोचक तथ्य

गौतम बुद्धको जन्मका सम्बन्धमा केही मिथ यस्ता छन्, जुन संसारभर चर्चित छन् र पाली भाषामा लेखिएका छन् । यसले के पुष्टि गर्छ भने गौतम बुद्ध केवल भौतिक रूपमा जन्मेका थिएनन् । उनी आध्यात्मिक रूपमै जन्मेका थिए । जन्मे बित्तिकै सात पाइला हिँडेर औंला ठड्याउँदै 'म संसारको भ्रातृत्व विकासका लागि जन्मेको हूँ, मपछि अर्को बुद्ध हुने छैन' वाणी हुनु यसैको उदाहरण हो । यो तथ्य अहिले पनि हामी लिखित रूपमा भेट्न सक्छौं ।

जन्मेको सात दिनपछि आमा मायादेवीको मृत्यु भयो । उनी दरबारमै हुर्के । बढे । दीक्षित भए । तर उनको क्रियाकलाप अलौकिक किसिमका थिए । उनी पटक-पटक दरबार बाहिर निस्कन्थे । बाटोमा गरिब देख्थे । रोगी, बूढा र निमुखा देख्थे । मृत्यु भएको मानिस भेट्थे । यसले उनलाई दुःखी बनाउँथ्यो । यी घटनाले उनको मनमा अनेक प्रश्न जन्माउँथ्यो । मानिस किन मर्छन् ? किन दुःखी र गरिब हुन्छ ? मानिस बूढो र रोगी किन हुँदा हुन् ? यस्ता प्रश्न सधैं उनको मनभित्र घुमिरहन्थ्यो ।

उनले दरबारको विभेद देखे । यो दुःखबाट मानिसलाई कसरी मुक्ति दिन सकिन्छ ? यसैको खोजीका लागि उनी दरबारको सबै वैभव त्यागन तयार भए । यो क्रियाकलापबाट उनको बुबा राजा शुद्धोदन खुसी थिएनन् । उनी छोरालाई यसबाट मुक्त गर्न चाहन्थे । राजकाजमा लगाउन चाहन्थे । चक्रवर्ती सम्राट बनाउने उनको योजनामा थियो । तर यसतर्फ सिद्धार्थ गौतमको कुनै रुचि थिएन ।

यस्ता क्रियाकलापबाट आजित राजपरिवारले उनलाई मुक्त गर्न अनेक प्रयत्न गरे । मोजमस्तीमा डुबाउन खोजे । नाचगानमा भुलाउन खोजे । धाइ सुसारेको सुविधामा राख्न खोजे । सुरा-सुन्दरीको चौघेरामा कैद गर्न खोजे । विवाह बन्धनमा बाँधे । तर उनलाई यीमध्ये कुनैले असर गरेन । उनी मानवलाई दुःखबाट मुक्ति गर्ने बाटोतर्फ नै मोडिन खोजे । अन्ततः २९ वर्षको उमेरमा उनले दरबार त्यागे । जुन बेला उनी भर्खर मात्रै बाबु बनेका थिए ।

यी विविध क्रियाकलापले पुष्टि गर्छ कि गौतम बुद्ध जन्मँदै अलौकिक थिए । सिद्धार्थ गौतमकै बेलामा उनीभित्र बुद्धत्व विकास भएको थियो । भारतको बोध गयामा गएर त उनले बुद्धत्वको घोषणामात्रै गरेका हुन् ।

दरबार छाडेपछि ६ वर्ष उनी तपस्यामा लिन भए । यस क्रममा संसार हेरे । बुझे । बल्ल उनले ज्ञान प्राप्तिको घोषणा गरे । त्यो ठाउँ थियो, भारतको बोध गया । त्यसो हुँदा गौतम बुद्धले बोध गयामा त ज्ञानको घोषणामात्रै गरेका हुन् । बुद्धत्व त उनीसँग जन्मसिद्ध थियो । लोभ नगर्नु, हत्या नगर्नु, परस्त्रीमाथि आँखा नलगाउनु, साँचो बोल्नु, परिवार र सम्पत्तिमाथि आशक्ति नगर्नु । जसलाई उनले दुःखका कारण भनेका छन् ।

यही सन्दर्भमा नेपाल सरकारले २०७३ मा बुद्ध सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन गऱ्यो । यस क्रममा २९ वटा मुलुकका प्रतिनिधि आए । धेरै मुलुकबाट सरकार प्रमुख आए । सोही अवसरमा सातबुँदे घोषणापत्र जारी भएको छ । जसमा 'लुम्बिनी द बर्थ प्लेस अफ गौतम बुद्ध' भनिएको छ । त्यसमा भारतको इन्टर नेसनल बुद्धिष्ट कन्फरेन्सका तत्कालीन महासचिव ललित सिंहले समेत हस्ताक्षर गरेका छन् ।

त्यसो हुँदा मोदीले भनेजस्तो नेपालमा सिद्धार्थ गौतम र भारतमा गौतम बुद्ध जन्मेको होइनन् । सिद्धार्थ गौतम या गौतम बुद्ध जे भनौं बुद्ध दर्शनको जन्म नेपालमा भएको हो । जसको विकास गौतम बुद्धले गरेका हुन् ।

लेखक पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हुन् ।

क्याम्पसमा ४ हजार पेट्रोल बम

हडकङ (एजेन्सी)- हडकङ प्रहरीले पोलिटेक्निकल युर्निभर्सिटि क्याम्पस (पीयूसी) बाट शुक्रबार करिब ४ हजार पेट्रोल बम बरामद गरेको छ ।

प्रहरीका अनुसार शुक्रबार बरामद गरिएका ३ हजार ९८९ वटा पेट्रोल बममध्ये १ हजार ३३९ वटा निकै विस्फोटक छन् । प्रहरीले क्याम्पस क्षेत्रमा सरसफाई गरि विश्वविद्यालय व्यवस्थापनलाई बुझाइएको जनाएको छ । हडकङमा लोकतन्त्रको मागसहित ६ महिनादेखि आन्दोलन गरिरहेका प्रदर्शनकारीले केही सातादेखि पीयूसीलाई मुख्य अखडा बनाएका थिए । विरोध प्रदर्शनका क्रममा गतसाता उक्त क्याम्पसमा प्रहरी तथा आन्दोलनकारीबीच हिंसात्मक झडपहरू भएका थिए ।

पीयूसी क्षेत्रमा भएको आन्दोलनका क्रममा प्रहरीले १ हजार ३७७ लाई पक्राउ गरेको थियो । तीमध्ये ८१० जनालाई पीयूसी परिसरबाट बाहिरिने क्रममा र ५६७ नजिकैबाट नियन्त्रणमा लिइएको थियो । पक्राउ परेकामध्ये ३१८ जना १८ वर्षमुनिका छन् । हडकङमा लोकतन्त्रको माग गर्दै गत जुनदेखि हरेक सप्ताहन्तमा विरोध प्रदर्शन गरिदै आएको छ । विरोध चर्किदै गएपछि प्रदर्शनकारीले बेइजिङ पक्षधर भनिएका व्यापारिक प्रतिष्ठानलाई ताकेर पेट्रोल बम प्रहार गरेका थिए ।

गत जुनमा विवादास्पद सुपुर्दगी विधेयक पारित गराउने सरकारी योजनाको विरोधमा प्रदर्शन सुरु भएको विरोध प्रदर्शन पछिल्ला दिनमा विधेयकको खारेजी तथा हडकङकी कार्यकारी प्रमुख क्यारी लामको राजीनामामा केन्द्रित छ ।

प्रदर्शनकारीलाई समर्थन गर्ने कानुनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विहीबार हस्ताक्षर गरेपछि चीन र अमेरिकाबीच जारी तनाव थप उत्कर्षमा पुगेको छ । अमेरिकी राष्ट्रपतिले हस्ताक्षर गरेको 'हडकङ मानव अधिकार र लोकतन्त्र ऐन' मा हडकडले चीनबाट पर्याप्त स्वायत्तता हासिल गरे/नगरेकोबारे अमेरिकाले वार्षिक समीक्षा गर्ने व्यवस्था छ ।

ट्रम्पको कदमले चिढिएको बेइजिङले अमेरिकालाई 'जवाफी कदम चाल्ने' चेतावनी दिएको छ । चिनियाँ विदेश मन्त्रालयले 'अमेरिकाले तथ्यलाई बेवास्था गरेको र सत्यलाई बंग्याएको तथा हिंसात्मक अपराधीलाई खुलमखुला समर्थन गरेको' आरोप समेत लगाएको छ ।

ट्रम्प अकस्मात् अफगानिस्तान पुगे

सेनालाई खाना बाँडे

एजेन्सी (काबुल)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अफगानिस्तानको आकस्मिक भ्रमण गरेका छन् । 'थ्यांक्स गिभिङ' का अवसरमा बिनासूचना काबुल पुगेका ट्रम्पले अफगानिस्तानमा खटिएका अमेरिकी सैनिकलाई भेटे ।

बग्राम हवाई सैन्य अखडामा राष्ट्रपति ट्रम्पले सैनिकहरूलाई आफैले पस्केर खाना दिए । उनीहरूसँगै बसेर खाए र सामूहिक तस्विर खिचाए । समाचार संस्था एएफपीका अनुसार सैनिकलाई खाना खुवाउने क्रममा राष्ट्रपति ट्रम्पलाई जर्नेल मार्क मिलीले सहयोग गरेका थिए ।

बीबीसीका अनुसार भ्रमणका क्रममा ट्रम्पले अमेरिका र तालिवान विद्रोहीबीच वार्ता भइरहेको जानकारी गाएका थिए । सेनालाई सम्बोधन गर्दै ट्रम्पले भने, 'तालिवान विद्रोहीले वार्तामार्फत् सहमतिको खोजी गर्न चाहिरहेका छन् ।'

भ्रमणका अवसरमा उनले अफगान राष्ट्रपति असरफ घानीसँग पनि भेटघाट गरेका छन् । त्यस क्रममा राष्ट्रपति घानीले 'अन्तिम बलिदान' दिएको भन्दै अमेरिकी सेनालाई धन्यवाद दिएका थिए । उनले भने, 'अफगान फौजले आफ्नो नियन्त्रण कायम गर्दै गइरहेका छन् ।' हाल अफगानिस्तानमा झन्डै १३ हजार अमेरिकी सैनिक तैनाथ छन् । सन् २००१ को सेप्टेम्बरमा अमेरिकामा भएका आतंकवादी आक्रमणपछि अमेरिकाले अफगानिस्तानमा सैनिक तैनाथ गरेको हो ।

१८ वर्षको अवधिमा तालिवान तथा इस्लामिक स्टेटविरुद्धको कारबाहीका क्रममा करिब २ हजार ४ सय सैनिको ज्यान गइसकेको छ । भ्रमणका क्रमा राष्ट्रपति ट्रम्पले अमेरिकाले अफगानिस्तानमा तैनाथ सैनिकको संख्या ८ हजार ६ सयमा झार्ने बताएका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । तर कहिलेदेखि सैनिक संख्या घटाइनेबारे भने केही उल्लेख गरेका छैनन् ।

अफगानिस्तानको बग्राममा सैनिकलाई खाना बाँड्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प । *तस्बिर : एपी*

शान्तिवार्ताको पहल सुरु भएपछि हालै तालिवान विद्रोही र अमेरिकी पक्षबीच कतारको दोहामा वार्ता भएको थियो । तर औपचारिक वार्ता भने सुरु हुन सकेको छैन । शान्तिवार्ता थाल्ने उद्देश्यले अमेरिका र तालिवानबीच गतसाता बन्दी साटासाट गरेका थिए ।

अफगान अधिकारीले लामो समयदेखि तालिवानसँग युद्धविराम माग गर्दै आएका छन् । हाल तालिवानले आफ्नो नियन्त्रण कायम राखेको भू-भाग सन् २००१ यता कै सबैभन्दा ठूलो छ ।

यसअघि गत सेप्टेम्बरमा वासिङ्टनर्नजिकैको क्याम्प डेभिडमा हुने भनिएको तालिवान अमेरिकी वार्ता अन्तिम समयमा स्थगित भएको थियो । ट्रम्पले अफगानिस्तानका राष्ट्रपति असरफ घानीसहित वरिष्ठ तालिवान नेतालाई वार्ताका लागि बोलाएका थिए । तर काबुलमा तालिवानले गरेको विस्फोटमा अमेरिकी सेनाको ज्यान गएपछि ट्रम्प क्रुद्ध भएका थिए ।

World Health Organization
Nepal

VACANCY NOTICE

The mission of WHO is the attainment by all peoples of the highest possible level of health.

The World Health Organization, Nepal invites applications from qualified and experienced Nepalese citizens for the following positions:

1. Title: ROSTER: Information Management Assistant (IMA)
Vacancy Notice No: WCO/2019/SSA/WHE/06
Contract Type: Special Service Agreement (SSA)
Primary Location: Anywhere within Nepal (Health Emergency Operation Centres/ EDCD / NHPL / DoHS / MoHP/ WHE - WR Office)
Posting Date: 30 November 2019
Closing Date: 14 December 2019
Contract Duration: 12 Months with possibility of extension
Salary: Lumpsum package of NPR 81,066.00 per month (Taxable)

2.Title: ROSTER: WHO Health Emergencies Programme Field Medical Officer (WHE-FMO)
Vacancy Notice No: WCO/2019/SSA/WHE/07
Contract Type: Special Service Agreement (SSA)
Primary Location: Anywhere within Nepal (Health Emergency Operation Centres/ EDCD / NHPL / DoHS / MoHP/ WHE - WR Office)
Posting Date: 30 November 2019
Closing Date: 14 December 2019
Contract Duration: 12 Months with possibility of extension
Salary: Lumpsum package of NPR 196,102.00 per month (Taxable)

For more details, quick guide and to apply, please visit WHO website at:
https://who.int/nepal/careers
(Please note that no fee is charged for any application by WHO)

"WHO is committed to workforce diversity"
"Application from qualified female candidates and candidates particularly from disadvantaged and socially excluded groups are strongly encouraged"
Only candidates under serious consideration will be contacted.
WHO has a smoke-free environment and does not recruit smokers or users of any form of tobacco.

Government of Nepal
Ministry of Federal Affairs and General Administration
Department of Local Infrastructure

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederazium svizra
Federal Department of Foreign Affairs FDFA
Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडिसि

Concrete Bridge Design Training/Workshop on Limit State Method

First date of publication: November 27, 2019

Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) through the Department of Local Infrastructure (DoLI) under Ministry of Federal Affairs and General Administration (MoFAGA) for the implementation of the **Local Roads Bridge Programme (LRBP)** in all 7 states of Nepal. **AF- Iteco AG, Switzerland (AF-Iteco)**, on behalf of SDC provides Technical Assistance (TA) through its TA team.

To keep abreast of the change in the bridge design codes of Indian Road Congress, **Local Roads Bridge Support Unit (LRBSU)** is organizing a 5 days Bridge Design Training/Workshop on Limit State Method.

This workshop is specifically directed towards bridge design engineers from consulting firms/individuals, academicians (who are supervising Bridge Project groups in engineering college) and LRBSU Bridge engineers. Interested persons with Bachelor in Civil Engineering and with at least some experiences of designing RCC bridges are requested to apply via email to **lrbp@lrbpnepal.org** with the following documents within **December 08, 2019.**

1. Updated Curriculum Vitae (CV) 2. Filled up Application Form	For detail information about the course and to download the application form, please visit: **www.lrbpnepal.org**

Training Date: December 16 - 20, 2019 from 9:30 am to 5:00 pm
Venue: Lalitpur/ Kathmandu (Exact venue location will be informed later)

The participants, fulfilling the minimum criteria, will be selected on a first come first serve basis. Female engineers are highly encouraged to apply.

Selected engineers will be informed and requested to deposit registration fee of NRs 2000.00

Local Roads Bridge Programme (LRBP)
PO Box. 113
Manbhawan, Lalitpur
Telephone: (+9771) 5549589/ 5532019

LOCAL ROADS BRIDGE PROGRAMME (LRBP)

पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय, विराटनगर

नवौं दीक्षान्त समारोहमा स्वर्ण पदक प्राप्त गर्ने विद्यार्थीहरूको नामावली सम्बन्धी सूचना

पूर्वाञ्चल विश्वविद्यालयद्वारा मिति : २०७६ मंसिर २७ गते पू.वि. कलेज अफ मेडिकल एण्ड एलाईड साईन्सेज, गोठगाँऊ, मोरङको परिसरमा सम्पन्न हुन गई रहेको नवौं दीक्षान्त समारोहमा पू.वि. बाट लिएका विभिन्न तहका शैक्षिक कार्यक्रमहरुको परीक्षामा सम्मिलित भई सर्वोत्तम स्थान हासिल गरी उक्त दीक्षान्त समारोहमा स्वर्ण पदक प्राप्त गर्ने विद्यार्थीहरुको नामावली परीक्षा ब्यवस्थापन कार्यालयको Website : puexam.edu.np मा प्रकाशित गरिएको छ । उक्त नामावली वाहेक अन्य कुनै विद्यार्थीहरुको दीक्षान्त समारोहमा पदक प्राप्त गर्नुपर्ने पर्याप्त आधार भए सवुद प्रमाण सहित आफूले प्राप्त गरेको शैक्षिक प्रमाण पत्रहरुको सक्कल प्रति सहित मितिः २०७६ मंसिर २० गते सम्म पू.वि. परीक्षा ब्यवस्थापन कार्यालय विराटनगरमा दावी विरोध गरिसक्नु पर्नेछ । अन्यथा यसै सूचना बमोजिमका पदकहरु सिफारीस भई जाने ब्यहोरा सम्वन्धित सवैमा जानकारी गराईन्छ ।

परीक्षा नियन्त्रक

HELVETAS
NEPAL

VACANCY ANNOUNCEMENT

Helvetas Nepal is a Swiss non-governmental organization actively contributing to the improvement of the living conditions of poor and disadvantaged people in Nepal.
Elam/Helvetas Nepal facilitates for the development of resource based enterprise in Province 2 and Karnali. Elam/Helvetas Nepal invites applications from committed and experienced Nepali citizens for the following position:

Position: Information Technology and Knowledge Management Officer -1
Duty station: Helvetas Nepal province office, Janakpurdham
Duration: One year with possibility of extension.

Job Purpose: Maintain effective management of information technology (IT) based monitoring and information system of Elam and RBF projects of Helvetas Nepal; Responsible to generate quality knowledge products and effective dissemination through appropriate means; Assist Team Leader for quality and timely reporting.

Required Education, Experience and Social Competence:
Bachelor's Degree in Information Technology or Computer Application. Three years of working experience in the development sector in information technology and knowledge management, preferably in I/NGOs. Working knowledge in open source data collection tools and monitoring in SharePoint environment is value added. Commitment towards gender equality, social inclusion and poverty reduction.

Salary and Benefits: As per rules and regulation of Helvetas Nepal

Application Procedures: Interested candidates who meet above requirements are requested to visit our website at http://apply.helvetas.org.np and submit application through online portal.

Detail job description is available in the website.

Telephone enquiries will not be entertained. Only short-listed candidates will be contacted for the selection process. Elam reserves the right to reject any or all applications without assigning any reasons.

Helvetas Nepal promotes workforce diversity and applies positive discrimination to women candidates and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority communities.

Deadline for submission of application: 16th December 2019

अस्ट्रेलियास्थित नेपाली दूतावास

भवन निर्माण प्रक्रिया सुरु

अस्ट्रेलिया (कास)- अस्ट्रेलियास्थित नेपाली दूतावासले भवन निर्माण प्रक्रिया सुरु गरेको छ । दूतावासले स्थानीय इन्जिनियर तथा आर्किटेक्चरसँग भवन निर्माणको योजनासहित १५ दिनको म्याद राखेर आशयपत्र आह्वान गरेको छ ।

भवन निर्माणका लागि दूतावासले पूर्वराजदूत लक्की शेर्पाको कार्यकालमा क्यानबेरामा १२ लाख डलर करिब १० करोड रुपैयाँमा जग्गा खरिद गरेको थियो । सोही जग्गामा सबै सुविधासहितको भवन निर्माण गर्ने उद्देश्यले दूतावासले प्रक्रिया सुरु गरेको हो ।

स्थानीय पत्रिकामा आह्वान गरिएको आशयपत्रमा दूतावासको भवन निर्माणका लागि तोकिएको दायरामा रहेर आफ्नो इच्छापत्र दिन आर्किटेक्चर तथा इन्जिनियरलाई आग्रह गरिएको छ । विभिन्न कम्पनीले दिएको आशयपत्रलाई मूल्यांकन गरेर छनोटमा परेका कम्पनीलाई आर्थिक तथा प्राविधिक डिजाइनका लागि बोलपत्र आह्वान गरिने तयारी गरिएको छ । 'हामीले लामो समयदेखि सुरु गरेको गृहकार्यपछि भवन निर्माणको कार्यलाई तीव्रता दिइएको हो ।' क्यानबेरास्थित अस्ट्रेलियाका लागि नेपाली राजदूत महेशराज दहालले कान्तिपुरलाई भने । उनका अनुसार कस्तो भवन र कसरी निर्माण गर्ने विषयमा दूतावासले दुईपटकसम्म यहाँका स्थानीय सरोकारवालाका साथै इन्जिनियर तथा आर्किटेक्चरसँग औपचारिक छलफल गरिसकेको छ ।

कानुनी र अन्य प्रक्रियाहबारे बुझ्नसमेत सरोकारवालासँग छलफल गरिएको बताउँदै राजदूत दहालले उनीहरूको सुझावलाई पनि भवन निर्माणका क्रममा समावेश गरिने जानकारी दिए । दूतावासले सम्पूर्ण सुविधासहितको दुईतले भवन निर्माण गर्ने योजना अघि बढाएको छ । करिब दुई वर्षअघि खरिद गरिएको जग्गामा राजदूतको आवास, कार्यालय, ३ कर्मचारीका लागि आवास, पाहुना घर तथा अन्य पूर्वाधारहरू निर्माण गरिनेछ ।

Deadline Extension for Expression of Interest (EOI)

Sanima Bank Ltd. invites Expression of Interest (EOI) from experienced and capable consulting/auditing firm for comprehensive CBS(Core Banking System) audit to review the overall effectiveness of its entire modules including internet banking(FEBA) and integrated channels as per prudent banking practices and local regulatory requirements and suggest remedial solutions for identified gaps.

Interested consulting/auditing firm are invited to submit their expression of interest with the following documents:

1. Name and background of the consulting/auditing firm covering the overall profile of technical proficiency.
2. An overview and approach of the CBS audit that will be adopted for the review.
3. Submit the reference and experience letter (At least three CBS audit of different banks in SAARC Region)

Expression of interest shall be submitted to the Information Security Department in a sealed envelope by 3:00 PM December 6, 2019.

SanimaBank | www.sanimabank.com

P.O. Box No.: 20394, 'Alakapuri', Naxal, Kathmandu | Ph No.: +977-1-4428979 Fax: +977-1-4428969
Email: sanima@sanimabank.com

बर्गिकृत डिस्प्ले

जग्गा बिक्रीमा
लाजिम्पाट होटल सामुन्द्रीला पछाडी ५०० मिटर भित्र १० फिटे बाटोमा ४ कुना मिलेको ६ आना प्रति आना ४२ लाख
सम्पर्क: ९८१०३०५७८८
जग्गा धनी

७७ जिल्लाको लागि डिलर चाहियो
प्रति महिना १० लाख सम्म कमाउने अवसर
सम्पर्क नं. ९८५१००१०६६
(What's app Only)
कार्यालय सम्पर्क : ०१-४२३५६८१
Email : superofoods@gmail.com
marksuppliers255@gmail.com

यौन-शक्ति
फ्रि-होम डेलिभरी
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
वीर्यापोतो डण्डीफोर हटाउन STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन SEX-TOYS पनि पाईन्छ
कपाल कर्न रोकी पुन उमार्न-Hair Building Fiber
हेलो शप नेपाल
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This is Food Supplement Products, Not For Medicinal Use.

घर विक्रीमा
बानियाटार सूर्यदर्शन हाईट, नमुना प्लानिङ्ग अवस्थित साढे ३ तल्ले आकर्षक फुल फर्निष्ट घर विक्रिमा
मुल्य रू. १ करोड ७५ लाख।
(बैंक लोनको सुविधा)
घर धनी:
९८५१००६०४४

GENERATOR बिक्रिमा

15 KVA - 1000 KVA
सम्पर्क:
९८५१११४८०११, ९८५१११४९१२०
९८५१२०७५६३

जग्गा विक्रीमा
ललितपुर लामाटारमा १८ रोपनी जग्गा विक्रीमा । टुक्रा पनि पाइन्छ, आनाको ७ लाख, धापाखेलमा घर विक्रीमा, १ करोड ४० लाख र २ करोड
सम्पर्क
९८५१०२५२२५, ९८६६६६०१२३
९८५१२३६००४

नेपाल सरकारबाट मान्यता प्राप्त
१५ कर्मचारीहरु अर्जेन्ट
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता:Test,SEE, +2 साधारण लेखपढ गर्न जानेको/नजानेको
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
काम: कम्प्यूटर/उत्पादन सेक्टर
तलब:- Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
बसुन्धाराचोक
ईजिलिक नेपाल मल्टीपर्पोज प्रा.लि.
9803822235,9845494590

चाहियो
काठमाडौं महानगरमा दर्ता भएको प्राथमिक विद्यालय (कक्षा-१ देखी ५ सम्म) चाहियो ।
सम्पर्क:
९८०८४६४४३१

अटो वर्कसपको लागि जग्गा चाहियो
संचालनमा रहेको अटो वर्कसप वा वर्कसप सेवाको लागि १.५-२ रोपनी जग्गा, कोटेश्वर देखि कलंकीसम्मको रिङरोड बाहिर १५० मि. सम्म भित्र पर्ने १३ फुटे बाटो भएको जग्गा लिजमा चाहियो ।
सम्पर्क
९८५११८२४६५/९८०१८८१३६४

WANTED
Position
1. Chartered Accountant (1)
2. Architect (2)
3. Civil engineer (2)
4. Electrician (3)
5. Plumber (2)
6. Administration & Security Supervisor : (2)

Contact
01-5111000
bimashkhadkaa@gmail.com

Teachers Wanted
Primary Science, English, Computer and Maths Teachers are urgently wanted.
Qualification: Bachelor Level/ +2 in respective subjects.
No bar of salary for the deserving candidates.
Kautilya Secondary School
Teenkune, Kathmandu
Contact No.: 01 - 4117528
9841517968, 9851066864

विक्रीमा
राम्रो नाफामा चलिरहेको २५० सिट क्षमताको रेष्टुरेन्ट विक्रीमा ।
९८४१८६१५२४

केयर गिभर ट्रेनिङ्ग
CTEVT अन्तर्गतको केयर गिभर ट्रेनिङ्गमा भर्ना खुल्यो । इच्छुक महानुभाव हरुले समयमै आवेदन भर्नुहोला ।
न्युनतम योग्यता : SLC/SEE उतिर्ण
अन्तिम मितिः २०७६ मसिर ३० गतेसम्म
सिद्धि स्मृति प्रतिष्ठान
भिमसेनस्थान, आदर्श बसस्टप, भक्तपुर
फोन नं. ०१६६१२९४५, ९८०११४७१६४
Email :adminofficer@smf.org.np
Website: www.smf.org.np

बर्गिकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

पेट एक्कासि दुख्यो ?

'एपेन्डिसाइटिस' हुन सक्छ

■ **अतुल मिश्र** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीलाई एक्कासि पेट दुखेपछि गत मंगलबार अस्पताला पुऱ्याइयो। लगत्तै एपेन्डेसाइटिसको शल्यक्रिया गरिएपछि उनी हाल बेडरेस्टमा छन्।

पुनः मिर्गौला प्रत्यारोपणको तयारीमा रहेका ६७ वर्षीय प्रधानमन्त्री ओलीको रोग निरोधक क्षमता कमीका कारण समयमै समस्या पहिचान हुन नसक्दा संक्रमण हटाउन लागि पेट खोलेर नै शल्यक्रिया गर्नुपऱ्यो। तर सबै बिरामीमा भने यस्तो स्थिति आउँदैन। एपेन्डेसाइटिस साधारण संक्रमणदेखि ज्यानै लिन सक्ने स्थिति (सेप्सिस) का रूपमा समेत देखिन सक्छ।

'एपेन्डेसाइटिसको समय मै समस्या पहिचान नहुँदा एपेन्डिक्स पेटमै फुटेर पेरिटोनाइटिस (पेटको संक्रमण) हुन्छ, यस्तो स्थितिमा पूरै पेट खोलेर संक्रमण हटाउनुका साथै एपेन्डिक्स फाल्नुपर्छ,' वरिष्ठ शल्यचिकित्सक डा.सुनिल शर्मा ढकाल बताउँछन्। उनका अनुसार प्रधानमन्त्रीले उपयोग गर्ने 'इम्युनोसप्रसेन्ट' औषधिमा भएको एस्ट्रोराइडका कारण समयमै दुखाइ थाहा नभएर जटिल अवस्थामा आएको हो। तर यस्तो अवस्था सामान्य व्यक्तिमा भने नआउने उनको भनाइ छ।

उसो त एपेन्डेसाइटिस ४ देखि ३० वर्ष समूहका व्यक्तिमा बढी देखिने भए पनि उमेर पाको हुँदै जाँदा यसको समस्या हुने सम्भावना घट्दै जान्छ। पेट रोग विशेषज्ञ डा.राहुल पाठक एपेन्डेसाइटिसको पहिचान गर्नु कठिन रहेको औल्याउँदै भन्छन्, 'एउटै परीक्षण र लक्षणले यो समस्या पहिचान गर्न कठिन हुन्छ। समस्या देखिए यसको उपचार शल्यचिकित्सा नै हो।'

सामान्य अवस्थामा एपेन्डेसाइटिस हुँदा सुरुमा पेटको बीच भागमा बारम्बार दुखाइको अनुभव हुन्छ। त्यसको केही समयमा पेटको दाहिने तल्लो भाग अर्थात् एपेन्डिक्स भएको ठाउँमा दुख्न थाल्ने उनी बताउँछन्।

एपेन्डिक्स भएको ठाउँमा थिच्दा, हिँड्दा, खोक्दा दुखाइ बढी हुने उनको भनाइ छ। पश्चिमा खानपानमा एपेन्डेसाइटिसको समस्या बढी हुने गरेको अध्ययनले देखाएको छ भने त्यहाँको दाँजोमा हाम्रो मुलुकमा यो समस्या कम देखिने गरिएको समेत डा.पाठक बताउँछन्। उसो त एपेन्डेसाइटिसको शत प्रतिशत पहिचान गर्न 'सीटी स्क्यान' एक मात्र विकल्प हो।

राम्रो गुणस्तरको नयाँ अल्ट्रासाउन्ड मेसिन र यसलाई चलाउने दक्ष चिकित्सकले करिब ७० प्रतिशत रोग पहिचान गर्न सक्छन्। तर ३० प्रतिशत रोग पहिचान गर्न नसकिने औल्याउँदै डा. शर्मा भन्छन्, 'शतप्रतिशत रोग पहिचान गर्ने प्रायः सीटी स्क्यानबाट नै हो।' शतप्रतिशत रोग पहिचानमा समस्या भएकै कारण हाल एपेन्डेसाइटिसको आशंकामा पेटलाई चिर्दा दुई दशकअघिसम्म मुलुकमा एपेन्डेसाइटिस हुँदा 'सेप्सिस' भएर वा समयमै रोग पहिचान नभएर गलत उपचारले ज्यान जाने डर हुन्थ्यो। तर हाल स्थिति फेरिएको छ। ठूला स्वास्थ्य केन्द्रमा करिब ९० प्रतिशतसम्म यसको शल्यक्रिया ल्यापरोस्कोपिक विधि (पेट नखोली अर्थात् प्वाल पारेर) बाट समेत डा. शर्मा बताउँछन्।

आफैं निको हुन्छन् ६० प्रतिशत

एपेन्डेसाइटिसका सबै समस्या चिन्ताजनक हुँदैनन्। समग्र एपेन्डेसाइटिसको समस्यामध्ये करिब ४० प्रतिशत मात्र चिन्ता गर्नुपर्ने खालका हुन्छन्।

६० प्रतिशत समस्या भने आफैं निको हुन्छन्। 'करिब ४० प्रतिशत एपेन्डेसाइटिसको समस्यामा संक्रमण फैलिएर शल्यक्रिया बाहेकको विकल्प हुँदैन,' डा. शर्मा भन्छन्, 'बाँकीमा एन्टिबायोटिकको माध्यमले सुकाउनेसमेत गरिन्छ।'

के हो एपेन्डिक्स ?

'एपेन्डिक्स' आन्द्राको एउटा टुक्रा हो, जसलाई चिकित्सा भाषामा एपेन्डेसाइटिस भनिन्छ। एपेन्डिक्स पातलो र २-३ इन्च सानो टचुबजस्तै हुन्छ। यसको एक भाग बन्द हुन्छ भने अर्को भाग खुला हुन्छ। यो आन्द्रामा 'दिसा', बन्ने ठाउँसँग जोडिएको हुन्छ। यही एपेन्डिक्समा हामीले अनुभव गर्ने दुखाइसहितको सुन्नाइलाई 'एपेन्डिसाइटिस' भनिन्छ।

एपेन्डिक्सको शल्यक्रियालाई 'एपेन्डेक्टोमी' भनिन्छ। यसमा पेटमा सानो प्वाल पारेर पेटमा लामो चिरा बनाएरसमेत शल्यक्रिया गरिन्छ।

लैपरोस्कोपिक शल्यक्रियामा घाउ ठूलो नहुने भएकाले बिरामी चाँडै निको हुनुको साथै अस्पतालमा समेत एक दिनभन्दा बढी बस्नु नपर्ने डा. शर्मा बताउँछन्। तर एपेन्डेसाइटिस फुटेको अवस्थामा वा अन्य कारणले 'पेरिटोनाइटिस (पेटको संक्रमण) भए पेट चिरेरै शल्यक्रिया गर्नुपर्छ।

लक्षण

एपेन्डेसाइटिस भएको खण्डमा हाम्रो नाइटोको छेउछाउमा तीव्र दुखाइ हुन्छ। यो दुखाइ पेटको दाहिने भागदेखि तल हुन्छ। उक्त स्थानमा छुँदासमेत बिरामीले तीव्र दुखाइ अनुभव गर्छन्।

यसको दुखाइ सुत्दा, सामान्य रूपमा पल्टँदा वा बस्दा पनि निरन्तर रहिरहन्छ। अन्य कुनै शारीरिक क्रियाकलाप गर्दा दुखाइ झन् बढ्छ। यतिसम्म कि हामीले खोक्दा वा हाच्छिउँ गर्दासमेत पेटमा तीव्र दुखाइको अनुभूति हुन्छ। योसँगै वाकवाकी लाग्नु, भोक कम लाग्नु, वान्ता हुनु वा पखाला लाग्नु आदिसमेत यसका लक्षण हुन्। त्यसका साथै बिरामीको नाडीको चाल बढ्नुका साथै ज्वरो पनि आउन सक्छ।

उपचार

एपेन्डेसाइटिसको लक्षण देखिएपछि समुचित उपचार नहुँदा हाम्रो पेटको दाहिने भागमा डल्लो बन्न सक्छ वा एपेन्डेसाइटिस फुट्न सक्छ। डल्लो बन्दा तीन-चार साताभा सामान्यसमेत बन्न सक्छ। यस्तो डल्लो भएर आउनेलाई एन्टिबायोटिक दिएर सुकाउने डा. पाठक बताउँछन्।

'सहरी क्षेत्रमा बस्ने यस्ता डल्लो भएर आउनेहरूलाई हामी तुरुन्त शल्यक्रिया गर्दैनौं, एन्टिबायोटिक दिएर केही समय कुर्छौं,' डा. शर्माको अनुभव छ। तर दुर्गम क्षेत्रका बिरामीहरू यस्तै समस्या लिएर आउँदा डाक्टरले भविष्यमा कुनै जोखिम नलिन शल्यक्रिया गरेर निकाल्ने गरेका छन्।

'एपेन्डेसाइटिस एकपटक सुकेपछि पुनः दोहरिने सम्भावना १७ प्रतिशत मात्र हुन्छ,' डा. शर्मा भन्छन्। उनका अनुसार यसैले सहरी क्षेत्रकालाई डल्लो भएर आउँदा एपेन्डेसाइटिसको एन्टिबायोटिकको माध्यमले उपचार गर्न सकिन्छ। एपेन्डेसाइटिस फुट्ने स्थितिमा पेटको झिल्लीसमेत संक्रमित हुने गम्भीर स्थिति आउन सक्छ।

ढाड दुख्ने समस्या हटाउन योग

अमेरिकामा गरिएको एक अनुसन्धान अनुसार 'लोअर व्याक पेन', र निद्रा न आउने समस्यासँग जुधिरहेकाहरूका लागि योग गर्नु धेरै फाइदाकारी हुन्छ।

जर्नल अफ इन्टरनल मेडिसिनमा यो अध्ययन प्रकाशित छ। बोस्टन मेडिकल सेन्टरले व्याक पेनको उपचारका लागि योग र साइकोथेरापीको प्रभावबारे अध्ययन गरेका हुन्।

अनुसन्धानअनुसार अनिद्राको समस्या र व्याक पेनको उपचारमा साइकोथेरापी र योग धेरै सहयोगी साबित हुन सक्छ। यसको प्रभावले गर्दा बिरामीलाई धेरै कम मात्रामा दुखाइनाशक औषधिको आवश्यकता हुन्छ। एक अध्ययनमा बताइएअनुसार दीर्घकालीन व्याक पेनले जुधिरेहेका ५९ प्रतिशत बिरामीलाई अनिद्राको समस्यासमेत हुन्छ। थुप्रै बिरामी यो समयमा 'इन्सोम्निया डिजअर्डर' ले पीडित हुन्छन्।

उसो त इम्सोम्निया (अनिद्रा) र व्याक पेनको लागि पर्याप्त उचित औषधि उपलब्ध भए पनि यसको बढी र लामो समयसम्म उपयोगले बिरामीमा यो औषधिको साइड इफेक्ट देखिन थाल्छ।

यो साइड इफेक्टबाट बच्न सबैभन्दा उपयुक्त र सजिलो उपाय प्रशिक्षकको रेखदेखमा बिरामीलाई योग गराउनुरहेको छ। यसले गर्दा बिरामीहरू दुखाइ र अनिद्राबाट मुक्ति पाउनुका साथै औषधिको साइड इफेक्टबाट समेत बच्न सकिन्छ।

के तपाईले सन्राइज डिबेञ्चर खरिद गर्नुभयो ?

१०.२५% सन्राइज डिबेञ्चर

[ऋणपत्र] २०८३

आवेदन खुल्ला छ

सन्राइज बैंकको नजिकैको शाखा तथा C-ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुमा सम्पर्क राख्नुहोला ।

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE
हामी संग-संगै

/sunrisebanknepal | Toll Free No.: 1660 01 22444 | www.sunrisebank.com.np

गोदामको लागि जग्गा चाहियो

स्वयम्भु देखी एकान्तकुना एरियासम्म १ देखि २ रोपनीसम्म गोदामको लागि तुरुन्त जग्गा चाहियो ।

सम्पर्क:

01-4287814, Mob: 9801247102

औषधीय गुणयुक्त तुलसी

सांस्कृतिक महत्त्व बोकेको तुलसी मुलुकको अधिकांश आँगनमा पाइन्छ। यो उच्च स्तरीय औषधिसमेत हो।

अझै गाउँ घरमा रुघाखोकी हुनासाथ, आमा, हजुरआमाहरूले बच्चादेखि ठूलाबडासम्मलाई तुलसीको पात खुवाउने चलन कायमै छ।

पूर्वीय धर्मग्रन्थ वेदमा समेत तुलसीको बिरुवाको पवित्रतासँगै औषधीय गुणको वर्णन गरिएको छ। झाडीको रूपमा रहने तुलसीको बोट एकदेखि तीन फिटसम्म अग्लो पाइन्छ। यसको बिरुवा पवित्र मानिन्छ। तुलसी थुप्रै जातका भए पनि सबै फायदाकारी नै छन्। गुण धर्मअनुसार कालो तुलसीलाई राम्रो मानिन्छ। एलोपेथिक, होमियोपेथिक र युनानी औषधिहरूमा समेत तुलसीको कुनै न कुनै रूपमा उपयोग गरिन्छ।

आयुर्वेदको अनुसार तुलसी शरीर, मन र आत्माको पीडा हरण गर्ने मानिन्छ। यसमा जीवाणुनाशक मूत्रवर्धक गुणसमेत पाइन्छ। जसले संक्रमण हटाउनुका साथै तनाव र अन्य रोगविरुद्ध प्राकृतिक प्रतिरक्षा प्रणाली बलियो बनाउँछ।

आयुर्वेद चिकित्सकका अनुसार तुलसीको नियमित सेवनले स्वाइनफ्लुलगायतका फोक्सोको संक्रमणसँग जुध्नसमेत सहयोगी मानिन्छ। तुलसीले रोग प्रतिरोधक क्षमता बढाउने मान्यता छ। यसलाई शक्तिवर्धक औषधिका रूपमा समेत उपयोग गरिन्छ। यसले कार्यक्षमतामा मात्र वृद्धि नभई शीघ्र पतनमा समेत फाइदाकारी रहने मान्यता छ।

युनानी चिकित्सा पद्धतिअनुसार तुलसीमा रोग निको पार्ने भरमग्दुर क्षमता छ। यसले रुघाखोकीको प्रभावलाई कम गर्छ। ज्वरो कम गर्नुका साथै यो मुटुको रक्तनली, कलेजो, फोक्सो, उच्च रक्तचापसँगै चिनीको मात्रा कम गर्नसमेत सहयोगी मानिन्छ। तुलसीको काँडाले रगत सफा गर्नुका साथै कोलेस्ट्रोलको स्तरमा समेत कमी ल्याउँछ।

भनिन्छ, तुलसीको नियमित सेवनले शरीरमा उर्जाको प्रवाह नियन्त्रित रहन्छ र उमेर बढ्छ। यति मात्र नभई तुलसीमा हुने एन्टिअक्सिडेन्टले शरीरको मृत कोषिकालाई ठीक बनाउन सघाउँछ।

तुलसीमा अनेक जीव-सक्रिय रसायन पाइन्छ। यसमा ट्रेनिन, सैवोनिन, ग्लाइकोसाइड र एल्केलाइडस प्रमुख छन्। हालसम्म तुलसीमा पाइने रसायनको पूर्ण विश्लेषण हुन सकेको छैन। यसमा पाइने पहेँलो वास्पशील तेलको मात्रा संगठन, स्थान र समयका अनुसार परिवर्तित हुने गरेको छ। यसमा सामान्यतः ०.१ देखि ०.३ प्रतिशतसम्म तेल पाइन्छ। 'बेल्थ अफ इन्डिया' का अनुसार तुलसीको तेलमा करिब ७१ प्रतिशत युजिनाल, २० प्रतिशत युजिनाल मिथाइल इथर तथा ३ प्रतिशत कार्बाकोल हुन्छ।

हरियो तुलसीमा कालोको तुलनामा केही बढी तेल हुनुका साथै सापेक्षित धनत्वसमेत बढी हुन्छ। यसको पातमा ८३ मिलिग्राम प्रतिशत भिटामिन सी एवं २.५ मिलिग्राम प्रतिशत कैरेटिन हुन्छ। तुलसीको बीउमा भने पहेँलो तेल करिब १८ प्रतिशत मात्रामा पाइन्छ।

आधुनिक अनुसन्धानअनुसार तुलसीको बोटले वातावरणलाई समेत स्वस्थ पार्छ। यसको बोटले वातावरणलाई सफा गर्छ। यसका साथै तुलसीमा भएको युजेनोल नामक अर्गानिक यौगिकले लामखुट्टे, झिँगालगायत कीरा/फटचांग्रा भगाउँछ। तुलसीको बोटले त्यो स्थान विशेषमा अक्सिजनको मात्रा बढाउँछ।

त्यसैगरी, यो प्राकृतिक वायु शुद्ध गर्ने बोट हो। यो बोट दिनहुँ करिब १/२ घन्टासम्म अक्सिजन छोड्छ। तुलसीको बिरुवाले निरन्तर अक्सिजन फ्याल्नुको साथै कार्बन मोनोअक्साइड, कार्बन डाइअक्साइड, सल्फर डाइअक्साइडलगायत विषालु ग्यासलाई समेत सोस्छ। यति मात्र नभई तुलसीको बास्नाले घर, आँगनमा मिठो र ताजा सुगन्ध मिल्छ। जसका कारण मानिसको खराब मुडसमेत परिवर्तन गर्ने विश्वास छ।

मुटुको साथी 'ब्याक्टेरिया'

अनुसन्धानकर्ताहरूको अनुसार मानिसको आन्द्रामा पाइने जीवाणुको प्रजाति 'अक्करमेसिया म्युसिनिफिला' लाई पास्चराइज्ड गरेर उपयोग गर्दा विभिन्न मुटु रोगको जोखिमको कारकमा बढी सुरक्षा प्रदान गर्छ।

३२ जनामा गरिएको अध्ययन 'नेचर मेडिसिन' मा प्रकाशित छ। अनुसन्धानकर्ताले मोटो सहभागीलाई 'अक्करमेसिया म्युसिनिफिला' दिए। यी सबैमा टाइप-२ डाइबिटिज र मेटाबोलिक सिन्ड्रोम देखियो अर्थात् यिनीहरूमा मुटुको रोगसँग सम्बन्धित जोखिमको कारक थिए।

PROCUREMENT NOTICE

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Empowered lives. Resilient nations.

The UNDP Nepal is soliciting proposals from interested firms/companies to provide the following goods/services.

Reference No.: Request for Quotation - **UNDP/RFQ/44/2019**
Project: UNDP Country Office Nepal
Purpose: To Supply and Delivery of ICT equipment to UNDP Nepal office

Reference No.: Request for Quotation - **UNDP/RFQ/47/2019**
Project: UNDP Country Office Nepal
Purpose: To Supply and Installation of Interactive Digital Display/White Board

Deadline for bid submission: 5pm, 9th December 2019
Weblink: http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html
Who can apply: National and international firms/companies
How to apply: As per the instructions in the detailed bidding document.

Habitat for Humanity® Nepal

Call for Proposal

Habitat for Humanity Nepal's vision is a world where everyone has a decent place to live. Habitat Nepal operates as part of an international network with a common objective of reducing poverty and eliminating substandard housing and homelessness from the world. Habitat Nepal invites proposals from interested firms for **Human Resource Recruitment Services.**

Please refer to **www.habitatnepal.org/career** for the terms of reference (ToR).

Interested firms should submit their technical and financial proposals including testimonials by 5:00 pm, December 4, 2019 to:

National Director
Habitat for Humanity International- Nepal,
Sanepa Chowk, Lalitpur - 2,
P.O. Box: 24037, Kathmandu, Nepal
or
Email: procurement@habitatnepal.org

Kathmandu University School of Education

A UGC Nepal Accredited Institution

MPhil & PhD in Education Programs

Admissions Open for 2020 Spring Batch

Specializations	Entry Requirements	
	MPhil Programs	PhD Programs
a. Educational Leadership b. Development Studies	A Master's degree or equivalent in any discipline from a recognized institution with a minimum of 50% score in aggregate or CGPA 3.0 out of 4.	• 17 years of formal education. • A minimum of 50% score in aggregate or CGPA 3 out of 4 in last degree in related fields. • Applicants are required to submit their research proposal along with the application. • An MPhil degree and publications of research articles are preferred.
c. STEAM Education	A Master's degree or equivalent in STEAM related fields (Science, Technology, Engineering, Pure Mathematics, Mathematics Education, Applied Mathematics, etc.) from a recognized institution with a minimum of 50% score in aggregate or CGPA 3.0 out of4.	
d. English Language Education	A Master's degree or equivalent in ELT/English Language Education/English Literature/English Linguistics with a minimum of 50% score in aggregate or CGPA 3.0 out of 4.	

- Form distribution & submission: **December 1, 2019 to January 5, 2020 (Time: 12:00-6:00 PM).** Application forms can be downloaded from www.kusoed.edu.np and submitted in person or via email at admin@kusoed.edu.np along with other documents as attachments.
- Written Test: **January 13, 2020 (Time: 12:00-2:00 PM)**
- Interview: **January 14, 2020 (Time: 12:00 PM onwards)**
- Orientation Class: **February 5, 2020 (Time: 5:00 PM)**
- Classes start: **February 6, 2020**

NOTE

- MPhil programs run in regular and/or block modes
- As the PhD applicants need to go through specific process, they are required to contact the concerned departments before submitting their applications.
- Applicants waiting for the results of their last degree can also apply. In case someone cannot complete their last degree, 70% of the fees paid will be reimbursed.

For more information, contact:
Kathmandu University School of Education, GPO Box No. 6250, Kathmandu
Hattiban, Lalitpur, Tel: 01-5250524, 5250105, Email: admin@kusoed.edu.np

राष्ट्रिय राजमार्ग एवं पूर्वाधार विकास निगम लिमिटेड

(भारत सरकारको एक उपक्रम)

BHARATMALA ROAD TO PROSPERITY

केन्द्र सरकारका मन्त्रालय/विभाग स्वतन्त्र निकाय, सार्वजनिक क्षेत्र निकाय, राज्य सरकारका मन्त्रालयहरु/विभागहरु तथा राज्य सरकारका सार्वजनिक निकायहरुमा सेवारत क्रियाशील, प्रभावकारी र अनुभवी योग्य अधिकारीहरुबाट निम्न लिखित पदहरुमा स्थानान्तरणका लागि नियुक्ति गरिने भएकाले आवेदन माग गरिएको छ।

क्र. सं.	रिक्त पद र कार्यालय	पद संख्या	सीडीए ढाँचामा पे मेट्रिक्स स्तर
१.	कार्यकारी निर्देशक (टी.पी) प्रधान कार्यालय+ क्षेत्रीय कार्यालयहरु	०६	सीडीए ढाँचामा पे मेट्रिक्स स्तर पे मेट्रिक्स स्तर-७ औं सीपीसीको १४ (पूर्व-संशोधित पीबी -४-को रु. ३७,४००-६७,०००) तथा (ग्रेड पे रु. १०,०००)
२.	कार्यकारी निर्देशक (वित्त) (प्रधान कार्यालय)	०१	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको १४ (पूर्व-संशोधित पीबी -४-को रु. ३७,४००-६७,०००) तथा (ग्रेड पे रु. १०,०००)
३.	महाप्रबन्धक (टी.पी) प्रधान कार्यालय+ क्षेत्रिय/शाखा कार्यालयहरु	१०	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको १३ (पूर्व-संशोधित पीबी -४-को रु. ३७,४००-६७,०००) तथा (ग्रेड पे रु. ८,७००)
४.	महाप्रबन्धक (वित्त) प्रधान कार्यालय	०१	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको १३ (पूर्व-संशोधित पीबी -४-को रु. ३७,४००-६७,०००) तथा (ग्रेड पे रु. ८,७००)
५.	महाप्रबन्धक (आइटी) प्रधान कार्यालय	०१	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको १३ (पूर्व-संशोधित पीबी -४-को रु. ३७,४००-६७,०००) तथा (ग्रेड पे रु. ८,७००)
६.	महाप्रबन्धक (विधि) प्रधान कार्यालय	०१	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको १३ (पूर्व-संशोधित पीबी -४-को रु. ३७,४००-६७,०००) तथा (ग्रेड पे रु. ८,७००)
७.	उप-महाप्रबन्धक (टी/पी) प्रधान कार्यालय+ क्षेत्रिय/शाखा कार्यालयहरु	२०	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको १२ (पूर्व-संशोधित पीबी -३-को रु. १५,६००-३९,१००) तथा (ग्रेड पे रु. ७,६००)
८.	उप-महाप्रबन्धक (एचआर) प्रधान कार्यालय	०१	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको १२ (पूर्व-संशोधित पीबी -३-को रु. १५,६००-३९,१००) तथा (ग्रेड पे रु. ७,६००)
९.	प्रबन्धक (वित्त) प्रधान कार्यालय+ क्षेत्रिय/शाखा कार्यालयहरु	१०	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको ११ (पूर्व-संशोधित पीबी -३-को रु. १५,६००-३९,१००) तथा (ग्रेड पे रु. ६,६००)
१०.	प्रबन्धक (टी/पी) प्रधान कार्यालय+ क्षेत्रिय/शाखा कार्यालयहरु	२०	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको ११ (पूर्व-संशोधित पीबी -३-को रु. १५,६००-३९,१००) तथा (ग्रेड पे रु. ६,६००)
११.	प्रबन्धक (एचआर) प्रधान कार्यालय	०१	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको ११ (पूर्व-संशोधित पीबी -३-को रु. १५,६००-३९,१००) तथा (ग्रेड पे रु. ६,६००)
११.	सहायक प्रबन्धक (एचआर) प्रधान कार्यालय	०१	पे मेट्रिक्स स्तर-७ औं सीपीसीको ११ (पूर्व-संशोधित पीबी -२-को रु. ९३००-३४,८००) तथा (ग्रेड पे रु. ४,८००)

* आवश्यकतानुसार कुल पद संख्या तल माथि हुन सक्छ। यस अतिरिक्त छनोट भएका उम्मेदवारहरुलाई भविष्यमा एनएचआइडीसीएलमा रिक्त हुन सक्ने पदमा भर्नका लागि उम्मेदवारहरुको प्यानल राख्ने अधिकार सुरक्षित रहनेछ।

आवेदन बुझाउने अन्तिम मितिः २३.१२.२०१९-१८:०० बजे

नियम तथा सर्तहरुको विवरणका लागि कृपया www.nhidcl.com हेर्नुहोस्

टिप्पणी १: अवकाशप्राप्त अधिकारीहरु जसले सरकारी वा समान पदमा सेवा गरिसकेका छन्, उनीहरुले पनि करारका आधारमा मार्गदर्शित प्रारुपअनुरुप विगत पाँच वर्षको एपीआरएसको प्रतिसहित आवेदन गर्न सक्नेछन्।

टिप्पणी २: यो रिक्त पदको विज्ञापनबारे कुनै फेरवदल भएमा त्यसलाई एनएचआइडीसीएलको वेबसाइटमा मात्रै पोष्ट गरिनेछ।

टिप्पणी ३: अपूरो तथा अन्तिम मितिपछि प्राप्त आवेदनहरु शतः खारेज हुनेछ।

महाप्रबन्धक (एचआर)

पूर्वाधारको निर्माण, राष्ट्रको निर्माण

त्रिविको बजेट २३ अर्ब पाँच करोड

काठमाडौं (कास)- त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा धर्मकान्त बाँस्कोटाले 'त्रिवि सेन्टर अफ एकेडेमिक एक्सिलेन्सी' निर्माण गर्न १५ बुँदे कार्ययोजना पारित गराएका छन्। कार्ययोजनामा त्रिविको भौतिक पूर्वाधार सुधार, प्रविधिमैत्री विश्वविद्यालय, अनुसन्धान कार्य प्राथमिकता, निश्चित शैक्षिक पात्रो, परीक्षा प्रणालीमा सुधार तथा विकेन्द्रीकरणलगायत विषय छन्। गत कात्तिक १७ मा उपकुलपतिमा नियुक्त उनले शुक्रबार त्रिवि सभाको बैठकबाट आफ्नो कार्ययोजना पारित गराएका हुन्। त्रिविलाई बजारमुखी, स्वरोजगारमूलक तथा देशको आवश्यकताअनुसारको जनशक्ति उत्पादन थलो बनाउने उनको भनाइ छ। प्राध्यापकहरूको क्षमता अभिवृद्धि गरी पेसाप्रति उत्प्रेरणा जगाउने कामको थालनी गर्ने, आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसको प्रभावकारी नियमन, सरकार तथा उपभोक्तासँग समन्वय गर्दै पाठ्यक्रम परिमार्जन, उच्च शिक्षातर्फ अन्तर्राष्ट्रियकरण गर्दै लैजाने पनि योजनामा छ। त्रिविको सम्पत्ति पहिचान, नियमन, संरक्षण र संस्थागत हितमा अधिकतम उपयोग गर्ने, विद्यार्थीका निम्ति १० प्रतिशत छात्रवृत्ति कोटा कडाइसाथ कार्यान्वयन गर्ने, खेलकुद व्यवस्था गर्ने, त्रिवि आलुम्नाईलाई विश्वविद्यालयको हितमा प्रयोग गर्ने, सुशासनलाई जोड दिन तथा समयसापेक्ष त्रिवि ऐन, नियम, विनियम परिमार्जन तथा संशोधन गर्दै कानुनी रूपमा विश्वविद्यालयलाई सक्षम बनाइने उनले बताएका छन्।

त्रिविको भिजन २०२०-३० लाई टेकेर व्यवस्थित बनाउने उपकुलपति बाँस्कोटाको दावी छ। 'त्रिविलाई हामीले परिकल्पना गरेअनुरूपको सेन्टर अफ एकेडेमिक एक्सिलेन्सीका रूपमा स्थापित गर्न सक्षम हुनेछौं,' उनले भने। यसैबीच त्रिवि सभाले आव ०७६/७७ का लागि २३ अर्ब ५ करोड ८८ लाख ६८ हजारको बजेट पारित गरेको छ। रजिस्ट्रार डिल्लीराम उप्रेतीद्वारा प्रस्तुत बजेटलाई सभाले सर्वसम्मत पारित गरेको हो। बजेटमा नियमित कार्यक्रमतर्फ १३ अर्ब ९२ करोड ५८ लाख ६८ हजार र आन्तरिकतर्फ सञ्चालन र पुँजीगत खर्च गरी ८ अर्ब ५१ करोड ४५ लाख रुपैयाँ छ।

विकासतर्फ ६१ करोड ८५ लाख विनियोजन भएको छ, जसमा पुँजीगत खर्च ३ अर्ब ६४ करोड १८ लाख ५६ हजार र सञ्चालन खर्चतर्फ १९ अर्ब ४१ करोड ७० लाख १२ हजार विनियोजन गरिएको छ। जसमा विश्वविद्यालय अनुदान आयोगबाट १३ अर्ब ३ करोड ४३ लाख ६८ हजार अनुदान मागिएको छ। बाँकी त्रिविको आन्तरिक आम्दानीबाट बेहोर्ने बजेटमा उल्लेख छ।

बर्गिकृत विज्ञापन

घर जग्गा

ललितपुरको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रीकोलागी 9849188782

कपनआकाशेधारा चोकैमा ०-१३-०-०, ०-६-०-०, ०-५-०-०, ९८४१३४५००५

बालकोटमा ०-८-०-०, देवघाटमा १-२-०-०, ५६३९७४४

घरजग्गा खरीदविक्री, भाडामा लिनदिन 9840003981

मध्यबानेश्वर पिपलबोटनजिक टुक्राजग्गा बिक्रीमा ९८६०४२५४०७

५/६ आनाको आकर्षक जग्गा बिक्रिमा, 9841698355, नोदलाल

आकाशेधारा हयाण्डवल कपनमा तिनआनाको अढाईतल्ले घर- ९८५९१०३७४३१

किर्तिपुरमा ०-८-१-०, सतुडगलमा ०-४-०-३, रुपन्देहीमुर्गियामा ११धुर ९८४९४६७५४

बालकुमारी रिङरोडबाट १५० मिटरभित्र स-साना नयांघरहरू बिक्रिमा जग्गा तथा गाडीसंग पनि साटफेरगर्नसकिने ९८४८७५४१४७, ९८४००९९२२१

सितापाइला रिङरोडबाट २००मीटरमा ८आनामा बनेकोघर जग्गा तथा गाडीसंग पनि साटफेर गर्नसकिने ९८४८७५४१४७, ९८४००९९२२१

बालकुमारी रिङरोडबाट २०० मिटरभित्र ४आना जग्गाबिक्रिमा ९८४८७५४१४७, ९८४००९९२२१

पासीकोट शिवमन्दिरनिर पर्चघममोहडा कमपाउण्डघेरेको ०-४-०-० राम्रोबाटोको जग्गाबिक्रीमा ९८६९१०४८७२, ९८५१०४८६४९

नारायणथान, चावहिल, बौद्ध जोरपाटी घरजग्गा चाहिएमा 9823140441, 9840856188

जग्गाबिक्रीमा १०रोपनी २०-५० १००-१००० सम्मका जग्गाहरू 9823140441, 9840856188

महाराजगन्ज चक्रपथमा दोहोरोबाटो भएको ०-३-३-० जग्गाबिक्रिमा 9810397067

निर्मल निवासपछाडि बिसफिटे बाटोमा ४आना जग्गा बिक्रिमा ९८२३८२७८८५

काठमाण्डौं संखरापुर न.पा-५ पालुवारीमा ४-१४-०-० कृषिफर्म, गुम्बा, होटल, प्लटिङको लागि उपयुक्त बाटो, पानिको सुविधा प्रतिआना ३,५०,०००/- सम्पर्क: ९८५९१५०६०४

मातातिर्थमा ०-७-०-० टुक्राउन मिल्ने 9851094843

एकै मिनेटमा सिनेमाहल स्कुल, बैंक, बजार पुगिने चुचेपाटीको रमणीय डबलीछेउ ५ आनाको घडेरी, 9849091587

पुरानोनैकाप पिचबाटोमा ०-९-२-० जग्गा बिक्रीमा, 9851061200, 9851089770

नयाँपाटीमा आर्कषक घडेरीहरू बिक्रीमा 9841663663

लप्सीफेदी बिसरोपनी सस्तोमा ९८४१४७२९६५, टुकागर्नमिल्ने

अरनीको राजमार्गमा सुकुटेपुलपारि १६.५ रोपनीको सँगटारखेत प्रतिआनाको १६०००। बिक्रीमा। See Websites: Hamrobazar.com/ Realestateinnepal.com/ gharjagga.com 9861592684

ग्रिनल्याण्ड चोकनजिक ५-आना जग्गाबिक्रीमा 9843197516, 9801028877

ललितपुर चापागाउँमा हिमाली मनोरम दृश्यदेखिने आठआना, एकरोपनी र दुई रोपनीका जग्गाहरू बिक्रिमा (Nobroker) 9803963422

ग्वार्को रिङरोडनजिकै ०-५-०-० मा बनेको फुलफर्निण्ड बंगला २ ९०,००,०००।- ९८४१३३५४१९

धुम्बाराही रिङरोडचोकमा ८आनामा बनेको साततले आधुनिक कमर्शियल घर बिक्रिमा ९८६१२२४३७३

ललितपुर ठेंचोमा साढेचारआना जग्गा बिक्रीमा आनाको एघारलाख 9851064951

बनेपा पेट्रोलपम्प नजिकै पल्टीडको तीनआना रु.४५लाखमा तुविक्रीमा छ 9863031428

नगरकोटमा १२आना गोरेटोबाटोमा रु.४८ लाखमा बिक्रीमा 9863031428

कपन मिलनचोकनिर चालिसफुटे बाटोमा चारसट्टरसहितको अढाइतल्ले साथमा तीनसटरको टहरो 9808052084

नुवाकोट त्रिशुली अस्पतालबाट १किमी उत्तरपूर्व ०-४-०-०, प्रतिआना ४,१०,०००।- ९८१८५०७२३२

ग्राण्डीनजिकमा नयांघर बिक्रिमा १,७०,००,०००।-९८४०२७६९५९, ९८९३२६६६२०

लाजिम्पाट, बालुवाटारमा सुपथ मुल्यमा बंगला 9851108184

तल्लो/माथिल्लो भंगालको बिचमा दक्षिणमोहडाको ०-१४-०-० जग्गाबिक्रीमा 9823699121

इमाडोलमा चारआनाको अढाइतल्ले घर ९८४९२६८००६

साङ्गामा एकतिसरोपनी जग्गा बिक्रीमा, ९८६४५३१४७७

आकाशेधारामा १,७५,००,००० घर बिक्रीमा 9851118491

भंगाल सुन्दरवस्तीमा ४०फिटे पिचसडकमा जोडिएको ०-४-२-० आकर्षक व्यापारिक जग्गा बिक्रिमा ९८४१२२७८५६

कलंकी ढुङ्गेअड्डाको घर बिक्रीमा 9849032831

ललितपुरमा ४आना देखि ३६आना ८,००,००० देखि ४०,००,००० सममको र चितवन पिठुवामा ११ देखि २० कठ्ठा जग्गा ९८५९१३८७६७

भैसेपाटीमा आधुनिकघर ०-३-३-०, २,३५,००,०००।-,पूर्वदक्षिण मोहडा ०-५-०-०, आनाको ३५,००,०००।-, ९८६०३९७६१९

मध्यबानेश्वरमा ०-७-०-० मा बन्दैगरेको बंगला बिक्रीमा 9851000515

पद्मा कोलनी सितापाईलामा १,६०,००,०००/ देखिका तुरुन्त सर्ननमिल्ने आधुनिक घरहरू बैकिंगसुविधासहित बिक्रीमा 9851184950, 9841152215

१०००००-आना नागार्जुनपछाडी ९-०-०-० एकमुष्ट ९८४१२५३६५८

नैकापमा ०-७-०-० बिक्रीमा सिधा ९८०१००२४४०

दार्चुला, जुम्ला, डोटीमा जग्गा चाहियो ९८४१२३१५०१

गल्कोपाखामा ०-६-१-२ टुक्रायएर पनि दिनमिल्ने ९८५१०७४१०३

ताथलीको अस्पताल नजीक पिचरोडमा ०-५-०-० १४००००/- आनाको ९८६११३६९५२, ९८५१०४४१५०

सितापाईला स्वयम्भू रिंगरोडबाट २.५ कि.मिको दूरीमा रु.१करोड ९९लाख माथिका घरैहरू बुकिङ तथा बिक्रीमा ९८५११८१७५७, ९८५११८००१६

गोदावरी न.पा.ठेचोमा १४आना जग्गाबिक्रीमा 9810109395

०-४-१-० बनेकोघर बिक्रीमा सानेपा गुसिङ्गाल, 9841217571

नयाँठिमी ०-१२-०-० जग्गा बिक्रीमा ९८४३१४१८०५

सस्तोमा सागा भैसेपाटी हाइवेमा १-४-०-० गुण्डू हाईटमा २-१-०-० गड्डाघरमा ०-३-०-० 9823501671

बनस्थली दुर्गोधाराबाहिर आर्मीमेडिकल कलेजनजिकै ०-४-२-० मावनेको ३.५तल्लोघर ९८४१८८१२६०

गोकर्णेश्वर, बालुवाचोक नजिकै पुर्वमोहोडा भएको ०-४-०-० जग्गा तुबिक्रिमा आनाको १७,५०,००० 9843105380

बुढानिलकण्ठ चपली, राष्ट्रपती ज्यूको निवासनजिकै ०-१४-०-० डाइरेक्ट 9841622079

बुढानिलकण्ठ चपली घुम्तीनजिकै टुक्राजग्गा बिक्रीमा डाइरेक्ट 9843271842

पाँचखालको साठिघरमा ०-४-३-२ जग्गाकोजम्मा उन्नाईसलाख मात्र 9818219519

ग्राण्डी हस्पीट्लबाट ५ मीनेट उत्तर टोखाजाने ५८ फिट बाटोमा जोडीएको २.५ आनामा ३.५ तल्ले नयांघर अथवा हाडीगांऊमा २० फिटे पिच बाटोमा ७.५ आनामा ३ तल्ले घर, 9841201240

पेप्सीकोला दिव्यश्वरी जग्गा एकिकरण आयोजनाभित्रको विकशित घडेरीहरू ९८४१४२३६९९

पेप्सिप्लानिङ्गमा २.५तल्ले घरविक्रिमा सम्पर्क 9803809294

भैसिपाटी दशआना जग्गा बिक्रीमा ९८४१४८३१८६

गोट्टारमा ०-४-१-०, ताथलीमा ०-३-१-०, 9841399733

भैसेपाटी चाउचाउफ्याक्ट्री पछाडी ०-१०-०-० बिक्रीमा 9851040446

बुढानीलकण्ठ कृष्णमन्दीरपछाडी आकर्षक घडेरी १७लाखदेखि २४लाखसम्म ९८५१००५३९०

बुढानीलकण्ठ पासीकोटहाईट, कौडोलहाईटमा प्लटिङका टुक्राघडेरीहरू 9851200079, 9851044025, 9841504590

थानकोट बाडाभञ्ज्याङ हाइवेमुनी ०-१२-०-० जग्गा भक्तपुर सुडुलमा श्प्लटगरी रोपेपनी बिक्रीमा 9849702405, 9851031292

सुकेधारा,रिङरोड टुयाकमा ०-८-०-१ जग्गाबिक्रीमा 9841951926

ढुवाकोट नेईकलेज चाँगुवेशीमा आकर्षक घडेरी ०-४-०-०, ०-३-३-२, ०-४-२-० ९८०३२७७७६२

भंगाल सनराईजहाईटमा ०-३-२-१ सबैसुविधाभएको जग्गाबिक्रीमा जम्मा 75,00,000/- 9860193128

नारायणथान सिद्धार्थकोलोनी अपोजिट हाईवेबाट १००मि.नजिकै ०-१२-२-० मावनेको साढेदुईतलेघर, जग्गाकोमूल्यमा 4,85,00,000/- 9851036108

गोंगबु बसपार्कअगाडी २०कोठाको १२वटा अट्याचबाथरुम भएको आनुधिकनयां चलिरहेको गेष्टहाउस घरबिक्रीमा 3,85,00,000/- 9846248472

बसुन्धारामा नयां घर बिक्रिमा ९८५१०५९०७६

कलंकी बाफलमा नयांघर 26500000 9803230619

नयांबसपार्क बाट मात्र २ कि.मि.को दुरी गोलढुङ्गामा ०-८-१-० घडेरि जग्गा प्रतिआना रु.७,००,०००/- टुका गरेर पनि लिन सकिन्छ, ९८४९९९२१२८

मच्छेगाउंमा ०-८-०-० जग्गा बिक्रीमा ९८५१९५७६३३

हात्तिसारमा आनाको १७० लाखमा ९८५१२१६६११

भैसेपाटी मेडीसीटि नजिक तिनआना सस्तोमा, ९८४१२१२२५७

अति सस्ता घर जग्गाहरू ९८४९७०१२४४

त्रिशुलीमा घर बिक्रिमा सस्तोमा ९८४०२५७६५४

चितवन खोलेसिमल, रत्ननगर, रामपुर गुञ्जानगरमा उपयुक्त जग्गाहरूसस्तोमा ९८५१२१८१३२

बानेश्वर सचेतनमार्गमा घर बिक्रीमा ०-७-०-० जग्गा, 9851063817

लुम्बिनिमा, लुम्बिनि बुद्धगार्डेन रिसोर्टको, ठिक्अगाडी तुरुन्तै सुपन्न हुनेलागेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट १४कि.मि. मात्राको दुरिमारहेको, होटल/रिसोर्ट तथा अन्यव्यवसायीक कारोबारकोलागि उपयुक्त प्लटिङको २०कठ्ठा जग्गा तुरुन्तलिनेलाई विशेषग्राहयता सिधासम्पर्क माधवबराल ९८४७३६३७७७, ९८०२०३९२२७

थानकोट नागढुङ्गा दहचोक चुनदेवी नैकाप एरियामा खरिदबिक्री गर्नुपरेमा साथै धितोमा लिनुदिनु परेमा, 9860857843, 9818907236

हात्तिगौंडामा ०-४-०-०, ०-७-०-० डाईरेक्ट ९८५१०४९७७१

सिद्धार्थकोलोनी बुढानिलकण्ठमा २१आनामा बनेको ३.५तल्लाको फिनिसिड गर्नबाकी बंगला बिक्रीमा ९८४०५६७७३७

गोकर्ण पिचबाटोमा ५.५आना र सुकेधारामा ६आना कर्मसियल जग्गा बिक्रीमा ९८५१०६२३११

कोटेश्वरमा १३ फिटेबाटोमा आकर्षक टुक्राघडेरीहरू बिक्रीमा ९८५१०३२१५४ ९८५१०७४६६७

बुढानिलकण्ठ, इटालीटारमा ०-६-०-०, ०-५-०-० 9841413187

सामाखुशी, रानीवारीमा ०-१४-०-० कर्मशियल घर/Office /गोदाम बिक्रीमा 9801277880, 9860512158

मुलपानीमा मुलसडकको ५आना जग्गा, बुढानीलकण्ठ चपलीमा सस्तो जग्गाबिक्रीमा 9851031498

किनेरराख्दा फाईदाहुने ०-३-३-३ प्रतिआना २३,००,०००।- चारदोबाटो भक्तपुर 9851155824

मुलपानीमा २.५ तलेनयाघर तुँबिक्रीमा 9841842317

बानेश्वर मिलनचोकमा 0-3-3-0 जग्गाबिक्रीमा ९८५१२३९२७

टोखा साईबाबा चोक नजिकै ३२ फिटे बाटोमा आकर्षक पुर्व मोहडा भएको ०-४-२ ०-६-२ प्रति आना २३५०००० सिधा सम्पर्क ९८५११०४५९९ ९८४१८९०२७१

बौद्धनजिकै गुप्तेश्वरीप्लानिङ्गमा आकर्षक नयाँघर 9823459538

कलंकी मकालु पेट्रोलपम्प देखी १५०-मिटरभित्र आकर्षक घरविक्रीमा (कृपया दलालले कष्ट नगर्नुहोला) 9846197443

ताहाचल क्रिटुलहाउजिङ्ग अगाडी एककित्ताभित्र हाल ६फुटे बाटोमा निर्माण भइरहेको घर बिक्रीमा ९८४१७१९४१४

घरजग्गा, अपार्टमेन्ट खरिदबिक्री AtoZ Reastate Solutions 9840669988

बसुन्धारा धापासीमा कर्मसियल ०-१२-०-० जग्गाबिक्रीमा AtoZ Realstate Solutions 9840669988

इटालीटारबाट पासिकोट जाने मेनवाटोमा ०-६-०-० घडेरी बिक्रीमा 9861955855

चापागाँउ बसपार्कपछाडि सांग्रिलास्कुलसंगै, हरिसिद्धि टुक्राघडेरी ९८५११०३६१२/९८५११४३७१२

बुढानिलकण्ठ स्वर्गद्वारीमा ०-४-०-१ जग्गाबिक्रिमा प्रतिआना सत्रलाख 9845042598, 9813668154

DV परेर तत्काल अमेरिका जानुपर्ने भएकोले १६लाख आनाको जग्गा १२लाख आनामा सिधासम्पर्क ९८४१४९९२०४

सवारी साधन

Taxi किन्न तथा बेच्न परेमा ९८५१०९१४०१

स्करपियो र कार रिजर्भमा ९८२३८१६५२६

Toyata Hilux full-option 2017, 9851032104

टाटाको ६चक्के, १०चक्के टिप्पर भाडामाचाहियो ९८४१३६५०६०, ९८२३३१०१३२

सम्पर्क

सेकेण्डहेन्ड सामान खरिदबिक्री बसुन्धरा 9851234047

धितोराखि ऋण चाहिएमा ९८४३५०१११९, ९८६६२७३३३०

धितो राखी ऋण चाहिएमा ९८५११९४९३०

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cash Deposit धितोफुकुवा 9841027010

सस्तोमा cash deposit धितोफुकुवा ९८५१२४२०९५

सस्तोमा Bank Deposit 9860689041, 9803702227

धितो/ बिना धितो कर्जा 9851063843

सस्तोमा Bank Diposit धितोफुकुवा, ९८४१०००० ६५

सस्तोमा Bankdiposit डकुमेन्टेसन, धितोफुकुवा 9851067787

Cash deposit without collateral 9841756349

अतिसस्तोमा धितोफुकुवागर्न, विदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

अतिसस्तोमा धितोफुकुवा Cash Deposit 9851243351

सहकारी, हाउजिङ्गमा कम्पनीमा लगानीकर्ता चाहियो 9851118491

रु.१००मा १महिना अनलाइन विज्ञापन www.onlinebigyapan.com 9843954078

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखौं ९८४४४७८७५८, ९८०३१२३५७८

जस्तोसुकै कामदार चाहियमा, सम्पर्क ९८४२३८६८३९

नेपालमै केहीगर्न सक्छु भन्ने कर्मचारी आवश्यक, वैदेशीक रोजगारबाट फर्कीएकालाई प्राथमिक्ता, ९८६९३४०४७२

Website Design and Development 9823317384

विविध बिक्रीमा

पुस्तक/रुद्राक्ष होलसेल पशुपति ९८५१०३०९७२

इमाडोलमा मसला पसल बिक्रिमा, 9842043299.

सस्तोमा क्याफे बिक्रिमा धुबराई ९८४२२५५१८२

कुलेश्वरको १३०सिटर रेष्टुरेण्ट बिक्रीमा ४३,००,०००/ ९८६०४५३७७७

होलसेल पसल बिक्रीमा सरस्वतीनगर 9741195888

विषेश कारणले चलिरहेको रेष्टुरेण्ट तु.बिक्रीमा, रु.९,००,०००/-, 9860593469

बागबजारमा मान्यताप्राप्त कोरियनभाषा, लोकसेवाको इन्स्टिच्यूट 9849217120

कुमारीपाटी ब्यूटी-पार्लर/ टेनिङ सेन्टर ९८४११९३७०३

२५०जना क्यापेसिटी रेष्टुरेन्ट ९८४३२४३२६८, ९८४५७६२४८२

काठमाडौंमा चलिरहेको गाईफम बिक्रिमा ९८४०७०८५८१

बौद्धमा फेन्सीपसलको डेकोरेशन बिक्रीमा 9851139167

ग्रिनल्याण्डचोकैको चलिरहेको टेलर्स बिक्रीमा ९८६०५७६४९६, ९८४९३८४१६१

१२लाखको ७लाखमा साडी, कुर्तापसल बिक्रिमा कलंकी ९८५१०३४१८५

फेन्सीपसल बिक्रीमा चाबहिल 9841784632, 9803573899

दरबारमार्गको रक्सीपसल Liquors shop बिक्रीमा 9851037947, 9801162675

डिल्लीबजार मेनरोडमा चलिरहेको रेष्टुरेण्ट तुबिक्रीमा ९८१८२८०६०९, ०१४२१५७८

टाउनप्लानिङ्को सुमिड्पुलको अगाडि चलिरहेको रेष्टुरेन्ट बिक्रीमा राजधानि ९८०८०६३३४०

वसुन्धाराको करुवा क्याफे बिक्रिमा ९८११२३५४१३

बाह्रलाखमै गेष्टहाउस तुबिक्रीमा नयाँबसपार्क 9860800495

नयाबसपार्कमा चलिरहेको गेष्टहाउस तुबिक्रीमा ९८४१८००१९८

म्हैपीमा ग्यास, पानी सहितपसल 9843544813

कोटेश्वर महादेवस्थानमा चलिरहेको क्याफे बिक्रीमा, सम्पर्क: ९८१८३२३५७७, ९८५१०१४९८२

लगनखेल चोकमा व्यस्तचलिरहेको रेष्टुरेण्ट बिक्रीमा ९८६१२३६२५८, ९८४०१९९५८५

शंखमुलमा चलिरहेको रेडिमेड पसल: ९८६९-३५३९७७

मानभवन एभिम स्कुल गेटसंगैको खाजाघर बिक्रिमा ९८५१२२२१४०

Surf कारखाना/Factory बिक्रीमा, १करोड सम्म लोन लिनमिल्ने, मुलपानी, Babachowk 9849387328

नयां बानेश्वरमा संचालित BoysHostel ९८१८९९३२७१

महाराजगंजमा चलिरहेको रेष्टुरेण्ट तु.बिक्रीमा सम्पर्क 9851230952

ग्यासमदिरा तरकारीभएको किराना बिक्रिमा 9869606356

नयांबसपार्कको फेन्सी पसल बिक्रिमा ९८४९८४४४४०

जुत्ता, फेन्सि पसल, सिनामंगल ९८६०१०५५५३

टाउनप्लानिङ्को मिनिमार्ट सस्तोमा सातलाख 9801363040

फेन्सीपसल /खालीसटर बिक्रीमा गोगबुचोक ९८१४१७४२९५

UPVC झ्याल, ढोकाबनाउने मेसिन, सम्पर्क ९८८००३००९५

गोदाम तथा फ्याक्ट्रीबनाउने फलाम, सम्पर्क ९८८००३००९५

थलीमा ०-४-०-० आना जग्गा बिक्रीमा गुम्बा पछाडी 9816991023, 9841426444

सुविधासम्पन्न व्यस्त तन्दुरी रेष्टुरेण्टलाई पार्टनर 9843332870

निर्माण सफाई

सेफ्टीटैंकी ढलट्वाइलेट मंगाल जामभएमा ९८५१०७९२३५, ९८६५४७८६२९

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७२२३०, ९८५१०९९५७२

प्रोफेशनल पानीटैंकी सफाई 9851152299, 9841367851

भ्याकुमबाट सेफ्टीटैंकी सफाई 014114455, 015712671, 9851052299, 9851152299

ढलमंगाल बनाउने जामखोल्ने 9849759072, 9841319394

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9841132435

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने ९८५१०१९८८९, ९७४११३७११४

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9851013512, 9841607856

गाडीमेसीनबाट सेफ्टीट्याङ्की ढलट् वाईलेट सफाई 9851247369

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६२

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

ढलट्वाईलेट सेफ्टिटैंकी सफाई सस्तोमा ९८४१३५६२५५

ढलमंगाल, सेफ्टीट्याङ्की सफाई जामखोल्ने 9849519040

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

सेफ्टीट्यांकी सफाई गाडीमा १५००/- ९८४३७६८७३७

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेसिनवाट ५२५१०९२, ९८५१०२४३६४

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिटैंकी सफाई गाडिवाट 9851118279, 9851087058

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

ईनारसफाई, बोरिङसर्भिस, प्लम्बिङ्ग, धाराजामखोल्ने, सोलारसर्भिस पहेलोपानिफिल्टर, रिर्जभटेङ्कीसफाई इनारखन्ने 9851168028

ढलमंगाल बनाउने जामखोल्ने सेप्टिटैंकी मेशिनवाट 9841448770 होमप्रसाद

ढलट्वाईलेट मंगाल जामखोल्ने निर्माण 9841982894

ढलट्वाइलेट, मंगाल जामखोल्न इनारसफाई, रिजर्भटेङ्कीसफाई, सोलारफिल्टर 9851116022

भाडामा

ललीतपुरमा घर फ्ल्याट लिनदिन, 9851046386

बालकोटमा टहराहरू, सटरहरू, जग्गाहरू, ५६३९७४४

टहराकोठा ११ भएको १-११-०-० जग्गा वहालमा हाडीगाउ का.म.पा.-५ ९८४९४६५९४४

तुरुन्त घरफ्ल्याट भाडामा लिनदिनपरेमा 9841168360

Flat, बंगलो अफिसस्पेस लिनदिन सम्पर्कनुहोला www.homektm.com 9801117335

Office space 400sqft. Parking available Tejbhawan, Lazimpat 01-4413374

एयरपोर्ट बिमानस्थल भित्ररहेको नर्वनिर्मित पार्किङ स्थलमा रहेको व्यावसायिक भवनमा केही स्पेस भाडामा ९८०२००२४६७, ९८०२००५७५५, ९८०२००५९०४

डिल्लिबजार फ्ल्याट भाडामा 9841923720, 9861003273

सुविधासम्पन्न घरफ्ल्याट भाडामा जेरडखु, ९८५१११७०२३

बसुन्धारामा अफिसको लागि पार्किङ्गसहित ९८५१०१५५०१

भनेकैजस्तो तुभाडामा लिन दिन ९८४१००५७४३

बालकोट चोकमा पहिलो तल्लाकोसटर 9851010567

कलंकी भाटभटेनीअगाडी अफिसकोलागि फल्याट् भाडामा ९८५११२७७८९

स्वयम्भु, मनमोहन अस्पतालको अगाडी अफिसको लागि २ वटा कोठा भाडामा ९८४१-१२२०९५, ९८४९-१६२९२२, ९८४१-०९३०४४

गोंगबु रिङरोडमा अफिसकोलागी फल्याट भाडामा 9824447478, 9803529404

हेपीमर्स्याडी स्कुल अगाडि फल्याट भाडामा ९८०११११३०७

लगनखेल एरियामा होस्टेलकालागि घर चाहियो ९८५१०६७१२९

सिनामंगलमा पांचकोठाको फल्याट् अफिसलाई 9841321782

बानेश्वर बुढानगरमा उद्योग, कलकारखाना, गोदामलाई भाडामा 9808056606

टहरा खाली जग्गा, जोरपाटी, नारायणटार ९८५१००६८९४

Banglow Bakhundole Norway Embassy parking 9869134123

ग्राण्डी/टोखा एरियामा लन्ड्रीकोलागि २रोपनी जग्गा भाडामा चाहियो ९८५११५३९५७

गोल्फुटारमा फल्याट २०,०००। डाईरेक्ट 9841960350

सटर भाडामा रेष्टुरेण्ट, गोदाम, अफिसकोलागी कलंकी मैत्रिनगर ९८४९३५६८४६

घरजग्गा अपार्टमेन्टभाडामा लिनदिन AtoZ Realstate Solutions 9840669988

चाहियो

खानबस्न सुबिधासहित नयांअफिस बालाजुलाई कर्मचारी 15,500/- 01-4388962, 9818349301

चावहिल Kltower सँगैको अफिसलाईस्टाफ 17000/- 9815633391, 9840309992

गोगबु अफिसलाई कर्मचारी १४९९९, 9824937551, 9843092401

साधारण सेक्युरीटी तुअर्जेन्ट 17000 9801101472

कालिमाटीमा पढेनपढेका कर्मचारी अर्जेन्ट रु.२८,०००/- ९८१३५८६५२२, ९८४५२७९७६३

गोंगबु अफिसलाई कर्मचारी 15,500/- 9842942463, 9803390405

सुटिङरत टेलिसिरियलमा कलाकारहरू ईमरजेन्सि नजान्लेलाई प्राथमिकता ९८०३९९०१८८

घरमा कामगर्ने महिलाहरू चाहियो ९८५१२२७८९६

योग्यता, अनुभव अनुसारको काम चाहिएमा 9812355230

वेटर, डिसवासर हाउसकिपिङ्ग, कुक कुलेश्वर ९८६०४५३७७७

टाईपिङ्गकोकाम Computer मोवाइलवाट गर्नमिल्ने २४,५००।- 9817749612

F&C कम्पनीलाई 15,000/- 9818045130, 9869282654

प्रेसको लागि Screen Printer चाहियो, 9880238079

Home Tuition लाइ १२ कक्षाको Physics पढाउने Lady Teacher चाहियो 9851088164, 9841003012

कामदार आवश्यकता १०,०००-५०,०००, ९८४२३८६८३९

होस्टेलमा महिला कुक 9843477369, 9816077660

Motorcycle holder marketer-1 deliverboy-1 01-4365234 9861031550

गेष्ट हाउसलाई किचन हेल्पर ९८१८६३८३७३

कम्प्युटर मर्मतगर्न वाईक लाईसेन्सभएको आवश्यकता ९८५१०७१६११

तालिम अफिसमा पार्टनर चाहियो ९८६५४७१४४३

प्रतिष्ठित सहकारीकोलागी अनुभवि बजारप्रतिनिधी तलब, ११५००, 9863519868.

रेष्टुरेन्टकोलागि सरसफाईगर्नें महिला, क्यासियर, भाडामाज्ने मसाल्वी, वेटर खानबस्ने सुविधा 9846660456

रेष्टुरेण्टकोलागि अनुभवीकुक तलब १५,०००।- 9851024315

रेष्टुरेन्टको लागि हेड्कुक-२, बारटेन्डर-२, कुक-२, वेटर्स-४, वेटर-४, बारिस्टा-१, बेकरीकुक-१, क्यासियर चाहियो। ०१-४४२८४४४

चालक हेभी मिनी ४५०००। ९८५१०१०८६२

भक्तिखेल एरीयाको रेष्टुरेण्टमा Working Partner Cook चाहियो ९८१३४६८७७२

होटलकोलागि अलराउण्डर कुकसाथै संपुर्ण जिम्मालिएर कामगर्नसक्ने कर्मचारी तुरुन्तचाहियो 5522772, 9851075880, 9851075881

पढेनपढेका महिलापुरुष कामदार ३५,०००।- 9803188112

रेष्टुरेण्टको लागि हेल्पर वेटर चाहियो 9840656616

अनुभवी हेल्पर वेटर 9802082245 9841669436

रेष्टुरेण्टकोलागि तन्दुरीकुक, कुक, वेटरचाहियो, कलंकी ९८१०२३७६८१

IELTS, English Language Teacher चाहियो 9851133607, 01-4250720

गेष्टहाउसको लागि मसाल्ची चाहियो ९८४१८३६८००

राम्रो चलिरहेको स्टारहोटल बौद्धकोलागि पार्टनर ९८५१०७४१०३

खानबस्नसहित तुरोजगार कस्मेटिकभित्र 9841692640, 9803274227

क्यान्टिनको लागि कुक, हेल्पर तु.चाहियो ९८६१६६६०१२

बौद्धमाफेन्सी पसलकोलागि अनुभवी सेल्सगर्ल चाहियो 9818016336

चक्रपथ अफिसलाई स्टाफ 15,500/-Fixed, 9851158524, 9818431535

बुढानिलकण्ठ स्थित कम्पनीमा एकाउण्टेन्ट र सरसफाई कर्मचारी चाहियो 9801071896

भ.पु. सिभिल महिला, पुरुष गार्डहरू चाँहियो, 9803090961

चिया सेल्स मैन 20000 9807707109

Experienced Primary Maths, Science, English Lower Secondary English, Secondary Social Teachers, Jagati Bhaktapur 9851234157, 016610395, 016617801

फाष्टफुड कुक चाहियो जमल ९८४७५६१५४०

धादिङमा कम्प्युटर टिचर चाहियो ९८५११२०२२५

म:ममिस्त्री वा कुकहेल्पर, हात्तीगौंडा ९८४१८७२३८७

म:म, चाउमिन बनाउने, चक्रपथ ९८१९१७७९४४

Chemistry/ physics /English /Account 014238465, 9860105262 Bagbazar

कुक, वेटर, भाडामाझ्ने वालकुमारी, ९८०८३६३०७९

होस्टललाई खानबस्नसुविधा स्टाफ चाहियो 9803503481

लेडीज कर्मचारी, आल्मोनियम मिस्त्री 9845134809

क्यान्टिनकोलागि खानेबस्नेसुविधा हेल्पर-१२,०००। ९८२३९५३९९९, ९८०३५३९९४४

फाष्टफुड रेष्टुरेण्टकोलागि अलराउण्डर सेफ, कुक अनुभवी Accountant 9851193923, 9849494685

२जना अनुभवी इलेक्ट्रोनिक टेक्नीसियन चाहियो 9813816921, 9818741841 आवासगेट भैसेपाटि

बिहान ६-१० सरसफाई पुरुष ९८२३७२०९७७ कालिमाटी

Working भिषामा विदेशजाने अनुभविकुक चाहियो ९८४१७७६४१०

बेकरीकोलागि मिस्त्री, हेल्परहरू

दूध दुवानी

इलामको रोङ गाउँपालिकास्थित सलकपुरका किसान घोडामा दूध बोकाएर झापा झर्दै ।

४ महिने व्यापार तथ्यांक

आयातित पाम तेलले बढायो निर्यात

अन्य मुलुकबाट पाम तेल नेपाल आयात गर्दा थोरै भन्सार लाग्छ । यहाँबाट भारत पठाउदा भने भन्सार महसुल नलाग्ने गरेकाले निर्यात बढेको हो ।

■ **राजु चौधरी** (काठमाडौं)

व्यापारिक फाइदाका लागि पाम तेल तेस्रो मुलुकबाट आयात गरी फेरि त्यसैलाई प्रशोधन गरेर भारत निर्यात गर्ने क्रम बढेको छ । भन्सार विभागले शुक्रबार सार्वजनिक गरेको तथ्यांकअनुसार यसको निर्यात २३ प्रतिशतले वृद्धि भएको देखिएको छ । कात्तिकसम्मको कुल निर्यात ३६ अर्ब २७ करोड रुपैयाँमध्ये पाम तेल मात्रै ८ अर्ब ३६ करोड रुपैयाको निर्यात भएको छ । असोजसम्ममा ५ अर्ब ७५ करोडको पाम तेल निर्यात भएको थियो । एक महिनामै निर्यात २ अर्ब ६१ करोड रुपैयाँले बढ्दा समग्र निर्यातमा सुधार र व्यापार घाटामा समेत यसको प्रभाव परेको छ ।

भन्सार विभागका प्रवक्ता शिशिर घिमिरेका अनुसार पाम भन्ने रूखबाट उत्पादन हुने वनस्पति तेलको कच्चा पदार्थ भारतमा अन्य मुलुकहरूले निर्यात गरे करिब ४० प्रतिशत भन्सार महसुल लाग्छ । 'नेपालबाट निर्यात गर्दा महसुल लाग्दैन,' उनले भने । नेपालमा अन्य मुलुकबाट आयात गर्दा गुणस्तरको आधारमा ५/७ प्रतिशतसम्म भन्सार लाग्छ । अन्य मुलुकबाट नेपाल आयात गर्दा थोरै भन्सार लाग्ने र फेरि भारत निर्यात गर्दा भन्सार महसुल नलाग्ने गरेकाले व्यापारीहरूले ट्रान्जिट बनाई प्रशोधन गरेर यो तेल निर्यात गरिरहेका हुन् ।

'निर्यात बढ्ने मुख्य भूमिका पाम तेलले निर्वाह गरेको छ,' घिमिरेले भने, 'मलेसिया र इन्डोनेसियाबाट कच्चा पदार्थका रूपमा आयातित पाम तेल प्रशोधन भएर निर्यात हुन्छ ।' प्रशोधित पाम तेल भारत निर्यात भइरहेको छ । भारतमा निर्यात गर्दा भारतले कृषि वस्तुमा सहुलियत दिएको छ । नेपाल सरकारले पनि निर्यात बढाउन सहुलियत दिएको छ ।

विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार ४ महिनामा कुल ४ खर्ब ८६ अर्ब ५७ करोडको व्यापार भयो । जसमध्ये निर्यात व्यापार २३.९० प्रतिशत बढेको छ । आयात व्यापार ६.९२ प्रतिशतले घटेको तथ्यांकमा उल्लेख छ । अघिल्लो वर्षको ४ महिनामा २९ अर्ब २८ करोड रुपैयाँको निर्यात भएको पाम तेल अहिले ३६ अर्ब रुपैयाँ नाघेको छ । आयात ४ खर्ब ८३ अर्ब ७५ करोड रुपैयाँबाट झरेर ४ खर्ब ५० अर्ब २९ करोड रुपैयाँमा पुगेको छ । निर्यातमा सुधार राम्रो देखिए पनि आयातित कच्चा पदार्थ प्रशोधन गरेर निर्यात हुँदा सन्तोष मान्न नसकिने जानकारहरू बताउँछन् । 'भारतको नीतिका कारण केही फाइदा देखिए पनि फेरबदलले मुलुकलाई कुनै दिन नोक्सान हुन्छ । निर्यात बढे पनि स्वदेशी उद्योगको क्षमता बढेको देखिँदैन,' अर्थविद् पोषराज पाण्डेले भने, 'यस्तो अवस्थामा निर्यात बढेर सन्तोष मान्न सकिँदैन ।'

उनले भन्सार महसुलको अन्तरले पाम तेल निर्यातमा केही फाइदा भएको बताए । दिगो निर्यात वृद्धिका लागि गुणस्तरीय स्वदेशी उत्पादनको वृद्धि, उद्योग उत्पादन क्षमतामा विस्तार हुन जरुरी रहेको बताए । तथ्यांकअनुसार दोस्रोमा धागो निर्यात भएको छ । २ अर्ब ७९ करोड रुपैयाँको धागो निर्यात भएको देखिन्छ । अघिल्लो ३ महिनामा २ अर्ब १९ करोड रुपैयाँको निर्यात भएको थियो । व्यवसायीका अनुसार धागोको माग बंगलादेशमा अत्यधिक छ । निर्यात अवरोधको समस्याले निर्यात बढाउन नसकेको धागो उत्पादक संघले जनाएको छ । तेस्रोमा क्रमशः उनी गलैंचा/कार्पेट २ अर्ब ६२ करोड रुपैयाँ, तयारी कपडा २ अर्ब १६ करोड, भटमासको तेल प्रशोधित २ अर्ब २ करोड रुपैयाँको निर्यात भएको छ । ४ महिनाको अवधिमा १ अर्ब ५४ करोड रुपैयाँको अलैंची, १ अर्ब ३० करोड रुपैयाँको फलफूलको जुस निर्यात भएको उल्लेख छ ।

आयातित वस्तुमध्ये पहिलो नम्बरमा डिजेल छ । सवारी साधनको मागसँगै डिजेलको खपत पनि बढेको छ । ३ महिनामा २० अर्ब १६ करोड रुपैयाँको आयात भएको डिजल ४ महिनाको अवधिमा २९ अर्ब २४ करोड रुपैयाँको आयात भएको छ । तयारी कपडा पनि उल्लेख्य रूपमा आयात भएको छ । पहिलो ३ महिनामा १० अर्ब ९० करोड रुपैयाँको आयात भएको तयारी कपडा ४ महिनाको अवधिमा १४ अर्ब ७३ करोड रुपैयाँ पुगेको छ ।

यस्तै एमएस बिलेटको आयातमा १२ अर्ब ७० करोड, पेट्रोलमा १२ अर्ब ३७ करोड रुपैयाँ बाहिरिएको छ । अर्थविद् पाण्डेका अनुसार पछिल्लो महिना अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य घटेकाले पनि व्यापारमा सुधार देखिएको हो । विभागको तथ्यांकअनुसार एचआरसीटमा ९ अर्ब ७७ करोड, हवाईजहाज र हेलिकप्टरको सामानमा ९ अर्ब २१ करोड, एलपी ग्यासमा ८ अर्ब ९० करोड, मोबाइल/टेलिफोनमा ८ अर्ब ६२ करोड, मोटरसाइकल खरिदमा ८ अर्ब १७ करोड रुपैयाँ बाहिरिएको विभागले जनाएको छ । ४ महिनाको अवधिमा सबैभन्दा बढी वीरगन्ज भन्सार नाकाबाट आयात/निर्यात भएको छ । वीरगन्जबाट १ खर्ब ५२ अर्ब १२ करोड रुपैयाँको आयात र १० अर्ब ९७ करोड रुपैयाँको निर्यात भएको छ । दोस्रोमा क्रमशः भैरहवा भन्सार कार्यालयबाट ७६ अर्ब ८५ करोड रुपैयाँको आयात र ९५ करोड रुपैयाँको निर्यात भएको छ । ड्राइपोर्टबाट ५६ अर्ब ५ करोडको आयात र ८३ करोडको निर्यात भएको उल्लेख छ ।



विज्ञ समूहलाई ब्युँत्याइने

■ **सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

भारतको नयाँदिल्लीमा तीनदेखि चलेको बहुप्रतीक्षित पञ्चेश्वरसम्बन्धी बैठकमा परियोजना विस्तृत प्रतिवेदन (डीपीआर) चाँडो टुंगो लगाउन हाल निष्क्रिय रहेको विज्ञ समूहलाई ब्युँत्याउने सहमति भएको छ । त्यसको बैठक आगामी जनवरी १५ भित्र बोलाउने लगायतका दर्जनभन्दा बढी सहमति गरेर बैठक सकिएको हो ।

लामो समयदेखि अनिर्णीत डीपीआरलाई टुंगोमा पुऱ्याउन प्राविधिक सुझाव दिनका लागि गठित सचिवस्तरीय विज्ञ समूहको म्याद एक वर्षका (आगामी मार्च २०२०) सम्म थप्ने र त्यसको बैठक आगामी १५ जनवरी २०२० भित्र डाक्ने सहमतिसमेत गरेको छ । सन् २०१८ मा गठित विज्ञ समूहको दुई वर्षमा तीन वटा बैठक बसेको थियो । त्यसको म्याद मार्च २०१९ मा सकिएको थियो । 'अब बस्ने विज्ञ समूहको बैठकले बाँकी मुद्दाहरूलाई पनि टुंगोमा पुऱ्याउने विश्वास छ,' बैठकमा सहभागी जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेश घिमिरेले भने, 'लामो समयदेखि निष्क्रिय रहेको विज्ञ समूहलाई पुनः सक्रिय बनाउन र चाँडो बैठक डाक्न सहमति भएको छ । त्यो निकै उपलब्धिपूर्ण हो ।'

सुरुको दुई दिन सहसचिवस्तरीय संयन्त्रको बैठक बसेको थियो । जसको नेतृत्व नेपालका तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव प्रवीण अर्यालले गरेका थिए । त्यही सहसचिवस्तरीय बैठकले टुंगो लगाएका विषयहरूलाई शुक्रबार बसेको परियोजनाको सञ्चालक समिति (गभर्निङ बडी) ले छलफलपछि टुंगोमा पुऱ्याएको हो । गभर्निङ बोर्डमा नेपाली पक्षको नेतृत्व मन्त्रालयका सचिव घिमिरेले र भारतीय पक्षको नेतृत्व भारतको जलस्रोत मन्त्रालयका सचिव यूपी सिंहले गरेका थिए । गभर्निङ बोर्डमा भारतका लागि नेपालका राजदूत नीलाम्बर आचार्य पनि सदस्य छन् ।

पञ्चेश्वर बैठक

नेपाल र भारतबीच २०५२ सालमा सम्पन्न एकीकृत महाकाली सन्धिले ६ हजार मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन गर्न पञ्चेश्वर बहुउद्देश्यीय आयोजना निर्माणको परिकल्पना गरेको थियो । उत्पादन हुने बिजुली र परियोजनाबाट निस्कने पानी बराबरी गर्ने सन्धिमा उल्लेख भए पनि सहमति जुट्न सकेको छैन । नेपाल र भारतबीच पञ्चेश्वरको डीपीआरमै विवाद कायम छ । पछिल्लो बैठकले डीपीआर चाडो टुंगोमा पुऱ्याउने सहमति गरेको हो ।

सुरुमा दुवै मुलुकले आआफ्नो हिसाबले डीपीआर टुंग्याउने सहमति गरेका थिए । दुवैलाई अध्ययन गरेर परियोजनाको डीपीआर टुंगोमा पुऱ्याउने कार्यादेश गभर्निङ बोर्ड (सञ्चालक समिति) लाई नै दिइएको थियो । बोर्डले त्यसको जिम्मा भारतको अन्तर्राष्ट्रिय कन्सल्टेन्ट कम्पनी वापकोसलाई दियो । वाकपोसले तयार पारेको डीपीआरमा नेपाल र भारतले आआफ्ना अडान राख्दै आएका छन् । वापकोसले तयार पारेको डीपीआरमा भएको तल्लो शारदाको पानीसम्बन्धी विषयलाई लिएर नेपालको असहमति रहेको छ । मस्यौदामा भारतले हाल उपभोग गरिरहेको तल्लो शारदाको पानीलाई यस परियोजनाको पानी बाँडफाँट गर्दा हिसाब नगर्ने उल्लेख छ ।

बाँकी पृष्ठ १२

KMG
KANTIPUR MEDIA GROUP

DishHome Presents

Radio Kantipur
NATIONAL MUSIC AWARDS 2076

Powered By सानिमा बैंक सबल अनि विश्वसनीय बैंक

In Association With Siddha BABA REFINED SUNFLOWER OIL

रेडियो कान्तिपुर प्रस्तुत गर्दछ

नेपालको सर्वोत्कृष्ट सांगीतिक अवार्ड

देशका सर्वोत्कृष्ट कलाकारहरूको सम्मान

मङ्सिर २७, २०७६ (डिसेम्बर १३, २०१९)

LIVE ON KANTIPUR HD · Radio Kantipur · /kantipurradio

PEOPLE'S CHOICE award
NATIONAL MUSIC AWARDS 2076

पिपल्स च्वाईस अवार्डका मनोनितहरु

1 सालको पात
कुलेन्द्र विश्वकर्मा
विष्णु माझी

2 यो कुरा गोप्य
प्रमोद खरेल

3 रेबन चस्मा
टंक बुढाथोकी
निरुता बानियाँ

4 गलबन्दी
प्रकाश सपुत
शान्तिश्री परियार

5 ओ मैचा
बृजेश श्रेष्ठ
वर्षा कर्माचार्य

तपाईंको मनपर्ने कलाकारलाई
भोट गर्नका लागि
NMA <SPACE> AWARD CODE टाईप गरी 33001 मा SMS गर्नुहोस् ।

Medical Partner: STAR HOSPITAL Compassionate care with comfort
Online Health Partner: dabai24 We Care, We Deliver
Insurance Partner: नेको इन्स्युरेन्स लि. Neco Insurance Ltd. Make a Visible Difference

Celebration Partners: City Express Money Transfer सिटी एक्सप्रेस मनि ट्रान्सफर · IME LiFE Ensuring Future · Nepal Clearing House · goodlife · 2pm Noodles · Purex Laundry Soap · KNP Japan Pvt. Ltd. A Subsidiary of Kansai Nerolac Paints · JJ Jewellers · शिवम् सिमेन्ट · BHS Bindu Hardware & Sanitary

छोटकरी

मेगालाई 'बैंक अफ दि इयर'

काठमाडौं (कास)- मेगा बैंकले 'बैंक अफ दि इयर २०१९' सम्मान प्राप्त गरेको छ। बेलायतको लन्डनस्थित फाइनान्सियल टाइम्सले प्रकाशित गर्ने पत्रिका 'दि बैंकर' ले सन् २०१९ का लागि नेपालबाट मेगा बैंकलाई सम्मान गरेको हो। लन्डनमा विहीबार आयोजित एक समारोहका बीच बैंकका अध्यक्ष भोजबहादुर शाह र प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले उक्त सम्मान ग्रहण गरेका थिए। 'दि बैंकर' ले विश्वभरका १२० भन्दा बढी राष्ट्रका १ हजारभन्दा बढी बैंकहरूमध्ये हरेक राष्ट्रबाट एउटा उत्कृष्ट बैंकको छनोट गरी 'बैंक अफ दि इयर' पुरस्कारबाट वर्षैपिच्छे सम्मानित गर्छ।

माछापुच्छे मास्टरसँग आबद्ध

काठमाडौं (कास)- माछापुच्छे बैंक मास्टर कार्डसँग आबद्ध भएको छ। बैंकका सम्पूर्ण एटीएम तथा प्वाइन्ट अफ सेल्समा मास्टर कार्ड स्वीकार गर्न बैंक मास्टर कार्डसँग आबद्ध भएको हो। नेपाल भ्रमणमा आउने विदेशी पर्यटक तथा मास्टर कार्ड लिएका नेपाली ग्राहकको सुविधालाई लिएर बैंक र मास्टर कार्डबीच सहकार्य गरेको बताएको छ।

सिभिल-हेल्भेटास स्विस सहकार्य

काठमाडौं (कास)- सिभिल बैंक र हेल्भेटास स्विस इन्टरकर्पोरेसन नेपालबीच कृषि व्यवसायलाई आधुनिकीकरण तथा बजारीकरण गर्ने विषयमा सम्झौता भएको छ। प्रदेश २ र कर्णाली प्रदेशभित्रका वित्तीय पहुँच नपुगेका स्थानीय निकायमा वित्तीय पहुँच पुऱ्याउने उद्देश्यका साथ बैंक र हेल्भेटासले सहकार्य गरेको बताएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ र हेल्भेटासका नेपालका तर्फबाट राष्ट्रिय निर्देशक भरतकुमार पोखरेलले उक्त सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए।

एनसेलको बोनस डेटा योजना

काठमाडौं (कास)- एनसेल प्रालिले प्रिपेड ग्राहकका लागि बोनस डेटा योजना ल्याएको छ। जसअन्तर्गत मेरो प्लान लिएका एनसेलका ग्राहकले अब बोनस डेटा प्राप्त गर्दै निःशुल्क युट्युब भिडियो स्ट्रिमिङको मजा लिन सक्नेछन्। यो योजना शुक्रबारदेखि लागू भएको छ। मेरो प्लान सुचारु गरेका प्रिपेड ग्राहकले निश्चित बोनस डेटा भोलुम प्राप्त गर्नेछन् र प्राप्त भोलुमबाट ग्राहकले युट्युब तथा आइफ्लिक्समा निःशुल्क भिडियो स्ट्रिमिङ र गुगल म्याप, जिमेल तथा अन्य गुगलका सेवा प्रयोग गर्ने जनाइएको छ।

धादिङको एक इँटा उद्योगमा काम गरेर घर फर्किँदै मजदुर। भूकम्पपछि इँटा उद्योग थपिए पनि मजदुरहरूले श्रम ऐनअनुसार पारिश्रमिक नपाएको गुनासो गरेका छन्। *तस्बिर : हरिहरसिंह राठौर/कान्तिपुर*

विदेशबाट फर्केर व्यवसाय

■ नुमा थाम्सुहाङ (काठमाडौं)

अर्घाखाँचीका चन्द्र राई ५ वर्ष मलेसियामा काम गरेर स्वदेश फर्किए। विदेश बसाइले परिवारको खर्च सामान्य रूपमा चल्थ्यो नै तर आफ्नो शरीरमा बल रहेसम्म मात्र त्यहाँ कमाइ गर्न सकिने सोच पलाएपछि उनी स्वदेशमै व्यावसायिक तालिम लिएर काम गर्ने योजना बुन्दै छन्।

राष्ट्रिय लघु, घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रले १५ दिने बेकरी तालिमका साथै फेसन डिजाइन, सिलाइकटाइ, हाते इम्ब्रोइडरी, प्लम्बिङ, मोबाइल मर्मत, हाउस वायरिङ, खेलौना बनाउनेलगायत तालिम सञ्चालन गरिरहेको छ। प्रशिक्षण केन्द्रमा १३ जनाले बेकरीसम्बन्धी आधारभूत तालिम लिइरहेका छन्। तीन दिनदेखि प्रशिक्षण केन्द्रमा तालिम लिइरहेका चन्द्र भन्छन्, 'विदेश बसेर पनि कमाइ राम्रो भएन, नेपालै फर्केर आफ्नै व्यवसाय गर्ने सोच आयो। त्यसैले तालिम लिएर आफ्नै व्यवसाय सञ्चालन गरी आत्मनिर्भर बन्न मन छ।' केन्द्रले निःशुल्क प्रदान गर्ने तालिमबाट फाइदा लिन सकिने उनको भनाइ छ। तालिमपश्चात् केही गर्न सक्ने क्षमता आफूले पनि राख्नुपर्ने तर्क उनको छ। 'मलाई बेकरी परिकारसम्बन्धी पहिलेदेखि नै रुचि थियो, अहिले बजारमा यसको माग पनि छ,' बेकरी तालिम लिनुको कारण खुलाउँदै उनले भने, 'यहाँ हामी निःशुल्क बेकरी तालिम लिन्छौं, बाहिर यसैको ५०/६० हजार रुपैयाँसम्म लिन्छन्। त्यसैले यसको फाइदा हामीले लिन सक्नुपर्छ।'

प्रशिक्षण केन्द्रले मखमलको जुत्ता सिलाइबुनाइसम्बन्धी २ महिनाको तालिम सञ्चालन गरिरहेको छ। त्यसमा पनि १६ जना महिलाले तालिम लिइरहेका छन्। त्यसमध्येकै झापा मेचीनगरकी गृहिणी पूजन मिश्रले सफल महिला उद्यमी बन्न प्रशिक्षण केन्द्रमा आएको बताइन्। 'अहिले मखमलका जुत्ता बिहेका लागि फेसनजस्तै बनेको छ,' उनी भन्छिन्, 'यसैसम्बन्धी तालिम लिएर आफ्नै उद्यम सञ्चालन गरेर महिला उद्यमी बन्ने चाहना छ।'

कोलापुरी, ढाकर, घुमरु, हवाई, पाकिस्तानी र ढाकाको जुत्ताको सिलाइ तथा बुनाइ गरिरहेको उनले बताइन्। तालिम सकिएपछि प्रशिक्षण केन्द्रबाटै उद्यमशीलता विकाससम्बन्धी साता दिनको प्रशिक्षण दिइने भएकाले उद्यमी बन्नका लागि सबै जानकारीले सहज हुन सक्ने उनको भनाइ छ। 'प्रशिक्षण केन्द्रबाट तालिम लिइसकेपछि यहाँबाट पाइएको प्रमाणपत्रले सरकारले हामीलाई प्रोत्साहन गर्नुपर्छ,' उनले थपिन्। प्रशिक्षण केन्द्रको काम भनेको तालिम र प्रमाणपत्र प्रदान गर्ने रहेको प्रशिक्षक खेमबहादुर कार्कीले बताए। 'हामीले सीप सिकाउने र यहाँबाट निर्देशन दिने काम गर्छौं,' उनले भने, 'यहाँ धेरैले तालिम लिएर गइसकेका छन्, ती सबै व्यवसायी भएर काम गर्न सके वा सकेनन् त्यो तालिम लिनेमा भर पर्छ।'

सहकारीको ११ करोड हिनामिना

■ मनोज पौडेल (कपिलवस्तु)

कपिलवस्तु बचत तथा ऋण सहकारी संस्थामा ११ करोड रुपैयाँभन्दा बढी हिनामिना गरिएको छ। हिनामिनाको खबर बाहिरिएसँगै सहकारीले सूचना प्रकाशित गरी कारोबार बन्द गरेको छ। सहकारीका प्रमुख कार्यकारी अधिकृत मुकुन्द बर्माले बचत र कर्जाको गरी ११ करोड रुपैयाँभन्दा बढी अपचलन भएको बताए।

बचतको ८ करोड र कर्जातर्फ ३ करोड रुपैयाँको खुनै अभिलेख संस्थामा नरहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको उनले जानकारी दिए।

चार महिनाअघि नै रकम हिनामिना भएको खुलेको थियो। पदाधिकारीले कर्मचारीसँग सोधपुछ गरेर हिसाब मिलान गर्ने प्रयास गरेका थिए। कतिपयले हिसाब मिलान गरिसकेका छन्। कार्यालय सहायक राजेशकुमार कान्दुले हिसाब मिलान गर्न अटेर गरेपछि घटना बाहिरिएको हो। सहकारी डुबाउँछु भन्दै कान्दुले घटना सार्वजनिक गरेका थिए। त्यसपछि रकम फिर्ता लिन बचतकर्ता सहकारी पुगेका थिए। कार्यालयमा थामी नसक्नु भीड लाग्यो। सहकारीले तरलता अभाव जनाउँदै रकम दिन नसक्ने जानकारी गरायो। सहकारीले नै पत्रकार सम्मेलन गरेर हिनामिनाको जानकारी गराएको थियो।

०५२ मा स्थापना भएको सहकारीको लेखाको नियमअनुसार खातापाता व्यवस्थित थिएन। गत फागुनमा यसको कार्यकारी प्रमुखमा बर्मा नियुक्त भएपछि सहकारीका स्रेस्तामा कडाइ गर्न थाले। कडा अनुगमन र निरीक्षणपछि कर्मचारीले रकम हिनामिना गरिरहेको पत्ता लागेको सहकारीका अध्यक्ष रामेन्द्रसिंह रावलले बताए। कार्यालय सहायक कान्दुले १ करोड ४ लाख ३२ हजार ७ सय १२ रुपैयाँ हिनामिना गरेको प्रमाण फेला परेको कार्यकारी अधिकृत बर्माले बताए।

०७४ असार २१ देखि ०७५ माघ २५ सम्म ४ ठेलीको हिसाब गर्दा कान्दुले उक्त रकम हिनामिना गरेको देखिएको छ। 'अन्य रकम संकलन गरेका ठेली

बचतको ८ करोड र कर्जातर्फ ३ करोड रुपैयाँको अभिलेख संस्थामा भेटिएन

र रजिस्टर गायब पारिएका छन्,' बर्माले भने, 'त्यसको खोजी गरिरहेका छौं।' कान्दुले हिनामिना गरेको रकम बढ्न सक्ने सहकारीले जनाएको छ। गत आर्थिक वर्षसम्म कर्मचारीले संकलन र लगानी गर्ने ऋण रकमको बासलात र लेजरमा उठाउने गर्थे। कारोबारको भौचर तयार गर्थेनन्। लगानीकर्ताको खातामा रकम चढाइन्थ्यो। लेजरमा हिनामिना गरिएको रकम उल्लेख गरिएको थिएन। 'बासलात र लेजर मिलाएर मात्र कारोबार गरिन्थ्यो,' अधिकृत बर्माले भने, 'त्यसकारण ठगी पत्ता लगाउन गाह्रो भयो।'

०७१/७२ मा सहकारीमा नयाँ सफ्टवयेरबाट काम थालियो। पुराना काजगपत्रको अभिलेख नभएकाले अहिले समस्या परेको अध्यक्ष रावलले बताए। गत आवमा संकलन गरिएका र सहकारीमा जम्मा भएको रकममा ६३ लाख ६६ हजारभन्दा बढी फरक परेको छ। अन्य रकम ४ करोड बढीको फरक भेटिएको बर्माले बताए। सहकारीका बचत संकलक श्रवणकुमार गुप्ता (तेली) ले २७ लाख ६९ हजार २ सय हिनामिना गरेको आरोप लागेको छ। बचत संकलक सुन्दरकेशव गुप्ताले १९ लाख ५ हजार र कमलेश बारीले ४ लाख ८२ हजार हिनामिनामा गरेको सहकारीले आरोप लगाएको छ।

श्रवणले १० लाख ११ हजार नगद जम्मा गरेको र बाँकी रकम १७ लाख ५० हजार ऋण देखाएर हिसाब मिलान गरेका छन्। संकलक सुन्दरकेशव गुप्ताले ६ लाख ५५ हजार नगद दाखिला गरेका छन्। १२ लाख ५० हजार ऋण देखाएर हिसाब मिलान गरिएको सहकारीको स्रेस्तामा उल्लेख छ। सहकारीमा निक्षेप संकलन २२/२३ करोड रुपैयाँ छ। 'सहकारीसँग नगद र अन्य सम्पत्ति गरेर २५/२६ करोड रुपैयाँ पुँजी रहेको देखिन्छ,' अध्यक्ष रावलले भने, 'तर, कति हिनामिना भयो यकिन गर्न समय लाग्छ।' यसैबीच रकम हिनामिनाका मुख्य आरोपी कान्दु पक्राउ परेका छन्। सहकारीका सेयर सदस्यले बुधबार जाहेरी दर्ता गराएपछि प्रहरीले उनलाई तौलिहवा बजारबाट पक्राउ गरेको हो। अदालतबाट म्याद थपेर अनुसन्धान थालिएको प्रहरी नायब उपरीक्षक सुनिल मल्लले बताए।

इनबारको उपाध्यक्षमा नेपाल

बेइजिङ (कास)- अन्तर्राष्ट्रिय बाँस तथा निगालो संगठन (इनबार) को उपाध्यक्षमा नेपाल चयन भएको छ। शुक्रबार बेइजिङमा सम्पन्न इनबारको ११ औं परिषद्ले सन् २०१९ देखि २०२१ सम्मका लागि नेपाललाई सर्वसम्मतिले उपाध्यक्ष मुलुकमा चयन गरेको हो। विश्वका ४६ मुलुक सम्मिलित इनबारको अध्यक्षमा अघिल्लो कार्यकालमा उपाध्यक्ष मुलुक रहेको क्यामरुन छनोट भएको छ।

इनबारको परिषद् बैठकमा नेपालका तर्फबाट राजदूत लीलामणि पौड्यालले इनबारको रणनीति सन् २०१५ देखि २०३० सम्मको लक्ष्य प्राप्तिका लागि निरन्तर प्रयास गरिरहेको जानकारी दिए। इनबारले बाँस तथा निगालोमार्फत वातावरण संरक्षण, जनजीविका, दिगो विकासमा सन् १९९७ देखि काम गर्दै आएको छ। मानव जीवनमा बाँसको उपयोगिता धेरै रहेकाले नेपालले पनि बाँसजन्य उत्पादनमा जोड दिएको छ।

नेपाल सरकारले राष्ट्रिय वृक्षरोपण अभियान, बाँस तथा निगालो रणनीति, वन विकास, वातावरण तथा कृषि परियोजनालगायतमा निरन्तर सक्रियता जनाएको कुरा परिषद् बैठकमा जानकारी दिइएको थियो। इक्वेडरका कृषि तथा जनजीविकामन्त्री जाभिएर लाजोले बैठकको अध्यक्षता गरेका थिए।

विज्ञ समूहलाई...

जब कि नेपालले भने तल्लो शारदा निकै तल रहेको र त्यसको पानीको उपभोगको विषयमा सन्धिमा केही उल्लेख नहुँदा त्यसको पानीलाई पनि हिसाब गरेर मात्र पानीको बराबर बाँडफाँट गरिनुपर्ने अडान राख्दै आएको छ।

डीपीआरमा सहमति जुट्न नसकेपछि आवश्यक सल्लाह र सुझाव दिनका लागि विज्ञ समूहसमेत गठन गरिएको थियो। विज्ञ समूहमा नेपालका तर्फबाट जल तथा ऊर्जा आयोगका सचिव र भारतका तर्फबाट केन्द्रीय जलबोर्डका प्रमुख रहने व्यवस्था छ। तर, त्यो विज्ञ समूह पनि विगत करिब दुई वर्षदेखि निष्क्रिया थियो। अहिलेसम्म उक्त समूहका तीन वटा बैठक भए पनि कुनै ठोस निष्कर्षमा पुग्न सकेको छैन। सुरुमा वापकोसले तयार पारेको डीपीआरमा पनि दुवै पक्षबीच पाँच सयभन्दा बढी असहमतिका मुद्दा थिए। विज्ञ समूहका तीन वटा बैठकले ती असहमतिलाई सबा सयमा झारेका छन्। यो परियोजनालाई हेर्ने सबैभन्दा उच्च निकाय गभर्निङ बोर्डको बैठक २०१८ यता बसेको थिएन। दिल्लीमा दुई वर्षपछि गभर्निङ बोर्डको सातौं बैठक बसेको हो। लामो समयदेखि गभर्निङ बैठक नभएको हुँदा पछिल्लो बैठकले लामो समयदेखिको संवादहीनताको अवस्थालाई अन्त्य गरेको सचिव घिमिरेले बताए। 'बैठकमा विज्ञ समूहलगायतको विषयमा टुंगोमा पुगिएको छ। अन्य प्रशासनिक निर्णयहरू पनि गरिएका छन्। त्योभन्दा पनि लामो समयदेखिको संवादहीनता अन्त्य भएको छ,' उनले भने।

बैठकले सन् २०१८ यताको प्राधिकरणको तीन वर्षका लागि २३.५ करोड रुपैयाँको बजेट पारित गरेको छ। परियोजनाको बजेटका लागि नेपाल र भारतको संयुक्त कोषबाट विनियोजन गर्ने व्यवस्था छ। बैठकले प्राधिकरणको लेखापरीक्षण चाँडो गर्ने समेत सहमति गरेको छ। प्राधिकरण गठन भएयता (सन् २०१५) देखि लेखापरीक्षण भएको थिएन। लेखा परीक्षण नहुँदा प्राधिकरणको खर्च बेरुजु देखिँदै आएको छ। यस विषयमा संसद्मा पनि कुरा उठेको थियो। नेपालले लेखापरीक्षण गर्न ताकेता गर्दै आए पनि भारतले चासो नदेखाउँदा यो विषय त्यत्तिकै थाँती रहेको थियो। गभर्निङ बोर्डको बैठकमा भारत सरकारले त्यसको प्रक्रिया सीएजीले लेखापरीक्षणको प्रक्रिया खुलाएर नेपाललाई पठाउने र त्यो नेपालबाट स्वीकृत भएपछि संयुक्त लेखापरीक्षण सुरु हुनेछ।

हार्दिक समवेदना



जन्म: १९५४/१२/१४
स्वर्गारोहण: २०७६/०८/०२

स्व. बुद्धि बहादुर श्रेष्ठ

यस सिद्धि विनायक गणेशस्थान व्यवस्था समिति अन्तरगत दैनिक भजन मण्डलका संस्थापक सदस्य श्री बुद्धि बहादुर श्रेष्ठको असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

इन्द्र बहादुर श्रेष्ठ (अध्यक्ष)
सिद्धि विनायक गणेशस्थान व्यवस्था समिति
सिनामंगल-५, काठमाडौं।

तिलिचो उक्लिँदै पर्यटक

सडकको सुविधाले यात्रा सहज

■ आश गुरुङ (लमजुङ)

केही वर्षअघिसम्म तिलिचो (४,९१९ मिटर) सम्म जान निकै सकसको सामना गर्नुपर्थ्यो। मनाङमा सडक पुगेको थिएन। लमजुङको बेंसीसहरबाट १० दिनमा हिँडेर तिलिचो पुगिन्थ्यो। करिब ६ वर्षअघि चामेसम्म जिप चल्यो। ४ वर्षअघि माथिल्लो मनाङसम्मै पुग्यो। खाङसारसम्म जिप चल्न थालेको ३ वर्ष भयो। सडकको सहज पहुँचले अहिले तिलिचोसम्म पुग्ने पर्यटक बढेका छन्।

पर्यटन व्यवसायी समिति मनाङका अध्यक्ष विनोद गुरुङका अनुसार माथिल्लो मनाङ र खाङसारसम्मै मोटरबाटो बनेपछि तिलिचो उक्लने आन्तरिक पर्यटकको संख्या हवात्तै बढेको छ। 'कोही जिप रिजर्भ गरेर आउँछन्। कोही बाइकमै आउँछन्,' उनले भने, 'पहिले बाह्य पर्यटक जाने तिलिचोमा पछिल्लो समय नेपाली पर्यटक बढी मात्रामा देखिन्छन्।'

पर्यटन व्यवसायीका अनुसार मनाङका प्रायः होटल पर्यटकले भरिभराउ छन्। 'यो पर्यटकीय सिजन हो। विदेशी पर्यटक आगमनको संख्या उल्लेख्य छ। नेपालीको संख्या पनि उत्तिकै छ,' विनोदले भने। उनका अनुसार नेपाली पर्यटक धेरै मात्रामा तिलिचो जान रुचाउँछन्। ५ देखि १० प्रतिशत मात्रै थोराङ्ला (५,४१६ मि.) भञ्ज्याङ उक्लेर मुस्ताङ हुँदै जाने गरेका छन्।

यो बेला मौसम सफा हुने भएकाले धेरैजना तिलिचो जाने सपना बुन्छन्। मर्स्याङ्दी गाउँपालिका-३ खुदीका ऋषिराम बस्नेतले तिलिचोमा खुलेको मौसमले निकै प्रभावित र आनन्दित तुल्याएको बताए। 'म दुबईमा छँदै तिलिचो जाने मन थियो। मौसम खुलेपछि तिलिचो पुगें,' उनले भने।

मनाङको मनाङडिस्याङ गाउँपालिका-९ मा पर्ने तिलिचो ताल। यो ताल समुद्री सतहदेखि ४ हजार ९ सय १९ मिटर उचाइमा अवस्थित छ। *तस्बिर : कान्तिपुर*

खुदीबाट चामे-खाङसार, बेसक्याम्प हुँदै तिलिचो पुगेको उनको पाँच जनाको टोली घर फर्किंदा ५ दिन लाग्यो। 'पहिले एकतर्फी १० दिन लाग्ने तिलिचो अहिले ५ दिनमै गएर फर्किन भ्याइने रहेछ,' उनले भने।

बेंसीसहर नगरपालिका-२ चिसापानीका हिरासिंह गुरुङका अनुसार तिलिचो जाँदा साथी र औषधी अत्यावश्यक छ। 'लेक लागेर बिरामी भइहाले समस्या हुन सक्छ। लेक चढ्नुअघि पूर्वतयारी गर्नुपर्छ,' उनले भने। बेसक्याम्पमा २ होटल छन्। कोही टेन्ट टाँगेर पनि बस्छन्। पर्यटक धेरै भएका बेला डाइनिङमा समेत बस्न बाध्य भएको होटल व्यवसायी बताउँछन्।

मोटरबाटो पुगेसँगै निजी सवारी लिएर पर्यटक खाङसार पुग्ने गरेका छन्। खाङसारबाट भने पैदल हिँड्नुपर्छ। मनाङ डिस्याङ-९ का वडाध्यक्ष रिन्जेनदोर्जे गुरुङले विदेशीभन्दा स्वदेशी पर्यटक बढी आउने गरेको बताए। दैनिक २ सय बढी पर्यटक आएको अनुमान उनले गरे।

गाउँपालिका अध्यक्ष कान्छा घलेका अनुसार विदेशी पर्यटक पहिले पनि हिँडेरै मनाङ आउँथे। 'विदेशी त हिँडेर पनि आउँथे। सडक बनेपछि स्वदेशी पर्यटक बढी आउने गरेका छन्,' उनले भने।

एक्याप भ्राका चेकपोस्टका पर्यटन सहायक क्षेत्र गुरुङका अनुसार चक्रीय अन्नपूर्ण पदमार्गमा दैनिक २ सय ५० भन्दा बढी विदेशी पर्यटक आउने गरेका छन्। नेपालीको भने रेकर्ड राखिएको छैन। स्थानीयका अनुसार तिलिचो संसारमै चलेको नाम र उच्च स्थानमा भएर पनि पर्यटक आउन रुचि राख्छन्। एक्याप संरक्षण अधिकृत बाबुलाल तिरुवाका अनुसार चारैतिर देखिने गरी तिलिचो, नीलगिरि, खाङसार, मुक्तिनाथलगायत हिमाल छन्।

उपनिर्वाचन...

प्रदेशसभातर्फ भक्तपुर १(१) बाट निर्वाचित हरिशरण लामिछाने र बागलुङ २(२) बाट निर्वाचित टेकबहादुर घर्तीमगर तथा दाङ ३(२) बाट निर्वाचित सदस्य उत्तरकुमार वलीको निधनका कारण ती स्थानमा उपनिर्वाचन हुँदैछ। लामिछाने र वली एमालेबाट र घर्ती जनमोर्चाबाट विजयी भएका थिए।

०७४ को प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा तत्कालीन एमाले, माओवादी केन्द्र र जनमोर्चाबीच चुनावी तालमेल थियो। एमाले र माओवादी केन्द्र एकीकरण भइसकेको छ। एकीकृत पार्टी नेकपाले उपचुनावमा जनमोर्चासँग गठबन्धन गरेको छ।

स्थानीय तहतर्फ धरान उपमहानगरको प्रमुखमा विजयी तत्कालीन एमालेका तारा सुब्बा, मकालु गाउँपालिका अध्यक्षमा विजयी एमालेका खड्कबहादुर कटुवाल, फाल्गुनन्द गाउँपालिका अध्यक्षमा कांग्रेसका अमरकुमार नेम्वाङ र महोत्तरीको पिपरामा राजपाबाट विजयी गाउँपालिका अध्यक्ष विनोदकुमार चौधरीको निधनका कारण ती पदका लागि उपनिर्वाचन हुन लागेको हो।

प्रदेशसभाका तीनवटा निर्वाचन क्षेत्रमा १५ र स्थानीय तहका विभिन्न पदका लागि २० राजनीतिक दलले चुनावमा भाग लिएका छन्। तीनवटै तहका गरी ३ सय ३७ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। त्यसमध्ये राजनीतिक दलका २ सय ५३ जना र अन्य स्वतन्त्र उम्मेदवार छन्।

प्रतिनिधिसभातर्फ ३२ मतदान स्थलमा ८२ मतदान केन्द्र, प्रदेशसभातर्फ ७८ मतदान स्थलमा १ सय ७४ मतदान केन्द्र र स्थानीय तहतर्फ १ सय ३७ मतदान स्थलमा २ सय ८१ मतदान केन्द्र रहेको आयोगले जनाएको छ। उपनिर्वाचन हुने क्षेत्रमा ४ लाख ५४ हजार १ सय १४ जना मतदाता छन्। त्यहाँ १६ हजार २ सय १९ नयाँ मतदाता थपिएका छन्।

बदर मत घटाउने चुनौती

०७४ मा प्रतिनिधिसभाको प्रत्यक्षतर्फ ५ दशमलव १८, प्रदेशसभाको प्रत्यक्षतर्फ ४ दशमलव १६ र स्थानीय तहमा १२ दशमलव ५ प्रतिशत मत बदर भएको थियो। यसबाट आयोगले चलाएको मतदाता शिक्षा र मतपत्रको डिजाइनमाथि नै प्रश्न उठ्यो। प्रमुख निर्वाचन आयुक्त थपलियाले उपनिर्वाचनमा बदर मत प्रतिशत त्यतिबेला जस्तो नहुने दाबी गरेका छन्। मतदाता शिक्षा प्रभावकारी ढंगले चलाइएको तथा उपनिर्वाचनको मतपत्र सानो र छरितो भएकाले मतदाता नभुक्किने उनको विश्वास छ।

कास्की-२ मा अघिल्लो निर्वाचनमा ३ प्रतिशत अर्थात् १ हजार ४ सय ६४ मत बदर भएको थियो। प्रदेशसभा भक्तपुर १(१) मा २ दशमलव ६६, दाङ ३(२) मा ४ दशमलव ४८ प्रतिशत र बागलुङ २(२) मा ५ दशमलव १७ प्रतिशत मत बदर भएको थियो। स्थानीय तहको निर्वाचन हुन लागेका क्षेत्रमा औसत १० प्रतिशत मत बदर भएको थियो। २ देखि ३ प्रतिशत बदर मतलाई स्वाभाविक र त्यसभन्दा माथिलाई अस्वाभाविक मान्छन् पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ। बदर मत प्रतिशतलाई न्यून बनाउन निर्वाचन आयोग, राजनीतिक दल, उम्मेदवार र स्वयं मतदाताको विशेष सक्रियता जरुरी हुने उनले बताए।

वडादेखि प्रतिनिधिसभाका मतपत्र अलगअलग छन्। प्रत्येक मतपत्रमा एक/एक जनालाई मात्रै मतदान गर्नुपर्नेछ। ०७४ को स्थानीय तह निर्वाचनमा एउटै मतपत्रमा सात जनालाई मतदान गर्नुपर्ने, प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा धेरै चिह्न नबाट एक जनालाई मतदान गर्नुपर्ने अवस्था थियो।

परिचयपत्र नहुनेलाई विकल्प

नामावलीमा नाम समावेश भएका मतदातासँग मतदाता परिचयपत्र नभए नागरिकता, राष्ट्रिय परिचपत्र, राहदानी, सवारी चालक अनुमतिपत्र वा सरकारी निकायबाट फोटोसहित जारी भएका अन्य कुनै वैध परिचयपत्रका आधारमा मतदान गर्न पाउने आयोगले जनाएको छ। मतदाता नामावली तथा मतदाता परिचयपत्रमा भएको विवरणमा सामान्य त्रुटि पाई त्यसलाई 'सानोतिनो भूलचुक' मानी सरकारबाट जारी अन्य परिचयपत्रलाई समेत आधार मानेर मतदानको व्यवस्था मिलाइने आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले बताए।

६ वर्षमा...

हालै सशस्त्र प्रहरीले भारत र चीनतर्फ सीमा अपराध र तस्करी नियन्त्रण गर्न भन्दै ६३ चेकप्वाइन्टमा सुरक्षाकर्मी तैनाथ गर्न प्रस्ताव गरेको छ। भारततर्फका १ सय ७ नाकामा सशस्त्र प्रहरीका बोर्डर अब्जर्भर पोस्ट (बीओपी) र त्यति नै संख्यामा नेपाल प्रहरीका सीमा सुरक्षाचौकी तैनाथ छन्। तर सुन तस्करी नियन्त्रणमा प्रभावकारी काम हुन सकेको छैन। पूर्वडीआईजी मल्ल भन्छन्, 'सुन, डलर र लागूऔषध तस्करी कुनै एक पक्षको मात्रै मिलेमतोमा हुँदैन।'

प्रहरी प्रवक्ता डीआईजी विश्वराज पोखरेलले प्रहरी सक्रियताकै कारण ६ वर्षमा करिब ६ क्विन्टल सुन बरामद भएको जानकारी दिए। 'प्रहरीको सक्रियता थिएन भने यतिधेरै तस्करीको सुन बरामद हुने थिएन,' उनले भने, 'तस्करी नियन्त्रणमा जति काम भएको छ, त्यसलाई अझ सशक्त बनाउनुपर्छ, यसप्रति हामी सचेत छौं, पहल पनि भइरहेको छ।'

कमिसन कटौतीले सुराकी निष्क्रिय

सरकारले अवैध सामान बरामदबापत उपलब्ध गराउने कमिसन घटाएपछि सुन, विदेशी मुद्रा तथा भन्सार छली नियन्त्रणमा कमी आएको प्रहरीका एक अधिकृतले बताए। सुराकी भत्तामा कटौती भएपछि सूचना दिनेहरू नै बिच्किएको ती अधिकारीको भनाइ छ। 'सूचना दिएबापत आकर्षक लाभ पाइने लोभमा सुराकीले अनुसन्धानमा सहयोग गर्थे,' ती अधिकारीले भने, 'तर सरकारले सुराकीमा १५ प्रतिशत वा १५ लाखमध्ये जुनमा कम रकम हुन्छ, त्यसकै आधारमा सुराकी भत्ता दिने नियम ल्याएपछि त्यसको असर तस्करी नियन्त्रणमा परेको छ।'

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले बरामद गरेको ३५ केजी सुनका सुराकीबारे विवाद भएपछि सरकारले सुराकीसम्बन्धी व्यवस्थामै परिवर्तन गरेर १५ लाख वा १५ प्रतिशतमध्ये कम हुन आउने रकम सुराकी खर्च दिने प्रावधान ल्याएको थियो। तत्कालीन व्यवस्थापिका-संसद्को सार्वजनिक लेखा समितिको निर्देशनअनुसार आर्थिक वर्ष ०७३/७४ देखि लागू हुने गरी विगतको कमिसन प्रावधान परिमार्जन गरी नयाँ व्यवस्था ल्याइएको थियो। पहिले सुराकीलाई १५ प्रतिशत र अनुसन्धानमा संलग्न सुरक्षाकर्मी तथा कर्मचारीलाई १० प्रतिशत दिने प्रावधान थियो।

राष्ट्रिय सभामा हाल विचाराधीन राजस्व चुहावट ऐन २०५२ लाई संशोधन गर्न बनेको विधेयकमा भने सुराकी खर्चमा केही बढाउने प्रावधान छ। प्रतिनिधिसभाबाट पारित भई राष्ट्रिय सभामा पुगेका विधेयकको दफा २९ मा सुन, हिरा, जवाहरातको हकमा मुद्दा किनारा लागेपछि १० प्रतिशत र अन्य मालवस्तुको हकमा २० प्रतिशतले हुन आउने रकम सुराकी खर्च दिइने प्रस्ताव छ।

पूर्वडीआईजी मल्लले पनि सुराकीको लोभमा सूचना दिने मानिसहरूले आकर्षक रकम नपाउने भएपछि जोखिम मोल्न छाडेको हुन सक्ने बताए। 'पहिले सुराकी दिनेहरू पैसाको लोभमा सम्पर्कमा आउँथे, त्यो अहिले कमी भएको छ,' मल्लले भने, 'सबै किसिमका तस्करी र अपराध नियन्त्रणमा सुराकी परिचालनलाई राज्यले पहिलो प्राथमिकतामा राख्नुपर्छ।'

लुकाइयो प्रतिवेदन

उर्लाबारीका सनम शाक्यको ०७४ फागुनमा हत्या भएपछि गृह मन्त्रालयका सहसचिव ईश्वरराज पौडेलको संयोजकत्वमा गठित छानबिन समितिले विमानस्थल, चीन र भारतसँग नाका जोडिएका स्थानबाट सुन तस्करी हुने गरेको भन्दै नियन्त्रणमा प्रभावकारी कदम चाल्न सुझाव दिँदै प्रतिवेदन बुझाएको थियो। प्रतिवेदन गृह मन्त्रालयमै थन्किएको छ। सुन तस्करबाटै मारिएपछि गृह मन्त्रालयले सुन तस्करीबारे छानबिन गर्न सहसचिव ईश्वरराज पौडेलको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। समितिले ०७५ साउन १४ गते गृहमन्त्री रामबहादुर थापासमक्ष ७ सय ५२ पृष्ठ लामो प्रतिवेदन बुझायो। त्यसलाई अझै गोप्य राखिएको छ। गृह मन्त्रालय स्रोतका अनुसार प्रतिवेदनमा २ सय ९२ जनालाई सुन तस्करीको आरोपमा छानबिन गर्न सिफारिस गरिएको छ।

प्रतिवेदनमा सुन तस्करी नियन्त्रणमा हुन्डी, डलर कारोबार, म्यानपावर व्यवसायी, शैक्षिक परामर्शदाता संस्था, विदेशबाट वस्तु आयात गर्ने व्यापारी, सुन पसलेलगायत माथि सूक्ष्म अनुसन्धान गर्नुपर्ने उल्लेख छ। त्यस्तै सीमानाका नियमन, अनुगमन र प्रविधिको प्रयोगलाई पनि बढाउन सिफारिस गरिएको छ। तर गृहले समितिको सिफारिसअनुसार काम गरेको छैन।

'समितिले निकै मिहिनेत गरेर प्रतिवेदन बुझाएको छ, यसलाई विस्तारै कार्यान्वयनमा लैजाने कुरा भइरहेको छ,' गृह स्रोतले भन्यो, 'यससँग जोडिएका कतिपय आरोपितको मुद्दा अदालतमा विचाराधीन भएकाले सिफारिस कार्यान्वयनमा केही जटिलता थपिएको छ।' स्रोतका अनुसार समितिले राज्यले निर्धारण गरेको कर लिएर सुन आयातमा खुकुलो नीति अवलम्बन गर्न पनि सिफारिस गरिएको छ। सुन पसलेलाई प्रभावकारी नियमन गर्नुपर्ने, हुन्डी कारोबारीमाथि कठोर कानुन ल्याउनुपर्ने लगायतका सिफारिस पनि गरिएको छ।

वडाध्यक्षको निधन

संखुवासभा (कास)- चैनपुर नगरपालिका-२ का वडाध्यक्ष काजी शेर्पाको निधन भएको छ। नगर प्रमुख भरत खत्रीका अनुसार ४९ वर्षीय वडाध्यक्ष शेर्पाको बिहीबार राति १२ बजे उनकै निवास मयुममा निधन भएको हो। क्यान्सर रोगबाट पीडित शेर्पा आठ महिनादेखि उपचाररत थिए। शिक्षकको जागिरबाट अवकाश लिएर उनले साविक एमालेबाट चुनावमा भाग लिएका थिए। मयुममै उनको शुक्रबार अन्त्येष्टि गरिएको छ।

आवश्यक्ता सम्बन्धि सूचना

साँग्रिला अर्फनेज होम एक राष्ट्रिय स्तरको गैर सरकारी संस्था हो यस संस्थाले सञ्चालन गरेको आवसीय बालगृह चापागाउँ ललितपुरमा आवसीय सेवाको लागि केयर टेकर पदमा एक जना आवश्यक भएकोले एस.एल.सी. उर्तिण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा १ बर्ष अनुभव भएका २५ बर्ष भन्दा माथिको योग्य व्यक्तिहरुले निम्न ठेगानामा मिति २०७६ साल मंसिर २७ गते सम्ममा आवेदन दिनको लागि अनुरोध गरिन्छ।

इमेलः **application@waisenkind.de** कृपया तल उल्लेख गरे अनुसारको ठेगानामा गई बिस्तृत जानकारी लिन सकिन्छ।

http://shangrila.org.np/index.php/news-events/

शर्टलिष्ट भएका उमेद्धारलाई मात्र लिखित तथा अर्न्तवार्तामा बोलाइने छ।

कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०७६/०८/१४

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोबार गर्न ईजाजतप्राप्त प्रादेशिक (प्रदेश नं.२) स्तरको संस्था हो। यस संस्थाको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुका लागि देहाय बमोजिमको जनशक्ति आवश्यक भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट बिज्ञापन प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी बायोडाटा संलग्न गरी रितपुर्वक दरखास्त आहवान गरिन्छ।

विज्ञापन नं.	पद	श्रेणी	संख्या	आवश्यक न्यनतम योग्यता र अनुभव/शैक्षिक योग्यता
०१/२०७६/७७ (खुल्ला)	प्रमुख कार्यकारी अधिकृत	व्यवस्थापकीय	१	व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्याङ्शास्त्र, प्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थाको व्यवस्थापकीय श्रेणीमा कम्तिमा ३ वर्ष कार्यअनुभव भएको। वा व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्याङ्शास्त्र, प्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी बैंक तथा वित्तीय संस्थाको अधिकृत वा सो भन्दा माथिको पदमा कम्तिमा १० वर्ष कार्यअनुभव भएको।

परीक्षाको किसिम : अन्तरवार्ता तथा व्यवसाय योजनाको प्रस्तुतिकरण।

आवेदन पठाउने ठेगाना : आवेदन साथ बायोडाटा, अन्तिम शैक्षिक प्रमाणपत्र, तथा कार्यअनुभव पुष्टि हुने प्रमाणपत्र सहित **slbs.vacancy@gmail.com** मा उल्लेखित मिति भित्र आइपुग्ने गरी पठाउनु पर्नेछ। रित नपुगी वा म्यादनाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन। रितपुर्वक प्राप्त दरखास्त मध्ये छोटो सुचीमा परेका उम्मेदवारहरुलाई मात्र छनौट प्रक्रियाको लागि सम्पर्क गरिनेछ।

○ नोट : कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।

पदपुर्ति समिति
स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय लहान, सिराहा।

Vacancy Announcement

A Well established company is seeking for highly motivated, efficient, energetic and competent candidates having 3-4 years experience in its related field for following posts meeting below required criteria.

Accountant: No. 2
- Graduate/Post Graduate in Finance/Accounting
- Sound Knowledge of Swastik Software, Taxation, Company Act & Stock Market.
- Minimum 4 years of experience in related field.

Supervisor:No. 2
- Minimum 3 years experience in retail and wholesaler.
- Demonstrates Management and staff training abilities.

Cashier: No. 2
- Minimum Bachelor's Degree.
- Minimum 3 years relevant experience in related field.

Storekeeper: No. 2
- Minimum Bachelor's Degree.
- Minimum 3 years of experience in related field.

Sales Boy/Girl: No. 2
- Intermediate/Graduate, having pleasant personality, Good Knowledge about customer handling. Motivated and confident.

Please email or post your resume within 7 days to:

Kuleshwor-14, Kathmandu, Nepal
Phone No: - +977-1-4287814, 4285783
Email: - gautamshreegroup@gmail.com

VACANCY with Boundless Opportunities

If you are young, smart, dynamic and eager to build a career in pharmaceutical marketing, you might be just who we are looking for.
Grace Pharmaceutical Pvt. Ltd., is all set to launch its new division ARTA,with focus on cardio-diabetic segment. We offer following openings:

Medical Sales Officer (MSO): 11 nos.

Job Location: Kathmandu, Dharan, Biratnagar, Birgunj, Narayanghat, Pokhara, Butwal, Nepalgunj.
Qualification: Graduate in any discipline, preferably BSc/BPharm, with good interpersonal skills, valid driving license and having 2 wheeler.
Experience: No experience bar for deserving candidates. Freshers are encouraged to apply.

Area Sales Manager (ASM): Few

Job Location: Various headquarters.
Qualification & Experience: Graduates having one year experience in same post or MSO having experience of more than 3 years.

Candidates meeting the above requirements are encouraged to apply with updated CV along with cover letter and recent pp size photo no later than 30th Mangsir 2076 to **gracepharma2019@gmail.com** or contact to our **marketing office: 01-5172167.**

Note: Only shortlisted candidates will be called for interview.

VACANCY

National Healthcare Pvt. Ltd., one of the leading pharmaceutical companies of Nepal, invites application from suitable candidates for its marketing divisions.

Post	**Medical Sales Officer**
Qualification	**B.Sc. / B. Pharm or equivalent**
Divisions & Headquarters	**National : Dang** **Maxima Eye : Biratnagar** **Spectra-Rojo : Janakpur**

If you have excellent communication skills, ability to work in a team & willingness to work in odd hours, then please drop your CV via e-mail or to the following address by **2076-08-20.**

National Healthcare

Kamalpokhari, Kathmandu, Nepal. Tel: 01-4444878
E-mail: mkt@nationalhealthcare.com.np

Note: *Only shortlisted candidates will be called for the interview.*

UNOPS
Vacancy Announcement

UNOPS is seeking an application from experienced professionals for the position of Human Resources Officer based in Kathmandu.

For detailed Terms of Reference and to apply for this position, go to this link: **https://jobs.unops.org/Pages/ViewVacancy/VADetails.aspx?id=18868#6**
The closing date for application is **15 December 2019**

NOTE:
- Applications will only be accepted through the link provided above.
- Qualified Female candidates are strongly encouraged to apply.
- Work life harmonization - UNOPS values its people and recognizes the importance of balancing professional and personal demands. We have a progressive policy on work-life harmonization and offer several flexible working options.
- UNOPS offers a variety of arrangements that enable women to excel in their careers, including flexible working hours for work-life balance, maternity leave, childcare facilities, and career coaching. UNOPS ensures a safe and inclusive working environment for women and men through field security training and measures to provide secure working arrangements on-site and in the office.

MILLENNIUM CHALLENGE ACCOUNT NEPAL (MCA-NEPAL)

SPECIFIC PROCUREMENT NOTICE (SPN)

Country	Nepal
City Locality	Kathmandu
Project Name	Electricity Transmission Project
Procurement Title	**Land Acquisition Expert – Two Positions**
Procurement Ref. Number as per Procurement Plan	MCA-N/ETP/ICS/034
Type of Procurement	**Individual Consultants Selection (ICS)**
MCA Entity	Millennium Challenge Account Nepal (MCA-Nepal)
First Publication Date (on newspaper)	30 November 2019
Submission Deadline	**23 December 2019, 15.00 Hours Nepal local time (GMT+5:45)**

The Millennium Challenge Account Nepal (MCA-Nepal) has received a grant from the Millennium Challenge Corporation (MCC) (the "Compact") in an amount of US$500 million and intends to apply part of the proceeds toward payments under the contract to be awarded for **"Land Acquisition Expert – Two Positions".**

MCA-Nepal invites the interested eligible consultants for submission of CV/ qualifications and experience with financial proposal to provide the consultant services as **"Land Acquisition Expert – Two Positions".**

The summary of required qualifications and experience for the Consultant to be considered are mentioned below. Additional details are provided in the Letter of Invitation (LoI) and Terms of Reference (ToR).

#	Required Qualifications
1	Minimum Bachelor' degree in any field, a Master's degree will be an added advantage.
2	Ten years' of general experience with at least 5 years experience in the field of land acquisition, compensation, rehabilitation, and resettlement planning and implementation associated with major construction projects of a similar nature.
3	Working experience with affected communities, people and local government line agencies and in rural areas.
4	Familiarity with international environmental and a social safeguard guidelines and policies of major donors, including IFC Performance Standards on Environmental and Social aspects.

Procurement will be conducted through the **Individual Consultants Selection (ICS)** method as specified in the MCC Program Procurement Guidelines (PPG), and is open to all eligible bidders or consultants as defined in the PPG.

A complete set of Letter of Invitation (LoI) document may be obtained by interested consultant upon the submission of a written request via email with subject: **Land Acquisition Expert – Two Positions** (MCA-N/ETP/ICS/034) at the following address:

MCANepalPA@cardno.com with cc to **MCANepalPA@mcanp.org**

The consultant who will submit written request to MCA-Nepal Procurement Agent to email MCANepalPA@cardno.com and cc MCANepalPA@mcanp.org will be provided with the complete set of Letter of Invitation (LoI) documents and a Dropbox File Request Link (FRL) where the consultant shall upload the complete set of application files (Application/ Cover letter, CV in one pdf file, and financial proposal with breakdown and Biographical data sheet with supporting documents (password protected) in second pdf file using the four (4) forms provided). The consultant shall submit his/her CV/qualifications and experience and financial proposal no later than **23 December 2019, 15:00 Hours Nepal local time (GMT+5:45).** CV/qualifications and experience and Financial proposal shall be submitted only via File Request Link (FRL) provided to the consultant by email. The submission through other means such as hard copy or email shall not be accepted. The provided file request link (FRL) for uploading the CV/qualifications and experience and financial proposals will expire on the date and time of the deadline for submission, thus no late submission will be received. Detailed procedure for submission is mentioned in **Annex 1** of the LoI document.

Contact Information:

The address referred to above is:	Millennium Challenge Account Nepal (MCA-Nepal) Yak and Yeti Hotel Convention Center, Durbar Marg, Kathmandu, Nepal
Attention:	Procurement Agent
E-mail:	MCANepalPA@cardno.com, MCANepalPA@mcanp.org
Website:	www.mcanp.org

actionaid

एक्सनएड इन्टरनेशनल नेपाल केन्द्रीय कार्यालय काठमाण्डौको

विविध सामाग्रीहरु लिलाम बिक्री सम्बन्धी सूचना

एक्सनएड इन्टरनेशनल नेपाल, केन्द्रीय कार्यालय काठमाण्डौमा रहेका कार्यालयका सामाग्रीहरु जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बोलकबोल प्रथाद्वारा बिक्री गरिने भएकोले इच्छुक महानुभाव तथा संघ-संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल
- फर्निचरहरु
- विद्युतिय उपकरणहरु

लिलाम हुने स्थान : एक्सनएड इन्टरनेशनल नेपाल केन्द्रीय कार्यालय काठमाण्डौको
फोन नं. : ४००२१७७
लिलाम हुने मिति : २१ मंसिर २०७६ (७ डिसेम्बर २०१९)
लिलाम हुने समय : बिहान १०:०० बजेदेखि दिउसो ३:०० बजेसम्म

नोटः सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति, संघ-संस्थाहरुले आफुले सकारेको रकम सोही दिन नगद भुक्तानी गरि सामाग्रीहरु ३:०० बजे भित्र उठाइ सक्नु पर्नेछ। अन्यथा यस संस्था जिम्मेबार हुने छैन।

WFP World Food Programme

REQUEST FOR EXPRESSION OF INTEREST (EOI)
Professional Security Services for WFP and participating UN agencies in Nepal

The United Nations in Nepal and its programmes located in Kathmandu and other locations in the country, wish to procure round-the-clock professional security services to provide protection to UN employees, office facilities, property and equipment from damage or loss from theft, violent attack, riots, mobs, fire hazards etc.,

WFP hereby seeks an Expression of Interest from national and international suppliers that have minimum four years of proven experience in providing security services and that are legally constituted and formally registered as security companies in Nepal.

The interested suppliers may obtain the Supplier Registration Form, free of charge, from the WFP Country office in Kathmandu from Monday to Friday or this can be requested from email address **Nepal.Procurement@wfp.org.** The form should be accompanied with the completed documents as required and returned to the World Food Programme Office, PO Box: 107, Chakupat, Lalitpur or to the aforementioned email address by 31 Dec 2019.

Eligible suppliers, who meet all of the pre-qualification criteria, may be invited to participate in a competitive tender exercise (Request For Proposal).

You are kindly reminded to ensure that the Expression of Interest IS NOT ACCOMPANIED BY ANY DOCUMENTATION CONTAINING A FINANCIAL PROPOSAL OR QUOTATION. Inclusion of a financial proposal in the EOI will lead to exclusion from tender.

नेपाल समूह चरणबाटै बाहिर



राखेप कभर्डहलमा शुक्रबार नेपाली खेलाडी (रातो) को स्पाइक रोक्दै भारतीय खेलाडी । नेपालले भारतसँगको उक्त खेल सोझो सेटमा गुमाएको थियो । *तस्बिर : इलिट जोशी/कान्तिपुर*

कान्तिपुर संवाददाता (काठमाडौं)

समूहको आफ्नो दोस्रो खेलमा शुक्रबार भारतसँग पराजित भएपछि नेपाली पुरुष भलिबल टोली १३ औं दक्षिण एसियाली खेलकुदबाट बाहिरिएको छ । नेपालले ३-० को सोझो सेटमा पराजित भयो । समूह 'ए' मा रहेको नेपाल पहिलो खेलमा बंगलादेशसँग ३-२ को सेटमा खेल हारेको थियो ।

सेमिफाइनलमा पुग्ने लक्ष्य लिएको नेपालले सागअघि भारतीय टोलीसँग उसकै भूमिमा अभ्यास गरेको थियो । तीन मैत्रीपूर्ण खेलमा नेपालले एक सेट जितेको थियो । अरु सेटमा कडा चुनौती दिएको थियो । प्रतियोगितामा भने भारत एकपक्षीय हाबी भयो । त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा घरेलु टोलीले कुनै पनि सेटमा चुनौती दिन सकेन । नेपालले २५-१५, २५-१२, २५-१६ ले खेल गुमायो ।

खेलपछि पत्रकार सम्मेलनमा नेपाली टोलीका उपकप्तान कुलबहादुर थापाले भावनात्मक तर्क गरे । उनले भारतजस्ता बलिया टिमविरुद्ध प्रतिस्पर्धाका लागि योग्य बनाउन भलिबलमा दीर्घकालीन लगानी थप्नुपर्ने र आफूभन्दा बलिया टोलीसँग पर्याप्त खेल अनुभवको व्यवस्था मिलाउनुपर्ने बताए ।

'हामीलाई सरकारबाट पनि राम्रो लगानी छैन । प्रतियोगिता खेल्न जर्सीका लागि प्रायोजक खोज्नुपर्ने लज्जास्पद अवस्थामा हामी छौं अनि भारतलाई हराओस् भन्ने कामना पनि गर्छौं,' प्रतियोगितामा कोर्टमा उत्रन नपाएका उपकप्तान कुलबहादुरले प्रश्न गरे, 'भारतजस्तो टिमलाई पराजित गर्ने सामर्थ्य जुटाउन त्यहीअनुसार लगानी खोइ ?'

प्रतियोगिताका लागि नेपाली टिमलाई टिपटपले जर्सी, ट्र्याकसुट तथा भलिबल संघ जापान शाखाका अध्यक्ष नवीन गुरुङले किट ब्याग प्रायोजन गरेका थिए ।

पर्याप्त सुविधा र खेल अनुभव भएमा अबको ४-५ वर्षसम्ममा नेपालले भारतलाई हराउन सक्ने दाबी कुलबहादुरको छ । 'हामीले हामीभन्दा बलिया टोलीसँग नियमित खेल्न पाएका छैनौं । ४० वर्षपछि एसियाली खेलकुदमा गत वर्ष खेलेका हौं । नत्र सेन्ट्रल जोन र सागमात्र,' उनले थपे, 'हामीले हाम्रो भविष्यबारे चिन्ता नगरी खेल्ने वातावरण भयो र भलिबलमा सरकारको लगानी राम्रो भयो भने ४-५ वर्षसम्म भारतलाई हराउन सक्ने हुन्छौं ।'

यसअघि बंगलादेशसँग पराजित भएपछि कप्तान इम रानामगरले पनि बारम्बार प्रशिक्षक परिवर्तन हुनुले रणनीतिक रुपमा तयारी गर्न कठिन भएको बताएका थिए । गत वर्षको एसियाली खेलकुदमा डी जोङ प्रशिक्षक थिए । साउनमा सम्पन्न एसियन सिनियर मेन्स सेन्ट्रल जोन भलिबलमा हान आविङको प्रशिक्षण थियो । सागका लागि पुनः डी जोङलाई प्रशिक्षकको रूपमा बोलाइयो । 'छोटो समयमा लगातार प्रशिक्षक परिवर्तन हुँदा उनीहरूको रणनीतिअनुसार टिमसेट गर्न कठिन भएको छ,' कप्तान इमले भनेका थिए ।

उपकप्तान कुलबहादुरले बंगलादेशसँगको खेल हार्नु नै नेपाल समूह चरणबाटै बाहिरिनुको कारक भएको बताए । 'भारतसँग जितको अपेक्षा थिएन । भारत हामीभन्दा अर्के स्तरको टिम हो । तर पहिलो खेल हामीले जित्नुपर्थ्यो, जित्नसक्ने पनि थियौं । त्यही नै दुर्भाग्य भयो,' उनले भने, 'भारतसँगको खेलमा उनीहरूलाई उचाइको फाइदा थियो, त्यसको भरपूर सदुपयोग गरे । हाम्रा खेलाडी हतोत्साही देखिए ।'

प्रशिक्षक डी जोङले हारका बावजुद आफ्नो टिमको प्रदर्शनमा सन्तुष्टि व्यक्त गरे । 'भारत हामीभन्दा बलियो टिम हो । उनीहरू अनुभवी छन् र लामो समयदेखि शीर्षस्तरमा प्रदर्शन गरिरहेका छन् । उनीहरूविरुद्ध मेरा खेलाडीले गरेको प्रयासको सराहना गर्छु,' खेलपछि उनले भने ।

भारतका प्रशिक्षक जीई श्रीधरणले सोझो सेटको जितमा खुसी रहेको बताउँदै नेपाली टोलीको प्रदर्शनको पनि प्रशंसा गरे । 'नेपाली टिमको खेलमा सुधार भएको छ । व्यक्तिगत रूपमा मैले घरेलु टोलीलाई सेमिफाइनलमा हेर्न चाहेको थिएँ । नेपाल त्यसको हकदार थियो । तर बंगलादेशसम्म ५ सेटमा पुगेर पनि कसरी पराजित भयो म भन्न सक्दिनँ ।' भारतका कप्तान जेरोमी भिनिथले भने घरेलु मैदानमा खेलेजस्तो महसुस भएको प्रतिक्रिया दिए ।

सागका लागि मात्र अनुबन्धित भएका प्रशिक्षक डी जोडले पछिल्लो ३ वर्षमा नेपालको पुरुष भलिबल टोलीले निकै सुधार गरेको दाबी गरे । नेपाल भलिबल संघ र नेदरल्यान्ड्स भलिबल फेडेरेसनबीचको सम्झौतापछि उसले आफूमातहत स्तरीय प्रशिक्षक पठाउँदै आएको छ । 'मैले ३ वर्षदेखि नेपाली भलिबल हेरिरहेको छु । यसबीच धेरै सुधार भएको छ । यहाँका युवा खेलाडीले प्रशस्त सम्भावना देखाएका छन्,' उनले भने ।

अन्तर्राष्ट्रिय सहभागिताको ४० वर्ष लामो इतिहासमा नेपाली भलिबलले अहिलेसम्म उल्लेख्य सफलताको स्वाद चाख्न पाएको छैन । सन् १९७८ को एसियाली खेलकुदमा पहिलोपल्ट अन्तर्राष्ट्रिय सहभागिता जनाएयता दुई वर्षअघि एभीसी सिनियर मेन्स सेन्ट्रल जोन भलिबलमा जितेको कांस्य पदक नेपालले सर्वाधिक ठूलो सफलता हो । यसपल्ट समूह चरणबाटै बाहिरिएपछि नेपालको पदक सम्भावना पुनः टरेको छ ।

नेपाललाई पराजित गरेपछि भारत समूह विजेता हुँदै सेमिफाइनल पुगेको छ । भारतले बंगलादेशलाई हराएको थियो । नेपाललाई हराएको बंगलोदश समूह उपविजेता भएर सेमिफाइनल पुगेको हो । समूह 'बी' बाट श्रीलंका र पाकिस्तान सेमिफाइनल पुगेका छन् । श्रीलंकाले शुक्रबार माल्दिभ्सलाई २५-१८, २५-२३, २५-१७ ले हराएको थियो । श्रीलंका र पाकिस्तानबीचको खेलले समूह विजेता टुंगो लगाउने छ ।

कुस्तीलाई इतिहास रच्ने मौका

अभ्याससत्रपछि कुस्तीको महिला/पुरुष टोली । *तस्बिर : कान्तिपुर*

■ **राजेन्द्र नाथ** (काठमाडौं)

दक्षिण एसियाली खेलकुद (साग) मा नेपाली कुस्तीको यात्रा निकै रोचक छ । चौथो संस्करणबाट भाग लिन थालेका कुस्ती खेलाडी अहिलेसम्म रित्तो हात घर फर्किनुपरेको छैन । उनीहरूले कुनै न कुनै पदक थापेकै छन् । सागमा पदकसंख्या थप्ने खेलका रूपमा चिनिएको कुस्तीलाई यसपल्ट भने घरेलु दर्शकमाझ आफ्नै भूमिमा 'अग्निपरीक्षा' दिनुपर्नेछ ।

उसलाई एकातिर पुरानो लय कायमै राख्नुपर्ने दबाब छ भने अर्कोतर्फ 'होम ग्राउन्ड' मा नयाँ इतिहास रच्ने मौका छ । 'स्वदेशमै खेल भइरहेको छ । स्वदेशी दर्शकको साथ र समर्थनबीच यसपालि नयाँ इतिहास बनाउने मौका छ,' प्रमुख प्रशिक्षक ब्रम्हदेव यादव आत्मविश्वासी सुनिए, 'खेलाडीले कडा मिहिनेत गरेका छन् । सबै जनकपुर 'अखडा' मा प्रतीक्षारत छन् ।

काठमाडौंमा सम्पन्न आठौं साफमा त ५ कांस्य पदक नै हात पाऱ्यो । नवौं सागमा सहभागी भएन । प्रशिक्षक यादवका अनुसार कुस्तीले देशका लागि अहिलेसम्म १६ पदक (रजत र कांस्य) भित्र्याइसकेको छ । 'प्रतिनिधित्वको छोटो समय मै यसलाई राम्रो सफलता मान्नुपर्छ,' उनले भने, 'आन्तरिक विवाद (कुस्ती संघमा समानान्तर गतिविधि) छाडेर सबैजना सागमा होमिएका छौं ।'

तराई-मधेसको लोकप्रिय खेल हो कुस्ती । त्यसैले पनि जुराइएको थियो जनकपुर 'दंगल' । १३ औं सागको एउटा मात्रै खेल कुस्ती जनकपुरस्थित धनुषा जिल्ला कर्मभहलमा आयोजना हुनेछ । त्यसका लागि सम्पूर्ण तयारी पूरा भइसकेको छ । हेटौंडामा लामो बन्द प्रशिक्षण पछि खेलाडीहरू काठमाडौं आएका छन् । १६ गते उनीहरू जनकपुर पुग्ने कार्यक्रम तय भएको छ । त्यहाँका स्थानीयवासी स्वदेशी र विदेशी खेलाडीलाई स्वागत गर्न आतुर छन् ।

तराई-मधेसका २२ जिल्लामा केही वर्षयता आधुनिक कुस्ती प्रतियोगिता नबिराई हुने गरेको छ । अर्का प्रशिक्षक मुमताज अली इद्रिसी त्यहाँको हावापानी र माटो सुहाउँदो खेल नै कुस्ती भएको बताउँछन् । प्रमुख प्रशिक्षक रहिसकेका इद्रिसीका अनुसार अहिले सहभागी देशमध्ये आधुनिक कुस्तीमा नेपाल पछाडि नै छ । सस्तो खेल भए पनि राज्यले यसतर्फ ध्यान नदिएको गुनासो उनको छ । 'सात प्रदेशमा ७ वटा म्याट पनि छैनन् । २७ वटा जिल्लामा कुस्ती खेल हुन्छ । तर ९ जना प्रशिक्षक छन्,' उनले भने, 'स्वयंसेवक कोचहरूले कुस्ती धानिरहेका छन् ।'

आयोजक नेपालले नै तराई-मधेस क्षेत्रमा कुस्तीको लोकप्रियता देखेर प्रदेश २ को राजधानी जनकपुरलाई 'सिम्बोलिक' रूपमा आयोजनास्थल तोकेको थियो । १३ औं सागका अधिकांस खेलहरू भने संघीय राजधानी काठमाडौं र गण्डकीको प्रदेश राजधानी पोखरामा हुनेछन् ।

१३ औं सागको कुस्तीतर्फ भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपालका खेलाडी भिड्नेछन् । महिला-पुरुषका ७-७ तौल समूहमा नेपाली खेलाडीले प्रतिनिधित्व गर्ने तय भएको छ । ५७ केजी तौल समुहको पुरुषतर्फ नरेश यादव, ६५ केजीमा सरोज यादव, ७० केजीमा सुरेश चुनारा, ७९ केजीमा बुनीलाल यादव, ८६ केजीमा सागर यादव, ९२ मा समिर साह र १२५ केजी तौल समूहमा राज यादवले प्रतिस्पर्धा गर्नेछन् । समिर, सुरेश, बुनीलाल र सरोज अनुभवी खेलाडी हुन् ।

महिलातर्फ ५० केजीमा मनीषा सिंह, ५३ केजीमा सिवांगी दुबे, ५५ केजीमा संगीता धामी, ५७ केजीमा अम्बिका भण्डारी, ५९ केजीमा कोमल खत्री, ६२ केजीमा सुशीला चन्द र ६८ केजीमा निर्मला जागरी भिड्नेछन् ।

पुरुष खेलाडीले चौथो साफवाट सहभागिता जनाए पनि महिला प्रतिनिधित्व भने १२ औं सागमात्र भएको थियो । 'अघिल्लो सागको सहभागिताले पनि होला । कुस्तीतर्फ महिलाको आकर्षण बढेको छ,' प्रशिक्षक राजेन्द्र चन्दले भने, 'पुरुषसरह उनीहरू पनि अखडामा भिडिरहेका छन् ।'

नेपालको तर्फबाट साग खेलिसकेका प्रशिक्षक चन्दका अनुसार ७ महिला खेलाडीमध्ये ६ जना एउटै जिल्ला कञ्चनपुरका छन् । ६२ केजीकी सुशीला चन्द भने बाँकेकी हुन् । उनी घरेलु प्रतियोगिता आर्मीको टिमबाट खेल्छिन् । उनले चीनमा भएको 'आर्मी ओलम्पिक' मा भाग लिइसकेकी छन् । त्यहाँ उनले पाचौं स्थान ओगटेकी थिइन् । अन्य ६ जना नयाँ अनुहार हुन् । उनीहरूलाई पनि सहभागिताको पहिलो वर्षमै प्रमाणित गर्ने मौका जुरेको छ ।

जनकपुर घुमाइने

■ **सन्तोष सिंह** (धनुषा)

दक्षिण एसियाली खेलकुद (साग) मा कुस्तीका लागि तय गरिएको दिन घटाइएको छ । जिल्ला खेलकुद विकास समिति धनुषाले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा खेलाडी संख्या कम भएकाले ४ दिनको समय घटाएर ३ दिनमा छोटच्याइएको थियो । कुस्तीको १० तौल समूहमा ५ मुलुकका खेलाडीले भाग लिने छन् ।

भाग लिन आउने खेलाडीलाई जनकपुरको महत्त्वपूर्ण स्थानको भ्रमण गराउने तयारी छ । जनकपुरको पर्यटन विकासका लागि कुस्तीमा भाग लिन जनकपुर आइपुग्ने खेलाडी तथा पदाधिकारीलाई जनकपुर दर्शन गराउने तयारी भएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष कमलकिशोर चौधरीले बताए ।

जनकपुर आउने विदेशी खेलाडीलाई जानकी मन्दिरसहित जनकपुर दर्शन र सन्ध्यकालीन गंगा आरतीमा समेत सहभागी गराइने तयारी भइरहेको छ । खेलाडीलाई होटलबाट कर्मभहलसम्म विशेष सुरक्षा साथ लगिने छ । दुई वटा मेडिकल टिम, अस्पतालको आईसीयूसमेत तयारी राखिने छ ।

सम्भावित दुर्घटनाका लागि जानकी मेडिकल कलेजको चिकित्सकीय टिम र आईसीयू बुक गरिएको डा. कविता अधिकारीले बताइन् । मेडिकल मोबाइल टोलीले खेलाडीको स्वास्थ्यमा आएको समस्या समाधान गर्दै होटलमै फिजियोको सुविधा उपलब्ध गराइने अधिकारीले बताए । प्रतियोगितामा पुरुष र महिलातर्फ २० स्वर्ण पदकका लागि नेपालसहित ५ देशका खेलाडीले प्रतिस्पधा गर्ने छन् । कुल ५९ खेलाडीले भाग लिने नाम पाएको राष्ट्रिय खेलकुद परिषद् का उप-निर्देशक बाबुराम नेपालले बताए ।

नेपाल, भारत र श्रीलंकाबाट पुरुषतर्फ ७-७ र महिलातर्फ ७-७ खेलाडीको नाम दर्ता गराएका छन् । पकिस्तानबाट पुरुषमा ७ खेलाडीले भाग लिनेछन् । बंगलादेशबाट पुरुषमा १० र महिलामा १० खेलाडीको नाम आएको जिखेविस अध्यक्ष चौधरीले बताए ।

जनकपुरमा खेलाडी, व्यवस्थापक, विदेशी रेफ्री गरी झन्डै १ सय २६ जनाभन्दा बढी आउने जिल्ला खेलकुद विकास समिति धनुषाले जनाएको छ । जनकपुरमा खेलाडी स्वागतका लागि ११ ठाउँमा स्वागत गेट बनाइने तयारी छ । जनकपुरमा शनिबार विवाह पञ्चमी मेला सकिएपछि स्वागत गेट बनाउने कार्यक्रम छ ।

आठौंका चार कराते स्वर्णधारी

दुई पलायन, दुई अझै सक्रिय

■ **विनोद भण्डारी** (विराटनगर)

सन् १९९९ मा काठमाडौंमा सम्पन्न आठौं दक्षिण एसियाली खेलकुदमा नेपालले ३२ स्वर्ण जितेर पदकतालिकाको दोस्रो हुँदा विराटनगरका चार खेलाडीको योगदान रहेको थियो । चारैले करातेमा मुलुकलाई स्वर्ण पदक दिलाएका थिए । त्यो प्रतियोगितामा १०२ स्वर्ण जित्दै भारत पदक तालिकामा अगाडि थियो ।

कुमुतेतर्फ ७५ केजी तौल समूहबाट राजेश श्रेष्ठ, खुला तौल समूहबाट कृष्ण गुरुङ, ५५ केजी तौल समूहबाट जुनु राई र टिम कातामा प्रवीण रानाले स्वर्ण पदक जितेका थिए । विजेतामध्ये अहिले राजेश र प्रवीण करातेमै सक्रिय छन् । उनीहरू दुवै प्रशिक्षक छन् । कृष्ण वैदेशिक रोजगारीका लागि मकाउ पुगेका छन् । जुनु सिक्किम पलायन भएकी छन् । राजेश १३ औं दक्षिण एसियाली खेलकुदका लागि करातेबाट प्रशिक्षकमा छन् ।

त्यतिबेला २६ वर्षे राजेशले फाइनलमा भारतको चुनौती ६-१ अंकले सजिलै पन्छाउँदै इतिहास रचेका थिए । 'त्यो स्वर्णले जीवनको मोड नै परिवर्तन गरायो,' उनले भने । सेमिफाइनलमा पाकिस्तानीलाई नकआउट गर्दै उनी अगाडि बढेका थिए । किकभन्दा पञ्च बढी प्रहार गर्ने राजेशले सम्झिए, 'भारतीय प्रतिस्पर्धीले एक पञ्च प्रहार गर्दा मैले ६ पञ्च प्रहार गरेको थिएँ अनि आफ्नो हातमा सजिलै स्वर्ण पदक पऱ्यो । त्यसबेला करातेमा नेपालको एकलौटी दबदबा थियो । स्वर्ण जित्नेमा ढुक्क थिएँ ।'

उनले भने अहिले अन्य मुलुकका खेलाडी पनि उत्कृष्ट रहेकाले कडा प्रतिस्पर्धा हुने उनको ठम्याइ छ । १३ औं सागमा १९ मा १० भन्दा बढी स्वर्ण जित्ने करातेको लक्ष्य रहेको राजेशले बताए । कुनै समय करातेमा पूर्वी नेपालका खेलाडीको उत्कृष्ट प्रदर्शन थियो । पछिल्लो समय यस क्षेत्रको प्रदर्शन शून्यप्राय हुँदा राजेश चिन्तित छन् । 'विराटनगरबाट मुलुकका लागि स्वर्ण जित्ने हामी चार नै पहिलो र अन्तिमझैं भएका छौं । १३ औं सागमा यस क्षेत्रका एउटै खेलाडी छैनन्,' उनले भने ।

पछिल्लो समय नेपालमा कराते खेलको अवस्था खस्किए पनि अहिले केही सुदृढ भएको करातेका पूर्व वरिष्ठ प्रशिक्षक महेशकुमार श्रेष्ठको प्रतिक्रिया छ । एकताका कराते नेपालको प्रमुख खेलजस्तै थियो । श्रेष्ठले भने, 'अहिले त्यो अवस्था छैन ।' विराटनगर कराते अझै पनि सशक्त रहेको मोरङका



आठौंमा स्वर्ण जित्दा राकेश श्रेष्ठ ।

प्रशिक्षक विनोद राउतको दाबी छ । यहाँ उत्पादन हुने उत्कृष्ट खेलाडी विभागीय टोलीले टिप्ने गरेकाले र उनीहरूले विभागीय टोलीको नामबाट खेल्दा विराटनगरको नाम ओझेलमा परेको राउतको बुझाइ छ ।



इन्ट्रीमै खोसिएको त्यो पदक

पोखराको आकासमा उडेको प्याराग्लाइडिङ । *तस्बिर : दीपक परियार/कान्तिपुर*

■ **दीपक परियार** (पोखरा)

पूर्वनिर्धारित खेलतालिकामा दक्षिण एसियाली खेलकुद उद्घाटनको एक दिनअगावै पोखरामा प्याराग्लाइडिङ प्रतियोगिता हुने तय थयो । प्रतियोगिता भएको भए एसियाडमा रजत जित्दाका टिम कप्तान विमल अधिकारी शनिबार आकाशमा कावा खाइरहेका हुन्थे । प्याराग्लाइडिङमा ८ वटै स्वर्ण कब्जा गर्ने उनको धोकोमाथि बज्रपात भयो । सहभागी राष्ट्रको संख्यै नपुगेपछि प्याराग्लाइडिङ रद्द भयो ।

पोखराको आकास अचेल खुलेको छैन, घुमैलो छ । आकास जस्तै धमिलो भएको छ प्याराग्लाइडिङका खेलाडी र प्रशिक्षकको मन । 'खेल भएको भए मेडल चुम्न पाइन्थ्यो,' मलिन स्वरमा कप्तान विमलले भने, 'खेल भएन, दर्शक भएर बस्नुपऱ्यो । खेलाडीको हैसियतमा प्रवेश पास पाईदैन ।'

इन्डोनेसियामा सम्पन्न १८ औं एसियाली खेलकुद (एसियाड) मा प्याराग्लाइडिङले ऋसकन्ट्रीमा रजत पदक जितेको थियो । एसियाडमा पहिलोपल्ट भएको प्रतियोगितामा पदक ल्याउने एकमात्र खेल प्याग्लाइडिङ थियो । त्यहीं उत्साह कायम राख्न नेपाल ओलम्पिक कमिटीले सागमा प्याराग्लाइडिङ समावेश गर्ने निर्णय गऱ्यो । आयोजक राष्ट्रले २ खेल थप्न पाउने प्रावधानको फाइदा लिँदै रोजिएको थियो, प्याराग्लाइडिङ र क्रिकेट । नेपालमै हुने सागमा पहिलोपल्ट प्याराग्लाइडिङ समावेश भएपछि प्रशिक्षक र खेलाडी औधी खुसी थिए । सागमा एक्युरेसी र ऋसकन्ट्रीतर्फ महिला तथा पुरुष एकल र टिम इभेन्टमा गरी ८ स्वर्णका लागि प्रतिस्पर्धा हुने तय थियो । एसियाडकै ढाँचामा साग हुने भएकाले त्यहाँको अनुभव प्रयोग गरेर स्वर्ण हत्याउने दाउमा थिए खेलाडी ।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ र राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रमेशकुमार सिलवालले अन्तिम समयसम्म पनि प्याराग्लाइडिङ हुने दोहोऱ्याइरहेका थिए । नेपालले प्याराग्लाइडिङका विदेशी खेलाडीको दोहोरो हवाई टिकट, खानेबस्नदेखि आवश्यक खर्च बेहोर्ने बताएको थियो । भारतले 'हुन्छ, हुन्छ' भन्दै अन्तिम समयमा आएर टिम दर्ता गरेन । नोभेम्बर २० सम्म नेपालबाहेक पाकिस्तानले मात्रै दर्ता गऱ्यो । प्रतिस्पर्धा हुन कम्ती ३ राष्ट्रले भाग लिनैपर्ने प्रावधानअनुसार प्याराग्लाइडिङ भएन ।

वैशाखबाट २७ खेलाडीले पोखरामा सागलक्षित प्रशिक्षण गरेका थिए । तीमध्ये दोस्रो चरणमा १४ पुरुष र ८ महिला छानिए । अन्तिममा ५ पुरुष र ३ महिला राष्ट्रिय टिममा छनोट गर्ने तयारी थियो । खेल नै नहुने भएपछि अन्तिम नामावली पठाइएन । एसियाडमा भने विमल अधिकारी, विशाल थापा, विजय गौतम, युकेश गुरुङ, सुशील गुरुङ र महिलातर्फ त्रिशा श्रेष्ठ बम्जन, प्रतिभा भुजेल र सविता तामाङले नेपालबाट खेलेका थिए ।

भारतको उदासिनतालेे प्याराग्लाइडिङ नभएको खेलाडी विमल बताउँछन् । 'भारत र पाकिस्तानमा राम्रा खेलाडी छन्,' उनले भने, 'नेपालले धेरै मेडल ल्याउने देखेपछि भारतले 'इन्ट्रेस्ट' नै देखाएन ।' भारतले जित्ने निश्चित भएका खेलमा मात्रै खेलाडी पठाउने गरेको उनको भनाइ छ । आगामी सागमा प्याराग्लाइडिङ प्रतियोगिता गर्न ओलम्पिक काउन्सिल अफ एसियाले दक्षिण एसियाली मुलुकमा बजारीकरण गर्नुपर्ने, स्थानीय इभेन्ट गर्नुपर्ने र प्याराग्लाइडिङ संघलाई ती देशको सरकारी निकायसँग आवद्ध गराउन पहल गर्नुपर्ने उनी सुझाउँछन् ।

दक्षिण एसियाका धेरै देशमा प्याराग्लाइडिङ संघ नै छैन । क्लबका रूपमा विभिन्न गतिविधि हुन्छन् । यसपल्ट भारतकै कारण प्रतियोगिता नभएको प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ संघ (नेफा) का महासचिव शैलेन्द्र राउतको दावी छ । 'प्याराग्लाइडिङको ६-७ मेडलले सागको च्याडकिङमा नेपाल माथि पुग्थ्यो,' उनी भन्छन्, 'भारतले यही कुरा मसिनो गरी बुझेर प्याराग्लाइडिङबाट पछि हट्यो । खेलभित्र अर्को खेल खेल्यो ।'

उनका अनुसार पोखरामा १० वर्षदेखि प्याराग्लाइडिङ उडाइरहेका भारतीय पाइलट अजय शर्मा भारतीय ओलम्पिक कमिटीका महासचिव राजीव मेहतालाई भेट्न नयाँदिल्ली नै पुगे । एक महिना बसेर शर्माले भारतीय टिम ल्याउन प्रयास गरे तर सकेनन् । प्याराग्लाइडिङ संघले बंगलादेश र भुटानका खेलाडीलाई नेपालमा अभ्यास गराइदिने प्रस्ताव राख्यो । सोभै कांस्य पदक जित्ने अवस्थामा पनि ती देश सहभागी भएनन् ।

नेपाली खेलाडीले आफ्नै खर्चले तालिम लिएका थिए । उनीहरूले पाउनुपर्ने सुविधा पाएनन् । सागमा खेल भएको भए राखेपले छनोट भएका खेलाडीलाई २-२ सेट ग्लाइडर दिने वचन दिएको थियो । वैदेशिक प्रशिक्षणमा जाने तयारी थियो । ऋसकन्ट्रीमा निख्खर खेले पनि एक्युरेसीलाई चाहिने थप कुशलता सिक्न विशाल थापा र विजय गौतम भारत गएका थिए । प्रशिक्षण दिनप्रतिदिन राम्रो हुँदै गइरहेको थियो ।

प्याराग्लाइडिङलाई आवश्यक बजेट आइनपुग्दा पूर्वाधार निर्माणको काम हुन सकेको थिएन । हाल भइरहेकै अवस्थामा साग आयोजना गर्ने तयारी थियो । खेलै नभएपछि पूर्वाधार नै बनेन । सागमा सराङकोटबाट उडान भरेर खपौंदी र तोरीपानीबाट उडान भरेर चंखपुर अवतरण गर्ने योजना बनाइएको थियो । टेकअफ र ल्यान्डिङमा आवश्यक शौचालय, चेन्जिङ रुमलगायत पूर्वाधार बनेनन् ।

सम्बन्धित देशका ओलम्पिक कमिटी र प्याराग्लाइडिङ संघबीच समन्वय नहुँदा ती देशका खेलाडी सहभागी नभएको प्रशिक्षक योगेश भट्टराई बताउँछन् । उनका अनुसार प्याराग्लाइडिङमा दक्षिण एसियाली मुलुकमध्ये नेपाल अग्रस्थानमा छ । 'देशलाई अत्यधिक मेडल दिलाउने खेल नै प्याराग्लाइडिङ हुने थियो,' उनले भने, 'खेल नहुँदा पदकतालिकामा राज्यलाई घाटा पुग्ने भयो ।'

यसरी सुरु हुँदै छ...

पदकको हाम्रो हिसाबमा नभए पनि नेपाल दक्षिण एसियाली खेलकुदको संस्थापक भएकाले नेपालकै अगुवाइमा साग अगाडि बढिरहेको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का प्रशासन प्रमुख रहेका निर्देशक थापाले भने, 'नेपालले सधैं यसको नेतृत्व गर्दै आएको छ । उद्घाटनमा हामीले यही कुरा भन्न र देखाउन खोजेका छौं ।'

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, विद्यार्थी र विभिन्न जातजातिका झाँकी गरी १५ हजार जनाको उद्घाटन र समापन समारोहमा प्रस्तुति रहने छ । थापाको जिम्मेवारी उनीहरूलाई नै निर्देश गर्नु हो । उद्घाटन समारोह सागको ऐना हो । उनी यसैलाई प्रस्तुत गर्न अन्तिम चरणमा छन् । शुक्रबार उद्घाटन समारोहको ग्रान्ड रिहर्सलपछि उनी अझै हौसिएका छन् ।

सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनाल समारोह समितिका संयोजक हुन् । उद्घाटनमा सशस्त्रकै सबैभन्दा बढी ४ हजार ५ सयले प्रस्तुति दिनेछन् । त्यसबाहेक सेनाका १ हजार ५ सय, प्रहरीका १ हजार, विद्यार्थी ३ हजार, झाँकी समूहका ४ हजार, व्यावसायिक कलाकार ३ सयलगायत आइतबार दशरथ रंगशालाको साग उद्घाटन समारोहमा आफ्नो कला प्रस्तुत गर्ने प्रदर्शनकारी हुन् । त्यसबाहेक १५ सय जनाको मास क्यालिसथेनिक्स प्रदर्शन पनि हुनेछ ।

मार्चपासबाट सुरु हुने राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यता, स्वागत भाषण, सांस्कृतिक कार्यक्रम र आतिसबाजीका साथ उद्घाटन समारोह सम्पन्न हुनेछ । त्यसमा लेजर बिम, लाइटिङ, इलेक्ट्रोनिक प्रदर्शन गरिनेछ । थापाका अनुसार समापनमा ड्रोनबाट आकाशमा प्रस्तुति देखाइने छ । 'नेपालमा टेक्नोलोजीको ठूलो बजार छ भनेर विशेष गरी युवालाई देखाउन खोजिएको छ, ड्रोन प्रयोग गर्न विदेशी पनि प्रयोग गरिएको छ,' शुक्रबार दशरथ रंगशालामा ग्रान्ड रिहर्सल गर्दै उनले भने, 'नेपाली परम्परागत बाजाहरू विश्वकै उत्कृष्ट हुन् । हाम्रो मौलिक बाजालाई ५ सय जनाले घन्काउने छन् ।'

कुल तीन घण्टाको उद्घाटन समारोहमा नेपाली मौलिक बाजाको प्रस्तुति २१ मिनेटको रहनेछ । राष्ट्रपतिको आगमनसँगै मार्चपास हुनेछ । मार्चपासमा नेपालबाट १३ औं सागमा खेलाडीका रूपमा राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्काले झन्डा बोक्ने सम्भावना प्रबल छ । यद्यपि यसलाई राखेपले स्वीकृत गरिनसकेको थापा बताउँछन् । ओलम्पियन दीपक विष्टले ओलम्पिक फ्लेम बाल्ने छन् । एकजना अनुभवीलाई जजका तर्फबाट शपथग्रहण गराइने छ ।

मुकुन्द शर्माको रचना, प्रकाश गुरुङको संगीतमा आनन्द कार्की, कुन्ती मोक्तान, इन्दिरा जोशी र सत्यराज आचार्यलगायतको गायन टोलीले सार्क गीत गाउने छन् । सातै प्रदेशको प्रतिनिधित्व गर्दै स्वागत नृत्य प्रस्तुति उद्घाटन समारोहमा समावेश छन् । ब्यान्ड प्रदर्शन सागकै अहिलेसम्मकै ठूलो हुने थापाको दावी छ । त्यसमा सात सय जनाको प्रस्तुति रहनेछ । ७७ जिल्लाका प्रतिनिधिलाई काजमा झिकाइएको छ । थापा देशका सबै भेगको उद्घाटनमा प्रतिनिधित्व हुने बताउँछन् । उनी भन्छन्, 'सबैले गर्व गर्ने खालको उद्घाटन समारोह हुनेछ । यसलाई हामीले एसियाली स्तरकै बनाउने प्रयास गरेका छौं । खर्च पनि हेर्नुपरेको छ ।'

उद्घाटनलाई १५ करोडसम्म खर्च हुने सम्भावना छ । सबैको सहयोगका कारण खर्च आधा घटेको उनी सुनाउँछन् । सुरक्षा निकाय र विद्यालयका विद्यार्थीले निःशुल्क उद्घाटनमा प्रस्तुति दिन लागेका हुन् ।

१३ औं सागमा २८ खेल (बिच भलिबल र थ्रीबाईथ्री बास्केटबलसहित) मा दक्षिण एसियाका सात देशका तीन हजार जनाभन्दा बढी खेलाडीले भाग लिने छन् । नेपालले सबै खेलमा भाग लिँदै छ ।

उद्घाटन समारोहको तयारीलाई थापाले धेरै समय पाएनन् । सरकारले सागको कार्यविधि बनाउनै समय लगायो । त्यसपछि समारोह समिति बन्नै ढिला भयो । उनी जति समय पाइयो त्यसलाई पर्याप्त हुने ठान्छन् । 'अहिलेको पुस्ता धेरै प्रतिभावान् छन्, उनीहरूले छिटो सिक्छन् । त्यही भएर पनि हामीले छोटो समयमा राम्रो तयारी गऱ्यौं,' उनले भने ।

थापा खेलकुदमा जागिरे भएको २५ वर्ष भयो । नेपालगन्जमा २०५५ मा भएको चौथो राष्ट्रिय खेलकुददेखि नै उनी समारोह समितिमा आबद्ध छन् । नेपालले पछिल्लो पटक सन् १९९९ मा आयोजना गरेको दक्षिण एसियाली खेलकुदमा उनी समारोह समितिका सहायक थिए । विष्णुगोपाल श्रेष्ठ त्यसको प्रमुख थिए । श्रेष्ठले आफूलाई धेरै सिकाएको मान्दै थापा १९९९ को साफले आफूलाई धेरै पाठ दिएको सुनाउँछन् । त्यही अनुभवका आधारमा उनी यसपालिको उद्घाटन समारोह प्रस्तुत गर्न लागेका छन् ।





१३ औं सागको आइतबार हुने उद्घाटन समारोहका लागि शुक्रबार ग्रान्ड रिहर्सलमा मास क्यालिसथेनिक्स प्रदर्शन गरिँदै । यो प्रदर्शनका लागि सशस्त्र प्रहरी बलले १५ सय जनालाई उतार्दै छ । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

कसरी सम्झने शरदचन्द्र शाहलाई ?

नेपाली खेलकुदमा लागेको पुरानो पुस्तासँग संगत गर्नुपर्छ, कुनै न कुनै मोडमा उनको नाम आइहाल्छ । एउटा समूहले उनलाई खुबै प्रशंसा गर्छन् । अर्को समूहले उत्तिकै गाली गर्छन् ।

■ **हिमेश** (काठमाडौं)

न्याँ पुस्ताका खेल पत्रकारले शरदचन्द्र शाहलाई कहिल्यै भेट्नै पाएनन् । खाली उनीबारे नेपाली खेलकुदमा सुने मात्रै । मिति ठ्याक्कै थाहा भएन, तर ०५८ सालको घटना हुनुपर्छ, नेपाल ओलम्पिक कमिटीले आयोजना गरेको एउटा कार्यक्रममा उनी सभागृहमा देखिए । त्यस अवसरमा उनले खुबै मीठो ढंगले बोले पनि । सन् १८९६ बाट सुरु भएको आधुनिक गृष्मकालीन ओलम्पिकबाट धारा प्रभाव बोले । वर्ष र आयोजना गरेको सहरबारे उनलाई सबै थाहा थियो ।

त्यही बेला थाहा भयो, उनको स्मरण शक्ति वास्तवमै निकै तेजिलो रहेछ । उनी एकपल्ट सुनेको, पढेको र देखेको कहिल्यै बिर्सँदैनन् भनिएको थियो । त्यस्तै रहेछ । आफ्नो भाषण अन्त्य गर्ने क्रममा उनले एउटा आरोप पनि लगाए, 'अचेल नेपाल ओलम्पिक कमिटी कसैका लागि मागेर खाने थलो भएको छ । उनी नेपाली खेलकुदका त्यस्ता 'लिजेन्ड' हुन्, जसबारे चर्चा गर्दा एक कित्ता कि त उनको पूर्ण विरोधमा उत्रिन्छन्, होइन भने अर्को कित्ता पूर्ण समर्थनमा ।

हुनसक्छ, नेपालको मूलधारको राजनीतिमा पनि उनी जत्तिको विवादास्पद व्यक्तित्व कमै होलान् । उनी जोडिएर नाम आउने हुनाले नेपाली खेलकुद भनेपछि नाक खुम्च्याउने पनि उत्तिकै छन् । अहिले शरदचन्द्रको प्रसंग किनभन्दा उनी त्यस्ता व्यक्तित्व पनि हुन्, जसको चर्चाबिना दक्षिण एसियाली खेलकुदको इतिहास लेख्न सकिन्न । लेखे पूरा हुन्न । भोलि आइतबार औपचारिक रूपमा १३ औं दक्षिण एसियाली खेलकुद सुरु हुँदै छ ।

नेपालले आयोजना गर्न लागेको यो तेस्रो संस्करणको प्रतियोगिता हो । सन् १९८४ मा नेपालबाटै दक्षिण एसियाली खेलकुदको सर्वोच्च प्रतियोगिता सुरु भएको थियो । दोहोऱ्याएर भन्नैपर्छ, दक्षिण एसियाली देशको अलग्गै ओलम्पिक र एसियाली खेलकुद शैलीको खेल महोत्सव चाहिन्छ भन्ने सोच पहिलोपल्ट प्रस्तुत गर्ने नै उनी हुन् । सोच प्रस्तुत गरेदेखि प्रतियोगिताको वास्तविक आयोजना हुँदासम्म उनी निरन्तर यसमा खटिरहे ।

फाइल तस्बिर

दक्षिण एसियाली खेलकुदको सोच

सन् १९७८ मा थाइल्यान्डको बैककमा भएको थियो, आठौं एसियाली खेलकुद । त्यसै बेला पहिलोपल्ट दक्षिण एसियाली खेलकुद आयोजनाको सोचबारे कुराकानी भएको थियो । तर त्यो औपचारिक थिएन । औपचारिक रूपमा पहिलोपल्ट दक्षिण एसियाली देशबीच क्षेत्रीय खेलकुद हुनुपर्छ भन्ने कुराकानी सन् १९८१ मा भयो, जतिबेला जर्मनीमा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) को कंग्रेस भएको थियो । त्यतिबेला प्रारम्भिक छलफलमा भाग लिने देश थिए, नेपालसँगै श्रीलंका, भारत र पाकिस्तान ।

यिनै चार देश के तथ्यमा पनि सहमत भए भने सबैभन्दा पहिलो यसका लागि दक्षिण एसियाली खेलकुदका लागि छुट्टै महासंघको स्थापना हुनुपर्छ । अनि दक्षिण एसियाका अरू देशसँग पनि यसबारे छलफल अगाडि बढाउनुपर्छ । यी सबै सोच र कारण अगाडि बढाउने तथा संयोजनकारी भूमिका निभाउने काम यिनै नेपालका शरदचन्द्र शाहले गरेका थिए । उनी त्यतिबेला राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव पनि थिए ।

यी सबै छलफलबीच पनि प्रतियोगिता हुन सात वर्ष कुर्नुपरेको थियो । सन् १९७८ मै वर्णानुक्रमअनुसार बंगलादेशले पहिलो दक्षिण एसियाली खेलकुद आयोजना गर्ने निर्णय भएको थियो । तर बंगलादेशले त्यसको आयोजना गर्न सकेन । यो एक प्रकारले प्रतियोगिता आयोजना गर्ने सोचमै धक्का थियो । सन् १९८२ मा भारतको नयाँ दिल्लीले नवौं एसियाली खेलकुद हुँदा फेरि एकपल्ट दक्षिण एसियाली खेलकुदको आयोजनालाई लिएर गम्भीर छलफल भयो ।

त्यही वर्षको नोभेम्बर २६ मा दक्षिण एसियाली खेलकुद महासंघको पनि गठन भयो । त्यसैले यो दिनलाई दक्षिण एसियाली खेलकुदमा ऐतिहासिक र निर्णायक मान्नुपर्छ । त्यसमा सुरुआती सदस्य थिए, नेपालसँगै भारत, पाकिस्तान, बंगलादेश र श्रीलंका । त्यसको एक वर्षपछि त्यसमा भुटान र माल्दिभ्स पनि सहभागी भए । महासंघले सन् १९८३ मा बंगलादेशमै पहिलो दक्षिण एसियाली खेलकुद आयोजना गर्ने निर्णय गऱ्यो, तर बंगलादेशले दोस्रोपल्ट पनि आफ्ले पाएको जिम्मेवारी पूरा गर्न सकेन ।

यस्तोमा नेपाल अगाडि सऱ्यो । काठमाडौंले आयोजना गऱ्यो, सन् १९८४ मा पहिलो दक्षिण एसियाली खेलकुद । नेपालले दोस्रोपल्ट सन् १९९९ मा दक्षिण एसियाली खेलकुदको आयोजना गर्दा उनलाई सम्झने काम भएन । त्यतिबेला माहौल पनि थिएन । अहिले पनि सम्झने प्रयास भइरहेको छैन । अब त उनी हाम्रोमाझ रहेनन् पनि । पूर्व खेलकर्मी तथा राजनीतिज्ञ कमल थापाले उनीसँग लामो समय सँगै काम गरे । शुक्रबार मात्र उनै शाहलाई सम्झेर ट्विट गरे । उनले लेखेका छन्, 'नेपालमा १३ औं दक्षिण एसियाली खेलकुद हुन लागेको अवसरमा यसका संस्थापक नेपाली खेलकुदजगतका शिखर व्यक्तित्व स्वर्गीय शरदचन्द्र शाहप्रति राष्ट्रले सम्मान गर्नुपर्छ भन्ने लाग्छ ।'

साँच्चै कसरी सम्झने शरदचन्द्र शाहलाई ? नेपाली खेलकुदमा लागेको पुरानो पुस्तासँग संगत गर्नुपर्छ, कुनै न कुनै मोडमा उनको नाम आइहाल्छ । एक समूह उनको खुबै प्रशंसा गर्छन् । अर्को समूहले उत्तिकै गाली पनि गर्छन् ।

शक्तिशाली व्यक्तित्व

वास्तवमा उनीबारे नेपाली खेलकुदवृत्तमा धेरै कथा अझै सुन्न पाइन्छ । जति बेला नेपाली खेलकुद उनको हातमा रहयो, उनी निकै शक्तिशाली रहे । यो शक्ति खेलकुदमै मात्र सीमित थिएन । पञ्चायतकालमा अञ्चलाधीश खुबै शक्तिशाली हुन्थे, तर यिनै अञ्चलाधीश शरदचन्द्र शाहमा हाजिरी लगाउँथे । उनी तत्कालीन राजपरिवारसँग खुबै नजिक थिए, त्यसैले अविश्वसनीय रूपमा शक्तिशाली थिए । उनले जे भन्थ्यो, त्यो पूरा हुन्थ्यो ।

उनी राजपरिवारका सदस्य-सदस्यमा पुगेर भक्तिभावले प्रस्तुत हुन्थे । अनि उनी पनि चाहन्थे, अरूले पनि आफूलाई त्यस्तै व्यवहार गरोस् । उनको नाममात्र नेपाली खेलकुदमा कसैलाई हप्काउन र तर्साउन तयार हुन्थ्यो । जसले उनको सेवामा हाजिरी हुन चाहेन, उनको निर्यात राम्रो हुने सम्भावना कमै हुन्थ्यो । उनी खासमा शक्तिको खासै पूजारी थिए, शक्तिकेन्द्रको छत्रछायाँमा रहन्थे र त्यसको पूरापूर फाइदा उठाउँथे ।

सदस्य-सचिव हुँदा त्रिपुरेश्वरबाट उनी आफ्नो गाडीमा तीव्र गतिले आउँथे र उनका लागि ढोका सबै नाटकीय रूपमा खुल्नुपर्थ्यो । उनी त्यसरी प्रस्तुत हुन्थे कि अरूले उनलाई सम्मान नदेखाएर बस्नसक्ने स्थिति नै हुन्न थियो । त्यसकै फाइदा उठाएर उनले राष्ट्रिय खेलकुद परिषद्का लागि प्रशस्त जग्गा जमिन जोडे । अहिले पनि जग्गा जमिनको आधारमा परिषद निकै धनी छ । खेलाडीलाई सुविधा दिन पनि उनले कन्ज्युस्याइँ गरेनन्, वैदेशिक प्रशिक्षणका लागि युरोपतिर व्यवस्था गर्थे ।

राजपरिवारको सदस्य अगाडि भने हातखुट्टाले टेकेको जस्तै अवस्थामा प्रस्तुत हुन्थे । जे जति भनिए पनि त्यसमा खाली भन्थे, 'सरकार ।' उनलाई पनि राजा भनेर सम्बोधन गरिन्थ्यो । उनी नजिककाहरू भन्ने गर्छन्, शरदचन्द्रको सबैभन्दा ठूलो कमजोरी नै राजसंस्था र यसका परिवार थियो । उनी त्यहाँबाट आएका कुरा ठीक होस् अथवा नहोस्, जुनै पनि आदेश स्वीकार गर्थे । एकप्रकारले राजसंस्थाले उनलाई कुनै पनि काम गर्नका लागि आफ्नो प्रतिनिधि जस्तै बनाएको थियो, यसक्रमा धेरै विवादास्पद काम गरे । बदनाम पनि भए ।

विवादको जग बसाल्ने व्यक्ति

त्यसो त उनले राष्ट्रिय खेलकुद परिषदमा १० वर्ष जति सदस्य-सचिवको भूमिका निभाए । त्यही बेला उनी नेपाल ओलम्पिक कमिटीका अध्यक्ष पनि बने । उनको समयलाई नेपाली खेलकुदको स्वर्णकाल थियो भनेर दाबी गर्ने पनि छन् । तर उनले नेपाली खेलकुदको गलत प्रयोग गर्ने कामको सुरुआत गरे । उनले नै नेपाली खेलकुदमा राजनीति छिराए, त्यो पनि गलत नियतले । उनले नेपाली खेलकुदलाई तत्कालीन पञ्चायती व्यवस्थाको फाइदाका लागि लगातार प्रयोग गरे ।

उनी २०४५ साल सदस्य-सचिव पदबाट बर्खास्तमा परे, तर उनले ओलम्पिक कमिटीको नेतृत्व भने छाडेनन् । उनले त्यतिबेला भनेका थिए, परिषद र ओलम्पिक कमिटी भनेका दुई फरक संस्था हुन् । उनले सुरु गरेको त्यो विवाद अहिलेसम्म पनि जस्ताको त्यस्तै छ । खासमा उनले त्यसखाले विवादको जग बसाउने काम गरे । उनले नै पहिलो पटक परिषद् र ओलम्पिक कमिटीलाई आफूअनुकूल प्रयोग गर्ने परम्परा पनि बसाले ।

सबैभन्दा ठूलो उनले नेपाली खेलकुदलाई बदनाम बनाए । उनकै कारण नेपाली समाजको एकतप्का खेलकुद क्षेत्रलाई बदनाम मान्छ, यसमा प्रवेश गर्नुलाई ठीक मान्दैन । बरु यसलाई मण्डलेहरूको संस्था मान्छ । यो त उनले नेपाली खेलकुदलाई लगाएको सबैभन्दा ठूलो दुर्गुण नै भयो । नेपाली खेलकुदबाट पूर्णत: बाहिरिएपछि उनी फेरि फर्केर भने आएनन् । बरु बेला-बेलामा अन्य राजनीतिक कारणले चर्चामा आइरहे । ०६९ असार ५ मा सिंगापुरमा उपचार गर्ने क्रममा उनको निधन भयो ।

उनले गुमनाम मृत्यु आत्मसात् गरे । इतिहासको अध्ययन गर्नेले के भन्ने गर्छन् भने कुनै पनि व्यक्ति वा समय खण्डको विश्लेषण गर्दा त्यतिबेला भएका राम्रो नराम्रो सबै घटनाक्रम अगाडि ल्याइनुपर्छ । नेपाली खेलकुदलाई उनले पक्कै पनि गलत प्रयोगमा लगाएका हुन्, त्यसैले यो अझै पनि बदनाम छ । तर ठीक यहीं के पनि मान्नुपर्छ भने दक्षिण एसियाली खेलकुदको वास्तविक सोच उनकै हो । उनलाई कसरी सम्झने हो, त्यो व्यक्तिपिच्छे फरक हुने भयो नै ।

ओलम्पिक छनोटको मान्यता खोसियो

■ **राजु घिसिङ** (काठमाडौं)

भुटानले खेलाडी दर्ता प्रक्रियामा डोपिङ परीक्षणको नियम पालन नगरेपछि १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा भारोत्तोलनले टोकियो ओलम्पिक-२०२० छनोट प्रतियोगिताको रूपमा पाएको मान्यता गुमाएको छ ।

नेपाल भारोत्तोलन संघको पहलमा १३ औं सागले ओलम्पिक छनोटको मान्यता चार महिनाअघि पाएको उल्लेख गर्दै संघका महासचिव पार्थ सारथि सेन गुप्तले शुक्रबार भने, 'ओलम्पिक छनोटमा डोपिङ टेस्टको लागि प्रतियोगिताको तीन महिनाअघि नै एन्टी डोपिङ म्यानेजमेन्ट सिस्टममा खेलाडी दर्ता गर्नुपर्छ । खेलाडी कहाँ छन्, के कस्तो अवस्थामा के गरिरहेका छन् भन्ने जानकारी दुई महिनाअघि गर्नुपर्छ । यी सबै प्रक्रिया ५ देशले पूरा गरे । पछि भुटानले पनि खेलाडी पठाउने भयो । उसलाई समावेश गर्दा सागले ओलम्पिक छनोटको मान्यता गुमाएको हो ।'

घरेलु टिम नेपाल, दक्षिण एसियामा बलियो मानिएको भारतसहित श्रीलंका, पाकिस्तान र बंगलादेशले अन्तर्राष्ट्रिय भारोत्तोलन महासंघ (आईडब्लूएफ) को तीन महिने प्रक्रियाभित्रै यो सागका लागि खेलाडी दर्ता गरिसकेका थिए । 'सागको भारोत्तोलनमा भुटानले पहिलोपल्ट खेलाडी पठाउँदै छ भन्ने जानकारी थिएन,' एसियाली भारोत्तोलन महासंघ (एडब्लूएफ) को प्राविधिक समितिका सचिवसमेत रहेका सेन गुप्तले भने, 'आईडब्लूएफको नियम पालना गर्दा भुटानी खेलाडीले १३ औं सागमा खेल्नै नपाउने भयो । नयाँ टिमले खेल्नै पाएन भने राम्रो हुँदैन भन्ने लाग्यो । त्यसैले आईडब्लूएफसँग छलफल गरेरै भारोत्तोलनको ओलम्पिक छनोटको रूपमा साग आयोजना नगर्नेमा पुगेका हौं ।'

आईडब्लूएफको सदस्यता समितिमासमेत रहेका उनले भने, 'सागको आयोजक दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) को नियमानुसार खेलाडी दर्ता एक महिनाअघिमात्रै हुन्छ । ओलम्पिक छनोटको लागि आईडब्लूएफको खेलाडी दर्ताको नियमलाई हामी सागमा लागू गर्न सक्दैन थियौं । सागजस्ता बृहत् खेलकुदको आफ्नै नियम र परम्परा हुन्छ, जुन आईडब्लूएफसँग मिल्दो भएन । त्यसैले पनि ओलम्पिक छनोटको मान्यताबाट हट्नु नै ठीक लाग्यो ।' १३ औं सागमा खेल र खेलाडीसंख्या दर्ताको अन्तिम मिति १० अक्टोबर तोकिएको थियो भने खेलाडीको नाम दर्ताको सीमा नोभेम्बर २० । जबकि साग डिसेम्बर १ (आइतबार) सुरु हुँदै छ । त्यसैले ओलम्पिक छनोटको लागि सागमा खेलाडीको दर्ता प्रक्रिया नै मिलेन ।

संघका महासचिव सेन गुप्तले डोपिङ परीक्षणबारे भने, 'सागमा क्षेत्रीय डोपिङ (राडा) ले पनि हेर्छ । डोपिङको लागि प्रक्रिया पुगकै थियो । हामी तयार थियौं । खेलाडी दर्ताकै प्रक्रिया पूरा नहुने भएपछि हामीले ओलम्पिक छनोटको मान्यता छाडेका हौं ।' उनले थपे, 'हाम्रो खेलाडी ओलम्पिकमा छनोट हुने सम्भावना धेरै टाढा छ । तर, नेपालमा पहिलोपल्ट ओलम्पिक छनोट आयोजना गर्ने अवसर भने गुमाएका छौं ।' टोकियो ओलम्पिकमा खेलाडीले १८ महिनाको अवधिमा ६ प्रतियोगितामा गरेको प्रदर्शनको आधारमा छनोट हुने प्रक्रिया छ । त्यसमध्ये उत्कृष्ट चार नतिजा निर्णायक मानिन्छ ।

सागले ओलम्पिक छनोटको मान्यता गुमाएसँगै यसको प्रत्यक्ष असर भारतीय टिमलाई परेको छ । जेरेमी लालरिन्नुगा गत वर्ष युथ ओलम्पिक (ब्यनर्स आयर्स) मा स्वर्णपदक जित्ने पहिलो भारतीय खेलाडी बनेका थिए । एसियन भारोत्तोलन च्याम्पियनसिपमा रजत जितेका १७ वर्षे उनीसँगै साइखोम मिराबाई चानुलाई १३ औं सागमा नपठाउने निर्णय भारतीय भारोत्तोलन महासंघ (आईडब्लूएलएफ) ले गऱ्यो । विश्व भारोत्तोलन च्याम्पियनसिप २०१७ र कमनवेल्थ गेम्स २०१८ मा स्वर्ण जितेकी २५ वर्षीया चानु सिलोडमा भएको १२ औं साग २०१६ मा ४८ केजी स्पर्धामा पनि स्वर्ण कब्जा गरेकी थिइन् । चानु र जेरेमीलाई सागको टिमबाट हटाएर दोहामा डिसेम्बर १९ देखि हुने ओलम्पिक छनोटअन्तर्गत इन्टरनेसनल कपमा पठाउने उल्लेख गर्दै ओलम्पिक च्यानलले भारतले जुनियर खेलाडीलाई नेपाल पठाउन लागेको जनाएको छ ।

सागमा भारोत्तोलनको प्रतिस्पर्धा डिसेम्बर ७ देखि ८ सम्म पोखरास्थित एफआरके बैंक्वेट हलमा हुँदै छ । यसमा पुरुष र महिलाका १०-१० स्पर्धा समावेश गरिएको छ । त्यसमध्ये एक देशले ७-७ स्पर्धामा सहभागी हुन पाउँछ । १५ स्पर्धा समावेश १२ औं सागमा भारतले १२ तथा श्रीलंका, पाकिस्तान र बंग्लादेशले १-१ स्वर्ण जितेका थिए । त्यसमा नेपालले १ रजत र ३ कांस्य हात पारेको थियो ।

क्रिकेट मैदानको काम धमाधम

■ **रमेशकुमार पौडेल** (चितवन)

धुर्मस-सुन्तली फाउन्डेसनले जनस्तरमा सहयोग जुटाएर भरतपुरमा बनाउन लागेको प्रस्तावित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको मैदान निर्माणको काम अगाडि बढेको छ । भरतपुर महानगरपालिकालाई कृषि तथा वन विज्ञान विश्वविद्यालयले उपलब्ध गराएको रामपुरको जग्गामा फाउण्डेशनले रंगशाला बनाउँदै छ ।

रंगशाला निर्माणका लागि गत वर्षको माघ १६ मा भरतपुर महानगरपालिका र फाउण्डेशनबीच सहमति भएको थियो । रंगशालाको लागत झण्डै तीन अर्ब रुपैयाँ छ । यसअघि भुकम्प प्रभावितहरूका लागि नमुना वस्तीहरू निर्माणको अनुभव बटुलेको फाउण्डेशनले देश विदेशका नेपालीहरूले दिने सहयोगबाट रंगशाला बनाउने महत्वकाक्षी योजना अगाडी सारेको हो । डिपिआर बनेको दुई वर्षभित्र रंगशाला निर्माण सक्ने योजना छ ।

गएको कात्तिक ६ गते विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सार्वजनिक भएको थियो । लगत्तै मैदान निर्माणको काममा संलग्न भएको धुर्मुस सुन्तली फाउण्डेशनका अध्यक्ष कलाकार सिताराम कट्टेल धुर्मुसले बताए । अन्तराष्ट्रिय क्रिकेट रंगशालाको लागि ७० मिटर ब्यास भएको क्रिकेट मैदान तयार हुँदैछ । 'मैदानको क्षेत्र सम्याउने, पुर्ने काम गरेका छौं । ड्रेनको काम पनि अगाडी बढेको छ' कट्टेलले भने ।

इन्जिनियर राजेश थापा मगरले यो कामको रेखदेख गरेका छन् । 'दुबो राख्ने र पीच बनाउने कामपछि हुन्छ । त्यसको लागि चाहिने संरचनाको काम हामीले गरी रहेका छौं । झण्डै ४० प्रतिशत प्रगति भएको छ,' इन्जिनियर थापा मगरले भने । झन्डै २० दिनमा यति काम भएको उनले बताए । मैदानको काममा बिहान ६ बजेदेखि रातिसम्म खट्ने गरेको कट्टेलले बताए ।

फाउन्डेसनले काम सुरु गरेपछि गत जेठमा स्थानीयबीच विवाद हुँदा निर्माण क्षेत्रमा लगाएको जस्ताको अस्थायी बार डोजर चलाएर स्थानीयले भत्काइदिएका थिए । त्यसपछि रंगशाला निर्माण हुने वा नहुने भन्ने बारेमा अन्यौल छाएको थियो । यो घटनापछि आर्थिक संकलन अभियान पनि राम्रोसँग चल्न सकेको छैन । चितवनका स्थानीय तहले रंगशाला निर्माणमा जुट्ने प्रतिवद्धता देखाएपछि फाउन्डेसन साउनदेखि काममा फर्केको थियो ।

फाउन्डेसन अहिले मैदान निर्माणमा केन्द्रित भएको छ । त्यसपछि प्यारापिट राख्ने संरचना बनाउने र अन्य कामहरूमा लाग्ने योजना छ । फाउन्डेसनले काम सुरु गरे पनि आर्थिक स्रोतको भने अभाव खड्केको छ । तीन अर्बको योजनाका लागि अहिलेसम्म ६ करोड रुपैयाँको हाराहारीमा मात्रै सहयोग घोषणा भएको छ । फाउण्डेशनका अनुसार रकम भने त्योभन्दा पनि कम प्राप्त भएको छ ।

निर्माण परिसरमै नमुना मैदान

अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण स्थलभित्रै फाउन्डेशनले नमुना क्रिकेट मैदान निर्माण गरेको छ । निर्माण पूरा भएका कारण शुक्रबारदेखि खेल सुरु भएको छ । रामपुरमा रहेका कृषि तथा वन विज्ञान विश्वविद्यालयका छटौं र सातौं ब्याचका विद्यार्थीबीच ट्वान्टी-२० क्रिकेट प्रतियोगिता नै सम्पन्न भयो । जिल्लामा आयोजना हुने क्रिकेट प्रतियोगिता यही मैदानमा गर्ने योजना बनाएको कट्टेलले बताए ।

'चितवनमा यो जस्तो राम्रो क्रिकेट मैदान अन्यत्र सायदै होला । हामीले जिल्लामा पनि खेल हुने छन् अब यही खेलाउने तयारी गर्दैछौं,' कट्टेलले भने । अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाका लागि तयार हुँदै गरेको क्रिकेट मैदानभन्दा उत्तर तर्फ नमुना क्रिकेट मैदान छ । गुरुयोजना अनुसार रंगशालाको पार्किङ क्षेत्रमा अहिले नमुना मैदान रहने छ । रंगशाला तयार हुँदै जाँदा त्यो क्षेत्र पार्किङकै लागि प्रयोग हुनेछ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुधीर शर्मा**

कान्तिपुरको साप्ताहिक परिशिष्टांक

ekantipur.com

कान्तिपुर कैलेली

शनिबार, १४ मंसिर २०७६

ती साना चप्पल

स्मृति

गंगा बीसी

२०६० पुस महिना । चिसोले काठमाडौंलाई छोपेको बेला मध्यरातमा शाही सेनाले पाँगा घेरा हाले । करिब एक हजार पाँच सय सेनाको घेराबन्दीमा पाँगा थियो । घरघरमा हतियारधारी सेना पसेपछि मस्त निद्रामा परेकाहरू ब्युँझिए । बालबालिकाहरू डरले रोएको सुनिन्थ्यो ।

कीर्तिपुर पाँगा । त्रिभुवन विश्वविद्यालय पढ्ने विद्यार्थीका लागि प्रिय गाउँ । नयाँ बजारबाट बढीमा १० मिनेट पैदल दूरी । विद्यार्थीका लागि यसकारण प्रिय कि पढ्ने वातावरण, डेरामा बस्नेलाई खाट र परालको गुन्द्री फ्री पाइने । अर्को चलन पनि- घरबेटी, स्थानीय व्यापारीले त्यहाँ बस्ने सबै विद्यार्थीलाई 'सर' भनेर सम्बोधन गर्ने । हामी दाङबाट काठमाडौं उपत्यका आएपछि करिब छ महिना रविभवनमा बस्यौं । तुलसी दिवस महतारा दाइले खोजेको डेराबाट कीर्तिपुर पढ्न जान टाढा भयो । त्यसैले कीर्तिपुरको पाँगा सर्‍यौं ।

देशमा शाही संकटकाल थियो । राजधानीमा सुरक्षाकर्मीको जासुसी गल्लीगल्लीमा थियो । रविभवन बस्दै थाहा भइसकेको थियो– कहिले गीत गाउँदै आउँथे जासुस, कहिले सामान बेच्दै । कहिले डेरा खोज्दै । धेरै रूप थिए, शाही सुरक्षाकर्मीका । संकटकालको जरो गाडिएको दाङ घोराहीमा पूरै सैनिक शासन थियो । दाङको वातावरण हेरेर काठमाडौं खुकुलो लाग्नु स्वाभाविक थियो । सानातिना सुरक्षा सर्चको खासै वास्ता लाग्दैनथ्यो । घोराहीको भने एकएक जमिनमा सुरक्षाकर्मीको पाइला थियो । माओवादीले २०५८ मंसिरमा दाङमा सेनाको ब्यारेक आक्रमण गरेपछि संकटकाल घोषणा गरी शाही सेना परिचालन भएको थियो ।

रविभवनबाट पाँगा सरेपछि भने वातावरण अलि फरक देखियो । त्यहाँ सुरक्षाकर्मीको नजर अलि बढी नै लागेको रहेछ । विश्वविद्यालय पढ्ने विद्यार्थीहरू मात्र होइन पुस्तौं बस्दै आएका सोझा स्थानीय किसानहरूप्रति सुरक्षाकर्मीको शंका थियो । सुरक्षाकर्मी सबैलाई माओवादी देख्थे । त्यसकारण सुरक्षा निगरानीको तारो थियो पाँगा हुने नै भयो ।

पाँगा सरेको पहिलो डेरा एक हप्तामै छाड्नुपर्‍यो । राम्रो भएन । अर्को डेरा कान्छा महर्जनको घर । जग काठ र माटोले बनेको, माथिल्लो एक तला भने ढलान थियो । ७२ को भूकम्पमा अरू पक्की घर ढले, त्यो घर भने सुरक्षित रहचो । कान्छा र कान्छी महर्जनको घरमा छोइला र ऐलासमेत बेलाबेला खान पाइन्थ्यो । यसको सम्झना मनमा गढेकै छ । त्योभन्दा गहिरोसँग बसेको छ, अर्को एक सम्झना, जुन सुनाउनका लागि यो भूमिका बाँधिएको हो ।

कान्छाको घरका पहिलो तलाको ठूलो कोठामा हाम्रो बास थियो । दुई भ्याल भएको कोठा आधा पर्दाले छेकेर किचन बनाइएको थियो । जाडोमा न्यानो र गर्मीमा शीतल थियो । श्रीमतीको त्रिभुवन विश्वविद्यालयमा एमएको पढाइ चल्दै थियो, मेरो पत्रकारिता । हामीसँग तीन वर्षको छोरा पनि साथै थियो ।

पाँगामा माओवादीको केही प्रभाव भएकाले शाही सुरक्षाकर्मीका आँखा पाँगामा लाग्नु स्वाभाविक थियो । त्यसैले कुनै न कुनै रूपमा सुरक्षाकर्मीको गस्ती र छापा चलेको हुन्थ्यो । गुप्तचरहरूको पाँगामा सधैं निगरानी हुन्थ्यो । स्थानीयले सुनाइसकेका थिए– खासगरी रुकुम, रोल्पा, सल्यान जिल्लाका विद्यार्थीको सुरक्षाकर्मीले रेकर्ड बनाएर राखेका छन् !

२०६० पुस महिना । चिसोले काठमाडौंलाई छोपेको बेला मध्यरातमा शाही सेनाले पाँगा घेरा हाले । करिब एक हजार पाँच सय सेनाको घेराबन्दीमा पाँगा थियो । घरघरमा हतियारधारी सेना पसेपछि मस्त निद्रामा परेकाहरू ब्युँझिए । बालबालिकाहरू डरले रोएको सुनिन्थ्यो । घरबेटी, डेरामा बस्ने कोठामा भीषण सर्च अभियान चलाइएको थियो । म बसेको कान्छा महर्जनको घरमा पनि सैनिक पसेको आवाज आयो । त्रास हुने नै भयो अब के हुने हो ? चुपचाप बस्नुबाहेक अरू कुनै उपाय थिएन ।

●●●

रुकुम-रोल्पा आफैंमा 'विद्रोही' नाम थियो । यस्तो लाग्थ्यो, यी दुई जिल्लाको मान्छेको निधारमै 'माओवादी' भनेर लेखिएको छ । यी दुई जिल्लालाई माओवादीको गढ मानिएकाले राजधानीमा पनि यहाँका मान्छेमाथि बेग्लै निगरानी हुन्थ्यो । ती क्षेत्रका मान्छेहरू सेनाको सर्चमा परेपछि लामो सोधपुछ र पक्राउ पर्ने सम्भावना धेरै थियो । त्यसैले सेनाको खानतलासी अरू कोठामा चलिरहेको बेला म मानसिक रूपमा तयार थिएँ, पक्राउ पर्न सकिन्छ । मेरो साथी नवीन बिभासलाई केही दिनअघि सेनाले पक्राउ गरी बेपत्ता बनाइसकेको थियो । उनी कहाँ छन् ?

> माथिल्लो तलाको सर्च सकिएपछि सेनाको बुट हाम्रो तलामा बज्दै झन्यो । यो तलाका पनि सबै कोठा सर्च भइसके । अब के हुने हो ? त्रासबीच मनमा कुरा खेल्दै थिए । त्यही बेला टोलीको कोही बोलेको आवाज आयो । 'यो ढोका खोलौं साप ?' यो जवानको आवाज थियो ।

न आफन्तलाई थाहा थियो, न साथीहरूलाई । उनी तीन महिना सेनाको कठोर हिरासतमा बसेर पछि मुक्त भए । जुन बेला पाँगा सेनाको घेरामा थियो, त्यतिबेला उनी बेपत्ते थिए । त्यो समयमा सेनाको सर्चले कतिलाई बेपत्ता पार्‍यो, कति बेपत्ता भएर पनि फेला परे । केही अझै हराएकै छन् ।

पुसको चिसो जसरी सेनाको टोली अघि बढ्दै थियो । हामी कोठाभित्र डरले कठ्याङ्ग्रिएका थियौं । माओवादी युद्ध उत्कर्ष भएका बेला कांग्रेस, एमाले र माओवादीबीच राजतन्त्रविरुद्ध लाग्ने गोप्य वार्ता चल्दै थियो ।

●●●

सेनाको अप्रेसन चलिरहेको बेला पाँगाका कुकुर पनि भुक्न छाडेका थिए । वा, सेनाको बन्दुक देखेर कुकुर पनि डराएका थिए कि ? त्यो त्रासदीमा को विद्यार्थी, कर्मचारी, को सर्वसाधारण भन्ने भेद थिएन । हामी बसेको घरको माथिल्लो कोठामा गणेश घर्ती, पूर्ण राईलगायत अरू साथी बस्थे । त्योभन्दा तल हामी । सेनाको टोली घरमा पसेपछि सरासर माथिल्लो तलामा उक्लियो । सर्च माथिल्लो तलाबाट सुरु भयो । सेनाले हरेक कोठामा पसेर सबै कुरा मसिनो गरी हेर्दै थिए ।

माथिल्लो तलाको सर्च सकिएपछि सेनाको बुट हाम्रो तलामा बज्दै झन्यो । यो तलाका पनि सबै कोठा सर्च भइसके । हामीले प्रतीक्षा गरिरहेको घडी आयो । अब हाम्रो पालो थियो । हामी बत्ती नबाली निदाएझैं गरेर बसेका थियौं । त्यो सर्चमा निद्रा होइन, त्रासले बास गरेको थियो । हरेक घरमा खैलाबैला स्पष्ट सुनिन्थ्यो । सेनाको बुटको आवाज नजिकिँदै आयो । र, हाम्रो ढोकामा आएर टक्क अडियो ।

अब के हुने हो ? त्रासबीच मनमा कुरा खेल्दै थिए । त्यही बेला टोलीको कोही बोलेको आवाज आयो । 'यो ढोका खोलौं साप ?' यो जवानको आवाज थियो ।

त्यो जवानभन्दा बढी हाकिमले के भन्छ भन्ने प्रतीक्षा हामीलाई थियो । जब ऊ बोल्यो, अचम्म भयो । हामीले सोच्दै नसोचेको कुरा उसको मुखबाट निस्कियो ।

'ओहो, यो कोठामा सानो बच्चा भएको परिवार बस्दो रहेछ । यो कोठा छोड्दे, सर्च गर्न पर्दैन । हामीलाई देखेर बच्चा डराउला । अर्को घरतिर हिँड,' यो सेनाको कमान्डरको आवाज थियो ।

उनीहरूको संवाद सुनेर म छक्क परें । कसरी थाहा पाए हाम्रो कोठामा बच्चा छ भनेर ? त्यो कमान्डरको घरमा पनि सानो बच्चा थियो कि ? त्यही भएर उसले हाम्रो कोठा सर्च नगरी बच्चालाई सुत्न दिएको हुनुपर्छ !

पछि थाहा भयो, संयोगले छोराको सानो चप्पल त्यस दिन कोठाबाहिरै छुट्टेको रहेछ । अरू बेला तीन वर्षको बाबु चप्पल लगाएर कोठाभित्रै आउँथ्यो । उसका चप्पल कोठाभित्रै राखिन्थ्यो । त्यसरात उसका चप्पल बाहिरै छुट्टेका रहेछन् । र, तिनै एक जोर साना साइजका चप्पल देखेर सेनाले हाम्रो कोठा सर्च नगरेको रहेछ । बाहिर बाबुका चप्पल नभएको भए सेनाले पक्का हाम्रो कोठा सर्च गर्थ्यो । कोठामा सबै खालका किताब र पत्रपत्रिका थिए । त्यही बहानामा म पक्राउ हुने सम्भावना धेरै थियो । सेनाले पक्राउ गरेपछि बेपत्ता पार्ने निश्चित हुन्थ्यो त्यतिबेला । मेरो जिल्ला रुकुम सेनाको हिट लिस्टमा छँदै थियो ।

त्यसबेला पक्कै पनि बन्दुको ताकत धेरै थियो । बन्दुकको अगाडि हामी सबै निरीह थियौं । संकटकालको बेला सेनासँग विवाद गर्नु भनेको सीधै उनीहरूको कब्जामा पर्नु हुन्थ्यो । त्यस दिन मलाई महसुस भयो, कहिलकाहीं सानो चीजको पनि ठूलो शक्ति हुने रहेछ ! मेरो सानो बच्चा र चप्पलको शक्ति कम थिएन । सानो बाबुका साना एक जोर चप्पलको शक्ति अघि सेनाको बन्दुक पग्लियो । ती केवल चप्पल थिएनन्, ती साना नानीका मायाका प्रतीक थिए । ती हाम्रा लागि सुरक्षाकवच भइदिए । सायद ती चप्पल नभएको भए म पनि साथी नवीनजस्तै केही महिना बेपत्ता भएर निस्कन्थें होला ? ती कठोर दिन, ती कालरात्रि नसम्झूँ भने पनि सम्झनामा आइरहन्छ । साथी नवीनले आफू बेपत्ता भएको समयको ठूलै किताब तयार लेखेका छन् ।

●●●

त्यस दिन रातभर सर्च सकेर बिहान आठ बजे सेना ब्यारेक फर्कियो । पाँगावासीको अनुहारमा बादल लागेको थियो । भयले भरिएका आँखा अनिदा थिए । मुखमा मुस्कान हराएको थियो । माथि चन्द्रागिरी डाँडा अँध्यारो देखिन्थ्यो । निरंकुशताका नङ् ग्राले चिथोरेको पाँगा गाउँमा घाउ लागेजस्तो थियो । सेना फर्किसकेपछि मैले ढोका खोलें । ढोकाबाहिर बाबुका एक जोर चप्पल देखें । मैले हातमा लिएर ती चप्पललाई ढोगें । जसरी मान्छेले देउतालाई ढोग्छन् । त्यस दिन ती चप्पल मेरा लागि देउता समान थिए । किनकि हामीलाई तिनले सुरक्षा दिए । अरू बेला बाबुका कलिला खुट्टालाई ढुंगा, काँडाले घोच्नबाट जोगाउने ती चप्पलले संकटकालको बेला सेनाको बन्दुकबाट हामीलाई जोगाए ।

अर्को दिन बिहान मैले श्रीमतीलाई चप्पलको शक्तिबारे बताएँ । उनी एकक्षण बोल्न सकिनन् । उनले चप्पल र बाबुतिर केहीबेर हेरिरहिन् प्रेमपूर्वक । अझै त्रास त छँदै थियो । त्यस दिन हामीलाई चालीस रुपैयाँमा किनेका ती साना चप्पलको औधी माया लाग्यो ।

१६ वर्षपछि पनि पाँगा जाँदा सेनाको सर्च र ती एक जोडी चप्पल आँखाअगाडि घुमिरहन्छ ।

विमर्श

शंकर तिवारी

गान्धी विचारउपर प्रहार !

यस वर्ष महात्मा गान्धीको १ सय ५० औं जन्मजयन्ती । अहिंसात्मक आन्दोलनलाई संसारभर स्थापित गराउने गान्धीका विचारबारे अहिले पनि बहस चलिरहेका छन् ।

धर्मान्ध नाथुराम गोड्सेले महात्मा गान्धीको हत्या गर्नुभन्दा तीन वर्षपहिले सन् १९४६ मा अम्बेडकरले गान्धीसम्बन्धी लेखिएका पुस्तकहरूको बढ्दो संख्यातर्फ इंगित गर्दै यस्तो टिप्पणी गरेका थिए, 'यी वृद्ध मानिसमाथि लेखिएका पुस्तकहरू देखेर मेरो सातो जान्छ (होस उड्छ) !' यसरी गान्धीको जीवनकालमै उनीमाथि विद्वत् समुदायको आकर्षणमा उनको जीवनलीला समाप्तिको सात दशकपछि पनि कुनै सुस्तता छाएको छैन, बरु त्यो आकर्षण झन् सघन र तीव्र हुँदै गइरहेको छ ।

दक्षिण अफ्रिकाको लहरो-पहरो

स्टानफोर्ड युनिभर्सिटी प्रेसले सन् २०१५ मा गान्धीसम्बन्धी 'द साउथ अफ्रिकन गान्धी : स्ट्रेचर बिअरर अफ इम्पायर' शीर्षकको पुस्तक प्रकाशित गऱ्यो । दक्षिण अफ्रिकाको दुई भिन्न विश्वविद्यालयमा अलग-अलग विषय समाजशास्त्र र इतिहास प्राध्यापन गर्ने अश्विन देशाई र गोलाम वहेदले उक्त पुस्तक लेखेका थिए । यस पुस्तकले गान्धीको दक्षिण अफ्रिका बसाइका विभिन्न पाटोलाई सूक्ष्म रूपमा प्रकाश पारेको छ ।

सोही क्रममा गान्धीले दक्षिण अफ्रिकी रैथाने/आदिवासीलाई त्यतिबेला प्रयोग गरिने शब्द 'काफिर' प्रयोग गरेको खुलस्त पारिएको छ । समयक्रममा शब्दहरूले पनि रङ फेर्छन् । शब्दको भाव र अर्थ बदलिँदै जान्छन् । काफिर शब्द गान्धी दक्षिण अफ्रिकामा रहेको र त्यसपछिको लामो समयसम्म अफ्रिकी कालाहरूलाई सम्बोधन गर्न प्रयोग गर्ने शब्दको रूपमा चल्तीमा थियो । तर अहिले आएर नकारात्मक आशय ग्रहण गर्न पुगेको छ । अफ्रिकी कालाहरू काफिर शब्दलाई अपमानजनक ठान्छन् र काफिर शब्द प्रयोग गर्दा होच्याएको महसुस गर्छन् ।

गान्धी स्वयंले दक्षिण अफ्रिका बसाइका बारेमा 'सत्याग्रह इन साउथ अफ्रिका' शीर्षकको पुस्तक लेखेका छन् । त्यो पुस्तकको पहिलो संस्करण सन् १९२८ मै छापिएको थियो । यस पुस्तकमा दक्षिण अफ्रिकी रैथाने अश्वेतहरूको चर्चा गर्दा गान्धीले 'काफिर' शब्दको प्रयोग गरेका थिएनन् । तर जब कलेक्टेड वर्क्स अफ महात्मा गान्धी (छोटकरीमा सीडब्लूएमजी) को एक सयवटा अलग-अलग ग्रन्थ तयार पार्दा खोजकर्ताहरू गान्धीले लेखेका/बोलेका अक्षरहरू एकत्रित पार्दा मूल स्रोतमा पुगे । ती मूल स्रोतबाट बिनासम्पादन वा काँटछाट छापिए । दक्षिण अफ्रिका कार्यक्षेत्र बनाएका प्राध्यापकहरूले दक्षिण अफ्रिकी गान्धीका बारेमा पुस्तक लेख्दा पहिले छायामा/ओझेलमा परेको प्रसंग बाहिर आए । उक्त किताबमा चर्चा गरिएको प्रसंगलाई आधार मानेर गान्धीलाई रेसिस्ट (नश्लवादी) को आरोप लगाउँदै २०१८ को डिसेम्बरमा आक्रामा अवस्थित घाना विश्वविद्यालय परिसरमा रहेको महात्मा गान्धीको मूर्ति हटाइयो । यो समाचार सनसनीपूर्ण शैलीमा विश्वभर फैलियो । यो प्रकरण गान्धीको वैचारिकीमाथि गरिएको पछिल्लो र बहुचर्चित आक्रमण हो । गान्धीको त्यो मूर्ति घाना विश्वविद्यालय परिसरमै पुनःस्थापित गरिसकिएको छ ।

२०१९ अक्टोबरमा इन्स्टिच्युट अफ गान्धियन स्टडिज वर्धा महाराष्ट्रका प्रध्यापक डा.सीबीके जोसेफले लेखेको पुस्तक 'गान्धी इन साउथ अफ्रिका : अर रेसिस्ट अर अ लिबरेटर ?' भारत र दक्षिण अफ्रिकामा एकैपटक विमोचिन गरियो । उक्त पुस्तकले दक्षिण अफ्रिकी प्रध्यापकहरूले 'द साउथ अफ्रिकन गान्धी' पुस्तकमा तथ्यहरूको तोडमोड गरिएको र गान्धीका उद्धरणलाई तलमाथि पारिएको विवरण पेस गरेका छन् । जोसेफ भन्छन्, 'बुद्धिजीवीहरू खास समयमा अभिव्यक्त भएका लामा उद्धरण र भनाइलाई छोटचाएर र अमिल्दा प्रसंगमा उद्धृत गर्ने आदतको सिकार हुन्छन् ।'

लेखिका अरुन्धती रोयले समेत त्यस्तै गरेकी छन् । अरुन्धतीले 'द डाक्टर एन्ड द सेन्ट : द अम्बेडर-गान्धी डिबेट' मा गल्ती गरेको तर्फ जोसेफले इंगित गरेका हुन् ।

आखिर गान्धीमाथि उनको हत्याको यतिका वर्षपछि पनि वैचारिक आक्रमण किन भइराख्छ त ? यसका केही गम्भीर कारण छन् । यस्ता आक्रमण गान्धीको जीवनकालदेखि अनवरत रूपमा आजपर्यन्त चलिरहेको छ र यो रोकिनेवालासमेत छैन । यस्ता आक्रमणहरूले गान्धीको विचारको प्रसारण र फैलावटमा थप टेवा पुऱ्याइरहेका छन् । यसबारेमा विस्तृतमा चर्चा गर्नुपहिले दक्षिण अफ्रिकी राष्ट्र घानाको प्रसंग सान्दर्भिक हुन्छ ।

गान्धीको वैचारिक विकास

गुजरातको समुद्र तट पोरबन्दरमा सन् १८६९ मा जन्मेका गान्धी कानुनको उच्च शिक्षा अध्ययनका लागि सन् १८८८ मा लन्डन पुगेका थिए । लन्डनमा रहँदा मनोवैज्ञानिक रूपमा गान्धीले सभ्यताको तहगत संरचनामा युरोपलाई माथि र भारत/इन्डियालाई त्योभन्दा तल राखेका थिए । त्यो उनको प्रारम्भिक बुझाइ थियो । पछि उनले १९०९ मा 'हिन्द स्वराज' (इन्डियन होम रुल) पुस्तक लेखेर युरोपेली सभ्यताको जडमा प्रहार गरे । गान्धीले १८९१ मा कानुनी शिक्षा पूरा गरेका थिए । १८९३ मा उनी दक्षिण अफ्रिकी सहर नाटाल पुगे र १९१५ मा मात्र पूर्णकालका लागि उनले अफ्रिका महादेशको बसाइलाई विट मारे । झन्डै २३ वर्ष गान्धीले दक्षिण अफ्रिकामा बिताएका थिए । अपरिपक्व वकिलको रूपमा त्यहाँ पुगेका उनी समयक्रममा २० औं शताब्दीलाई दिशानिर्देश गर्नसक्ने महात्मामा परिणत भए । दक्षिण अफ्रिका उनको प्रयोग र परीक्षणहरूको भावभूमि थियो । त्यही कर्म थलोले उनलाई मोहनबाट महात्मामा रूपान्तरित गरेको थियो ।

आप्रवासी भारतीय मालिकको निजी वकिलको रूपमा दक्षिण अफ्रिका पुगेका गान्धी केही वर्षमै सिङ्गो आप्रवासी भारतीय समुदायको नेता बन्न पुगे । दक्षिण अफ्रिका त्यसबेला भारतजस्तै बेलायतको उपनिवेश थियो । सरकारी अड्डाहरूमा गोरा र कालालाई दोहोरो व्यवहार गरिन्थ्यो । भारतीय कामदारलाई सरकारले स्वाभाविक रूपमा रैथाने कालाहरू गर्ने दोस्रो दर्जाको सूचीमा राखेको थियो । ब्रिटिस सम्राज्यको नागरिक गान्धीलाई यो कुरा चित्त बुझेको थिएन । १८५७ मा भारतीय नागरिकहरूलाई आफ्ना नागरिकसरह व्यवहार गर्ने निर्णय बेलायत सरकारले गरेको थियो । गान्धीले सरकारले आफू भारतीयहरूलाई रैथाने अफ्रिकी 'काफिर' सरह व्यवहार गरिनु असुहाउँदो भएको उल्लेख गर्दै उक्त नियम बदली पाऊँ भनी निवेदन दिए । गान्धीले माग गरेजस्तै दक्षिण अफ्रिकी सरकारले भारतीयलाई एसियाटिक्सअन्तर्गत दोस्रो दर्जा दियो र अफ्रिकी कालाहरू तेस्रो दर्जाका बन्न पुगे ।

विरोधीहरूले अपरिपक्व गान्धीका धारणालाई मात्र आधार मानेर उनको सालिक स्थानान्तरण गरेको देखिन्छ । १९०९ देखियता गान्धीले सबै मानव जाति बराबर भएको धारणा विकास गरिसकेका थिए । त्यसैले यो विरोध एकांकी देखिन्छ । जुन कुरा विरोधीहरूले पनि बौद्धिकस्तरमा स्विकारेको देखिन्छ । त्यसो त गान्धीकै प्रेरणाबाट अहिंसात्मक शैलीमा दक्षिण अफ्रिकालाई उपनिवेशबाट स्वतन्त्रता दिलाएका नेल्सन मण्डेलाले भनेका छन्, 'गान्धीलाई तत्कालीन सन्दर्भ र समयको कसीमा राखेर मूल्यांकन गर्नु वस्तुनिष्ठ हुन जान्छ ।' गान्धीले आफ्ना धारणाहरूमा विरोधाभास/मतान्तर देखा परेमा अघिल्लोभन्दा पछिल्ला धारणा आधिकारिक हुनेछ भनेर आफ्नो वैचारिक जगलाई प्रस्टचाएका थिए । उदाहरणका लागि उनले १९२० मा र १९३० मा एउटै विषयमा अलगअलग राय दिएको भए १९३० को रायलाई आधिकारिक मान्न भनेका थिए ।

मूर्तिबारे गान्धी-धारणा

गान्धी स्वयंलाई मूर्तिमा खास आकर्षण थिएन । फरवरी ११, १९३९ को 'हरिजन' पत्रिकामा उनको मूर्ति बनाउन चाहने शुभेच्छुकलाई त्यस्तो फाल्तु कार्यमा नलाग्न आग्रह गर्दै लेख्छन्, 'माटोले बनेको मानिसमा पच्चीस हजार रुपैयाँ खर्च गरेर माटो वा धातुको मूर्ति बनाउनु भनेको पैसाको बर्बादीबाहेक केही होइन ।' गान्धीले नचाहेको भए तापनि गान्धीको मूर्ति प्रत्येक ठूला-साना भारतीय सहर वा गाउँको मात्र शोभा बन्न पुगे । यो क्रम भारतबाहिर पनि फैलियो । हालै मात्र बेलायतको पार्लियामेन्ट स्क्वायरमा चर्चिलसँगै गान्धीको समेत ढलोटको मूर्ति स्थापित गरिएको छ ।

दक्षिण अफ्रिकी दिनहरूमा गान्धी अपूर्ण थिए तर समकालीनहरूभन्दा क्रान्तिकारी र प्रगतिशील थिए । गान्धीले विशेषगरी धर्म र सम्प्रदायको जगमा राजनीति गर्न चाहनेहरूको विरोधको सामना आजीवन गरे । उनले त्यही क्रममा शहादत पनि प्राप्त गरे । गान्धी मार्क्सवादीहरूबाट समेत आलोचित भए । अम्बेडकर र गान्धीको शास्त्रार्थलाई उनीहरूका चेलाहरूले अझै टुङ्गोमा पुऱ्याउन दिने संकेतसमेत दिएका छैनन् । गान्धीले जुनसुकै परिवर्तनका लागि अहिंसामा जोड दिए, हिंसाका पक्षपातीले सदैव गान्धीलाई प्रतिरोध गर्ने भइहाले । गान्धी सर्वधर्म समभावमा विश्वास गर्थे । उनको आश्रमको प्रार्थना सभामा मुख्य धर्मग्रन्थहरूबाट लिइएका श्लोकहरू सस्वर वाचन गर्ने परम्परा जीवित नै छ । धार्मिक कट्टरतामा विश्वास राख्नेहरूले गान्धीलाई एक नम्बरको दुस्मन मान्छन् । बहुसंख्यक मुस्लिमहरूलाई धर्मनिरपेक्षताको नाउँमा धेरै भाउ दिएको आरोप गान्धीलाई लगाइन्छ ।

वर्तमान भारतमा गान्धी

हिन्दु परम्परा र विचारलाई श्रेष्ठ ठान्ने विचारधारा अहिले भारतमा हावी भएको छ । राष्ट्रिय स्वयंसेवक संघको नाममा धार्मिक श्रेष्ठताको प्रचार प्रसार गर्न थालेको झन्डै एक शताब्दी पुग्न लागेको बेला भारतमा गान्धीको हत्यारा नाथुराम गोड्सेको मूर्ति बनाएर पुज्न थालिएको छ । त्यति हुँदाहुँदै पनि राष्ट्रिय स्वयंसेवक संघको कार्यकर्ता भएर आफ्नो राजनीतिक बाह्रखरी प्रारम्भ गरेका वर्तमान भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अन्तर्राष्ट्रिय मञ्चमा मात्र होइन राष्ट्रिय मञ्चहरूमा समेत गान्धीको नाम लिन बाध्य हुन्छन् ।

यसै वर्षको संयुक्त राष्ट्रसंघको महासभामा पाकिस्तानी प्रधानमन्त्री इमरान खानले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पार्टी भारतीय जनता पार्टीलाई हिटलरको नाजी पार्टीसँग तुलना गरे । भाजपाको माउ संस्था आरएसएस गान्धीको हत्यामा संलग्न भएको र गान्धीको रगतले लत्पतिएको पृष्ठभूमिको भनेर मोदीलाई रक्षात्मक हुन बाध्य पारे । यसरी विश्व रंगमञ्चको विशिष्ट थलोमा समेत गान्धी कारण-अकारण बहसको केन्द्रमा पुगिराख्छन् । नरेन्द्र मोदीले इमरान खानलाई जवाफ दिन 'द न्युयोर्क टाइम्स' पत्रिकाको अक्टोबर २ अंकमा गान्धीसम्बन्धी अग्रलेख नै लेख्नुपऱ्यो ।

भाजपाको नीति नेहरू र गान्धीलाई सकेसम्म उपेक्षा गर्ने भएकाले पनि मोदीले संसारकै अग्लो मूर्ति आफ्नो गृहनगर गुजरातमा गान्धीको नभएर बल्लभभाइ पटेलको बनाएको दृष्टान्त छ । तर, भारतीय सिनेमाका सेलिब्रेटीहरूसँग साक्षात्कार गर्दै मोदीले गान्धीको १५० औं जन्मजयन्तीका अवसरमा सिनेमा र कलाका विविध पक्षमा गान्धीलाई जोड्न आह्वान गरे । त्यसो त मोदीलाई 'स्वच्छता अभियान' भनेर शौचालय र सफाइ अभियानमा गान्धीलाई सीमित पार्न कोसिस गरेको आरोप नलागेको होइन । गान्धीको विश्वव्यापी स्वीकार्यतालेे गर्दा बगलीमा जे-जे भए तापनि मोदी मुखले भने गान्धीको नाम लिन बाध्य छन् । स्पष्ट रूपमा भन्नुपर्दा वर्तमान भारत गान्धीले चाहेको 'हिन्द स्वराज भर्सेज सावरकरहरूले चाहेको 'हिन्दु राज्य' बीचको वैचारिक टकरावमा फसेको छ ।

नेपालमा गान्धीको चर्चा

आफ्ना विचार र कार्यबाट संसारलाई नै प्रभावित पारेका गान्धीले भारतको उत्तरी छिमेकमा रहेको देश नेपाल प्रभावित हुने नै भयो । बीपी कोइरालाले त्यसको वर्णन आफ्नो 'आत्मकथा' र 'आत्मवृत्तान्त' मा गरेका छन् । नेपाली कांग्रेस पार्टीको स्थापनामा गान्धीको ठूलो प्रभाव देखा पऱ्यो । गान्धीको सम्मानमा उनको हत्यापश्चात् नेपाली कांग्रेसले आफ्नो मुखपत्र 'युगवाणी' मा विशेष अंक प्रकाशित गरेको थियो । एक प्रकारले भन्नुपर्दा १९२० मा नै गान्धीको आह्वानमा भएको असहयोग आन्दोलनमा धेरै नेपालीले भाग लिएका थिए । लाइब्रेरी काण्डमा परी कारबाही भोगेका नवयुवक तुलसीमेहर श्रेष्ठ राणाहरूकै छात्रवृत्ति हात पारेर गान्धीको सावारमति आश्रम पुगेका थिए । तुलसीमेहरले नेपाल फर्केर स्थापना गरेको संस्था चर्खा प्रचारक गुठी नेपालको पहिलो गैरसरकारी संस्था बन्न पुग्यो । सय वर्ष पुरानो यो संस्थालाई बुढचौली लागेको छ । त्यतिले मात्र नपुगेर मुद्दा मामिलाले गर्दा राम्रोसँग काम गर्न पनि पाएको छैन । गान्धी आश्रममा पुगेर तालिम लिएर आएका भद्रा घले र उर्मिला उपाध्यायले खोलेका संस्थाहरूलाई समेत बुढचौली लागेको छ । यो त भयो गान्धीबाट प्रभावित भई खुलेका केही प्रतिनिधि संस्थाको कुरा । तर यो लेखको ध्येय गान्धी विचारको वैचारिक पाटो भएकाले मूल विषयमै चर्चा गरौं ।

गान्धीको जन्मतिथिमा विश्वभरि कार्यक्रम हुन्छन् । त्यही सेरोफेरोमा लेख विचार टिप्पणीहरू प्रकाशित हुन्छन् । गान्धीको जन्म तिथि र मृत्यु तिथिको आसपासमा छिटपुट मात्रामा नेपालमा उनको चर्चा हुने गर्छ । त्यसको अलावा केही मार्क्सवादी झुकाव भएका विद्वान्हरूले गान्धी विमर्शमा टेवा पुऱ्याइरहेका हुन्छन् । गान्धीलाई आलोचनात्मक चेतका साथ हेर्नेहरूले कि त मार्क्सवादी कि अम्बेडकरको फ्रेमबाट हेर्ने गर्छन् । बनीबनाउ आलोचनालाई उद्धृत गर्ने उपक्रमबाट उनीहरू माथि उठेको पाइँदैन । जबसम्म गान्धीलाई समालोचनात्मक वा त्योभन्दा सम्यक् दृष्टिले हेर्नलाई हामीले गान्धीका मूल रचनालाई/कार्यलाई आधार मान्दैनौं तबसम्म गान्धी विमर्श अपूरो रहिरहन्छ ।

गान्धीबारे टिप्पणी गर्दा केही वर्षपहिले यशपालको 'गान्धीवादको शव परीक्षा' को एकोहोरो सहारा लिनेहरू अहिले आएर वज्ररञ्जन मणिको उद्धरण गर्न लागिपरेका छन् । कम्तीमा मूल रूपमा कन्नडभाषी भारतीय चिन्तक यू यार अनन्थामुर्थीको अन्तिम पुस्तक 'हिन्दुत्व अर हिन्द स्वराज' को मात्र अध्ययन गर्ने हो भने पनि गान्धी विमर्शलाई न्याय हुन्थ्यो ।

धर्म र वर्णाश्रम

गान्धीका धर्मका बारेमा स्पष्ट मान्यता थिए । तीन सरल वाक्यमा उनका धर्मसम्बन्धी धारणाको सारलाई खिच्न सकिन्छ ।

१. सबै धर्ममा राम्रा पक्ष भएजस्तै नराम्रा पक्ष पनि छन् । त्यस मानेमा सबै धर्म अपूर्ण छन् ।

२. एउटा अपूर्णताबाट अर्को अपूर्णतामा फाल हान्दैमा (धर्म परिवर्तन गर्दैमा) पूर्णता प्राप्त हुन सक्दैन ।

३. त्यसैले सबैले आ-आफ्नो धर्ममा रहेका अपूर्णतालाई पूर्ण बनाउन त्यही धर्मभित्रै सुधारको उपाय खोज्नुपर्छ ।

हिन्दु धर्मको वर्णाश्रम व्यवस्थाले समयक्रममा मानिसहरूबीच जुन प्रकारको विभेद थोपार्ने कार्य गऱ्यो, गान्धी त्यसको सदैव विरोधी थिए र जीवनको उत्तरार्द्धमा उनी धेरै प्रस्ट थिए । वर्णाश्रमअनुसार कामको विभाजनको परिकल्पना उनलाई सुन्दर लागेको थियो । तर कालक्रममा जब कामको प्रतिष्ठा हराउँदै गयो र जातीय रूपमा उचनीचको भावना हावी हुन थाल्यो । गान्धी यो कुरा बदल्न चाहन्थे । श्रमको सम्मान गर्ने भएकाले आश्रमको परिसर र शौचालय सफाइमा आफैं अग्रसर हुन्थे । शूद्र वा दलित वा जो कुनै पीडित/दमित व्यक्ति/समुदायलाई गान्धीले 'हरिजन' को उपमा दिएका थिए ।

गान्धी दर्शनलाई बुझ्न चाहनेले जोन रस्किनको पुस्तक 'अनटु द लास्ट' एकपटक पढ्नैपर्ने हुन्छ । गान्धी यस पुस्तकबाट यति बढी प्रभावित थिए कि उनले यसै पुस्तकको सारलाई अनुवादसमेत गरे र सबैको श्रमको सममूल्य र बराबरी प्रतिष्ठा हुनुपर्छ भन्ने मान्यतामा अडिग रहँदै त्यसको व्यावहारिक प्रयोगका लागि आश्रमको स्थापनासमेत गरे । गान्धी विचार कहिल्यै पनि जड हिन्दुत्वको पक्षपाति थिएन । गान्धी विचारले अनेकान्तवादलाई प्रश्रय दिन्छ ।

दलित र अम्बेडकर

सन् १९३२ मा अंग्रेज सरकारले कम्युनल अवार्डअन्तर्गत दलित पनि समावेश भएको सेड्युल कास्टलाई अलग निर्वाचन क्षेत्र कायम गर्ने प्रस्ताव अघि सार्‍यो । गान्धीले अलग निर्वाचन क्षेत्रले हिन्दु धर्ममा विभाजन हुने र त्यसले भारतीय समाजमा नकरात्मक प्रभाव पार्ने निर्क्योल गरे । गान्धीले सरकारी निर्णयको खिलाफमा अनशन बसे र अलग निर्वाचन क्षेत्रको सट्टा संयुक्त निर्वाचन क्षेत्रमा सहमति भयो । दलित/अल्पसंख्यकलाई सोही बेलादेखि निर्वाचनमा आरक्षणको सिट कायम भएको हो । जुन आजपर्यन्त भारतमा प्रचलनमा छ । अनशन बसेका गान्धीको स्वास्थ्यमा तलबितल परेमा दंगा भड्किने र गान्धी हत्याको आरोप लाग्ने भएकाले अम्बेडकरले 'पुनः सम्झौतामा' हस्ताक्षर गर्न पुगे । सरकारले सुरुमा प्रस्ताव गरेकोभन्दा धेरै सिट दलितहरूले आरक्षणको रूपमा पाए ।

गान्धीले दलित समस्यालाई हिन्दु धर्मभित्रको समस्याको रूपमा हेरे । जीवनको आखिरीमा अम्बेडकरले दलित मुक्तिका लागि हिन्दु धर्म नै परित्याग गर्ने नीति अख्तियार गरे । अम्बेडकरले दलित मुक्तिका लागि धर्म परिवर्तन गर्ने सुइँको पाएपछि मुस्लिम र क्रिस्चियन धर्मका अनुयायीसमेत अम्बेडकरलाई आफ्नो धर्ममा सामेल गर्नमा जोडतोडले लागि परेको पाइन्छ । अम्बेडकरले अन्तिममा हिन्दु धर्म परित्याग गरी बौद्ध धर्ममा धर्मान्तरण गरे । गान्धी र अम्बेडकर दुवै दलित मुक्तिका लागि क्रियाशील थिए तर उनीहरूको बाटो अलग थियो । त्यसका लागि अलग्गै लेखमा चर्चा गर्नुपर्छ ।

अन्त्यमा,

सत्य र अहिंसाका पुजारी गान्धीलाई वर्तमान भारतीय संस्थापनले उपेक्षा गरे पनि विश्वले चर्को स्वरमा अंकमाल गर्दै गइरहेको छ । वातावरणीय विनाशले विकास अधकल्चो भइरहको छ । अन्तरधार्मिक समन्वयको आवश्यकता अपरिहार्य भएको छ । गान्धीले समयमा नै यी समस्याका साथै समाधान पनि सुझाएका थिए जो अहिले पनि सान्दर्भिक छन् ।

संयुक्त राष्ट्रसंघले कुनै पनि व्यक्तिको जन्मदिन पारेर दिवस घोषणा गरेको छ भने त्यो गान्धीको जन्मदिन हो । गान्धीको जन्मदिन अक्टोबर २ लाई २००७ मा अन्तर्राष्ट्रिय अहिंसा दिवसका रूपमा घोषित गरिएको हो । भारतका लागि गान्धी अन्तर्राष्ट्रिय कूटनीतिक 'सफ्ट पावर' भएका छन् ।

गान्धी सामान्य मानिसका रूपमा जन्मेका थिए । उनले आफूले बाँचेको समयमा भोगेका असंख्य प्रश्नलाई मानव सभ्यताको बृहत्तर फ्रेममा राखेर हेर्ने कोसिस गरेका थिए । मानव सभ्यताले सामाना गर्नुपरेका प्रश्नहरूको उठान गर्ने शैलीले उनलाई मौलिक चिन्तक बनायो । मौलिक चिन्तकहरू चौतर्फी आक्रमणको निसाना बन्न पुग्नु कुनै अस्वाभाविक विषय रहेन ।

आज सयभन्दा धेरै देशले गान्धीको तस्विर अंकित हुलाक टिकट जारी गरेका छन् । गान्धीको नाममा टिकट जारी गर्ने दोस्रो राष्ट्र अमेरिका थियो । अहिले संसारभर उत्तेजित संशोधनवादीहरू इतिहासको परिष्कार गर्न लागिपरेका छन् । गान्धी विचारसमेत त्यसको मारमा परेको छ । उदारवाद र लोकतन्त्रको क्षयीकरण भइरहको वर्तमान विश्वमा गान्धी आशाको मधुरो प्रकाश बनेर सिङ्गो संसारलाई प्रदीप्त पारिरहेका छन् ।

@Shankarktm1

कविता

साम्ब ढकाल

घर कहाँ पुग्यो ?

दाइ घर कहाँ पुग्यो ?
सर घर कहाँ पुग्यो ??
भाइ घर कहाँ पुग्यो ???
माइसाब सक्किएन घर ????
साम्ब घर कहाँ पुग्यो ?????
पुराना छिमेकी– साम्बजी घर कहाँ पुग्यो ??????
नयाँ छिमेकी– ल न ढकाल सर घर कहाँ पुग्यो भन्या ???????

आजभोलि मैले सामना गरिरहेको
प्रश्नका जङ्गल हुन् यी
जसलाई मैले पन्छाउन सकिरहेको छैन
न चढ्नै सकिरहेको छु
हरबिहान र प्रत्येक भेटमा
तेर्सिने यिनै प्रश्नका आटव्य जङ्गलभित्र
हराउने गरी छिरिरहेको छु
निस्सासिँदै निस्कन्छु र मनमनै गम्छु है
न मैले के बनाइरहेको छु ?! !

मैले घर बनाएँ कि–
आफन्त गुमाएँ
कि इष्टमित्र टाढा बनाएँ
बना, बना म छु नि भन्नेहरूलाई
बाटै मोड्नुपर्ने बनाएँ
चिनेजति सबै गुमाएँ
कहिल्यै आफन्तहरू सम्झनँ नपरोस्को
गर्तभित्रभित्रै भासिएँ
गुरुगम्भीर मुद्रामा छु लौन मैले के बनाएँ !!!???

सापटी पत्याउलान्का सबै नामहरू कुनै बाँकी छैनन्
विविध कारणले –
तँलाई ठूलो घर किन बनाउनुपर्ने ?
स्यानो यस्सो जस्तासस्ता थिचेर ब्लककै घर बनाए भैहाल्थ्यो
ह्या .. छोरी नै छोरी छन् केलाई चाहियो यत्रो घर ?
ए ! ग्रिलवाला त्योसँग पैसा छैन उधारो न दे है न दे !!!
सोचिरहेछु– म कुन समाजमा छु हँ ???

म त भूकम्पपीडितको रातो कार्डवाला
राज्यको ऋणैऋणको व्यवस्थाको
आश्वासनले आस्वस्त/निःशस्त्र
भएभरको सबै पैसाले भएको घर पनि
भुइँसमेत नरहने गरी भत्काएर
बैंकका हरढोका चहार्दै/धाउँदा धाउँदै
राज्य छ कि छैन सोचको निष्कर्षमा
जागिरे हैसियतको विनिमयमा सञ्चय कोष रित्याउँदै
पत्याउने नातेदारका आँगन कुर्दै
जीवनभरि ठड्याएको स्वाभिमानको पहाड धस्काउँदै
ठाउँ कुठाउँ ङिच्याउने कुनै कसर बाँकी नराखी
चार बिसेक जन्मोत्सवका तैयारीमा रहेका
आमाबाबुका घाँटीमा अड्केको
अन्तिम घुड्को– बाबु हाम्रो घर नबनाउने.....?????
श्रीमतीजीको लामो निःश्वास-
कहिलेसम्म हो श्रीमान्ज्यू डेराको बास ???
जर्जर र भत्केला भत्केलाको पुरानो घर
यसो केहीको धक्कमधक्कामै थर्थराउने र धर्मराउने थोत्रो घर
बलियो घर र मजबुत घरको प्यासमै जिजीविषा तन्किरहेको प्रारब्ध
भोगिरहेको मैले
के बताऊँ खै त्यसै बनाएको हैन मैले यो 'घर'

घर त अधुरै रह्यो रह्यो
न नजिकका साथी नै मेरा वरिपरि छन्
न चिने-जानेका, आफन्त, बन्धुबान्धव नै
राम्ररी आँतैदेखि बोल्छन्
नाताले सबैभन्दा नजिककै पनि
तर्कीतर्की हिँडेकामा
मलाई टीठको चूडान्त अनुभूति छ
अनुहार हेर्ने ऐनाजस्ता हितैषी
भोलि बाँच्ने दिनजस्ता इष्टमित्र
मर्दा-पर्दा
सुख-दुःखका आफन्त सबै टाढिएपछि
मैले घर भत्काएँ कि बनाएँ
बताइदेओ न सुधीजन !

पार्वती टेलर्स

समाज



सविता आचार्य

बोल्दाबोल्दै उनका आँखा भरिएर आए । उनका आँखाले, 'अब त्योभन्दा धेरै बोल्न सक्दिनँ म' भन्ने भाव व्यक्त गरिरहेको थियो । आँखासँगै उनको मन पनि भरिएर गह्रुंगो भएको थियो ।

मेरो काँधमा अडेस लागेर उनी धेरै बेरसम्म सुँक्कसुँक्क गरिरहिन् । मैले उनले नदेख्ने गरी विस्तारै आँसु पुछेँ । उनको जस्तै मेरो पनि आँखा र मन दुवै भरिएका थिए ।

करिब दस मिनेटको सन्नाटा र सुँक्कसुँक्कपछि उनले मुख खोलिन्, 'तपाईंलाई पनि यस्तै भएको भए के गर्नुहुन्थ्यो दिदी ?' यो कस्तो प्रश्न हो ? म अवाक् भएँ । मसँग उनलाई दिनको लागि जवाफ थिएन । अझ भनौं, कुनै शब्द नै थिएन । उनले जे भोगेकी थिइन्, त्यो कुरा मेरो कल्पनाभन्दा धेरै बाहिरको कुरा थियो । त्यसैले उनलाई दिनका लागि मसँग कुनै जवाफ थिएन । शब्द थिएन । अनि, म मौन बसेँ ।

आफैंले भोगदाको पीडा र अरूको पीडा सुनेर कठै ! भन्नुमा आकाश-जमिनको फरक छ भन्ने कुरा मैले त्यही बेला महसुस गरेँ ।

उनले आफैं भनेकी थिइन्, 'दिदी मेरोबारेमा कतै लेख्नुपर्‍यो, तपाईंको कार्यक्रममा (साथीसँग मनका कुरा) बजाउनुपर्ने भयो या त कसैलाई भन्नुपर्ने भयो भने अहिले नै नभन्नुस् है ?'

मैले मुन्टो हल्लाएर हुन्छ भनेँ ।

कारण जान्न मन थियो मलाई, त्यसैले सोध्नै लागेकी थिएँ ।

लामो सास फेर्दै उनी बोल्न सुरु गरिन्, 'तपाईंले अहिले नै मेरोबारेमा कतै भन्नुभयो भने मलाई मान्छेले चिन्छन्, अनि किन भनेको भनेर फेरि ममाथि दुर्व्यवहार गर्न थाल्छन्, त्यसैले अहिले नै नभन्नुस् है ।'

'अनि पछि भन्दा हुन्छ त ?'

'अँ, पछि त केही हुँदैन । किनकि, म आफैं पनि यस्तैयस्तै तालिम लिएर, बोल्न सक्ने हुन्छु, अनि आफूलाई परेको अन्यायको बारेमा बोल्न सक्छु । तर अहिले त मलाई केही कुरा पनि थाहा छैन । कसैलाई केही भन्न पनि सक्दिनँ । कसरी बोल्ने भन्ने पनि थाहा छैन ।'

'अनि आजको तालिमबाट केही कुरा सिक्यौ त, जसले तिमीलाई बलियो बनाउँछ ?' सोधेँ ।

उसका आँखा एक्कासि चम्किए । मानौं अब उसले ठूलै कुरा मलाई सुनाउन तयार भएकी छ । नभन्दै, ऊ आँखा चम्किलो बनाएर, मभन्दा अलि पर सरेर बोल्न थाली ।

'सिकेँ नि, धेरै कुरा सिकेँ । सबैभन्दा ठूलो कुरा त यी यसरी तपाईंसँग आफ्नो कुरा भन्न तयार भएकी छु । नत्र म अरूको अगाडि मेरो नाम पनि भन्न सक्दिनथेँ । तपाईंसँग तीन दिन बस्दा नै मैले धेरै कुरा सिकेँ । कसरी आफ्नो कुरा भन्ने ? आफूलाई नराम्रो महसुस हुँदा त्यसबाट कसरी बाहिर निस्कने भनेर सिकेँ । तालिम सकिँदासम्म त धेरै सिक्छु ।'

ऊ अझै धेरै कुरा भन्न चाहन्थी मलाई । तर किन हो एक्कासि टक्क रोकिई । अनि पुलुक्क मेरो आँखामा हेरी । उसका आँखा केही छिनअघिका जस्ता चम्किला थिएनन् । ओइलाएर बोट छोड्न लागेको फूलजस्तै भएका थिए !

आँखाको डिलबाट फुत्त आँसु झर्‍यो !

'रोएर पुरयो भन्या हैन अघि ?' सोधेँ ।

आँसु र नाकको पोरावाट हाम फाल्न लागेको पानी एकैपटक पुछ्दै बोली 'हो ।'

'अनि ?'

'रोक्नै सकिनँ ।'

'किन ?'

'हिजो तपाईंले हामीलाई सिकाउन खेल्नु भएको नाटक याद आयो, त्यो नाटक, नाटक थियो तर मैले त यही कुरा भोगेको छु नि दिदी, मालिकको छोराबाट ।'

ऊ फेरि निसास्सिई ।

मलाई कुनै सिनेमा हेरेको जस्तो लाग्न थाल्यो । केही बेरअघि रुँदारुँदा थाकेर आफैंले आफैंलाई सम्हालेकी ऊ फेरि रुन थाली । उसको आँसुले मेरो कुम भिज्यो ।

●●●



> एक्कासि कसैको हात उनको शरीरमा सल्बलाउन थाल्यो ! सुरुमा त उनलाई लाग्यो सपना होला । तर, सपना होला भनेर सोच्न नभ्याउँदै मालिकका छोरा उनीमाथि खनिन लागेको देखिन् तब उनको सपनाको पहाड खस्यो ।

वर्ष १९, पार्वती चौधरी (नाम परिवर्तन) । घर, दाङ । जन्मिएकै साहुको घरमा । उनी जन्मिँदा आमाबुबा, बाजेबजैलगायत सम्पूर्ण परिवार नै साहुको गोठलाई आफ्नो सानो संसार मानेर बसेका रहेछन् । नेपाल सरकारले २०७० साल असार १३ गते मुक्त कम्लहरी राष्ट्र घोषणा गरे पनि २०६५ साल माघ एक गते दाङ मुक्त कमैया जिल्ला घोषणा भैसकेको थियो । सो घोषणापछि उनीहरूको परिवार साहुले दिएको एउटा सानो झुपडीमा बस्न थाले । तर नाम मात्रैको थियो उनीहरूको मुक्ति । पार्वती आफ्नी आमासँगै साहुको घरमा काम गर्न जान्थिन् भने उनका बुबा खेतबारीको काममा ।

केही समयपछि साहुले पार्वतीलाई बिहान-बेलुकाको काम सघाउँछे, दिउँसो पढ्न जान्छे, यसलाई मेरै घरमा राख्छु भन्दै लगे ।

पार्वती खुसीले गद्गद् भइन् । उनको सपना थियो पढेर आफ्नै नामको जमिनमा एउटा सानो छाप्रो बनाउने । साहुको कुरा नसकिँदै आमाको म्याक्सीको फेर समातेर साहुसँगै सधैंका लागि साहुको घरमा बस्न जानका लागि तयार भएको जनाउ उनले दिइन् । आमालाई उनको कुरा पटक्कै मन परेको थिएन । तर, साहुको अगाडि बोल्ने हिम्मत कसको ?

पार्वती सधैंका लागि साहुको घरमा गए पनि परिवारका सदस्यसँग दिनदिनै उसको भेट हुन्थ्यो । हरेक भेटमा आमा सोध्थिन्, 'आज स्कुल गइनस् ?' पार्वतीसँग जवाफ हुन्थेन । किनकि, उनलाई घरको कामबाट फुर्सद थिएन । भर्खरै सुत्केरी भएकी साहुकी बुहारी र नातिको स्याहार गर्नु नै उनको मुख्य ड्युटी थियो ।

दिन बित्यो । हप्ता बित्यो । महिना बित्यो । तर, उनको स्कुल जाने दिन आएन । एक दिन मुखै फोरेर डराउँदै साहुलाई भनिन्, 'मालिक मलाई स्कुल कहिले पठाउने ?'

'पख् न बुहारी माइत जान्छिन् अनि जालिस् । अहिले तँलाई स्कुल पठाएर नाति र बुहारीको स्याहार कसले गर्छ ?'

मालिकको कुरालाई उनले सहर्ष स्विकारिन् । अनि दिन गन्न थालिन् मालिककी बुहारी माइत जाने । नभन्दै, सुत्केरी भएको पच्चीसौं दिनमा उनी माइत गइन् । अब भने पार्वती स्कुल जान पाउने भइन् । खाना खाएर हतारहतार घरधन्दा सकिन् अनि भऱ्याङमुनिको आफ्नो बिच्छ्यौनामा पल्टिइन् । त्यो दिन उनको मनमा छुट्टै उत्साह थियो । भोलि कहिले होला भनेर उनी घरी यता घरी उता गर्न थालिन् । कति बेला निदाइन् पत्तो भएन ।

एक्कासि कसैको हात उनको शरीरमा सल्बलाउन थाल्यो ! सुरुमा त उनलाई लाग्यो सपना होला । तर, सपना होला भनेर सोच्न नभ्याउँदै मालिकका छोरा उनीमाथि खनिन लागेको देखिन् तब उनको सपनाको पहाड खस्यो । आफ्नै हातले छुँदा, नुहाउँदा पनि दुख्न थालेका स्तन मालिकका छोराको हातमा परिसकेको थियो । उनी कराउन खोजिन् तर अहँ कराउन सकिनन् । उनको मुख थुनिएको थियो । आफूभन्दा ठूलो मान्छेबाट कसरी फुत्केर भाग्ने ! उनले कुनै उपाय देखिनन् । भगवान् पुकार्नुको विकल्प थिएन उनमा । भन्छन् नि कोही नहुनेको भगवान् हुन्छन् भनेर ! त्यही बेला भऱ्याङबाट कोही ओर्लिँदै गरेको आवाज उनको कानमा पऱ्यो । उनको मात्रै हैन मालिकको छोराको कानमा पनि पऱ्यो ।

'म आएको कुरा कसैलाई भनिस् भने तँलाई मारेर फाल्दिन्छु ।' यति भनेर ऊ अँध्यारोमा बिलायो ।

●●●

मालिकलाई उनको छोराले गरेको घीनलाग्दो व्यवहारको बारेमा भन्ने हिम्मत उनले जुटाउन धेरै प्रयास गरिन् तर अहँ सक्दै सकिनन् । आमालाई त 'भन्न सक्छु' भनेर हजारौंपटक मुख आँ गरिन् तर भन्न सकिनन् । खै किन सकिनन् उनी आफैंलाई पनि थाहा छैन । त्यसपछि हरेक दिन कुनै न कुनै बहानामा उनलाई मालिकको छोराले आफ्नो इच्छाअनुसार छुन थाल्यो । उसले जति नै नगर्नू भने पनि मानेन । उनलाई भऱ्याङमुनि सुत्नै मन लाग्न छोड्यो । भर्खरै पलाउन थालेकी उनी हरेक दिन निमोठिन थालिन् । उनलाई आफ्नै जीवन देखेर घीन लाग्न थाल्यो । आफैंले आफैंलाई धिक्कार्न थालिन् । मालिकको छोरालाई देख्दा रिसको पारो ह्वात्तै बढ्थ्यो । तर, अहँ मुखबाट कुनै शब्द निस्किँदैनथ्यो ।

केही भन्न खोजे पनि धम्कीपूर्ण आवाज निस्किहाल्थ्यो, 'कसैलाई भनिस् भने मारेर फाल्दिन्छु ।' अझ उसलाई अर्को त्योभन्दा ठूलो डर त परिवारलाई नै केही गर्दिन्छन् कि भन्ने थियो । त्यही डरले पनि बोल्ने हिम्मत जुटाउनै सकिनन् उनले ।

यति फरर भनेर उनी शान्त भइन् । मानौं समुद्रमा छाल आउन रोकियो । केही बेरको सन्नाटापछि लामो सास फेरिन् अनि मुसुक्क हाँस्दै मतिर हेरिन् । म पनि जवाफमा मुसुक्क हाँसिदिएँ । अनि उनी बोल्न थालिन् ।

'तपाईंलाई त कथाजस्तै लाग्यो होला है दिदी ? मैले केही बढाएर भनेको छैन । अझ कति कुरा त सम्झिन मन लाग्दैन मलाई । के गर्ने हामी गरिबको त कर्मै यस्तै रैछ भनेर चित्त बुझाउँछु ।'

उनी बोल्दै थिइन्, मैले बीचैमा रोकेर भनेँ, 'एउटा कुरा सोधौं ?'

'सोध्नुस् न...'

'मालिकको छोरालाई उसले तिमीमाथि गरेको दुर्व्यवहारको सजाय दिनुपर्छजस्तो लाग्दैन ?'

'लाग्छ नि, तर अब मेरो कुरा कसले पत्याउँछ र ?'

'मैले त पत्याए नि !'

'तपाईंले पत्याएर के हुन्छ ? जसले मेरो कुरा सुन्नुपर्ने हो उनीहरूले पो सुन्नुपऱ्यो ।'

'अनि के गर्ने ? त्यसलाई त्यत्तिकै छोड्ने ?'

'मैले त बिर्सिसकेँ अब ।'

'अनि आज किन भन्यौ त ?'

'खै किन-किन मनको बह पोख्न मन लाग्यो, कसैलाई भन्न नसकेको अनि भन्न मन नलागेको कुरा तपाईंलाई भन्न मन लाग्यो । तर, मैले सबै पुराना कुरा बिर्सेर अगाडि बढिसकेँ । मलाई फेरि फर्केर त्यही कुरा कोट्याएर आफूलाई दुःखी बनाउनु छैन ।'

यति भनेर आफूले जितेको जस्तो गरेर मतिर हेरिन् ।

'अब के गर्छौं त ?' मैले फेरि सोधेँ ।

'यो तालिम सकेर सिलाइकटाइको तालिम लिन्छु । मुक्त कम्लहरीका लागि एउटा संस्थाले तालिम दिन लागेको छ रे, मेरो पनि नाम लेख्या छ त्यसमा । सिलाइ-कटाइ सिकेपछि त आफैंले काम सुरु गर्छु अनि कसैको घरमा काम गर्न जानुपर्दैन, बरु मेरैमा आउँछन् मान्छे लुगा सिलाउने काम लिएर ।'

यति भनिसक्दा उनी एकदमै खुसी देखिएकी थिइन्, युद्ध जितेको सिपाहीजस्तो । अघिसम्म रोएकी उनलाई खै कुन कुराले यति शक्ति दियो थाहा छैन मलाई । तर, जे भए पनि उनलाई खुसी देखेर उनीसँगै खुसी भए म पनि । तर, खै किन हो ऊ कोठाबाट निस्केपछि भने मन अँध्यारो भयो । आफूले भोगेको दुर्व्यवहार पनि उनी सजिलै हाँसीहाँसी पचाउन सफल भएकी छन् । आउने भविष्यलाई लिएर मख्ख छिन् ।

आज पाँच वर्षपछि उनको बारेमा लेख्दै गर्दा, पाँच वर्षपहिले मेरो कोठाबाट निस्किँदै गर्दाको जस्तै खुसी देखिन्थिन् उनी । सिलाइ-कटाइको तालिम लिएर आफ्नै टेलर्स खोलेर बसेकी छन् । दोकानको नाम आफ्नै नामबाट फुराएकी छन् : पार्वती टेलर्स ।

Twitter @ACSabita

जीवन

जेबी दर्लामी

एकल पुरुषका दुःख

तीन वर्ष पूरा भयो मैले एकल जीवन बिताएको । २०७३ सालको मंसिरमा मैले मेरी जीवनसंगिनीलाई सदाका लागि गुमाएँ । जुन महिनामा बिहेको सबभन्दा बढी लगन परेको हुन्छ, त्यही महिनामा मचाहिँ आफ्नी प्रियसीसँग बिछोडिएको थिएँ । त्यसयताका यी तीन वर्ष कसरी बिताइयो, त्यसको हिसाब गर्ने बल मसित छैन । सम्झँदा कुनै दुःस्वप्नमा बाँचिरहेको छु कि जस्तो लाग्छ ।

जिन्दगी जसरी पनि बिताउन सकिन्छ । तर, यो लोकाचार भन्ने चीज बडो अप्ठेरो हुँदो रहेछ । बितेका यी तीन वर्षमा मैले राम्ररी जान्ने मौका पाएँ । एकजना चिनजानका साथी विदेशतिर बस्थ्यो । उसले हरेक दिन आफ्नी श्रीमतीलाई फोन गरेर गाली गर्दोरहेछ । भन्दो रहेछ, 'स्वास्नी मरेका राँडाखुँडाहरू छन् क्यारे, त्यतै लठारिएर बसेकी होलिस् नि ?'

दिदीबहिनीको समूह हुँदै यो कुरा मेरा कानमा जुन दिन परे, मलाई धेरै दिनसम्म ऐठन परेजस्तो भएँ ।

पछि त्यो साथी घरमा आयो । ऊ आएपछि हरेक दिन त्यो घरमा झगडा हुन थाल्यो । उसले स्वास्नी र आफ्ना तीन छोराछोरीलाई निर्घात कुटपिट गर्न थाल्यो । 'नाठो' भन्ने शब्द हरेकपटकको झगडामा त्यसले आफ्नो मुखमा ल्यायो । त्यो शब्द कसका प्रति लक्षित थियो भन्ने यकिन नभए पनि मैले आफूलाई नै भनेको ठानें ।

दुई-तीनपटक त साथी प्रहरी चौकीमा पनि पुग्यो । एकाधपटक हिरासतमा पनि बस्यो । तर, उसको झगडा र हातपात गर्ने बानी कहिल्यै गएन । अहिले पनि अति भएपछि कहिलेकाहीं स्वास्नीचाहिँले प्रतिकार गर्छे । त्यसपछि उसको स्वरले पूरै टोल थर्किन्छ, 'नाठाको बल पाएर मलाई हात फर्काउने भइस् तँ ?' एकपटक हैन, पटक-पटक उसले यही वाक्य दोहोऱ्याएर टोल उचाल्छ । मैरे नाम नलिए तापनि उसले सुनाएको मलाई नै हो भन्ने आभासले मलाई रातभर निद्रा लाग्न दिँदैन । कता-कता दिदीबहिनीहरूसँग बोल्न पनि एकप्रकारको हीनताबोध, लज्जाबोध अथवा अपराधबोध हुन थालेको छ ।

नवपरिचित हरेक साथीहरू घरठेगाना सोध्दै जाँदा 'म्याडमले के गर्नुहुन्छ नि ?' भन्ने प्रश्नमा आएर रोकिन्छन् । म एकछिन मौन हुन्छु र आफूसितै बिछोडिएको आफ्नो जिन्दगीको साँचो कथा सुनाउँछु । 'बिहे त गर्नुपर्छ' उनीहरू भन्छन् । अझ आत्मीय बनेका साथीहरू त बीच बजार, चोक या सेवाग्राहीको भीड लागेको कार्यालय या पसल पनि भन्दैनन् । उनीहरूले चर्को स्वरमा सुझाव दिन्छन्, 'बिहे त जसरी पनि गर्नुपर्छ दोस्त । बैंस छउन्जेल त यसोउसो पैसा खर्च गरेर पनि किन्न पाइन्छ, बुढेसकालका लागि त स्वास्नी नै चाहिन्छ ।' उनीहरूको कुरा सुन्दा यस्तो लाग्छ, श्रीमती नहुनेहरूले आफ्नो शारीरिक आवश्यकता यसरी नै पूरा गरिरहेका छन् । अनि कल्पना गर्छु, के दुनियाँका सबै मानिसले एकल पुरुषलाई यसरी नै हेरेका हुन्छन् ?

प्रायः सुनिन्छ, श्रीमान् मरेको स्वास्नीमान्छे जीवनभर दोस्रो बिहे नगरेर बस्न सक्छन् तर लोग्नेमान्छेले त श्रीमती मरेको वर्ष दिन नपुग्दै अर्को बिहे गर्न सक्छ । म आफैंले भोगेको अनुभव कस्तो रहृयो भने, दोस्रो बिहे गर्नु त्यति सजिलो छैन लोग्नेमान्छेलाई पनि । अझ मजस्तो बहकाउ प्राणीलाई त झनै सकस छ । बिहेको कल्पनाभन्दा त्यसपछि आउने परिणाम सोचेर नै दिमाग खराब भइदिन्छ । जस्तो, मेरो हकमा हुर्किँदै गरेका दुई छोराहरू छन् । श्रीमतीको रूपमा यी छोराहरूलाई आफ्नै सम्झेर स्नेह गर्ने मान्छे आइन् भने त ठीकै होला तर त्यस विपरीत भइदियो भने के होला ? मानौं, एकदमै स्नेही महिला हाम्रो परिवारमा आइन् रे ! तर, छोराहरूले सौतेनी आमा त हो नि भन्ने आग्रह सधैं मनमा पाले भने के होला ? मुटुका टुक्राजस्ता मेरा छोराहरू मैबाट टाढिए भने के होला ? श्रीमती गुमाएर दुवै हातविहीनजस्तो बनेको मजस्तो भावुक जीवले फेरि छोराहरू गुमाउनुको पीडा कसरी सहन सक्ला ?

यस्ता अनेकन प्रश्न जेलिएका छन् जसलाई सुल्झाउने उपक्रममा बिहे भन्ने शब्द नै विरानो बन्दै जाँदोरहेछ ।

पहिले-पहिले हरेक पाइलामा महसुस गर्ने ठक्कर अहिले केही कम भएको छ । असमयमै श्रीमती गुमाउनुको क्षतिपूर्ति त कसरी पो हुन सक्छ र ? उकुच पल्टेको घाउजस्तो बन्दै जाँदोरहेछ यो पीडा । झनपछि झन् असहृय भएर दुख्ने । जब-जब आफ्नी प्रियसीको अनुहार सम्झन्छु तब-तब छातीको गहिरो चोट भर्खरै लागेजस्तै दुख्छ । कतिले तीन वर्ष भइसक्यो भन्दै सान्त्वना दिने प्रयास गर्दा मेरो मनले चाहिँ भर्खर त तीन वर्ष पुगेको छ भन्ने सोच्छ ।

कतै पिकनिक या कार्यक्रमहरूमा जाँदा युगल जोडीहरूले फोटो खिचिदिन माग्छन् । अझ खुबै फोटोग्राफीको रहरले किनेको डिजिटल क्यामेरा त मेरा लागि घाँडो नै बनेको थियो । एक समय त यो सेमिप्रोफेसनल क्यामेरालाई बेच्ने निर्णयमा पुगेको पनि थिएँ । उनीहरूले मेरो एकल अवस्थाको मनोदशा कल्पना गर्ने कुरै भएन । गर्न पनि नपरोस् । तर, सुरु-सुरुमा उनीहरूले एकअर्कामा टाँस्सिएर फोटो खिचिदेऊ भन्दा मलाई गिज्याए कि भन्ने लाग्थ्यो । त्यो पीडा पनि अब कम हुँदै गएको छ ।

एकल पुरुष बनेर समाजमा लोकलाजविना जिउन सास्ती नै छ । अनैतिकताको हिलोमा डुबिरहेको समाजमा पनि हरेक पाइलामा नैतिकताको कसीमा उभिएर जवाफदेही हुनुपर्छ । आफू असल हुनुको प्रमाण चोक-चोकमा पेस गर्नुपर्छ ।

कहिलेकाहीं बिरामी परेर ओछ्यानमा पर्नुपर्दा कता-कता एक्लो महसुस हुनेगर्छ । आफैं पानी तताएर पिउनसम्म नसक्ने अवस्थामा हुँदा बिहेको अथवा लोग्नेस्वास्नी हुनुको अर्थ बोध हुन्छ । अझ खाना पकाउने काम त हरेक लोग्नेमान्छेको कमजोरी नै हो क्या र ! तर, दुःखमा मात्र श्रीमतीको अस्तित्व स्वीकार गर्ने रोगबाट म मुक्त छु ।

उमेरको आधा बाटोमा अड्तीस वर्षे जीवन घिसारिरहँदा बिहे अब मेरा लागि कुनै सुखद कल्पना रहेन । गृहस्थ हुनुको सम्पूर्ण अवस्था भोगिसकेपछि त्यसको मोह पनि अब कतै बाँकी छैन । अब त यस्तो लाग्छ, यो उमेरमा आएर बिहे भन्ने लोकाचार गरे पनि सुख छैन, नगरे पनि सुख छैन । अथवा जसरी पनि दुःख छ । जे गरे पनि दुःख छ ।

jbdarlami82@gmail.com

रुकुम घुम्ने मौसम



पर्यटन

महेश केसी

खल्दै गरेको आकाश अनि रसिलो प्रकृति । जब भदौ सकिन्छ, बर्खा पनि सकिन्छ । जब सूर्यको न्यानो किरण धरतीमा एकनासले पर्छ तब जगत् चम्किलो देखिन्छ । मायावी देखिन्छ । शरद याम नै एउटा मायावी, प्रेमिल र गजबको मौसम हो । यही समय रुकुम घुम्न सबभन्दा उपयुक्त हुन्छ ।

साविक रुकुमलाई संघीयतापछि दुईवटा जिल्ला बनाइयो । रुकुम पूर्व र पश्चिम । प्राशासनिक विभाजन भए पनि यहाँका जनमनको भावनात्मक सम्बन्ध अहिले पनि उस्तै छ । हिमालसँगै उच्च पहाड र होचा थुम्काहरूका साथै समथर फाँट पनि रहेको रुकुमको भू-वनोटमा विविधता छ । समुद्र सतहबाट ७ सय ५४ मिटरको चौरजहारीको फाँटदेखि ३ हजार मिटरको पुथा हिमालय क्षेत्र, सांस्कृतिक र भौगोलिक विविधताका साथै रुकुमेली मौलिक जीवनशैलीसँग अन्तरंग हुँदै घुमघामको मजा नै छुट्टै हुन्छ ।

रुकुम पूर्वका सिस्ने, पुथा र चुरेन हिमालको फेदीबाट बगेर आउने सानीभेरी नदीको समीपमा रहेको सुन्दर थुम्कोमा अवस्थित रुकुम पूर्वको सदरमुकाम रुकुमकोट पनि सुन्दर पर्यटकीय स्थल हो । यहाँ रहेको दुर्लभ कमल पाइने कमल तालले जो कोहीको पनि मन लोभ्याउँछ । त्यस्तै पूर्वतिर घुमघाम गर्ने हो भने रुकुम भ्रमण थप सार्थक र रमाइलो हुन सक्छ । मगर जातिको बाहुल्य रहेको पूर्वका पुथाउत्तरगंगा र भुमे गाउँपालिकाका विभिन्न ग्रामीण बस्तीहरू घुम्दै ढोरपाटन सिकार आरक्ष क्षेत्रसम्म पुगेर उतैबाट बागलुङ हुँदै म्यागदी र पर्वतबाट कास्की पोखरासम्मको योजना बनाए पूर्वी रुकुमको भ्रमण अत्यन्त सार्थक हुन सक्छ ।

सिस्ने, पुथा र चुरेन हिमाल अनि धौलागिरी हिमशृंखलाहरूको मनोरम दृश्यावलोकन गर्दै पूर्वी रुकुमका पुथाउत्तरगंगा गाउँपालिकाअन्तर्गतका मैकोट, हुकाम, राडसी, तकसेरा र कोलका सुन्दर मगर बस्तीहरू घुम्न यो बेला खुबै रमाइलो हुने पुथाउत्तरगंगा गाउँपालिकाका राजेश बुढामगर बताउँछन् । 'बर्खे झरी निखिएपछिको शरद याममा पूर्वी रुकुमका उच्च लेकाली पाटनहरू घुम्न सके स्वर्गीय आनन्द प्राप्त हुन्छ ।' उनी भन्छन्, 'अग्ला लेकहरूमा सयौं प्रजातिका बुकी फूलहरूले लेकाली क्षेत्र यो बेला एउटा बगैंचाजस्तै देखिन्छ ।'

पश्चिम रुकुमको सदरमुकाम मुसीकोट नगरपालिकाको खलंगा बजारलाई केन्द्र बनाएर यहाँ रहेको मुसीकोट डाँडा, तत्कालीन माओवादी सशस्त्र युद्धताका चर्चामा रहेको खारा ब्यारेक, खारागाउँ र साँखको पापिनी दह घुम्न सकिन्छ । मुसीकोटबाट झन्डै चार किलोमिटरमाथि पहाड चढेपछि जन्ती डाँडा पुग्न सकिन्छ, जहाँबाट रुकुमको पूरा भूगोलको अवलोकन गर्न सकिन्छ । शरद याममा खुलेको मौसममा यस डाँडाबाट रुकुमका सिस्ने, पुथा र चुरेन हिमालका साथै माछापुच्छे हिमशृंखलासमेत देख्न सकिन्छ । साथै यस डाँडाबाट रुकुमलाई बीच बनाएर बग्ने सानीभेरीको सुन्दर नागबेली दृश्यसमेत अवलोकन गर्न सकिन्छ । मुसीकोटका चन्द्रबहादुर केसी भन्छन्, 'मुसीकोट डाँडा रुकुम हेर्ने भ्यु टावर हो ।'

चौरहजारीलाई 'रुकुमको तराई' पनि भनिन्छ । मध्यपहाडी लोकमार्गबाट रुकुम प्रवेश गरिने चौरजहारी नगरपालिका हुँदै मध्यपहाडी लोकमार्ग रुकुमको पूर्वतर्फ अघि बढ्छ । सरकारी योजनामा बनाउने भनिएको १० मेगा सिटीमा चौरहजारी पनि एक हो । चौरजहारीमा विमानस्थल छ, यसकारण यहाँबाट जाजरकोट र डोल्पा जान पनि धेरैले यो उपत्यकालाई केन्द्र बनाउँछन् ।

रुकुम पश्चिमको एउटा मुख्य पर्यटकीय गन्तव्य हो, स्यार्पु ताल । कर्णाली प्रदेशका ठूला तालहरूमध्येको एक स्यार्पु ताल यतिबेला डम्म भएर भरिएको हुन्छ । बाँफीकोट गाउँपालिकामा पर्ने यो तालमा स्थानीय माछाको स्वाद लिँदै डुंगामा सयर गर्न सकिन्छ । यहाँबाट सदरमुकाम मुसीकोटको खलंगा बजार १९ किलोमिटरको दूरीमा मात्रै पर्ने भएकाले स्यार्पु ताल घुमेर बास बस्न सदरमुकाम फर्किन सकिन्छ अथवा त्यहीं स्थानीय घरमै बास बस्न वा होटलहरूमा बस्न सकिन्छ तर सदरमुकाममा जस्ता व्यवस्थित होटल भने यहाँ उपलब्ध छैनन् ।

बर्खे झरीपछि हरित पर्यावरण र रसिला खोलानालाले रुकुमलाई रमणीय बनाउँछन् । बिस्तारै चिसो बढेपछि भने उपल्लो थलोतिर हिउँ पर्न थाल्ने हुनाले घुमाइ स्वादको नहुन सक्छ । राप्ती लोकमार्ग हुँदै डाडबाट सल्यान भएर पनि रुकुम आउन सकिन्छ भने पोखराबाट बागलुङ हुँदै मध्यपहाडी लोकमागबाट पनि रुकुम पुग्न सकिन्छ । साथै पश्चिमबाट सुर्खेत, जाजरकोट हुँदै पनि रुकुम पुग्न सकिन्छ । यसबाहेक रुकुम पुग्न सहज यात्रा बनेको हवाई यात्रा हो । रुकुम पश्चिमको सदरमुकाम सल्ले र चौरजहारीमा गरेर दुईवटा विमानस्थल छन् । सातामा एक-एक दिन काठमाडौं र नेपालगन्जबाट नेपाल वायु सेवा निगमले हवाई सेवा उपलब्ध गराउँछ ।

विकासको उज्यालो अझै रुकुमका सबै गाउँबस्तीमा पुग्न सकेको छैन । राप्ती र मध्यपहाडी लोकमार्गबाहेक अरू ग्रामीण सडकहरूको अवस्था सजिलो छैन । सरकारले तय गरेको भ्रमण वर्ष २०२० को त यहाँ कुनै चहलपहल छैन । घुमघामका लागि रुकुम पनि एउटा गन्तव्य हुन सक्छ भनेर प्रचार-प्रसार जरुरी छ ।

अनुभूति

फणीन्द्र संगम

भोला

डोरीमा धोती सुकाएको देख्दा झसंग फर्किए ?' भोला काकाको विम्ब मेरो

भोला गाउँबाट भागेछ,' सिकुवामा नाम्लो पछार्दै बुबाले भन्नुभयो ।

उहाँको अनुहार सधैंभन्दा बढी रातो देखिन्थ्यो । हातमा मैलो ढाकाटोपी अँठ्याउँदा कपाल लछप्पै भिजेका थिए, पसिनाले ।

त्यतिन्जेलमा लोटामा भरि पानी लिएर आमा बाहिर निस्किसक्नुभएको थियो । खाटमा बस्दै बुबाले घटघटी एकै झमटमा पानी रित्याउनुभयो । घाँसको भारी बोकेर आधा घण्टाको बाटो हिँड्नुपर्दा तिर्खाले खरिनुभएको थियो सायद ।

'हो र ? कहिले ?' आमाको आश्चर्यमिश्रित प्रश्न ।

'आज बिहानै ! भालेको डाँकमा ।'

सोचें- 'त्यै भ'र पो, हाम्रोमा भा'को भित्तेघडी झिकेर लगेको र'छ ।' बेलुका निकैबेर गफिएका भोला काकाले भित्तामा झुन्डचाएको घडी झिकेर लगेको रहस्य बल्ल बुझें मैले ।

●●●

भोला काका कहिले हाम्रो गाउँमा भित्रिए, मलाई यकिन छैन । इलाम सदरमुकामनजिकै भए पनि बिजुली र गाडीको सुविधाबाट वञ्चित- साङ्गरुम्बा । सदरमुकामदेखि गाउँको दूरी झन्डै दुई/अढाई घण्टा पैदल । भोला काकाले किन हाम्रो गाउँ नै रोजे होला ? यही प्रश्नले निकै हानेको थियो मलाई ।

जे होस्, भोला काका साङ्गरुम्बा आए । उनी आएको केही दिनमा नै गाउँमा नयाँ सिरक बन्न थाले । बाक्लाबाक्ला डसना तयार भए । बेग्लै चहलपहल भित्रियो ।

धुनिया अर्थात्, सिरक-डसना बनाउने शिल्पी । बुबाले प्रस्टचाएपछि धुनिया शब्द नै मैले पहिलोपटक सुनेको हुँ । भोला काकाको छोरा थियो, शर्मा । बाउछोराको आश्रय थियो, हाम्रै घरको एक कोठा । केही दिनपछि गाउँमा अरू धुनिया पनि थपिए– शम्भु, छोटेलाल... ।

गाउँलेहरूमा एकाएक नयाँ सिरक बनाउने लहर नै चल्यो । बिदाको दिन म सिरक बनाएको हेर्थें । दुई-तीनवटा मान्द्रो बिछ्याएर त्यसमाथि थुपारिएको रुवाको रासलाई खलखली हुन्जेल पिट्थ्यो शर्मा । रुवा कुट्ने लौरो चिल्लो हुन्थ्यो । बेलुका थन्क्याउने बेला त्यसलाई माया गरेर तेल लगाइदिन्थ्यो अनि आफ्नो कपालमा पुछ्थ्यो । भोला काका कुटिसकेको रुवालाई आफ्नै साधनमा फिट्थे । मोटो धागो कसिएको, गितारजस्तो देखिने धनुषमा जिस्ता (दुईपट्टि गाँठो निस्केको मुंग्रो) चलाएको हेर्न खुब मजा आउँथ्यो ।

सिरक बनाउने अनौठो साधन देखेपछि मैले भोला काकालाई थप जिज्ञासा राखें । 'यो लामो धागोजस्तो छ नि पहेँलो, ऊँटको नसा हो । कहिले चुटिँदैन,' बुढौंलो र चोरऔंलाले त्यही नसा तन्काउँदै उनी भन्थे, 'यसले त ट्रेनलाई पनि तानिदिन्छ ।'

ट्रेन तान्ने ऊँटको नसा ? म छक्क पर्थें । यति बलियो नसा बोकेर हिँड्ने ऊँट कस्तो होला भन्ने जिज्ञासाले फेरि अत्याउँथ्यो मलाई । किताबका पानामा निर्जीव ऊँट त देखेको थिएँ, तर उसको चाल हेर्न पाएको थिइनँ । किनकि गाउँमा कतै टीभी थिएन ।

●●●

घर नजिकै थियो साङ्गरुम्बा माध्यमिक विद्यालय । अलिअलि अंग्रेजी मिसाएर बोल्ने भोला काकाले स्कुलका सरहरूसँग समेत दोस्ती जमाइसकेका थिए । कतिसम्म भने डाँडागाउँका पुण्य काकासँग त उनले मीत नै लगाइदिए ।

एकपटक घर जान्छु भनेर हिँडेका काका झन्डै एक हप्तापछि मात्रै फर्किए । यसपटक उनी मात्रै आएनन्, साथमा थियो नयाँ हिरो साइकल । मैले निद्रा नलागुन्जेल सुमसुम्याइरहें । घन्टी बजाइरहें । 'बेटा, तलाईं म भोलि स्कुलको गिरानमा लगेर सात फन्का घुमाइदिन्छु, अहिले सुत्,' काकाले यसो भन्दा मलाई कति बेला बिहान होलाझैं भएको थियो ।

त्यस दिन मेरो ओछ्यानमा बिहान छिट्टै भित्रियो । दिनभर पढाइमा ध्यान गएन । अन्तिम क्लास नभए पनि हुन्थ्यो भन्ने लागिरहेको थियो । किनकि भोला काकासँग साइकल चढ्नु थियो । छुट्टी हुनासाथ घर पुगेर कपडा फेरें र हुर्रिदै खेल मैदान पुगें । जहाँ गाउँका दाइहरू प्रायः फुटबल खेल्थे । हामी भने मोजा वा चप्पल काटेर बनाइएको 'गोल' मै रमाउँथ्यौं । त्यस दिन भने सबै भोला काकाको साइकलमा केन्द्रित थिए ।

मैदानको वरिपरि साइकलमा चक्कर मारिरहेका काकालाई हेर्नेको सानोतिनो भीड नै लागिसकेको रहेछ । उनी थकितजस्तो देखिए र साइकलको स्टचान्ड लगाए ।

'काका, म पनि साइकल चढ्ने,' छेउमा पुगेर मैले भनें ।

'भरखर आइपुगिस् बेटा । ल, म तलाईं काँधमा चढाएर हचान्डिल नसमाई कुदाइदिन्छु ।' स्टचान्डलाई दाहिने खुट्टाले पछाडि धकेले र मलाई चढाउन तयार भए ।

'मेरो काँधमा चढ्,' उनी निहुरिनासाथ म फुत्त काँधमा चढिहालें । साइकल हाँक्दा सुरुमा त अत्तालिएको थिएँ । तीन-चार राउन्ड घुमाइसक्दा आफैं उडेको अनुभूत गर्न थालें । जसरी रुवा फिट्दा शर्माले आँगनभरि रुवा उडाउँथ्यो, त्यही रुवामा आफूलाई रूपान्तरित गरें । बीचबीचमा काका भन्थे, 'आँखा चिम्ली त अब, स्वर्गै पुगेजस्तो मज्जा हुन्छ ।'

म आँखा चिम्लन्थें । स्वर्ग त पुगिनँ तर त्यो क्षण भोला काका नै मेरा लागि स्वर्गभन्दा कम लागेनन् । उनैले गाउँमा पहिलोपटक साइकल ल्याए । मैले जीवनमै पहिलोपटक देखेको साइकल उनकै थियो । त्यही साइकल पहिलोपटक कुदाउन पाएँ ।

●●●

इलाम बजारमा दुइटा फिल्म हल थिए– राज भिडियो सिनेमा हल र पञ्चकन्या हाइभिजन । बिहीबारे हटियाको दिन बजार जाँदा भोला काका कहिलेकाहीं फिल्म हेरेर आउँदा रहेछन् । हामीलाई कहानीका टुक्राटाक्री सुनाउँथे र रोमाञ्चित बनाउँथे ।

काकाबाट फिल्मको कहानी सुनेपछि हुन सक्छ, ठूल्दाइमा पनि सिनेमाको रस बस्यो । बजार गएको बेला प्रायः फिल्म हेरेरै आउँथे उनी । कहानी भने भोलिपल्ट बिहान घाँस काट्न जाँदा बाटोमा सुन्न पाउँथ्यौं । दाइको बेग्लै कापी थियो, जहाँ उनले हेरेका सिनेमाको नाम हुन्थ्यो । अनि रेडियो नेपालबाट बजेका गीतका हरफहरू ।

फिल्म हल, सिनेमा, हिरो-हिरोइन, यिनै कुराले मेरो दिमाग टन्किन थालिसकेको थियो । मेरो छटपटी काकाले बुझेछन् । एक दिन भने, 'तँ पनि मसँग हटिया हिँड् बेटा । म माधुरीको सिनेमा देखाउँछु ।' बुरुक्क उफ्रेर आमा भएको

दस हजार माइलको यात्रा

अभियान

जगत देउजा

राजगोपाल पीभी भारतका सुपरिचित गान्धीवादी अभियन्ता । उनी बारम्बार दोहोऱ्याउँछन्– हिंसाको मूल कारक गरिबी, असमानता र विभेद हो । यसको जरोसम्म पुगेर समाधान खोज्नुपर्छ । तब मात्र शान्ति पाउन सकिन्छ । यसका लागि अहिंसात्मक आन्दोलन चाहिन्छ ।

'एकता परिषद्' को संयोजन गरिरहेका उनले भारतमा सयौं पदयात्राको अगुवाइ गरेका छन् । सन् २०१२ मा ग्वालिएरदेखि दिल्लीसम्म १ लाख मानिसको १ महिने यात्रा उनकै अगुवाइमा भएको थियो । त्यतिखेर १ लाख मानिस सडकमा नै खाने र सडकमा नै सुत्ने गरी व्यवस्थापन गरिएको थियो । तर गाडी सञ्चालनमा अवरोध पुऱ्याइएको थिएन । एक छाक मात्र खाएर यात्रा गरिएको थियो । पछि सरकारसँग भूमिसुधार लागू गर्नेलगायतका १० बुँदे सम्झौता पछि आन्दोलन समापन गरिएको थियो ।

यो पदयात्रामा एउटा अनौठो घटना भयो । यात्राका क्रममा ट्रक दुर्घटनामा परी दुई पुरुष यात्रीको मृत्यु भयो । उनीहरूका पत्नी पनि पदयात्रामा थिए । दुर्घटनापछि न ट्रक जलाइयो न मृतकका पत्नीहरू घर फर्किए । उनीहरू पदयात्रामा सहभागी भइरहे । उनीहरूले भने, 'हामी जुन उद्देश्यका लागि आएका हौं, त्यो पूरा नभई फर्किन्नौं ।' यो यात्रामा लेखकसहित केही नेपाली पनि सहभागी थियौं ।

यिनै राजगोपालको नेतृत्वमा दस हजार माइलको यात्रा भइरहेको छ ।

दिल्लीदेखि जेनेभा

'जय जगत् २०२०' नाम दिइएको यो यात्रा दिल्लीको राजघाटबाट सुरु भएको हो । २ अक्टोबर २०१९ मा गान्धीको जन्मदिन पारेर सुरु गरिएको यो एक वर्षपछि २ अक्टोबरमै जेनेभामा समापन हुनेछ । यात्रीहरू जेनेभा भने विश्व शान्ति दिवस २५ सेप्टेम्बरमा पुग्नेछन् । ८ लिन लगातार जनसंसद् आयोजनासँगै कार्यक्रमको विधिवत् समापन हुनेछ । जेनेभास्थित संयुक्त राष्ट्रसंघको मुख्यालयअघि हुने यस संवादमा ५ हजारजना सहभागी हुनेछन् । संसद्



मा समावेशिता, पर्यावरण, पुनर्निर्माण र सबैलाई सामाजिक न्याय हुनुपर्ने विषय उठाइनेछ ।

नोभेम्बरको पहिलो साता यात्रा हरियाणा, उत्तर प्रदेश, राजस्थान हुँदै मध्यप्रदेश पुगेको थियो । ५० जना यात्रीको यो टोलीले ३ सय ५८ दिन पैदलयात्रा गर्नेछ । ७० को दशकमा डाकुहरूले हतियार बिसाएर शान्ति ल्याएको चम्बलमा यात्री पुग्दा स्थानीयले स्वागत गरेका थिए । चम्बलका करिब ५ सय डाकुहरूलाई हतियार बिसाई अहिंसात्मक बाटोमा ल्याउने कार्यको मध्यस्थता यिनै राजगोपालले गरेका थिए ।

यो पदयात्राको यात्रीमा युवा र सामुदायिक अगुवाहरू छन् । तीमध्ये १० जना अभियानकर्मी छन् भने १० जना फ्रान्स, केन्या, बेल्जियम र स्विट्जरल्यान्डका नागरिक छन् । भारत-पाकिस्तान सीमा क्षेत्र ओरधास्थित गान्धी आश्रममा पुगेपछि यात्रा शान्ति सम्मलेनमा परिणत हुनेछ । यो यात्रा गान्धीको १५० औं र विनोभा भावेको १२५ औं जन्म दिनको सन्दर्भ पारेर आयोजना गरिएको हो ।

यात्रीहरू १३ देश पाकिस्तान, इरान, अजरबैजान, जर्जिया, बुल्गेरिया, सर्बिया, उत्तरी मासेडोनिया, कोसोभो, अल्बानिया, मोन्टेनेग्रो, बोस्निया, क्रोसिया, इटाली देश पार गर्दै स्विजरल्यान्ड पुग्नेछन् । केही अप्ठेरा ठाउँमा भने यात्रा गाडीबाट हुनेछ । पाकिस्तानको यात्रामा नेपाली टिमले अगुवाइ गर्नेछ । पूरै यात्रामा भाग लिन नसक्ने वा नचाहनेले ३० दिनका लागि मात्र पनि सहभागी हुन सक्नेछन् ।

शान्ति र न्यायका लागि विश्व यात्रा

'जय जगत्' सबैलाई ब्युँझाउने यात्रा हो । आर्थिक, सामाजिक, वातावरणीय संकटलाई चाँडो सही तरिकाले सम्बोधन गर्न ढिला नगर्न सबैलाई चेतावनी यात्रा हो । जीवनको लयमा परिवर्तन गर्न

एजेन्सी



आवश्यक छ । उपभोक्तावादी संस्कृतिले हामीलाई एक दिन नराम्ररी सिध्याउनेछ । यस्तै सन्देश बोकर यात्रीहरू गाउँ-गाउँ र बस्तीमा पुगेका छन् ।

यात्रीहरूले गान्धीका अलावा विनोभा भावे र अम्बेडकरलाई पनि आदर्श पात्रको रूपमा लिएका छन् । विनोभा भावेले सन् १९५० देखि १९६० को दशकमा भूमि प्राप्तिका लागि देशव्यापी यात्रा गरेका थिए । यात्रामा उनले ४२ हजार एकड जमिन दान लिए र पछि भूमिहीनलाई वितरण गरियो । जसलाई भू-दान अभियान भनिएको थियो । समाजमा व्याप्त गरिबी, असमानताको विरुद्ध अम्बेडकर जिन्दगीभर लडे ।

यो यात्रामा विश्व बैंक, संयुक्त राष्ट्रसंघजस्ता विश्वव्यापी संगठनको भूमिकाबारे पनि छलफल हुनेछ । जेनेभामा अहिंसात्मक अर्थव्यवस्थाको विषयमा तिनका प्रतिनिधिसँग छलफल गर्ने कार्यक्रम छ । नाफा र आर्थिक वृद्धिका कुरा मात्र गर्ने गरिबी र न्यायबारे नबोल्ने संगठनलाई अहिंसात्मक अर्थव्यवस्थाबारे सोच्न र बोल्न आह्

काका

भएँ र आफैंलाई सोधैं, 'के उनी फेरि गाउँ मस्तिष्कबाट कहिल्यै हराउन सकेन ।

ठाउँमा गएँ । उहाँ पसलमा व्यस्त हुनुहुन्थ्यो । मैले मसिनो स्वरमा भनें, 'आमा, म भोला काकासँग इलाम जान्छु ।'

'स्कुल नगई-नगई इलाम जाने तँ ?' आमाले सहमति जनाउनुभएन ।

'भोलि बिहीबार बिहानको स्कुल त हो नि,' मैले बहाना मिलाएँ, 'स्कुल छुट्टी भएपछि घर आएर जान्छु नि ।'

'हुन्छ । तर, भोलिको लागि बाख्रालाई घाँस काटिराख् नि ।' म कचिया बोकेर बारीतिर लागें ।

●●●

स्कुलकै पोसाक सेतो सर्ट र निलो पाइन्ट (अरू नयाँ लुगा मसँग थिएनन्) लगाएर तयार भएँ । झन्डै अढाई घण्टाको पैदल यात्राले खुट्टा थाकिसकेका थिए । पसिनाले लगभग भिजिसकेको थिएँ म । इलाम चोकबजार नजिकै पीपलबोट छेउ थियो राज भिडियो हल । होचो दुईतले काठको घरभित्र । काकाले टिकट लिएपछि हात समाएर भीड छिचोल्दै भित्र छिराए ।

मधुरो बत्तीमा हल्का उज्यालो छरिएको थियो । उनीसँगै छेउमा बसें । 'अब खुब मोज गर्, कान्छा,' यसो भन्दै उनले कमिजको गोजीबाट सुपारी र गुट्खा मोलेर एक फ्वाँक मुखमा हाल्न भ्याइहाले । बिस्तारै बत्ती भ्याप्पै निभ्यो । म अत्तालिएँ । भोला काकाले मेरो छटपटी बुझे सायद । भन्दै थिए, 'अब फिल्म सुरु गर्छ । आनन्दले मैसँग हेर्लास् ।'

अगाडि भित्तामा बिस्तारै उज्यालो छायो । सुरुमा हिरो, हिरोइनको नाम देखाउन थाल्यो । म्युजिक सँगसँगै फिल्मको नाम ठूलो अक्षरमा लेखियो । त्यस्तो 'आर्ट' गरेको अक्षर त मैले गाउँमा 'शुभ विवाह' लेखेको मात्रै देखेको थिएँ ।

फिल्म त सुरु भयो तर हिन्दी रहेछ । संवाद नबुझे पनि हिरो-हिरोइनको रोमान्स देखें, गुन्डालाई रामधुलाइ दिएको चाख मानेर हेरिरहें । अहिले सम्झन्छु, फिल्मको नाम 'बेटा' रहेछ । जतिबेला म लगभग सात वर्षको थिएँ ।

फिल्म सकिन लाग्दा मात्रै झसंग भएँ । किनकि कोठा पूरै अन्धकार छ । लाग्यो- रात पऱ्यो, अब घर कसरी जाने ? कहिलेकाहीं राति पढिरहेका बेला टुकीमा तेल सकिन्थ्यो र बत्ती भ्याप्पै निभ्थ्यो, ठीक त्यस्तै महसुस गरें । म चुईंकिन थालेपछि काकाले सम्झाए, 'किन रुन्छस् ए । पिसाबले च्याप्यो भने भन् ?'

मैले दायाँबायाँ मुन्टो हल्लाएँ । 'रात परिसक्यो, छिटो निस्कौं । नत्र घर कसरी पुग्ने ?' भन्न पनि सकिनँ । फेरि सोचें– भोला काका छँदै छन् । मलाई केको चिन्ता ।

बाहिर निस्कँदा त घाम पो लागिरहेको ! यसरी जीवनमै पहिलोचोटि हल मात्रै होइन फिल्म पनि हेर्न पाएँ– भोला काकासँग ।

●●●

सिद्धिथुम्का डाँडाबाट घाम ओरालो लाग्दै गर्दा साँझ भित्रिइसकेको थियो । म रेडियोमा वासुदेव मुनाललाई सुनिरहेको थिएँ । आमाले भन्नुभयो, 'भोलाले आज उसको परिवारै ल्याउँदै छ रे !'

केही दिनअघि घर जान्छु भनेर हिँडेका काका त्यस दिन फर्किएका थिए । बुबालाई अलिपर लगेर उनले भने, 'साँल्दाजु, मैले आफ्नो जहान र केटाकेटी पनि लिएर आ'को छु । सधैं कति घर गइरहनु । सँगै हुँदा मन पनि अडिँदो रहेछ...'

केहीछिनमै मजेत्रोले घुम्लुङ्ग शिर ढाकेकी काकी देखिइन् । उनले बायाँ हातले सानी छोरी डोहोऱ्याएकी थिइन् । दुई छोरा पछाडि देखिए । काकाले सबैको परिचय गराइदिए । मेरै उमेरको छोराको नाम रहेछ– शाकिर ।

घाँस काट्न जाँदा शाकिर पनि मसँगै जान थाल्यो । रूखमा चढेर हिन्दी गाना गुनगुनाइबस्थ्यो ऊ । तर, म बुझ्दिनथें । परिवार थपिएपछि उनीहरूका लागि अर्को कोठा पनि थपियो । त्यसको केही दिनपछि काका परिवारसहित डाँडागाउँका भट्टराई बाजेकहाँ सरे ।

एक दिन गाउँभर हल्ला फैलियो– भोलाले क्यामेरा किनेर ल्यायो । क्यामेरा हुनेहरू दसैं-तिहारका बेला सेलिब्रिटी बन्थे । फोटो खिचाउनका लागि वल्लो/पल्लो गाउँबाट तारन्तार खबर आइरहने ।

काका साँझमा आइपुगे । भोलिपल्ट कतै हिँड्नुपर्ने भएकाले क्यामेरा लिन डाँडागाउँ पठाए । 'मलाई बिहानका लागि चाहिएको हो, आज उतै बसेर भोलि बिहानै आउनू,' निर्देशन दिएर उनी दोकान लाइनतिर निस्किए ।

म तत्काल उकालो दौडिइहालें । काकी खाना पकाउँदै रहिछन् । क्यामेरा लिन आएको बताएपछि उनले भनिन्, 'अहिले रातबिरात कहाँ जान्छ ? भोलि बेहानै लिनू र जानू ।' म एक छिन अनकनाएँ र शाकिरतिर हेरें । उसले आँखाले इसारा गऱ्यो । मैले 'हुन्छ' भनें ।

आज शाकिरसँग सुत्न पाइने भयो ! मनमा खुसी चढिसकेको थियो । शाकिरका भाइबैनी अघि नै सुतिसकेका रहेछन् ।

'हाम्पनि सुतुम्,' शाकिर भाइबैनीलाई भित्तातिर ठेल्दै खाटमा चढिसकेको थियो । उनीहरूले ओढेको तन्ना पन्छाउँदै भन्यो, 'म छेउमा सुत्छु, तँ हचाँ बीचमे आइज ।' जब मैले नांगो खाट मात्रै देखें, भरंग भएँ । न गुन्द्री बिछ्याइएको थियो, न त डसना । डसनामाथि तन्ना हुनुपर्ने, तन्नालाई त उनीहरूले सिरक बनाएका रहेछन् ।

धुनियाको घरमै सिरक, डसना छैन ! एक छिन अवाक् बनें म । सुत्नु नै थियो । शाकिर छेउमा, त्यसपछि म, उत्तापट्टि उसका भाइबैनी लहरै सुत्यौं । केहीबेरमा मेरो ढाड बिझाउन थाल्यो । उठ्दा आँखा पोलिरहेको थियो ।

घाँटीमा क्यामेरा झुन्डचाएर डाँडागाउँबाट झर्दा म फुरुंग थिएँ । रूखमा बसेका चरातिर क्यामेरा सोझ्याउँथे र फोटो खिचेझैं खिचिक्क गर्थें । पुसको बेला भए पनि बिहानको घाम न्यानो थियो । अदुवाका बोट सुक्न थालिसकेका थिए । तोरी फुलेकाले बारी पहेंको साडीमा सजिएझैं देखिन्थ्यो ।

मलाई साँच्चिकै फोटो खिच्न मन लाग्यो । जेसुकै होस्, तोरीबारीको एउटा फोटो खिच्छु-खिच्छु । आँट बढ्यो । क्यामेरा तेर्स्याएँ । आँखामा टाँसे र नाक खुम्च्याउँदै अर्को आँखा चिम्लिएँ । ओहो, सानो प्यालबाट कस्तो सुकिलो तोरीबारी ! खिचिक्क पारिहालें । फूलमा बस्न आएको मौरीको अर्को पनि... ।

आँगनमा बसेर चिया पिउँदै रहेछन्, काका । हतारहतार क्यामेरा जिम्मा दिएँ । जब उनले गोजीमा हात छिराएर नयाँ रिल झिके, म खिस्रिक्क परें । क्यामेरामा रिल लोड गरेपछि झन् पक्का भयो– बिहानभरि फोटो खिचेको क्यामेरामा त रिल नै रहेनछ !

तर, मैले कसैलाई भनिनँ ।

यसरी मैले क्यामेरा देख्न पाएँ । आफैंले छामे । चलाएँ । र, जीवनमै पहिलोपटक भोला काकाको क्यामेराले फोटो खिचें ।

शाकिर र मलाई दुईतिर राख्दै केही दिनपछि काकाले घोषणा गरेका थिए– आजदेखि तिमेरी मीत भयौ । अब तँ होइन तिमी भन्नुपर्छ । झगडा गर्नुहुँदैन ।' मेरो जीवनमा पहिलोपटक मीत लगाइदिने पनि उनै भोला काका थिए ।

●●●

भोला काका किन अचानक भागे गाउँबाट ?

मेरो बालमस्तिष्कमा धेरै महिनासम्म यही प्रश्न खेलिइरहयो । भोला काकाको विम्ब मेरो मस्तिष्कबाट हराउन सकेन । एक दिन म डाँडागाउँ पुगेको थिएँ । आँगनमा टाँगिएको डोरीमा भोला काकाको धोती देखें । झसंग भएँ र आफैंलाई सोधें, 'के काका फेरि गाउँ फर्किए ?'

समयचक्रसँगै भोला काका छुट्दै गए । जसरी मबाट बालापन छुटिरहेको थियो । सम्झिन्छु, झन्डै २० वर्षअघिको ऋतिक रोशन काण्डमा 'इन्डियन' हरूलाई खुब गाली गर्थे केही । पहिलो सूचीमै पर्थ्यो– धोती ! मेरो मुटुमा च्वास्स बिझ्थ्यो । लाग्थ्यो, यिनीहरू भोला काकालाई नै गाली गरिरहेका छन् ।

संविधान निर्माणपछि आफ्ना माग नसमेटिएको भन्दै मधेसी मोर्चाले आन्दोलन चर्कायो । वीरगन्जमा गोली लागी भारतीय युवकको मृत्यु भएको समाचार आउँदा मेरो दिमागमा झड्का लाग्यो । कतै त्यो शाकिर त थिएन ? मेरो मीत !

यस्ता अनेकौं घटनामा स्मृतिदंश बल्झिएर आउँछ । त्यसबेला अटाईनअटाई आउँछन्, शाकिर, भोला काका, शम्भु, छोटेलालहरू । खुसुक्क छाडिजाने भोला काकाको विम्ब भने मस्तिष्कबाट कहिल्यै हराएन । जसले मलाई तीन कुरा सिकाए- साइकल कुदाउन । क्यामेरा चलाउन । र, फिल्म हेर्न ।

के भयो श्रीलंकामा ?

विश्व



जगदीश्वर पाण्डे

सन् २०१७ अघि श्रीलंकाको नाम सुन्नेबित्तिकै मलाई क्रिकेटको याद आउँथ्यो । अन्तर्राष्ट्रिय स्तरमा राम्रो क्रिकेट खेल्ने श्रीलंकन क्रिकेट टिम एकतर्फ मेरो आकर्षणको केन्द्र थियो भने अर्कोतर्फ थिए नेपाली राष्ट्रिय क्रिकेट टोलीका दुई श्रीलंकन प्रशिक्षक रोय लुक डायस र पुवुदु दासानायके (उनी अहिले क्यानेडेली नागरिक हुन्) । श्रीलंका अर्थात् क्रिकेट ।

तर सन् २०१७ मा जब मैले भारतको तमिलनाडुको राजधानी चेन्नाईमा पत्रकारिता पढ्दा पढ्ने अवसर पाएँ । त्यस बेला श्रीलंकाका तमिल र मुस्लिम दुवै साथी थिए । उनीहरूसँगको उठबस र तमिलनाडुबाट नजिकै रहेको श्रीलंकालाई मैले बुझ्ने र चिन्ने अवसर पाएँ । श्रीलंकाबाट विस्थापित भएका शरणार्थीको जीवनयापद गरिरहेका श्रीलंकन तमिलहरूसँग पनि भेटेर कुरा गर्ने अवसर मिल्यो ।

त्यसैले अहिले श्रीलंका भन्नेबित्तिकै ममा श्रीलंकाका अल्पसंख्यक तमिल र मुस्लिम जातिहरू र उनीहरूले भोगेका पीडाको सम्झना आउने गर्छ । सन् १९८३ देखि २००९ सम्म अल्पसंख्यक तमिल विद्रोही र करिब ७५ प्रतिशत जनसंख्या रहेको सिन्हाली समुदायले सञ्चालन गरेको राज्यसत्ताबीच चलेको द्वन्द्वको याद आउँछ । युद्धमा करिब ४० हजारभन्दा बढी मरेको अनुमान गरिएको छ । बेपत्ता, क्षति र घाइतेको अझै पूरा रूपमा यकिन हुन सकेको छैन । चारैतिर समुद्रले घेरिएको पूर्व ब्रिटिस शासित मुलुक लामो जातीय द्वन्द्व, राजनीतिक उतार-चढाव र अन्तर्राष्ट्रिय राजनीतिक खिचातानीले गर्दा अन्तर्राष्ट्रिय चासोमा छ ।

नोभेम्बर १८ मा श्रीलंकाले नयाँ राष्ट्रपतिका रूपमा गोटाभया राजापाक्ष पायो । त्यसको तीन दिनमा उनले आफ्ना दाइ तथा पूर्वराष्ट्रपति महिन्दा राजापाक्षलाई प्रधानमन्त्री चयन गरे । दुईपटक राष्ट्रपति र एकपटक प्रधानमन्त्री भइसकेका महिन्दा सन् २०१५ मा राष्ट्रपति निर्वाचनमा मैत्रिपाला सिरिसेनासँग पराजित भएका थिए ।

सन् २००० को सुरुआतदेखि राजनीतिको केन्द्रमा रहेका महिन्दाले आफ्नो नेतृत्वमा सन् २००९ मा गृहयुद्ध त अन्त्य गरे तर त्यसमा मुलुकको उत्तर-पूर्वी क्षेत्रमा बस्ने कति तमिलको ज्यान गऱ्यो भन्ने कुनै पर्वाह गरिएन । सन् २०१५ मा महिन्दा सत्ताच्युत भएपछि मुलुकमा सामुदायिक हार्दिकता भएको अपेक्षा गरिएको थियो । श्रीलंकाकै तमिल समुदायका व्यक्तिको भनाइअनुसार मुलुकमा अब जातीय द्वन्द्व घट्दै जाने

एजेन्सी

अपेक्षा थियो । किनकि श्रीलंकाका तमिल महिन्दालाई मुलुकमा जातीय हतियार प्रयोग गर्ने शासकको रूपमा लिन्छन् ।

महिन्दा सत्ताबाट गएलगत्तै श्रीलंकाको चीनले लगानी गरेको हम्बनटोटा पोर्ट र त्यसबाट निस्केको 'डेप्ट ट्रयाप', निर्वाचनको केहीअघि अप्रिलमा भएको इस्टर बम हमलाले तथा आन्तरिक रूपमा महिन्दाले पटक-पटक चालेका कार्डका कारण फेरि राजापक्ष परिवार नै श्रीलंकाको मुख्य नेतृत्वमा फर्किएको छ । महिन्दाले आफ्ना भाइ गोटाभयालाई श्रीलंका पिपुल्स फ्रन्ट पार्टीबाट राष्ट्रपतिको उम्मेदवार बनाए र जिताउन सफल भए । लगत्तै आफू प्रधानमन्त्री भए र पछिल्ला दुई दशक श्रीलंकाको राजनीतिक राजपाक्ष परिवारकै वरिपरि घुमाउन सफल भए ।

श्रीलंका दक्षिण एसियाको विकासका सूचकांकहरूमा अन्य मुलुकभन्दा तुलनात्मक रूपमा अघि छ । महिन्दाले आफ्नो कार्यकालमा तमिललाई सिन्हाली बनाउन केसम्म गरेनन् ? उनले पूर्ण रूपमा सांस्कृतिक अतिक्रमण गरे । सिन्हालीलाई राष्ट्रिय भाषा बनाए । अध्ययन, अध्यापन सिन्हालीमै गराए । सत्ताविरुद्ध बोल्नेलाई कि त खोरभित्र हाले कि संसारै छाड्न लगाए । भाग्न सफल हुनेहरू नजिकै भारतको तमिलनाडुमा आएर बस्न थाले ।

१९९१ मा भारतका तत्कालीन प्रधानमन्त्री राजीव गान्धीको आत्मघाती बम विस्फोटमा हत्या भएपछि तमिलहरूलाई श्रीलंकाबाट भारत आउन पनि रोकियो । गान्धीको हत्या श्रीलंकाली तमिलले नै गरेको ठहर गरेर श्रीलंकाली तमिललाई भारतमा कडाइ गरियो । तमिलनाडु अवस्थित भारतीय सुरक्षाविज्ञ सूर्यनारायणका अनुसार राजीवकी आमा इन्दिरा गान्धीले श्रीलंकामा तमिल राज्यको माग गर्दै अघि बढेका तमिल विद्रोही र उसका मुख्य नाइके प्रभाकरणलाई दिल्लीमै बोलाएर भारतले उक्त आन्दोलनमा सहयोग गर्ने बताएकी थिइन् । त्यसको दुई दशकअघि गान्धीकै अग्रसरतामा पाकिस्तानबाट पूर्वी पाकिस्तानलाई फुटाएर नयाँ मुलुक बंगलादेश जन्मिएको थियो ।

तमिल संगठन लिट्टेले भारतको सहयोगमै सुरुआती दिनमा श्रीलंकामा गतिविधि बढायो । यसलाई आर्थिक, हातहतियार र शरणसमेत भारतबाटै प्राप्त हुने गरेको मानिन्थ्यो । विद्रोहीहरू तमिलनाडुमा लुक्थे । यसमा ठूलो सहयोगी तलिमनाडुको सरकार नै थियो । तमिलनाडुमा अधिकांश तमिल समुदाय छ । उनीहरूको वेशभूषा र चालचलन सबै मिल्छ । अर्को महत्त्वपूर्ण कुरा श्रीलंकाको तमिल र तमिलनाडुका तमिलबीच रगतको नातासमेत छ । ब्रिटिसले भारतमा राज गर्दा श्रीलंकाको उत्तर-पूर्वी भागमा राम्रो चिया खेती हुने कारणले गर्दा काम गर्नका लागि भारतबाट केही तमिलहरूलाई पनि लगेका थिए ।

सुरक्षाविद् सूर्यनारायणका अनुसार सुरुआती दिनमा तमिल विद्रोहीका नाइके प्रभाकरण चेन्नाईमै बस्थे र श्रीलंकामा आफ्नो संगठन चलाउँथे । 'मैले प्रभाकरणलाई चेन्नाईको एक घरमा भेटेको थिएँ । उनले आफ्नो आन्दोलनमा भारत सरकार र तलिमनाडुको सरकारले साथ दिएको बताएका थिए,' उनले सन् २०१७ मा भनेका थिए ।

सन् १९८४ मा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको आफ्नो सुरक्षा गार्डबाट हत्या भएपछि प्रधानमन्त्री बनेका उनका छोरा राजीवले भारत सरकारले श्रीलंकाको तमिल विद्रोहीलाई गर्दै आएको सहयोग बन्द गर्न थाले । उनले श्रीलंकाली सरकारलाई साथ दिन थाले । राजीवले सन् १९८७-९० सम्म श्रीलंका सरकारसँग सम्झौता गर्दै शान्ति स्थापना गर्ने भारतीय फोर्स पठाए, जसले तमिल विद्रोहीलाई थप चिढचायो । त्यसको बदला दिन श्रीलंकाली तमिलले राजीवको आत्मघाती बम विस्फोटबाट हत्या गरे । उक्त हत्यामा संलग्न तमिलहरू अहिले पनि तमिलनाडुका विभिन्न जेलमा कडा सुरक्षाका साथ राखिएका छन्, जसलाई भेट्नसमेत भारत सरकारले कडाइ गरेको छ ।

छिमेकी भारतको असहयोगका कारण श्रीलंकामा तमिल विद्राहीको आन्दोलन तुहियो । सन् २००९ मा श्रीलंकन सरकारले तमिलले कब्जा गरेको सम्पूर्ण उत्तर-पूर्वी क्षेत्र आफ्नो कब्जामा लियो । उक्त काम अहिले फेरि प्रधानमन्त्री भएका महिन्दाले गरेका थिए । चार वर्ष सरकारबाट राजापाक्ष परिवार बाहिर हुँदा 'सास फेर्न पाएका' अल्पसंख्यक तमिल र मुस्लिमहरू फेरि उनीहरूको परिवारले राज्यसत्ता कब्जा गरेसँगै सशंकित भएका छन् ।

दाजु-भाइ राजापाक्षको यसपटक अल्पसंख्यक तमिल र मुस्लिमहरूलाई पनि सँगै लिएर अघि बढ्छन् वा पहिलेको जस्तै गरी दबाउँछन्, श्रीलंकाको भविष्य त्यसैमा निहित हुन्छ ।

...। यो यात्राले स्थानीय मुद्दालाई ...नाउन मद्दत पुग्ने विश्वास लिइएको ...मुदायका सानो कुरालाई महत्त्वका ...ौं । विकास तलबाट सुरु हुनुपर्छ भन्ने ...समा ल्याउँछौं,' केहीअघि यात्राको ...ो कार्यशालाका लागि नेपाल आएका ...भनेका थिए ।

...अत्याचार, दमन, गरिबी अप्रत्यक्ष ...क्ष हिंसालाई हामी देख्छौं र खुलेर ... तर अप्रत्यक्ष हिंसामा हामी कम ...सम्म अप्रत्यक्ष हिंसाविरुद्ध बोल्दैनौं, ...याँमा हिंसा कम हुनेछैन । अप्रत्यक्ष ...य नगरी प्रत्यक्ष हिंसा रोकिदैन ।

...नले मात्र पुग्दैन, शान्तिका लागि न्याय ...त्राले यो नाराको पनि पैरवी गर्नेछ ।

...छिनछिनको अपडेट सोसियल ...इएको छ । अभियन्ता अनिश यसका ... छन् । उनका अनुसार यात्रा हालै ...को छ । कहिले हिन्दी, कहिले स्पेनिस र ...हरू गीतहरू गुन्जिरहेका छन् । गीतले ... ऊर्जा दिएको छ भने सर्वसाधारणलाई ...गाउँ बस्ती बस्तीमा उत्पीडित ...धिकारका लागि छलफल

...१६ तारेखका दिन झिरिया गाउँका ...का महिला र पुरुषसँग रूखमुनि ...। पार्दी समुदाय घुमन्ते हुन् । ...गलको बास र जंगलमा आधारित ...ो यात्रीलाई सुनाएका थिए ।

...कसरी मानिसहरूले वन विनाश ... छन् र यसले घुमन्ते तथा जंगली ...सलाई असर गरिरहेको छ भन्ने ...ए ।

...को अर्को उद्देश्य समुदायहरूमा रहेका ...ाई चिन्ने पनि हो । स्थानीय उपाय ...कसरी विश्वव्यापी रूपमा प्रयोग गर्न ... पनि यसले खोजी गर्नेछ ।

राष्ट्रवादको चिरफार

पुस्तक

नारायणी देवकोटा

सन् १८१६ मा सुगौली सन्धिमा नेपालको तर्फबाट हस्ताक्षर भएपछि वर्तमान नेपालको सिमाना निधारण भएको थियो । तर नक्साको आकार त्यसपछि पनि बदलिरहेको थियो । सन् १९४७ सम्म बेलायतको उपनिवेशको हैसियतमा रहेको र उपनिवेश बन्नभन्दा अगाडि सयौं राज्यमा विभाजित भारतले पटकपटक आफ्नो नक्सा बदलिरहन्छ । सुरुसुरुमा नक्सा बदलिरहनु भारतका बाध्यता भए पनि पछिल्ला वर्षहरूमा सिमानामा रहेका देशहरूसँग झगडा गरिरहने र आन्तरिक मुद्दाहरूबाट सर्वसाधारणको ध्यान भड्काउने साधनको रूपमा छिमेकिमा माथि आफ्नो शक्तिको प्रदर्शन गरिरहेको कुरा कसैबाट छिपेको छैन ।

पछिल्लो समय भारतले आफ्नो मुलुकको नयाँ नक्सामा नेपाल, भारत र चीनबीचको सामरिक महत्त्वको मानिने नेपाली भूभागलाई राखेपछि भारतको मिचाहा प्रवृत्तिको नेपालभित्र विरोध भइरहेको छ । देशभर मानिसको रगत राष्ट्रवादको आगोले तात्दै गर्दा यो राष्ट्रवाद भन्ने चीज के हो ? यो मानिसको जन्मजात रगत उमाल्ने कुरा हो कि सभ्यताको धेरै पछि आएको कुरा हो ? कि मानिस स्वभावैले राष्ट्रवादी हुन्छ ? वा यो कुनै निश्चित समयको परिघटना मात्रै हो ? भन्ने कुरा गर्न नखोज्नु सायद समयसँग नचल्नु पनि हो ।

वर्तमान सरकारलाई जनताले दिएको मत पनि धेरै हदसम्म राष्ट्रवादको कुरा थियो । नेपाल मात्रै होइन संसारभर यति बेला राष्ट्रवादको मुद्दा यसरी उठिरहेको छ कि लाग्छ यो राष्ट्रवादको समय हो । संसार यतिबेला एकातिर नवउदारवादीको असीमित र खुला बजारको कुरा गरिरहेको छ, अर्कोतर्फ चलिरहेको छ सिमानाको फेरबदल, सिमानामा बार र राष्ट्रवादी नारा र मुद्दाका कुरा । राष्ट्रहरूको सिमानाको कुरा आउँदा म विजय मल्लको कविता 'छोरीलाई मानचित्र पढाउँदा' सम्झन्छु । तसलिमा नसरिनको 'लज्जा' उपन्यास पढ्दा तर्सेको सम्झन्छु ।

संसारभरि राष्ट्रवादको लहर विशेषगरी सन् १९३० पछि साम्राज्यवादविरुद्ध उठेको थियो । साम्राज्यवादविरुद्ध उठेको लहर बिस्तारै जातीय नरसंहारसम्म पुग्यो । राष्ट्रवादको नाममा करोडौं मानिसको जीवन समाप्त भएपछि 'यो के हो ?' भन्ने विषयमा समाजविज्ञ (समाज वैज्ञानिक) हरूको ध्यान गएको देखिन्छ । जसको फलस्वरूप सन् १९६० को दशकमा आएर राष्ट्रवादको विषयमा बेलायतको छुट्टाछुट्टै विचारधारा बोक्ने चार समाजविज्ञ (एली किदोरी, अर्नेस्ट गेल्नर, एरिक हबसम र एन्थोनि स्मिथ) ले गम्भीर अध्ययन गरिरहेका थिए । तर, उनीहरूले आफ्ना अध्ययन सन् १९७७ सम्म पनि सार्वजनिक बहसमा राखेका थिएनन् । यही विषयमा अमेरिकी भाषाविद् बेनेडिक्ट एन्डरसनले आफ्नो अध्ययन अगाडि बढाएका थिए ।

सन् १९८० को दशकमा राष्ट्रवादका किताबहरू धमाधम बजारमा आए । भाषाशास्त्री बेन्डिक्ट एन्डरसनको किताब 'इम्याजिन्ड कम्युनिटी', समाजशास्त्री अर्नेस्ट गेल्नरको किताब 'नेसन एन्ड नेस्नालिजम' र एन्थोनी डी स्मिथको 'स्टेट एन्ड नेसन इन थर्ड वल्ड' एकै वर्ष सन् १९८३ मा प्रकाशित भए । यहाँ 'इम्याजिन्ड कम्युनिटी' र 'नेसन एन्ड नेस्नालिजम'को छोटो चर्चा गरिएको छ । यी पुस्तकलाई आज पनि राष्ट्र, राष्ट्रियता र राष्ट्रवादको सैद्धान्तिक बहसमा नपढी नहुने किताबको रूपमा लिइन्छ ।

'इम्याजिन्ड कम्युनिटी'मा आफ्नो प्रध्यापनकालमा अत्यधिक चर्चित मानिने भाषाविद् तथा एसिया विज्ञको छवि प्राध्यापक बेन्डिक्ट एन्डरसनले राष्ट्रवादलाई समुदायको परिकल्पनाको रूपमा लिएका छन् । किताब परिचयदेखि किताबको जीवनकथासम्म १२ भागमा विभाजन गरिएको उक्त किताबको परिचय खण्डमा उनी राष्ट्रवादलाई 'राजनीतिक समुदायको परिकल्पना जो भित्रैदेखि सीमित र सार्वभौम हुन्छ' भन्छन् । किन राष्ट्रवाद परिकल्पना मात्रै हो भन्नेबारेमा उनले दुई पेज लामो स्टेटमेन्ट लेखेका छन् । जसमा राष्ट्रका सदस्यले अर्को सदस्यलाई कहिल्यै नदेखेको नभेटेको वा उसको कुरा नसुनेको भए पनि आफ्नो समुदायका सदस्यको रूपमा परिकल्पना गर्छ । तर, त्यसरी परिकल्पना गर्दा उसले आममानव समुदायको परिकल्पना गर्दैन । उदाहरणका लागि काठमाडौंको मान्छेले लिम्पियाधुराका मान्छेलाई कहिल्यै देखेको छैन तर तिनीहरू नेपाली भएको परिकल्पना गर्छन् । तर त्यही ठाउँ वरपरका भएका नेपालीबाहेकका चिनियाँ वा भारतीयको परिकल्पना गर्दैनन् । त्यसमाथि मानिसको उक्त परिकल्पना कसैले लादेको भन्दा पनि सार्वभौम प्रकारको हुन्छ ।





> मानव समाजको सिकारी युगमा कुनै सत्ता नभएको हुँदा राष्ट्रवाद नहुने भन्दै त्यसलाई छोडेर उनले ग्रामीण समयदेखिको समाजमा कसरी राज्य, राष्ट्रियता र सत्ताको विकास भयो भन्नेबारेमा लेखेका छन् ।

त्यसो त किताबकै परिचय खण्डको सुरुआत उनी मार्क्सवादी आन्दोलन र मार्क्सवादमा अब (सन् १९८३, जहिले सोभियत युनियनको पतन पनि भएको थिएन) आधारभूत रूपमा नै परिवर्तन आएको कुराबाट गर्छन् । मार्क्सवादमा आएको उक्त परिवर्तनलाई पुष्टि गर्नका लागि उनले चीन, भियतनाम र कम्बोडियामा कम्युनिस्टहरूले गरेको राष्ट्रिय स्वतन्त्रताको आन्दोलनको कुरालाई जोड्छन् । यसलाई तन्काउँदै दोस्रो विश्वयुद्धपछिका सबै क्रान्तिहरूले राष्ट्रियतालाई केन्द्रमा जोडेको सम्म लैजान्छन् । तर, यत्रा ठूला ठूला क्रान्ति भए पनि अरू 'वाद' हरूले जस्तो राष्ट्रवादले आफ्नो कुनै ठूला व्याख्याताको विकास गर्न नसकेको कुरा लेख्न उनी छुटाउँदैनन् ।

धार्मिक सम्प्रदायले मानिसको आत्माको मृत्यु नहुने र वर्तमान जीवन मानिसले आफैं गरेको कर्मको फलको रूपमा व्याख्या गर्न खोजेकै कारण विभिन्न विरामी, दमन, मृत्यु र दुःखका बाबजुद पनि धर्महरू (लेखककै भाषामा, बुद्ध, इस्लाम र इसाई) हजारौं वर्ष टिकेका हुन् । यस्तो परिकल्पनामा सुरुमा धर्मका पवित्र लिपिहरूले बाँधेर राखेको थियो । बिस्तारै राज्य र राजसंस्थासँग जोडियो । जसले समाजलाई प्राकृतिक रूपमा नै विभाजित भएको परिकल्पना गऱ्यो । राजा हुनु भनेको उसको अलौकिक शक्तिको कारण हो भन्नेमा जोडियो । यसै ले राजा पनि अलौकिक कुरालाई लिएर गरिएको समुदायको परिकल्पना थियो । बिस्तारै उक्त परि कल्पनाहरू भत्कन थाले । यसरी समुदायको पुरानो परिकल्पना भत्कनुको दुई कारण एन्डरसनले जोडेका छन् । जब लामोलामो यात्रामा मानिस निस्कन थाले उनीहरूले आफ्नोभन्दा फरक धर्म पनि संसारमा हुँदो रहेछ भन्ने कुरा थाहा पाए । उदाहरणका लागि इटालीका मार्को पोलोको एसियाको यात्रा वर्णन र पर्सियन यात्री रिकाले युरोप यात्राको बारेका लेखेका कुरालाई एन्डरसनले जोडेका छन् ।

दोस्रो युरोपमा ल्याटिन भाषाको वर्चस्वमा बिस्तारै कमी आउँदै गयो । १५०० अघि संसारभर प्रकाशित हुने किताबमध्ये ७७ प्रतिशत ल्याटिन भाषाका थिए । १६४० मा आउँदा यो संख्या निकै घट्यो । १८ औं शताब्दीमा आउँदा युरोपभर उपन्यास र पत्रिकाको व्यापार र वर्चस्व बढ्यो । जसले समुदायको परिकल्पनालाई झन् बलियो बनाउँदै लग्यो । जुन बिस्तारै युरोपबाट संसारभर फैलियो भन्छन् उनी ।

राष्ट्रवादको परिकल्पनाको विकासलाई छापाखाना र त्यसको प्रचारप्रसारले जोडेको कुरा रोचक छ । युरोपमा ल्याटिन भाषा धेरै कम मानिसले पढ्थे । पढेका मध्ये धेरै कमले मात्र त्यसलाई व्याख्या गर्थे । तर, बोलीचालीमा स्थान विशेषका भाषाहरू थिए । सोह्रौं शताब्दीमा आफ्ना आफ्ना बोलीचालीका भाषामा किताबहरू लेखिन थालियो । आफ्नाआफ्ना भाषामा किताब लेखिन थालिएपछि ल्याटिन भाषाका आधारमा गरिएको क्रिस्टियानिटी सुमदायको परिकल्पनालाई भाषा विशेषका समुदायको परिकल्पनाले प्रतिस्थापन गर्दै गएको कुरालाई लेखेका छन् । यो सन्दर्भ नेपालको सन्दर्भमा पनि हिन्दु धर्मको आधारमा भएको समुदायका परिकल्पना बिस्तारै नेपाली भाषाका समुदायको परिकल्पनाले लिएको भनेर केही हदसम्म भन्न सकिन्छ ।

अठारौं शताब्दीमा आउँदा भाषालाई 'राष्ट्रिय' भन्दै राजनीतिक महत्त्व दिन थालियो । अठारौं शताब्दीको मध्यदेखि युरोपमा भाषा विज्ञान, शब्दकोश, व्याकरण र साहित्यले मानवीय श्रमको एउटा क्षेत्रको रूपमा विकसित हुने अवसर पायो । यसरी प्रकाशित भएका किताबहरूका ग्राहक कामकाजी पुरुषहरूभन्दा पनि घरमा नोकर भएका महिलाहरू र विद्यालयमा पढिरहेका बालबालिका हुन्थे । आफ्नो आफ्नो भाषाको शब्दलाई अर्को भाषाको शब्दसँग तुलना गर्ने र आफ्नो समुदायको परिकल्पना गरी राष्ट्रवादको आन्दोलन अगाडि बढाउने काम मध्यम वर्गका मानिसमार्फत भएको थियो । १९ औं शताब्दीमा आउँदा युरोपका धेरै मुलुकले कर्मचारीतन्त्रका लागि ठूलो बजेट छुट्याउन थाले र त्यसरी छुट्याएको बजेट कर्मचारीको भाषिक दक्षता वृद्धिका लागि पनि थियो । साथसाथै आफ्ना उपनिवेश वा प्रभाव क्षेत्रहरूमा पनि आफ्नो भाषालाई अनिवार्य सरकारी कामकाजको भाषा बनाए ।

किताबको आधाजसो भाग साइटेसनले भरिएको 'इम्याजिन्ड कम्युनिटी' राष्ट्रवादको विषयमा चासो राख्नेलाई मात्रै होइन भाषा विज्ञान, किताबी ज्ञानको उत्पत्ति र विकासको बारेमा चासो राख्नेहरूलाई पनि उत्तिकै रमाइलो छ । राष्ट्रवादमा चासो राख्नेलाई त यो किताब मात्रै होइन, संसारमा कस्ताकस्ता किताब छन् भन्नेबारेमा पनि उनले निकै मेहनतका साथ उल्लेख गरेका छन् ।

'इम्याजिन्ड कम्युनिटी' निस्केकै समयमा बेलायती दार्शनिक अर्नेस्ट गेल्नरको 'नेसन एन्ड नेसनालिजम' (१९८३) प्रकाशित भएको थियो । गेल्नर नेपालविज्ञ मानवशास्त्री डेभिड गेल्नरका पिता हुन् । राष्ट्र, राष्ट्रियता र राष्ट्रवादबारे लामो समय विभिन्न देशमा अध्ययन गरेका उनको किताब ती अध्ययनको सारजस्तो लाग्छ ।

नौ उपशीर्षकमा बाँडिएको यो किताबको परिचयमा उनी भन्छन्, 'राष्ट्रवाद भनेको आधारभूत रूपमा राजनीतिक सिद्धान्त हो, जुन कुनै न कुनै आकारमा विद्यमान हुन्छ ।' राष्ट्रवाद आन्दोलन भए पनि, भावना भए पनि, राजनीतिक नै हो, जुन भौगोलिक रूपमा हेर्दा पनि सानासाना कोठाको रूपमा देखिन्छ भन्छन् उनी । राष्ट्रवादको कुरा गर्दा राष्ट्र र राज्यसत्तालाई फरकफरक बुझ्नुपर्छ । राज्यसत्ता भनेको सत्ता चलाउने मान्छेहरू वा मान्छेहरूको एजेन्सी हो भने राष्ट्रियता मानिसको एउटा नाक वा दुईवटा कान हुनुजत्तिकै सहज प्राकृतिक परिचयको कुरा हो । राष्ट्रियता आफ्नो समुदायमा भएका एक व्यक्तिको समुदायमा भएको अर्को व्यक्ति वा समुदायप्रति हुने परस्पर अधिकार, कर्तव्य र सहभागिताको कुरा हो भन्छन् उनी जुन संस्कृतिसँग जोडिएको हुन्छ । राज्यसत्ताको आधारमा कहिले दबिने र कहिले माथि उठ्ने गरी यो राजनीतिक विषय बन्दा त्योचाहिँ राष्ट्रवाद बन्छ ।

मानव समाजको सिकारी युगमा कुनै सत्ता नभएको हुँदा राष्ट्रवाद नहुने भन्दै त्यसलाई छोडेर उनले ग्रामीण समयदेखिको समाजमा कसरी राज्य, राष्ट्रियता र सत्ताको विकास भयो भन्नेबारेमा लेखेका छन् । उनले ग्रामीण युगका किसानहरू उक्त समयमा आर्थिक आवश्यकताले जोडिएका थिए भन्ने उदाहरणमा नेपालको उच्च हिमाली क्षेत्रका किसानको परिचयलाई जोडेका छन् । जुन धर्मको आधारमा, जातको आधारमा, थर गोत्रको आधारमा परिस्थितिवश जोडिएका छन् ।

ग्रामीण समाजको समयमा राज्य एउटा निकायको रूपमा त थियो तर त्यो केही स्वायत्त, केही साम्राज्यको रूपमा थियो भनेर उनले भनेको कुरालाई पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरे पनि केही ठाउँ (बझाङ, मनाङलगायत) का राजा नेपाल राज्यभित्र पनि यथावत् रहेजस्तै गरी बुझ्न सकिन्छ । उक्त समयमा राज्यहरू कहिले फैलने, कहिले खुम्चने वा कहिले फुट्ने भइरहन्थे । यस क्रममा हारेका राज्य जो जितेको राज्यभन्दा कुनै न कुनै आधारमा फरक थियो उनीहरूभित्र पुनः आफ्नो राज्य जित्ने अभिलाषा हुन्थ्यो । जसै समाज कृषि युगदेखि औद्योगिक युगमा प्रवेश गऱ्यो । तब श्रम सराइको दर बढ्यो । श्रम सराइका कारण मानिसले अर्को र आफ्नोबारेमा फरक छुट्याउन थाल्यो र यहींबाट आफ्नो परिचय र पहिचानको कुरा सुरु भएको मान्छन् गेल्नर ।

युरोपमा भएको औद्योगिक क्रान्तिसँगै बढेको कामदारको माग र बढ्न थालेको बसाइ-सराइले मानिस-मानिसको बीचमा यो हाम्रो यो अर्काको, हाम्रो चलन राम्रो, उसको नराम्रो वा राम्रो भन्ने भावनाको विकास भयो । जसले मानिसहरूको बीचमा आफ्नो पहिचानको महत्त्व बढ्न थाल्यो र राष्ट्रियतामा बलियो हुने मौका पायो । तर, राष्ट्रवादको भावना कसरी विकास भयो भन्नेबारेमा उनले अगाडिकै कुरा जोड्छन्, राजनीतिक सिमाना बढ्दा वा घट्दा राजनीतिक नेतृत्वलाई कि जितको उन्माद भयो र जितेको समुदायप्रति दमन गऱ्यो । हारेकाहरूलाई पनि हार स्विकार्न गाह्रो भयो र राष्ट्रवादको उदय भयो भन्छन् उनी । तर यसरी उदय हुने राष्ट्रवाद न त भाषाको आधारमा राष्ट्रवाद हुन्छ, न त सांस्कृतिक आधारमा हुन्छ भन्दै संसारभर आठ हजार भाषा भएकोमा आठ हजारथरी राष्ट्रवाद हुँदैन भन्दै यो राजनीतिका खेलाडीहरूले कुन कुरालाई राष्ट्रवादी रङ दिँदा उचित हुन्छ, त्यसलाई राष्ट्रवाद बुझ्किने गरिएको बताउँछन् । राष्ट्रवाद कहिले भाषाको आधारमा, कहिले भूमिको आधारमा (दुई हजार वर्षअगाडिदेखि टाढा भएका जियुजहरूलाई जेरुसेलमसँग जोडेर गरिने व्याख्या), कहिले शरीरको रूपका रङको आधारमा, कहिले संस्कृतिको आधारमा भएको उनी व्याख्या गर्छन् ।

राष्ट्रवाद र आदिवासी जनजाति (इथ्निक) को परिचयको कुरा एउटै होइन भन्दै आदिवासीको परिचय राष्ट्रवादको अवधारणा सुरु नहुँदा पनि थियो र यो सकिएपछि पनि जनजातिको पहिचान परिचय कहीं जाँदैन भन्छन् । 'राष्टवादी भनेर जसले आफूलाई भनेको छ उसले पनि राष्ट्रवाद यो हो भनेर व्याख्या गरेको छैन,' उनी ले ख्छन् । उनले कार्लमार्क्स र फेडरिक एंगेल्सको इथ्नोग्राफिक डक्ट्रिनले केही व्याख्या गर्न खोजे पनि त्यो राष्ट्रवादको सन्दर्भमा होइन भन्छन् । न त राष्ट्रवादको विरोध गर्नेहरूले नै त्यसलाई राम्ररी व्याख्या गरेका छन् भन्छन् ।

अन्तमा,

सारमा भन्नुपर्दा राष्ट्रियता भन्ने कुरा आफ्नो भन्ने कुराबाट आउँछ । जसमा म, मेरो, हाम्रो हामी भन्दै मानिसले मानिसको बीचमा फरक छुट्याउन थाल्छ तब राष्ट्रियताको कुरा आउँछ । तर, जब त्यसमा राजनीतिक रङ मिसिन्छ त्यसले राष्ट्रवादको रूप लिन्छ । राष्ट्रवादको मुद्दा चर्काइरहने धेरैलाई यो भनेको के हो भन्ने पनि स्पष्ट छैन न त यसको कुनै स्पष्ट राजनीतिक सिद्धान्त र विचारधारा नै छ भन्नेमा दुई विज्ञ सहमत देखिन्छन् । अनि यी दुई विज्ञले आफ्नो ज्ञान र विज्ञताका आधारमा राष्ट्रवाद यसरी आएको देखिन्छ है भन्ने कुरालाई जोड दिएका छन् । न कि यस्तै हो, यस्तै हुनुपर्छ भन्ने अर्थमा ।

किताब

बिना थिङ तामाङ

सबैको 'उस्तै' मन

मान्छेको मन महासागरभन्दा विशाल छ । कहिले दौडन्छ, कहिले स्थिर भइदिन्छ । यो वास्तवमै रहस्यमय छ । यस्तै अपरिभाषित मान्छेको मनसँग जोडेर डा. विश्वबन्धु शर्माले ४० वर्षदेखिको आफ्नो अनुभवलाई शब्दमा अनुवाद गरेका छन्, 'मान्छेको मन' भित्र । यो पुस्तक हातमा लिइरहँदा म गहिरोसँग अतीतमा पस्न पुगें ।

'निद्रा आँखामा बस्दैन । खानामा मेरो अरुचि बढेको छ । मनमा अनेक कुरा खेल्छन् । यसरी त म मर्छु होला,' तीन वर्षअगाडि आमाले फोनमा भन्नुभएको थियो । मैले देखेकी थिएँ- आमाको घाँटीछेउका हाडहरू नमज्जाले उचालिएका । आँखाहरू गालाका हाडभित्र गाडिन सुरु भएको थियो । दिन र रातको भेउ पाउन छाडेको थियो आँखाहरूले । निष्पट्ट अँध्यारोमा पनि ती टल्किन्थे । साँझ लगाइको हतियारजस्तै । मन अस्थिर भइरहेको थियो । मैले उपचारका लागि सहरको नाम चलेका केही अस्पतालमा लगें । खासै प्रभाव देखिएन । आमाको अवस्था पहिलेभन्दा खराब भएर गएको थियो । पछि एक शुभचिन्तकबाट मैले डा. विश्वबन्धु शर्माबारे सुनें । मैतीदेवीस्थित उनको क्लिनिकको फोन नम्बर पत्ता लगाएँ । समय लिएँ । एक हप्तापछिको समय मिल्यो ।

डा. शर्माको डेस्कमा पुगेको केही दिनबाट आमाका आँखाहरूले शीतलता प्राप्त गऱ्यो । मनको चञ्चलता घट्दै गयो । खानामा रुचि बढेर गयो । औषधि खासै महँगो थिएन । धेरै पनि थिएन । तर व्यथा कम हुँदै गएको देखेर म चकित भएँ । यस्तो प्रतीत भयो कि, आमाको ज्यानमा स्फूर्ति कतैबाट हाम्फालेर आइपुगेको छ । छ महिना निरन्तरको फलोअपले आमा ठीक हुनुभयो । औषधिको साइडइफेक्टले कपाल भने झर्न थालेको थियो । हामीलाई लाग्यो- आमा त ठीक हुनुभो ।

अहिले नियमित औषधि सेवनले अवस्था सामान्य हुँदै गएको छ । यसैबीच उनको पुस्तक 'मान्छेको मन' सार्वजनिक भयो । यो पुस्तक पढिसक्दा म धेरै कुरामा 'कन्भिन्स' भएँ । मसँग भएका भ्रमहरू भत्किएर गएका छन् । मानसिक स्वास्थ्य र यसबारे म अझ बढी सचेत भएकी छु । ४० वर्षदेखि मान्छेको मनको उपचारमा तल्लीन उनै डाक्टरले लेखेको पुस्तक हो 'मान्छेको मन' ।

सामान्यतया आममानिसमा डिप्रेसन (अवसाद) देखिन्छ । त्यस्तै एन्जाइटी (अत्यास), सिजोफ्रेनिया (मनोरोग प्रभावित खराबी), बाइपोलर डिसअर्डर (द्विध्रुवी मानसिक विकार) पनि देखा पर्न सक्छ । एकाग्र हुन नसक्ने । निद्रा नपर्ने । भीडभाडदेखि डराउने । आफ्नोविरुद्ध कसैले षडयन्त्र गरिरहेको आभास हुने । अरूले नसुनेका कुराहरू सुनेजस्तो लाग्ने । कोही आएर कानमा लगातार बोलिरहेको महसुस गर्ने । कसैले लखेटेजस्तो देख्ने । आत्महत्या गरूँ लाग्नेजस्ता लक्षणले मानसिक रोगलाई इंगित गर्छ । स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा ५५ लाख मानिस मानसिक रोगबाट प्रभावित छन् । यो कहालीलाग्दो सत्यबोधले कतै हामी पनि मानसिक रोगी त छैनौं ? स्वाभाविक प्रश्न तेर्सिन्छ ।

पृष्ठभूमिमा गोधूलिको रङ । सेता, साना-ठूला पुतलीहरूको उडान । पुस्तकको आवरण सुन्दर देखिन्छ । तीन खण्डमा लेखकले विषयलाई बाँडेका छन् । ४० वर्षमा उनले मानसिक बिरामीहरूको बीचमा बिताउँदाका अनुभवलाई पहिलो खण्डमा राखेका छन् । जसमा उपचारका क्रममा भेटिएका बिरामी र रोगका प्रकृतिलाई प्रस्तुत गरेका छन् । एउटा मानसिक चिकित्सक हुनुको धर्म उनले मज्जाले निर्वाह गरेका छन् । रुसबाट मानसिक स्वास्थ्य अध्ययन गरेर नेपालमै बिरामीको सेवा गर्छु भनेर प्रतिबद्ध डा. शर्माले सुरुआती दिनमा भोग्नुपरेका अप्ठ्यारा, हैरानी र संघर्षलाई दोस्रो खण्डमा व्यवस्थित गरेका छन् । त्यस्तै, आफ्ना निजी प्रसंगहरूलाई पुस्तकको अन्त्यमा, तेस्रो खण्डमा प्रस्तुत गरेका छन् ।

सबैलाई आफ्नो संघर्ष ठूलो र चुनौतीपुर्ण लाग्नु स्वाभाविक पनि हो । डा. शर्माले पनि आफ्ना बाल्यकालीन दिनहरू, अध्ययनका क्रममा भोग्नुपरेका हैरानीहरू, प्रतिस्पर्धा, धोका, अभावहरूलाई सरस तवरले पुस्तकमा प्रस्तुत गरेका छन् । स्याङ्जा जिल्ला नागडाँडामा जन्मिएका डा. शर्माले रुसमा गएर आफ्नो अध्ययनलाई पूरा गरेका थिए । मानसिक स्वास्थ्य के हो ? यसको उपचार सम्भव छ भन्नेबारे नेपाली समाज अनभिज्ञ रहेको समयमा डा. शर्माले आफ्नो करियर सुरु गरेको प्रसंग निकै रोचक छ ।

यस पुस्तकको अर्को रोचक पक्ष के हो भने, मानसिक बिरामीका बारेमा उल्लेख गरिएका घटनाहरूको फेहरिस्त । बिरामीका सामान्यदेखि अपत्यारिला स्वभाव र व्यवहारहरूले पाठकको ध्यान तान्छ । पुस्तकमा एउटा यस्तो बिरामीबारे पनि उल्लेख छ, जसलाई सधैं डर मात्र लागिरहन्थ्यो । भीडभाडमा जान नसक्ने । गाडी देख्दा मुटु भरंग हुने । त्यो बिरामीको उपचार कसरी भयो भनेर डा. शर्मा बताउँछन् । बिरामीको बाल्यकालदेखिका घटनाहरू केलाउँदा पनि कारण पत्ता नलागेर डा. रन्थन्छिन् । अनेकौं प्रयासमा बिरामीभित्रको ग्लानि, पश्चात्ताप पत्ता लगाउँछन् । बिरामीले कुनै समय वर्कसप चलाउने गरेको पत्ता लाग्छ । एकपटक उसले कामदारलाई जबरजस्ती पेट्रोल टचांकभित्र पसेर टाल्न लगाउँदा दुर्घटना हुन पुग्छ । टचांक विस्फोट भएर कामदारको मृत्यु हुन्छ । यो घटना बिरामीको अन्तस्करणमा पश्चात्ताप बनेर रहेकाले मानसिक समस्या देखिएको पत्ता लाग्छ । निरन्तरको काउन्सिलिङ र औषधिले बिरामीको अवस्थामा सुधार आउँछ । यसले मानिसमा हुने मानसिक विकारको कारक तत्त्वमा पश्चात्ताप पनि एक हुन सक्ने निर्क्योलले पाठकलाई सचेत गराउँछ ।

अर्का बिरामीले श्रीमतीलाई शंका गर्ने, कुटपिट गर्ने गरेपछि उपचारका लागि लगिन्छ । औषधि र डाक्टरको काउन्सिलिङबाट रोग कम भएर जान्छ । यस्तैमा बिरामीकी आमाले औषधि छुटाइदिन्छिन् । रोगको मात्रा बढेर जाँदा अन्ततः श्रीमतीलाई उसले काटेर मार्छ । चिया पकाएर खाइरहेको अवस्थामा परिवारले फेला पारेको सन्दर्भ डरलाग्दो छ । यस प्रसंगले डक्टरको सल्लाहबेगर आफूखुसी बिरामीमाथिको निर्णय लिने प्रवृत्तिलाई निरुत्साहित गर्छ ।

धेरैजसो घटनामा निरन्तर औषधि सेवन र काउन्सिलिङबाट मानसिक रोग ठीक भएको देखिन्छ । एकपटक मानसिक रोग देखा परेपछि निको हुँदैन भन्ने भ्रमलाई पुस्तकमा उल्लेख गरिएका प्रसंगहरूले गलत साबित गरिदिएका छन् । कतिपय घटनाहरूमा भने मानसिक रोगप्रतिको मानिसको परम्परागत धारणाले जटिलता थपिदिएको उल्लेख छ । पुस्तकमा घटना विवरण पढिरहँदा दैवी प्रकोप, शत्रुले भेदेको, भूतप्रेतको कारण मान्छेमा डराउने, सामान फाल्ने, आत्महत्याको प्रयास गर्ने, अरूलाई कुटपिट गर्ने, अत्यधिक शंका गर्ने, गतिविधि दोहोऱ्याउने, एकोहोरिनेजस्ता लक्षण देखिएको अन्धविश्वास अझै पनि नेपाली समाजमा रहेको देखिन्छ ।

शब्दको अगाडिको अक्षर मात्रै उच्चारण गर्ने, बाँकी शब्द उच्चारण नगर्दै जिब्रो बटारिने भोकल टिक डिसअर्डर, रोक्दा रोक्दै फोहोरी शब्द उच्चारण गर्ने टुरेट सिन्ड्रमबारे हामीमध्ये धेरै अनभिज्ञ छौं । यस्ता समस्याको हल हुन्छ भन्ने त झन् परको सोच हो । कोही हात धोइरहन मन लाग्ने, हात रगडिरहने, रुमालले पुछिरहने, चस्मा मिलाइरहनेजस्ता क्रियाकलाप गरिरहन्छन् । उनीहरू आफूले गलत गर्दै छु भन्ने थाहा भए पनि नियन्त्रण गर्न नसक्ने समस्याबाट ग्रस्त हुन्छन् । यसलाई ओसीडी भनिन्छ । बिरामीले मस्तिष्कमा आफ्नै संसार रचना गर्ने गर्छन् । आफ्नै तवरले गतिविधि गर्छन् । जुन गतिविधि समाजमा अपाच्य हुन्छ । अस्वीकृत हुन्छ । यसरी मानिसमा देखिने विविधखालको मानसिक रोग र त्यसको निराकरणमा परिवारले खेल्नुपर्ने भूमिकाबारे पुस्तकमा डा. शर्माले आफ्नो चिकित्सकीय अनुभव उजागार गरेका छन् ।

यस पुस्तकले मानसिक विकृतिको कारक तत्त्वहरूबारे पाठकलाई सचेत गर्न मद्दत गरेको छ । त्यस्तै, मानसिक रोगी हुनेबित्तिकै बाँकी जीवन ध्वस्त नहुने कुरा पनि किताबले बुझाउँछ । निरन्तरको औषधि सेवन र काउन्सिलिङबाट जटिलभन्दा जटिल रोग पनि सामान्य अवस्थामा ल्याउन सकिन्छ भन्ने विश्वास पुस्तकले दिलाएको छ । आवश्यक छ मात्र हाम्रो प्रतिवद्धता । बिरामीमाथिको 'केयरिङ' । हामी, हाम्रा परिवारका सदस्य अथवा जो कोही पनि मानसिक समस्याबाट गुज्रिरहेको हुन सक्छ । त्यस्ता रोगीहरूको पहिचान, शीघ्र उपचारमा हाम्रो चेत खुलाउने उद्देश्यमा यो पुस्तक केन्द्रित छ । लेखकले प्रस्तुतिमा लय दिन सकेको भए पठन थप सहज हुन्थ्यो । सिलसिलेबार ढंगबाट विषयवस्तु पस्कनबाट पुस्तक चुकेको छ । भाषामा मीठास खोज्ने पाठकले पुस्तक यत्तिकै थन्क्याउने सम्भावना पनि छ ।

‘भाग्य’ को खेल

तेक्वान्दोकी मनिता शाही र उसुकी निमा घर्तीमगर दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण जितिसकेका खेलाडी हुन् । आइतबार सुरु हुने १३ औं सागमा उनीहरू त्यो सफलता दोहोऱ्याउने अभियानमा छन् । जनमुक्ति सेनाको सिन्धुली क्याम्पमा तीन वर्ष बिताएकी अनुपमा मगर पनि करााँतेमा स्वर्णकै कोसिसमा छिन् ।

खेल

राजु घिसिङ

हेमन्त श्रेष्ठ

स्वर्ण दाबेदारहरू : १३ औं सागमा नेपाललाई प्रतिनिधित्व गरिरहेका खेलाडीहरू अनुपमा (बायाँ), निमा र मनिता (दायाँ) ।

निमा घर्तीमगर १९ वर्षकी छन् । उनीभन्दा नौ वर्ष जेठी हुन्, अनुपमा मगर । र, अनुपमाभन्दा नौ वर्ष बढी उमेरकी हुन् मनिता शाही । यी तीनै जना आ-आफ्नै विशेषता र बेग्लाबेग्लै स्वभावका छन् । अनुपमा टिकटकमा खुबै सक्रिय हुने छिन् । गीत गाउँछिन् र मोडलिङ गर्छिन् पनि । मनिता २० महिनाकी छोरीलाई हुर्काइरहेकी छन् । निमा पढाइ र खेलमै केन्द्रित छिन्, बेलाबेला फेसबुकमा देखिन्छिन् ।

तीन जनाको एउटै विशेषताचाहिँ- यी सबै खेलाडी १३ औं सागमा स्वर्णका दावेदार हुन् । निमा उसु खेल्छिन् । मनिता तेक्वान्दो । अनुपमा करााँते । अहिले सबथोक छाडेर उनीहरू १३ औं दक्षिण एसियाली खेलकुद (साग) को तयारीमा जुटेका छन् । औपचारिक रूपमा आइतबार सुरु हुने सागमा घरेलु मैदानमा सहभागी हुने मात्रै उनीहरूको लक्ष्य होइन । मार्सल आर्ट्सका यी तीनै खेलाडी देशलाई स्वर्णपदक दिलाउन चाहन्छन् । दक्षिण एसियाली खेलकुदको महाकुम्भमा तेस्रोपल्ट सहभागी हुने अवसर पाएकी मनिता काठमाडौंकी रैथाने हुन् । उनले १० औं साग (कोलम्बो २००६) मा स्वर्ण र ११ औं साग (ढाका २०१०) मा रजत जितेकी थिइन् । १५ औं एसियाली खेलकुद (दोहा २००६) मा पनि कांस्य हात पारेकी उनी यो सागमा प्रतिस्पर्धा गर्न भने अमेरिकादेखि आइपुगेकी हुन् । असन-डल्लुकी ३७ वर्षीया उनको बिहेपछि घर फेरियो र त्यो पनि राजधानीकै कीर्तिपुर । अहिले छोरी मेल्विना कीर्तिपुरमै बुवासँग हुर्किरहेकी छन् ।

रोल्पाली छोरी हुन्, निमा । उनी ६ वर्षको छँदै अभिभावकसँगै राजधानी छिरेकी हुन् । गुवाहाटी र सिलोडमा तीन वर्षअघि भएको १२ औं सागमा नेपालले तीन स्वर्णपदक जितेको थियो । त्यसमा पहिलो स्वर्ण निमाले चुमेकी थिइन् । त्यस बेला जम्मा १६ वर्षकी थिइन् । स्वर्ण जितेर फर्केको अर्को महिना एसएलसी दिइन् । अहिले स्नातक तहमा पुगेकी छन् । त्यस बेला कुराकानीमा उनी बाल्यकालमै रहेको प्रस्टै झल्किन्थ्यो । परिपक्व भइरहेकी उनी दोस्रोपल्ट सागमा स्वर्ण जित्ने उसुकी पहिलो खेलाडी हुने अभियानमा छिन् ।

उदयपुरकी हुन्, अनुपमा । उनी स्कुल पढ्ने १४ वर्षको उमेरमै नाचगानमा आकर्षित भएर माओवादीको पूर्णकालीन कार्यकर्ता भएकी थिइन् । त्यो २०६२ साल हो । कुन महिना भन्ने उनलाई पनि याद छैन । पढाइमा लाग्ने त्यो उमेरमै उनले माओवादी जनयुद्धको बेला गोली, ग्रिनेड बोकेर तोकिएको ठाउँमा पुऱ्याउने काम गरिन् । अर्को वर्ष (२०७३ साल जेठ) मा लोकतन्त्र आयो । गृहयुद्ध रोकियो । उनी जनमुक्ति सेना (पीएलए) को सिन्धुलीस्थित डिभिजन कार्यालय पुगिन् । त्यहाँको तीनवर्षे बसाइमै करााँते सिक्न थालेकी उनी पहिलोपल्ट सागमा प्रतिस्पर्धा गर्दै नेपाललाई पदक दिलाउने योजनामा छिन् ।

आमा बितेपछि घर लेखानी पुगेर १५ दिनको काम २ दिनमा सकाएर अनुपमा नम्बर डिभिजन कार्यालय सिन्धुली फर्केकी थिइन् । अनि उनलाई बस्नै मन लागेर र निस्किइन् । पुगिन् बालाजु डोजो, जहा ध्रुवविक्रम मल्लसँग करााँते सिकाइलाई निरन्तरता दिन थालिन् । उनलाई सेना समायोजनमा माओवादी पूर्वलडाकुको रूपमा नेपाली सेनामा जागिर खाने अवसर पनि थियो । तर, उनले स्वैच्छिक अवकाश रोजिन् । त्यस बेलासम्म पनि उनलाई खेलाडी बन्छु भन्ने लागेको थिएन ।

अनुपमाले खासमा शरीरको तौल घटाउन करााँते खेल्न थालेकी थिइन् । तौल घटाइन् पनि । ६० केजीबाट ४९ केजीको भइन् । प्रतियोगितामै सहभागी हुन थालिन् । जनमुक्ति सेनाको आन्तरिक खेलकुदमा पहिलो हुनेले २०६५ सालमा भएको पाँचौं राष्ट्रिय खेलकुदमा प्रतिस्पर्धा गर्ने अवसर पाएको थियो । जनमुक्ति सेनाका खेलाडीको त्यो सहभागितालेे देशमा ठूलै राजनीतिक हलचल ल्याएको थियो । उनी त्यो खेलाडीमा परिनन् ।

भोजपुरकी मीरा राई पनि सिन्धुली क्याम्पमै थिइन् । साहसिक दौड (ट्रेल रनिङ) मा सफलता हात पार्दै मीरा विश्वमै चर्चित् भइन् । मीरा र अनुपमा सिन्धुलीको भेटयता मिल्ने साथी बने । एकअर्कालाई ‘दोस्त’ भनेर बेलाउँछन् । यी २८ वर्षीया अनुपमाले १७ औं एसियाली खेलकुद (इन्चोन २०१४) मा पनि प्रतिस्पर्धा गरेकी थिइन् । त्यस बेला करातेको विवाद उत्कर्षमा थियो र उनी डोजोमा गरेको तयारीबाटै सीधै कोरिया पुगेकी थिइन् । उनीजस्तै पुगेकी विमला तामाङ त्यो एसियाडमा पदक (कांस्य) जित्ने एक्लो नेपाली भएकी थिइन् ।

यसपालि अनुपमा अरू खेलाडीसँगै क्लोज क्याम्पमा बसेर तयारी गरिरहेकी छन् । ‘क्लोज क्याम्पमा होटलमै बस्नुपर्ने रहेछ । सुरुमा घर जान पनि पाइँदैन भन्दा त कस्तो नरमाइलो लागेको थियो,’ २८ वर्षीया उनले भनिन् । उनी अहिले क्लोज क्याम्पमा सहज मानिरहेकी छन् । उनले गत महिना ढाकामा भएको दक्षिण एसियाली करााँते च्याम्पियनसिपमा रजत जितेकी थिइन् । यसले पनि १३ औं सागमा उनलाई उत्साहित बनाएको छ ।

६८ केजीमाथि प्रतिस्पर्धा गर्न लागेकी उनले भनिन्, ‘तयारी राम्रै भइरहेको छ । सफलता प्राप्त गर्नका लागि उच्च स्तरको प्रदर्शन गर्न सक्दो कोसिस गर्नेछु ।’

नाच्ने गाउने मोहले रहरैरहरमा माओवादीमा पुगेकी अनुपमा सिन्धुली क्याम्पबाट बाहिरिएपछि पार्टीमा सक्रिय छैनन् । उनको पदकको ग्राफ एकनासको छ । छैटौं राष्ट्रिय खेलकुदमा कांस्य, सातौंमा रजत र आठौंमा स्वर्ण । त्यही स्वर्ण र छनोटमा पाएको सफलताले उनलाई सागसम्म डोऱ्याएको हो । करातेको प्रिमियर प्रतियोगिता खेलिसकेकी उनलाई घरेलु च्याम्पियनसिपमा हात पारेको स्वर्णपदकको संख्या याद नै छैन । ‘धेरै जितेकी छु । तर कति खेल्यो र कति जित्यो भन्नेचाहिँ याद छैन,’ हाँस्दै भनिन् ।

मनिता र अनुपमामा एउटा समानता छ । दुवैले १७ वर्षको छँदा खेल सुरु गरेका थिए । यसबीच मनिता नेपाली तेक्वान्दोको स्वर्णिम युगको खेलाडी बनिन् । केही वर्षअघिसम्म यी ५ फिट ७ इन्च अग्ली खेलाडीलाई घरेलु प्रतियोगितामा चुनौती दिने खेलाडी थिएनन् । उनी १७ औं एसियाडपछि आफैं खेलबाट टाढिएकी थिइन् । अमेरिका पुगिन् । विवाह गरिन् । छोरी जन्माइन् । यी सबै जिम्मेवारीलाई केही समयका लागि अलग्गै राखेर उनी फेरि किक र पन्च प्रहार गर्न फर्किएकी हुन् । इन्चोन एसियाडयता पहिलोपल्ट देशको प्रतिनिधित्व गर्न लागेकी मनिता भन्छिन्, ‘मैले धेरै खेलें । अब अरूले अवसर पाउनुपर्छ भन्ने लाग्यो । त्यसैले चार वर्ष तेक्वान्दोबाट अलग भए । फर्किन्छु भन्ने सोचेकी थिइनँ ।’ पतिको प्रेरणा र साथीहरूको हौसलतामा छोरी जन्माएपछि पनि प्रतिस्पर्धा गर्ने हिम्मत आएको उनले बताइन् । क्लोज क्याम्पमा बसेयता उनले कीर्तिपुरमा रहेकी छोरीलाई देख्न नपाएको एक महिनाभन्दा बढी भयो ।

छोरी जन्माएको एक वर्षपछि एरिनामा पुनरागमन गर्दै उनले गत चैतमा भएको आठौं राष्ट्रिय खेलकुदमा स्वर्ण जितिन् । तर, २० भदौमा भएको सागको छनोटमा असफल भइन् । अनि छोरीको हेरचाहमा लागिन् । छनोट भएका खेलाडीले १८ वर्षभन्दा कम उमेरको भएकीले खेल्न नपाउने भइन् । यसले मनितालाई अर्को मौका दिलायो । फेरि ३ कात्तिकमा भएको छनोटमा सफलता हात पार्दै उनले ५ वर्षपछि राष्ट्रिय टिममा पुनरागमन गरिन् । लगत्तै भर्जिनिया (अमेरिका) उडिन् । उतैबाट चीनमा भइरहेको नेपाली टिमको क्लोज क्याम्पमा पुगिन् । र अहिले स्वदेश फर्केर सागमा तेस्रोपल्ट प्रतिस्पर्धा गर्ने संघारमा आइपुगेकी छन् ।

छोरी हुर्काउनु सजिलो कि खेल्नु ? ‘बच्चा हुर्काउनु सबभन्दा गाह्रो रहेछ,’ दैनिक ६ घण्टा अभ्यास गरिरहेकी मनिताले हाँस्दै जवाफ दिइन् । आफ्नो पुनरागमनबारे भन्छिन्, ‘दीपक गुरु (विष्ट) ले यस्तै उमेरमा सफलता हात पार्नुभयो भने हामी (छोरी मान्छे) ले किन नसक्ने भन्ने लाग्यो ।’ छनोटबाट बाहिरिएर फेरि फर्कंदा तयारी गर्ने समय कम भएको उनको अनुभव छ । ‘पहिलाभन्दा स्पिड घटेको छ । तर, बिस्तारै राम्रो भइरहेको छ । फेरि एकपल्ट स्वर्ण जित्ने कोसिस गर्नेछु,’ उनले भनिन् । २० वर्षे करिअरको अनुभवलाई उपयोग गर्न सके उनलाई मिडलवेट (७३ केजीमुनि) स्वर्ण चुम्न गाह्रो नहुन सक्छ ।

१९ वर्षीया निमाले १२ औं सागको स्वर्ण जित्दाको बेला कोट्याइन्, ‘साह्रै चकचके थिएँ । अरूलाई एकदमै दुःख दिन्थे । ती दिनहरूलाई लिएर सम्झँदा हाँसो लाग्छ । अहिले परिपक्व भएकी छु । अरूलाई दुःख दिन्नँ ।’ उनलाई पहिलोपल्टै देशको प्रतिनिधित्व गर्ने अवसर पाउँदा स्वर्ण जित्छु भन्ने लागेको थिएन । उनलाई भाग्यले पनि साथ दिएको थियो । उनी १३ औं सागमा त्यही सिलोडको सफलता दोहोऱ्याउने अभियानमा छिन् । यसका लागि उनले दैनिक ८ घण्टासम्म अभ्यास गरेकी छन् । ‘मेरो खेल पहिलाभन्दा राम्रो भएको छ । त्यसैले फेरि स्वर्ण जित्ने कोसिस गर्दै छु,’ लगनखेलस्थित नेपाली सेनाको कभर्डहलमा भेटिएकी उनले भनिन् । उनी भारतीय खेलाडीलाई नै आफ्नो मुख्य प्रतिद्वन्द्वी मान्छिन् । उनले थाउलको नान छ्वान/नान ताओ स्पर्धामा भारतीय खेलाडीलाई पछाडि पार्दै सिलोडमा सफलता हात पारेकी थिइन् । यसपालि पनि त्यही स्पर्धामा चुनौती पस्कँदै छिन् ।

निमा १४ वर्षको छँदै १७ औं एसियाडमा छनोट भएकी थिइन् । तर, अन्तिम समयमा उनको स्पर्धामा खेलाडी नपठाउने निर्णय राष्ट्रिय खेलकुद परिषद्ले गरिदियो । त्यसपछि झन्डै दुई साता स्कुल नै नगएकी उनी घरमै रुँदै बसेकी थिइन् । त्यसको दुई वर्षपछि सागमा पाएको स्वर्णले उनलाई अर्कै तहमा पुऱ्यायो । त्यो च्याम्पियनको स्तरमा रहिरहने चुनौती उनलाई यसपालि आएको छ । ६ वर्षअघि लुम्बिनी च्याम्पियनसिपमा तेस्रो भएयताका सबै घरेलु प्रतियोगितामा पहिलो स्थान हासिल गरेकी उनले १२ औं सागमा स्वर्ण जितेयता तीनपल्ट मात्रै अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेकी छन् ।

Twitter : @rghising

खेलाडी

ध्रुव तुलाधर

श्याम चित्रकार

सधैं गतिशील



> वैकुण्ठ आफ्नो कीर्तिमान नेपाली खेलाडीले नै तोड्नु भन्ने चाहन्छन् ।

‘ओल्ड इज गोल्ड,’ दक्षिण एसियाली खेलकुदमा वैकुण्ठ मानन्धरले स्वर्ण पदक जितेपछि भोलिपल्टको भारतीय दैनिकहरूले लेखे । ‘उमेर ३५, दौड्ने २०’ भन्दै समाचारमा उनको खुबै तारिफ भयो । तन्नेरी धावकले जसरी दौडिएको भनेर चर्चा गरिएको थियो । कोलकाता रंगशालामा ३३ वर्षअघि पाएको वैकुण्ठको त्यो सफलताको चर्चा अहिले पनि उत्तिकै छ ।

जब दक्षिण एसियाली खेलकुद (साग) आउँछ, तब उनको त्यो स्वर्णको कथा कोरिन्छ । तत्कालीन दक्षिण एसियाली महासंघीय (साफ) खेलकुद, अहिले परिवर्तित नाम सागको तेस्रो संस्करण भारतको कोलकातामा भएको थियो । सन् १९८७ मा वैकुण्ठले कोलकातामा रचेको म्याराथनको कीर्तिमान तेजस्वी छ । पहिलो र दोस्रो साफमा स्वर्ण जितिसकेकाले स्वर्णको हचाट्रिक गर्ने पालो थियो । तयारी राम्रो थियो । त्यसले गर्दा टाइमिङ सुधार्नुपर्ने दबाब उत्तिकै थियो उनमा ।

कोलकाता जानुअघि सबैको हौसला र साथ पाएका थिए उनले । तत्कालीन राजा वीरेन्द्रले समेत उनलाई हौसला भरिदिएका थिए । प्रशिक्षणमा विशेष प्राथमिकता गराइदिएको थियो । जर्मन र रसियन प्रशिक्षकको निगरानीमा थिए । वैकुण्ठ सम्झन्छन्, ‘त्यसले मलाई धेरै ऊर्जा दियो । मैले पनि केही गर्नुपर्छ भन्ने अठोट रहचो । त्यो कोलकाताको ट्रयाकमा देखाएँ । तेस्रो स्वर्ण जितें । कीर्तिमान पनि बनेछ । त्यो मेरा लागि एउटा बयान गर्न नसकिने क्षण थियो । कोलकातामै मेरो चर्चा चुलिएको थियो ।’

उनले २ घण्टा १५ मिनेट ०३ सेकेन्डको म्याराथन टाइमिङ निकालेका थिए । दोस्रो साफ (१९८५) मा कायम गरेको भन्दा ७ मिनेट सुधारेका थिए । जबकि २ घण्टा २२ मिनेट ०७ सेकेन्डमा ढाकामा उनले स्वर्ण जितेका थिए । त्यतिबेला नेपालको स्वर्ण जित्नेमा वैकुण्ठ मात्र रहे । लामो दूरीमा नेपाली धावकलाई पहिलो र दोस्रो संस्करणमा कमैले चुनौती दिन्थे । सन् १९८४ को काठमाडौं साफमा २ घण्टा २७ मिनेट ११ सेकेन्डबाट स्वर्ण जित्दा वैकुण्ठलाई चुनौती दिने आफ्नै देशका अर्जुन पण्डित थिए । अर्जुनले २ घण्टा ४२ मिनेट लगाएर रजत जितेका थिए ।

तेस्रोमा भने उनलाई श्रीलंकन धावक समरासिंघेलाई कडा टक्कर दिएका हुन् । वैकुण्ठले सम्झिए, ‘उनी म सँगसँगै दौडिरहेका थिए । उसलाई त कुनै पनि हालतमा जित्छु भन्ने मेरो ध्यान थियो । अन्तिमतिर गति बढाएँ । उनलाई पछाडि पारें ।’ चौथो संस्करण (इस्लामाबाद, १९८९) मा उनै समराले वैकुण्ठलाई पछाडि पार्दै स्वर्ण जिते पनि टाइमिङ (२:१९:४२) मा उछिन्न सकेनन् । त्यसमा वैकुण्ठले कांस्य पदक जिते । उनी चाहन्थे, आफ्नै चेला टीकाबहादुर बोगटीले पदक जितुन् भन्ने तर त्यस्तो भएन । चौथोदेखि आठौंसम्म वैकुण्ठको म्याराथन पथलाई टीका, विसनसिंह राउत, गणेशबहादुर राईले पछ्याएका थिए । कोलम्बो (१९९१) र ढाका (१९९३) मा कांस्यमा चित्त बुझाएका टीकाले मद्रासमा स्वर्ण जिते ।

२० वर्षपछि नेपाली भूमिमा साग आयोजना हुँदै छ । साग पूर्वसन्ध्याले आम खेलकर्मीलाई चटारो छ । त्यही मेसोमा भेटिँदा वैकुण्ठ भने फुर्सदिला देखिए । देशकै लिजेन्ड धावक भए पनि उनी भूमिकाविहीन छन् । ६८ वर्षे वैकुण्ठको दशरथ रंगशालामा धाउनेक्रम रोकिँदैन । बिहान सबैरे आइपुग्छन् । पुनर्निर्माणको अन्तिम चरणमा रहेको रंगशाला फन्का हाल्छन् । साथीभाइ भेट्छन्, चेलाहरूसँग गफिन्छन् अनि कलंकी सुनार गाउँस्थित घर फर्कन्छन् । डेढ दशकअघि मुटुको भल्भ फेरेका उनको कर्म मैदानमा आउन खुट्टा रोकिँदैन ।

भन्डै चारपल्ट वैकुण्ठ रंगशाला पुनर्निर्माण भएको आफैंले देखेका छन् । आठौं साफमा पनि पुनर्निर्माण भएको थियो । त्यसअघि २०३७ साल र २०२८ सालमा पनि पुनर्निर्माण गरिएको थियो । २०२८ सालमा त उनीहरू दौडिएर रंगशाला र कभर्डहलको उद्घाटन गरेका थिए । त्यसैले रंगशालाप्रति उनको मोह अत्यधिक छ ।

१३ औं सागमा तपाईको कुनै भूमिका छैन ? एक छिन उनी अनुत्तरित भए । भने, ‘मलाई कहाँ भूमिका दिन्छन् । मेरो डाह गर्ने धेरै छन् । म छुच्चो छु । मनमा लागेको बोल्छु । त्यो खेलकुदका शासकलाई मन पर्दैन, पच्दैन । म आशा पनि गर्दिनँ । नयाँ पिँढीले पाउनुपर्छ । उचित मान्छेलाई उचित ठाउँ दिइनुपर्छ, तब मात्र खेलकुद विकास हुन्छ ।’

साग उद्घाटनको दिन ओलम्पिक टर्च बाल्न पाउनेमा भने विश्वस्त छन् । ‘ओलम्पियन अनि यही सहरको वासिन्दा भएको नाताले ओलम्पिक टर्च बाल्न पाउनु मेरो अधिकारमा पर्छ,’ चारपल्ट ओलम्पिक खेलेका वैकुण्ठले सुनाए ।

दक्षिण एसियाली खेलकुद नजिकिएसँगै सधैं उनको मनमा भुटभुटी चल्छ । आफ्नो नामको कीर्तिमान अरू कुनै देशका खेलाडीको नाममा नजाओस् । कीर्तिमान नेपालकै धावकको नाममा लेखिएको देख्न चाहन्छन् उनी । सम्भव छ त ? यस किसिमको छोटो तयारीले कीर्तिमान तोड्न गाह्रो हुने उनी ठोकुवा गर्छन् । ‘३-४ महिनाको तयारीले कहाँ पुग्छ ? लामो क्याम्पमा राख्नुपर्छ । त्यो पनि खेलाडीको ट्रेनिङ एज हुन्छ । त्यतिबेला राम्रो प्रशिक्षण पाउनुपर्छ । तब नतिजा त्यहीअनुसार दिन सक्छ । नत्र सम्भव हुँदैन,’ लामो दूरीका धावक तयार पार्न सानै उमेरदेखि हरेक पक्षमा ध्यान दिनसके नेपाली खेलाडीले अन्तर्राष्ट्रिय स्तरमै राम्रो सफलता पाउने उनको बुझाइ छ ।

देशको भौगोलिक बनावटका कारण नेपाली दौडमा सफल हुने वैकुण्ठको अनुभव छ । ‘दौडका लागि हाम्रो ‘जिन’ नै राम्रो छ । अफ्रिकी देशले जस्तै योजना बनाएर अगाडि बढ्नुपर्छ । तब मात्र हामी धावकहरूले भरिएको देश हुन सक्छौं,’ उनी भन्छन्, ‘नीलेन्द्रराज श्रेष्ठले ल्याएको सहर म्याराथनको अवधारणामा जान सके त्यसले खेलाडी र देशको आर्थिक र सांस्कृतिक पक्षको पनि विकास हुन्छ ।’

सागमा लगातार तीन स्वर्ण जित्नुको रहस्य के थियो त ? खेलाडीमा हुनुपर्ने गुण थियो, ‘अनुशासन, मिहिनेत र देशप्रति समर्पण ।’ यिनै कुराले उनको खेलाडी जीवनलाई बाँधिरहचो । आफ्नो खेलप्रति कुनै पनि समय विचलित भएनन् । अनि अर्को उनलाई तत्कालीन शासकहरूको बलियो साथ रहचो । राजा वीरेन्द्रले समेत उनको ट्रेनिङबारे चासो राख्थे अनि हौसला भर्थे रे । त्यसले उनलाई राम्रो गर्न प्रेरित गरिरहचो । भन्छन्, ‘जहिल्यै मैले केही गरेर देखाउनुपर्छ भन्ने लागिरहन्थ्यो ।’

दोस्रो साफमा स्वर्ण जितेपछि प्रबल गोर्खा दक्षिणबाहु पाए भने तेस्रो जितेपछि विख्यात त्रिशक्तिपट्ट थापे । उनले राजदरबारमा पदक थाप्न जाँदाको एउटा घटना सुनाए, ‘राजा (वीरेन्द्र) ले विशिष्ट श्रेणीमा पर्ने पदक दिन चाहेका रहेछन् । परिषद्बाट सिफारिस अर्कैमा गएछ । अनि मलाई राजाले छुट्टै बोलाएर भने– तिमी देशकै ठूलो सम्पत्ति हौं । देशको नाम फैलायौं । भन तिमीलाई के आवश्यक छ, के गर्नुपर्छ ? खेलाडीका लागि धेरै सुविधा छैन ।’ मैले भनें, ‘सरकार, ठीक छ । मलाई मात्र गरेर हुँदैन । अरू धेरै खेलाडी छन् । मेरोभन्दा कमजोर स्थिति भएकालाई हेर्नुपर्छ ।’ राजाले ‘हुन्छ’ भने । मलाई १० हजार रुपैयाँ दिए । त्यतिबेला पदक मात्र दिने चलन थियो । मलाई पैसा लिनु कि नलिनुजस्तो भयो । तर लिएँ । योगदानको कदर गरिएको हो भन्ने लाग्यो । त्यो जमानामा १० हजार ठूलो रकम थियो ।’

twitter : @tuladhardhurba

सुरुमै सुक्खा

प्रमोसनमा लाखौं खर्च गरिएका 'स्टार' का फिल्मसमेत रिलिजको पहिलो दिनबाटै दर्शकविहीन हुन थालेका छन् । नेपाली फिल्मप्रति यतिबिघ्न वितृष्णा किन ?

फिल्म



गोकर्ण गौतम

सिटी सेन्टरस्थित बिग मुभिज् पुग्दा बिहानको ९ बज्न केही मिनेट मात्र बाँकी थियो । हत्तारिँदै काउन्टर पुगेर 'च च हुई' को टिकट मागें । टिकट विक्रेता युवतीले कम्प्युटरको स्क्रिन मतिर फर्काइदिइन्, सिट जति सबै हरियो । अर्थात् एउटै टिकट बिकेको रहेनछ, नत्र रातो हुन्थ्यो । चार-पाँच जना मात्र दर्शक आए भने हलले फर्काउने गर्छ, त्यही भएर सोधें, 'अरू आउँदै नआएका कि आएर फर्काउनुभएको ?' उनले हल्का मुस्कानसहित जवाफ दिइन्, 'नाइँ, सोध्न आउनुभएकै तपाई मात्र हो ।'

यो हो, 'च च हुई' रिलिजको पहिलो दिन अर्थात् मंसिर ६ गतेको कुरा ।

आफूलाई समीक्षा लेख्नुपर्ने, बिग मुभिजबाहेक क्यूएफएक्ससहित अन्त कुनै मल्टिप्लेक्समा बिहानको शो थिएन । तर पहिलो शो नै क्यान्सिल ! यसको बजेट २ करोड रुपैयाँ भनिएको छ । विदेशमा समेत सुटिङ गरिएको, चकलेटी हिरो आर्यन सिग्देलको अभिनय । प्रमोसनमा कलाकारले प्रशस्त समय दिएका । निर्माताले दिल खोलेर खर्च गरेका । त्यस हिसाबले पनि कम्तीमा प्रदर्शनको पहिलो दिन नै हलमा यसरी खडेरी लाग्नु नपर्ने । म यस्तै ठान्यें/ठान्छु तर दर्शकले 'बाल' नदिएपछि कसको के लाग्छ ? 'बिहानीले दिनको संकेत गर्छ' भनेझैं त्यसपछि पनि फिल्मको व्यापार उकासिन सकेन ।

स्टारडम भएका भनिएका निश्चल बस्नेत र स्वस्तिमा खड्का अभिनीत फिल्म 'घामड शेरे' ले पनि करिब यस्तै दुर्दशा भोग्यो । सुरुमा कात्तिक ८ गते रिलिज हुने तय थियो । अन्तिम समयमा सर्‍यो । मल्टिप्लेक्समा पर्याप्त शो नपाएकाले आपनिङमा असर पर्ने भन्दै दुई साता फिल्म सारियो । सरेपछि सो राम्रै पायो तर पहिलो दिनबाटै दर्शकको अभाव सामना गर्नुपर्‍यो । सुरुआती तीन दिनमा दुई करोड बराबरको ग्रस कलेक्सन गर्ने आशा थियो निर्माण पक्षको तर कुल व्यापार नै यसको एक तिहाई पुग्न मुस्किल भयो । जबकि यस फिल्मको 'साली मन पर्‍यो...' गीत लोकप्रिय भएको थियो । तैपनी दर्शक हलमा तानिएनन् ।

'च च हुई' कै निर्देशक साम्तेन भुटियाको 'साढे सात', सुदर्शन थापाको 'चंखे शंखे पखें' लगायतका फिल्मको 'फस्ट डे फस्ट शो' नै रद्द भएर फर्केको तम्तमाइलो अनुभव छ, मसँग । तर आफ्नो फिल्मप्रति दर्शकको विरक्तिप्रति अधिकांश निर्माता-निर्देशकमा चिन्ता देखिन्न । जस्तो : दसैंमा अशोक शर्माले बडो तामझामका साथ आफैंले भनेको दिन 'रातो टीका निधारमा' रिलिज गरे । हलमा बडिगार्डसहित पुग्ने हिरोइन साम्राज्ञीको मुख्य भूमिका थियो । तर, कसैको केही जोर चलेन, पहिलो दिनबाटै सुक्खा लाग्यो । खासमा फिल्ममा त्यस्तो उल्लेख्य केही गुण थिएन, जसले दर्शकलाई तानोस् । शर्माको धुन भने अर्कै । कमजोरबोध त कता हो कता, उल्टै उपयुक्त रिलिज मिति नछानेकाले व्यापार बिग्रिएको जिकिर गरे ।

शर्मा मात्र होइन, हाम्रा बहुसंख्यक फिल्ममेकर आफूलाई चोख्याउन खोज्छन् । दोष अरूलाई थोपार्छन् । दर्शकले नबुझेको । हलले शो नदिएको । पानी परेको, घाम चर्किएको । मिडियाले समीक्षा लेखेर डुबाइदिएको आदि आदि... । बहानाको कुनै कमी छैन ।

मैले नेपाली फिल्म, फिल्ममेकर, दर्शकको रोजाइ/मनोविज्ञान, फिल्मको गुणात्मक पक्ष, व्यापारिक यथार्थलाई नजिकबाट नियालेको ९ वर्ष हुनै लागेछ । यस अवधिमा फिल्मको बजेट बढ्यो । कलाकारको पारिश्रमिक बढ्यो । मल्टिप्लेक्स बढे । फिल्ममेकर बढे तर सोही अनुपातमा न व्यापार बढ्यो, न त सिर्जनशीलता । व्यापारमा 'छक्का-पञ्जा' सिरिज अपवाद भएजस्तै सुन्दर सिनेमा निर्माणको हकमा 'कालो पोथी', 'सेतो सूर्य' अपवाद हुन् ।

नत्र वर्षमा ९० को हाराहारीमा फिल्म रिलिज हुनु, मुस्किलले ५ हिट हुनु, अरू ४-५ रोनाधोना र रोमान्सबाट मूलरूपमा नेपाली फिल्म माथि उठ्न सकेको छैन । त्यसमाथि अलि गाँठवाला निर्माता छ भने विदेश पुगेर, त्यति नभए नेपालकै हिमालमा भए पनि गीत खिच्ने लहड छ । फिल्ममा त्यसको सान्दर्भिकताको मतलबै छैन, सिर्फ चमकधमक देखाउन पाए पुग्यो ।

पहिले पनि फिल्म फ्लप हुन्थे तर कम्तीमा सुरुआती दिनमा चल्थे । स्टार वा प्रमोसनको भूमिका हुन्थ्यो त्यसमा । अहिले व्यापार पूरापूर सखाप हुन थाल्यो । पहिले फिल्म फ्लप हुँदा पोस्टरको पैसा उठाएन भनिन्थ्यो । अहिले निर्माताहरू आफैं हँसिमजाक गर्न थाल्या छन्, 'पोस्टर टाँस्ने माडकै पैसा उठाएन ।' त्यो पनि अरू होइन, कथित 'स्टार' भनिएकाहरूकै फिल्म बक्सअफिसमा घुँडा टेकिरहेका छन् । सहरिया युवा पुस्तामा नम्रता श्रेष्ठको क्रेज छ भनिन्छ । नम्रताले आफ्नै लगानीमा फिल्म बनाइन्, 'जाइरा' । एक्सन भूमिकामा थिइन्, प्रमोसनमा देश दौडाहा गरिन् । फिल्मको बजेट अढाई करोड नाघ्यो तर ओपनिङमा दर्शकविहीन बन्नुपर्‍यो । हेरेर होइन, नहेरेरै दर्शकले 'रिजेक्ट' गरे । सामाजिक सञ्जालमा पछ्याउन् र हलसम्म पुगेर फिल्म हेर्नु, अलग रहेछ । चकलेटी हिरो सलिनमान बनियाँको 'यात्रा' पनि यस्तै विडम्बनाको सिकार भएको थियो ।

आखिर नेपाली फिल्मप्रति आमदर्शकमा यतिबिघ्न वितृष्णा किन ? बेलामौकामा फिल्मकर्मी र मिडियालाई घोचपेच गर्न माहिर निर्माता/कलाकार दीपकराज गिरीसँग यसको जवाफ रहेछ, 'हामी नेपाली फिल्ममेकरले विश्वसनीयता गुमाएका छौं । ९० प्रतिशत नेपाली फिल्म हेर्नु भनेको 'टर्चर' हो । म आफैं प्रिमियरमा तनाव खेपेर फिल्म हेर्छु, बाहिर निस्केर राम्रो भन्नुपर्छ । तर दर्शकले पैसा तिरेर किन तनाव लिने ?' उनलाई लाग्छ– फिल्ममेकरभन्दा दर्शक बाठा भइसके, प्रमोसनमा फन्डा गरेर, स्टारकास्ट राखेर अब हलमा चाप हुँदैन । दर्शकले यो सब झूट हो भन्ने बुझिसके ।

'निश्चल-स्वस्तिमालाई समेत दर्शकले सुरुकै दिन रिजेक्ट गरे । युटचुबमा अपलोड गरिएका प्रचारात्मक कन्टेन्टलाई पनि वास्ता गरिन्न । त्यही कलाकारको अन्तरवार्ताले युटचुबमा लाखौं भ्युज पाउँछ, फेसबुक-इन्स्टाग्राममा हजारौं लाइक्स पाउँछ,' गिरी अगाडि थप्छन्, 'तर तिनै कलाकारको फिल्मचाहिँ सुपरफ्लप हुन्छ । अब त बुझ्नुपर्‍यो नि, दर्शक मनोरञ्जनको ग्यारेन्टी भए मात्र हल जान्छन्, कलाकार हेर्न जाँदैनन् ।' यो सत्य कुरा हो तर दुर्भाग्यचाहिँ, हाम्रा फिल्मकर्मी आफ्नो फिल्म हेर्न हलमा कति दर्शक आइरहेका छन् भनेर होइन, मेरो कति 'फलोअर्स' छन् भनेर फुरुङ्ग छन् । 'पब्लिक क्रेज' ले नै दर्शक तान्ने हो भने अहिले पनि राजेश हमाल जत्तिको फचान फलोइङ कसको होला र ?

> दीपकराज गिरी भन्छन्, 'चलेका कलाकारको फिल्म किन सुपरफ्लप हुन्छ । अब त बुझ्नुपर्‍यो नि, दर्शक मनोरञ्जनको ग्यारेन्टी भए मात्र हल जान्छन्, कलाकार हेर्न जाँदैनन् ।'

गिरीलाई पत्याउने हो भने दर्शकहरू 'ब्रान्ड' रोज्न थालेका छन् । त्यो भनेको अहिलेको हकमा, 'छक्का-पञ्जा' सिरिज बनाएको गिरीकै टिम, 'जात्रा' र 'जात्रै-जात्रा' बनाएको रवीन्द्रसिंह बानियाँ-प्रदीप भट्टराईको टिम अनि 'कबड्डी' सिरिजको रामबाबु गुरुङ-दयाहाङ राईको टिम । उनी स्विकार्छन्, 'हाम्रो पनि एउटा फिल्मले निराश बनायो भने अर्को हेर्न दर्शक आउँदैनन्, हामी डेन्जरजोनमा जान्छौं ।'

प्रमोसनका क्रममा अनेक फुर्ती लगाउने, आशा देखाउने तर फिल्मचाहिँ फिक्का हुने प्रवृत्तिकै कारण हुनुपर्छ, 'नेपाली फिल्मलाई माया गरिदिनुस्' भनेर गरिने याचनालाई समेत दर्शकले हल्का ढंगले लिन थालेका छन् । लुट, कबड्डीपछि बल्लतल्ल बनेको नेपाली डायस्पोरासमेत भद्रगोल भएको छ । विदेशमा फिल्म जान्छ, कलाकार जान्छन् तर दर्शक आउँदैनन् । नेपाली बस्ने देशहरूमा नेपाली फिल्मको बजार विस्तार गर्न कम्मर कसेर लागिपरेको हाइलाइटस् नेपालले पनि हार मानिसकेको प्रतीत हुन्छ ।

निर्माताका लागि नेपाली फिल्मवृत्तमा 'मुर्गा', 'भेडा' जस्ता शब्द खुब चल्ती छ, उहिल्यैबाट । 'मुर्गा' को मुहार र फसाउने तरिका फरक भयो होला तर प्रवृत्ति उस्तै छ । गिरीका अनुसार निर्देशकले पटकथा अब्बल बनाउन होइन, निर्माता फसाउन ज्यादा तनमन खर्चन्छन्, निर्माताचाहिँ कथा सुनेर अनेक लोभमा बुझ्दै नबुझी पैसा खन्याउँछन् । यस्तै पटके निर्माताका फिल्मलाई दर्शकले बेवास्ता गरिरहने गर्छन् । उनी दोह्रोच्याउँछन्, 'अब व्यानर र ब्रान्ड हेरेरै दर्शक हलमा पुग्छन् ।'

गिरीको भन्दा ठ्याक्कै विपरीत विश्लेषण छन्, नेपाली फिल्मको बजारका बारेमा जानकार मानिएका निर्देशक/वितरक प्रचण्डमान श्रेष्ठको । 'यो वर्ष जति पनि फिल्म चले, ती फिल्म हेर्नेमध्ये ६०-७० प्रतिशत दर्शकमा नकारात्मक छाप पर्‍यो,' वितरण कम्पनी स्टेसन फाइभका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठ भन्छन्, 'वर्षको हिट फिल्म भनेर हल्ला गरियो तर ती फिल्मले कतिलाई निराश बनायो, लेखाजोखा छैन । अहिले त्यही निराशाको परिणाम देखापर्दै छ ।' नाम नलिए पनि उनले संकेत गरेका फिल्महरू 'जात्रै-जात्रा', 'कबड्डी ३' र 'छ माया छपक्कै' हो भनेर बुझ्न गाह्रो छैन ।

पाँच-सात जना कलाकार, उस्तै कमेडी र संवादले नेपाली फिल्मप्रति वितृष्णा जागेको छ । 'त्यसो नहुँदो हो त किन नेपालभर तीन-चार लाख ग्रस हुँदैन ? केडीएम चार्ज र हल सञ्चालन खर्चै उठ्दैन,' श्रेष्ठ भन्छन्, 'यसलाई चिर्न 'लुट' जस्तै चेन्जमेकर फिल्म आउनैपर्छ । छलाङ चाहिएको छ । त्यस्तो फिल्म नआइन्जेल व्यापार अझ डामाडोल हुन्छ ।'

तर दुःखको कुराचाहिं, उनले भनेजस्तो 'पाराडाइम सिफ्ट' गर्ने सिनेमा बन्ने सम्भावना तत्काल देखिएको छैन ।

फोकस आउट

दीपक केसी

के हो यस्तो ?

स्वयम्भूका बाँदर ! काठमाडौंवासीका लागि यो भनाइको अर्थ चकचक र अनेक हर्कत गर्ने भन्ने लाग्छ । समाजमा यस्ता विम्ब र वाक्यहरू लामो समयको अभ्यास र मूल्यांकनबाट बन्ने गर्छन् । तैपनि, यी सबैले सधैं उस्तै अर्थ बोक्दैनन् । यही फोटोलाई हेर्नुस् ! दुई सातापहिले स्वयम्भूमा खिचिएको यो फोटोमा बाँदरले मानिसको हरकतलाई ध्यान दिएर हेरिरहेको छ । मानिसलाई बरु बाँदरको नजरबारे थाहा भएजस्तो लाग्दैन !

बसिबियाँलो

वात्स्यायन

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २७९ विराटनगर | १४ मंसिर २०७६ शनिबार मार्ग शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 30, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

ग्रान्ड रिहर्सल | १३औं दक्षिण एसियाली खेलकुद (साग) को उद्घाटन समारोहका लागि दशरथ रंगशालामा शुक्रबार साँझ 'ग्रान्ड रिहर्सल' का क्रममा मार्चपास र आतिसबाजी गरिँदै । सागको उद्घाटन आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन् । *तस्बिर : हेमन्त श्रेष्ठ र दीपक केसी/कान्तिपुर*

६ वर्षमा ५.६७ क्विन्टल सुन बरामद

■ **मातृका दाहाल** (काठमाडौं)



डकडबाट आएका दुई चिनियाँ नागरिक चेन होङयाङ र चेन क्विनहाङ ८ केजी सुनसहित विहीबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परे । जहाजबाट बाहिरिने क्रममा भन्सार र प्रहरीको टोलीले उनीहरूलाई पक्रिएको थियो । चीनको फुजियान प्रान्तका दुवै जना भरिया रहेको प्रहरीको आशंका छ । शुक्रबार पनि तिब्बत एयरबाट आइपुगेका चिनियाँ नागरिक सा लुतुई एक किलो सुनसहित त्रिभुवन विमानस्थलमा पक्राउ परेका छन् ।

गत साउन १९ गते हडकडबाटै आएका चिनियाँ नागरिक ली निङसिङ ४ केजीसहित विमानस्थलबाटै समातिए । उनी पनि तस्करका भरिया नै रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । त्यसको १० दिनअघि गोरखाको धार्चे गाउँपालिका-३ खोर्लाबेसी नजिकैको ओडारमा १६ केजी सुन फेला पऱ्यो । बरामद सुन गोरखाकै तिब्बती सीमा चुमनुब्री गाउँपालिकाको छेकम्पारस्थित डुइला नाकाबाट भित्रिएको अनुसन्धानले देखायो ।

अवैध रूपमा नेपाल भित्र्याइएको सुन बरामद गरिएका यी पछिल्ला घटना हुन् । जसबाट तस्करले विभिन्न शैली र बाटो अपनाउँदै सुन भित्र्याउने क्रम चलिरहेको देखिन्छ । प्रहरीले प्रायः भरिया मात्र समात्ने र मुख्य कारोबारी पत्ता नलगाउने हुनाले पनि तस्करी निरन्तर भइरहेको आकलन गरिएको छ । गत चैत २० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रहरीले थाइल्यान्डबाट आएका ५ भारतीयलाई ६ केजी सुनसहित पक्राउ गरेको थियो । ०७४ असोज ४ गते रसुवागढी/केरुङ नाका हुँदै भित्रिएको ८८ केजी सुन क्षेत्रपाटीबाट बरामद भयो । यी घटनाका मुख्य कारोबारी पत्ता लागेका छैनन् ।

प्रहरीका अनुसार ०७१ मा १ सय ११ केजी, ०७२ मा ६८ केजी, ०७३ मा ९१ केजी, ०७४ मा १ सय ७९ केजी, ०७५ मा ८९ केजी र चालु आवको ८ महिनामा २९ केजी तस्करीको सुन बरामद भएको छ । प्रहरीका अनुसार ६ वर्षको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग जोडिएका नाकाबाट ५ सय ६७ केजी सुन बरामद भएको छ, जुन अहिलेको दरअनुसार करिब ३ अर्ब ५० करोड रुपैयाँ मूल्य बराबरको हो । तस्करीमा संलग्न ४ सय ५५ जना नेपाली र विदेशी नागरिक पक्राउ परेका छन् । पक्राउ परेका केहीबाहेक अधिकांश भरिया रहेको प्रहरी अधिकारीले बताएका छन् । चीन, भारत, नेपाल, दुबई, हडकङ, सिंगापुर, थाइल्यान्डलगायत मुलुकमा बसेर सुन अवैध रूपमा ओहोरदोहोर गराउने गिरोह सक्रिय रहे पनि निस्तेज पार्न सरकारले सकेको छैन ।

यसबीचमा सुन तस्करलाई ओसारपसारमा सहयोग गरेको अभियोगमा नेपाल प्रहरीका एसएसपीद्वय रविराज श्रेष्ठ र श्याम खत्री लगायतसमेत पक्राउ परे । सशस्त्र प्रहरीका तत्कालीन डीएसपी हर्क पन्त भन्सार छली र सुन तस्करसँग मिलेको अभियोगमा तातोपानीबाटै पक्राउ परे । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भुजुङ गुरुङ पनि पक्राउ परे ।

पूर्वडीआईजी हेमन्त मल्ल नेपालमा तस्करीको सुन ९० प्रतिशत चीनबाट आउने गरेको बताउँछन् । 'तस्करले नेपाललाई ट्रान्जिट बनाएर सुन ओसारपसार गरिरहेका छन्, त्यसलाई नियन्त्रण गर्न सरकारले विद्युतीय उपकरणको प्रयोग बढाउनुपर्छ,' उनले भने, 'विमानस्थलसहित सबै नाकामा सुन, लागूऔषध र मुद्रा पहिचान गर्न सक्ने उपकरण जडान गरियो भने धेरै हदसम्म तस्करी रोक्न सकिन्छ ।'

नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग सीमा जोडिएका स्थल नाकाबाट सुन तस्करी हुँदै आएको छ । भारतसँग मानव आवतजावत गर्न मिल्ने ७३ नाका/चेकप्वाइन्टमा सरकारको उपस्थिति छैन । चीनसँग सीमानाका जोडिएका डेढ दर्जन चेकप्वाइन्टमा पनि सरकारको संयन्त्र पुगेको छैन ।

बाँकी पृष्ठ १३

यसरी सुरु हुँदै छ १३औं साग

■ **विनोद पाण्डे** (काठमाडौं)

दशरथ रंगशाला यतिबेला दुहली घरजस्तै भएको छ । पुनर्निर्माणले रूप फेरिएको रंगशाला धपक्क बलेको छ । चारैतर्फ प्यारापिटमा छानो हालिएको छ । रंगीविरंगी कुर्सी, अनि मैदानको हरियो दुबोमा फ्लडलाइटको प्रकाश छरिँदा यो हाम्रै देशको रंगशाला हो भन्न पाउँदा पनि आनन्द लाग्छ । हो, यही रंगशालामा आइतबार भव्य समारोह हुनेछ- दक्षिण एसियाली खेलकुद १३औं संस्करणको उद्घाटन ।

'नेपाली मौलिकता प्रस्तुत हुनेछ । प्रकृति र संस्कृतिको धनी देश भनेर चिनाउनेछौं,' समारोह समितिका निर्देशक कुलबहादुर थापाले भने, 'हेरौं-हेरौं लाग्ने बनाएका छौं उद्घाटन समारोह ।' बाँकी पृष्ठ १५

उपनिर्वाचन आज

प्रतिनिधिसभाको १, प्रदेशसभाको ३ र स्थानीय तहका रिक्त ४८ समेत ५२ पदका लागि मतदान

१६ हजार २ सय १९ नयाँ मतदाता, परिचयपत्र नहुनेलाई विकल्प

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त पदका लागि शनिबार उपनिर्वाचन हुँदै छ । निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको र बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने जनाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उपनिर्वाचनका लागि सुरक्षा व्यवस्था मजबुत बनाइएकाले निर्भीक भएर मतदानमा सहभागी हुन मतदातालाई आह्वान गरेका छन् ।

प्रतिनिधिसभाको रिक्त रहेको कास्की-२, प्रदेशसभाको भक्तपुर १(१), बागलुङ २(२), दाङ ३(२) मा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनमा जसले जिते पनि प्रतिनिधिसभा वा प्रदेशसभामा रहेको दलीय उपस्थितिमा ठूलो प्रभाव पार्ने छैन । स्थानीय तहतर्फ सुनसरीको धरान उपमहानगरमा प्रमुख, संखुवासभाको मकालु, पाँचथरको फालगुनन्द र महोत्तरीको पिपरा गाउँपालिकामा अध्यक्ष पदको निर्वाचन हुन लागेको हो । हुम्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिका एवं गाउँपालिकाका रिक्त ४३ वडाध्यक्ष पदका लागि समेत उपनिर्वाचन हुँदै छ । स्थानीय तहतर्फ नगरप्रमुख, अध्यक्ष तथा वडाध्यक्ष कार्यकारी पद भएकाले त्यसको जितहारले स्थानीय सरकारमा सम्बन्धित राजनीतिक दलको भूमिका थपघट हुनेछ ।

प्रतिनिधिसभातर्फ कास्की क्षेत्र नं. २ बाट निर्वाचित तत्कालीन एमाले नेता पर्यटनमन्त्री रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । कास्की-२ मा ११ राजनीतिक दलले चुनावमा भाग लिएका छन् ।

बाँकी पृष्ठ १३

स्थानीय तह साहसिक खेलकुद गराउन आतुर

तेह्रथुम (कास)- तेह्रथुम, संखुवासभा र ताप्लेजुङका स्थानीय तहले सन् २०२० सरकारले मनाउने तयारी भइरहेको भ्रमण वर्ष अवसरमा स्थानीयस्तरमा साहसिक खेलकुद प्रतियोगिता आयोजना गर्न आतुर देखिएका छन् ।

स्थानीय स्तरमा प्रतियोगिता आयोजना गर्दा पहाडमा समेत खेल पर्यटनको विकास हुने भन्दै तीनै जिल्लाका स्थानीय तहले प्रदेश र केन्द्र सरकारसँग माग गरेका छन् । गत वर्ष राष्ट्रिय खेलकुद परिषद्ले प्रदेशमा साहसिक खेलकुदको सम्भाव्यता अध्ययन गरेको थियो । यी जिल्लाका माथिल्लो क्षेत्रमा प्रतियोगिता आयोजना गर्न सके भारतको विहार, सिलगुढी, कोलकाता, चीन र बंगलादेशसमेतका साहसिक खेलाडीलाई नेपाल भित्र्याउन सकिने संखुवासभाको मादी नगरपालिकाका प्रमुख विदुरकुमार लिङथेपले बताए ।

यस्ता प्रतियोगिता आयोजना गर्दा भ्रमण वर्षको लक्ष्य भेटाउनसमेत सहयोग पुग्ने उनको भनाई छ । नेपाल पर्वतीय खेलकुद महासंघ समेतको संलग्नतामा परिषदले प्रदेशका सबै जिल्ला पुगेर सम्भाव्यता अध्ययन गरेका स्थानमा कुनै न कुनै प्रतियोगिता आयोजना गर्दा पर्यटकीय स्थानको प्रचार-प्रचार हुने जनप्रतिनिधिको भनाई छ ।

तीनै जिल्लाका जनप्रतिनिधिको टोलीले प्रदेशका पर्यटनमन्त्री जगदीश कुसियतलाई भेटेर यसबारे जानकारी गराएका छन् । संखुवासभाको माथिल्लो क्षेत्रलगायत स्थानमा साहसिक खेलुकद प्रतियोगिता आयोजना गर्न माग गरिएको मादी नगर प्रमुख लिङथेपले बताए । प्रदेश १ का पहाडी जिल्लामा साहसिक खेल पर्यटनको राम्रो सम्भावना भएकाले राष्ट्रिय खेलकुद परिषद्ले पनि प्रतियोगिता आयोजना गर्नेबारे तयारी गरीरहेको परिषद्का उपाध्यक्ष पीताम्बर तिम्सिनाले बताए ।

परिषद्, पर्वतीय खेलकुद महासंघ, अखिल नेपाल फुटबल संघ (एन्फा) लगायतका खेलकुद सम्बद्ध संघ संस्थाले गत वर्ष प्रदेशका साहसिक खेल खेलाउन सकिने स्थानको खोजी गरेका थिए । पूर्वी तराई, भारत र बंगलादेशसमेतका साहसिक खेलाडीलाई लक्षित गरी स्थानसमेत छनोट गरिसकिएको पर्वतीय खेलकुद महासंघका अध्यक्ष गोविन्द भट्टराईले बताए । प्रदेशका १४ वटै जिल्लामा प्यारागलाइडिङ, रकक्लाइबिङ, गल्फ, च्याफ् टिङ, साइक्लिनिङ, प्यारागलाडिङ, पर्वतारोहण, स्पोट क्लाइम्बिङ, रक क्लाइम्बिङ, क्रस कन्ट्री रनिङ, अल्ट्रा रनिङ, हक्कीलगायतका साहसिक खेलकुद प्रतियोगिता बाह्रै महिना सञ्चालन गरेर पर्यटक आकर्षित गर्न सकीने अवस्था रहेको राखेप उपाध्यक्ष तिम्सिनाले बताए ।

छोटकरी

दुर्घटनामा २ को मृत्यु

धनकुटा (कास)- धनकुटा नगरपालिका १ हिलेमा शुक्रबार ट्याक्टर दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । सिधुवाबाट हिलेतर्फ काठका गोलिया बोकेर आउँदै गरेको को१ज ८७२१ नम्बर ट्रयाक्टर हिलेको होराइजन होटलनजिक दुर्घटना हुँदा चालक ४५ वर्षीय राजकुमार सिजाली मगर र सहचालक २८ वर्षीय दलबहादुर सिजाली मगरको मृत्यु भएको प्रहरीले जनाएको छ ।

हात्ती आक्रमणमा मृत्यु

बिर्तामोड (कास)- जंगली हात्तीको आक्रमणमा परी झापाको कचनकवल गाउँपालिकाका ५५ वर्षीय काया राय क्षेत्रीको मृत्यु भएको छ । उनी पाथीभरा सामुदायिक वनमा कार्यरत रहेको प्रहरीले जनाएको छ । वन क्षेत्रबाट आएको जंगली हात्तीले क्षत्रीलाई कार्यालय भवननजिकै आक्रमण गरेको थियो । उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो ।

कागजमा जग्गैजग्गा, फिल्डमा भेटिँदैन

जग्गा कहाँ छ, कसले उपभोग गर्दै छ पत्तो छैन । स्रेस्तामा भने विद्यालयको नाममा जग्गा उल्लेख छ ।

विद्यालयको ५९ बिघा १९ धुरमध्ये पहिचान भएको २ बिघा ११ कट्ठा जमिन देखाउँदै विद्यालय व्यवस्थापन समिति अध्यक्ष सुनील पौडेल र प्राचार्य टंक सिटौला । *तस्विर : विनोद/कान्तिपुर*

■ **विनोद भण्डारी** (विराटनगर)

मोरङको बुढीगंगा गाउँपालिका वडा ६ र ७ को श्रेस्तामा महानगरपालिका ४ मा रहेको गोग्राहा उच्च माध्यमिक विद्यालयको ५९ बिघा १९ धुर जमिन छ । तर, विद्यालय व्यवस्थापन समिति र प्रशासनलाई त्यो जग्गा कहाँ पर्छ भन्ने थाहा छैन । जमिनबाट हरेक वर्ष हुने आम्दानी कसले उपभोग गर्दै छ भन्ने पत्तो छैन । गोग्राहाका व्यवस्थापन समितिका अध्यक्ष सुनील पौडेल र प्राचार्य टंक सिटौलाले बुधवार दुईवटै वडा कार्यालय पुगेर विद्यालयको जमिनको श्रेस्ता भिडाए । वडा ६ को श्रेस्तामा विद्यालयको नाममा २३ बिघा र वडा नं ७ को श्रेस्तामा ३६ बिघा १९ धुर जमिन उल्लेख भएको भेट्टाए तर उक्त जमिन कहाँ पर्छ पत्तै लगाउन सकेनन् ।

वडा नम्बर ७ को एउटै कित्ता नं ३ 'ख' ७० मा विद्यालयको नाममा २५ बिघा १५ कठ्ठा १० धुर भएको श्रेस्तामा देखिएपछि वडा प्रमुख मुरारीलाल विश्वास छक्क परे । एउटै कित्ता नम्बरमा झन्डै १६ बिघा जमिन विद्यालयको नाममा देखियो । उनले भने, 'यो थौरै जमिन होइन तर कहाँ छ । कसले उपभोग गरेको भन्न सकिने अवस्था छैन ।' विश्वासले सार्वजनिक संस्थाको जमिन खोजी गर्न वडा कार्यालयले विद्यालयलाई सहयोग गर्ने बताए ।

तत्कालीन सिसवनी बडरा गाविस हाल बुढीगंगा ७ का स्थानीय अक्षयलाल तब्दार तत्कालीन मोरङ जिल्ला पञ्चायतका सभापति हुँदा त्यहाँको ऐलानी जमिन ५९ बिघा १९ धुर यो विद्यालयको नाममा दर्ता भएको अभिलेख विद्यालयसँग छ । प्रचार्य सिटौलाले भने विद्यालयले उक्त जमिनको आम्दानी अहिलेसम्म हात पार्न सकेको छैन । 'आम्दानीको के कुरा गर्ने ?' उनले भने, 'जमिन नै कहाँ छ विद्यालयलाई थाहा छैन । विद्यालयसँग जमिनको धनीपुर्जा पनि छैन र हाल सम्म मालपोतसमेत तिरेको पाईदैन ।'

विद्यालयको नाममा मोरङको तत्कालीन सिसवनी बडरा गाविस हालको बुढीगंगा गाउँपालिकाको वडा नं ६ र ७ मा ५९ बिघा १९ धुर जमिन भएको पुष्टिसम्म भयो । प्राचार्य सिटौलाले भने ,'तर विद्यालयले अहिलेसम्म त्यो जमिनको आम्दानी हात पार्न सकेको छैन । विद्यालयसँग जमिनको धनीपुर्जा छ । जमिन कहाँ पर्छ विद्यालय प्रशासन अनविज्ञ छ ।' विद्यालयको नाममा रहेको भौतिक सम्पत्तिको खोजी अहिलेसम्मका विद्यालय व्यवस्थापन समितिले गरेको पाईदैन । संघीय संरचना लागू हुनु पहिला सामुदायिक विद्यालयको भौतिक सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको थियो । विद्यालय स्रोतका अनुसार उक्त जमिनको खोजी र संरक्षण गर्न कुनै पनि प्रमुख जिल्ला अधिकारीले चासो देखाएनन् । अहिले सामुदायिक विद्यालयको भौतिक सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी संघीय संरचनाले स्थानीय तहलाई सुम्पिएको छ ।

गोग्राहा माध्यमिक विद्यालयको नाममा बुढीगंगा ६ मा प्रसस्त जमिन भए पनि विद्यालयले भोग चलन गर्न नपाएको आफूलाई जानकारी नभएको वडा ६ का अध्यक्ष दिलीप चौधरीको भनाइ छ । यहाँका स्थानीयले जग्गामा खेती गर्दै आएका छन् । उनीहरूले विद्यालयलाई ठेक्का दिए नदिएको आफूलाई जानकारी छैन । उनले भने विद्यालय जमिन खोज्दै आए खोजी गर्न आफ्नो सहयोग रहनेछ ।

यो विद्यालय जग्गा जमिन बढी हुनेमा जिल्लाकै पहिलो विद्यालयको नामले चिनिन्छ । विद्यालयले दैनिक प्रशासनिक कार्यबाहेक अन्य कुनै भौतिक पूर्वाधार विस्तार, पुस्तकालय निर्माण, खानेपानीको व्यवस्था गर्नुपर्दा दातृ निकायको मुख ताक्नुको विकल्प छैन । विद्यालयमा हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन । उनीहरूलाई स्वच्छ पिउने पानीको व्यवस्था छैन । विद्यालयमा पुस्तकालय र सभाहलको व्यवस्था छैन ।

त्यसबाहेक विराटनगर ४ मा साढे आठ कठ्ठा जमिन छ । त्यसमा भौतिक पूर्वाधार विस्तार गरिएको छ । त्यही रहेका सातवटा सटर भाडाबाट विद्यालयले मासिक ७० हजार आम्दानी गर्दै आवश्यक आर्थिक गर्जो टार्दै आएको छ ।

विद्यालयको नाममा बुढीगंगा वडा ६ र ७ मा विभिन्न ४७ वटा कित्ता नम्बरमा ५९ बिघा १९ धुर जमिन भएको श्रेस्ता भेटियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुनील पौडेलले भने अब जमिन कहाँकहाँ पर्छ खोजी गरेर विद्यालयले आम्दानी बाँध्नेछ । ४७ वटा ती कित्ता नम्बरमा कम्तीमा १५ धुरदेखि बढीमा २५ बिघासम्म जग्गा उल्लेख गरिएको छ । विद्यालयसँग भएको जमिनको अभिलेखमा कित्ता ३ ख ७० मा सबैभन्दा बढी २५ बिघा १५ कठ्ठा १० धुर र कित्ता नं ५ क २०९ मा सबैभन्दा कम १५ धुर जमिन उल्लेख भएको पाइएको पौडेलले बताए ।

विद्यालयको नाममा रहेको ५९ बिघा १९ धुर जमिनमध्ये वडा ६ मा मुस्किलले २ बिघा ११ कठ्ठा जमिनको पहिचान भएर विद्यालयले वार्षिक ५१ हजार रुपैयाँ ठेक्काबाट लिन सुरु गरेको पौडेलको भनाइ छ । अहिलेसम्म कित्ता ८ ख २४ को १ बिघा ६ कठ्ठा र कित्ता ८ ख २ ९ को १ बिघा ५ कठ्ठा जमिन पहिचान भएको छ । पौडेलले भने बाँकी विभिन्न ४५ वटा कित्ता नम्बरमा उल्लेख भएको ५७ बिघा जमिनको अत्तोपत्तो छैन । बाँकी जमिनको नापीमा गएर बुझ्ने र लालपुर्जा बनाएर खोजी गर्ने विद्यालयले तयारी गरेको छ ।

माओवादी आन्दोलन पहिलासम्म जमिन यकिन थियो । त्यसबेला विद्यालयले धेर थोर आम्दानी पनि थाप्दै आएको थियो । तत्कालीन प्राचार्य मीनाकुमार जोशीले भनिन्– माओवादीको सशस्त्र आन्दोलन सुरु भएलगत्तै विद्यालयको जमिन र आम्दानी हराएको हो ।

विद्यालयको नाममा भएको उक्त जमिन बुढीगंगा गाउँपालिकाको वडा ६ र ७ का विभिन्न स्थानमा छरिएर रहेको पाइए पनि स्थलगत सोधीखोजी गर्दा स्थानीयवासीले जमिन नै देखाउँदैनन् । अधिकांश जमिन स्थानीयवासीले आफ्नो नाममा दर्ता गर्ने प्रयास गरेको समेत पाइयो । स्थानीय नागरिक समाज, राजनीतिक दलका नेतालाई विद्यालयले पटकपटक जमिन भोग गर्ने किसानबाट फिर्ता गराउन आग्रह गऱ्यो । तर, कसैले पनि टेरेनन् । व्यवस्थापन समिति अध्यक्ष पौडेलका अनुसार दलका नेता र नागरिक समाजकै आडमा जमिन भोग गर्ने किसानले विद्यालयको जमिन हडपेको पाइएको छ ।

विद्यालयको ५९ बिघा जमिन ठेक्कामा लगाउँदा पनि वार्षिक लाखौं रुपैयाँ आम्दानी हुन्छ । पौडेलले विद्यालयले अहिलेसम्म एक रुपैयाँ पनि आम्दानी नपाएको बताए । विद्यालयको शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्न र फर्निचर तथा भौतिक पूर्वाधार मर्मत गर्न वर्सेनि अढाई तीन लाख रुपैयाको खाँचो पर्छ । उनले भने, 'जमिनको आम्दानी पाउने हो भने समस्या पर्दैन तर आम्दानी हात पार्न नसक्दा मर्मत सम्भारको बजेट विद्यालयले अन्य विभिन्न स्रोतबाट संकलन गर्नुपर्ने बाध्यता छ ।'

त्यसैगरी, बुढीगंगा १ स्थित नरग्राम माविको नाममा पनि बुढीगंगामा १६ बिघा जमिन छ । त्यो विद्यालयले पनि सबै जमिनको आम्दानी पाउन सकेको छैन । १९ कठ्ठा जमिन अतिक्रमण गरेर बस्ती बसेको छ । प्राचार्य भीमबहादुर बस्नेतले भने कुल जमिनमध्ये चार बिघाको आम्दानी विद्यालयलले पाउने गरेको र बाँकी जमिनको आम्दानी हात लाग्दैन ।

बुढीगंगामा अधिकांश विद्यालयको जमिन छ । तर कहाँ छ कसैलाई पनि हेक्का नभएको गाउँपालिकाका कार्यकारी अधिकारी विनोद न्यौपानेले बताए । उनका अनुसार विद्यालयले जमिनको खोजी गर्दै आए गाउँपालिकाले सहजीकरण गर्ने छ ।

तर, यहींका आदर्श उच्च माविर महेन्द्र माविको सोराभाग ७ मा क्रमशः १८ र २० बिघा जमिन छ । पछिल्लो दशकदेखि ती दुवै विद्यालयले जमिनको आम्दानी हात पार्न थालेका छन । माओवादी द्वन्द्वको समयमा दुवै विद्यालयले जमिनको आम्दानी हात पार्न सकेनन् । द्वन्द्व सकिएपछि नियमित रूपमा जमिनको आम्दानी थाप्दै आएका छन ।

पछिल्लो एक दशकदेखि विद्यालयले प्रतिबिघा २१ मनका दरले धान आम्दानी लिँदै आएको आदर्श उच्च माविप्रशासनले जनाएको छ । विद्यालयको नाममा रहेको १८ बिघा जमिनको वार्षिक ३ सय ७८ मन धान विद्यालयको नाममा जम्मा हुँदै आएको छ । त्यसको पैसाले भौतिक पूर्वाधार विस्तारसँगै छात्रावृत्ति र शैक्षिक सुधारमा प्रयोग हुँदै आएको विद्यालयले जनाएको छ । माओवादी द्वन्द्वको समयमा विद्यालयले उक्त जमिनको आम्दानी गुमायो । पछि स्थानीय प्रशासनको सहयोगमा जमिन भोग गरेका किसानबाट विद्यालयले जमिन फिर्ता गरायो ।

यसैगरी महेन्द्र माविले पनि सोराभागमै रहेको २० बिघा जमिनबाट दशकयता प्रतिबिघा २१ मनका दरले धान आम्दानी पाउँदै आएको छ । विद्यालयका अनुसार सशस्त्र द्वन्द्वताका एक पैसा पनि आम्दानी आएन ।

पूर्वाधार निर्माणमा हेलचेक्र्याइँ

■ **डिल्लीराम खतिवडा** (उदयपुर)

स्थानीय तहमा पूर्वाधार अझै पूरा हुन सकेको छैन । विकासको पहिलो पूर्वाधार सडक र बिजुलीलाई नै मानेर करोडौं रकम खर्चिए पनि ती योजना अधुरै छन् ।

स्थानी तहको गठन भएको अढाई वर्ष बितिसकेको छ । पूर्वाधार अभावमा अहिले पनि सर्वसाधारणले सास्ती खेप्नुपरिरहेको छ । विशेष नगरपालिका क्षेत्रमा सडक, बिजुली, पानी, सञ्चारलगायतका अत्यावश्यकीय सेवा हुनुपर्ने हो तर न्यूनतम आधारभूत सेवासमेत सर्वसाधरणले पाएका छैनन् ।

मुलुक संघीयतामा गएसँगै गठन भएको स्थानीय तहअन्तर्गतका नगरपालिका हचुवाकै भरमा बनाइएका छन । संघीयतासँगै उदयपुरमा वेलका, चौदण्डीगढी, त्रियुगा र कटारी नगरपालिका र रौतामाई, उदयपुरगढी, लिम्चुवुङ र ताप्ली गाउँपालिका समेत ८ स्थानीय तह गठन गरिएको हो । स्थानीय तहको गठनसँगै निर्वाचित जनप्रतिनिधिले कार्यभार समालेको झन्डै २९ महिना बितिसकेको छ । तर अहिलेसम्म यी स्थानीय तहमा रहेका ७५ वडामध्ये अपवादमा बाहेकका एउटा वडा पनि पूर्ण रूपमा पूर्वाधारको विकास हुन सकेको छैन । कतिपयमा सडक छ, बिजुली छैन । बिजुली छ, सडक छैन । सडक, बिजुली र पिउनेपानी भएको वडामा सञ्चार सुविधा छैन ।

प्रायः ८ वटै स्थानीय तहले विकासको पूर्वाधार भन्दै पहिलो प्राथामिकतामा सडक र बिजुलीलाई नै राखेका छन । ती पनि अपूरा, अधुरा र निर्माण भएको पनि प्रयोगहीन अवस्थामा रहेको सर्वसाधारण गुनासो गरेका छन् । 'सर्वसाधारणलाई भन्दा जनप्रतिनिधिलाई बाटो (सडक) आवश्यक परेको छ,' लिम्चुवुङ गाउँपालिकाका ७९ वर्षीय तिलकराम राईले भने, 'सडक बनाउँदा आफ्नो मेसिन (स्काइभेटर) काम पाउने र आफूले भनेको मान्छे उपभोक्ता समितिमा बस्ने ।' मेसिन र आफ्नो मान्छे दुवैले कमाउने भए पनि सर्वसारधणको आवश्यकताभन्दा पनि जनप्रतिधिको खुसी र दबाबमा सडक बनेको उनले बताए ।

पूर्वाधारका नाममा सर्वसाधारण जनप्रतिनिधिले आवश्यकताबिना र आवश्यकता भए पनि हचुवाका भरमा निर्माण गरिएका सडक अहिले कामै नलाग्ने अवस्थामा समेत छन् । हचुवाका भरमा खनिएका सडकका करण गत वर्षातमा आएको बाढीपहिरोले बगाउँदा लिम्चुवुङ गाउँपालिकाका सर्वसाधारणले खाद्यान्न संकट नै बेहोर्नुपरेको थियो ।

सडक बगाउँदा प्रदेश सरकारले उपलब्ध गराएको राहत हेलिकप्टर चार्टर गरेर पुऱ्याउनुपर्ने अवस्था आएको थियो । त्यो सर्वसाधारणको आवश्यकताभन्दा पनि बढी निर्वाचित जनप्रतिनिधिले चासो राखेर सडक खन्दा भएको संकट भएको अहिले पनि उदाहरणको रूपमा प्रस्तुत गरिँदै आएको स्थानीयले बताए ।

रौतामाई, उदयपुरगढी, लिम्चुवुङ र ताप्ली गाउँपालिकाले विद्युतीकरणलाई पहिलो प्राथमिकतामा राख्दै सुरुदेखि नै करोडौं बजेट विनियोजन गरेका छन् । ती गाउँपालिकको कतिपय स्थानमा विद्युत् पोल गाडिए पनि तार टाँगिएको छैन । 'पोल लगेर थुपारे पनि अहिलेसम्म गाडनेसम्म पनि काम गरिएको छैन,' ताप्ली गाउँपालिकाका महेन्द्र कार्कीले भने, 'थुपारेका पोल थुप्रिरहेका छन, गाडेका पोल लडिसक्दा पनि वास्ता हुँदैन ।' विकास पूर्वाधार भन्दै बिजुली र सडकमा खर्चेको करोडौं रकम दुरुपयोग भएको उनले बताए ।

पहिले जथाभावी बाटो खनियो, अहिले ती बाटा काम नलाग्ने अवस्थामा पुगेको स्थानीय युवराज मगरले बताए । 'जननिर्वाचित पदाधिकारी स्थानीय तहमा आएसँगै सडक र बिजुलीलाई पहिलो प्राथमिकता भन्दै करोडौंको बजेट खर्चियो,' मगरले भने, 'तर पहिलो वर्ष निर्माण गरिएको सडकलाई दोस्रो वर्ष वास्तै गरिएन ।' दोस्रो वर्ष पुन अर्को योजनामा बनाएर रकम खर्चियो, सडक निर्माण गरियो । तर ती सडकमध्ये पनि कतिपय सडक कामै लाग्ने अवस्थामा नरहेको उनले बताए ।

पहाडी क्षेत्रका स्थानीय तहमा खनिएका कतिपय सडक अहिले प्रयोगमा छैनन । सुरुमा ट्रयाक खोलिएका सडकलाई स्तरोन्नति गरिएन । स्तर उन्नति नहुँदा कतिपय काम नलाग्ने भए । भए पनि यातायात सञ्चालन हुने अवस्थामा नहुँदा अहिले पुनः गोरेटो (पैदलयात्री हिँड्ने) बाटोमा परिणत भएका छन् ।

दुई चार परिवार बसोबास रहेको दुर्गम गाउँमा बाटो र बिजुली पुऱ्याउन स्थानीय तहले रकम खर्च गरे । तर बाटो र बिजुलीले मात्रै ती बस्तीका सर्वसाधारणको आधारभूत आवश्यकता पूरा हुन सकेन । त्यहाँका सर्वसाधारणलाई बाटो र बिजुलीसँगै पिउनेपानीको पनि अतिआवश्यक थियो । पिउनेपानी नै नभएपछि स्थानीय अन्यत्र बसाइँसराइ गरेर गएपछि स्थानीय तहले खनेका ती सडक र गाडिएको बिजुलीको पोल अहिले काम नलाग्ने अवस्थामा छन् । सर्वसाधारणको अवश्यकता एकातिर खर्च अर्कोतिर हुदाँ बजेटको दुरुपयोग भएको स्थानीयले बताए ।

दुर्गमका स्थानीय तहमा पूर्वाधार पूरा हुने अवस्था नै छैन । सुगम भनिएका स्थानीय तह कटारी, त्रियुगा, चौदण्डीगढी र वेलका नगरपालिकाका पनि केन्द्र भएको स्थानमा सडक, बिजुली, खानेपानीको अवस्था

विकासको पहिलो पूर्वाधार बिजुली र सडकमा करोडौं खर्चिए पनि योजना अधुरै

दयनीय छ । कटारी नगरपालिकको केन्द्र रहेको कटारी बजारदेखि २ किलोमिटर पर गिद्धबर क्षेत्रमा सञ्चार सुविधा छैन । त्यहाँ दूरसञ्चार सेवाप्रदायक नेपाल टेलिकमकै नेटवर्क लाग्दैन । सिद्धिचरण राजमार्गको आसपासमा सडक पुगेको छैन । भएको सिद्धिचरण राजमार्गसमेत जीर्ण हुँदा सर्वसाधारणको आवगमनमा सास्ती खेप्नुपरेको कटारी नगरपालिका-११ हर्देनीकी मीना केसीले बताइन् ।

'९, १० र १३ वडामा पूर्वाधार विकास हुन सकेको छैन,' कटारीका नगरप्रमुख ज्ञानेन्द्र श्रेष्ठले भने, 'यी वडामा बिजुली, पिउने पानी, सडकलगायतको सुविधा पुयाउन सकिएको छैन ।' सदरमुकामसमेत रहेको त्रियुगा नगरपालिका बनेको १८ वर्ष बितिसक्दा पनि आधारभूत पूर्वाधार अहिलेसम्म पूरा हुन सकेको छैन । 'अहिले नै पूर्वाधार निर्माण गर्न नसक्ने अवस्था छैन,' स्थानीय नरेन्द्र थापाले भने, 'नगरपालिका बनाइनु मात्रै ठूलो कुरो होइन, नगरपालिका बनाइँदा पूर्वाधार निर्माण गरेर मात्रै बनाइएको भए राम्रो हुने थियो ।' नगरपालिकाको मुख्य बजार क्षेत्र गाईघाट बजारमा पूर्णरूपले पूर्वाधार निर्माण भइनसकेको उनले बताए ।

चौदण्डीगढी नगरपालिको ६ र ७ वडा मात्रै पूर्वाधार भएका वडा हुन् । अन्य वडामा पूर्वाधार निर्माणको काम भए पनि अझै वर्षौं लाग्ने स्थानीयले बताए । पूर्वाधार भएको भनिएको बेल्टार बजार नजिकैको क्षेत्रमा सडक स्तरीय छैनन् । 'दुई वर्षअघिसम्म बेल्टार बजारका बासिन्दा नै खानेपानी अभावमा छट्पटिरहनुपरेको थियो', स्थानीय उमाकान्त चौलागाईंले भने, 'अहिले पिउनेपानी भए पनि दिगो हुन सकेको छैन ।'

ताप्ली गाउँपालिका क्षेत्रमा करोडौं रुपैयाँ खर्चेर खनिएको अलपत्र सडक । *तस्विर : डिल्लीराम/कान्तिपुर*

तपाईको आज

मेष	भाग्य वृद्धि	तुला	पराक्रम बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	वैमनस्यता
मिथुन	प्रियजन भेट	धनु	पदोन्नती
कर्कट	खटपट	मकर	केही लाभ
सिंह	वादविवादमा सफल	कुम्भ	कार्य सद्धि
कन्या	हर्ष बढ्ने	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १५ गते आइतबार तदनुरुप १ डिसेम्बर २०१९ मार्गशिर्ष शुक्लपक्ष पञ्चमी तिथि रात्रिको ८:१३ बजेसम्म उप्रान्त षष्ठि तिथि, उत्तराढा नक्षत्र प्रातः ११:३२ बजेसम्म उप्रान्त श्रवण नक्षत्र, वृद्धि योग दिनको ३:५८ बजेसम्म उप्रान्त ध्रुव योग, बव करण प्रातः ७:४३ बजेसम्म उप्रान्त बालब करण, मकर राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मृगी
४:००	कान्तिपुर समाचार
४:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्जा टु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सैंग खाउन
१०:००	हियर्जा टु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्जा टु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	आउन मर्सैंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (मृपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (प्रिचंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड ह्याजुकेसन डायरी
१६:०५	विवक फिक्स (रिमता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	न्यूजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साग्रारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्मी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्यूज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुम)
०१:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	०२७२०६४२०१
कोशी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५२४२३८
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२००२८
वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३२६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२०९६८

एम्बुलेन्स

विराटनगर सेन्ट्रल	०२१-५३७००१
लाइफ्गार्ड अस्पताल, विराटनगर	९८४२०४३३३३
दुहबी जेसिज, सुनसरी	०२५-५४०८३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	१००/९८५२०२६५४०
इलाका

अदालतको लापरबाहीले सास्ती

विराटनगर (कास)- छिमेकीले हातमा पत्रिका बोकेर बिहानै घरमा आएपछि विराटनगरका अशोककुमार चौहान शुक्रबार दिनभर घरबाट बाहिर निस्कन सकेनन् । स्थानीय केही पत्रिकामा फरार प्रतिवादी पक्राउ भन्ने शीर्षकको समाचारमा अशोकको पनि नाम थियो ।

छिमेकीले 'के हो यस्तो ?' भन्दै सोध्न थालेपछि उनले घरबाट निस्कन नसकेको गुनासो गरे । २०६५ मा मोरङको लेटाङबाट विराटनगर फर्कंदैगर्दा लक्ष्मीमार्गमा चौहानको मोटरसाइकल दुर्घटना भएको थियो । मोटरसाइकलको पछाडि सवार लक्ष्मी संग्रौलाको घटनास्थलमै मृत्यु भयो । चौहान पनि गम्भीर घाइते भए । लक्ष्मीका आफन्तले जानीजानी मोटरसाइकल दुर्घटनामा पारेको भन्दै त्यसबेला उनीविरुद्धमा किटानी जाहेरी दिए । प्रहरीले उनलाई पक्राउ गरेको थियो । दुई हजार धरौटीमा छुटेका उनलाई अदालतले २०६५ फागुन १ मा २ हजार नै जरिवाना गर्ने फैसला गरेको थियो । धरौटी राखेको रकमबाटै जरिवाना असुलउपर भयो । आफ्नो निर्दोसिता साबित भएको भन्दै उनी ढुक्क भए । तर, अदालतले फरार प्रतिवादीको सूचीमा उनको पनि नाम चढायो ।

अदालतले फैसला कार्यान्वयन गराउने भन्दै सबै स्थानीय तह र प्रहरी कार्यालयलाई फरार प्रतिवादीहरूको सूची पठाएर पक्राउ गर्न आदेश गऱ्यो । अदालतले दिएको आदेशको पालना गर्दै मोरङ प्रहरीले धमाधम सूचीका नाम अनुसारका व्यक्ति पक्राउ गर्न थाल्यो । प्रहरीले फरार प्रतिवादी भन्दै घरमै लिन आएपछि उनी अचम्ममा परे । दुर्घटनासमेत बिर्सिसकेका उनी किन प्रहरीले आफूलाई फरारको सूचीमा राख्यो भनेर केही समय त बुझ्नै नसकेको बताए । 'न त अपराध गरेको, न कुनै बिगार गरेको । अदालतको लापरवाहीले गर्दा मेरो बेइज्जत भयो,' उनले भने, 'खाएको विष पो लाग्छ त, तर मलाई त नखाएको विष लाग्यो ।'

प्रहरीले पक्राउ गर्न खोजेपछि उनी अदालतमा गएर आफूले यसअघि नै धरौटी वापतको रकम बुझाएको प्रमाणित गराएर घर फर्किए । तर, प्रहरीले उनको नामसहित फरार प्रतिवादी पक्राउ गरिएको सूचना सञ्चारकर्मीहरूलाई दियो । अदालतको लापरवाहीका कारण चौहानले प्रहरीको मानसिक तनाव पनि बेहोर्नु पऱ्यो ।

पछिल्लो समयमा मोरङ प्रहरीले अदालतले कैद वा जरिवाना सजाय तोकेर फरार भएका अभियुक्तहरू धमाधम पक्राउ गर्न थालेको छ । अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत प्रहरीले ८ मंसिर एकैदिन ४६ जनालाई पक्राउ गरेको मोरङ प्रहरीका डीएसपी तथा प्रवक्ता राजकुमार खिउँजुले जानकारी दिएका थिए । अदालतका कर्मचारीहरूको लापरवाहीले आफूले अनावश्यक तनाव झेल्नु परेको चौहानले गुनासो गरे । 'वरिपरीका छिमेकी र साथीभाईले सोधेर हैरान भइसके,' उनले भने, 'त्यस्तो हैन भनेर जवाफ दिँदादिँदा दिक्क लागिसक्यो । न्याय पाउने ठाउँकै कारण दुःख पाउनुपऱ्यो ।'

चौहानसहित मोरङ प्रहरीले सार्वजनिक अपराध मुद्दामा एक हजार ५ सय ५० रुपैयाँ जरिवाना तिरेका विराटनगर-४ का राजेश चौधरी, चोरी मुद्दामा १२ हजार जरिवाना तिरेका अनिलकुमार मण्डल र लागूऔषध मुद्दामा सर्वोच्च अदालतबाट सफाइ पाएका विकास गुरुङलाई समेत सोही दिन पक्राउ गरेको थियो । अदालतले तोकेको जरिवानाभन्दा बढी रकम धरौटी राखेर छुटेको र जरिवाना वापतको रकम धरौटीबाटै कट्टा गराएको अवस्थामा पक्राउ गरेर प्रहरीले अनावश्यक दुःख दिएको उनीहरूको गुनासो छ ।

मोरङका एसपी विश्व अधिकारीले अदालतले दिएको विवरणअनुसार फरार प्रतिवादी पक्राउ गरिएको बताए । फरारलाई पक्राउ गर्ने र फैसला कार्यान्वयन गराउने निर्णयअनुसार दिइएको सूचीअनुसार नै आफूहरूले पक्राउ गरेको उनको दावी छ । 'अदालतले फरार प्रतिवादीहरूको लिस्ट नै दिएको छ,' उनले भने, 'त्यो लिस्अनुसार हामीले नियन्त्रणमा लिएर अदालतमा उपस्थित गराउने काम गर्नैपर्छ ।'

जिल्ला अदालत मोरङका सेरेस्तेदार ईश्वरमणि ओझाले मानवीय त्रुटिका कारण सूचीमा नहुनुपर्ने नाम पनि परेको बताए । अदालतले फरार प्रतिवादी पहिचान गरी धरौटीबापतको रकम असुलउपर गर्न यथास्थानमै कर्मचारी खटाउनेसमेत गरेको बताउँदै उनले त्यस्तो अवस्थामा अदालतमा आएर सदरस्याहा नगर्दा यस्तो त्रुटि हुन सक्ने उनको भनाइ छ ।



विश्व सिमसार क्षेत्रमा सूचीकृत कपिलवस्तुको जगदीशपुर तालमा रमाएका सारस । *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

ज्वालातीर्थमा हराउँदै ज्वाला

दैलेख (कास)- पञ्चकोशी क्षेत्रलाई पौराणिक रूपमा पाँच हजार ज्वालाको बिन्दु भन्ने गरिन्छ । यहाँका विभिन्न स्थानमा जमिन मुनिबाट निस्कने ग्याँसबाट आगो बलेको देखिने भएकाले यस्तो भनिएको हो । बुढापाकाहरू पनि यस क्षेत्रमा थुप्रै ज्वाला रहेको बताउँछन् । तर, अहिले श्रीस्थान र नाभिस्थान गरी दुई स्थानमा मात्र ज्वाला बलिरहेका छन् । 'यी ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ताले सताइरहन्छ,' पञ्चकोशी क्षेत्रका ७६ वर्षीय पण्डित तिलकप्रसाद रिजाल भन्छन्, 'हेर्दाहेर्दै थुप्रै ज्वाला हराए, यसमा कसैको चिन्ता र चासो छैन ।'

उनका अनुसार २०२८ सालसम्म पादुकास्थानमा ज्वाला बल्थ्यो । त्यो वर्ष पादुका खोलामा बाढी आएर भेल सुकेपछि ज्वाला हरायो । त्यसपछि निभेको ज्वालालाई पुनर्ज्योति दिनेमा कसैको चासो भएन । बाढीले खोलामा रहेको मन्दिरका साथै शिलालेख, मूर्ति, खम्बा र देवल पनि बगाएको उनले बताए । 'उतिबेलै चासो राखेर संरक्षणको पहल भइदिएको भए ज्वाला जोगाउन सकिन्थ्यो,' उनले भने, 'तर यतातिर कसैको ध्यान पुगेन । निभेको ज्वाला कहिल्यै पनि बलेन ।'

स्थानीयका अनुसार करिब चार दसक अघिसम्म गमौडी खोलामा ललाट ज्वाला, कढर ज्वाला र श्रीस्थानमा काला ज्वाला बल्थे । ती ज्वाला अहिले अस्तित्वमा छैनन् । नाभिस्थानमा रहेको इन्द्र ज्वाला र बढी ज्वाला भने निरन्तर बलिरहेका छन् । 'ज्वाला जोगाउनको लागि हामीले धेरैपटक सरकारको ध्यानाकर्षण गरायौं, तर कुनै सुनुवाइ भएन,' श्रीस्थान व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष केशव थापाले भने, 'बरु अहिले यहाँ जमिन मुनि पेट्रोलियम पदार्थको भण्डार पो छ कि भनेर खोजी गर्न थालिएको छ । खनखान पार्दा गर्दा भएका ज्वाला पनि हराउने जोखिम छ ।'

प्रशस्त ज्वाला भएकै कारण पञ्चकोशी क्षेत्रलाई 'ज्वाला तीर्थ' भन्ने गरिन्छ । तर, पछिल्लो समय विभिन्न कारणले ज्वाला निभ्दा यसको महत्वमा प्रभाव परेको मानिएको छ । श्रीस्थानका मुख्य महन्त गोकर्णनाथ योगी कतिपय ज्वाला भूकम्पको कारण पनि निभेका बताउँछन् । भूकम्पको कम्पनले सानोतिनो ज्वाला निभे । यसका साथै खोलामा आउने बाढी-पहिरोले पनि ज्वाला निभेका उनले बताए ।

पादुका मन्दिरका ७५ वर्षीय महन्त देवीनाथ योगी त सरोकारवाला निकायले ध्यान नदिएकै कारण ज्वाला लोप भएका बताउँछन् । २०२८ सालमा बाढीले ज्वाला हराएको थाहा पाएपछि पुनः ज्वाला बाल्नको लागि पहल गरे पनि कसैले वास्ता नगरको उनले बताए । 'अहिले पनि खोलामा उत्खनन् गर्ने हो भने ज्वाला बाल्न सकिन्छ होला,' उनले भने, 'यो सम्भावनातिर कसैको ध्यान पुगेको छैन ।' पञ्चकोशी क्षेत्रलाई ज्वाला तीर्थ क्षेत्रकै रुपमा स्थापित गरिनुपर्ने उनले बताए ।

कोटिलामा पनि थुप्रै ज्वाला बल्थे । ज्वालाले राति त मन्दिर क्षेत्र उज्यालो देखिन्थ्यो । तर, ती ज्वाला पनि संरक्षण अभावमा निभेका स्थानीयको भनाइ छ । नाभिस्थान व्यवस्थापन समितिका अध्यक्ष नविनकुमार योगी अहिले पनि बुढापाकाहरूले ज्वालाबारे भन्ने गरेका बताए । अहिले सरकारले ज्वाला क्षेत्रमा पेट्रोलियम पदार्थको अन्वेषण थालेपछि भएका ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ता बढेको उनको भनाइ छ ।

पञ्चकोशी क्षेत्र ज्वालामात्र होइन, पुरातात्विक रुपमा पनि उत्तिकै महत्व बोकेको क्षेत्र हो । तर पछिल्लो समय सरकारले भौतिक विकास गर्ने नाउँमा यसको बेवास्ता गरिरहेको स्थानीयको आरोप छ । नारायण नगरपालिका-२ का बलबहादुर केसीले पर्यटकीय क्षेत्रमा जथाभावी सडक खन्दा जोखिम झन् बढेको बताए ।

बजेट अभावले रोकियो अनौपचारिक शिक्षा

■ **अगन्धर तिवारी** (पर्वत)

नेपाल सरकारले जिल्लामा तीन वर्षअघि सुरु गरेको अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम रोकिएको छ । प्राथमिक तहको शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षा दिन सुरु गरिएको कार्यक्रम सरकारले बजेट पठाउन छाडेपछि रोकिएको हो ।

बजार क्षेत्रमा मजदुरी गर्ने र पारिवारिक समस्याले नियमित विद्यालय आउन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा दिन २०७४ बैशाखदेखि कुश्मास्थित शिवालय माध्यमिक विद्यालयले कक्षा सञ्चालन गरेको थियो । कक्षामा ५ देखि १८ वर्षसम्मका बालबालिका अध्ययन गर्दै आएका थिए । ६ महिनासम्म नियमित अध्ययन गराएपछि उनीहरूको क्षमताअनुसार नियमित कक्षामा पठाउने कार्यक्रम थियो । कार्यक्रमबाट ५० बालबालिकाले नियमित अध्ययन गरिरहेका थिए । मजदुरी, सडकपेटी तथा बजारक्षेत्रका विभिन्न ठाउँबाट ल्याइएका बालबालिकालाई निःशुल्क खाजासहित अध्यापन गर्दैआएको विद्यालयले कार्यक्रम रोकिएपछि कक्षा नै स्थगित गरेको जनाएको छ ।

'पहिलो वर्ष २१ जनालाई पढाइएको थियो । उनिहरूको प्रगति राम्रो थियो,' प्रधानाध्यापक भूपेन्द्र चापागाईंले भने, 'स्तरवृद्धी भएका नियमित कक्षामा गएका थिए । नयाँ आउने क्रम जारी थियो । कार्यक्रम झ्याप्पै रोकियो ।' गत चैतदेखि अनौपचारिक शिक्षा कार्यक्रमको कुनै पनि सहयोग नआएपछि सहयोगी कार्यकर्तालाई समेत विदा गरिएको उनले बताए । नियमित विद्यालय आउने गरेका बालबालिका अहिले पुरानै अवस्थामा फर्किएका छन् । 'बजारमा धेरै बालबालिका यत्तिकै डुलेको देखिन्छ,' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इश्वर गिरीले भने, 'उनीहरूलाई ल्याएर पढाउन सकिएको छैन ।' निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार दिन नसकिएकोमा उनले चिन्ता व्यक्त गरे ।

पर्वतको कुश्मास्थित शिवालय माविमा अनौपचारिक कक्षाका बालबालिका । *तस्बिर : कान्तिपुर*

मजदुरीबाटै जीविकोपार्जन गर्दै आएका परिवार र बेवारिसे बालबालिकालाई उनिहरू भएकै ठाउँमा पुगेर विद्यालयमा ल्याउने कार्यक्रम थियो । उक्त कार्यक्रमअन्तर्गत बालबालिकाको समय अनुकूल हुनेगरि बिहान र बेलुका दुइपटक कक्षा सञ्चालन हुँदैआएको सहयोगी पार्वती सापकोटाले बताइन् । 'बिना पारिश्रमिक पनि मैले धेरै दुःख गरेकी थिएँ । तत्काल नभएपनि स्थायी हुन्छ भन्नुहुन्थ्यो । अहिले न बालबालिका आउँछन् । न मेरो भविष्य बन्यो,' उनले भनिन् । सडकपेटी तथा बिभिन्न ठाउँमा पुगेर बालिबालिका खोज्दैजाँदा कतिपय बालबालिका चोकमा रोकिएका गाडीमा पैसा मार्दै गरेका समेत भेटिने उनले बताइन । 'अहिले उनीहरूको अवस्था उस्तै छ,' उनले भनिन्, 'हामीले दुःख गर्नु मात्रै भयो ।'

अनौपचारिक कक्षामा पढ्ने गरेका कतिपय बालबालिकाका अहिले पनि अभिभावकसँगै मजदुरीमा छन् । बेवारिसे अवस्थाका बालबालिका सदरमुकाम आसपासमा फोहोर संकलन गरेर पनि जीविका चलाउँछन् । उनीहरूलाई विद्यालयमा नियमित ल्याएर अक्षर चिनाउन मुस्किल छ । 'खाजा दिएर पनि ल्याउन मुस्किल हुन्थ्यो,' प्रअ चापागाईंले भने, 'त्यति हुँदाहुँदै पनि हामीले धान्ने सकेनौं ।' अनौपचारिक शिक्षा कार्यक्रम केन्द्रदेखि नै रोकिएको भन्दै कुनै सहयोग नपाइएपछि विद्यालयको स्रोतले धान्न नसकेर बन्द गरिएको उनले बताए ।

शिक्षा विभागले अनौपचारिक शिक्षा कार्यक्रम सुरु गरेसँगै उनीहरूको अध्यापन र निरन्तरताका लागि मासिक ६२ सय पारिश्रमिक तोकेर एक सहयोगी कार्यकर्ता उपलब्ध गराए पनि पारिश्रमिक भने जिल्लामा नपठाएको विद्यालयले जनाएको छ । आर्थिक वर्ष ०७५/७६ का लागि बजेट नदिएपछि कुश्मा नगरपालिकाले ६५ हजार रूपैयाँ सहयोग गरेको थियो । चालु वर्षदेखि नगरपालिकाले सहयोग नदिएपछि बालबालिकासहित सहयोगी कार्यकर्तासमेत बिदाइ गरिएको विद्यालयले जनाएको छ । नगरपालिकाबाट उक्त कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापनले पनि सहयोग ल्याउन पहल गरेन । बरु कक्षा नचलाउने निर्णय गर्दै दुई महिनाअघि सहयोगी र विद्यार्थीलाई विदा गरेको हो ।

उपनिर्वाचन तयारी पूरा

विराटनगर (कास)- धरान उपमहानगरलगायत प्रदेश १ का विभिन्न स्थानमा हुने स्थानीय तहको उपनिर्वाचनको तयारी पूरा भएको छ । मतदान केन्द्रहरू व्यवस्थित बनाइएको छ । सुरक्षाकर्मी र कर्मचारी परिचालन भइसकेका छन् ।

संखुवासभाको मकालु गाउँपालिका र खाँदबारी-३ मा ११ वटा मतदान केन्द्र राखिएको छ । केन्द्रमा सेना, सशस्त्र र नेपाल प्रहरी परिचालित भएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद दुलालले बताए ।

संखुवासभामा मकालु गाउँपालिकामा अध्यक्ष र खाँदबारी नगरपालिका-३ मा वडाध्यक्षको निर्वाचन हुँदैछ । मकालु गाउँपालिकामा ९ हजार १ र खाँदबारी-३ मा १ हजार ८ सय ३० मतदाता छन् । मकालुमा ७ वटा दल चुनावी मैदानमा छन् । खाँदबारी-३ को वडाध्यक्षमा नेकपा र कांग्रेसको मात्र उम्मेदवारी छ ।

एक गाउँपालिका अध्यक्ष, एक नगरपालिका र अर्को गाउँपालिकाको वडाध्यक्ष पदका लागि उप निर्वाचन हुने पाँचथरमा पनि तयारी पूरा भएको छ । मतदातालाई परिचयपत्रवितरण, मतदान स्थलनिर्माण र आवस्यक सामग्री ढुवानी लगायतका सबै काम पुरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदान हुने ३१ वटा केन्द्रमा पुगेका मतदान अधिकृत, सहायक अधिकृत, कर्मचारी र सुरक्षाकर्मीले मतदानस्थल निर्माण र मतपेटिका संकलनपछि मतगणना गर्ने कक्ष समेत तयार पारिसकेका मुख्य निर्वाचन अधिकृत मोहनराज भट्टराईले बताए । अध्यक्ष पदका लागि निर्वाचन हुने फाल्गुनन्द गाउँपालिकामा १६ हजार ५ सय ७७, फिदिम नगरपालिका १ मा ३ हजार ६ सय ७६ र हिलिहाङ गाउपालिका७ मा २ हजार ६ सय मतदाता छन् । सुनसरीको धरान उपमहानगरका मेयर तारा सुब्बाको निधनपछि पद रिक्त छ । यस्तै संखुवासभाको मकालु गाउँपालिका अध्यक्ष खड्गबहादुर कटुवाल र पाँचथरको फाल्गुनन्द गाउँपालिका अध्यक्ष अमरबहादुर नेम्वाङको निधनपछि स्थान रिक्त भएको हो । यसैगरी मोरङको धनपालथान गाउँपालिका-२, पाँचथरको हिलिहाङ गाउँपालिका-७, धरान-७ को वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदै छ ।

कृष्णसार बचाउन चुनौती

■ **कमल पन्थी** (बर्दिया)

दुर्लभ वन्यजन्तुमा सूचीकृत कृष्णसार हेर्नुपरे मुलुकमै एक मात्र सुगम स्थान गुलरियाको खैरापुर हो । यहाँ निश्चित क्षेत्रफललाई तारबार गरेर वन्यजन्तु हुर्काइएको छ । यसलाई अवलोकन गर्न दिनहुँ सर्वसाधारण आउने गरेका छन् ।

आगन्तुकले रूपरंग र गतिविधि हेरेर रमाइलो मान्ने यो दुर्लभ वन्यजन्तु जोगाउन भने चुनौती बढ्दो छ । मानवीय अतिक्रमण, वस्तुभाउको चरन, भुस्याहा कुकुर र चितुवाको आक्रमण बढेपछि संरक्षणमा चुनौती बढेको हो । बर्दिया राष्ट्रिय निकुञ्जका अनुसार ४५ वर्षअघि कृष्णसार लोप भएको अनुमान गरिएको थियो । कतै नदेखिएपछि हराइसकेको संरक्षणकर्मीले अड्कल गरेका थिए । त्यही बेला बर्दिया वन्यजन्तु आरक्ष स्थापना भयो । २०३२ असोजबाट यसको खोजी थालियो । संरक्षणकर्मीका अनुसार बाँके र बर्दियामा कृष्णसार खोजी गर्ने क्रममा गुलरिया-२ स्थित खैरी पण्डितपुरको वनमा एउटा सिङ भाँचिएको बूढो भाले, एउटा वयस्क भाले, तीनवटा पोथी र चार बच्चासहित नौवटा कृष्णसार फेला परे । तिनको संरक्षणका लागि तत्कालीन वन विभागको सुरक्षा पोस्ट खडा गरेको बर्दिया निकुञ्जले जनाएको छ । लामो प्रयासपछि अहिले भाले ४४, पोथी १ सय २५ र बच्चा ६५ गरी २ सय ३४ वटा कृष्णसार छन् । निकुञ्जका अनुसार कृष्णसार दुबो र काँस भएको मैदानमा बस्न रुचाउँछन् । गाई, भैंसी र भेडाबाख्रासँगै चर्न रमाउँछन् ।

बथानमा चरिरहेका कृष्णसार मानिस देख्नासाथ सुरक्षित स्थलतर्फ भाग्छन् । अन्य वन्यजन्तु र वस्तुभाउसँग चर्न मन पराउने भएकाले संरक्षित क्षेत्रमै गोठालाले वस्तुभाउ ल्याउने गर्छन् । घरपालुवा वस्तुभाउले कृष्णसारको आहारा खाने भएकाले दैनिक झगडा गर्नुपरेको संरक्षण केन्द्रका कर्मचारीले बताए । चितुवा र भुस्याहा कुकुरको आक्रमणमा वर्सेनि एक दर्जनभन्दा बढी कृष्णसारको मृत्यु हुने गरेको छ ।

बर्दियाको गुलरिया-२ को खैरापुरमा चर्दै दुर्लभ वन्यजन्तु कृष्णसार । *फाइल तस्बिर : कान्तिपुर*

सामुदायिक वनबाट निस्कने चितुवाको आक्रमणबाट गत साउनयता पाँचवटा कृष्णसार मारिएको कृष्णसार संरक्षण क्षेत्रका सूचना अधिकारी मनराज मोक्तानले बताए । उनका अनुसार बर्सेनि १२ देखि १५ वटा कृष्णसार मारिने गर्छन् । अहिले भुस्याहा कुकुर नियन्त्रणमा आए पनि चितुवाले आक्रमण गर्न थालेको संरक्षण समितिका अध्यक्ष कृष्ण खनालले बताए । ०३२ सालमा नौवटा कृष्णसार रहेकोमा ०७१ मा ३ सय १ वटा पुगेका थिए । ०७१ साल साउन अन्तिम साता आएको बाढीले ४० वटा बगाएको थियो । ०७४ सालमा बाढीले १८ वटा कृष्णसार मारिएको संरक्षण समितिले जनाएको छ । कृष्णसार संरक्षण क्षेत्रसँग बबई नदी जोडिएका कारण पनि बाढी आउनासाथ कृष्णसार संरक्षण क्षेत्रलाई क्षति पुऱ्याउँदै आएको छ ।

सूचना अधिकारी लामाका अनुसार यसको एउटा भालेले प्रजननका लागि एक दर्जन पोथी खोज्ने गर्छ । एउटै भालेले दिनहुँ एक दर्जनभन्दा बढी पोथीलाई आफ्नै नियन्त्रणमा राख्ने गर्छ । आफ्नो नियन्त्रित क्षेत्रमा अन्य भालेलाई प्रवेश गर्न दिँदैन । बलियो भाले आयो भने लडाइँ हुन्छ । त्यसमा जित्नेले ती पोथीलाई नियन्त्रणमा राख्ने गरेको दुई दशकदेखि कृष्णसार संरक्षण क्षेत्रमा काम गर्दै आएका गेम स्काउट डुम चन्दले बताए । उनका अनुसार पूर्णिमा र अँधेरी रात प्रजननका लागि कृष्णसारलाई मन पर्ने समय हो । एउटा कृष्णसारले ६-६ महिनामा २/३ वटा पाठापाठी जन्माउँछन् ।

अतिक्रमण समस्या

गुलरिया नगरपालिका-२ खैरापुर फाँटस्थित कृष्णसार संरक्षण क्षेत्र ७ सय ८ बिघा क्षेत्रमा फैलिएको थियो । हाल करिब ३ सय ५० बिघा क्षेत्रफल अतिक्रमण भएर १ सय ४२ घरटहरा बनिसकेको छ । अतिक्रमण हटाउन पहल नभएकाले वन्यजन्तु संकटमा परेको छ । केही वर्षयता थप अतिक्रमण रोकिएको छ । तर, त्यहाँबाट हटाइएकाहरूको व्यवस्थापन नहुँदा उनीहरूको दृष्टि कृष्णसार क्षेत्रकै जग्गामा छ । ०६५ चैत ३ मा संरक्षण क्षेत्र घोषणाअघि ऐलानी जग्गामा बस्दै आएका ५३ घरधुरी पनि यहीं छन् । ०६२/६३ को जनआन्दोलनका समय विभिन्न ठाउँबाट आएका ९३ जनाले संरक्षित क्षेत्रको जमिन कब्जा गरी अस्थायी टहरा बनाए । सरकारले यहाँ रहेका सुकुम्बासीका लागि अन्यत्र व्यवस्था गरे पनि छाडेर गएनन् । कृष्णसार संरक्षण समितिका पूर्वअध्यक्ष एवं गुलरिया-२ का वडाध्यक्ष टंक अधिकारीले केन्द्रले बस्ती अन्यत्र स्थानान्तरण गर्न समिति गठन प्रक्रिया अघि नबढाएका कारण समस्या भएको बताए । बर्दिया राष्ट्रिय निकुञ्जले कृष्णसारको वंश नै समाप्त गर्न अतिक्रमणकारी समूह लागिपरेको शंका गरेको छ ।

जमिन अतिक्रमण भएलगत्तै केही समयसम्म चोरी सिकारीले चारवटा कृष्णसार मारेर कान, नाइटो र पुच्छर काटेर लगेका थिए । त्यस अवधिमा भुस्याहा कुकुर, हुँडार र प्राकृतिक कारणबाट पाँचवटाको मृत्यु भएको थियो । कृष्णसारलाई संरक्षित वन्यजन्तु घोषणा गरे पनि संरक्षणका लागि सरकारले खासै पहल नगरेको वडाध्यक्ष अधिकारी गुनासो गर्छन् । चितुवा र स्याललगायतको आक्रमणले कृष्णसार मर्दै जाने हो भने केही वर्षभित्र निमिट्यान्न हुने स्थानीय जग्गु यादवले बताए । कृष्णसार एन्टीलोप (मृग) जातिको एक वन्यजन्तु हो । यसको वैज्ञानिक नाम सर्भिकापा हो । यसलाई अंग्रेजीमा ब्ल्याक बक भनिन्छ । नेपालबाट लोप हुन थालेका कारण यसलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको हो । पहिले तराइका धेरै भागमा पाइने उक्त वन्यजन्तु वासस्थान र आहाराको कमीले गुलरियाको खैरापुर क्षेत्रमा मात्र सीमित छ । ०५५ सालमा ३५ वटा कृष्णसार हराएका थिए । तिनीहरू भारतीय सीमा नजिक रहेको जंगलात क्षेत्र र कृष्णसार (काली मृग) संरक्षण केन्द्रमा गएको शंका स्थानीयले गरेका छन् । सामान्यतः भाले कृष्णसार पोथीभन्दा अलि ठूलो हुन्छ । भालेका दुईवटा सिङ बटारिएको हुन्छ तर पोथीको सिङ नै हुँदैन । जिल्ला वन कार्यालयदेखि पाँच किमि पश्चिम र राष्ट्रिय निकुञ्जबाट ५० किमि पूर्व-दक्षिणमा छ ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २७९ जनकपुर | १४ मंसिर २०७६ शनिबार मार्ग शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 30, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

ग्रान्ड रिहर्सल | १३औं दक्षिण एसियाली खेलकुद (साग) को उद्घाटन समारोहका लागि दशरथ रंगशालामा शुक्रबार साँझ 'ग्रान्ड रिहर्सल' का क्रममा मार्चपास र आतिसबाजी गरिँदै । सागको उद्घाटन आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन् । *तस्बिर : हेमन्त श्रेष्ठ र दीपक केसी/कान्तिपुर*

६ वर्षमा ५.६७ क्विन्टल सुन बरामद

■ **मातृका दाहाल** (काठमाडौं)

इकडबाट आएका दुई चिनियाँ नागरिक चेन होङयाङ र चेन क्विनहाङ ८ केजी सुनसहित विहीबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परे । जहाजबाट बाहिरिने क्रममा भन्सार र प्रहरीको टोलीले उनीहरूलाई पक्रिएको थियो । चीनको फुजियान प्रान्तका दुवै जना भरिया रहेको प्रहरीको आशंका छ । शुक्रबार पनि तिब्बत एयरबाट आइपुगेका चिनियाँ नागरिक सा लुतुई एक किलो सुनसहित त्रिभुवन विमानस्थलमा पक्राउ परेका छन् ।

गत साउन १९ गते हडकडबाटै आएका चिनियाँ नागरिक ली निङसिङ ४ केजीसहित विमानस्थलबाटै समातिए । उनी पनि तस्करका भरिया नै रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । त्यसको १० दिनअघि गोरखाको धार्चे गाउँपालिका-३ खोर्लाबेसी नजिकैको ओडारमा १६ केजी सुन फेला पऱ्यो । बरामद सुन गोरखाकै तिब्बती सीमा चुमनुब्री गाउँपालिकाको छेकम्पारस्थित डुइला नाकाबाट भित्रिएको अनुसन्धानले देखायो ।

अवैध रूपमा नेपाल भित्र्याइएको सुन बरामद गरिएका यी पछिल्ला घटना हुन् । जसबाट तस्करले विभिन्न शैली र बाटो अपनाउँदै सुन भित्र्याउने क्रम चलिरहेको देखिन्छ । प्रहरीले प्रायः भरिया मात्र समाल्ने र मुख्य कारोबारी पत्ता नलगाउने हुनाले पनि तस्करी निरन्तर भइरहेको आकलन गरिएको छ । गत चैत २० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रहरीले थाइल्यान्डबाट आएका ५ भारतीयलाई ६ केजी सुनसहित पक्राउ गरेको थियो । ०७४ असोज ४ गते रसुवागढी/केरुङ नाका हुँदै भित्रिएको ८८ केजी सुन क्षेत्रपाटीबाट बरामद भयो । यी घटनाका मुख्य कारोबारी पत्ता लागेका छैनन् ।



रोकिएन तस्करी

प्रहरीका अनुसार ०७१ मा १ सय ११ केजी, ०७२ मा ६८ केजी, ०७३ मा ९१ केजी, ०७४ मा १ सय ७९ केजी, ०७५ मा ८९ केजी र चालु आवको ८ महिनामा २९ केजी तस्करीको सुन बरामद भएको छ । प्रहरीका अनुसार ६ वर्षको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग जोडिएका नाकाबाट ५ सय ६७ केजी सुन बरामद भएको छ, जुन अहिलेको दरअनुसार करिब ३ अर्ब ५० करोड रुपैयाँ मूल्य बराबरको हो । तस्करीमा संलग्न ४ सय ५५ जना नेपाली र विदेशी नागरिक पक्राउ परेका छन् । पक्राउ परेका केहीबाहेक अधिकांश भरिया रहेको प्रहरी अधिकारीले बताएका छन् । चीन, भारत, नेपाल, दुबई, हडकङ, सिंगापुर, थाइल्यान्डलगायत मुलुकमा बसेर सुन अवैध रूपमा ओहोरदोहोर गराउन गिरोह सक्रिय रहे पनि निस्तेज पार्न सरकारले सकेको छैन ।

यसबीचमा सुन तस्करलाई ओसारपसारमा सहयोग गरेको अभियोगमा नेपाल प्रहरीका एसएसपीद्वय रविराज श्रेष्ठ र श्याम खत्री लगायतसमेत पक्राउ परे । सशस्त्र प्रहरीका तत्कालीन डीएसपी हर्क पन्त भन्सार छली र सुन तस्करसँग मिलेको अभियोगमा तातोपानीबाटै पक्राउ परे । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भुजुङ गुरुङ पनि पक्राउ परे ।

पूर्वडीआईजी हेमन्त मल्ल नेपालमा तस्करीको सुन ९० प्रतिशत चीनबाट आउने गरेको बताउँछन् । 'तस्करले नेपाललाई ट्रान्जिट बनाएर सुन ओसारपसार गरिरहेका छन्, त्यसलाई नियन्त्रण गर्न सरकारले विद्युतीय उपकरणको प्रयोग बढाउनुपर्छ,' उनले भने, 'विमानस्थलसहित सबै नाकामा सुन, लागूऔषध र मुद्रा पहिचान गर्न सक्ने उपकरण जडान गरियो भने धेरै हदसम्म तस्करी रोक्न सकिन्छ ।'

नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग सीमा जोडिएका स्थल नाकाबाट सुन तस्करी हुँदै आएको छ । भारतसँग मानव आवतजावत गर्न मिल्ने ७३ नाका/चेकप्वाइन्टमा सरकारको उपस्थिति छैन । चीनसँग सीमानाका जोडिएका डेढ दर्जन चेकप्वाइन्टमा पनि सरकारको संयन्त्र पुगेको छैन ।

बाँकी पृष्ठ १३

यसरी सुरु हुँदै छ १३औं साग

■ **विनोद पाण्डे** (काठमाडौं)

दशरथ रंगशाला यतिबेला दुहली घरजस्तै भएको छ । पुनर्निर्माणले रूप फेरिएको रंगशाला धपक्क बलेको छ । चारैतर्फ प्यारापिटमा छानो हालिएको छ । रंगीविरंगी कुर्सी, अनि मैदानको हरियो दुबोमा फ्लडलाइटको प्रकाश छरिँदा यो हाम्रै देशको रंगशाला हो भन्न पाउँदा पनि आनन्द लाग्छ । हो, यही रंगशालामा आइतबार भव्य समारोह हुनेछ- दक्षिण एसियाली खेलकुद १३औं संस्करणको उद्घाटन ।

'नेपाली मौलिकता प्रस्तुत हुनेछ । प्रकृति र संस्कृतिको धनी देश भनेर चिनाउनेछौं,' समारोह समितिका निर्देशक कुलबहादुर थापाले भने, 'हेरौं-हेरौं लाग्ने बनाएका छौं उद्घाटन समारोह ।' बाँकी पृष्ठ १५

उपनिर्वाचन आज

प्रतिनिधिसभाको १, प्रदेशसभाको ३ र स्थानीय तहका रिक्त ४८ समेत ५२ पदका लागि मतदान

१६ हजार २ सय १९ नयाँ मतदाता, परिचयपत्र नहुनेलाई विकल्प

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त पदका लागि शनिबार उपनिर्वाचन हुँदै छ । निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको र बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने जनाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उपनिर्वाचनका लागि सुरक्षा व्यवस्था मजबुत बनाइएकाले निर्भीक भएर मतदानमा सहभागी हुन मतदातालाई आह्वान गरेका छन् ।

प्रतिनिधिसभाको रिक्त रहेको कास्की-२, प्रदेशसभाको भक्तपुर १(१), बागलुङ २(२), दाङ ३(२) मा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनमा जसले जिते पनि प्रतिनिधिसभा वा प्रदेशसभामा रहेको दलीय उपस्थितिमा ठूलो प्रभाव पार्ने छैन । स्थानीय तहतर्फ सुनसरीको धरान उपमहानगरमा प्रमुख, संखुवासभाको मकालु, पाँचथरको फालगुनन्द र महोत्तरीको पिपरा गाउँपालिकामा अध्यक्ष पदको निर्वाचन हुन लागेको हो । हुम्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिका एवं गाउँपालिकाका रिक्त ४३ वडाध्यक्ष पदका लागि समेत उपनिर्वाचन हुँदै छ । स्थानीय तहतर्फ नगरप्रमुख, अध्यक्ष तथा वडाध्यक्ष कार्यकारी पद भएकाले त्यसको जितहारले स्थानीय सरकारमा सम्बन्धित राजनीतिक दलको भूमिका थपघट हुनेछ ।

प्रतिनिधिसभातर्फ कास्की क्षेत्र नं. २ बाट निर्वाचित तत्कालीन एमाले नेता पर्यटनमन्त्री रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । कास्की-२ मा ११ राजनीतिक दलले चुनावमा भाग लिएका छन् ।

बाँकी पृष्ठ १३

बलिको पाडामा 'कोल्ड डायरिया'

■ **पवन यादव** (सिमरा)

बाराको महागढीमाई नगरपालिका १ बरियारपुरस्थित गढीमाई मन्दिरमा बली दिनका लागि राखिएको पाडामा 'कोल्ड डायरिया' को संक्रमण देखा परेको छ।

कोल्ड डायरियाकै कारण अहिलेसम्म ६ वटा पाडा मरिसकेका छन। खुला आकाशमुनि रंगशालाभित्र राखिएका पाडामा चिसोको कारण कोल्ड डायरिया भएको हुन सक्ने पशु क्वारेन्टाइन कार्यालय वीरगन्जका प्रमुख डा. हरेराम यादवले जनाए। उनका अनुसार अहिलेसम्म १२ वटा पाडामा कोल्ड डायरिया देखिएको छ।

'बलिका लागि राखिएको पाडालाई दाना, पराल, पानीको अभाव देखिएको छ,' उनले भने, 'पाडालाई चिसोबाट बच्न, ओत लाग्न छानोको समेत अभाव छ।' मेला समितिलाई बलिका लागि राखिएको पाडाको खानपानका लागि पराल, दाना, पानीको व्यवस्था गर्न पाडा व्यवस्थापन समितिसँग बारम्बार आग्रह गरिए पनि सुनुवाइ नभएको उनले गुनासो गरे।

पाडालाई भएको दाना अभावलाई हामी आफैंले व्यवस्था गर्न थालेका छौं। पशु क्वारेन्टाइन कार्यालयका चिकित्सकको आग्रहमा विभिन्न दाना उद्योगसँग समन्वय गरी २ टन दाना र ७ बोरा मिठा रंगशालामा पुऱ्याइएको उनले जनाए।

निम्बस दाना उद्योग जगरनाथपुर, पोसाक दाना उद्योग परवानीपुर, सुजा पिस सप्लायर्स वीरगन्ज र दिवाकर भेट फर्मा काठमाडौंको सहयोगमा दाना, मिठा पाडाका लागि ल्याइएको उनले जानकारी दिए। शुक्रबार अपराह्नसम्म रंगशालामा बलिका लागि भाकल गरिएका २ हजार २ सय पाडा समितिको जिम्मा लगाइएको उनले जनाए।

गढीमाईलाई बलि दिन भाकल गरेका भक्तजनले शुक्रबारसम्म रंगशालामा पाडा ल्याउने क्रम जारी रहेको छ। भाकल पूरा भएपछि कोल्हवी नगरपालिका ४ पिपरियाका पाहुन बान्ठा पाडा लिएर शुक्रबार गढीमाइमा आइपुगेका थिए।

बलि दिने दिनसम्म संरक्षण गरेर राख्न उनले ५ सय रुपैयाँको रसिद कटाएर पाडालाई मेला समितिको जिम्मा लगाएका थिए।

'पाडाको लागि दानापानी, पराल खुवाउन नगद पैसा तिरेका छौं,' उनले भने, 'भाकलको पाडा ल्याउने सबैले नगद ५ सय समितिलाई रसिद लिएर तिर्ने गरेका छन्।' भाकल पूरा भएपछि ३ वर्षअगाडि नै गढीमाईलाई पाडा चढाउने भनेका थियौं। ५ वर्षको अन्तरालमा हुने बलिमा सहभागी गराउन पाडा लिएर आएको उनले जानकारी दिए।

उनीजस्तै भाकल पूरा भएपछि बाराको श्रीपुरबाट पैदल हिँडेर पाडा पुऱ्याउन एकजना भक्तजन गढीमाईमा आइपुगेका थिए। पशु बलि रोक्न विभिन्न संघ संस्थाले गरिरहेको प्रचारलाई व्यवस्था गर्दै उनीहरू पाडालाई बलि दिन गढीमाईमा आउन थालेका हुन्।

'गढीमाई देवी हुन्, उनलाई रगत नै चाहिन्छ,' उनले भने, 'देवीलाई बढी चढाउनबाट भक्तजनलाई कसैले रोक्न सक्दैन।' हाम्रो आस्थालाई ठेस पुऱ्याउन काम कसैले गर्न नमिल्ने उनले जिकिर गरे। गढीमाईमा बलि दिन ल्याइएका पाडाको स्वास्थ्य परीक्षण गर्न ठूलो संख्यामा पशु स्वास्थ्यकर्मी परिचालन भएका छन्।

गढीमाईमा ल्याइएका पशुको स्वास्थ्य परीक्षण गर्न गठन गरिएको पशु सेवा कार्यदलले ३० जनाको संख्यामा चिकित्सक टोली खटाएको छ। टोलीले पशु भित्रिने नाकामा समेत चेकपोस्ट राखेर बलिका लागि ल्याइएको पशुको स्वास्थ्य परीक्षण समेत गर्ने गरेको कार्यदलमा आबद्ध चिकित्सक रामाधार साहले जानकारी दिए।

पशुको स्वास्थ्यलाई मध्यनजर गरी २४ सै घण्टा रंगशालालाई निगरानी गर्न थालिएको बताए। 'बलिका लागि पाडा ल्याइएको पाडालाई सुरक्षित राख्न रातदिन खटेका छौं,' उनले भने, 'चिसो र उचित खानपानको अभावमा पाडामा संक्रमण देखा पर्न थालेका छन्।' बलिका लागि ल्याइएका सबै पाडा निरोगी रहेको उनले दाबी गरे। बलि दिइसकेपछि रोगको संक्रमण फैलिन नदिन स्प्रेको व्यवस्थासमेत गरिएको उनले जानकारी दिए।

बलि स्थलमा ल्याइएको पाडालाई आवश्यकताअनुसार पराल, दानापानी उपलब्ध गराएको दाबी पाडा व्यवस्थापन समितिले गरेको छ। बलिका लागि ल्याइएको पाडा संरक्षणमा मेला समिति र पशु अधिकारकर्मीसमेतले ध्यान नपुऱ्याएको गुनासो शिक्षक राकेश पाण्डेयले गरे।

कर्मचारी आवश्यकता

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोबार गर्न ईजाजतप्राप्त प्रादेशिक (प्रदेश नं.२) स्तरको संस्था हो। यस संस्थाको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुका लागि देहाय बमोजिमको जनशक्ति आवश्यक भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट मिति २०७६/०८/२७ गते भित्र निम्न ठेगानामा आइपुग्ने गरी बायोडाटा संलग्न गरी रितपुर्वक दरखास्त आहवान गरिन्छ।

विज्ञापन नं.	पद	श्रेणी	संख्या	आवश्यक न्यनतम योग्यता र अनुभव/शैक्षिक योग्यता
०२/२०७६/७७ (खुल्ला)	बरिष्ठ अधिकृत, अधिकृत, (विभागीय प्रमुख)	अधिकृत	केही	मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक उतिर्ण गरी वित्तिय क्षेत्रमा कम्तिमा ५ वर्ष कार्यअनुभव भएको। (आन्तरीक लेखापरीक्षण, कर्जा तथा अनुगमन विभाग, सम्बन्धि कम्तीमा १ वर्ष कार्य गरेकोलाई प्राथमिकता दिईनेछ।) उमेर : २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
०३/२०७६/७७ (खुल्ला)	बरिष्ठ सहायक /सहायक (शाखा प्रबन्धक)	सहायक	केही	वाणिज्य शास्त्रमा स्नातक वा सो सरहको परीक्षा उतिर्ण गरी वित्तिय क्षेत्रमा कम्तीमा २ वर्ष कार्यअनुभव भएको वा प्रविणता प्रमाणपत्र उतिर्ण गरी कम्तीमा ३ वर्ष कार्यअनुभव भएको। (शाखा प्रबन्धकको कार्यअनुभव भएको र कम्प्युटरमा कम्तीमा डिप्लोमा गरेकोलाई प्राथमिकता दिईनेछ।) उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका (महिलाको हकमा ५ वर्ष थप)
०४/२०७६/७७ (खुल्ला)	बरिष्ठ सहायक प्रशिक्षार्थी	सहायक	केही	मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक उतिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको। (कम्प्युटरमा कम्तीमा डिप्लोमा गरेको र नेपाली टाईप गर्न सक्नेलाई प्राथमिकता दिईनेछ।) उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका (महिलाको हकमा ५ वर्ष थप)
०५/२०७६/७७ (खुल्ला)	कनिष्ठ सहायक प्रशिक्षार्थी	सहायक	केही	मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र उतिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको। उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका (महिलाको हकमा ५ वर्ष थप)

उमेर : महिलाको हकमा माथि उल्लेखित सबै पदमा ५ वर्ष थप हुनेछ।
परीक्षाको किसिम : विज्ञापन नं. २ र ३ को हकमा कम्प्युटर जांच तथा अन्तरवार्ता र विज्ञापन नं. ४ र ५ को हकमा लिखित, फिल्ड अवधारणा, कम्प्युटर जांच तथा अर्न्तवार्ता।
आवेदन पठाउने ठेगाना : कुन पदमा आवेदन पेश गरेको स्पष्ट खुल्ने गरी आवेदन साथ बायोडाटा, अन्तिम शैक्षिक प्रमाणपत्र, तथा कार्यअनुभव पुष्टि हुने प्रमाणपत्र सहित **slbs.vacancy@gmail.com** मा उल्लेखित मिति भित्र आइपुग्ने गरी पठाउनु पर्नेछ। रित नपुगी वा म्यादनाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन। रितपुर्वक प्राप्त दरखास्त मध्ये छोटो सुचीमा परेका उम्मेदवारहरुलाई मात्र छनौट प्रकियाको लागि सम्पर्क गरिनेछ।
परीक्षा दस्तुर : विज्ञापन नं. ४ र ५ को हकमा उम्मेदवारहरुले आवेदन सहित रु.३००/- परिक्षा दस्तुर स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.,केन्द्रीय कार्यालय, लहान, सिराहाको नाममा रहेको एनआइसी एसिया बैंक, खाता नं. ३६४१०००७८७८५२४०४ मा आफ्नो नाम उल्लेख गरी जम्मा गरेको भौचर दरखास्त साथ पठाउनु पर्नेछ।

● नोट : कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।

पदपुर्ति समिति
स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय लहान, सिराहा।

जनकपुरमा विवाह महोत्सव

राष्ट्रपतिले गरिन् अयोध्याका जन्तीलाई स्वागत

■ **श्यामसुन्दर शशि** र **सन्तोष सिंह** (जनकपुर)

भारतको अयोध्याबाट जनकपुर आइपुगेको जन्तीलाई राष्ट्रपति विद्यादेवी भण्डारीले शुक्रबार स्वागत गरेकी छन्। महोत्सव मूल समितिद्वारा बाह्रबिघा रंगभूमि मैदानमा आयोजित समारोहमा राष्ट्रपति भण्डारीले जन्तीको स्वागत गरेकी हुन्। जन्तीको स्वागतमा जानकी लीला गीति नाटकसमेत प्रदर्शन गरिएको छ। रामजानकी विवाह महोत्सवको चौथो दिन शुक्रबार तिलकोत्सव विधि सकिएको छ। राम-सीता विवाहका दिन पारेर हरेक वर्ष विवाहपञ्चमीमा प्रतिकात्मक विवाह गर्ने चलन छ।

जन्तीलाई राष्ट्रपति भण्डारीसँगै प्रदेशका मुख्यमन्त्री लालबाबु राउत, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई, भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री पदमाकुमारी अर्याल, प्रदेश प्रमुख तिलक परियार, भौतिक पूर्वाधारमन्त्री जितेन्द्र सोनल, आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादव, मन्त्री रामनरेश राय र नवलकिशोर साहलगायतले स्वागत गरे। मुख्यमन्त्री राउतले रामजानकी विवाह महोत्सवले नेपाल-भारतलाई सूत्रमा जोड्ने काम गरेको बताए। 'विवाहपञ्चमीले त्रेतायुगीन अटुट बेटी-रोटीको सम्बन्धलाई प्रगाढ पारेको छ,' उनले भने, 'भारतको अयोध्याबाट आउने जन्तीले त्रेताकालीन संस्कृतिलाई बचाएको छ।'

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भट्टराईले राम-जानकी विवाह महोत्सवलाई नेपाल-भारतबीच त्रेतायुगदेखि विद्यमान सुमधुर सम्बन्धको उदाहरणको रूपमा व्याख्या गरे। उनले भने, 'यो धार्मिक तथा सांस्कृतिक महोत्सव दुई देशबीच विद्यमान सुमधुर सम्बन्धको प्रतीक हो। हामी यस सम्बन्धलाई अझ प्रगाढ बनाउन चाहन्छौं।' बाह्रबिघामा आयोजित स्वागत समारोहपछि जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवको नेतृत्वमा फलफूल, लत्ताकपडा तथा मीष्ठान्नको भारीसहित निस्केको साधुसन्त तथा श्रद्धालुसम्मिलित यात्रा राममन्दिर पुगी विधिवत् तिलकोत्सव गरिएको थियो। जहाँ कन्यापक्ष (जानकी मन्दिर) ले दुल्हापक्ष (राममन्दिर) को तर्फबाट राममन्दिरका महन्थ राम गिरीले स्वागत गरेका थिए।

आइतबार हुने विवाहपञ्चमीमा सहभागी हुन नेपाल र भारतका तीर्थालुहरूको जनकपुर आउने क्रम बढेको छ। शुक्रबार बिहानैदेखि जनकपुरमा तीर्थालुहरूको बाक्लो जमघट छ। हजारौं तीर्थालु सहभागी हुने राम-जानकी विवाहोत्सवमा उनीहरूको बस्ने र खाने बन्दोबस्त मिलाइएको छ। जानकी मन्दिर मूल आयोजक रहने उत्सवलाई भव्य बनाउन प्रदेश सरकार र जनकपुर उपमहानगरले पनि सहयोग गरिरहेको छ। विवाहोत्सवका लागि जनकपुरको जानकी मन्दिरलाई बेहुलीभैं सिंगारिएको छ। मन्दिरमा जन्ती भित्रियाउने चटारो छ। मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासका अनुसार तीर्थालु र जन्तीलाई स्वागत गर्न जनकपुर तयार बसेको छ। विवाहउत्सवको दिन आइतबार प्रदेश सरकारले सार्वजनिक बिदा घोषणा गरेको छ।

जनकपुरमा रामजानकी बिवाह महोत्सवको चौथो दिन शुक्रबार तिलकोत्सव कार्यक्रममा सहभागी राष्ट्रपति विद्यादेवी भण्डारी (माथि) र भारसहित नगर परिक्रमा गर्दै श्रद्धालु। *तस्बिर : सन्तोष/कान्तिपुर*

ड्रोनबाट निगरानी

विवाहपञ्चमीको सुरक्षाका लागि नेपाल प्रहरीका करिब दुई हजार सुरक्षाकर्मी जनकपुरमा परिचालन गरिएको छ। प्रदेशका प्रहरी प्रमुख डीआईजी प्रद्युम्न कार्कीले विवाहपञ्चमीलाई चुस्त-दुरुस्त बनाउन अन्य जिल्लाबाट थप सुरक्षाकर्मी झिकाइएको जनाए। 'साधुसन्त र तीर्थालु बस्ने धर्मशाला, होटल, लज सबैतिर सुरक्षा निगरानी राखिएको छ', कार्कीले भने, 'अगान्तुकलाई सीमामा कसैले दुःख नदेओस् भनेर त्यहाँ पनि निगरानी बढाइएको छ।'

उनका अनुसार विवाहपञ्चमीको दिन सीसीक्यामेरा र ड्रोनबाट पनि निगरानी गरिने बताए। उनले मूल समारोहस्थल जानकी मन्दिर र रंगभूमि मैदानमा सीसीक्यामेरा जडान गरिसकिएको र चोरी-पाकेटमारी रोक्न सादा पोसाकमा प्रहरी खटाइएको बताए। विवाहपञ्चमीको सुरक्षा बन्दोबस्तको कमान्ड डीआईजी कार्की आफैंले सम्हालेका छन्।

ENJOY DOLBY ATMOS SOUND | BIG Movies
NOW SHOWING
COMMANDO 3 : 9:00 AM, 2:45 PM, 5:30 PM, 8:15 PM
PAGALPANTI : 11:45 AM, 7:45 PM,
SARAUTO : 9:15 AM, 2:15 PM, BALA : 5:00 PM
LOVE YOU HAMESHA : 12:00 PM,
3D : FROZEN II : 8:45 AM, 11:00 AM, 1:15 PM, 3:30 PM, 5:45 PM, 8:00 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays
At Rs. 185 * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

Showing Time 8:20, 11:20, 2:20, 5:20
COMMANDO 3 OFFICIAL TRAILER 30 MILLION+
● Commando -3, Pagalpanti ● Love U ● हमेशा,
● सरौतो ● मखमली मखमली, ● छ माया छपक्कै, ● च च हुइ

GUNA GROUP Guna Cinema P. Ltd. गुण सिनेमा हल प्रा. लि.
PAGALPANTI COMMANDO 3 OFFICIAL TRAILER 30 MILLION+
● Comando 3 ● Love you hamesa ● Chha maya
● Chhapakkai ● Makhmali ● Cha Cha Hui
● Sarauto ● Poi paryo kale

तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	पराक्रम बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	वैमनस्यता
मिथुन	प्रियजन भेट	धनु	पदोन्नती
कर्कट	खटपट	मकर	केही लाभ
सिंह	वादविवादमा सफल	कुम्भ	कार्य सद्धि
कन्या	हर्ष बढ्ने	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १५ गते आइतबार तदनुरुप १ डिसेम्बर २०१९ मार्गशिर्ष शुक्लपक्ष पञ्चमी तिथि रात्रिको ८:१३ बजेसम्म उप्रान्त षष्ठि तिथि, उत्तराढा नक्षत्र प्रात: ११:३२ बजेसम्म उप्रान्त श्रवण नक्षत्र, वृद्धि योग दिनको ३:५८ बजेसम्म उप्रान्त ध्रुब योग, बब करण प्रात: ७:४३ बजेसम्म उप्रान्त बालब करण, मकर राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
७:३०	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मुभी
४:००	कान्तिपुर समाचार
४:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मस□ग स्याउन
१०:००	हियर्ज दु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	आउन मस□ग स्याउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)	१५:००	कान्तिपुर डायरी
०६:३०	कान्तिपुर डायरी	१५:५५	राइवार (नन्दकुमार)
०७:००	द हेडलाइनर्स	१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
०७:३०	विज्ञान प्रविधि (नाष्ट)	१६:०५	विवक फिक्स (रिमता/धलिसा)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी	१७:००	डिष्ट्रिक्ट डायरी
०८:०५	द गुडमर्निङ शो (मृणेन्द्र)	१७:०५	न्यूजिक लाउन्ज (राजेश पाण्डे)
०८:३०	ओल्ड इज गोल्ड	१८:००	ज्योतिश दर्शन (शिवराज)
०९:००	कान्तिपुर डायरी	१८:३०	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट	१९:००	काठमान्डु बीट (साजारिका)
०९:१५	राष्ट्रिय गीत	२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
०९:२०	घुम्ने मेच (डिनेश डिसी)	२०:०५	रक मेसिन (मानस्मी वान्तवा)
१०:००	स्पोर्टस् डायरी	२१:००	कान्तिपुर डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)	२१:२५	न्यूज मेकर अफ द डे
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी	२१:३०	हेलो मिथिला (थिरेन्द्र/रुपा)
११:०५	गेमस् पिपुल प्लेे (प्रिचंका)	२३:००	सो टाइम (स्वर्ण)
१२:००	कान्तिपुर डायरी	२४:००	टप टेन (धलिसा)
१२:१०	टप टेन (धलिसा)	२४:१०	म अनि मेरो कथा (शुभ)
१३:००	डिस्ट्रिक डायरी	०१:००	नेपाली गीतहरु लगातार
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)	०३:००	हिन्दी गीतहरु लगातार
१४:००	इन्टरभेसनल डायरी	०८:००	भजनहरु लगातार
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)		

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५२४१००
एम्बुलेन्स रेडक्रस	१००
बारुण यन्त्र	५२००११
जनकपुर अञ्चल अस्पताल	५०६१३८
एम्बुलेन्स महावीर चुवा कमिटी	५२५१८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१७८६
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३७१
अञ्चल प्रहरी कार्यालय	५२०३६५
एयरपोर्ट	५२००४४
बुद्ध एयर	५२५०२०
याति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८१२/५२७८९९

महोतरी

जिल्ला अस्पताल	५२००६०
वारुण यन्त्र	५२००९७
प्रहरी	५२०१२२
प्रहरी	५२००२२
रेडक्रस एम्बुलेन्स	५२०१००
बन्दना हस्पिटल प्रा.लि. गौशाला	९८५४०२५५२७/९८५४०२३५२७
विद्युत फ्युज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४२७१५७
छिन्नमस्ता ज्ञाण	५२०६१२
ई.पी.का. बर्दिबास	५५५००६
जिल्ला प्रहरी कार्यालय	५२०१२२
प्रहरी कन्ट्रोल	५२००००२
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय गौशाला	५५५००/५२२०७२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५८६२१
तिलगंगा आँखा अस्पताल	४४२३६८४
वीर अस्पताल	४२२९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसुति गृह	४२५३२७६
ठेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६
मानसिक अस्पताल	५१२५३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४१२
काठमाडौं मोडेल अस्पताल	४२४०८७५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	९७३४, ४२१७०७६६, ४२१७०६५५
मेडीकेयर नेशनल अस्पताल	४४६२०४७
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६००६७
फ्रेन्डस आफ शान्ता अवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४१३०२५
कान्तिपुर हेल्थल हस्पिटल, महाराजगन्ज	४३०१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१९९२५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निः शुल्क एम्बुलेन्स/शवबाहन	४४२८०३५
सुनैरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४४५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९२९
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर दशावसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

अदालतको लापरबाहीले सास्ती

विराटनगर (कास)- छिमेकीले हातमा पत्रिका बोकेर बिहानै घरमा आएपछि विराटनगरका अशोककुमार चौहान शुक्रबार दिनभर घरबाट बाहिर निस्कन सकेनन् । स्थानीय केही पत्रिकामा फरार प्रतिवादी पक्राउ भन्ने शीर्षकको समाचारमा अशोकको पनि नाम थियो ।

छिमेकीले 'के हो यस्तो ?' भन्दै सोध्न थालेपछि उनले घरबाट निस्कन नसकेको गुनासो गरे । २०६५ मा मोरङको लेटाङबाट विराटनगर फर्कंदैगर्दा लक्ष्मीमार्गमा चौहानको मोटरसाइकल दुर्घटना भएको थियो । मोटरसाइकलको पछाडि सवार लक्ष्मी संग्रौलाको घटनास्थलमै मृत्यु भयो । चौहान पनि गम्भीर घाइते भए । लक्ष्मीका आफन्तले जानीजानी मोटरसाइकल दुर्घटनामा पारेको भन्दै त्यसबेला उनीविरुद्धमा किटानी जाहेरी दिए । प्रहरीले उनलाई पक्राउ गरेको थियो । दुई हजार धरौटीमा छुटेका उनलाई अदालतले २०६५ फागुन १ मा २ हजार नै जरिवाना गर्ने फैसला गरेको थियो । धरौटी राखेको रकमबाटै जरिवाना असुलउपर भयो । आफ्नो निर्दोसिता साबित भएको भन्दै उनी ढुक्क भए । तर, अदालतले फरार प्रतिवादीको सूचीमा उनको पनि नाम चढायो ।

अदालतले फैसला कार्यान्वयन गराउने भन्दै सबै स्थानीय तह र प्रहरी कार्यालयलाई फरार प्रतिवादीहरूको सूची पठाएर पक्राउ गर्न आदेश गऱ्यो । अदालतले दिएको आदेशको पालना गर्दै मोरङ प्रहरीले धमाधम सूचीका नाम अनुसारका व्यक्ति पक्राउ गर्न थाल्यो । प्रहरीले फरार प्रतिवादी भन्दै घरमै लिन आएपछि उनी अचम्ममा परे । दुर्घटनासमेत बिर्सिसकेका उनी किन प्रहरीले आफूलाई फरारको सूचीमा राख्यो भनेर केही समय त बुझ्नै नसकेको बताए । 'न त अपराध गरेको, न कुनै बिगार गरेको । अदालतको लापरवाहीले गर्दा मेरो बेइज्जत भयो,' उनले भने, 'खाएको विष पो लाग्छ त, तर मलाई त नखाएको विष लाग्यो ।'

प्रहरीले पक्राउ गर्न खोजेपछि उनी अदालतमा गएर आफूले यसअघि नै धरौटी वापतको रकम बुझाएको प्रमाणित गराएर घर फर्किए । तर, प्रहरीले उनको नामसहित फरार प्रतिवादी पक्राउ गरिएको सूचना सञ्चारकर्मीहरूलाई दियो । अदालतको लापरवाहीका कारण चौहानले प्रहरीको मानसिक तनाव पनि बेहोर्नु पऱ्यो ।

पछिल्लो समयमा मोरङ प्रहरीले अदालतले कैद वा जरिवाना सजाय तोकेर फरार भएका अभियुक्तहरू धमाधम पक्राउ गर्न थालेको छ । अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत प्रहरीले ८ मंसिर एकैदिन ४६ जनालाई पक्राउ गरेको मोरङ प्रहरीका डीएसपी तथा प्रवक्ता राजकुमार खिउँजुले जानकारी दिएका थिए । अदालतका कर्मचारीहरूको लापरवाहीले आफूले अनावश्यक तनाव झेल्नु परेको चौहानले गुनासो गरे । 'वरिपरीका छिमेकी र साथीभाईले सोधेर हैरान भइसके,' उनले भने, 'त्यस्तो हैन भनेर जवाफ दिँदादिँदा दिक्क लागिसक्यो । न्याय पाउने ठाउँकै कारण दुःख पाउनुपऱ्यो ।'

चौहानसहित मोरङ प्रहरीले सार्वजनिक अपराध मुद्दामा एक हजार ५ सय ५० रुपैयाँ जरिवाना तिरेका विराटनगर-४ का राजेश चौधरी, चोरी मुद्दामा १२ हजार जरिवाना तिरेका अनिलकुमार मण्डल र लागूऔषध मुद्दामा सर्वोच्च अदालतबाट सफाइ पाएका विकास गुरुङलाई समेत सोही दिन पक्राउ गरेको थियो । अदालतले तोकेको जरिवानाभन्दा बढी रकम धरौटी राखेर छुटेको र जरिवाना वापतको रकम धरौटीबाटै कट्टा गराएको अवस्थामा पक्राउ गरेर प्रहरीले अनावश्यक दुःख दिएको उनीहरूको गुनासो छ ।

मोरङका एसपी विश्व अधिकारीले अदालतले दिएको विवरणअनुसार फरार प्रतिवादी पक्राउ गरिएको बताए । फरारलाई पक्राउ गर्ने र फैसला कार्यान्वयन गराउने निर्णयअनुसार दिइएको सूचीअनुसार नै आफूहरूले पक्राउ गरेको उनको दावी छ । 'अदालतले फरार प्रतिवादीहरूको लिस्ट नै दिएको छ,' उनले भने, 'त्यो लिस्अनुसार हामीले नियन्त्रणमा लिएर अदालतमा उपस्थित गराउने काम गर्नैपर्छ ।'

जिल्ला अदालत मोरङका सेरेस्तेदार ईश्वरमणि ओझाले मानवीय त्रुटिका कारण सूचीमा नहुनुपर्ने नाम पनि परेको बताए । अदालतले फरार प्रतिवादी पहिचान गरी धरौटीबापतको रकम असुलउपर गर्न यथास्थानमै कर्मचारी खटाउनेसमेत गरेको बताउँदै उनले त्यस्तो अवस्थामा अदालतमा आएर सदरस्याहा नगर्दा यस्तो त्रुटि हुन सक्ने उनको भनाइ छ ।



विश्व सिमसार क्षेत्रमा सूचीकृत कपिलवस्तुको जगदीशपुर तालमा रमाएका सारस । *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

ज्वालातीर्थमा हराउँदै ज्वाला

दैलेख (कास)- पञ्चकोशी क्षेत्रलाई पौराणिक रूपमा पाँच हजार ज्वालाको बिन्दु भन्ने गरिन्छ । यहाँका विभिन्न स्थानमा जमिन मुनिबाट निस्कने ग्याँसबाट आगो बलेको देखिने भएकाले यस्तो भनिएको हो । बुढापाकाहरू पनि यस क्षेत्रमा थुप्रै ज्वाला रहेको बताउँछन् । तर, अहिले श्रीस्थान र नाभिस्थान गरी दुई स्थानमा मात्र ज्वाला बलिरहेका छन् । 'यी ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ताले सताइरहन्छ,' पञ्चकोशी क्षेत्रका ७६ वर्षीय पण्डित तिलकप्रसाद रिजाल भन्छन्, 'हेर्दाहेर्दै थुप्रै ज्वाला हराए, यसमा कसैको चिन्ता र चासो छैन ।'

उनका अनुसार २०२८ सालसम्म पादुकास्थानमा ज्वाला बल्थ्यो । त्यो वर्ष पादुका खोलामा बाढी आएर भेल सुकेपछि ज्वाला हरायो । त्यसपछि निभेको ज्वालालाई पुनर्ज्योति दिनेमा कसैको चासो भएन । बाढीले खोलामा रहेको मन्दिरका साथै शिलालेख, मूर्ति, खम्बा र देवल पनि बगाएको उनले बताए । 'उतिबेलै चासो राखेर संरक्षणको पहल भइदिएको भए ज्वाला जोगाउन सकिन्थ्यो,' उनले भने, 'तर यतातिर कसैको ध्यान पुगेन । निभेको ज्वाला कहिल्यै पनि बलेन ।'

स्थानीयका अनुसार करिब चार दसक अघिसम्म गमौडी खोलामा ललाट ज्वाला, कढर ज्वाला र श्रीस्थानमा काला ज्वाला बल्थे । ती ज्वाला अहिले अस्तित्वमा छैनन् । नाभिस्थानमा रहेको इन्द्र ज्वाला र बढी ज्वाला भने निरन्तर बलिरहेका छन् । 'ज्वाला जोगाउनको लागि हामीले धेरैपटक सरकारको ध्यानाकर्षण गरायौं, तर कुनै सुनुवाइ भएन,' श्रीस्थान व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष केशव थापाले भने, 'बरु अहिले यहाँ जमिन मुनि पेट्रोलियम पदार्थको भण्डार पो छ कि भनेर खोजी गर्न थालिएको छ । खनखान पार्दा गर्दा भएका ज्वाला पनि हराउने जोखिम छ ।'

प्रशस्त ज्वाला भएकै कारण पञ्चकोशी क्षेत्रलाई 'ज्वाला तीर्थ' भन्ने गरिन्छ । तर, पछिल्लो समय विभिन्न कारणले ज्वाला निभ्दा यसको महत्वमा प्रभाव परेको मानिएको छ । श्रीस्थानका मुख्य महन्त गोकर्णनाथ योगी कतिपय ज्वाला भूकम्पको कारण पनि निभेका बताउँछन् । भूकम्पको कम्पनले सानोतिनो ज्वाला निभे । यसका साथै खोलामा आउने बाढी-पहिरोले पनि ज्वाला निभेका उनले बताए ।

पादुका मन्दिरका ७५ वर्षीय महन्त देवीनाथ योगी त सरोकारवाला निकायले ध्यान नदिएकै कारण ज्वाला लोप भएका बताउँछन् । २०२८ सालमा बाढीले ज्वाला हराएको थाहा पाएपछि पुनः ज्वाला बाल्नको लागि पहल गरे पनि कसैले वास्ता नगरको उनले बताए । 'अहिले पनि खोलामा उत्खनन् गर्ने हो भने ज्वाला बाल्न सकिन्छ होला,' उनले भने, 'यो सम्भावनातिर कसैको ध्यान पुगेको छैन ।' पञ्चकोशी क्षेत्रलाई ज्वाला तीर्थ क्षेत्रकै रुपमा स्थापित गरिनुपर्ने उनले बताए ।

कोटिलामा पनि थुप्रै ज्वाला बल्थे । ज्वालाले राति त मन्दिर क्षेत्र उज्यालो देखिन्थ्यो । तर, ती ज्वाला पनि संरक्षण अभावमा निभेका स्थानीयको भनाइ छ । नाभिस्थान व्यवस्थापन समितिका अध्यक्ष नविनकुमार योगी अहिले पनि बुढापाकाहरूले ज्वालाबारे भन्ने गरेका बताए । अहिले सरकारले ज्वाला क्षेत्रमा पेट्रोलियम पदार्थको अन्वेषण थालेपछि भएका ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ता बढेको उनको भनाइ छ ।

पञ्चकोशी क्षेत्र ज्वालामात्र होइन, पुरातात्विक रुपमा पनि उत्तिकै महत्व बोकेको क्षेत्र हो । तर पछिल्लो समय सरकारले भौतिक विकास गर्ने नाउँमा यसको बेवास्ता गरिरहेको स्थानीयको आरोप छ । नारायण नगरपालिका-२ का बलबहादुर केसीले पर्यटकीय क्षेत्रमा जथाभावी सडक खन्दा जोखिम झन् बढेको बताए ।

बजेट अभावले रोकियो अनौपचारिक शिक्षा

■ **अगन्धर तिवारी** (पर्वत)

नेपाल सरकारले जिल्लामा तीन वर्षअघि सुरु गरेको अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम रोकिएको छ । प्राथमिक तहको शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षा दिन सुरु गरिएको कार्यक्रम सरकारले बजेट पठाउन छाडेपछि रोकिएको हो ।

बजार क्षेत्रमा मजदुरी गर्ने र पारिवारिक समस्याले नियमित विद्यालय आउन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा दिन २०७४ बैशाखदेखि कुश्मास्थित शिवालय माध्यमिक विद्यालयले कक्षा सञ्चालन गरेको थियो । कक्षामा ५ देखि १८ वर्षसम्मका बालबालिका अध्ययन गर्दै आएका थिए । ६ महिनासम्म नियमित अध्ययन गराएपछि उनीहरूको क्षमताअनुसार नियमित कक्षामा पठाउने कार्यक्रम थियो । कार्यक्रमबाट ५० बालबालिकाले नियमित अध्ययन गरिरहेका थिए । मजदुरी, सडकपेटी तथा बजारक्षेत्रका विभिन्न ठाउँबाट ल्याइएका बालबालिकालाई निःशुल्क खाजासहित अध्यापन गर्दैआएको विद्यालयले कार्यक्रम रोकिएपछि कक्षा नै स्थगित गरेको जनाएको छ ।

'पहिलो वर्ष २१ जनालाई पढाइएको थियो । उनिहरूको प्रगति राम्रो थियो,' प्रधानाध्यापक भूपेन्द्र चापागाईंले भने, 'स्तरवृद्धी भएका नियमित कक्षामा गएका थिए । नयाँ आउने क्रम जारी थियो । कार्यक्रम झ्याप्पै रोकियो ।' गत चैतदेखि अनौपचारिक शिक्षा कार्यक्रमको कुनै पनि सहयोग नआएपछि सहयोगी कार्यकर्तालाई समेत विदा गरिएको उनले बताए । नियमित विद्यालय आउने गरेका बालबालिका अहिले पुरानै अवस्थामा फर्किएका छन् । 'बजारमा धेरै बालबालिका यत्तिकै डुलेको देखिन्छ,' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इश्वर गिरीले भने, 'उनीहरूलाई ल्याएर पढाउन सकिएको छैन ।' निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार दिन नसकिएकोमा उनले चिन्ता व्यक्त गरे ।

पर्वतको कुश्मास्थित शिवालय माविमा अनौपचारिक कक्षाका बालबालिका । *तस्बिर : कान्तिपुर*

मजदुरीबाटै जीविकोपार्जन गर्दै आएका परिवार र बेवारिसे बालबालिकालाई उनिहरू भएकै ठाउँमा पुगेर विद्यालयमा ल्याउने कार्यक्रम थियो । उक्त कार्यक्रमअन्तर्गत बालबालिकाको समय अनुकूल हुनेगरि बिहान र बेलुका दुइपटक कक्षा सञ्चालन हुँदैआएको सहयोगी पार्वती सापकोटाले बताइन् । 'बिना पारिश्रमिक पनि मैले धेरै दुःख गरेकी थिएँ । तत्काल नभएपनि स्थायी हुन्छ भन्नुहुन्थ्यो । अहिले न बालबालिका आउँछन् । न मेरो भविष्य बन्यो,' उनले भनिन् । सडकपेटी तथा बिभिन्न ठाउँमा पुगेर बालिबालिका खोज्दैजाँदा कतिपय बालबालिका चोकमा रोकिएका गाडीमा पैसा मार्दै गरेका समेत भेटिने उनले बताइन । 'अहिले उनीहरूको अवस्था उस्तै छ,' उनले भनिन्, 'हामीले दुःख गर्नु मात्रै भयो ।'

अनौपचारिक कक्षामा पढ्ने गरेका कतिपय बालबालिकाका अहिले पनि अभिभावकसँगै मजदुरीमा छन् । बेवारिसे अवस्थाका बालबालिका सदरमुकाम आसपासमा फोहोर संकलन गरेर पनि जीविका चलाउँछन् । उनीहरूलाई विद्यालयमा नियमित ल्याएर अक्षर चिनाउन मुस्किल छ । 'खाजा दिएर पनि ल्याउन मुस्किल हुन्थ्यो,' प्रअ चापागाईंले भने, 'त्यति हुँदाहुँदै पनि हामीले धान्ने सकेनौं ।' अनौपचारिक शिक्षा कार्यक्रम केन्द्रदेखि नै रोकिएको भन्दै कुनै सहयोग नपाइएपछि विद्यालयको स्रोतले धान्न नसकेर बन्द गरिएको उनले बताए ।

शिक्षा विभागले अनौपचारिक शिक्षा कार्यक्रम सुरु गरेसँगै उनीहरूको अध्यापन र निरन्तरताका लागि मासिक ६२ सय पारिश्रमिक तोकेर एक सहयोगी कार्यकर्ता उपलब्ध गराए पनि पारिश्रमिक भने जिल्लामा नपठाएको विद्यालयले जनाएको छ । आर्थिक वर्ष ०७५/७६ का लागि बजेट नदिएपछि कुश्मा नगरपालिकाले ६५ हजार रूपैयाँ सहयोग गरेको थियो । चालु वर्षदेखि नगरपालिकाले सहयोग नदिएपछि बालबालिकासहित सहयोगी कार्यकर्तासमेत बिदाइ गरिएको विद्यालयले जनाएको छ । नगरपालिकाबाट उक्त कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापनले पनि सहयोग ल्याउन पहल गरेन । बरु कक्षा नचलाउने निर्णय गर्दै दुई महिनाअघि सहयोगी र विद्यार्थीलाई विदा गरेको हो ।

उपनिर्वाचन तयारी पूरा

विराटनगर (कास)- धरान उपमहानगरलगायत प्रदेश १ का विभिन्न स्थानमा हुने स्थानीय तहको उपनिर्वाचनको तयारी पूरा भएको छ । मतदान केन्द्रहरू व्यवस्थित बनाइएको छ । सुरक्षाकर्मी र कर्मचारी परिचालन भइसकेका छन् ।

संखुवासभाको मकालु गाउँपालिका र खाँदबारी-३ मा ११ वटा मतदान केन्द्र राखिएको छ । केन्द्रमा सेना, सशस्त्र र नेपाल प्रहरी परिचालित भएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद दुलालले बताए ।

संखुवासभामा मकालु गाउँपालिकामा अध्यक्ष र खाँदबारी नगरपालिका-३ मा वडाध्यक्षको निर्वाचन हुँदैछ । मकालु गाउँपालिकामा ९ हजार १ र खाँदबारी-३ मा १ हजार ८ सय ३० मतदाता छन् । मकालुमा ७ वटा दल चुनावी मैदानमा छन् । खाँदबारी-३ को वडाध्यक्षमा नेकपा र कांग्रेसको मात्र उम्मेदवारी छ ।

एक गाउँपालिका अध्यक्ष, एक नगरपालिका र अर्को गाउँपालिकाको वडाध्यक्ष पदका लागि उप निर्वाचन हुने पाँचथरमा पनि तयारी पूरा भएको छ । मतदातालाई परिचयपत्रवितरण, मतदान स्थलनिर्माण र आवस्यक सामग्री ढुवानी लगायतका सबै काम पुरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदान हुने ३१ वटा केन्द्रमा पुगेका मतदान अधिकृत, सहायक अधिकृत, कर्मचारी र सुरक्षाकर्मीले मतदानस्थल निर्माण र मतपेटिका संकलनपछि मतगणना गर्ने कक्ष समेत तयार पारिसकेका मुख्य निर्वाचन अधिकृत मोहनराज भट्टराईले बताए । अध्यक्ष पदका लागि निर्वाचन हुने फाल्गुनन्द गाउँपालिकामा १६ हजार ५ सय ७७, फिदिम नगरपालिका १ मा ३ हजार ६ सय ७६ र हिलिहाङ गाउपालिका७ मा २ हजार ६ सय मतदाता छन् । सुनसरीको धरान उपमहानगरका मेयर तारा सुब्बाको निधनपछि पद रिक्त छ । यस्तै संखुवासभाको मकालु गाउँपालिका अध्यक्ष खड्गबहादुर कटुवाल र पाँचथरको फाल्गुनन्द गाउँपालिका अध्यक्ष अमरबहादुर नेम्वाङको निधनपछि स्थान रिक्त भएको हो । यसैगरी मोरङको धनपालथान गाउँपालिका-२, पाँचथरको हिलिहाङ गाउँपालिका-७, धरान-७ को वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदै छ ।

कृष्णसार बचाउन चुनौती

■ **कमल पन्थी** (बर्दिया)

दुर्लभ वन्यजन्तुमा सूचीकृत कृष्णसार हेर्नुपरे मुलुकमै एक मात्र सुगम स्थान गुलरियाको खैरापुर हो । यहाँ निश्चित क्षेत्रफललाई तारबार गरेर वन्यजन्तु हुर्काइएको छ । यसलाई अवलोकन गर्न दिनहुँ सर्वसाधारण आउने गरेका छन् ।

आगन्तुकले रूपरंग र गतिविधि हेरेर रमाइलो मान्ने यो दुर्लभ वन्यजन्तु जोगाउन भने चुनौती बढ्दो छ । मानवीय अतिक्रमण, वस्तुभाउको चरन, भुस्याहा कुकुर र चितुवाको आक्रमण बढेपछि संरक्षणमा चुनौती बढेको हो । बर्दिया राष्ट्रिय निकुञ्जका अनुसार ४५ वर्षअघि कृष्णसार लोप भएको अनुमान गरिएको थियो । कतै नदेखिएपछि हराइसकेको संरक्षणकर्मीले अड्कल गरेका थिए । त्यही बेला बर्दिया वन्यजन्तु आरक्ष स्थापना भयो । २०३२ असोजबाट यसको खोजी थालियो । संरक्षणकर्मीका अनुसार बाँके र बर्दियामा कृष्णसार खोजी गर्ने क्रममा गुलरिया-२ स्थित खैरी पण्डितपुरको वनमा एउटा सिङ भाँचिएको बूढो भाले, एउटा वयस्क भाले, तीनवटा पोथी र चार बच्चासहित नौवटा कृष्णसार फेला परे । तिनको संरक्षणका लागि तत्कालीन वन विभागको सुरक्षा पोस्ट खडा गरेको बर्दिया निकुञ्जले जनाएको छ । लामो प्रयासपछि अहिले भाले ४४, पोथी १ सय २५ र बच्चा ६५ गरी २ सय ३४ वटा कृष्णसार छन् । निकुञ्जका अनुसार कृष्णसार दुबो र काँस भएको मैदानमा बस्न रुचाउँछन् । गाई, भैंसी र भेडाबाख्रासँगै चर्न रमाउँछन् ।

बथानमा चरिरहेका कृष्णसार मानिस देख्नासाथ सुरक्षित स्थलतर्फ भाग्छन् । अन्य वन्यजन्तु र वस्तुभाउसँग चर्न मन पराउने भएकाले संरक्षित क्षेत्रमै गोठालाले वस्तुभाउ ल्याउने गर्छन् । घरपालुवा वस्तुभाउले कृष्णसारको आहारा खाने भएकाले दैनिक झगडा गर्नुपरेको संरक्षण केन्द्रका कर्मचारीले बताए । चितुवा र भुस्याहा कुकुरको आक्रमणमा वर्सेनि एक दर्जनभन्दा बढी कृष्णसारको मृत्यु हुने गरेको छ ।

बर्दियाको गुलरिया-२ को खैरापुरमा चर्दै दुर्लभ वन्यजन्तु कृष्णसार । *फाइल तस्बिर : कान्तिपुर*

सामुदायिक वनबाट निस्कने चितुवाको आक्रमणबाट गत साउनयता पाँचवटा कृष्णसार मारिएको कृष्णसार संरक्षण क्षेत्रका सूचना अधिकारी मनराज मोक्तानले बताए । उनका अनुसार बर्सेनि १२ देखि १५ वटा कृष्णसार मारिने गर्छन् । अहिले भुस्याहा कुकुर नियन्त्रणमा आए पनि चितुवाले आक्रमण गर्न थालेको संरक्षण समितिका अध्यक्ष कृष्ण खनालले बताए । ०३२ सालमा नौवटा कृष्णसार रहेकोमा ०७१ मा ३ सय १ वटा पुगेका थिए । ०७१ साल साउन अन्तिम साता आएको बाढीले ४० वटा बगाएको थियो । ०७४ सालमा बाढीले १८ वटा कृष्णसार मारिएको संरक्षण समितिले जनाएको छ । कृष्णसार संरक्षण क्षेत्रसँग बबई नदी जोडिएका कारण पनि बाढी आउनासाथ कृष्णसार संरक्षण क्षेत्रलाई क्षति पुऱ्याउँदै आएको छ ।

सूचना अधिकारी लामाका अनुसार यसको एउटा भालेले प्रजननका लागि एक दर्जन पोथी खोज्ने गर्छ । एउटै भालेले दिनहुँ एक दर्जनभन्दा बढी पोथीलाई आफ्नै नियन्त्रणमा राख्ने गर्छ । आफ्नो नियन्त्रित क्षेत्रमा अन्य भालेलाई प्रवेश गर्न दिँदैन । बलियो भाले आयो भने लडाइँ हुन्छ । त्यसमा जित्नेले ती पोथीलाई नियन्त्रणमा राख्ने गरेको दुई दशकदेखि कृष्णसार संरक्षण क्षेत्रमा काम गर्दै आएका गेम स्काउट डुम चन्दले बताए । उनका अनुसार पूर्णिमा र अँधेरी रात प्रजननका लागि कृष्णसारलाई मन पर्ने समय हो । एउटा कृष्णसारले ६-६ महिनामा २/३ वटा पाठापाठी जन्माउँछन् ।

अतिक्रमण समस्या

गुलरिया नगरपालिका-२ खैरापुर फाँटस्थित कृष्णसार संरक्षण क्षेत्र ७ सय ८ बिघा क्षेत्रमा फैलिएको थियो । हाल करिब ३ सय ५० बिघा क्षेत्रफल अतिक्रमण भएर १ सय ४२ घरटहरा बनिसकेको छ । अतिक्रमण हटाउन पहल नभएकाले वन्यजन्तु संकटमा परेको छ । केही वर्षयता थप अतिक्रमण रोकिएको छ । तर, त्यहाँबाट हटाइएकाहरूको व्यवस्थापन नहुँदा उनीहरूको दृष्टि कृष्णसार क्षेत्रकै जग्गामा छ । ०६५ चैत ३ मा संरक्षण क्षेत्र घोषणाअघि ऐलानी जग्गामा बस्दै आएका ५३ घरधुरी पनि यहीं छन् । ०६२/६३ को जनआन्दोलनका समय विभिन्न ठाउँबाट आएका ९३ जनाले संरक्षित क्षेत्रको जमिन कब्जा गरी अस्थायी टहरा बनाए । सरकारले यहाँ रहेका सुकुम्बासीका लागि अन्यत्र व्यवस्था गरे पनि छाडेर गएनन् । कृष्णसार संरक्षण समितिका पूर्वअध्यक्ष एवं गुलरिया-२ का वडाध्यक्ष टंक अधिकारीले केन्द्रले बस्ती अन्यत्र स्थानान्तरण गर्न समिति गठन प्रक्रिया अघि नबढाएका कारण समस्या भएको बताए । बर्दिया राष्ट्रिय निकुञ्जले कृष्णसारको वंश नै समाप्त गर्न अतिक्रमणकारी समूह लागिपरेको शंका गरेको छ ।

जमिन अतिक्रमण भएलगत्तै केही समयसम्म चोरी सिकारीले चारवटा कृष्णसार मारेर कान, नाइटो र पुच्छर काटेर लगेका थिए । त्यस अवधिमा भुस्याहा कुकुर, हुँडार र प्राकृतिक कारणबाट पाँचवटाको मृत्यु भएको थियो । कृष्णसारलाई संरक्षित वन्यजन्तु घोषणा गरे पनि संरक्षणका लागि सरकारले खासै पहल नगरेको वडाध्यक्ष अधिकारी गुनासो गर्छन् । चितुवा र स्याललगायतको आक्रमणले कृष्णसार मर्दै जाने हो भने केही वर्षभित्र निमिट्यान्न हुने स्थानीय जग्गु यादवले बताए । कृष्णसार एन्टीलोप (मृग) जातिको एक वन्यजन्तु हो । यसको वैज्ञानिक नाम सर्भिकापा हो । यसलाई अंग्रेजीमा ब्ल्याक बक भनिन्छ । नेपालबाट लोप हुन थालेका कारण यसलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको हो । पहिले तराइका धेरै भागमा पाइने उक्त वन्यजन्तु वासस्थान र आहाराको कमीले गुलरियाको खैरापुर क्षेत्रमा मात्र सीमित छ । ०५५ सालमा ३५ वटा कृष्णसार हराएका थिए । तिनीहरू भारतीय सीमा नजिक रहेको जंगलात क्षेत्र र कृष्णसार (काली मृग) संरक्षण केन्द्रमा गएको शंका स्थानीयले गरेका छन् । सामान्यतः भाले कृष्णसार पोथीभन्दा अलि ठूलो हुन्छ । भालेका दुईवटा सिङ बटारिएको हुन्छ तर पोथीको सिङ नै हुँदैन । जिल्ला वन कार्यालयदेखि पाँच किमि पश्चिम र राष्ट्रिय निकुञ्जबाट ५० किमि पूर्व-दक्षिणमा छ ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २७९ पोखरा | १४ मंसिर २०७६ शनिबार मार्ग शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 30, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

ग्रान्ड रिहर्सल | १३औं दक्षिण एसियाली खेलकुद (साग) को उद्घाटन समारोहका लागि दशरथ रंगशालामा शुक्रबार साँझ 'ग्रान्ड रिहर्सल' का क्रममा मार्चपास र आतिसबाजी गरिँदै । सागको उद्घाटन आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन् । *तस्बिर : हेमन्त श्रेष्ठ र दीपक केसी/कान्तिपुर*

६ वर्षमा ५.६७ क्विन्टल सुन बरामद

■ **मातृका दाहाल** (काठमाडौं)

इकडबाट आएका दुई चिनियाँ नागरिक चेन होङयाङ र चेन क्विनहाङ ८ केजी सुनसहित विहीबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परे । जहाजबाट बाहिरिने क्रममा भन्सार र प्रहरीको टोलीले उनीहरूलाई पक्रिएको थियो । चीनको फुजियान प्रान्तका दुवै जना भरिया रहेको प्रहरीको आशंका छ । शुक्रबार पनि तिब्बत एयरबाट आइपुगेका चिनियाँ नागरिक सा लुतुई एक किलो सुनसहित त्रिभुवन विमानस्थलमा पक्राउ परेका छन् ।

गत साउन १९ गते हडकडबाटै आएका चिनियाँ नागरिक ली निङसिङ ४ केजीसहित विमानस्थलबाटै समातिए । उनी पनि तस्करका भरिया नै रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । त्यसको १० दिनअघि गोरखाको धार्चे गाउँपालिका-३ खोर्लाबेसी नजिकैको ओडारमा १६ केजी सुन फेला पऱ्यो । बरामद सुन गोरखाकै तिब्बती सीमा चुमनुब्री गाउँपालिकाको छेकम्पारस्थित डुइला नाकाबाट भित्रिएको अनुसन्धानले देखायो ।

अवैध रूपमा नेपाल भित्र्याइएको सुन बरामद गरिएका यी पछिल्ला घटना हुन् । जसबाट तस्करले विभिन्न शैली र बाटो अपनाउँदै सुन भित्र्याउने क्रम चलिरहेको देखिन्छ । प्रहरीले प्रायः भरिया मात्र समाल्ने र मुख्य कारोबारी पत्ता नलगाउने हुनाले पनि तस्करी निरन्तर भइरहेको आकलन गरिएको छ । गत चैत २० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रहरीले थाइल्यान्डबाट आएका ५ भारतीयलाई ६ केजी सुनसहित पक्राउ गरेको थियो । ०७४ असोज ४ गते



रोकिएन तस्करी

रसुवागढी/केरुङ नाका हुँदै भित्रिएको ८८ केजी सुन क्षेत्रपाटीबाट बरामद भयो । यी घटनाका मुख्य कारोबारी पत्ता लागेका छैनन् ।

प्रहरीका अनुसार ०७१ मा १ सय ११ केजी, ०७२ मा ६८ केजी, ०७३ मा ९१ केजी, ०७४ मा १ सय ७९ केजी, ०७५ मा ८९ केजी र चालु आवको ८ महिनामा २९ केजी तस्करीको सुन बरामद भएको छ । प्रहरीका अनुसार ६ वर्षको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग जोडिएका नाकाबाट ५ सय ६७ केजी सुन बरामद भएको छ, जुन अहिलेको दरअनुसार करिब ३ अर्ब ५० करोड रुपैयाँ मूल्य बराबरको हो । तस्करीमा संलग्न ४ सय ५५ जना नेपाली र विदेशी नागरिक पक्राउ परेका छन् । पक्राउ परेका केहीबाहेक अधिकांश भरिया रहेको प्रहरी अधिकारीले बताएका छन् । चीन, भारत, नेपाल, दुबई, हडकङ, सिंगापुर, थाइल्यान्डलगायत मुलुकमा बसेर सुन अवैध रूपमा ओहोरदोहोर गराउने गिरोह सक्रिय रहे पनि निस्तेज पार्न सरकारले सकेको छैन ।

यसबीचमा सुन तस्करलाई ओसारपसारमा सहयोग गरेको अभियोगमा नेपाल प्रहरीका एसएसपीद्वय रविराज श्रेष्ठ र श्याम खत्री लगायतसमेत पक्राउ परे । सशस्त्र प्रहरीका तत्कालीन डीएसपी हर्क पन्त भन्सार छली र सुन तस्करसँग मिलेको अभियोगमा तातोपानीबाटै पक्राउ परे । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भुजुङ गुरुङ पनि पक्राउ परे ।

पूर्वडीआईजी हेमन्त मल्ल नेपालमा तस्करीको सुन ९० प्रतिशत चीनबाट आउने गरेको बताउँछन् । 'तस्करले नेपाललाई ट्रान्जिट बनाएर सुन ओसारपसार गरिरहेका छन्, त्यसलाई नियन्त्रण गर्न सरकारले विद्युतीय उपकरणको प्रयोग बढाउनुपर्छ,' उनले भने, 'विमानस्थलसहित सबै नाकामा सुन, लागूऔषध र मुद्रा पहिचान गर्न सक्ने उपकरण जडान गरियो भने धेरै हदसम्म तस्करी रोक्न सकिन्छ ।'

नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग सीमा जोडिएका स्थल नाकाबाट सुन तस्करी हुँदै आएको छ । भारतसँग मानव आवतजावत गर्न मिल्ने ७३ नाका/चेकप्वाइन्टमा सरकारको उपस्थिति छैन । चीनसँग सीमानाका जोडिएका डेढ दर्जन चेकप्वाइन्टमा पनि सरकारको संयन्त्र पुगेको छैन ।

बाँकी पृष्ठ १३ ▸▸

यसरी सुरु हुँदै छ १३औं साग

■ **विनोद पाण्डे** (काठमाडौं)

दशरथ रंगशाला यतिबेला दुहली घरजस्तै भएको छ । पुनर्निर्माणले रूप फेरिएको रंगशाला धपक्क बलेको छ । चारैतर्फ प्यारापिटमा छानो हालिएको छ । रंगीविरंगी कुर्सी, अनि मैदानको हरियो दुबोमा फ्लडलाइटको प्रकाश छरिँदा यो हाम्रै देशको रंगशाला हो भन्न पाउँदा पनि आनन्द लाग्छ । हो, यही रंगशालामा आइतबार भव्य समारोह हुनेछ- दक्षिण एसियाली खेलकुद १३औं संस्करणको उद्घाटन ।

'नेपाली मौलिकता प्रस्तुत हुनेछ । प्रकृति र संस्कृतिको धनी देश भनेर चिनाउनेछौं,' समारोह समितिका निर्देशक कुलबहादुर थापाले भने, 'हेरौं-हेरौं लाग्ने बनाएका छौं उद्घाटन समारोह ।' बाँकी पृष्ठ १५ ▸▸

उपनिर्वाचन आज

प्रतिनिधिसभाको १, प्रदेशसभाको ३ र स्थानीय तहका रिक्त ४८ समेत ५२ पदका लागि मतदान

१६ हजार २ सय १९ नयाँ मतदाता, परिचयपत्र नहुनेलाई विकल्प

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त पदका लागि शनिबार उपनिर्वाचन हुँदै छ । निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको र बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने जनाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उपनिर्वाचनका लागि सुरक्षा व्यवस्था मजबुत बनाइएकाले निर्भीक भएर मतदानमा सहभागी हुन मतदातालाई आह्वान गरेका छन् ।

प्रतिनिधिसभाको रिक्त रहेको कास्की-२, प्रदेशसभाको भक्तपुर १(१), बागलुङ २(२), दाङ ३(२) मा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनमा जसले जिते पनि प्रतिनिधिसभा वा प्रदेशसभामा रहेको दलीय उपस्थितिमा ठूलो प्रभाव पार्ने छैन । स्थानीय तहतर्फ सुनसरीको धरान उपमहानगरमा प्रमुख, संखुवासभाको मकालु, पाँचथरको फालगुनन्द र महोत्तरीको पिपरा गाउँपालिकामा अध्यक्ष पदको निर्वाचन हुन लागेको हो । हुम्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिका एवं गाउँपालिकाका रिक्त ४३ वडाध्यक्ष पदका लागि समेत उपनिर्वाचन हुँदै छ । स्थानीय तहतर्फ नगरप्रमुख, अध्यक्ष तथा वडाध्यक्ष कार्यकारी पद भएकाले त्यसको जितहारले स्थानीय सरकारमा सम्बन्धित राजनीतिक दलको भूमिका थपघट हुनेछ ।

प्रतिनिधिसभातर्फ कास्की क्षेत्र नं. २ बाट निर्वाचित तत्कालीन एमाले नेता पर्यटनमन्त्री रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । कास्की-२ मा ११ राजनीतिक दलले चुनावमा भाग लिएका छन् ।

बाँकी पृष्ठ १३ ▸▸



लोकसेवा गठन नहुँदा बजेट रोकियो

गण्डकी (कास)- प्रदेश सरकारले प्रदेश लोकसेवा आयोगको लागि चालु वर्ष १ करोड रुपैयाँ विनियोजन गरेको छ। आयोग गठनसँगै कार्यालय व्यवस्थापन, भौतिक संरचनाको लागि उक्त रकम विनियोजन गरिएको हो।

चालुगत शीर्षकमा विनियोजित बजेट चार महिना बितिसक्दा एक रुपैयाँ पनि खर्च हुन सकेको छैन। कारण हो, प्रदेश सरकारले लोकसेवा आयोग गठनमा ढिलाइ गर्नु। प्रदेश लेखा नियन्त्रक कार्यालयका लेखा अधिकृत सुदीप गौतमले बजेट एकरुपैयाँ पनि खर्च नभएको बताए। 'प्रदेश लोकसेवा आयोग गठन गर्नको लागि विनियोजित रकम हो' गौतम भन्छन्, 'आयोग गठन नभए यो रकम खर्च हुदैन। सबै रकम चालुगत शिर्षकमा छ।' गण्डकी प्रदेशसभाले प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ। ऐन पारितसंग गण्डकी प्रदेश सरकारलाई प्रदेश लोकसेवा आयोग गठन गर्ने बाटो खुलेको हो। तर, सरकार आयोग गठन गर्नतर्फ ढिलाई गर्दै आएको छ।

प्राविधिक कारण देखाउदै सरकारले ढिला गरेको हो। सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेतले प्रदेश लोकसेवा आयोग अत्यन्तै आवश्यक रहेको बताए। उनका अनुसार अब छिट्टै आयोग गठन हुन्छ। 'आयोग गठन नहुदाँ पटक-पटक समस्या झेलिएका छन' बस्नेत भन्छन, 'आयोग नभएकै कारण अस्थायी कर्मचारी राख्न बाध्य भएका छौ।' उनले अहिलेसम्म आयोगले पूर्णता नपाएको बताए। उनले लोकसेवा आयोग प्रदेश सरकारले खुलाउनु पर्नेमा संघीय सरकारले नै हस्तक्षेप गर्दै खुल्ला गरिदिएको बताए।

संघीय सरकारले आयोगको पुरै बाटो नखोलिदिएपछि गण्डकी सरकार अघि बढ्ने स्थिति नरहेको उनको भनाई छ। प्रदेशसभाले ०७६ साउन १० मा ऐन पारित गरेको थियो। 'लोकसेवा आयोग गठन विषयमा हाम्रो सरसल्लाह भइरहेको छ' उनले दोहोऱ्याए, 'संघीय सरकारले हामीलाई समस्यामा पारेको छ। कसरी अघि बढ्ने विकल्प छैन। संघले बाटो खुलाईदिए हामीले हाम्रो काम धमाधम गर्ने थियौ। आयोग गठन भए सरकारले गर्ने धेरै काम जनताले सजिलै बुझ्न पाउछन।' उनले आयोग गठन नहुदाँ सरकारले गरेका काम खासै प्रचारप्रसार नभएको बताए। आयोग नहुदाँ कर्मचारी नियुक्ति नै प्रमुख समस्या रहेको उनको भनाइ छ।

'संघले न त कर्मचारी पठाउँछ न त हामीलाई नै नियुक्ति गर्ने अधिकार दिन्छ' प्रवक्ता बस्नेतले दोहोऱ्याए, 'कर्मचारी नहुदाँ विकास निर्माणको काम तोकिएको समयभित्र गर्न सकिएको छैन।' गण्डकीमा २२ सय कर्मचारीको दरबन्दी छ। दरबन्दी अनुसार कर्मचारी नभएको र उक्त दरबन्दी परिपूर्ति गर्ने गरि अन्य कर्मचारी आउने सम्भावना पनि नरहेको मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयले जनाएको छ। हाल गण्डकीमा १८ सय कर्मचारी छन। ४ सय कर्मचारीको दरबन्दी खाली रहेको बस्नेतले बताए।

उपनिर्वाचनको तयारी पूरा

पोखरा महानगरपालिकाका ११ वटा वडा समेटिएको क्षेत्रमा ७१ हजार ८ सय ७१ मतदाताका लागि ३२ मतदानस्थलमा ८२ मतदान केन्द्र

प्रतिनिधिसभा सदस्यका लागि शनिबार हुने उपनिर्वाचनको तयारीमा जुट्दै कर्मचारी। *तस्बिर : लालप्रसाद शर्मा/कान्तिपुर*

कान्तिपुर संवाददाता (पोखरा)

प्रतिनिधिसभा सदस्यका लागि उपनिर्वाचन हुने एक मात्र कास्की निर्वाचन क्षेत्र नम्बर-२ मा तयारी पूरा भएको छ। निर्वाचन आयोगले खटाएका सबै कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवक सम्बन्धित मतदानस्थलमा पुगेर मतदानबाहेक अन्य व्यवस्थापनको काम सकेका हुन्। मतदान शनिबार बिहान ७ बजेदेखि अपराहन ५ बजेसम्म हुनेछ।

पोखरा महानगरपालिकाका ११ वटा वडा समेटिएको यस क्षेत्रमा ७१ हजार ८ सय ७१ मतदाता छन्। मतदानका लागि ३२ मतदानस्थलमा ८२ मतदान केन्द्र तोकिएको छ। सबैभन्दा कम दीपज्योति आधारभूत विद्यालय दीप मतदानस्थलमा ७०६ मतदाता र बढीमा पार्दी मावि पार्दी मतदानस्थलमा ५ हजार २८ मतदाता रहेको निर्वाचन कार्यालयले जनाएको छ। मतदानस्थलमा अहिले सबै सुरक्षाकर्मी र कर्मचारी खटेर मतदान केन्द्र बनाइसकेका छन्। ४१० सरकारी कर्मचारी, ३२८ स्वयंसेवक र एक हजारभन्दा बढी सुरक्षाकर्मी खटिइसकेका छन्। 'मतदान गराउने बाहेक सबै तयारी सकिएको छ,' जिल्ला निर्वाचन अधिकारी महेन्द्रराज सुवेदीले भने।

उपनिर्वाचनलाई ध्यानमा राख्दै कास्कीको सुरक्षा व्यवस्था कडा पारिएको छ। प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसीका अनुसार निर्वाचनलाई शान्तिपूर्ण, स्वच्छ, मर्यादित र निष्पक्ष तुल्याउन र निर्वाचनविरोधी तथा अन्य अराजक गतिविधि हुन नदिन विशेष सतर्कता अपनाइएको छ। मतदान केन्द्रको भित्रि घेरामा नेपाल प्रहरी, बीचमा सशस्त्र प्रहरी र बाहिरी घेरामा नेपाली सेना रहनेगरी सुरक्षा व्यवस्था गरिएको छ।

तत्कालिन पर्यटनमन्त्री रविन्द्र अधिकारीको हेलिकोप्टर दुर्घटनामा गत फागुन १५ मा मृत्यु भएपछि यो निर्वाचन क्षेत्र खाली थियो। दुईवटै संविधान सभाको निर्वाचन जितेका अधिकारी २०७४ मा भएको प्रतिनिधिसभा निर्वाचनमा पनि जित हासिल गरी हयाट्रिक गरेका थिए। अहिले यस क्षेत्रमा रविन्द्रपत्नी विद्या भट्टराई नेकपा उम्मेदवारको रुपमा चुनावी मैदानमा छिन। यसैगरी कांग्रेसका पाका नेता खेमराज पौडेल पनि स्पर्धामा छन। यस क्षेत्रमा १० राजनीतिक दल र ११ स्वतन्त्र गरी ११ उम्मेदवार चुनावमा उत्रिएका छन। मतदानको अघिल्लो दिन शुक्रबारसम्म प्रमुख दलहरूले अन्तिम जोड घटाउमा लागेका छन। मतदाताको नामावली सूची हेर्दै आफ्नो पक्षमा आउनेसक्ने मतको अनुमान गर्न पार्टीहरू व्यस्त छन्। चुनावी माहौल उत्साहजनक रुपमा अघि बढेसँगै सबै उम्मेदवार सबै क्षेत्रमा पुगेर भ्याएसम्म घरदैलो गरेका थिए।

लोपोन्मुख वस्तु संरक्षणमा नगर

■ **प्रकाश बराल** (बागलुङ)

गलकोट नगरपालिकाले लोपोन्मुख वस्तुको संरक्षण अभियान थालेको छ। बजेटसमेत विनियोजन गरेर परम्परागत बाजा संरक्षण र लाखेलगायतका संस्कृति संरक्षणमा नगर लागेको हो।

नगरको वडा ३ ले मात्रै चालु वर्ष २ लाख ५० हजार रकम विनियोजन गरेको अध्यक्ष वीरजंग भण्डारीले बताए। गलकोटका अधिकांश वडामा यस्तै प्रकारका कार्यक्रम सञ्चालनमा छन्। नगरपालिकाले ढिकी, जाँतो संरक्षण तथा लोप भएका वस्तुको संकलन अभियान पनि थालेको छ। कोतघर संरक्षणका लागि ५० लाख खर्चेर डीपीआरको तयारी भएको नगरप्रमुख भरत शर्मा गैरेले बताए। यहाँको कोतघर ऐतिहासिक गलकोटे राज्यको उत्पतिसँगैको बिरासत जोडिएको स्थानीय बताउँछन्। 'राजाको दरबारबाटै प्रस्ट देखिने र दैनिक पूजा गर्ने मन्दिर भएकोले चौबिसे राज्यको कोतघर हो,' स्थानीय तुलसीप्रसाद निउरेले भने, 'कोतघर संरक्षण गर्दा पुरानो राज्यको सम्झना पनि बढ्छ।' यो योजनालाई गलकोटको गौरवको योजनामा सूचीकृत गरेको छ। कोतघरमा वर्षेनी दशै, तिजलगायतका चाडमा ठूलो मेला समेत लाग्ने गर्छ। पुराना हतियार समेत रहेकोले संरक्षण गर्ने र पुरातात्विक महत्वको प्रचार गर्ने नगरले लक्ष्य नगरको छ। 'इतिहास संरक्षण गरियो भने भोली खोजी गर्नेलाई पनि प्रमाण भेटिन्छ' गैरेले भने, 'हामीले त्यस्ता वस्तु संरक्षणको अभियानै चलाएका छौं।'

बागलुङको गलकोटमा परम्परागत लाखे प्रदर्शनी गरिँदै। *तस्बिर : प्रकाश/कान्तिपुर*

वडा ६ निवासी (सावित हरिचौर गाविसका अध्यक्ष) यामबहादुर श्रीपले लोपोन्मुख वस्तुको संरक्षणको जिम्मा लिएका छन। 'युवा पुस्तामा नाम थाहा नपाएका धेरै वस्तु संरक्षण गर्नुपर्ने देखियो' श्रीपले भने, 'नगरपालिकाले लगानी गरे पनि नगरे पनि यस्ता सामग्री संरक्षण गर्नैपर्छ।' प्लास्टिकका भाँडाकुँडा आएकाले ठेकी, मदानीसमेत बालबालिकाले चिन्न छाडेकोले संरक्षणका लागि समेत चालुवर्ष १ लाख बजेट विनियोजन गरेको उनले बताए। त्यस्ता संकलित वस्तुलाई नगरपालिका वा कुनै स्थानमा सार्वजनिक अवलोकन गर्न सकिने गरी राख्ने तयारी समेत छ।

वडा तहले आरन संरक्षण र सुधारमा पनि लगानी गरेका छन्। जातीय पोशाक संरक्षणका लागि समितिसमेत गठन भएको छ। श्रीपकै संयोजकत्वमा गठित समितिले जनजाती, बाहुन, क्षेत्री र दलीत समुदायका पोशाक संकलन र संरक्षणको काम थालिसकेको छ। स्थानीयले गलकोट दरबारलाई संग्राहलय बनाउने सोच समेत बनाएको बताए। हाल व्यक्तिगत सम्पत्तिको रुपमा रहेकोले उनीहरूलाई उचित जग्गा उपलब्ध गराएर भएपनि दरबार र पुरातात्विक महत्वका बस्तुहरू संरक्षण गर्ने तयारीमा जुटेको श्रीपले बताए।

नगरभित्रै इतिहास सम्झाउने व्यक्ती भेटिए भने सम्मान गर्ने र उनीहरूको अनुभव 'डकुमेन्ट' गर्ने तयारी गरिएको वडा ५ का अध्यक्ष नारायणध्वज मल्लले बताए। संविधानसभाका सदस्य पूर्णबहादुर राना समेत त्यो समूहमा पर्छन्। ८१ वर्षको उमेरमा उनले १५ देशका बरिष्ठ कलाकार गलकोटमा भित्राएर चित्रकला र मुर्तिकला प्रर्द्धशनीको तयारी गरेका छन्। गलकोटमै स्थानीय जातको गाई संरक्षणको योजना पनि बनेको छ।

निर्वाचन पूर्वाधार कार्यक्रम

सडकलाई प्राथमिकता

पर्वत (कास)- पूर्वाधार विकासमा सडकलाई प्राथमिकतामा राख्ने स्थानीय तहको परिपाटीलाई सांसदहरूले पनि निरन्तरता दिएका छन्। निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमको ६ करोडमध्ये अधिकांश बजेट सडकमै खर्च गर्ने गरी संघीय सांसद पदम गिरीले विनियोजन गरेका हुन्।

प्रतिनिधिसभा र प्रदेशसभाका सांसदले पूर्वाधार क्षेत्र साझेदारी कार्यक्रममा पाएको बजेट विभिन्न योजनामा विनियोजन गरेका छन्। प्रतिनिधिसभाका सांसद पदम गिरीले ६ करोड रकम जिल्लाका १० ग्रामीण सडकको स्तरोन्नतिमा रकम विनियोजन गर्ने निर्णय गरेका हुन्।

गिरीका योजनामा गत वर्षदेखि क्रमागत रुपमा सञ्चालित योजनामा यस वर्ष ५० लाख रकम विनियोजन गरेका छन्। गिरीले पातीचौर-क्याङ सडक, वारीवेनी-माझफाँट-लेकफाँट सडकका लागि पनि ५० लाख रकम छुट्याएका छन्। मिलनचोक-लेकफाँट-शालिजा सडकका लागि २० लाख रकम विनियोजन भएको छ। होश्राङ्दीदेखि भोक्सिङ हुँदै बाच्छा जोड्ने सडकका लागि पनि सांसद गिरीले ५० लाख रकम विनियोजन गरेका छन्। विहादी गाउँपालिकामा पर्ने उराम-गेप्ताङ-चिउरीखाल्टा सडकका लागि ५० लाख र हातेमालो चोक धरमपानी पैयुंकोट सडकका लागि २० लाख रकम विनियोजन भएको छ। पाङ धैरेनी मावि-पार्वती गुफा-हिमालय मावि सडक स्तरोउन्नती, गगटे गोतमेथर रापु सडक स्तराउन्नती, लाम्पाटा-सिदाली-चनौटे-कार्किनेटा सडकका लागि १०/१० लाख रकम विनियोजन भएको गिरीले जानकारी दिए। सडक योजनाका लागि उनले तीन करोड २० लाख रकम विनियोजन गरेका छन। शिक्षा क्षेत्रको पूर्वाधार अर्न्तगत जिल्लाका विभिन्न ६ वटा विद्यालयका लागि ८० लाख रकम छुट्याइएको छ। खेलकुद पूर्वाधारमा मोदीकाली कभर्डहलका लागि २० लाख र डिमुवामा कभर्ड हल निर्माण गर्न १० लाख रकम विनियोजन गरिएको छ। पर्वत अस्पतालको ल्याव सेवालाई प्रभावकारी बनाउन १५ लाख रकम छुट्याइएको छ।

प्रदेश सभाका सांसद तथा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालले २ करोडबाट विभिन्न योजनामा बजेट बिनियोजन गरेका छन्। लम्सालका योजनामा पाँच सामूदायिक क्याम्पस र ९ वटा सामुदायिक भवन र मन्दिर, पाँचवटा सडक, तीनवटा खेलमैदान, एउटा तरकारी संकलन केन्द्र बनाउने लगायतका २५ योजना समावेश छन्।

कुलपति खोज्दै प्रदेश सरकार

गण्डकी (कास)- गण्डकी प्रदेश सरकारले स्थापना गर्न लागेको गण्डकी विश्वविद्यालयको कुलपति वन्न १० जनाले निवेदन दिएका छन्। कात्तिक २४ मा कुलपति छनोट गर्ने विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालयले सूचना सार्वजानिक गरेको थियो।

आवेदनको म्याद १५ दिनको थियो। मंसिर ९ सम्मको म्यादमा १० जनाले निवेदन दिएको सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेतले बताए। विश्वविद्यालयको स्थापना, व्यवस्थापन सञ्चालन गर्न बनेको ऐन गत असोज ८ मा प्रदेशसभाले पारित गरेको थियो। असोज १७ मा राजपत्रमा प्रकाशन भएपछि सरकारले गण्डकी विश्वविद्यालय सञ्चालनको प्रक्रिया अघि बढाएको हो।

'कुलपति छनोट गर्ने विश्वविद्यालयमध्ये गण्डकी नै पहिलो हुनेछ' बस्नेत भन्छन। उनका अनुसार कुलपतिका लागि डा.प्रमोद ढकाल बाग्लुङ, डा.विमल आचार्य प्युठान, डा.पूर्णकान्त अधिकारी र डा.तीर्थबहादुर थापा लमजुङ, डा.मोतीलाल पराजुली कास्की र डा.भीमलाल गौतम पर्वत रहेका छन्। यस्तै डा.हेमराज सुवेदी, डा. वासुदेव काफ्ले, डा.वीरेन्द्रराज तिवारी र डा.दीपककुमार खड्का काठमाडौंका रहेका छन्। यीमध्ये डा.तीर्थबहादुर थापा प्रस्तावित गण्डकी विश्वविद्यालयको सम्भाव्यता अध्ययन समितिका संयोजकसमेत हुन। 'मिल्यो भने यही आर्थिक वर्ष। नभए अर्को आवबाट विश्वविद्यालय संचालनमा ल्याउने गरि तयारीमा जुटेका छौं' उनले भने, 'निवेदन दिएकाहरूको परीक्षण गछौं। योग्यता दाज्छौं र मन्त्रीपरिषदको बैठक बसि छिट्टै नियुक्तिको निर्णय गछौं।' संरचना शुन्य भएता पनि कुलपति नियुक्ति गरिएमा काम थालनी गरिने उनले बताए।

कुलपतिको लागि रोष्टरमा नाम चढाउन विद्यावारिधी उपाधि हाँसिल गरि प्राज्ञिक वा प्रशासनिक तथा व्यवस्थापनको क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव हुनुपर्ने उल्लेख छ। यस्तै, ४५ वर्ष उमेर पूरा भएको हुनुपर्ने छ भने, नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको हुनुपर्नेछ। नियुक्ती हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको र गण्डकी विश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नबाँझिएको हुनुपर्ने पनि उल्लेख छ। विश्वविद्यालयलाई राजनीतिक भागबण्डाको नभइ अनुसन्धानको थलो बनाउने र दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य प्रदेश सरकारको छ।

तपाईको आज

मेष	भाग्य वृद्धि	तुला	पराक्रम बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	वैमनस्यता
मिथुन	प्रियजन भेट	धनु	पदोन्नती
कर्कट	खटपट	मकर	केही लाभ
सिंह	वादविवादमा सफल	कुम्भ	कार्य सद्धि
कन्या	हर्ष बढ्ने	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १५ गते आइतबार तदनुरुप १ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष पञ्चमी तिथि रात्रिको ८:१३ बजेसम्म उप्रान्त षष्ठि तिथि, उत्तराढा नक्षत्र प्रात: ११:३२ बजेसम्म उप्रान्त श्रवण नक्षत्र, वृद्धि योग दिनको ३:५८ बजेसम्म उप्रान्त ध्रुव योग, बव करण प्रात: ७:४३ बजेसम्म उप्रान्त बालव करण, मकर राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्यूज
६:३०	हियर्जा दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सैंग खाउन
१०:००	हियर्जा दु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्यूज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्यूज रिपीटेड
१:३०	हियर्जा दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	आउन मर्सैंग खाउन (रिपिट)
५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	ग्रुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्यूज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्यूज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मृर्मी
८:००	कान्तिपुर समाचार
८:३०	यू एण्ड आई (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (मूपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब ७ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (प्रियंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:५५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड ग्रुजुकेसन डायरी
१६:०५	विवक फिक्स (रिसता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	म्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साजारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

पोखराका महत्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/धनुबुलेन्स रेडक्रस	०६१-५२१०२९
कास्की रेडक्रस	०६१-५२०३४०
दमकल सेवा	०६१-५२०२२२
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६०
मणिपाल शिक्षण अस्पताल	०६१-५२६१९६/९०/९८
गण्डकी मेडिकल कलेज	०६१-५४०२५३
हिमालय आँखा अस्पताल	०६१-६६१९६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-५६१०४६/५६१५६६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १११११/०६१-४६४८४१
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२५००/९८५६०२८३३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५५२२
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२७२०४७

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०९८८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका भगवती गुठी धनबुलेन्स	९८४६२९४७५००
गोरखा अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३२
स्याङ्जा रेडक्रस धनबुलेन्स	०६३ ४२०१५४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०११२/४२०४१४
पर्वत रेडक्रस धनबुलेन्स	०६७ ४२०१४२
पर्वत प्रहरी/वाकणचन्त्र	०६७ ४२०१००/४२०१९९
लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१२५/५२०५५७
लमजुङ सामुदायिक अस्पताल	०६६ ४२०१८३
म्याग्दी जिल्ला अस्पताल	०६२ ४२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बाग्लुङ्गचन्त्र	०६३ ४२०४०२
जिल्ला प्रहरी बाग्लुङ	०६८ ४२०१९२ र ४२०२९२
जिल्ला प्रहरी गोरखा	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ४२०१९८ र ४२०१९२
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९२
जिल्ला प्रहरी म्याग्दी	०६२ ४४०१९६ र ४४०२९८
जिल्ला प्रहरी म्याग्दी	०६२ ४२०१९२ र ४२०२९२
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९२
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१९२/४२०२८४
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९२
झ्यका आँबुखैरेनी	०६५ ५४००९२
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००
लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५४०२००
बुद्ध सामुदायीक मृगु अस्पताल	०७१५४९१७६
महिला तथा बाल अस्पताल-आरदा	०७१५४४४५०
युनिभर्सल कलेज आफ मेडिकल साचन्सेस भैरहवा	०७१५०६०३०
भीम अस्पताल भैरहवा	०७१५२०१९३
पृथ्वी चन्द्र अस्पताल पराशी	०७८५२०१९८
अर्घासाची जिल्ला अस्पताल	०७७४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७२५२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७६५४६२००
रेडक्रस धनबुलेन्स भैरहवा	०७१-५२०२६३, ९४५७०२१९०४
रेडक्रस, रक्त संचार भैरहवा	०७१-५२०२६३, ९८६७२२६५५७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१००४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२६५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२९२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क धनबुलेन्स/शवबाहन	४४२८०३५
सुमेरु धनबुलेन्स सेवा	०१ ५५४५५५०,९७५५१०४४५५०
परोपकार धनबुलेन्स सेवा	४२६०८१२
बिशालबजार धनबुलेन्स सेवा	४२४१२२१
रेडक्रस धनबुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस धनबुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००
नेपाल मिहर ट्यावल्सी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

अदालतको लापरबाहीले सास्ती

विराटनगर (कास)- छिमेकीले हातमा पत्रिका बोकेर बिहानै घरमा आएपछि विराटनगरका अशोककुमार चौहान शुक्रबार दिनभर घरबाट बाहिर निस्कन सकेनन् । स्थानीय केही पत्रिकामा फरार प्रतिवादी पक्राउ भन्ने शीर्षकको समाचारमा अशोकको पनि नाम थियो ।

छिमेकीले 'के हो यस्तो ?' भन्दै सोध्न थालेपछि उनले घरबाट निस्कन नसकेको गुनासो गरे । २०६५ मा मोरङको लेटाङबाट विराटनगर फर्कंदैगर्दा लक्ष्मीमार्गमा चौहानको मोटरसाइकल दुर्घटना भएको थियो । मोटरसाइकलको पछाडि सवार लक्ष्मी संग्रौलाको घटनास्थलमै मृत्यु भयो । चौहान पनि गम्भीर घाइते भए । लक्ष्मीका आफन्तले जानीजानी मोटरसाइकल दुर्घटनामा पारेको भन्दै त्यसबेला उनीविरुद्धमा किटानी जाहेरी दिए । प्रहरीले उनलाई पक्राउ गरेको थियो । दुई हजार धरौटीमा छुटेका उनलाई अदालतले २०६५ फागुन १ मा २ हजार नै जरिवाना गर्ने फैसला गरेको थियो । धरौटी राखेको रकमबाटै जरिवाना असुलउपर भयो । आफ्नो निर्दोसिता साबित भएको भन्दै उनी ढुक्क भए । तर, अदालतले फरार प्रतिवादीको सूचीमा उनको पनि नाम चढायो ।

अदालतले फैसला कार्यान्वयन गराउने भन्दै सबै स्थानीय तह र प्रहरी कार्यालयलाई फरार प्रतिवादीहरूको सूची पठाएर पक्राउ गर्न आदेश गऱ्यो । अदालतले दिएको आदेशको पालना गर्दै मोरङ प्रहरीले धमाधम सूचीका नाम अनुसारका व्यक्ति पक्राउ गर्न थाल्यो । प्रहरीले फरार प्रतिवादी भन्दै घरमै लिन आएपछि उनी अचम्ममा परे । दुर्घटनासमेत बिर्सिसकेका उनी किन प्रहरीले आफूलाई फरारको सूचीमा राख्यो भनेर केही समय त बुझ्नै नसकेको बताए । 'न त अपराध गरेको, न कुनै बिगार गरेको । अदालतको लापरवाहीले गर्दा मेरो बेइज्जत भयो,' उनले भने, 'खाएको विष पो लाग्छ त, तर मलाई त नखाएको विष लाग्यो ।'

प्रहरीले पक्राउ गर्न खोजेपछि उनी अदालतमा गएर आफूले यसअघि नै धरौटी वापतको रकम बुझाएको प्रमाणित गराएर घर फर्किए । तर, प्रहरीले उनको नामसहित फरार प्रतिवादी पक्राउ गरिएको सूचना सञ्चारकर्मीहरूलाई दियो । अदालतको लापरवाहीका कारण चौहानले प्रहरीको मानसिक तनाव पनि बेहोर्नु पऱ्यो ।

पछिल्लो समयमा मोरङ प्रहरीले अदालतले कैद वा जरिवाना सजाय तोकेर फरार भएका अभियुक्तहरू धमाधम पक्राउ गर्न थालेको छ । अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत प्रहरीले ८ मंसिर एकैदिन ४६ जनालाई पक्राउ गरेको मोरङ प्रहरीका डीएसपी तथा प्रवक्ता राजकुमार खिउँजुले जानकारी दिएका थिए । अदालतका कर्मचारीहरूको लापरवाहीले आफूले अनावश्यक तनाव झेल्नु परेको चौहानले गुनासो गरे । 'वरिपरीका छिमेकी र साथीभाईले सोधेर हैरान भइसके,' उनले भने, 'त्यस्तो हैन भनेर जवाफ दिँदादिँदा दिक्क लागिसक्यो । न्याय पाउने ठाउँकै कारण दुःख पाउनुपऱ्यो ।'

चौहानसहित मोरङ प्रहरीले सार्वजनिक अपराध मुद्दामा एक हजार ५ सय ५० रुपैयाँ जरिवाना तिरेका विराटनगर-४ का राजेश चौधरी, चोरी मुद्दामा १२ हजार जरिवाना तिरेका अनिलकुमार मण्डल र लागूऔषध मुद्दामा सर्वोच्च अदालतबाट सफाइ पाएका विकास गुरुङलाई समेत सोही दिन पक्राउ गरेको थियो । अदालतले तोकेको जरिवानाभन्दा बढी रकम धरौटी राखेर छुटेको र जरिवाना वापतको रकम धरौटीबाटै कट्टा गराएको अवस्थामा पक्राउ गरेर प्रहरीले अनावश्यक दुःख दिएको उनीहरूको गुनासो छ ।

मोरङका एसपी विश्व अधिकारीले अदालतले दिएको विवरणअनुसार फरार प्रतिवादी पक्राउ गरिएको बताए । फरारलाई पक्राउ गर्ने र फैसला कार्यान्वयन गराउने निर्णयअनुसार दिइएको सूचीअनुसार नै आफूहरूले पक्राउ गरेको उनको दावी छ । 'अदालतले फरार प्रतिवादीहरूको लिस्ट नै दिएको छ,' उनले भने, 'त्यो लिस्अनुसार हामीले नियन्त्रणमा लिएर अदालतमा उपस्थित गराउने काम गर्नैपर्छ ।'

जिल्ला अदालत मोरङका सेरेस्तेदार ईश्वरमणि ओझाले मानवीय त्रुटिका कारण सूचीमा नहुनुपर्ने नाम पनि परेको बताए । अदालतले फरार प्रतिवादी पहिचान गरी धरौटीबापतको रकम असुलउपर गर्न यथास्थानमै कर्मचारी खटाउनेसमेत गरेको बताउँदै उनले त्यस्तो अवस्थामा अदालतमा आएर सदरस्याहा नगर्दा यस्तो त्रुटि हुन सक्ने उनको भनाइ छ ।



विश्व सिमसार क्षेत्रमा सूचीकृत कपिलवस्तुको जगदीशपुर तालमा रमाएका सारस । *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

ज्वालातीर्थमा हराउँदै ज्वाला

दैलेख (कास)- पञ्चकोशी क्षेत्रलाई पौराणिक रूपमा पाँच हजार ज्वालाको बिन्दु भन्ने गरिन्छ । यहाँका विभिन्न स्थानमा जमिन मुनिबाट निस्कने ग्याँसबाट आगो बलेको देखिने भएकाले यस्तो भनिएको हो । बुढापाकाहरू पनि यस क्षेत्रमा थुप्रै ज्वाला रहेको बताउँछन् । तर, अहिले श्रीस्थान र नाभिस्थान गरी दुई स्थानमा मात्र ज्वाला बलिरहेका छन् । 'यी ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ताले सताइरहन्छ,' पञ्चकोशी क्षेत्रका ७६ वर्षीय पण्डित तिलकप्रसाद रिजाल भन्छन्, 'हेर्दाहेर्दै थुप्रै ज्वाला हराए, यसमा कसैको चिन्ता र चासो छैन ।'

उनका अनुसार २०२८ सालसम्म पादुकास्थानमा ज्वाला बल्थ्यो । त्यो वर्ष पादुका खोलामा बाढी आएर भेल सुकेपछि ज्वाला हरायो । त्यसपछि निभेको ज्वालालाई पुनर्ज्योति दिनेमा कसैको चासो भएन । बाढीले खोलामा रहेको मन्दिरका साथै शिलालेख, मूर्ति, खम्बा र देवल पनि बगाएको उनले बताए । 'उतिबेलै चासो राखेर संरक्षणको पहल भइदिएको भए ज्वाला जोगाउन सकिन्थ्यो,' उनले भने, 'तर यतातिर कसैको ध्यान पुगेन । निभेको ज्वाला कहिल्यै पनि बलेन ।'

स्थानीयका अनुसार करिब चार दसक अघिसम्म गमौडी खोलामा ललाट ज्वाला, कढर ज्वाला र श्रीस्थानमा काला ज्वाला बल्थे । ती ज्वाला अहिले अस्तित्वमा छैनन् । नाभिस्थानमा रहेको इन्द्र ज्वाला र बढी ज्वाला भने निरन्तर बलिरहेका छन् । 'ज्वाला जोगाउनको लागि हामीले धेरैपटक सरकारको ध्यानाकर्षण गरायौं, तर कुनै सुनुवाइ भएन,' श्रीस्थान व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष केशव थापाले भने, 'बरु अहिले यहाँ जमिन मुनि पेट्रोलियम पदार्थको भण्डार पो छ कि भनेर खोजी गर्न थालिएको छ । खनखान पार्दा गर्दा भएका ज्वाला पनि हराउने जोखिम छ ।'

प्रशस्त ज्वाला भएकै कारण पञ्चकोशी क्षेत्रलाई 'ज्वाला तीर्थ' भन्ने गरिन्छ । तर, पछिल्लो समय विभिन्न कारणले ज्वाला निभ्दा यसको महत्वमा प्रभाव परेको मानिएको छ । श्रीस्थानका मुख्य महन्त गोकर्णनाथ योगी कतिपय ज्वाला भूकम्पको कारण पनि निभेका बताउँछन् । भूकम्पको कम्पनले सानोतिनो ज्वाला निभे । यसका साथै खोलामा आउने बाढी-पहिरोले पनि ज्वाला निभेका उनले बताए ।

पादुका मन्दिरका ७५ वर्षीय महन्त देवीनाथ योगी त सरोकारवाला निकायले ध्यान नदिएकै कारण ज्वाला लोप भएका बताउँछन् । २०२८ सालमा बाढीले ज्वाला हराएको थाहा पाएपछि पुनः ज्वाला बाल्नको लागि पहल गरे पनि कसैले वास्ता नगरको उनले बताए । 'अहिले पनि खोलामा उत्खनन् गर्ने हो भने ज्वाला बाल्न सकिन्छ होला,' उनले भने, 'यो सम्भावनातिर कसैको ध्यान पुगेको छैन ।' पञ्चकोशी क्षेत्रलाई ज्वाला तीर्थ क्षेत्रकै रुपमा स्थापित गरिनुपर्ने उनले बताए ।

कोटिलामा पनि थुप्रै ज्वाला बल्थे । ज्वालाले राति त मन्दिर क्षेत्र उज्यालो देखिन्थ्यो । तर, ती ज्वाला पनि संरक्षण अभावमा निभेका स्थानीयको भनाइ छ । नाभिस्थान व्यवस्थापन समितिका अध्यक्ष नविनकुमार योगी अहिले पनि बुढापाकाहरूले ज्वालाबारे भन्ने गरेका बताए । अहिले सरकारले ज्वाला क्षेत्रमा पेट्रोलियम पदार्थको अन्वेषण थालेपछि भएका ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ता बढेको उनको भनाइ छ ।

पञ्चकोशी क्षेत्र ज्वालामात्र होइन, पुरातात्विक रुपमा पनि उत्तिकै महत्व बोकेको क्षेत्र हो । तर पछिल्लो समय सरकारले भौतिक विकास गर्ने नाउँमा यसको बेवास्ता गरिरहेको स्थानीयको आरोप छ । नारायण नगरपालिका-२ का बलबहादुर केसीले पर्यटकीय क्षेत्रमा जथाभावी सडक खन्दा जोखिम झन् बढेको बताए ।

बजेट अभावले रोकियो अनौपचारिक शिक्षा

■ **अगन्धर तिवारी** (पर्वत)

नेपाल सरकारले जिल्लामा तीन वर्षअघि सुरु गरेको अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम रोकिएको छ । प्राथमिक तहको शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षा दिन सुरु गरिएको कार्यक्रम सरकारले बजेट पठाउन छाडेपछि रोकिएको हो ।

बजार क्षेत्रमा मजदुरी गर्ने र पारिवारिक समस्याले नियमित विद्यालय आउन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा दिन २०७४ बैशाखदेखि कुश्मास्थित शिवालय माध्यमिक विद्यालयले कक्षा सञ्चालन गरेको थियो । कक्षामा ५ देखि १८ वर्षसम्मका बालबालिका अध्ययन गर्दै आएका थिए । ६ महिनासम्म नियमित अध्ययन गराएपछि उनीहरूको क्षमताअनुसार नियमित कक्षामा पठाउने कार्यक्रम थियो । कार्यक्रमबाट ५० बालबालिकाले नियमित अध्ययन गरिरहेका थिए । मजदुरी, सडकपेटी तथा बजारक्षेत्रका विभिन्न ठाउँबाट ल्याइएका बालबालिकालाई निःशुल्क खाजासहित अध्यापन गर्दैआएको विद्यालयले कार्यक्रम रोकिएपछि कक्षा नै स्थगित गरेको जनाएको छ ।

'पहिलो वर्ष २१ जनालाई पढाइएको थियो । उनिहरूको प्रगति राम्रो थियो,' प्रधानाध्यापक भूपेन्द्र चापागाईंले भने, 'स्तरवृद्धी भएका नियमित कक्षामा गएका थिए । नयाँ आउने क्रम जारी थियो । कार्यक्रम झ्याप्पै रोकियो ।' गत चैतदेखि अनौपचारिक शिक्षा कार्यक्रमको कुनै पनि सहयोग नआएपछि सहयोगी कार्यकर्तालाई समेत विदा गरिएको उनले बताए । नियमित विद्यालय आउने गरेका बालबालिका अहिले पुरानै अवस्थामा फर्किएका छन् । 'बजारमा धेरै बालबालिका यत्तिकै डुलेको देखिन्छ,' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इश्वर गिरीले भने, 'उनीहरूलाई ल्याएर पढाउन सकिएको छैन ।' निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार दिन नसकिएकोमा उनले चिन्ता व्यक्त गरे ।

पर्वतको कुश्मास्थित शिवालय माविमा अनौपचारिक कक्षाका बालबालिका । *तस्बिर : कान्तिपुर*

मजदुरीबाटै जीविकोपार्जन गर्दै आएका परिवार र बेवारिसे बालबालिकालाई उनिहरू भएकै ठाउँमा पुगेर विद्यालयमा ल्याउने कार्यक्रम थियो । उक्त कार्यक्रमअन्तर्गत बालबालिकाको समय अनुकूल हुनेगरि बिहान र बेलुका दुइपटक कक्षा सञ्चालन हुँदैआएको सहयोगी पार्वती सापकोटाले बताइन् । 'बिना पारिश्रमिक पनि मैले धेरै दुःख गरेकी थिएँ । तत्काल नभएपनि स्थायी हुन्छ भन्नुहुन्थ्यो । अहिले न बालबालिका आउँछन् । न मेरो भविष्य बन्यो,' उनले भनिन् । सडकपेटी तथा बिभिन्न ठाउँमा पुगेर बालिबालिका खोज्दैजाँदा कतिपय बालबालिका चोकमा रोकिएका गाडीमा पैसा मार्दै गरेका समेत भेटिने उनले बताइन । 'अहिले उनीहरूको अवस्था उस्तै छ,' उनले भनिन्, 'हामीले दुःख गर्नु मात्रै भयो ।'

अनौपचारिक कक्षामा पढ्ने गरेका कतिपय बालबालिकाका अहिले पनि अभिभावकसँगै मजदुरीमा छन् । बेवारिसे अवस्थाका बालबालिका सदरमुकाम आसपासमा फोहोर संकलन गरेर पनि जीविका चलाउँछन् । उनीहरूलाई विद्यालयमा नियमित ल्याएर अक्षर चिनाउन मुस्किल छ । 'खाजा दिएर पनि ल्याउन मुस्किल हुन्थ्यो,' प्रअ चापागाईंले भने, 'त्यति हुँदाहुँदै पनि हामीले धान्ने सकेनौं ।' अनौपचारिक शिक्षा कार्यक्रम केन्द्रदेखि नै रोकिएको भन्दै कुनै सहयोग नपाइएपछि विद्यालयको स्रोतले धान्न नसकेर बन्द गरिएको उनले बताए ।

शिक्षा विभागले अनौपचारिक शिक्षा कार्यक्रम सुरु गरेसँगै उनीहरूको अध्यापन र निरन्तरताका लागि मासिक ६२ सय पारिश्रमिक तोकेर एक सहयोगी कार्यकर्ता उपलब्ध गराए पनि पारिश्रमिक भने जिल्लामा नपठाएको विद्यालयले जनाएको छ । आर्थिक वर्ष ०७५/७६ का लागि बजेट नदिएपछि कुश्मा नगरपालिकाले ६५ हजार रूपैयाँ सहयोग गरेको थियो । चालु वर्षदेखि नगरपालिकाले सहयोग नदिएपछि बालबालिकासहित सहयोगी कार्यकर्तासमेत बिदाइ गरिएको विद्यालयले जनाएको छ । नगरपालिकाबाट उक्त कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापनले पनि सहयोग ल्याउन पहल गरेन । बरु कक्षा नचलाउने निर्णय गर्दै दुई महिनाअघि सहयोगी र विद्यार्थीलाई विदा गरेको हो ।

उपनिर्वाचन तयारी पूरा

विराटनगर (कास)- धरान उपमहानगरलगायत प्रदेश १ का विभिन्न स्थानमा हुने स्थानीय तहको उपनिर्वाचनको तयारी पूरा भएको छ । मतदान केन्द्रहरू व्यवस्थित बनाइएको छ । सुरक्षाकर्मी र कर्मचारी परिचालन भइसकेका छन् ।

संखुवासभाको मकालु गाउँपालिका र खाँदबारी-३ मा ११ वटा मतदान केन्द्र राखिएको छ । केन्द्रमा सेना, सशस्त्र र नेपाल प्रहरी परिचालित भएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद दुलालले बताए ।

संखुवासभामा मकालु गाउँपालिकामा अध्यक्ष र खाँदबारी नगरपालिका-३ मा वडाध्यक्षको निर्वाचन हुँदैछ । मकालु गाउँपालिकामा ९ हजार १ र खाँदबारी-३ मा १ हजार ८ सय ३० मतदाता छन् । मकालुमा ७ वटा दल चुनावी मैदानमा छन् । खाँदबारी-३ को वडाध्यक्षमा नेकपा र कांग्रेसको मात्र उम्मेदवारी छ ।

एक गाउँपालिका अध्यक्ष, एक नगरपालिका र अर्को गाउँपालिकाको वडाध्यक्ष पदका लागि उप निर्वाचन हुने पाँचथरमा पनि तयारी पूरा भएको छ । मतदातालाई परिचयपत्रवितरण, मतदान स्थलनिर्माण र आवस्यक सामग्री ढुवानी लगायतका सबै काम पुरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदान हुने ३१ वटा केन्द्रमा पुगेका मतदान अधिकृत, सहायक अधिकृत, कर्मचारी र सुरक्षाकर्मीले मतदानस्थल निर्माण र मतपेटिका संकलनपछि मतगणना गर्ने कक्ष समेत तयार पारिसकेका मुख्य निर्वाचन अधिकृत मोहनराज भट्टराईले बताए । अध्यक्ष पदका लागि निर्वाचन हुने फाल्गुनन्द गाउँपालिकामा १६ हजार ५ सय ७७, फिदिम नगरपालिका १ मा ३ हजार ६ सय ७६ र हिलिहाङ गाउपालिका७ मा २ हजार ६ सय मतदाता छन् । सुनसरीको धरान उपमहानगरका मेयर तारा सुब्बाको निधनपछि पद रिक्त छ । यस्तै संखुवासभाको मकालु गाउँपालिका अध्यक्ष खड्गबहादुर कटुवाल र पाँचथरको फाल्गुनन्द गाउँपालिका अध्यक्ष अमरबहादुर नेम्वाङको निधनपछि स्थान रिक्त भएको हो । यसैगरी मोरङको धनपालथान गाउँपालिका-२, पाँचथरको हिलिहाङ गाउँपालिका-७, धरान-७ को वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदै छ ।

कृष्णसार बचाउन चुनौती

■ **कमल पन्थी** (बर्दिया)

दुर्लभ वन्यजन्तुमा सूचीकृत कृष्णसार हेर्नुपरे मुलुकमै एक मात्र सुगम स्थान गुलरियाको खैरापुर हो । यहाँ निश्चित क्षेत्रफललाई तारबार गरेर वन्यजन्तु हुर्काइएको छ । यसलाई अवलोकन गर्न दिनहुँ सर्वसाधारण आउने गरेका छन् ।

आगन्तुकले रूपरंग र गतिविधि हेरेर रमाइलो मान्ने यो दुर्लभ वन्यजन्तु जोगाउन भने चुनौती बढ्दो छ । मानवीय अतिक्रमण, वस्तुभाउको चरन, भुस्याहा कुकुर र चितुवाको आक्रमण बढेपछि संरक्षणमा चुनौती बढेको हो । बर्दिया राष्ट्रिय निकुञ्जका अनुसार ४५ वर्षअघि कृष्णसार लोप भएको अनुमान गरिएको थियो । कतै नदेखिएपछि हराइसकेको संरक्षणकर्मीले अड्कल गरेका थिए । त्यही बेला बर्दिया वन्यजन्तु आरक्ष स्थापना भयो । २०३२ असोजबाट यसको खोजी थालियो । संरक्षणकर्मीका अनुसार बाँके र बर्दियामा कृष्णसार खोजी गर्ने क्रममा गुलरिया-२ स्थित खैरी पण्डितपुरको वनमा एउटा सिङ भाँचिएको बूढो भाले, एउटा वयस्क भाले, तीनवटा पोथी र चार बच्चासहित नौवटा कृष्णसार फेला परे । तिनको संरक्षणका लागि तत्कालीन वन विभागको सुरक्षा पोस्ट खडा गरेको बर्दिया निकुञ्जले जनाएको छ । लामो प्रयासपछि अहिले भाले ४४, पोथी १ सय २५ र बच्चा ६५ गरी २ सय ३४ वटा कृष्णसार छन् । निकुञ्जका अनुसार कृष्णसार दुबो र काँस भएको मैदानमा बस्न रुचाउँछन् । गाई, भैंसी र भेडाबाख्रासँगै चर्न रमाउँछन् ।

बथानमा चरिरहेका कृष्णसार मानिस देख्नासाथ सुरक्षित स्थलतर्फ भाग्छन् । अन्य वन्यजन्तु र वस्तुभाउसँग चर्न मन पराउने भएकाले संरक्षित क्षेत्रमै गोठालाले वस्तुभाउ ल्याउने गर्छन् । घरपालुवा वस्तुभाउले कृष्णसारको आहारा खाने भएकाले दैनिक झगडा गर्नुपरेको संरक्षण केन्द्रका कर्मचारीले बताए । चितुवा र भुस्याहा कुकुरको आक्रमणमा वर्सेनि एक दर्जनभन्दा बढी कृष्णसारको मृत्यु हुने गरेको छ ।

बर्दियाको गुलरिया-२ को खैरापुरमा चर्दै दुर्लभ वन्यजन्तु कृष्णसार । *फाइल तस्बिर : कान्तिपुर*

सामुदायिक वनबाट निस्कने चितुवाको आक्रमणबाट गत साउनयता पाँचवटा कृष्णसार मारिएको कृष्णसार संरक्षण क्षेत्रका सूचना अधिकारी मनराज मोक्तानले बताए । उनका अनुसार बर्सेनि १२ देखि १५ वटा कृष्णसार मारिने गर्छन् । अहिले भुस्याहा कुकुर नियन्त्रणमा आए पनि चितुवाले आक्रमण गर्न थालेको संरक्षण समितिका अध्यक्ष कृष्ण खनालले बताए । ०३२ सालमा नौवटा कृष्णसार रहेकोमा ०७१ मा ३ सय १ वटा पुगेका थिए । ०७१ साल साउन अन्तिम साता आएको बाढीले ४० वटा बगाएको थियो । ०७४ सालमा बाढीले १८ वटा कृष्णसार मारिएको संरक्षण समितिले जनाएको छ । कृष्णसार संरक्षण क्षेत्रसँग बबई नदी जोडिएका कारण पनि बाढी आउनासाथ कृष्णसार संरक्षण क्षेत्रलाई क्षति पुऱ्याउँदै आएको छ ।

सूचना अधिकारी लामाका अनुसार यसको एउटा भालेले प्रजननका लागि एक दर्जन पोथी खोज्ने गर्छ । एउटै भालेले दिनहुँ एक दर्जनभन्दा बढी पोथीलाई आफ्नै नियन्त्रणमा राख्ने गर्छ । आफ्नो नियन्त्रित क्षेत्रमा अन्य भालेलाई प्रवेश गर्न दिँदैन । बलियो भाले आयो भने लडाइँ हुन्छ । त्यसमा जित्नेले ती पोथीलाई नियन्त्रणमा राख्ने गरेको दुई दशकदेखि कृष्णसार संरक्षण क्षेत्रमा काम गर्दै आएका गेम स्काउट डुम चन्दले बताए । उनका अनुसार पूर्णिमा र अँधेरी रात प्रजननका लागि कृष्णसारलाई मन पर्ने समय हो । एउटा कृष्णसारले ६-६ महिनामा २/३ वटा पाठापाठी जन्माउँछन् ।

अतिक्रमण समस्या

गुलरिया नगरपालिका-२ खैरापुर फाँटस्थित कृष्णसार संरक्षण क्षेत्र ७ सय ८ बिघा क्षेत्रमा फैलिएको थियो । हाल करिब ३ सय ५० बिघा क्षेत्रफल अतिक्रमण भएर १ सय ४२ घरटहरा बनिसकेको छ । अतिक्रमण हटाउन पहल नभएकाले वन्यजन्तु संकटमा परेको छ । केही वर्षयता थप अतिक्रमण रोकिएको छ । तर, त्यहाँबाट हटाइएकाहरूको व्यवस्थापन नहुँदा उनीहरूको दृष्टि कृष्णसार क्षेत्रकै जग्गामा छ । ०६५ चैत ३ मा संरक्षण क्षेत्र घोषणाअघि ऐलानी जग्गामा बस्दै आएका ५३ घरधुरी पनि यहीं छन् । ०६२/६३ को जनआन्दोलनका समय विभिन्न ठाउँबाट आएका ९३ जनाले संरक्षित क्षेत्रको जमिन कब्जा गरी अस्थायी टहरा बनाए । सरकारले यहाँ रहेका सुकुम्बासीका लागि अन्यत्र व्यवस्था गरे पनि छाडेर गएनन् । कृष्णसार संरक्षण समितिका पूर्वअध्यक्ष एवं गुलरिया-२ का वडाध्यक्ष टंक अधिकारीले केन्द्रले बस्ती अन्यत्र स्थानान्तरण गर्न समिति गठन प्रक्रिया अघि नबढाएका कारण समस्या भएको बताए । बर्दिया राष्ट्रिय निकुञ्जले कृष्णसारको वंश नै समाप्त गर्न अतिक्रमणकारी समूह लागिपरेको शंका गरेको छ ।

जमिन अतिक्रमण भएलगत्तै केही समयसम्म चोरी सिकारीले चारवटा कृष्णसार मारेर कान, नाइटो र पुच्छर काटेर लगेका थिए । त्यस अवधिमा भुस्याहा कुकुर, हुँडार र प्राकृतिक कारणबाट पाँचवटाको मृत्यु भएको थियो । कृष्णसारलाई संरक्षित वन्यजन्तु घोषणा गरे पनि संरक्षणका लागि सरकारले खासै पहल नगरेको वडाध्यक्ष अधिकारी गुनासो गर्छन् । चितुवा र स्याललगायतको आक्रमणले कृष्णसार मर्दै जाने हो भने केही वर्षभित्र निमिट्यान्न हुने स्थानीय जग्गु यादवले बताए । कृष्णसार एन्टीलोप (मृग) जातिको एक वन्यजन्तु हो । यसको वैज्ञानिक नाम सर्भिकापा हो । यसलाई अंग्रेजीमा ब्ल्याक बक भनिन्छ । नेपालबाट लोप हुन थालेका कारण यसलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको हो । पहिले तराइका धेरै भागमा पाइने उक्त वन्यजन्तु वासस्थान र आहाराको कमीले गुलरियाको खैरापुर क्षेत्रमा मात्र सीमित छ । ०५५ सालमा ३५ वटा कृष्णसार हराएका थिए । तिनीहरू भारतीय सीमा नजिक रहेको जंगलात क्षेत्र र कृष्णसार (काली मृग) संरक्षण केन्द्रमा गएको शंका स्थानीयले गरेका छन् । सामान्यतः भाले कृष्णसार पोथीभन्दा अलि ठूलो हुन्छ । भालेका दुईवटा सिङ बटारिएको हुन्छ तर पोथीको सिङ नै हुँदैन । जिल्ला वन कार्यालयदेखि पाँच किमि पश्चिम र राष्ट्रिय निकुञ्जबाट ५० किमि पूर्व-दक्षिणमा छ ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २७९ बुटवल | १४ मंसिर २०७६ शनिबार मार्ग शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 30, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

ग्रान्ड रिहर्सल | १३औं दक्षिण एसियाली खेलकुद (साग) को उद्घाटन समारोहका लागि दशरथ रंगशालामा शुक्रबार साँझ 'ग्रान्ड रिहर्सल' का क्रममा मार्चपास र आतिसबाजी गरिँदै । सागको उद्घाटन आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन् । *तस्बिर : हेमन्त श्रेष्ठ र दीपक केसी/कान्तिपुर*

यसरी सुरु हुँदै छ १३औं साग

■ **विनोद पाण्डे** (काठमाडौं)

दशरथ रंगशाला यतिबेला दुहली घरजस्तै भएको छ । पुनर्निर्माणले रूप फेरिएको रंगशाला धपक्क बलेको छ । चारैतर्फ प्यारापिटमा छानो हालिएको छ । रंगीविरंगी कुर्सी, अनि मैदानको हरियो दुबोमा फ्लडलाइटको प्रकाश छरिँदा यो हाम्रै देशको रंगशाला हो भन्न पाउँदा पनि आनन्द लाग्छ । हो, यही रंगशालामा आइतबार भव्य समारोह हुनेछ- दक्षिण एसियाली खेलकुद १३औं संस्करणको उद्घाटन ।

'नेपाली मौलिकता प्रस्तुत हुनेछ । प्रकृति र संस्कृतिको धनी देश भनेर चिनाउनेछौं,' समारोह समितिका निर्देशक कुलबहादुर थापाले भने, 'हेरौं-हेरौं लाग्ने बनाएका छौं उद्घाटन समारोह ।' **बाँकी पृष्ठ १५**

६ वर्षमा ५.६७ क्विन्टल सुन बरामद

■ **मातृका दाहाल** (काठमाडौं)



रोकिएन तस्करी

इकडबाट आएका दुई चिनियाँ नागरिक चेन होङयाङ र चेन क्विनहाङ ८ केजी सुनसहित बिहीबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परे । जहाजबाट बाहिरिने क्रममा भन्सार र प्रहरीको टोलीले उनीहरूलाई पक्रिएको थियो । चीनको फुजियान प्रान्तका दुवै जना भरिया रहेको प्रहरीको आशंका छ । शुक्रबार पनि तिब्बत एयरबाट आइपुगेका चिनियाँ नागरिक सा लुतुई एक किलो सुनसहित त्रिभुवन विमानस्थलमा पक्राउ परेका छन् ।

गत साउन १९ गते हडकडबाटै आएका चिनियाँ नागरिक ली निङसिङ ४ केजीसहित विमानस्थलबाटै समातिए । उनी पनि तस्करका भरिया नै रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । त्यसको १० दिनअघि गोरखाको धार्चे गाउँपालिका-३ खोर्लाबेसी नजिकैको ओडारमा १६ केजी सुन फेला पऱ्यो । बरामद सुन गोरखाकै तिब्बती सीमा चुमनुब्री गाउँपालिकाको छेकम्पारस्थित डुइला नाकाबाट भित्रिएको अनुसन्धानले देखायो ।

अवैध रूपमा नेपाल भित्र्याइएको सुन बरामद गरिएका यी पछिल्ला घटना हुन् । जसबाट तस्करले विभिन्न शैली र बाटो अपनाउँदै सुन भित्र्याउने क्रम चलिरहेको देखिन्छ । प्रहरीले प्रायः भरिया मात्र समात्ने र मुख्य कारोबारी पत्ता नलगाउने हुनाले पनि तस्करी निरन्तर भइरहेको आकलन गरिएको छ । गत चैत २० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रहरीले थाइल्यान्डबाट आएका ५ भारतीयलाई ६ केजी सुनसहित पक्राउ गरेको थियो । ०७४ असोज ४ गते रसुवागढी/केरुङ नाका हुँदै भित्रिएको ८८ केजी सुन क्षेत्रपाटीबाट बरामद भयो । यी घटनाका मुख्य कारोबारी पत्ता लागेका छैनन् ।

प्रहरीका अनुसार ०७१ मा १ सय ११ केजी, ०७२ मा ६८ केजी, ०७३ मा ९१ केजी, ०७४ मा १ सय ७९ केजी, ०७५ मा ८९ केजी र चालु आवको ८ महिनामा २९ केजी तस्करीको सुन बरामद भएको छ । प्रहरीका अनुसार ६ वर्षको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग जोडिएका नाकाबाट ५ सय ६७ केजी सुन बरामद भएको छ, जुन अहिलेको दरअनुसार करिब ३ अर्ब ५० करोड रुपैयाँ मूल्य बराबरको हो । तस्करीमा संलग्न ४ सय ५५ जना नेपाली र विदेशी नागरिक पक्राउ परेका छन् । पक्राउ परेका केहीबाहेक अधिकांश भरिया रहेको प्रहरी अधिकारीले बताएका छन् । चीन, भारत, नेपाल, दुबई, हडकङ, सिंगापुर, थाइल्यान्डलगायत मुलुकमा बसेर सुन अवैध रूपमा ओहोरदोहोर गराउने गिरोह सक्रिय रहे पनि निस्तेज पार्न सरकारले सकेको छैन ।

यसबीचमा सुन तस्करलाई ओसारपसारमा सहयोग गरेको अभियोगमा नेपाल प्रहरीका एसएसपीद्वय रविराज श्रेष्ठ र श्याम खत्री लगायतसमेत पक्राउ परे । सशस्त्र प्रहरीका तत्कालीन डीएसपी हर्क पन्त भन्सार छली र सुन तस्करसँग मिलेको अभियोगमा तातोपानीबाटै पक्राउ परे । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भुजुङ गुरुङ पनि पक्राउ परे ।

पूर्वडीआईजी हेमन्त मल्ल नेपालमा तस्करीको सुन ९० प्रतिशत चीनबाट आउने गरेको बताउँछन् । 'तस्करले नेपाललाई ट्रान्जिट बनाएर सुन ओसारपसार गरिरहेका छन्, त्यसलाई नियन्त्रण गर्न सरकारले विद्युतीय उपकरणको प्रयोग बढाउनुपर्छ,' उनले भने, 'विमानस्थलसहित सबै नाकामा सुन, लागूऔषध र मुद्रा पहिचान गर्न सक्ने उपकरण जडान गरियो भने धेरै हदसम्म तस्करी रोक्न सकिन्छ ।'

नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग सीमा जोडिएका स्थल नाकाबाट सुन तस्करी हुँदै आएको छ । भारतसँग मानव आवतजावत गर्न मिल्ने ७३ नाका/चेकप्वाइन्टमा सरकारको उपस्थिति छैन । चीनसँग सीमानाका जोडिएका डेढ दर्जन चेकप्वाइन्टमा पनि सरकारको संयन्त्र पुगेको छैन ।

बाँकी पृष्ठ १३

उपनिर्वाचन आज

प्रतिनिधिसभाको १, प्रदेशसभाको ३ र स्थानीय तहका रिक्त ४८ समेत ५२ पदका लागि मतदान

१६ हजार २ सय १९ नयाँ मतदाता, परिचयपत्र नहुनेलाई विकल्प

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त पदका लागि शनिबार उपनिर्वाचन हुँदै छ । निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको र बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने जनाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उपनिर्वाचनका लागि सुरक्षा व्यवस्था मजबुत बनाइएकाले निर्भीक भएर मतदानमा सहभागी हुन मतदातालाई आह्वान गरेका छन् ।

प्रतिनिधिसभाको रिक्त रहेको कास्की-२, प्रदेशसभाको भक्तपुर १(१), बागलुङ २(२), दाङ ३(२) मा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनमा जसले जिते पनि प्रतिनिधिसभा वा प्रदेशसभामा रहेको दलीय उपस्थितिमा ठूलो प्रभाव पार्ने छैन । स्थानीय तहतर्फ सुनसरीको धरान उपमहानगरमा प्रमुख, संखुवासभाको मकालु, पाँचथरको फालगुनन्द र महोत्तरीको पिपरा गाउँपालिकामा अध्यक्ष पदको निर्वाचन हुन लागेको हो । हुम्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिका एवं गाउँपालिकाका रिक्त ४३ वडाध्यक्ष पदका लागि समेत उपनिर्वाचन हुँदै छ । स्थानीय तहतर्फ नगरप्रमुख, अध्यक्ष तथा वडाध्यक्ष कार्यकारी पद भएकाले त्यसको जितहारले स्थानीय सरकारमा सम्बन्धित राजनीतिक दलको भूमिका थपघट हुनेछ ।

प्रतिनिधिसभातर्फ कास्की क्षेत्र नं. २ बाट निर्वाचित तत्कालीन एमाले नेता पर्यटनमन्त्री रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । कास्की-२ मा ११ राजनीतिक दलले चुनावमा भाग लिएका छन् ।

बाँकी पृष्ठ १३



सीमा स्तम्भको निगरानी

'जीर्ण सीमा स्तम्भ मर्मतका लागि काम अघि बढाउन नापी विभागका महानिर्देशकलाई पटक-पटक ताकेता गर्दै आए पनि सुनुवाइ भएन'

■ **मनोज पौडेल** (कपिलवस्तु)

साढे ४ महिनाअघि जिल्लाका विभिन्न स्थानमा भेलले ढलाएका र बगाएका सीमा स्तम्भको दैनिक निगरानी थालिएको छ। भारतले जारी गरेको नक्सामा कालापानी क्षेत्र अतिक्रमण भएसँगै यहाँ सशस्त्र प्रहरीले सतर्कता बढाएको हो। गत असार २८ गतेको बाढीले ४ स्तम्भ बगाएको थियो। ४ वटा ढलाएको थियो। दुइ वटा स्तम्भको जग बगेको छ। जिल्लाको पश्चिम रहेका २ खोलामा रहेका १० स्तम्भ प्रभावित छन्।

सशस्त्र प्रहरीको २८ नम्बर गणका उपरीक्षक जनकराज पुरी प्रत्येक साता स्तम्भ ढलेका र हराएका ठाउँमा पुग्छन्। सीमानजिक रहेको राजस्व तथा भन्सार सुरक्षा गुल्म कृष्णनगर र डालपुरमा रहेको बोर्डर अब्जरवेशन पोष्ट (बीओपी)का सुरक्षाकर्मीले दैनिक स्तम्भ ढलेका स्थानमा पुगेर निगरानी गर्छन्। ढलेका सीमा स्तम्भ पहिलेको स्थानमा भए/नभएको र हराएका सीमा स्तम्भको खोजी गरेर फर्किने गरेका छन्। विजयनगर गाउँपालिका ५, ठकुरापुर र भारतको बलरामपुर सीमामा रहेका पिलर नं. ५७८/७ भूइमा लडेको छ। एक महिना अघिसम्म पानीमा थियो। अहिले सुक्खा छ। त्यहाँबाट डेढ किमि उत्तर पिलर नं. ५७८/१० ढलेको छ। ५७८/७ बाट २ किमि दक्षिण दुइ स्तम्भ ढलेका छन्। विजयनगर ६, गेडुवाजोत र भारतको प्रतापपुर सीमामा रहेको पिलर नं. ५७७/७ र ५७७/९ ढलेका छन्। ५७७/९ नम्बर पिलर तेस्रिएर वालुवा धसेको छ। त्यसको आधा भाग मात्र देखिन्छ। 'त्यही नजिक रहेको ५७७/७ नं. पिलर हराएको छ,'सशस्त्र निरिक्षक अनिरुद्ध हजाराले भने, 'बगाएको हुनुपर्छ।' ढलेका स्तम्भमा नोक्सानी नहोस् भनेर दैनिक निरीक्षण गरिरहेको उनले बताए। बिओपी नजिकै सशस्त्र प्रहरीको ५ नम्बर प्रदेश बाहिनी छ। बाहिनीले पनि निगरानी गरिरहेको छ। सशस्त्र प्रहरीका अनुसार ५७७/६ नं. पिलरको जग पानी माथि छ।

कपिलवस्तुको कृष्णनगर नगरपालिका १२, भगवानपुरस्थित कटानमा परेको चरगहवा खोलानिरको ५७६/६ नम्बरको सीमा स्तम्भ निरीक्षण गर्दै गस्तीमा रहेका सशस्त्र प्रहरी। *तस्विर : मनोज/कान्तिपुर*

विजयनगर १, अनसरास्थित ५८०/३ को स्तम्भ हराएको छ। विजयनगरपालिका १ अर्रा खोलाको चमरका जंगलमा ५८७/७ नम्बरको स्तम्भ क्षतिग्रस्त अवस्थामा छ। त्यसको टुप्पो भाँचिएको छ। साविक स्थानबाट स्तम्भ सरेको अनुमान गरिएको छ। कृष्णनगर १२, भगवानपुरमा पनि दुई सीमा स्तम्भ हराएका छन्। ५७५/५८ र ५७६/४ का स्तम्भ नदीमा हराएको छ। ५७६/६ नं. स्तम्भ चरगहवा खोलाको कटानमा पर्दा स्तम्भको माटोमुनीको भाग देखिएर लड्ने अवस्थामा छ। हराएका र ढलेका स्तम्भको सशस्त्र प्रहरीले जिपिएस ट्रयाक गरेर स्थान पत्ता लगाएको जनाएको छ। पछिल्लो समय निर्माण गरिएका स्तम्भको जीपीएस प्रविधि मार्फत लोकेसन लिइएकाले समस्या नहुने सुरक्षा अधिकारीले बताए।

ठकुरापुरका अजय चौधरीले सरकार सीमाप्रति संवेदनशील नभएको बताए। 'सानोतिनो बाढी आउनासाथ अहिले ढलेका स्तम्भ बग्छन्,' उनले भने, 'त्यसकारण छिटो मर्मत गर्नुपर्छ।' हराएका पिलर पहिले जुन स्थानमा थिए, त्यही निर्माण गर्न प्राविधिक टोली छिटो आउनुपर्ने स्थानीय राजेन्द्र यादवले बताए। 'सीमा स्तम्भ ढलेको ठाउँबाट बगेर सर्न थालेका छन्,' उनले भने, 'यो संवेदनशीलतालाई बुझ्नुपर्छ।' स्तम्भ मर्मतका लागि काम अघि बढाउन नापी विभाग महानिर्देशकलाई पटक-पटक ताकेता गर्दै आएको प्रमुख जिल्ला अधिकारी गजेन्द्रबहादुर श्रेष्ठले बताए। कपिलवस्तुसँग भारतको उत्तर प्रदेशका सिद्धार्थनगर र बलरामपुर जिल्ला जोडिएका छन्। उक्त सीमामा ४६ मुख्य स्तम्भ (मेन पिलर), २ सय २६ सहायक स्तम्भ र २ सय ६० साना स्तम्भ गरि कुल ५ सय ३२ सिमा स्तम्भ छन्। ३ मुख्य स्तम्भ, १६ सहायक स्तम्भ र ६ साना स्तम्भ निर्माण हुन बाँकी छन्। पछिल्लो पटक ८ स्तम्भलाई वर्षाले क्षति पुऱ्याएको हो।

मुक्त कमलरी समस्यामै

दाङ (कास)- मुक्त घोषणा गरिएको ६ वर्ष बित्दा पनि मुक्त कमलरी समस्यामै छन्। दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरबाट आएका मुक्त कमलरी अगुवाले घोराहीमा समस्याबारे छलफल गरी १४ बुँदे माग प्रस्तुत गरेका छन्। मुक्त कमलरीको अधिकार र पुनःस्थापनाका लागि माग अघि सारेको मुक्त कमलरी विकास मञ्चकी अध्यक्ष शान्ति चौधरीले बताइन्। सरकारसँग भएको १० बुँदे सहमति कार्यान्वयन हुनुपर्ने, नाम छुटेका मुक्त कमलरीको सूची सरकारी अभिलेखमा समावेश गर्नुपर्ने र सरकारी परिचयपत्र वितरण गर्नुपर्ने माग छन्।

मुक्त कमलरीको आन्दोनलपछि ०७० वैशाखमा सरकारले यिनका परिवारलाई राहत दिने, वेपत्ता कमलरीको खोजी गर्ने, उद्धार र दिगो पुनःस्थापना गर्ने, शिक्षा, रोजगारीको ग्यारेन्टीलगायत मागमा सहमति जनाएको थियो। काम गरिरहेका ठाउँमा कमलरीको हत्या भएको, यौन तथा श्रम शोषण भएको, यातना दिएको र वेपत्ता पारिएको भन्दै मुक्त कमलरी आन्दोलित भएका थिए। काम गर्ने ठाउँमा ५ जनाको हत्या भएको मुक्त कमलरीको अभिलेख छ। कमलरी बसेको बेला धेरैले विभिन्न शोषणको शिकार हुनुपरेको छ। कति वेपत्ता पारिएका छन्। उनीहरूको खोजी गर्ने र पिडितलाई न्याय दिने सवालमा सरकार गम्भिर नभएको मुक्त कमलरीको गुनासो छ। यौनशोषण भएको भनी परेका २८ उजुरीमध्ये हालसम्म ५ जनाले मात्रै सजाय पाएका छन्। उक्त सम्झौतापछि सरकारले ०७० असार १३ मा कमलरी मुक्तीको घोषणा गरेको थियो। त्यसअघि भएका कमलरीलाई मात्रै वास्तविक मान्ने भन्दै सरकारले ९ हजार ४ सय ४७ जनालाई मात्रै कमलरी मानेको छ। मञ्चको अभिलेखमा भने १३ हजार ८ सय ८२ जना छन्। सरकारी अभिलेखमा भएकामध्ये १ हजार २ सय ले मात्रै परिचयपत्र पाएका छन्।

बालविवाह रोक्न नाटक

■ **कान्तिपुर संवाददाता** (बुटवल)

रुपन्देहीको मर्चवारकी १२ वर्षीया बालिका विद्यालयबाट आउँछिन्। घरमा ४/५ जना पाहुना बसिरहेका हुन्छन्। छोरी आइपुगेपछि आमाले पाहुनालाई पानी दिन अह्राउँछिन्। त्यसको अर्को दिनबाट बालिकाको विवाह तयारी सुरु हुन्छ। विवाह सम्पन्न हुन्छ। माइतीबाट बिदाइ भएर घर पुगे लगत्तै यातना सुरु हुन्छ।

घरको काम गर्न नसकेको भन्दै सासूले दुर्व्यवहार गर्न थाल्छिन्। यौन सन्तुष्टि दिन नसकेको भन्दै पतिबाट यातना सुरु हुन्छ। कुटपिटले पेटमा रहेको गर्भ तुहिन्छ। त्यसपछि घर निकाला गरिन्छ। किशोरी एकदिन पतिको घर छाडेर माइती फर्कन्छिन्। मधेसका गाउँगाउँमा हुने यस्ता घटना समेटेर यहाँका किशोरीले नाटक तयार गरेका छन्। भोजपुरी भाषामा अभिनय गरेर विभिन्न स्थानमा देखाउन थालेका छन्। 'बालविवाहका कारण हाम्रो लेख्ने, पढ्ने खेल्ने र सिक्ने समय खोसिएको छ। तर, हाम्रा बुबाआमाले कुरा सुन्दैनन्,' किशोरी अधिकार मञ्चकी अध्यक्ष पुष्पा हरिजनले भनिन्, 'यसलाई नाटकबाट देखाउन सके अनपढ बाआमा र अरू सरोकारवालाले पनि सजिलै बुझ्छन् भनेर नाटक देखाउन थालेका हौं।'

संविधानले विवाहको उमेर २० वर्ष तोकेको छ। तर, रुपन्देहीका दक्षिणी गाउँमा बालविवाह कायमै छ। कानुनले बन्देज गरे पनि निर्वाध रूपमा बालविवाह हुन थालेपछि बालबालिकाले त्यसको पीडा समेटेर नाटक बनाएका हुन्। २ वर्षअघि मर्चवारबाट देखाउन थालिएको नाटक अहिले जिल्लाका विभिन्न स्थानसहित दाङ, कपिलवस्तु, नवलपरासी पश्चिम हुँदै काठमाडौंसम्म देखाइएको छ। बुधबार यहाँ आयोजना गरिएको बालविवाहविरुद्धको प्रदेशस्तरीय रणनीतिक योजना कार्यक्रममा त्यही नाटक प्रदर्शन गरियो। कथा निकै कारुणीक थियो। त्यसमाथि किशोर किशोरीको जीवन्त प्रस्तुती थियो। 'कम उमरमें सादी जीवनका बरबादी,' हलमा उपस्थित सबैले उनीहरूसँगै नारा लगाए। नाटकको प्रस्तुतिपछि किशोरीहरूको बोल्ने पालो आयो।

बालविवाहको कानुनी मान्यता हुदैन। मान्यता नहुदा केटाले अर्को विहे गरेपनि कानुन लाग्दैन। यसरी अलपत्र परेका रुपन्देहीमा धेरै बालिका छन्। किशोरी मञ्चमा त्यस्ता किशोरी समेत सहभागी छन्। नाटक र किशोरीका अभिव्यक्तिले सरोकारवालाको नया बोल्ने विषय भएन। सामाजिक विकास मन्त्री सुदर्शन बरालले बालविवाहले बालबालिकामाथि अत्याचार गरेकाले यसलाई जरैदेखि फाल्नुपर्ने सुझाव दिए। 'के के कारणले बालविवाह भएको छ ? यसको जरो खोजौं,' उनले भने, 'त्यसपछि समाधानमा लाग्न सहज हुन्छ।'

ढिकी-जाँतोको चलन घट्दै

■ **माधव अर्याल** (पाल्पा)

पूर्वखोला २, जल्पाका इन्द्रबहादुर घर्तीको घरमा ०७२ को भूकम्पअघिसम्म ढिकी-जाँतो थिए। अधिकांश समय कुटानी-पिसानी घरमै गर्थे। घर नजिकै डिजेल र विद्युत्बाट सञ्चालन हुने मिल नभएका होइनन्। उनी भने घरमै पिसेको र कुटेको मिठो हुन्छ भन्थे। अहिले त्यस्तो अवस्था छैन। भूकम्पले घर भत्कायो। ढिकी र जाँतो अहिले छैन। 'मैले काम गर्न सक्ने अवस्था छैन,' उनले भने, 'नयाँ पुस्ता मिलमा सजिलो मान्छन्।'

पूर्वखोला ३, देवीनगरका दुर्गाबहादुर सूर्यवंशीको घरमा अहिले ढिकी-जाँतो छैन। भूकम्पपछि पुनर्निर्माण गरिएको घरमा नराखेका हुन्। घरको बाहिरपट्टि ढिकी-जाँतो राख्ने चलन रहेको उनले बताए। 'अहिले राखेर के गर्नु ? कसले कुट्ने र पिस्ने हो ?' उनले भने, 'घरमा कोही बस्दैनन्। हामीले काम गर्न सक्दैनौं।' जिल्लाका अधिकांश भूकम्पपीडितले नयाँ घर बनाउँदा ढिकी जाँतो राखेका छैनन्। कतिपयले गाउँमै घर बनाएका छन्। कतिपय पीडितले दुई कोठाका पक्की घर बनाएका छन्। ढिकी जाँतो राख्ने स्थान बनाएका छैनन्। तिनाउ ५, कोलडाँडाका दीलबहादुर मिधुनले ढिकी जाँतो राख्ने ठाउँ नबनाएको बताए। उनका अनुसार घरमा कुट्ने, पिस्ने काम गर्न गाह्रो मान्ने भएकाले पनि अहिले बनेका घरमा यस्तो समस्या आएको हो। 'हामीले भनेर पनि मान्दैनन्,' पुराना पुस्ताकाका उनले भने, 'नयाँ पुस्तामा चासो नै छैन।' टोलटोलमा विजुली र डिजेलबाट चल्ने मिल स्थापना भएका छन्। घरमा कुटानी पिसानी गर्नु भन्दा बोकेर लैजान सहज मान्छन्। परम्परागत ढिकीजाँतोमा प्रयोग अत्यन्तै न्यून छ। जे कामकालागि पनि मिलमै धाउने प्रवृत्ति बढेको उनले बताए। गाउँघरमा आधुनिक प्रविधि भित्रिएको छ। कुटानी-पिसानीका परम्परागत साधन अब हराउँदै गएको उनले बताए।

पाल्पाको पूर्वखोला १, सिलुवामा ढिकीमा बटुकका लागि मास कुटिँदै। *तस्विर : माधव/कान्तिपुर*

अहिले गाउँ-गाउँमा विद्युतीय र डिजेलबाट चल्ने मिल छन्। प्रविधिले परम्परागत साधनलाई विस्थापित गर्दै लगेको तिनाउ ५, बिस्कुन डाँडाकी पेमीसरा गाहा मगरले बताइन्। उनका अनुसार आधुनिक मिलले धान कुट्ने, तोरी पेल्ने, गहु, मकै पिस्ने परम्परागत ढिकी, जाँतो, कोल विस्थापित गरेको बताइन। 'परम्परागत साधनबाट पिसेको अन्नबाट पकाएका परिकार स्वादिला हुन्थ्यो,' उनले भनिन्, 'अहिलेका मेसिनले पिस्न, कुट्न सजिलो होला तर जुन मिठोपन थियो त्यो हराएको छ।' उनका अनुसार भूकम्पले धेरै घर भत्किए। अहिले बनेका घर पहिलाका जस्ता छैनन्। परिवर्तित समय, प्रविधिको विकास र मानिसको दुःख गर्ने बानी हटेको छ। त्यसैले अहिले मिलमा जान सजिलो मान्ने र परम्परागत प्रविधि प्रयोग गर्न नसकेको उनले बताइन्।

जिल्लामा भूकम्पबाट १९ हजार घर भत्कने र चर्किने भएको थियो। तर केन्द्रीय तथ्यांक विभागबाट १० हजार ४ सय ६५ घर सर्भेक्षण गरेको छ। जसमा ४ हजार ६ सय ५२ जनाको लाभग्राही सूची पठाएको छ।

छोटकरी

दुर्घटनामा बालकको मृत्यु

रुकुम पूर्व (कास)- रुकुम पश्चिमको खलंगाबाट तकसेरा जाँदै गरेको रा.१ज नम्बरको जीप दुर्घटना हुँदा भूमे गाउँपालिका २ का तीन वर्षीय निसिम पुनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। भूमे गाउँपालिका ३, जितखोलामा दिउँसो दुर्घटना भएको थियो। दुर्घटनामा परी ९ यात्रु घाइते भएका छन्। घाइतेको जिल्ला अस्पताल रुकुमकोटमा उपचार भइरहेको प्रहरी नायव उपरीक्षक योगेन्द्र खड्काले बताए।

लुम्बिनीमा सारस महोत्सव

लुम्बिनी (कास)- संरक्षणको चेतना जगाउँदै लुम्बिनीमा सारस महोत्सव गरिएको छ। सारसले बच्चा कोरल्ने ठाउँ खोज्दै गरेको, गुँड बनाएको, अण्डा पारेको र बच्चा हुर्काउँदै गरेको तस्विर पनि प्रदर्शनी गरिएको थियो। सारसको महत्त्व र लोप हुनुका कारण उल्लेख गरेर ब्यानर तथा संरक्षणका लागि भएका प्रयासको वृत्तचित्र प्रदर्शनीमा राखिएका थिए। विश्व शान्ति स्तूपमा आयोजित महोत्सवमा सारसका मूर्ति पनि प्रदर्शनमा राखिएको थियो। पानी, सीमसार, वन र बुट् यानमा पाइने चराका तस्विर प्रदर्शन गरिएको थियो। महोत्सवमा माथि स्तरीय चित्रकला र निबन्ध प्रतियोगिता पनि गरिएको थियो। उत्कृष्ट चित्रकला र निबन्ध लेख्ने विद्यार्थीलाई पुरस्कृत गरियो। नेपालमा सबैभन्दा धेरै सारस लुम्बिनी क्षेत्र आसपास पाइन्छन्। शान्ति र सद्भावको ऊर्जा दिन आउने पर्यटकलाई पर्यापर्यटनको आकर्षण थप्न सारस सचेतनामा लागेको लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठीले बताए। गौतम बुद्धकै पालादेखि संरक्षित मानिने सारस विश्वकै दुर्लभ पक्षी हो। बौद्ध धर्मावलम्बीले सारसलाई आस्थाका रूपमा लिने गर्छन्। बुद्धकालसँगै सम्बन्ध जोडिएकाले लुम्बिनी सांस्कृतिक नगरपालिकाले सारसलाई नगर पन्छी घोषणा गरेको नगर प्रमुख मनमोहन चौधरीले बताए। यहाँका सारस संरक्षणका लागि सन् १९९४ देखि नै लुम्बिनी विकास कोष र अन्तर्राष्ट्रिय क्रेन फाउन्डेसन अमेरिकासँग सम्झौता गरी संरक्षणको पहल थालिएको हो। 'पृथ्वीका प्राणीलाई समान रूपमा बाँच्ने अधिकार छ भन्ने लुम्बिनीको पहिलो शिक्षा हो,' फाउन्डेसन सह-संस्थापक जर्ज आर्चिबाल्डले भने, 'त्यसैले पन्छी संरक्षण हुने अनुकूल वातावरण लुम्बिनीमा छ।' लुम्बिनी क्षेत्रमा २ सय २२ प्रजातिका चरा र जीवजन्तु पाइने उनले बताए।

चन्दका कार्यकर्ता पक्राउ

बर्दिया (कास)- राजापुर नगरपालिका ४ बाट नेत्रविक्रम चन्द समूहनिकट अखिल (क्रान्तिकारी) का दुई कार्यकर्ता पक्राउ परेका छन्। जिल्ला प्रहरीबाट खटिएका सादा पोशाकका प्रहरीले उनीहरूलाई पक्राउ गरेका हुन्। पक्राउ पर्नेमा विद्यार्थी संगठनका जिल्ला अध्यक्ष अछाम तुर्माखाँद ४ का २९ वर्षीय राम विक र कैलालीको जानकी ९ का बमबहादुर ताम्राकार रहेको प्रहरी उपरिक्षक राजेशनाथ वास्तोलाले बताए। उनका अनुसार उनीहरू चन्द समूहका भेरी व्यूरो सदस्य हुन। तीन दिन अघि इलाका प्रहरी बासगढीले चन्द समूहका दुई जिल्ला स्तरीय नेतालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कालिकोट खाडाचक्रमणी-२ रमेश विक रहेका छन्। जिल्ला सदस्य मञ्जु चौधरीलाई पनि पक्राउ गरिएको प्रहरीले जनाएको छ।

सिमसारमा माछाका भुरा

परासी (कास)- पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका १० स्थित सिमसारमा माछाका भुरा छाडिएको छ। बाउन्नघोला सिमसार क्षेत्रमा २० हजार माछाका भुरा हालिएको हो। नगरपालिकाले छोरिएर रहेका साना घोलालाई थुनेर सिमसार निर्माण गरेको हो। सोही क्षेत्रमा चरा प्रशस्त हुने, पानीको मुहान भएकाले माछा हालेर प्राकृतिक रूपमा हुर्काउन लागिएको नगरपालिका प्रमुख धीरज बस्यालले बताए।

नदीजन्य पदार्थमा प्रतिबन्ध

बर्दिया (कास)- विभिन्न आयोजनाका नाममा संचालन गरिएका क्रसर उद्योगबाट नदीजन्य पदार्थको दुरुपयोग भएको भन्दै स्थानीय प्रशासनले जिल्ला बाहिर ओसारपसारमा रोक लगाएको छ। सडक, पुल, पुलेसा र तटबन्धका नाममा ५ वटा क्रसर सञ्चालनमा छन्। गत वर्ष हुलाकी, ग्रामिण, सहरी सडक, तटबन्धका नाममा तीन महिनाको अनुमती लिएका थिए। ती एक वर्ष भन्दाबढी समयदेखि सञ्चालन भइरहेका छन्। केही क्रसर उद्योगले बाहिरी जिल्लामा ठेक्का लिएर यहाँ निर्माणका काम नगरेको गुनासो आएपछि जिल्ला प्रशासन र समन्वय समितिको बैठकले उक्त निर्णय गरेको हो। यहाँ सञ्चालित क्रसर भने गैर कानुनी रुपमा सञ्चालन छन्।

वनमा संरचना बनाउन बजेट

परासी (कास)- पश्चिम नवलपरासीका विभिन्न सामुदायिक वन क्षेत्र ओगटेर संरचना निर्माणका लागि प्रदेश सरकारले बजेट निकासा गरेको छ। प्रदेश ५ सरकारले सुनवल नगरपालिकाको वनकट्टीस्थित सहिद विष्णुप्रसाद पाण्डे स्मृति प्रतिष्ठानका भौतिक संरचना निर्माण गर्न रकम विनियोजन गरेको हो। आव ०७६/७७ मा प्रतिष्ठानका विभिन्न संरचना निर्माणकालागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ५० लाख रुपैयाँ छुटयाएको छ। डिभिजन वन परासी मार्फत रकम निकासा गरिएको वन अधिकृत अजितकुमार कर्णले बताए। 'मन्त्रालयबाट रकम आएको छ,'उनले भने, 'वन अतिक्रमण भएको क्षेत्र भएकाले प्रतिष्ठानको नाममा रकम निकासा गर्न असहज छ। कानुनी प्रक्रिया मिलेपछि मात्र रकम निकासा गरिनेछ।' वन क्षेत्रमा अतिक्रमणलाई निरुत्साहित गर्नुको सट्टा प्रदेश सरकारले पूर्वाधार निर्माण गर्न रकम पठाएको हो। प्रतिष्ठानले करिब १५ बिघा वन क्षेत्रमा पर्खाल निर्माण र तारबार गरेको छ। त्यहाँ भौतिक संरचना निर्माण गरिएका छन्। भोगाधिकार प्राप्त नभएकाले प्रतिष्ठानका लागि विनियोजन गरिएको बजेट खर्च हुन सकेको छैन्। यसअघि प्रतिष्ठानकालागि साबिक जिल्ला विकास समिति र अन्य सरकारी निकायबाट बजेट विनियोजन भएको थियो। पूर्वपश्चिम राजमार्ग छेउमा रहेको प्रतिष्ठानले ओगटेको सबै जमिन भगवती सामुदायिक वनको हो। वन अतिक्रमण गरेर स्थापना गरिएकाले प्रतिष्ठानसँग जग्गाको स्वामित्वको प्रमाण छैन। ०६२/६३ को जनआन्दोलनको क्रममा सदरमुकाम परासीमा विष्णु पाण्डे सहिद भएका भएका थिए। भगवती सामुदायिक वनका अध्यक्ष राजेश यादवले वनको कुल क्षेत्रफल साढे ४ सय बिघा रहेको जानकारी दिए। त्यसमध्ये प्रतिष्ठानले १५ बिघा अतिक्रमण गरेको उनको दाबी छ। प्रतिष्ठानमा सभाहल, सालिक, गेट, पिकनिकस्थललगायत करिब ४ करोड रुपैयाँभन्दा बढीका संरचना निर्माण भइसकेका छन्। स्थानीय तहले अतिक्रमित जग्गाको खोजी गर्ने जनाए पनि काम भएको छैन। प्रतिष्ठानका अध्यक्ष लोकप्रसाद श्रेष्ठले संस्थाको नाममा भोगाधिकार र पुर्जा नभएको बताए।



तपाईको आज

मेष	भाग्य वृद्धि	तुला	पराक्रम बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	वैमनस्यता
मिथुन	प्रियजन भेट	धनु	पदोन्नती
कर्कट	खटपट	मकर	केही लाभ
सिंह	वादविवादमा सफल	कुम्भ	कार्य सद्धि
कन्या	हर्ष बढ्ने	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १५ गते आइतबार तदनुरुप १ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष पञ्चमी तिथि रात्रिको ८:१३ बजेसम्म उप्रान्त षष्ठि तिथि, उत्तराषाढा नक्षत्र प्रातः ११:३२ बजेसम्म उप्रान्त श्रवण नक्षत्र, वृद्धि योग दिनको ३:५८ बजेसम्म उप्रान्त ध्रुव योग, बव करण प्रातः ७:४३ बजेसम्म उप्रान्त बालव करण, मकर राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर	५:००	कल कान्तिपुर
५:३०	आध्यात्मिक सन्देश	६:००	कान्तिपुर न्यूज
६:००	जीवन विज्ञान	६:३०	हियर्ज दु लाइफ
६:३०	मार्गदर्शन (लाइभ)	७:००	कान्तिपुर समाचार
७:००	कान्तिपुर समाचार	७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार	८:००	कान्तिपुर समाचार
९:००	गुडमर्निङ नेपाल	९:००	आउन मर्सेंग खाउन
८:३०	कान्तिपुर न्युज	१०:००	हियर्ज दु लाइफ (रिपिट)
९:००	हर्के हल्दार (रिपिट)	१०:३०	कान्तिपुर न्युज
१०:००	कान्तिपुर समाचार	११:००	प्रदेश विशेष (रिपिट)
१०:३०	मनी टक्स (रिपिट)	११:३०	कान्तिपुर समाचार
११:००	कान्तिपुर न्युज	१२:००	कल कान्तिपुर रिपीटेड
११:३०	यू एण्ड आई (रिपिट)	१:००	कान्तिपुर न्युज रिपीटेड
१२:००	कान्तिपुर समाचार	१:३०	हियर्ज दु लाइफ (रिपिट)
१२:३०	सरोकार (रिपिट)	२:००	कान्तिपुर समाचार (रिपीट ९)
१:३०	कान्तिपुर समाचार	२:३०	मार्गदर्शन (रिपिट)
२:००	मुभी	३:००	कल कान्तिपुर रिपीटेड
४:००	कान्तिपुर समाचार	४:००	आउन मर्सेंग खाउन (रिपिट)
४:३०	यू एण्ड आई (रिपिट)		

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)	१५:००	कान्तिपुर डायरी
०६:३०	कान्तिपुर डायरी	१५:५५	राइवार (नन्दकुमार)
०७:००	द हेडलाइनर्स	१६:००	हेल्थ एन्ड इन्जुकेसन डायरी
०७:३०	विज्ञान प्रविधि (नाष्ट)	१६:०५	विवक फिक्स (रिसता/धलिसा)
०८:००	डेलालपमेन्ट एन्ड इकोनोमिक्स डायरी	१७:००	डिष्ट्रिक्ट डायरी
०८:०५	द गुडमर्निङ शो (मृपेन्द्र)	१७:०५	म्यूजिक लाउन्ज (राजेश पाण्डे)
०८:३०	ओल्ड इज गोल्ड	१८:००	ज्योतिश दर्शन (शिवराज)
०९:००	कान्तिपुर डायरी	१८:३०	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट	१९:००	काठमान्डु बीट (साजारिका)
०९:१५	राष्ट्रिय गीत	२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
०९:२०	घुम्ने मेच (डिनेश डिसी)	२०:०५	रक मेसिन (मानस्मी वान्तवा)
९०:००	स्पोर्टस् डायरी	२१:००	कान्तिपुर डायरी
९०:०५	गजब छ बा (दुर्गाराज)	२१:२५	न्युज मेकर अफ द डे
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी	२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
११:०५	गेम्स् पिपुल प्लेे (प्रिंयका)	२३:००	सो टाइम (स्वर्ण)
१२:००	कान्तिपुर डायरी	२४:००	टप टेन (धलिसा)
१२:१०	टप टेन (धलिसा)	२४:१०	म अनि मेरो कथा (शुभ)
१३:००	डिस्ट्रिक डायरी	०२:००	नेपाली गीतहरु लगातार
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)	०३:००	हिन्दी गीतहरु लगातार
१४:००	इन्टरनेसनल डायरी	०४:००	भजनहरु लगातार
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)		

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१४१०२००
बुद्ध सामुदायीक मृगु अस्पताल	०७१४१६१९७
महिला तथा बाल अस्पताल-आन्दा	०७१४१८१४०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस भैरहवा	०७१४०६०३०
मीम अस्पताल भैरहवा	०७१४२०९१३
पृथ्वी चन्द्र अस्पताल पराशी	०७८४२०१९८
अर्याखाची जिल्ला अस्पताल	०७७४२०३५७
गुल्मी जिल्ला अस्पताल	०७९४२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७५४९०२००
रेडक्रस धनबुलेन्स भैरहवा	०७१-४२०२६३, ९७५७०२१९७८
रेडक्रस, रक्त संचार भैरहवा	०७१-४२०२६३, ९८६७२७६४५७
रेडक्रस, रक्त संचार, बुटवल	०७१-४१९८०८
संयुक्त धनबुलेन्स चालक संघ बुटवल	९८५६०२३०९९
मीम अस्पताल भैरहवा	०७१-४२०१९३
चुनिमर्सल शिक्षण अस्पताल भैरहवा	०७१-४०६०९२, ४०६०४२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-४२२८७४, ९८५७०९०३९०
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४१८०८
अध्यागमन कार्यालय बेलहिया	०७१-४१८०२०
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-४०७०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-४२०२१४
दमकल बुटवल अमहानगरपालिका	०७१-४१०१९९
माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा	०७१-४२३५३८
जिल्ला प्रशासन कार्यालय	४६०९३३
जिल्ला प्रहरी कार्यालय	४६०१९९
राप्ती उपक्षेत्रीय अस्पताल घोराही	४६२३६४
राप्ती अञ्चल अस्पताल तुलसीपुर	४२००१९
लमही अस्पताल	४४०००१
राप्ती आँखा अस्पताल तुलसीपुर	४२०१६४
आँखा अस्पताल लमही	४१९००८
घोराही उपमहानगरपालिका	४६०७००
तुलसीपुर उपमहानगरपालिका	४२०२३३

अदालतको लापरबाहीले सास्ती

विराटनगर (कास)- छिमेकीले हातमा पत्रिका बोकेर बिहानै घरमा आएपछि विराटनगरका अशोककुमार चौहान शुक्रबार दिनभर घरबाट बाहिर निस्कन सकेनन् । स्थानीय केही पत्रिकामा फरार प्रतिवादी पक्राउ भन्ने शीर्षकको समाचारमा अशोकको पनि नाम थियो ।

छिमेकीले 'के हो यस्तो ?' भन्दै सोध्न थालेपछि उनले घरबाट निस्कन नसकेको गुनासो गरे । २०६५ मा मोरङको लेटाङबाट विराटनगर फर्कंदैगर्दा लक्ष्मीमार्गमा चौहानको मोटरसाइकल दुर्घटना भएको थियो । मोटरसाइकलको पछाडि सवार लक्ष्मी संग्रौलाको घटनास्थलमै मृत्यु भयो । चौहान पनि गम्भीर घाइते भए । लक्ष्मीका आफन्तले जानीजानी मोटरसाइकल दुर्घटनामा पारेको भन्दै त्यसबेला उनीविरुद्धमा किटानी जाहेरी दिए । प्रहरीले उनलाई पक्राउ गरेको थियो । दुई हजार धरौटीमा छुटेका उनलाई अदालतले २०६५ फागुन १ मा २ हजार नै जरिवाना गर्ने फैसला गरेको थियो । धरौटी राखेको रकमबाटै जरिवाना असुलउपर भयो । आफ्नो निर्दोसिता साबित भएको भन्दै उनी ढुक्क भए । तर, अदालतले फरार प्रतिवादीको सूचीमा उनको पनि नाम चढायो ।

अदालतले फैसला कार्यान्वयन गराउने भन्दै सबै स्थानीय तह र प्रहरी कार्यालयलाई फरार प्रतिवादीहरूको सूची पठाएर पक्राउ गर्न आदेश गऱ्यो । अदालतले दिएको आदेशको पालना गर्दै मोरङ प्रहरीले धमाधम सूचीका नाम अनुसारका व्यक्ति पक्राउ गर्न थाल्यो । प्रहरीले फरार प्रतिवादी भन्दै घरमै लिन आएपछि उनी अचम्ममा परे । दुर्घटनासमेत बिर्सिसकेका उनी किन प्रहरीले आफूलाई फरारको सूचीमा राख्यो भनेर केही समय त बुझ्नै नसकेको बताए । 'न त अपराध गरेको, न कुनै बिगार गरेको । अदालतको लापरवाहीले गर्दा मेरो बेइज्जत भयो,' उनले भने, 'खाएको विष पो लाग्छ त, तर मलाई त नखाएको विष लाग्यो ।'

प्रहरीले पक्राउ गर्न खोजेपछि उनी अदालतमा गएर आफूले यसअघि नै धरौटी वापतको रकम बुझाएको प्रमाणित गराएर घर फर्किए । तर, प्रहरीले उनको नामसहित फरार प्रतिवादी पक्राउ गरिएको सूचना सञ्चारकर्मीहरूलाई दियो । अदालतको लापरवाहीका कारण चौहानले प्रहरीको मानसिक तनाव पनि बेहोर्नु पऱ्यो ।

पछिल्लो समयमा मोरङ प्रहरीले अदालतले कैद वा जरिवाना सजाय तोकेर फरार भएका अभियुक्तहरू धमाधम पक्राउ गर्न थालेको छ । अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत प्रहरीले ८ मंसिर एकैदिन ४६ जनालाई पक्राउ गरेको मोरङ प्रहरीका डीएसपी तथा प्रवक्ता राजकुमार खिउँजुले जानकारी दिएका थिए । अदालतका कर्मचारीहरूको लापरवाहीले आफूले अनावश्यक तनाव झेल्नु परेको चौहानले गुनासो गरे । 'वरिपरीका छिमेकी र साथीभाईले सोधेर हैरान भइसके,' उनले भने, 'त्यस्तो हैन भनेर जवाफ दिँदादिँदा दिक्क लागिसक्यो । न्याय पाउने ठाउँकै कारण दुःख पाउनुपऱ्यो ।'

चौहानसहित मोरङ प्रहरीले सार्वजनिक अपराध मुद्दामा एक हजार ५ सय ५० रुपैयाँ जरिवाना तिरेका विराटनगर-४ का राजेश चौधरी, चोरी मुद्दामा १२ हजार जरिवाना तिरेका अनिलकुमार मण्डल र लागूऔषध मुद्दामा सर्वोच्च अदालतबाट सफाइ पाएका विकास गुरुङलाई समेत सोही दिन पक्राउ गरेको थियो । अदालतले तोकेको जरिवानाभन्दा बढी रकम धरौटी राखेर छुटेको र जरिवाना वापतको रकम धरौटीबाटै कट्टा गराएको अवस्थामा पक्राउ गरेर प्रहरीले अनावश्यक दुःख दिएको उनीहरूको गुनासो छ ।

मोरङका एसपी विश्व अधिकारीले अदालतले दिएको विवरणअनुसार फरार प्रतिवादी पक्राउ गरिएको बताए । फरारलाई पक्राउ गर्ने र फैसला कार्यान्वयन गराउने निर्णयअनुसार दिइएको सूचीअनुसार नै आफूहरूले पक्राउ गरेको उनको दावी छ । 'अदालतले फरार प्रतिवादीहरूको लिस्ट नै दिएको छ,' उनले भने, 'त्यो लिस्अनुसार हामीले नियन्त्रणमा लिएर अदालतमा उपस्थित गराउने काम गर्नैपर्छ ।'

जिल्ला अदालत मोरङका सेरेस्तेदार ईश्वरमणि ओझाले मानवीय त्रुटिका कारण सूचीमा नहुनुपर्ने नाम पनि परेको बताए । अदालतले फरार प्रतिवादी पहिचान गरी धरौटीबापतको रकम असुलउपर गर्न यथास्थानमै कर्मचारी खटाउनेसमेत गरेको बताउँदै उनले त्यस्तो अवस्थामा अदालतमा आएर सदरस्याहा नगर्दा यस्तो त्रुटि हुन सक्ने उनको भनाइ छ ।



विश्व सिमसार क्षेत्रमा सूचीकृत कपिलवस्तुको जगदीशपुर तालमा रमाएका सारस । *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

ज्वालातीर्थमा हराउँदै ज्वाला

दैलेख (कास)- पञ्चकोशी क्षेत्रलाई पौराणिक रूपमा पाँच हजार ज्वालाको बिन्दु भन्ने गरिन्छ । यहाँका विभिन्न स्थानमा जमिन मुनिबाट निस्कने ग्याँसबाट आगो बलेको देखिने भएकाले यस्तो भनिएको हो । बुढापाकाहरू पनि यस क्षेत्रमा थुप्रै ज्वाला रहेको बताउँछन् । तर, अहिले श्रीस्थान र नाभिस्थान गरी दुई स्थानमा मात्र ज्वाला बलिरहेका छन् । 'यी ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ताले सताइरहन्छ,' पञ्चकोशी क्षेत्रका ७६ वर्षीय पण्डित तिलकप्रसाद रिजाल भन्छन्, 'हेर्दाहेर्दै थुप्रै ज्वाला हराए, यसमा कसैको चिन्ता र चासो छैन ।'

उनका अनुसार २०२८ सालसम्म पादुकास्थानमा ज्वाला बल्थ्यो । त्यो वर्ष पादुका खोलामा बाढी आएर भेल सुकेपछि ज्वाला हरायो । त्यसपछि निभेको ज्वालालाई पुनर्ज्योति दिनेमा कसैको चासो भएन । बाढीले खोलामा रहेको मन्दिरका साथै शिलालेख, मूर्ति, खम्बा र देवल पनि बगाएको उनले बताए । 'उतिबेलै चासो राखेर संरक्षणको पहल भइदिएको भए ज्वाला जोगाउन सकिन्थ्यो,' उनले भने, 'तर यतातिर कसैको ध्यान पुगेन । निभेको ज्वाला कहिल्यै पनि बलेन ।'

स्थानीयका अनुसार करिब चार दसक अघिसम्म गमौडी खोलामा ललाट ज्वाला, कढर ज्वाला र श्रीस्थानमा काला ज्वाला बल्थे । ती ज्वाला अहिले अस्तित्वमा छैनन् । नाभिस्थानमा रहेको इन्द्र ज्वाला र बढी ज्वाला भने निरन्तर बलिरहेका छन् । 'ज्वाला जोगाउनको लागि हामीले धेरैपटक सरकारको ध्यानाकर्षण गरायौं, तर कुनै सुनुवाइ भएन,' श्रीस्थान व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष केशव थापाले भने, 'बरु अहिले यहाँ जमिन मुनि पेट्रोलियम पदार्थको भण्डार पो छ कि भनेर खोजी गर्न थालिएको छ । खनखान पार्दा गर्दा भएका ज्वाला पनि हराउने जोखिम छ ।'

प्रशस्त ज्वाला भएकै कारण पञ्चकोशी क्षेत्रलाई 'ज्वाला तीर्थ' भन्ने गरिन्छ । तर, पछिल्लो समय विभिन्न कारणले ज्वाला निभ्दा यसको महत्वमा प्रभाव परेको मानिएको छ । श्रीस्थानका मुख्य महन्त गोकर्णनाथ योगी कतिपय ज्वाला भूकम्पको कारण पनि निभेका बताउँछन् । भूकम्पको कम्पनले सानोतिनो ज्वाला निभे । यसका साथै खोलामा आउने बाढी-पहिरोले पनि ज्वाला निभेका उनले बताए ।

पादुका मन्दिरका ७५ वर्षीय महन्त देवीनाथ योगी त सरोकारवाला निकायले ध्यान नदिएकै कारण ज्वाला लोप भएका बताउँछन् । २०२८ सालमा बाढीले ज्वाला हराएको थाहा पाएपछि पुनः ज्वाला बाल्नको लागि पहल गरे पनि कसैले वास्ता नगरको उनले बताए । 'अहिले पनि खोलामा उत्खनन् गर्ने हो भने ज्वाला बाल्न सकिन्छ होला,' उनले भने, 'यो सम्भावनातिर कसैको ध्यान पुगेको छैन ।' पञ्चकोशी क्षेत्रलाई ज्वाला तीर्थ क्षेत्रकै रुपमा स्थापित गरिनुपर्ने उनले बताए ।

कोटिलामा पनि थुप्रै ज्वाला बल्थे । ज्वालाले राति त मन्दिर क्षेत्र उज्यालो देखिन्थ्यो । तर, ती ज्वाला पनि संरक्षण अभावमा निभेका स्थानीयको भनाइ छ । नाभिस्थान व्यवस्थापन समितिका अध्यक्ष नविनकुमार योगी अहिले पनि बुढापाकाहरूले ज्वालाबारे भन्ने गरेका बताए । अहिले सरकारले ज्वाला क्षेत्रमा पेट्रोलियम पदार्थको अन्वेषण थालेपछि भएका ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ता बढेको उनको भनाइ छ ।

पञ्चकोशी क्षेत्र ज्वालामात्र होइन, पुरातात्विक रुपमा पनि उत्तिकै महत्व बोकेको क्षेत्र हो । तर पछिल्लो समय सरकारले भौतिक विकास गर्ने नाउँमा यसको बेवास्ता गरिरहेको स्थानीयको आरोप छ । नारायण नगरपालिका-२ का बलबहादुर केसीले पर्यटकीय क्षेत्रमा जथाभावी सडक खन्दा जोखिम झन् बढेको बताए ।

बजेट अभावले रोकियो अनौपचारिक शिक्षा

■ **अगन्धर तिवारी** (पर्वत)

नेपाल सरकारले जिल्लामा तीन वर्षअघि सुरु गरेको अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम रोकिएको छ । प्राथमिक तहको शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षा दिन सुरु गरिएको कार्यक्रम सरकारले बजेट पठाउन छाडेपछि रोकिएको हो ।

बजार क्षेत्रमा मजदुरी गर्ने र पारिवारिक समस्याले नियमित विद्यालय आउन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा दिन २०७४ बैशाखदेखि कुश्मास्थित शिवालय माध्यमिक विद्यालयले कक्षा सञ्चालन गरेको थियो । कक्षामा ५ देखि १८ वर्षसम्मका बालबालिका अध्ययन गर्दै आएका थिए । ६ महिनासम्म नियमित अध्ययन गराएपछि उनीहरूको क्षमताअनुसार नियमित कक्षामा पठाउने कार्यक्रम थियो । कार्यक्रमबाट ५० बालबालिकाले नियमित अध्ययन गरिरहेका थिए । मजदुरी, सडकपेटी तथा बजारक्षेत्रका विभिन्न ठाउँबाट ल्याइएका बालबालिकालाई निःशुल्क खाजासहित अध्यापन गर्दैआएको विद्यालयले कार्यक्रम रोकिएपछि कक्षा नै स्थगित गरेको जनाएको छ ।

'पहिलो वर्ष २१ जनालाई पढाइएको थियो । उनिहरूको प्रगति राम्रो थियो,' प्रधानाध्यापक भूपेन्द्र चापागाईंले भने, 'स्तरवृद्धी भएका नियमित कक्षामा गएका थिए । नयाँ आउने क्रम जारी थियो । कार्यक्रम झ्याप्पै रोकियो ।' गत चैतदेखि अनौपचारिक शिक्षा कार्यक्रमको कुनै पनि सहयोग नआएपछि सहयोगी कार्यकर्तालाई समेत विदा गरिएको उनले बताए । नियमित विद्यालय आउने गरेका बालबालिका अहिले पुरानै अवस्थामा फर्किएका छन् । 'बजारमा धेरै बालबालिका यत्तिकै डुलेको देखिन्छ,' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इश्वर गिरीले भने, 'उनीहरूलाई ल्याएर पढाउन सकिएको छैन ।' निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार दिन नसकिएकोमा उनले चिन्ता व्यक्त गरे ।

पर्वतको कुश्मास्थित शिवालय माविमा अनौपचारिक कक्षाका बालबालिका । *तस्बिर : कान्तिपुर*

मजदुरीबाटै जीविकोपार्जन गर्दै आएका परिवार र बेवारिसे बालबालिकालाई उनिहरू भएकै ठाउँमा पुगेर विद्यालयमा ल्याउने कार्यक्रम थियो । उक्त कार्यक्रमअन्तर्गत बालबालिकाको समय अनुकूल हुनेगरि बिहान र बेलुका दुइपटक कक्षा सञ्चालन हुँदैआएको सहयोगी पार्वती सापकोटाले बताइन् । 'बिना पारिश्रमिक पनि मैले धेरै दुःख गरेकी थिएँ । तत्काल नभएपनि स्थायी हुन्छ भन्नुहुन्थ्यो । अहिले न बालबालिका आउँछन् । न मेरो भविष्य बन्यो,' उनले भनिन् । सडकपेटी तथा बिभिन्न ठाउँमा पुगेर बालिबालिका खोज्दैजाँदा कतिपय बालबालिका चोकमा रोकिएका गाडीमा पैसा मार्दै गरेका समेत भेटिने उनले बताइन । 'अहिले उनीहरूको अवस्था उस्तै छ,' उनले भनिन्, 'हामीले दुःख गर्नु मात्रै भयो ।'

अनौपचारिक कक्षामा पढ्ने गरेका कतिपय बालबालिकाका अहिले पनि अभिभावकसँगै मजदुरीमा छन् । बेवारिसे अवस्थाका बालबालिका सदरमुकाम आसपासमा फोहोर संकलन गरेर पनि जीविका चलाउँछन् । उनीहरूलाई विद्यालयमा नियमित ल्याएर अक्षर चिनाउन मुस्किल छ । 'खाजा दिएर पनि ल्याउन मुस्किल हुन्थ्यो,' प्रअ चापागाईंले भने, 'त्यति हुँदाहुँदै पनि हामीले धान्ने सकेनौं ।' अनौपचारिक शिक्षा कार्यक्रम केन्द्रदेखि नै रोकिएको भन्दै कुनै सहयोग नपाइएपछि विद्यालयको स्रोतले धान्न नसकेर बन्द गरिएको उनले बताए ।

शिक्षा विभागले अनौपचारिक शिक्षा कार्यक्रम सुरु गरेसँगै उनीहरूको अध्यापन र निरन्तरताका लागि मासिक ६२ सय पारिश्रमिक तोकेर एक सहयोगी कार्यकर्ता उपलब्ध गराए पनि पारिश्रमिक भने जिल्लामा नपठाएको विद्यालयले जनाएको छ । आर्थिक वर्ष ०७५/७६ का लागि बजेट नदिएपछि कुश्मा नगरपालिकाले ६५ हजार रूपैयाँ सहयोग गरेको थियो । चालु वर्षदेखि नगरपालिकाले सहयोग नदिएपछि बालबालिकासहित सहयोगी कार्यकर्तासमेत बिदाइ गरिएको विद्यालयले जनाएको छ । नगरपालिकाबाट उक्त कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापनले पनि सहयोग ल्याउन पहल गरेन । बरु कक्षा नचलाउने निर्णय गर्दै दुई महिनाअघि सहयोगी र विद्यार्थीलाई विदा गरेको हो ।

उपनिर्वाचन तयारी पूरा

विराटनगर (कास)- धरान उपमहानगरलगायत प्रदेश १ का विभिन्न स्थानमा हुने स्थानीय तहको उपनिर्वाचनको तयारी पूरा भएको छ । मतदान केन्द्रहरू व्यवस्थित बनाइएको छ । सुरक्षाकर्मी र कर्मचारी परिचालन भइसकेका छन् ।

संखुवासभाको मकालु गाउँपालिका र खाँदबारी-३ मा ११ वटा मतदान केन्द्र राखिएको छ । केन्द्रमा सेना, सशस्त्र र नेपाल प्रहरी परिचालित भएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद दुलालले बताए ।

संखुवासभामा मकालु गाउँपालिकामा अध्यक्ष र खाँदबारी नगरपालिका-३ मा वडाध्यक्षको निर्वाचन हुँदैछ । मकालु गाउँपालिकामा ९ हजार १ र खाँदबारी-३ मा १ हजार ८ सय ३० मतदाता छन् । मकालुमा ७ वटा दल चुनावी मैदानमा छन् । खाँदबारी-३ को वडाध्यक्षमा नेकपा र कांग्रेसको मात्र उम्मेदवारी छ ।

एक गाउँपालिका अध्यक्ष, एक नगरपालिका र अर्को गाउँपालिकाको वडाध्यक्ष पदका लागि उप निर्वाचन हुने पाँचथरमा पनि तयारी पूरा भएको छ । मतदातालाई परिचयपत्रवितरण, मतदान स्थलनिर्माण र आवस्यक सामग्री ढुवानी लगायतका सबै काम पुरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदान हुने ३१ वटा केन्द्रमा पुगेका मतदान अधिकृत, सहायक अधिकृत, कर्मचारी र सुरक्षाकर्मीले मतदानस्थल निर्माण र मतपेटिका संकलनपछि मतगणना गर्ने कक्ष समेत तयार पारिसकेका मुख्य निर्वाचन अधिकृत मोहनराज भट्टराईले बताए । अध्यक्ष पदका लागि निर्वाचन हुने फाल्गुनन्द गाउँपालिकामा १६ हजार ५ सय ७७, फिदिम नगरपालिका १ मा ३ हजार ६ सय ७६ र हिलिहाङ गाउपालिका७ मा २ हजार ६ सय मतदाता छन् । सुनसरीको धरान उपमहानगरका मेयर तारा सुब्बाको निधनपछि पद रिक्त छ । यस्तै संखुवासभाको मकालु गाउँपालिका अध्यक्ष खड्गबहादुर कटुवाल र पाँचथरको फाल्गुनन्द गाउँपालिका अध्यक्ष अमरबहादुर नेम्वाङको निधनपछि स्थान रिक्त भएको हो । यसैगरी मोरङको धनपालथान गाउँपालिका-२, पाँचथरको हिलिहाङ गाउँपालिका-७, धरान-७ को वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदै छ ।

कृष्णसार बचाउन चुनौती

■ **कमल पन्थी** (बर्दिया)

दुर्लभ वन्यजन्तुमा सूचीकृत कृष्णसार हेर्नुपरे मुलुकमै एक मात्र सुगम स्थान गुलरियाको खैरापुर हो । यहाँ निश्चित क्षेत्रफललाई तारबार गरेर वन्यजन्तु हुर्काइएको छ । यसलाई अवलोकन गर्न दिनहुँ सर्वसाधारण आउने गरेका छन् ।

आगन्तुकले रूपरंग र गतिविधि हेरेर रमाइलो मान्ने यो दुर्लभ वन्यजन्तु जोगाउन भने चुनौती बढ्दो छ । मानवीय अतिक्रमण, वस्तुभाउको चरन, भुस्याहा कुकुर र चितुवाको आक्रमण बढेपछि संरक्षणमा चुनौती बढेको हो । बर्दिया राष्ट्रिय निकुञ्जका अनुसार ४५ वर्षअघि कृष्णसार लोप भएको अनुमान गरिएको थियो । कतै नदेखिएपछि हराइसकेको संरक्षणकर्मीले अड्कल गरेका थिए । त्यही बेला बर्दिया वन्यजन्तु आरक्ष स्थापना भयो । २०३२ असोजबाट यसको खोजी थालियो । संरक्षणकर्मीका अनुसार बाँके र बर्दियामा कृष्णसार खोजी गर्ने क्रममा गुलरिया-२ स्थित खैरी पण्डितपुरको वनमा एउटा सिङ भाँचिएको बूढो भाले, एउटा वयस्क भाले, तीनवटा पोथी र चार बच्चासहित नौवटा कृष्णसार फेला परे । तिनको संरक्षणका लागि तत्कालीन वन विभागको सुरक्षा पोस्ट खडा गरेको बर्दिया निकुञ्जले जनाएको छ । लामो प्रयासपछि अहिले भाले ४४, पोथी १ सय २५ र बच्चा ६५ गरी २ सय ३४ वटा कृष्णसार छन् । निकुञ्जका अनुसार कृष्णसार दुबो र काँस भएको मैदानमा बस्न रुचाउँछन् । गाई, भैंसी र भेडाबाख्रासँगै चर्न रमाउँछन् ।

बथानमा चरिरहेका कृष्णसार मानिस देख्नासाथ सुरक्षित स्थलतर्फ भाग्छन् । अन्य वन्यजन्तु र वस्तुभाउसँग चर्न मन पराउने भएकाले संरक्षित क्षेत्रमै गोठालाले वस्तुभाउ ल्याउने गर्छन् । घरपालुवा वस्तुभाउले कृष्णसारको आहारा खाने भएकाले दैनिक झगडा गर्नुपरेको संरक्षण केन्द्रका कर्मचारीले बताए । चितुवा र भुस्याहा कुकुरको आक्रमणमा वर्सेनि एक दर्जनभन्दा बढी कृष्णसारको मृत्यु हुने गरेको छ ।

बर्दियाको गुलरिया-२ को खैरापुरमा चर्दै दुर्लभ वन्यजन्तु कृष्णसार । *फाइल तस्बिर : कान्तिपुर*

सामुदायिक वनबाट निस्कने चितुवाको आक्रमणबाट गत साउनयता पाँचवटा कृष्णसार मारिएको कृष्णसार संरक्षण क्षेत्रका सूचना अधिकारी मनराज मोक्तानले बताए । उनका अनुसार बर्सेनि १२ देखि १५ वटा कृष्णसार मारिने गर्छन् । अहिले भुस्याहा कुकुर नियन्त्रणमा आए पनि चितुवाले आक्रमण गर्न थालेको संरक्षण समितिका अध्यक्ष कृष्ण खनालले बताए । ०३२ सालमा नौवटा कृष्णसार रहेकोमा ०७१ मा ३ सय १ वटा पुगेका थिए । ०७१ साल साउन अन्तिम साता आएको बाढीले ४० वटा बगाएको थियो । ०७४ सालमा बाढीले १८ वटा कृष्णसार मारिएको संरक्षण समितिले जनाएको छ । कृष्णसार संरक्षण क्षेत्रसँग बबई नदी जोडिएका कारण पनि बाढी आउनासाथ कृष्णसार संरक्षण क्षेत्रलाई क्षति पुऱ्याउँदै आएको छ ।

सूचना अधिकारी लामाका अनुसार यसको एउटा भालेले प्रजननका लागि एक दर्जन पोथी खोज्ने गर्छ । एउटै भालेले दिनहुँ एक दर्जनभन्दा बढी पोथीलाई आफ्नै नियन्त्रणमा राख्ने गर्छ । आफ्नो नियन्त्रित क्षेत्रमा अन्य भालेलाई प्रवेश गर्न दिँदैन । बलियो भाले आयो भने लडाइँ हुन्छ । त्यसमा जित्नेले ती पोथीलाई नियन्त्रणमा राख्ने गरेको दुई दशकदेखि कृष्णसार संरक्षण क्षेत्रमा काम गर्दै आएका गेम स्काउट डुम चन्दले बताए । उनका अनुसार पूर्णिमा र अँधेरी रात प्रजननका लागि कृष्णसारलाई मन पर्ने समय हो । एउटा कृष्णसारले ६-६ महिनामा २/३ वटा पाठापाठी जन्माउँछन् ।

अतिक्रमण समस्या

गुलरिया नगरपालिका-२ खैरापुर फाँटस्थित कृष्णसार संरक्षण क्षेत्र ७ सय ८ बिघा क्षेत्रमा फैलिएको थियो । हाल करिब ३ सय ५० बिघा क्षेत्रफल अतिक्रमण भएर १ सय ४२ घरटहरा बनिसकेको छ । अतिक्रमण हटाउन पहल नभएकाले वन्यजन्तु संकटमा परेको छ । केही वर्षयता थप अतिक्रमण रोकिएको छ । तर, त्यहाँबाट हटाइएकाहरूको व्यवस्थापन नहुँदा उनीहरूको दृष्टि कृष्णसार क्षेत्रकै जग्गामा छ । ०६५ चैत ३ मा संरक्षण क्षेत्र घोषणाअघि ऐलानी जग्गामा बस्दै आएका ५३ घरधुरी पनि यहीं छन् । ०६२/६३ को जनआन्दोलनका समय विभिन्न ठाउँबाट आएका ९३ जनाले संरक्षित क्षेत्रको जमिन कब्जा गरी अस्थायी टहरा बनाए । सरकारले यहाँ रहेका सुकुम्बासीका लागि अन्यत्र व्यवस्था गरे पनि छाडेर गएनन् । कृष्णसार संरक्षण समितिका पूर्वअध्यक्ष एवं गुलरिया-२ का वडाध्यक्ष टंक अधिकारीले केन्द्रले बस्ती अन्यत्र स्थानान्तरण गर्न समिति गठन प्रक्रिया अघि नबढाएका कारण समस्या भएको बताए । बर्दिया राष्ट्रिय निकुञ्जले कृष्णसारको वंश नै समाप्त गर्न अतिक्रमणकारी समूह लागिपरेको शंका गरेको छ ।

जमिन अतिक्रमण भएलगत्तै केही समयसम्म चोरी सिकारीले चारवटा कृष्णसार मारेर कान, नाइटो र पुच्छर काटेर लगेका थिए । त्यस अवधिमा भुस्याहा कुकुर, हुँडार र प्राकृतिक कारणबाट पाँचवटाको मृत्यु भएको थियो । कृष्णसारलाई संरक्षित वन्यजन्तु घोषणा गरे पनि संरक्षणका लागि सरकारले खासै पहल नगरेको वडाध्यक्ष अधिकारी गुनासो गर्छन् । चितुवा र स्याललगायतको आक्रमणले कृष्णसार मर्दै जाने हो भने केही वर्षभित्र निमिट्यान्न हुने स्थानीय जग्गु यादवले बताए । कृष्णसार एन्टीलोप (मृग) जातिको एक वन्यजन्तु हो । यसको वैज्ञानिक नाम सर्भिकापा हो । यसलाई अंग्रेजीमा ब्ल्याक बक भनिन्छ । नेपालबाट लोप हुन थालेका कारण यसलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको हो । पहिले तराइका धेरै भागमा पाइने उक्त वन्यजन्तु वासस्थान र आहाराको कमीले गुलरियाको खैरापुर क्षेत्रमा मात्र सीमित छ । ०५५ सालमा ३५ वटा कृष्णसार हराएका थिए । तिनीहरू भारतीय सीमा नजिक रहेको जंगलात क्षेत्र र कृष्णसार (काली मृग) संरक्षण केन्द्रमा गएको शंका स्थानीयले गरेका छन् । सामान्यतः भाले कृष्णसार पोथीभन्दा अलि ठूलो हुन्छ । भालेका दुईवटा सिङ बटारिएको हुन्छ तर पोथीको सिङ नै हुँदैन । जिल्ला वन कार्यालयदेखि पाँच किमि पश्चिम र राष्ट्रिय निकुञ्जबाट ५० किमि पूर्व-दक्षिणमा छ ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २७९ सुर्खेत | १४ मंसिर २०७६ शनिबार मार्ग शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 30, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

ग्रान्ड रिहर्सल | १३औं दक्षिण एसियाली खेलकुद (साग) को उद्घाटन समारोहका लागि दशरथ रंगशालामा शुक्रबार साँझ 'ग्रान्ड रिहर्सल' का क्रममा मार्चपास र आतिसबाजी गरिँदै । सागको उद्घाटन आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन् । *तस्बिर : हेमन्त श्रेष्ठ र दीपक केसी/कान्तिपुर*

यसरी सुरु हुँदै छ १३औं साग

■ **विनोद पाण्डे** (काठमाडौं)

दशरथ रंगशाला यतिबेला दुहली घरजस्तै भएको छ । पुनर्निर्माणले रूप फेरिएको रंगशाला धपक्क बलेको छ । चारैतर्फ प्यारापिटमा छानो हालिएको छ । रंगीविरंगी कुर्सी, अनि मैदानको हरियो दुबोमा फ्लडलाइटको प्रकाश छरिँदा यो हाम्रै देशको रंगशाला हो भन्न पाउँदा पनि आनन्द लाग्छ । हो, यही रंगशालामा आइतबार भव्य समारोह हुनेछ- दक्षिण एसियाली खेलकुद १३औं संस्करणको उद्घाटन ।

'नेपाली मौलिकता प्रस्तुत हुनेछ । प्रकृति र संस्कृतिको धनी देश भनेर चिनाउनेछौं,' समारोह समितिका निर्देशक कुलबहादुर थापाले भने, 'हेरौं-हेरौं लाग्ने बनाएका छौं उद्घाटन समारोह ।' **बाँकी पृष्ठ १५**

६ वर्षमा ५.६७ क्विन्टल सुन बरामद

■ **मातृका दाहाल** (काठमाडौं)



रोकिएन तस्करी

इकडबाट आएका दुई चिनियाँ नागरिक चेन होङयाङ र चेन क्विनहाङ ८ केजी सुनसहित विहीबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परे । जहाजबाट बाहिरिने क्रममा भन्सार र प्रहरीको टोलीले उनीहरूलाई पक्रिएको थियो । चीनको फुजियान प्रान्तका दुवै जना भरिया रहेको प्रहरीको आशंका छ । शुक्रबार पनि तिब्बत एयरबाट आइपुगेका चिनियाँ नागरिक सा लुतुई एक किलो सुनसहित त्रिभुवन विमानस्थलमा पक्राउ परेका छन् ।

गत साउन १९ गते हडकडबाटै आएका चिनियाँ नागरिक ली निङसिङ ४ केजीसहित विमानस्थलबाटै समातिए । उनी पनि तस्करका भरिया नै रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । त्यसको १० दिनअघि गोरखाको धार्चे गाउँपालिका-३ खोर्लाबेसी नजिकैको ओडारमा १६ केजी सुन फेला पऱ्यो । बरामद सुन गोरखाकै तिब्बती सीमा चुमनुब्री गाउँपालिकाको छेकम्पारस्थित डुइला नाकाबाट भित्रिएको अनुसन्धानले देखायो ।

अवैध रूपमा नेपाल भित्र्याइएको सुन बरामद गरिएका यी पछिल्ला घटना हुन् । जसबाट तस्करले विभिन्न शैली र बाटो अपनाउँदै सुन भित्र्याउने क्रम चलिरहेको देखिन्छ । प्रहरीले प्रायः भरिया मात्र समाल्ने र मुख्य कारोबारी पत्ता नलगाउने हुनाले पनि तस्करी निरन्तर भइरहेको आकलन गरिएको छ । गत चैत २० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रहरीले थाइल्यान्डबाट आएका ५ भारतीयलाई ६ केजी सुनसहित पक्राउ गरेको थियो । ०७४ असोज ४ गते रसुवागढी/केरुङ नाका हुँदै भित्रिएको ८८ केजी सुन क्षेत्रपाटीबाट बरामद भयो । यी घटनाका मुख्य कारोबारी पत्ता लागेका छैनन् ।

प्रहरीका अनुसार ०७१ मा १ सय ११ केजी, ०७२ मा ६८ केजी, ०७३ मा ९१ केजी, ०७४ मा १ सय ७९ केजी, ०७५ मा ८९ केजी र चालु आवको ८ महिनामा २९ केजी तस्करीको सुन बरामद भएको छ । प्रहरीका अनुसार ६ वर्षको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग जोडिएका नाकाबाट ५ सय ६७ केजी सुन बरामद भएको छ, जुन अहिलेको दरअनुसार करिब ३ अर्ब ५० करोड रुपैयाँ मूल्य बराबरको हो । तस्करीमा संलग्न ४ सय ५५ जना नेपाली र विदेशी नागरिक पक्राउ परेका छन् । पक्राउ परेका केहीबाहेक अधिकांश भरिया रहेको प्रहरी अधिकारीले बताएका छन् । चीन, भारत, नेपाल, दुबई, हडकङ, सिंगापुर, थाइल्यान्डलगायत मुलुकमा बसेर सुन अवैध रूपमा ओहोरदोहोर गराउने गिरोह सक्रिय रहे पनि निस्तेज पार्न सरकारले सकेको छैन ।

यसबीचमा सुन तस्करलाई ओसारपसारमा सहयोग गरेको अभियोगमा नेपाल प्रहरीका एसएसपीद्वय रविराज श्रेष्ठ र श्याम खत्री लगायतसमेत पक्राउ परे । सशस्त्र प्रहरीका तत्कालीन डीएसपी हर्क पन्त भन्सार छली र सुन तस्करसँग मिलेको अभियोगमा तातोपानीबाटै पक्राउ परे । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भुजुङ गुरुङ पनि पक्राउ परे ।

पूर्वडीआईजी हेमन्त मल्ल नेपालमा तस्करीको सुन ९० प्रतिशत चीनबाट आउने गरेको बताउँछन् । 'तस्करले नेपाललाई ट्रान्जिट बनाएर सुन ओसारपसार गरिरहेका छन्, त्यसलाई नियन्त्रण गर्न सरकारले विद्युतीय उपकरणको प्रयोग बढाउनुपर्छ,' उनले भने, 'विमानस्थलसहित सबै नाकामा सुन, लागूऔषध र मुद्रा पहिचान गर्न सक्ने उपकरण जडान गरियो भने धेरै हदसम्म तस्करी रोक्न सकिन्छ ।'

नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग सीमा जोडिएका स्थल नाकाबाट सुन तस्करी हुँदै आएको छ । भारतसँग मानव आवतजावत गर्न मिल्ने ७३ नाका/चेकप्वाइन्टमा सरकारको उपस्थिति छैन । चीनसँग सीमानाका जोडिएका डेढ दर्जन चेकप्वाइन्टमा पनि सरकारको संयन्त्र पुगेको छैन ।

बाँकी पृष्ठ १३

उपनिर्वाचन आज

प्रतिनिधिसभाको १, प्रदेशसभाको ३ र स्थानीय तहका रिक्त ४८ समेत ५२ पदका लागि मतदान

१६ हजार २ सय १९ नयाँ मतदाता, परिचयपत्र नहुनेलाई विकल्प

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त पदका लागि शनिबार उपनिर्वाचन हुँदै छ । निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको र बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने जनाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उपनिर्वाचनका लागि सुरक्षा व्यवस्था मजबुत बनाइएकाले निर्भीक भएर मतदानमा सहभागी हुन मतदातालाई आह्वान गरेका छन् ।

प्रतिनिधिसभाको रिक्त रहेको कास्की-२, प्रदेशसभाको भक्तपुर १(१), बागलुङ २(२), दाङ ३(२) मा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनमा जसले जिते पनि प्रतिनिधिसभा वा प्रदेशसभामा रहेको दलीय उपस्थितिमा ठूलो प्रभाव पार्ने छैन । स्थानीय तहतर्फ सुनसरीको धरान उपमहानगरमा प्रमुख, संखुवासभाको मकालु, पाँचथरको फालगुनन्द र महोत्तरीको पिपरा गाउँपालिकामा अध्यक्ष पदको निर्वाचन हुन लागेको हो । हुम्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिका एवं गाउँपालिकाका रिक्त ४३ वडाध्यक्ष पदका लागि समेत उपनिर्वाचन हुँदै छ । स्थानीय तहतर्फ नगरप्रमुख, अध्यक्ष तथा वडाध्यक्ष कार्यकारी पद भएकाले त्यसको जितहारले स्थानीय सरकारमा सम्बन्धित राजनीतिक दलको भूमिका थपघट हुनेछ ।

प्रतिनिधिसभातर्फ कास्की क्षेत्र नं. २ बाट निर्वाचित तत्कालीन एमाले नेता पर्यटनमन्त्री रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । कास्की-२ मा ११ राजनीतिक दलले चुनावमा भाग लिएका छन् ।

बाँकी पृष्ठ १३



विपत्बाट बच्न सामूहिक प्रतिबद्धता

कालीकोट (कास)- प्राकृतिक प्रकोप र मानव सिर्जित समस्याले निम्त्याएका विपत्बारे छलफल गर्दै त्यसबाट बच्न १३ बुँदे सामूहिक प्रतिबद्धता गरिएको छ। जिल्ला विपत् व्यवस्थापन समितिले आयोजना गरेको कचहरीमा जलवायु परिवर्तन र विपत्ले पारेको प्रभावबारे तीनै तहका सरकारको ध्यानकर्षण गराइएको हो।

बाढी, पहिरो, सुक्खा खडेरी, आगलागीजस्ता समस्याबाट बढी पीडित कालीकोटका नागरिकलाई सम्भावित विपत्बाट बचाउन पूर्वतयारीसहित नीतिगत र कार्यक्रमगत योजना बनाइएको प्रजिअ कृष्णचन्द्र पौडेलले बताए। 'जिल्लामा सबै खाले विपत्को उच्च जोखिम छ,' उनले भने, 'प्रकोपबाट बच्न र बचाउन सबै सरोकारवालाले गर्नुपर्ने कामको वाँडफाँड गरि सामुहिक प्रतिबद्धता जनाइएको हो।' उनका अनुसार पलाता २, धौलागोह खाडामा गत वर्ष ३२ घर जलेका थिए।

पलाताको आगलागी बस्ती पुर्ननिर्माणको अन्तिम चरणमा रहेको जानकारी दिँदै गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले खरका छाना विस्थापनको योजना ल्याइएको बताए। सबै तहमा विपत् जोखिम न्यूनीकरण कार्ययोजना बनाएर लागू गर्ने, विपत कोषको व्यवस्था गर्ने र भवन संहिता लागू गरी भौतिक पूर्वाधारका काम गर्ने प्रतिबद्धता गरिएको हो। हरित सडकको अवधारणामा वृक्षरोपण, तारजाली, तटबन्धन गर्ने, स्थानीय तहमा स्थानीय विपत् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण गर्ने र जलवायु अनुकूल कृषि प्रणालीमा लगानी गर्ने बाचा गरिएको समितिले जनाएको छ।

मुगुको छायाक्षेत्र आभारभूत विद्यालयमा अध्ययनरत विद्यार्थी चौरमा आगो बालेर पढ्दै। चिसो बढेपछि कोठाभित्र पढ्न गाह्रो हुने भएपछि विद्यार्थी खुला चौरमा आगो तापेर पढ्न बाध्य छन्।
तस्बिर : राजबहादुर शाही/कान्तिपुर

गुणस्तरहीन कालोपत्रेमा यात्रा जोखिम

कान्तिपुर संवाददाता (रुकुम पश्चिम)

जिल्ला जोड्ने एकमात्र मुख्य सडक हो-राप्ती लोकमार्ग। दाङ-सल्यान हुँदै रुकुम जोड्ने जीर्ण सडकका कारण स्थानीयले वर्षौंदेखि सास्ती भोग्दै आएका छन्।

बर्सेनि यात्रुको संख्या बढ्दै गए पनि सडकको अवस्था बिग्रँदा स्थानीय बासिन्दा जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका हुन्। २०५९ मा रुकुम-राप्ती लोकमार्गमार्फत सडक सञ्जालमा जोडिएको थियो। लामो समय कच्ची सडकमा यात्रा गरेका जिल्लाका बासिन्दाले सडक पक्की हुँदा पनि सजिलै यात्रा गर्न पाइरहेका छैनन्। लोकमार्गको अधिकांश ठाउँमा कालोपत्रे उप्किएको छ। हिलो र धूलोले यात्रा कष्टकर बनेको यात्रुको गुनासो छ।

लोकमार्ग जिल्ला आउने र जिल्लाबाट बाहिरिने मुख्य सडक हो। सल्यानको बागचौर नगरपालिकास्थित बांगेलाकुरीदेखि सदरमुकाम सल्लेसम्मैको सडक बिग्रिएको छ। सल्यान र रुकुम पश्चिमको सिमाना खौलादेखि यताको सडकको अवस्था खराब छ। ठाउँ-ठाउँमा सडक चिरिएको छ भने ओटासिल उप्किएको छ। हिउँदमा धूलो र बर्खामा हिलो नहुने सडकै छैन।

राप्ती लोकमार्गमा पर्ने रुकुम पश्चिमको त्रिवेणी गाउँपालिका ६, ढाँरेगैरामा बर्खाका बेला फसेको गाडी धकेल्दै यात्रु र प्रहरी। *फाइल तस्बिर : हरि गौतम/कान्तिपुर*

हरेक वर्ष विभिन्न खण्डमा उप्केको ओटासिल कालोपत्रे टाल्ने गरे पनि लामो खण्ड मर्मतको काम नहुँदा यात्रा असहज बनेको हो। टालटुल पनि मापदण्डअनुसारको हुने गरेको छैन। ठेकेदार कम्पनीले असारको अन्तिममा मात्रै हतार-हतार काम गर्ने र मापदण्ड नपुऱ्याइ काम गरिएको मुसीकोट नगरपालिका ४ का शिक्षक लोकबहादुर केसीले बताए। 'असार अन्तिम साता ठेकेदारले टालटुलको काम सुरु गर्छन्,' उनले भने, 'सम्बन्धित निकायले अनुगमन नगर्दा सडकको अवस्था झन बिग्रँदै छ।'

गत वर्ष राप्ती लोकमार्ग मर्मतका बजेट परे पनि अन्तिममा कार्यान्वयन हुन सकेन। सल्यानको श्रीनगरदेखि रुकुम पश्चिमको सल्लेसम्मै कालोपत्रे गर्नेगरी बजेट विनियोजन गरिए पनि काम सुरु हुन सकेन। ओटासिल कालोपत्रे गरिएको लामो समयसम्म थप मर्मत नहुँदा जीर्ण बनेको सडक मर्मतका लागि १५ करोड रुपैयाँ बजेट विनियोजन भएको थियो। सडक विभागअन्तर्गतको वैदेशिक महाशाखाले अन्तिममा प्राविधिक समस्या देखाउँदै सडक मर्मतको काम रोकेको थियो। रुकुम पश्चिमको मुसीकोट सल्लेदेखि सल्यानको श्रीनगरसम्म ८४ किमि छ।

गाडी दुर्घटनामा ३ को मृत्यु

दैलेख (कास)- सुर्खेत-दैलेख खण्डको घोडाबासमा शुक्रबार माइक्रो बस (फोर्स) दुर्घटना हुँदा दम्पतिसहित तीन जनाको घटनास्थलमै मृत्यु भएको छ। गुराँस गाउँपालिका ४, घोडाबासनजिकै भे.१ज १०२ ९ नम्बरको गाडी दुर्घटनामा परेको हो।

जिल्ला प्रहरी कार्यालयका अनुसार दुर्घटनामा परी सुर्खेतको वीरेन्द्रनगर ३, तातापानीका ५७ वर्षीय थीरबहादुर सुनार, बर्दियाको मधुवन नगरपालिका ६, सानोश्रीका २९ वर्षीय नामबहादुर बडुवाल र उनका पत्नी कमला बडुवालको घटनास्थलमै ज्यान गएको हो।

दुर्घटनामा परी १५ यात्रु घाइते भएको प्रहरीले जनाएको छ। वीरन्द्रनगर ८, खजुराकी मंगली गुरुङ, मुकेश गुरुङ, दुल्लु नगरपालिका १० की लक्ष्मी योगी, अविशेषक योगी, बाँके नौबस्ताका कर्णबहादुर बोगटी र लक्ष्मी बोगटी दुर्घटनामा परी घाइते भएको प्रहरीले जानकारी दिएको छ।

त्यस्तै वीरेन्द्रनगर ३ का मोहन परियार, झुमा परियार, चन्द्र परियार, भीम परियार, वीरेन्द्रनगर ११ का देवीप्रसाद भट्टराई र धुलियाविटकी चन्द्रकली सिंगोली घाइते भएको जिल्ला प्रहरी प्रमुख (डीएसपी) हरिबहादुर ओलीले बताए। उनका अनुसार चामुण्डाविन्द्रासैनी ४ की लक्ष्मी रावत र नारायण नगरपालिका ४ का दिलबहादुर कटुवाल पनि घाइते भएका छन्। प्रहरी चौकी रानिमत्ताका प्रहरी निरीक्षक उपेन्द्रप्रसाद आचार्यको टोलीले घाइतेलाई उद्धार गरी प्रदेश अस्पताल सुर्खेत पुऱ्याएको हो। दुर्घटनालगत्तै चालक फरार छन्।

लिफ्टबाट डाँडामा खानेपानी

जुम्ला (कास)- मुहान तल र डाँडामा बस्ती भएपछि वर्षौंदेखि खानेपानी समस्या भोग्दै आएका तिला गाउँपालिका १, रारा गाउँका बासिन्दाले लिफ्ट प्रविधिमार्फत पानीको सुविधा पाएका छन्। गाउँपालिकाको ५० लाख रुपैयाँ बजेटमार्फत् १२ सय मिटर टाढाको बस्तीमा खानेपानी पुगेको हो।

डाँडामा खानेपानी पुगेपछि स्थानीयले खुसी मनाएका छन्। २ सय ५० घरधुरी रहेको गाउँमा खानेपानी समस्या हुँदा स्थानीयले विभिन्न असुविधा भोग्दै आएका थिए। खानेपानी समस्याकै कारण बसाइ सर्ने क्रम बढेको थियो। गाउँमा पानी पुगेपछि स्थानीयलाई सिँचाइको सुविधासमेत भएको छ। प्रयोग गरेर बचेको पानीलाई स्थानीयले खेती र करेसाबारीमा प्रयोग गरिरहेका छन्। खानेपानी पुगेपछि वर्षौंदेखि प्रयोगविहीन भएका शौचालय पुनः प्रयोगमा आउन थालेका छन्।

यसअघि स्थानीय बासिन्दा आधा घण्टा हिँडेर पानी ल्याउन बाध्य थिए। ठूलो गाउँ भए पनि ५ धारा मात्रै हुँदा घण्टौं लाइन लाग्नुपर्ने समस्या थियो। स्थानीय सरिता रावतले लिफ्टबाट पानी पुगेपछि जनजीवन सहज बनेको बताइन्। 'धारोमा घण्टौ लाइन बस्नुपर्ने बाध्यता हटेको छ,' उनले भनिन्, 'पानीका लागि दुःखका दिन गए।' उनका अनुसार खानेपानी अभावका कारण महिला र बालबालिका धेरै समस्याबाट पीडित थिए। पानीकै लागि लाइन बस्दा बालबालिकाको पढाइ प्रभावित हुने गरेको थियो। लिफ्टमार्फत पानी पुगेपछि बालबालिकाको पढाइ नियमित बनेको उनले सुनाइन्।

'गाउँमा पानी ल्याउने स्रोत कुनै नभएपछि विकल्पको रुपमा लिफ्ट प्रविधि अपनाएका हौं,' गाउँपालिका अध्यक्ष रतननाथ योगीले भने, 'अब पानीको समस्या भएका अन्य वडामा पनि लिफ्टबाट पानी पुऱ्याउने काम थालिनेछ।' परीक्षणका रूपमा सुरु गरिएको योजना सफल भएपछि अन्य गाउँमा पनि लिफ्टकै प्रयोग गरिने उनको भनाइ छ।

रारा गाउँमा लिफ्टमार्फत तानिएको पानीले १८ हजार रोपनीमा सिँचाइ हुने गाउँपालिकाले जनाएको छ। खानेपानीलाई सिँचाइमा समेत प्रयोग गरिने उपभोक्ता समिति अध्यक्ष कोलबहादुर रावत बताउँछन्। 'खेतमा लगाएको अन्नबालीसँगै स्याउका बिरुवामा सिँचाइ गर्न खानेपानी नै प्रयोग गरिनेछ,' उनले भने, 'उत्पादन वृद्धिमा समेत लिफ्ट योजनाले सहयोग पुऱ्याउने विश्वास लिएका छौं।'

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल नेपाल
नं.४२ गुल्म हेक्वा (औद्योगिक सुरक्षा) (प्रशासन शाखा)
नेपालगन्ज बाँके

हाजिर हुन आउने बारेको सूचना।

प्रकाशित मिति २०७६/०८/१४ गते

देहायमा उल्लेखित विवरण सशस्त्र प्रहरी कर्मचारी उल्लेखित मिति देखि कोही कसैलाई कुनै किसिमको जानकारी नगराई हालसम्म कार्यालयमा गैह्र हाजिर रहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ दिन भित्र गैह्र हाजिर हुनुको मनासिव कारण सहित सम्बन्धीत सशस्त्र प्रहरी बल नेपालका कार्यालयहरुमा सम्पर्क गर्न आउनु होला। अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली २०७२ बमोजिम कारवाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उपनियम १ को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईलाई जानकारी गराईएको छ।

सि.न.	आई.डि.न.	दर्जा	नाम थर	बाबुको नाम	दरबन्दी	वतन	गैह्र हाजिर	सूचना जारी गर्ने कार्यालय
१	६०२२५	सप्रज	फत्त सिंह विष्ट	शेर बहादुर विष्ट	स.प्र.बल नेपाल नं.४२ गुल्म हेक्वा (औद्योगिक सुरक्षा बाँके)	जि.दैलेख डुङ्गेश्वर गा.पा.२	२०७६/०७/१८	स.प्र.बल नेपाल नं.४२ गुल्म हेक्वा (औद्योगिक सुरक्षा) बाँके

मालिका क्षेत्र ओझेलमा

कान्तिपुर संवाददाता (सल्यान)

पर्यटकीय महत्त्वको ऐतिहासिक धार्मिकस्थल दार्मा गाउँपालिका ४ मा रहेको मालिका लेक ओझेलमा परेको छ। संरक्षण र पूर्वाधार अभावमा समुद्र सतहदेखि १ हजार ७ सय मिटर उचाइको पर्यटकीय क्षेत्र ओझेलमा परेको हो।

लेकमा वर्षेनि दसैंको पञ्चमी र मंसिर पूर्णिमामा मेला लाग्दै आइरहेको छ। १६८० सालदेखि कालिका र मालिका भगवतीको मन्दिर बनाइ लेकमा पूजा गर्न थालिएको किंवदन्ती छ। पूर्वाधार निर्माण हुन नसक्दा ऐतिहासिक महत्वको मालिका लेक ओझेलमा परेको संरक्षण समितिका अध्यक्ष अध्यक्ष असवीर बुढाथोकीले बताए। उनका अनुसार अहिले कालिका मन्दिर जीर्ण बनेको छ भने मूर्ति चोरी भइसकेका छन्। उनका अनुसार बाईसे र चौविसे राज्यका बेला सल्यान, जाजरकोट, बडागाउँ र जुम्लाका राजाले मालिका लेकमा वर्षको एक पटक अनिवार्य रुपमा पूजा गर्थे।

सल्यानको दार्मा गाउँपालिका ४, मालिका लेकमा निर्माण गरिएको मालिका भगवती मन्दिर। *तस्बिर : विप्लव महर्जन/कान्तिपुर*

मालिका भगवती मन्दिरमा फुटेर टाउको मात्र बाँकी रहेको घण्टा १९९० सालमा तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरले चढाएको उनले जानकारी दिए। अध्यक्ष बुढाथोकीका अनुसार २०७४ सालमा मालिका लेकमा नयाँ मन्दिर निर्माण गरिएपछि भक्तजनको भीड बढ्दै गएको छ। लेकलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न स्थानीय तह गठनपछि मन्दिर र प्रतिक्षालय निर्माण गरिएको उनले जानकारी दिए। एक सय २० हेक्टर क्षेत्रफलमा फैलिएको मालिका क्षेत्रको संरक्षणका लागि सरकारी निकायले लामो समयदेखि बेवास्ता गरिरहेको उनको गुनासो छ।

ओझेलमा परेको मालिका लेकलाई धार्मिक र पर्यटकीय स्थलको रुपमा विकास गर्न गुरुयोजना निर्माण गरिएको गाउँपालिकाले जनाएको छ। नयाँ मन्दिर निर्माणका लागि चालु आर्थिक वर्षमा कर्णाली प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले १० लाख रुपैयाँ रुपैयाँ विनियोजन गरेको छ। गाउँपालिकाले यस वर्ष मालिका क्षेत्रको संरक्षणका लागि पाँच लाख रुपैयाँ विनियोजन गरिएको जनाएको छ। उक्त रकमबाट पर्यटन विकासका लागि डिपिआरको काम हुने गाउँपालिका अध्यक्ष नीमबहादुर केसीले बताए। मालिका लेकबाट जाजरकोट, पश्चिम रुकुम, रोल्पा र दैलेख जिल्लाका अधिकांश भाग देख्न सकिने भएकाले भ्यूटावर निर्माणको योजना अगाडि बढाइएको उनले जानकारी दिए। उनले चालु आर्थिक वर्षमै खानेपानी र बिजुली पुऱ्याउन गाउँपालिकाले रकम विनियोजन गरेको जानकारी दिए। धार्मिक तीर्थस्थलको प्रचारका लागि नेपाल पत्रकार महासंघ, सल्यानले बिहीबार मालिका लेकमा अन्तर्क्रिया कार्यक्रम र कार्यसमितिको बैठक सञ्चालन गऱ्यो।

तपाईको आज

- मेष — भाग्य वृद्धि
- वृष — वैभव प्राप्ति
- मिथुन — प्रियजन भेट
- कर्कट — खटपट
- सिंह — वादविवादमा सफल
- कन्या — हर्ष बढ्ने
- तुला — पराक्रम बढ्ने
- वृश्चिक — वैमनस्यता
- धनु — पदोन्नती
- मकर — केही लाभ
- कुम्भ — कार्य सद्धि
- मीन — कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १५ गते आइतबार तदनुरुप १ डिसेम्बर २०१९ मार्गशिर्ष शुक्लपक्ष पञ्चमी तिथि रात्रिको ८:१३ बजेसम्म उप्रान्त षष्ठि तिथि, उत्तराढा नक्षत्र प्रातः ११:३२ बजेसम्म उप्रान्त श्रवण नक्षत्र, वृद्धि योग दिनको ३:५८ बजेसम्म उप्रान्त ध्रुव योग, बव करण प्रातः ७:४३ बजेसम्म उप्रान्त बालव करण, मकर राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मृगी
३:००	कान्तिपुर समाचार
४:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मर्सेंग खाउन
१०:००	हियर्ज दु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	आउन मर्सेंग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (मूपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिसी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (प्रिचंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:५५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड ह्युकेसन डायरी
१६:०५	विवक फिक्स (रिमता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	न्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साझारिका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्मी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०१:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०८:००	भजनहरु लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर
मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल ५२०२००
जिल्ला प्रहरी कार्यालय ५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) ५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स ०८४८०६३४२०
महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन
महाकाली अञ्चल अस्पताल ५२०१११
जिल्ला प्रहरी कार्यालय ५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा ५२१२४८
जिल्ला प्रशासन कार्यालय ५२१२०९
कैलालीका महत्वपूर्ण टेलिफोन
सेती अञ्चल अस्पताल ५२१२७१
जिल्ला प्रहरी कार्यालय ५२११५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा ५२१६००
जिल्ला प्रशासन कार्यालय ५२१२०१
टीकापुर अस्पताल ५६०१५०
क्षेत्रीय अस्पताल ०८३-५२०२००
सुर्खेत विमानस्थल ०८३-५२०१३२
कञ्चनपुर
महाकाली अञ्चल अस्पताल महेन्द्रनगर ०९९-५२१११९
रेडक्रस एम्बुलेन्स ५२१२५८/५२३१८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर ५२११०२/५२२८०६
जिल्ला प्रहरी कार्यालय १००/५२१२००
डोटी
सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय ०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी ४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल ९८५८४४०१९९/४२०२०४
जिल्ला अस्पताल ४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स ९८४८५४५१५०
डडेल्धुरा
जिल्ला प्रहरी ०९६-४२०१९९
जाजरकोट
जिल्ला प्रहरी कार्यालय- ०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल- ०८९४३०९८८
एम्बुलेन्स ९८५४५०४३०
रेडक्रस एम्बुलेन्स ०८९४३००४२, ९८४६०००२६४
कालिकोट
प्रहरी ०८७-४४०१९३, ९८५८३३५५५५
जुम्ला
प्रहरी ०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल ०८७-५२०३५५, ५२००५५
एम्बुलेन्स ९७४८९४९६६६
दैलेख
जिल्ला प्रहरी कार्यालय ०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल ०८९-४१०१२७
एम्बुलेन्स ०८९-४१०१८५, ९८४८९६५४८२
पश्चिम रुकुम
जिल्ला प्रहरी कार्यालय ०८८५३०१८७
जिल्ला अस्पताल ०८८५३०२४७, ०८८५३०१९५
एम्बुलेन्स ९८०९८५८५५
हुम्ला
प्रहरी ०८७-४८००३/ ०८७४८००९२
अस्पताल ०८७-४८००२४
विमानस्थल ९८५१०६२७४५
डोल्पा
जिल्ला प्रहरी कार्यालय ०८७-५५००५५, ९८५८३०५५५५
मुगु
प्रहरी ०८७-४४००९२
अस्पताल ०८७-४४०१३०
एम्बुलेन्स ९८४८३२९४४६
सल्यान
प्रहरी ०८८-५२००६०, ९८५७८४५५५५
अस्पताल ०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस ९८४७८३२७३८/०८८-५२००८४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२४२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शवबाहन	४४२८०३५
सुनेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०५६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३००१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९९
देव कर्नर नि:शुल्क शवबाहन सेवा	४४३४०९३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६
नेपाल मिटर ट्याक्सी संघ	४२२६३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

अदालतको लापरबाहीले सास्ती

विराटनगर (कास)- छिमेकीले हातमा पत्रिका बोकेर बिहानै घरमा आएपछि विराटनगरका अशोककुमार चौहान शुक्रबार दिनभर घरबाट बाहिर निस्कन सकेनन् । स्थानीय केही पत्रिकामा फरार प्रतिवादी पक्राउ भन्ने शीर्षकको समाचारमा अशोकको पनि नाम थियो ।

छिमेकीले 'के हो यस्तो ?' भन्दै सोध्न थालेपछि उनले घरबाट निस्कन नसकेको गुनासो गरे । २०६५ मा मोरङको लेटाङबाट विराटनगर फर्कंदैगर्दा लक्ष्मीमार्गमा चौहानको मोटरसाइकल दुर्घटना भएको थियो । मोटरसाइकलको पछाडि सवार लक्ष्मी संग्रौलाको घटनास्थलमै मृत्यु भयो । चौहान पनि गम्भीर घाइते भए । लक्ष्मीका आफन्तले जानीजानी मोटरसाइकल दुर्घटनामा पारेको भन्दै त्यसबेला उनीविरुद्धमा किटानी जाहेरी दिए । प्रहरीले उनलाई पक्राउ गरेको थियो । दुई हजार धरौटीमा छुटेका उनलाई अदालतले २०६५ फागुन १ मा २ हजार नै जरिवाना गर्ने फैसला गरेको थियो । धरौटी राखेको रकमबाटै जरिवाना असुलउपर भयो । आफ्नो निर्दोसिता साबित भएको भन्दै उनी ढुक्क भए । तर, अदालतले फरार प्रतिवादीको सूचीमा उनको पनि नाम चढायो ।

अदालतले फैसला कार्यान्वयन गराउने भन्दै सबै स्थानीय तह र प्रहरी कार्यालयलाई फरार प्रतिवादीहरूको सूची पठाएर पक्राउ गर्न आदेश गऱ्यो । अदालतले दिएको आदेशको पालना गर्दै मोरङ प्रहरीले धमाधम सूचीका नाम अनुसारका व्यक्ति पक्राउ गर्न थाल्यो । प्रहरीले फरार प्रतिवादी भन्दै घरमै लिन आएपछि उनी अचम्ममा परे । दुर्घटनासमेत बिर्सिसकेका उनी किन प्रहरीले आफूलाई फरारको सूचीमा राख्यो भनेर केही समय त बुझ्नै नसकेको बताए । 'न त अपराध गरेको, न कुनै बिगार गरेको । अदालतको लापरवाहीले गर्दा मेरो बेइज्जत भयो,' उनले भने, 'खाएको विष पो लाग्छ त, तर मलाई त नखाएको विष लाग्यो ।'

प्रहरीले पक्राउ गर्न खोजेपछि उनी अदालतमा गएर आफूले यसअघि नै धरौटी वापतको रकम बुझाएको प्रमाणित गराएर घर फर्किए । तर, प्रहरीले उनको नामसहित फरार प्रतिवादी पक्राउ गरिएको सूचना सञ्चारकर्मीहरूलाई दियो । अदालतको लापरवाहीका कारण चौहानले प्रहरीको मानसिक तनाव पनि बेहोर्नु पऱ्यो ।

पछिल्लो समयमा मोरङ प्रहरीले अदालतले कैद वा जरिवाना सजाय तोकेर फरार भएका अभियुक्तहरू धमाधम पक्राउ गर्न थालेको छ । अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत प्रहरीले ८ मंसिर एकैदिन ४६ जनालाई पक्राउ गरेको मोरङ प्रहरीका डीएसपी तथा प्रवक्ता राजकुमार खिउँजुले जानकारी दिएका थिए । अदालतका कर्मचारीहरूको लापरवाहीले आफूले अनावश्यक तनाव झेल्नु परेको चौहानले गुनासो गरे । 'वरिपरीका छिमेकी र साथीभाईले सोधेर हैरान भइसके,' उनले भने, 'त्यस्तो हैन भनेर जवाफ दिँदादिँदा दिक्क लागिसक्यो । न्याय पाउने ठाउँकै कारण दुःख पाउनुपऱ्यो ।'

चौहानसहित मोरङ प्रहरीले सार्वजनिक अपराध मुद्दामा एक हजार ५ सय ५० रुपैयाँ जरिवाना तिरेका विराटनगर-४ का राजेश चौधरी, चोरी मुद्दामा १२ हजार जरिवाना तिरेका अनिलकुमार मण्डल र लागूऔषध मुद्दामा सर्वोच्च अदालतबाट सफाइ पाएका विकास गुरुङलाई समेत सोही दिन पक्राउ गरेको थियो । अदालतले तोकेको जरिवानाभन्दा बढी रकम धरौटी राखेर छुटेको र जरिवाना वापतको रकम धरौटीबाटै कट्टा गराएको अवस्थामा पक्राउ गरेर प्रहरीले अनावश्यक दुःख दिएको उनीहरूको गुनासो छ ।

मोरङका एसपी विश्व अधिकारीले अदालतले दिएको विवरणअनुसार फरार प्रतिवादी पक्राउ गरिएको बताए । फरारलाई पक्राउ गर्ने र फैसला कार्यान्वयन गराउने निर्णयअनुसार दिइएको सूचीअनुसार नै आफूहरूले पक्राउ गरेको उनको दावी छ । 'अदालतले फरार प्रतिवादीहरूको लिस्ट नै दिएको छ,' उनले भने, 'त्यो लिस्अनुसार हामीले नियन्त्रणमा लिएर अदालतमा उपस्थित गराउने काम गर्नैपर्छ ।'

जिल्ला अदालत मोरङका सेरेस्तेदार ईश्वरमणि ओझाले मानवीय त्रुटिका कारण सूचीमा नहुनुपर्ने नाम पनि परेको बताए । अदालतले फरार प्रतिवादी पहिचान गरी धरौटीबापतको रकम असुलउपर गर्न यथास्थानमै कर्मचारी खटाउनेसमेत गरेको बताउँदै उनले त्यस्तो अवस्थामा अदालतमा आएर सदरस्याहा नगर्दा यस्तो त्रुटि हुन सक्ने उनको भनाइ छ ।



विश्व सिमसार क्षेत्रमा सूचीकृत कपिलवस्तुको जगदीशपुर तालमा रमाएका सारस । *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

ज्वालातीर्थमा हराउँदै ज्वाला

दैलेख (कास)- पञ्चकोशी क्षेत्रलाई पौराणिक रूपमा पाँच हजार ज्वालाको बिन्दु भन्ने गरिन्छ । यहाँका विभिन्न स्थानमा जमिन मुनिबाट निस्कने ग्याँसबाट आगो बलेको देखिने भएकाले यस्तो भनिएको हो । बुढापाकाहरू पनि यस क्षेत्रमा थुप्रै ज्वाला रहेको बताउँछन् । तर, अहिले श्रीस्थान र नाभिस्थान गरी दुई स्थानमा मात्र ज्वाला बलिरहेका छन् । 'यी ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ताले सताइरहन्छ,' पञ्चकोशी क्षेत्रका ७६ वर्षीय पण्डित तिलकप्रसाद रिजाल भन्छन्, 'हेर्दाहेर्दै थुप्रै ज्वाला हराए, यसमा कसैको चिन्ता र चासो छैन ।'

उनका अनुसार २०२८ सालसम्म पादुकास्थानमा ज्वाला बल्थ्यो । त्यो वर्ष पादुका खोलामा बाढी आएर भेल सुकेपछि ज्वाला हरायो । त्यसपछि निभेको ज्वालालाई पुनर्ज्योति दिनेमा कसैको चासो भएन । बाढीले खोलामा रहेको मन्दिरका साथै शिलालेख, मूर्ति, खम्बा र देवल पनि बगाएको उनले बताए । 'उतिबेलै चासो राखेर संरक्षणको पहल भइदिएको भए ज्वाला जोगाउन सकिन्थ्यो,' उनले भने, 'तर यतातिर कसैको ध्यान पुगेन । निभेको ज्वाला कहिल्यै पनि बलेन ।'

स्थानीयका अनुसार करिब चार दसक अघिसम्म गमौडी खोलामा ललाट ज्वाला, कढर ज्वाला र श्रीस्थानमा काला ज्वाला बल्थे । ती ज्वाला अहिले अस्तित्वमा छैनन् । नाभिस्थानमा रहेको इन्द्र ज्वाला र बढी ज्वाला भने निरन्तर बलिरहेका छन् । 'ज्वाला जोगाउनको लागि हामीले धेरैपटक सरकारको ध्यानाकर्षण गरायौं, तर कुनै सुनुवाइ भएन,' श्रीस्थान व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष केशव थापाले भने, 'बरु अहिले यहाँ जमिन मुनि पेट्रोलियम पदार्थको भण्डार पो छ कि भनेर खोजी गर्न थालिएको छ । खनखान पार्दा गर्दा भएका ज्वाला पनि हराउने जोखिम छ ।'

प्रशस्त ज्वाला भएकै कारण पञ्चकोशी क्षेत्रलाई 'ज्वाला तीर्थ' भन्ने गरिन्छ । तर, पछिल्लो समय विभिन्न कारणले ज्वाला निभ्दा यसको महत्वमा प्रभाव परेको मानिएको छ । श्रीस्थानका मुख्य महन्त गोकर्णनाथ योगी कतिपय ज्वाला भूकम्पको कारण पनि निभेका बताउँछन् । भूकम्पको कम्पनले सानोतिनो ज्वाला निभे । यसका साथै खोलामा आउने बाढी-पहिरोले पनि ज्वाला निभेका उनले बताए ।

पादुका मन्दिरका ७५ वर्षीय महन्त देवीनाथ योगी त सरोकारवाला निकायले ध्यान नदिएकै कारण ज्वाला लोप भएका बताउँछन् । २०२८ सालमा बाढीले ज्वाला हराएको थाहा पाएपछि पुनः ज्वाला बाल्नको लागि पहल गरे पनि कसैले वास्ता नगरको उनले बताए । 'अहिले पनि खोलामा उत्खनन् गर्ने हो भने ज्वाला बाल्न सकिन्छ होला,' उनले भने, 'यो सम्भावनातिर कसैको ध्यान पुगेको छैन ।' पञ्चकोशी क्षेत्रलाई ज्वाला तीर्थ क्षेत्रकै रुपमा स्थापित गरिनुपर्ने उनले बताए ।

कोटिलामा पनि थुप्रै ज्वाला बल्थे । ज्वालाले राति त मन्दिर क्षेत्र उज्यालो देखिन्थ्यो । तर, ती ज्वाला पनि संरक्षण अभावमा निभेका स्थानीयको भनाइ छ । नाभिस्थान व्यवस्थापन समितिका अध्यक्ष नविनकुमार योगी अहिले पनि बुढापाकाहरूले ज्वालाबारे भन्ने गरेका बताए । अहिले सरकारले ज्वाला क्षेत्रमा पेट्रोलियम पदार्थको अन्वेषण थालेपछि भएका ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ता बढेको उनको भनाइ छ ।

पञ्चकोशी क्षेत्र ज्वालामात्र होइन, पुरातात्विक रुपमा पनि उत्तिकै महत्व बोकेको क्षेत्र हो । तर पछिल्लो समय सरकारले भौतिक विकास गर्ने नाउँमा यसको बेवास्ता गरिरहेको स्थानीयको आरोप छ । नारायण नगरपालिका-२ का बलबहादुर केसीले पर्यटकीय क्षेत्रमा जथाभावी सडक खन्दा जोखिम झन् बढेको बताए ।

बजेट अभावले रोकियो अनौपचारिक शिक्षा

■ **अगन्धर तिवारी** (पर्वत)

नेपाल सरकारले जिल्लामा तीन वर्षअघि सुरु गरेको अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम रोकिएको छ । प्राथमिक तहको शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षा दिन सुरु गरिएको कार्यक्रम सरकारले बजेट पठाउन छाडेपछि रोकिएको हो ।

बजार क्षेत्रमा मजदुरी गर्ने र पारिवारिक समस्याले नियमित विद्यालय आउन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा दिन २०७४ बैशाखदेखि कुश्मास्थित शिवालय माध्यमिक विद्यालयले कक्षा सञ्चालन गरेको थियो । कक्षामा ५ देखि १८ वर्षसम्मका बालबालिका अध्ययन गर्दै आएका थिए । ६ महिनासम्म नियमित अध्ययन गराएपछि उनीहरूको क्षमताअनुसार नियमित कक्षामा पठाउने कार्यक्रम थियो । कार्यक्रमबाट ५० बालबालिकाले नियमित अध्ययन गरिरहेका थिए । मजदुरी, सडकपेटी तथा बजारक्षेत्रका विभिन्न ठाउँबाट ल्याइएका बालबालिकालाई निःशुल्क खाजासहित अध्यापन गर्दैआएको विद्यालयले कार्यक्रम रोकिएपछि कक्षा नै स्थगित गरेको जनाएको छ ।

'पहिलो वर्ष २१ जनालाई पढाइएको थियो । उनिहरूको प्रगति राम्रो थियो,' प्रधानाध्यापक भूपेन्द्र चापागाईंले भने, 'स्तरवृद्धी भएका नियमित कक्षामा गएका थिए । नयाँ आउने क्रम जारी थियो । कार्यक्रम झ्याप्पै रोकियो ।' गत चैतदेखि अनौपचारिक शिक्षा कार्यक्रमको कुनै पनि सहयोग नआएपछि सहयोगी कार्यकर्तालाई समेत विदा गरिएको उनले बताए । नियमित विद्यालय आउने गरेका बालबालिका अहिले पुरानै अवस्थामा फर्किएका छन् । 'बजारमा धेरै बालबालिका यत्तिकै डुलेको देखिन्छ,' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इश्वर गिरीले भने, 'उनीहरूलाई ल्याएर पढाउन सकिएको छैन ।' निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार दिन नसकिएकोमा उनले चिन्ता व्यक्त गरे ।

पर्वतको कुश्मास्थित शिवालय माविमा अनौपचारिक कक्षाका बालबालिका । *तस्बिर : कान्तिपुर*

मजदुरीबाटै जीविकोपार्जन गर्दै आएका परिवार र बेवारिसे बालबालिकालाई उनिहरू भएकै ठाउँमा पुगेर विद्यालयमा ल्याउने कार्यक्रम थियो । उक्त कार्यक्रमअन्तर्गत बालबालिकाको समय अनुकूल हुनेगरि बिहान र बेलुका दुइपटक कक्षा सञ्चालन हुँदैआएको सहयोगी पार्वती सापकोटाले बताइन् । 'बिना पारिश्रमिक पनि मैले धेरै दुःख गरेकी थिएँ । तत्काल नभएपनि स्थायी हुन्छ भन्नुहुन्थ्यो । अहिले न बालबालिका आउँछन् । न मेरो भविष्य बन्यो,' उनले भनिन् । सडकपेटी तथा बिभिन्न ठाउँमा पुगेर बालिबालिका खोज्दैजाँदा कतिपय बालबालिका चोकमा रोकिएका गाडीमा पैसा मार्दै गरेका समेत भेटिने उनले बताइन । 'अहिले उनीहरूको अवस्था उस्तै छ,' उनले भनिन्, 'हामीले दुःख गर्नु मात्रै भयो ।'

अनौपचारिक कक्षामा पढ्ने गरेका कतिपय बालबालिकाका अहिले पनि अभिभावकसँगै मजदुरीमा छन् । बेवारिसे अवस्थाका बालबालिका सदरमुकाम आसपासमा फोहोर संकलन गरेर पनि जीविका चलाउँछन् । उनीहरूलाई विद्यालयमा नियमित ल्याएर अक्षर चिनाउन मुस्किल छ । 'खाजा दिएर पनि ल्याउन मुस्किल हुन्थ्यो,' प्रअ चापागाईंले भने, 'त्यति हुँदाहुँदै पनि हामीले धान्ने सकेनौं ।' अनौपचारिक शिक्षा कार्यक्रम केन्द्रदेखि नै रोकिएको भन्दै कुनै सहयोग नपाइएपछि विद्यालयको स्रोतले धान्न नसकेर बन्द गरिएको उनले बताए ।

शिक्षा विभागले अनौपचारिक शिक्षा कार्यक्रम सुरु गरेसँगै उनीहरूको अध्यापन र निरन्तरताका लागि मासिक ६२ सय पारिश्रमिक तोकेर एक सहयोगी कार्यकर्ता उपलब्ध गराए पनि पारिश्रमिक भने जिल्लामा नपठाएको विद्यालयले जनाएको छ । आर्थिक वर्ष ०७५/७६ का लागि बजेट नदिएपछि कुश्मा नगरपालिकाले ६५ हजार रूपैयाँ सहयोग गरेको थियो । चालु वर्षदेखि नगरपालिकाले सहयोग नदिएपछि बालबालिकासहित सहयोगी कार्यकर्तासमेत बिदाइ गरिएको विद्यालयले जनाएको छ । नगरपालिकाबाट उक्त कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापनले पनि सहयोग ल्याउन पहल गरेन । बरु कक्षा नचलाउने निर्णय गर्दै दुई महिनाअघि सहयोगी र विद्यार्थीलाई विदा गरेको हो ।

उपनिर्वाचन तयारी पूरा

विराटनगर (कास)- धरान उपमहानगरलगायत प्रदेश १ का विभिन्न स्थानमा हुने स्थानीय तहको उपनिर्वाचनको तयारी पूरा भएको छ । मतदान केन्द्रहरू व्यवस्थित बनाइएको छ । सुरक्षाकर्मी र कर्मचारी परिचालन भइसकेका छन् ।

संखुवासभाको मकालु गाउँपालिका र खाँदबारी-३ मा ११ वटा मतदान केन्द्र राखिएको छ । केन्द्रमा सेना, सशस्त्र र नेपाल प्रहरी परिचालित भएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद दुलालले बताए ।

संखुवासभामा मकालु गाउँपालिकामा अध्यक्ष र खाँदबारी नगरपालिका-३ मा वडाध्यक्षको निर्वाचन हुँदैछ । मकालु गाउँपालिकामा ९ हजार १ र खाँदबारी-३ मा १ हजार ८ सय ३० मतदाता छन् । मकालुमा ७ वटा दल चुनावी मैदानमा छन् । खाँदबारी-३ को वडाध्यक्षमा नेकपा र कांग्रेसको मात्र उम्मेदवारी छ ।

एक गाउँपालिका अध्यक्ष, एक नगरपालिका र अर्को गाउँपालिकाको वडाध्यक्ष पदका लागि उप निर्वाचन हुने पाँचथरमा पनि तयारी पूरा भएको छ । मतदातालाई परिचयपत्रवितरण, मतदान स्थलनिर्माण र आवस्यक सामग्री ढुवानी लगायतका सबै काम पुरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदान हुने ३१ वटा केन्द्रमा पुगेका मतदान अधिकृत, सहायक अधिकृत, कर्मचारी र सुरक्षाकर्मीले मतदानस्थल निर्माण र मतपेटिका संकलनपछि मतगणना गर्ने कक्ष समेत तयार पारिसकेका मुख्य निर्वाचन अधिकृत मोहनराज भट्टराईले बताए । अध्यक्ष पदका लागि निर्वाचन हुने फाल्गुनन्द गाउँपालिकामा १६ हजार ५ सय ७७, फिदिम नगरपालिका १ मा ३ हजार ६ सय ७६ र हिलिहाङ गाउपालिका७ मा २ हजार ६ सय मतदाता छन् । सुनसरीको धरान उपमहानगरका मेयर तारा सुब्बाको निधनपछि पद रिक्त छ । यस्तै संखुवासभाको मकालु गाउँपालिका अध्यक्ष खड्गबहादुर कटुवाल र पाँचथरको फाल्गुनन्द गाउँपालिका अध्यक्ष अमरबहादुर नेम्वाङको निधनपछि स्थान रिक्त भएको हो । यसैगरी मोरङको धनपालथान गाउँपालिका-२, पाँचथरको हिलिहाङ गाउँपालिका-७, धरान-७ को वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदै छ ।

कृष्णसार बचाउन चुनौती

■ **कमल पन्थी** (बर्दिया)

दुर्लभ वन्यजन्तुमा सूचीकृत कृष्णसार हेर्नुपरे मुलुकमै एक मात्र सुगम स्थान गुलरियाको खैरापुर हो । यहाँ निश्चित क्षेत्रफललाई तारबार गरेर वन्यजन्तु हुर्काइएको छ । यसलाई अवलोकन गर्न दिनहुँ सर्वसाधारण आउने गरेका छन् ।

आगन्तुकले रूपरंग र गतिविधि हेरेर रमाइलो मान्ने यो दुर्लभ वन्यजन्तु जोगाउन भने चुनौती बढ्दो छ । मानवीय अतिक्रमण, वस्तुभाउको चरन, भुस्याहा कुकुर र चितुवाको आक्रमण बढेपछि संरक्षणमा चुनौती बढेको हो । बर्दिया राष्ट्रिय निकुञ्जका अनुसार ४५ वर्षअघि कृष्णसार लोप भएको अनुमान गरिएको थियो । कतै नदेखिएपछि हराइसकेको संरक्षणकर्मीले अड्कल गरेका थिए । त्यही बेला बर्दिया वन्यजन्तु आरक्ष स्थापना भयो । २०३२ असोजबाट यसको खोजी थालियो । संरक्षणकर्मीका अनुसार बाँके र बर्दियामा कृष्णसार खोजी गर्ने क्रममा गुलरिया-२ स्थित खैरी पण्डितपुरको वनमा एउटा सिङ भाँचिएको बूढो भाले, एउटा वयस्क भाले, तीनवटा पोथी र चार बच्चासहित नौवटा कृष्णसार फेला परे । तिनको संरक्षणका लागि तत्कालीन वन विभागको सुरक्षा पोस्ट खडा गरेको बर्दिया निकुञ्जले जनाएको छ । लामो प्रयासपछि अहिले भाले ४४, पोथी १ सय २५ र बच्चा ६५ गरी २ सय ३४ वटा कृष्णसार छन् । निकुञ्जका अनुसार कृष्णसार दुबो र काँस भएको मैदानमा बस्न रुचाउँछन् । गाई, भैंसी र भेडाबाख्रासँगै चर्न रमाउँछन् ।

बथानमा चरिरहेका कृष्णसार मानिस देख्नासाथ सुरक्षित स्थलतर्फ भाग्छन् । अन्य वन्यजन्तु र वस्तुभाउसँग चर्न मन पराउने भएकाले संरक्षित क्षेत्रमै गोठालाले वस्तुभाउ ल्याउने गर्छन् । घरपालुवा वस्तुभाउले कृष्णसारको आहारा खाने भएकाले दैनिक झगडा गर्नुपरेको संरक्षण केन्द्रका कर्मचारीले बताए । चितुवा र भुस्याहा कुकुरको आक्रमणमा वर्सेनि एक दर्जनभन्दा बढी कृष्णसारको मृत्यु हुने गरेको छ ।

बर्दियाको गुलरिया-२ को खैरापुरमा चर्दै दुर्लभ वन्यजन्तु कृष्णसार । *फाइल तस्बिर : कान्तिपुर*

सामुदायिक वनबाट निस्कने चितुवाको आक्रमणबाट गत साउनयता पाँचवटा कृष्णसार मारिएको कृष्णसार संरक्षण क्षेत्रका सूचना अधिकारी मनराज मोक्तानले बताए । उनका अनुसार बर्सेनि १२ देखि १५ वटा कृष्णसार मारिने गर्छन् । अहिले भुस्याहा कुकुर नियन्त्रणमा आए पनि चितुवाले आक्रमण गर्न थालेको संरक्षण समितिका अध्यक्ष कृष्ण खनालले बताए । ०३२ सालमा नौवटा कृष्णसार रहेकोमा ०७१ मा ३ सय १ वटा पुगेका थिए । ०७१ साल साउन अन्तिम साता आएको बाढीले ४० वटा बगाएको थियो । ०७४ सालमा बाढीले १८ वटा कृष्णसार मारिएको संरक्षण समितिले जनाएको छ । कृष्णसार संरक्षण क्षेत्रसँग बबई नदी जोडिएका कारण पनि बाढी आउनासाथ कृष्णसार संरक्षण क्षेत्रलाई क्षति पुऱ्याउँदै आएको छ ।

सूचना अधिकारी लामाका अनुसार यसको एउटा भालेले प्रजननका लागि एक दर्जन पोथी खोज्ने गर्छ । एउटै भालेले दिनहुँ एक दर्जनभन्दा बढी पोथीलाई आफ्नै नियन्त्रणमा राख्ने गर्छ । आफ्नो नियन्त्रित क्षेत्रमा अन्य भालेलाई प्रवेश गर्न दिँदैन । बलियो भाले आयो भने लडाइँ हुन्छ । त्यसमा जित्नेले ती पोथीलाई नियन्त्रणमा राख्ने गरेको दुई दशकदेखि कृष्णसार संरक्षण क्षेत्रमा काम गर्दै आएका गेम स्काउट डुम चन्दले बताए । उनका अनुसार पूर्णिमा र अँधेरी रात प्रजननका लागि कृष्णसारलाई मन पर्ने समय हो । एउटा कृष्णसारले ६-६ महिनामा २/३ वटा पाठापाठी जन्माउँछन् ।

अतिक्रमण समस्या

गुलरिया नगरपालिका-२ खैरापुर फाँटस्थित कृष्णसार संरक्षण क्षेत्र ७ सय ८ बिघा क्षेत्रमा फैलिएको थियो । हाल करिब ३ सय ५० बिघा क्षेत्रफल अतिक्रमण भएर १ सय ४२ घरटहरा बनिसकेको छ । अतिक्रमण हटाउन पहल नभएकाले वन्यजन्तु संकटमा परेको छ । केही वर्षयता थप अतिक्रमण रोकिएको छ । तर, त्यहाँबाट हटाइएकाहरूको व्यवस्थापन नहुँदा उनीहरूको दृष्टि कृष्णसार क्षेत्रकै जग्गामा छ । ०६५ चैत ३ मा संरक्षण क्षेत्र घोषणाअघि ऐलानी जग्गामा बस्दै आएका ५३ घरधुरी पनि यहीं छन् । ०६२/६३ को जनआन्दोलनका समय विभिन्न ठाउँबाट आएका ९३ जनाले संरक्षित क्षेत्रको जमिन कब्जा गरी अस्थायी टहरा बनाए । सरकारले यहाँ रहेका सुकुम्बासीका लागि अन्यत्र व्यवस्था गरे पनि छाडेर गएनन् । कृष्णसार संरक्षण समितिका पूर्वअध्यक्ष एवं गुलरिया-२ का वडाध्यक्ष टंक अधिकारीले केन्द्रले बस्ती अन्यत्र स्थानान्तरण गर्न समिति गठन प्रक्रिया अघि नबढाएका कारण समस्या भएको बताए । बर्दिया राष्ट्रिय निकुञ्जले कृष्णसारको वंश नै समाप्त गर्न अतिक्रमणकारी समूह लागिपरेको शंका गरेको छ ।

जमिन अतिक्रमण भएलगत्तै केही समयसम्म चोरी सिकारीले चारवटा कृष्णसार मारेर कान, नाइटो र पुच्छर काटेर लगेका थिए । त्यस अवधिमा भुस्याहा कुकुर, हुँडार र प्राकृतिक कारणबाट पाँचवटाको मृत्यु भएको थियो । कृष्णसारलाई संरक्षित वन्यजन्तु घोषणा गरे पनि संरक्षणका लागि सरकारले खासै पहल नगरेको वडाध्यक्ष अधिकारी गुनासो गर्छन् । चितुवा र स्याललगायतको आक्रमणले कृष्णसार मर्दै जाने हो भने केही वर्षभित्र निमिट्यान्न हुने स्थानीय जग्गु यादवले बताए । कृष्णसार एन्टीलोप (मृग) जातिको एक वन्यजन्तु हो । यसको वैज्ञानिक नाम सर्भिकापा हो । यसलाई अंग्रेजीमा ब्ल्याक बक भनिन्छ । नेपालबाट लोप हुन थालेका कारण यसलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको हो । पहिले तराइका धेरै भागमा पाइने उक्त वन्यजन्तु वासस्थान र आहाराको कमीले गुलरियाको खैरापुर क्षेत्रमा मात्र सीमित छ । ०५५ सालमा ३५ वटा कृष्णसार हराएका थिए । तिनीहरू भारतीय सीमा नजिक रहेको जंगलात क्षेत्र र कृष्णसार (काली मृग) संरक्षण केन्द्रमा गएको शंका स्थानीयले गरेका छन् । सामान्यतः भाले कृष्णसार पोथीभन्दा अलि ठूलो हुन्छ । भालेका दुईवटा सिङ बटारिएको हुन्छ तर पोथीको सिङ नै हुँदैन । जिल्ला वन कार्यालयदेखि पाँच किमि पश्चिम र राष्ट्रिय निकुञ्जबाट ५० किमि पूर्व-दक्षिणमा छ ।

शनिबारको

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २७९ गोदावरी | १४ मंसिर २०७६ शनिबार मार्ग शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, November 30, 2019 | पृष्ठ १२+४+८ | १० रुपैयाँ

ग्रान्ड रिहर्सल | १३औं दक्षिण एसियाली खेलकुद (साग) को उद्घाटन समारोहका लागि दशरथ रंगशालामा शुक्रबार साँझ 'ग्रान्ड रिहर्सल' का क्रममा मार्चपास र आतिसबाजी गरिँदै । सागको उद्घाटन आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नेछिन् । *तस्बिर : हेमन्त श्रेष्ठ र दीपक केसी/कान्तिपुर*

यसरी सुरु हुँदै छ १३औं साग

■ **विनोद पाण्डे** (काठमाडौं)

दशरथ रंगशाला यतिबेला दुहली घरजस्तै भएको छ । पुनर्निर्माणले रूप फेरिएको रंगशाला धपक्क बलेको छ । चारैतर्फ प्यारापिटमा छानो हालिएको छ । रंगीविरंगी कुर्सी, अनि मैदानको हरियो दुबोमा फ्लडलाइटको प्रकाश छरिँदा यो हाम्रै देशको रंगशाला हो भन्न पाउँदा पनि आनन्द लाग्छ । हो, यही रंगशालामा आइतबार भव्य समारोह हुनेछ- दक्षिण एसियाली खेलकुद १३औं संस्करणको उद्घाटन ।

'नेपाली मौलिकता प्रस्तुत हुनेछ । प्रकृति र संस्कृतिको धनी देश भनेर चिनाउनेछौं,' समारोह समितिका निर्देशक कुलबहादुर थापाले भने, 'हेरौं-हेरौं लाग्ने बनाएका छौं उद्घाटन समारोह ।' **बाँकी पृष्ठ १५**

६ वर्षमा ५.६७ क्विन्टल सुन बरामद

■ **मातृका दाहाल** (काठमाडौं)



इकडबाट आएका दुई चिनियाँ नागरिक चेन होङयाङ र चेन क्विनहाङ ८ केजी सुनसहित बिहीबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परे । जहाजबाट बाहिरिने क्रममा भन्सार र प्रहरीको टोलीले उनीहरूलाई पक्रिएको थियो । चीनको फुजियान प्रान्तका दुवै जना भरिया रहेको प्रहरीको आशंका छ । शुक्रबार पनि तिब्बत एयरबाट आइपुगेका चिनियाँ नागरिक सा लुतुई एक किलो सुनसहित त्रिभुवन विमानस्थलमा पक्राउ परेका छन् ।

गत साउन १९ गते हडकडबाटै आएका चिनियाँ नागरिक ली निङसिङ ४ केजीसहित विमानस्थलबाटै समातिए । उनी पनि तस्करका भरिया नै रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । त्यसको १० दिनअघि गोरखाको धार्चे गाउँपालिका-३ खोर्लाबेसी नजिकैको ओडारमा १६ केजी सुन फेला पऱ्यो । बरामद सुन गोरखाकै तिब्बती सीमा चुमनुब्री गाउँपालिकाको छेकम्पारस्थित डुइला नाकाबाट भित्रिएको अनुसन्धानले देखायो ।

अवैध रूपमा नेपाल भित्र्याइएको सुन बरामद गरिएका यी पछिल्ला घटना हुन् । जसबाट तस्करले विभिन्न शैली र बाटो अपनाउँदै सुन भित्र्याउने क्रम चलिरहेको देखिन्छ । प्रहरीले प्रायः भरिया मात्र समात्ने र मुख्य कारोबारी पत्ता नलगाउने हुनाले पनि तस्करी निरन्तर भइरहेको आकलन गरिएको छ । गत चैत २० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रहरीले थाइल्यान्डबाट आएका ५ भारतीयलाई ६ केजी सुनसहित पक्राउ गरेको थियो । ०७४ असोज ४ गते रसुवागढी/केरुङ नाका हुँदै भित्रिएको ८८ केजी सुन क्षेत्रपाटीबाट बरामद भयो । यी घटनाका मुख्य कारोबारी पत्ता लागेका छैनन् ।

रोकिएन तस्करी

प्रहरीका अनुसार ०७१ मा १ सय ११ केजी, ०७२ मा ६८ केजी, ०७३ मा ९१ केजी, ०७४ मा १ सय ७९ केजी, ०७५ मा ८९ केजी र चालु आवको ८ महिनामा २९ केजी तस्करीको सुन बरामद भएको छ । प्रहरीका अनुसार ६ वर्षको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग जोडिएका नाकाबाट ५ सय ६७ केजी सुन बरामद भएको छ, जुन अहिलेको दरअनुसार करिब ३ अर्ब ५० करोड रुपैयाँ मूल्य बराबरको हो । तस्करीमा संलग्न ४ सय ५५ जना नेपाली र विदेशी नागरिक पक्राउ परेका छन् । पक्राउ परेका केहीबाहेक अधिकांश भरिया रहेको प्रहरी अधिकारीले बताएका छन् । चीन, भारत, नेपाल, दुबई, हडकङ, सिंगापुर, थाइल्यान्डलगायत मुलुकमा बसेर सुन अवैध रूपमा ओहोरदोहोर गराउने गिरोह सक्रिय रहे पनि निस्तेज पार्न सरकारले सकेको छैन ।

यसबीचमा सुन तस्करलाई ओसारपसारमा सहयोग गरेको अभियोगमा नेपाल प्रहरीका एसएसपीद्वय रविराज श्रेष्ठ र श्याम खत्री लगायतसमेत पक्राउ परे । सशस्त्र प्रहरीका तत्कालीन डीएसपी हर्क पन्त भन्सार छली र सुन तस्करसँग मिलेको अभियोगमा तातोपानीबाटै पक्राउ परे । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भुजुङ गुरुङ पनि पक्राउ परे ।

पूर्वडीआईजी हेमन्त मल्ल नेपालमा तस्करीको सुन ९० प्रतिशत चीनबाट आउने गरेको बताउँछन् । 'तस्करले नेपाललाई ट्रान्जिट बनाएर सुन ओसारपसार गरिरहेका छन्, त्यसलाई नियन्त्रण गर्न सरकारले विद्युतीय उपकरणको प्रयोग बढाउनुपर्छ,' उनले भने, 'विमानस्थलसहित सबै नाकामा सुन, लागूऔषध र मुद्रा पहिचान गर्न सक्ने उपकरण जडान गरियो भने धेरै हदसम्म तस्करी रोक्न सकिन्छ ।'

नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल तथा चीन र भारतसँग सीमा जोडिएका स्थल नाकाबाट सुन तस्करी हुँदै आएको छ । भारतसँग मानव आवतजावत गर्न मिल्ने ७३ नाका/चेकप्वाइन्टमा सरकारको उपस्थिति छैन । चीनसँग सीमानाका जोडिएका डेढ दर्जन चेकप्वाइन्टमा पनि सरकारको संयन्त्र पुगेको छैन ।

बाँकी पृष्ठ १३

उपनिर्वाचन आज

प्रतिनिधिसभाको १, प्रदेशसभाको ३ र स्थानीय तहका रिक्त ४८ समेत ५२ पदका लागि मतदान

१६ हजार २ सय १९ नयाँ मतदाता, परिचयपत्र नहुनेलाई विकल्प

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त पदका लागि शनिबार उपनिर्वाचन हुँदै छ । निर्वाचन आयोगले निर्वाचनको सम्पूर्ण तयारी पूरा भइसकेको र बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने जनाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले उपनिर्वाचनका लागि सुरक्षा व्यवस्था मजबुत बनाइएकाले निर्भीक भएर मतदानमा सहभागी हुन मतदातालाई आह्वान गरेका छन् ।

प्रतिनिधिसभाको रिक्त रहेको कास्की-२, प्रदेशसभाको भक्तपुर १(१), बागलुङ २(२), दाङ ३(२) मा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनमा जसले जिते पनि प्रतिनिधिसभा वा प्रदेशसभामा रहेको दलीय उपस्थितिमा ठूलो प्रभाव पार्ने छैन । स्थानीय तहतर्फ सुनसरीको धरान उपमहानगरमा प्रमुख, संखुवासभाको मकालु, पाँचथरको फालगुनन्द र महोत्तरीको पिपरा गाउँपालिकामा अध्यक्ष पदको निर्वाचन हुन लागेको हो । हुम्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष तथा नगरपालिका एवं गाउँपालिकाका रिक्त ४३ वडाध्यक्ष पदका लागि समेत उपनिर्वाचन हुँदै छ । स्थानीय तहतर्फ नगरप्रमुख, अध्यक्ष तथा वडाध्यक्ष कार्यकारी पद भएकाले त्यसको जितहारले स्थानीय सरकारमा सम्बन्धित राजनीतिक दलको भूमिका थपघट हुनेछ ।

प्रतिनिधिसभातर्फ कास्की क्षेत्र नं. २ बाट निर्वाचित तत्कालीन एमाले नेता पर्यटनमन्त्री रवीन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । कास्की-२ मा ११ राजनीतिक दलले चुनावमा भाग लिएका छन् ।

बाँकी पृष्ठ १३

बाबुको बिलौना

'मेरै अगाडि छोरालाई कुटी-कुटी मारे'

■ भवानी भट्ट (कञ्चनपुर)

कञ्चनपुरको बेदकोट नगरपालिका ७, चौखुट्टीमा आफन्तको घरमा कन्यादान थियो। त्यही कन्यादानमा जान महाकाली नगरपालिका ३ चाँदनीका बिसनदत्त पन्त छोरा दीपकसँगै बिहीबार दिउँसो छिमेकीको मोटरसाइकलमा महेन्द्रनगरतर्फ आईरहेका थिए। महेन्द्रनगर-भोलुंगे खण्डअन्तर्गत गोबरैया नजिकै पुग्दा अगाडि एउटा स्कुटर र पछाडि मोटरसाइकल थिए। मोटरसाइकलमा ३ जना र स्कुटरमा २ गरी एउटै समुहका ५ जना थिए।

पछाडी रहेको मोटरसाइकलले पन्त चढेको मोटरसाइकललाई ओभरट्याक गर्दै अगाडी रहेको स्कुटरस ँग ठोक्कियो। ठोक्किने बित्तिक्कै पन्त चढेको मोटरसाइकल पनि रोकियो। के कसो भयो भनेर सोध्दा उनीहरू सबै पन्तमाथि खनिए। हामीलाई ठक्कर किन दिएको भन्दै उनीहरूले मर्मत खर्च माग्न थाले।

विवाद बढ्दै जाँदा बिसन र उनका छोरा दीपकमाथि कुटपीट गरिहाले। कसैले हेल्मेटले त कसैले हातले कुट्न थाले। एकजनाले दीपकको पिठ्युमा चक्कु नै प्रहार गरे। वरपरि हेर्नेको भीड बढीसकेको थियो। कुटपीट गर्ने पाँचैजना फरार भए। चक्कु प्रहारबाट सख्त घाइते भएका दीपक घट्नास्थलमै ढले। त्यसपछि बिसनले नै छोरालाई अटोमा राखेर महाकाली अस्पताल पुऱ्याए। महाकाली अस्पतालबाट उनलाई भारत खटिमा रिफर गरियो। उनको उपचारका क्रममा खटिमामै मृत्यु भयो।

'मेरै अगाडी छोरालाई कुटी-कुटी मारे,' शुक्रबार बिहान जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा भेटिएका बिसनले भने, 'दुई जनाले मलाई कुटे, तीन जनाले छोरालाई पिठ्युमा चक्कु हानेर भागे।' उनका अनुसार मोटरसाइकल र स्कुटर ठोक्किँदा स्कुटरको इन्डिकेटर टुटेको थियो। उक्त इन्डिकेटर बनाउनुपर्ने भन्दै उनीहरूले पन्त बाबुछोरासँगै उनका छिमेकी जगदीश जोशी माथि कुटपीट गरेका हुन्।

चाँदनीकै जगदीश जोशी बिसन र दीपकलाई मोटरसाइकलमा महेन्द्रनगरसम्म पुऱ्याउन आएका थिए। 'पाँचै जनाले हामीलाई निकै कुटपीट गरे' जगदीशले भने, 'बाटोमा आउजाउ गर्ने र स्थानीयको भीड धेरै थियो, तर कसैले पनि हामीमाथि कुटनेलाई रोकेनन्।' उनले जिल्ला प्रहरी कार्यालयमा खबर गर्दासमेत निकै ढिलो गरि प्रहरी आएको बताए।

कुटपीटमा संलग्न रहेको आरोपमा प्रहरीले ४ जनालाई बिहिबारै पक्राउ गरेको छ। प्रारम्भिक बयानमा उनीहरूले कुटपीटसँगै चक्कु प्रहार गरेको स्विकारेको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका एसपी दिनेश आचार्यले बताए। उनीहरूकै बयानका आधारमा प्रहरीले घटनास्थल आसपासबाट चक्कुसमेत बरामद गरेको छ।

पक्राउ पर्नेमा भीमदत्त नगरपालिका ४ गोबरैयाका २० वर्षीय मनिष नाथ, वडा १५ का २२ वर्षिय गणेश लुहार, २० वर्षिय नविन सिंह र २२ वर्षिय विनोद बोहरा छन्। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयले शुक्रबार पत्रकार सम्मेलन गरि सार्वजनिक गरेको छ। मनिषले दीपकमाथि चक्कु प्रहार गरेको स्विकारेको एसपी आचार्यले बताए। पीडित पक्षले घटनामा ५ जनाको संलग्नता रहेको भनेपनि प्रहरीले ४ जनालाई मात्र पक्राउ गरेको छ। एसपी आचार्यले घटनाको अनुसन्धान भईरहेकाले अहिले नै कति जनाको संलग्नता भन्ने विषय खुलिनसकेको बताए। प्रहरीले से.१प ३७७८ नम्बरको मोटरसाइकल, म.३प १०७० को स्कुटर र चक्कु बरामद गरेको जनाएको छ।

प्रहरीका अनुसार मनिष फरार अभियुक्त हुन्। उनीमाथि जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योग सहितका अन्य जाहेरीहरू पनि दर्ता भएका छन्। मनिषले दसैंका बेला मझगाउँ विमानस्थलमा लागेको रामलीलामा एक स्थानीय युवकलाई चक्कु प्रहार गरेका थिए। यसबाहेक चोरीको जाहेरीसमेत रहेको एसपी आचार्यले बताए। 'हामीले मनिषको खोजी गरिरहेका थियौं' उनले भने, 'कहिले कता भाग्ने, कहिले कता भाग्ने गरेका कारण समात्न नसकिएको हो।' मृतकका आफन्तले घटनामा संलग्न पाँचौं व्यक्ति पक्राउ नगरेसम्म शव नबुझ्ने भन्दै पोष्टमार्टम गर्न पनि मानेका छैनन्।

जिल्ला प्रहरी कार्यालयमा घटनाबारे सञ्चारकर्मीहरूलाई जानकारी दिँदै मृतक दीपकका बुवा बिसनदेव पन्त।

तस्बिर : भवानी/कान्तिपुर

लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान

गिट्टी कुटेर श्रीमान्लाई रक्सी

ग्रामीण क्षेत्रका महिला भन्छन्- 'हामीलाई अधिकार के हो ? हिंसा के हो ? थाहै छैन ।'

बैतडीको दशरथचन्द नगरपालिका वडा ४ को भूल्यौडाका महिला। परिवारका छोरा र पतिबाटै हिंसा सहिरहेका उनीहरू लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानबारे आफूहरूलाई केही थाहा नभएको बताउँछन् (माथि) र बझाडको तल्कोट गाउँपालिका १, सुनिकोटका महिला घाँस काट्न जाने क्रममा सुस्ताउँदै। तस्बिर : तृप्ति र वसन्तप्रताप/कान्तिपुर

■ वसन्तप्रताप सिंह (बझाड)
तृप्ति शाही (बैतडी)

बैतडीको दशरथचन्द नगरपालिका ४, भुल्यौडाकी राधा भूल ५० वर्ष पुगिन्। कुप्रिएको शरीर, चाउरी परेको अनुहार हेर्दा उनी ६० कटे जस्तै देखिन्छिन्। हेर्दा अरूको सहारामा बस्नुपर्ने भए पनि परिवारलाई भरथेग गर्न गिट्टी कुट्न बाध्य छिन्। उनी र उनकी बुहारीले कुटेको गिट्टीबाट घरपरिवारको जीवन धानिएको छ। उनी पति, एक छोरा-बुहारी र नाति-नातिनीसँग बस्छिन्। सासू-बुहारीले घरायसी कामसँगै गिट्टी कुट्नु दिनचर्या हो। त्यसबापत आएको रकमले पति र छोरालाई मदिरा किन्न दिनुपर्ने बाध्यता पनि छ। साथै मदिरा सेवनपछि सासूबुहारीले कुटाइ खानु त सामान्य नै भइसक्यो। 'पैसा नदिए किन दिँदैनौ भनेर कुट्छन्। दियो भने रक्सी खाएर कुट्छन्,' राधाले भनिन्, 'घरमा शान्ति कहिल्यै हुँदैन। लोग्ने मान्छे यस्तै हुन् भनेर सहेका छौं। नसहेर पनि के गर्नु। महिलाको कर्म यस्तै त हो नि।'

भूल्यौडा गाउँमा १ सय १० परिवारको बसोवास छ। तर यहाँका प्रायः सबै महिलाको दुःख भने राधा भुलको जस्तै छ। यहाँका महिलाहरू दिनहुँको हिंसालाई आफ्नो कर्मको फल र भाग्यसँग जोडेर हेर्ने गर्छन्। 'जुन दिन छोरी भएर जन्मियौं, त्यहि दिन दुःख पाइहाल्यौं,' हरूली भुल भन्छिन्, 'सुख पाउन्या कर्म भया, लोग्न्याँ भै जन्मँदा हौं,' उनले आफु महिला भएको कारण पुरुषको थिचोमिचो सहनुको विकल्प नभएको बताइन्।

यसरी सिंगै गाउँका महिलाहरू नै दैनिकजसो हिंसाको भुङग्रोमा पिल्सिनेमा यो गाउँ एक्लो छैन। सुदुर पहाडका धेरै महिलाले भोग्ने गरेको दैनिकीको प्रतिनिधि हुन् भुल्यौडा गाउँ र हरूली अनि राधाहरू। 'रातदिन रक्सी खाएर छोराछोरी कुट्छन्। मलाई त मार्नै आँटिसके। हाड छाला मात्र बाँकी छ' बझाडको बुंगल नगरपालिका ५ दमाउनेकी मन्धरी विकले भनिन्, 'कतै भागेर जाउँ भने केटाकेटीको माया लाग्छ। घरमा श्रीमानले कुटेर बसी खान दिदैनन्।' मन्धरीका ५ सन्तान छन्। श्रीमान मातेर आउदा केटाकेटीलाई लुकाउन हम्मे हुने गरेको बताउदै उनले भनिन्, 'श्रीमान आएको थाहा पाउने वित्तिकै खान थालेको खाना पनि छोडेर केटाकेटीसहित भागाभाग गर्नुपर्छ। ऊ सुतिसकेपछि मात्र घरभित्र पस्छौं।' दैनिक मजदुरी गरी ल्याएको पैसा खोसेर श्रीमानले लैजाने र त्यही पैसाले रक्सी खाएर आफुलाई कुट्ने गरेको उनले बताइन्।

मन्धरी, राधा र हरूली जस्तै यहाँका हजारौं महिलाहरूले आफैले दुख गरेर कमाएको पैसा खर्च गरेर कुटाई खानु पर्ने दैनिकी गुजारिरहदा गाउँपालिकाका केन्द्र, जिल्ला सदरमुकाम लगायतका सहरहरूमा भने हिंसाविरुद्धका चर्का आवाज चलिरहेका छन्। यसैको निरन्तरता स्वरुप सोमबारबाट देशभर लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान देशैभर चलिरहेको छ। जिल्लाका सबै स्थानीय तह, जिल्लाका महिला हिंसा विरुद्धका कार्यक्रम गर्ने संघसंस्थाहरूले भव्यताका साथ कार्यक्रमको सुरुवात गरेका छन्। जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी आदीमा लाखौं खर्च र तामझाम चलिरहदा उनीहरू भने अभियान मात्र होइन अधिकारको बारेमा पनि बेखबर छन्।

उनीहरू आफ्नो अधिकार के हो ? र के हिंसा हो भन्ने बारेमा आफुहरूलाई थाहै नभएको बताउछन्। बरु महिलालाई दुइचार झापड कुट्नु पुरुषको अधिकार भएको भन्दै उल्टै उनीहरूको पक्षमा कुरा गर्ने महिला धेरै भेटिन्छन्। 'लोग्नेका छोराले दुइचार चोट हान्दा के भयो त भनेर चित्त बुझाउँछौं,' बैतडी भुल्यौडाकी गीता देवी भूल भन्छिन्, 'अधिकार आयो त भन्छन्। कतै आयो होला हाम्रो गाउँमा त आएको छैन।' उनले महिला अधिकारसम्बन्धी हुने गरेका कार्यक्रममा आफू कहिल्यै पनि उपस्थित नभएको र यस्तो विषयमा केही पनि थाहा नभएका बताइन्।

बझाडको वित्थड चिर गाउँपालिका देउलेककी विर्मा देवी कामीको प्रतिक्रिया पनि गीताको भन्दा फरक छैन। 'हामी आइमाईको काम गरी खाने जात हो हजुर। हामी ल्याप्चेले अधिकार जानेर पनि क्या गर्नु हो,' उनले पनि लोग्नेले कुटपिट गर्नु सामान्य भएको बताइन्। भनिन, 'लोग्ने भनेको शिरका स्वामी हुन्, एक-दुई चोट हान्याई हुन्।' उनले पनि देशमा चल्ने गरेका अभियान र अधिकारको बारेमा आफू अनभिज्ञ भएको बताइन्।

अझै पनि अधिकारका अभियानहरू सदरमुकाममा सिमित हुने गरेको र निश्चित महिलाहरूले मात्रै यस विषयमा बुझेका कारण ग्रामीण क्षेत्रका महिलाहरू अझै हिंसा खेप्न बाध्य भएको बझाडकी प्रतिनिधिसभा सदस्य आशाकुमारी विकको पनि भनाई छ। 'गाउँका के कुरा गर्नुहुन्छ ? सदरमुकामकै महिला पुर्ण रुपमा सचेत भएका छैनन्। स्थानीय तहका केन्द्र मै बस्नेहरू सबैले अधिकारको बारेमा जानकारी पाएका छैनन्,' उनले भनिन्। पछिल्लो समय विभिन्न सञ्चार माध्यमहरूले अधिकारका विषयमा कुरा उठाउने भए पनि यसको व्यवहारिक कार्यान्वयन को पाटोका बारेमा अव ग्रामीण क्षेत्रमा चेतना जागरण गर्नु पर्ने उनको तर्क छ।

यद्यपि स्थानिय तहका जनप्रतिनिधिहरू भने आफूहरूले यस्ता अभियानमा सबैलाई सहभागी गराइरहेको दावी गर्छन्। बैतडीको दशरथचन्द नगरपालिकाकी उपप्रमुख मीना चन्दको भन्छिन, 'हामीले आयोजना गर्ने कार्यक्रममा सबैलाई समेटने गरेका छौं। यसपाला पनि नगरपालिकाका विभिन्न स्थानमा कार्यक्रम गर्ने तयारी गरेका छौं। सबैलाई समेट्छौं,'

यस्तै बझाडको केदारस्यूँ गाउँपालिकाकी उपाध्यक्ष निशा ठगुन्नाले पनि आफ्नो गाउँपालिकाको सबै महिलाहरूले अधिकारबारे थाहा पाएको बताइन्। गाउँपालिका र विभिन्न गैरसरकारी संस्थाहरूको सहयोगमा तालिम र अभियानहरू चलाएर अधिकारको बारेमा सचेतना फैलाएको बताउदै उनले भनिन, 'अधिकारको प्रयोग गर्ने नगर्ने कुरा बेग्लै हो। यस विषयमा थाहै छैन भन्न त अलि मिल्दैन। सबैले थाहा पाएका छन्।'

'देउवाको बोलीमा सत्यता खोजौं'

धनगढी (कास)- नेकपा (माओवादी) केन्द्रका केन्द्रीय उपाध्यक्ष रंगनाथ ढकालले नेपाली कांग्रेसका सभापति एवम् प्रमुख प्रतिपक्ष दलका नेता शेरबहादुर देउवाको 'प्रधानमन्त्री केपी शर्माको सल्लाहमा भारतले नक्सा प्रकाशन गरेको' भनाईमा सत्यता भए/नभएको खोजी गर्ने बेला आएको बताएका छन्।

'मुलुकको चार पटक प्रधानमन्त्री भइसकेका र लामो इतिहास बोकेको प्रमुख पार्टीका नेता देउवाले नेपालका प्रधानमन्त्रीको सल्लाहमा भारतले नक्सा सार्वजनिक गरेको कुरा त्यसै किन भने ?' उनले भने, 'जनतामा आशंका पैदा भएको छ।'

धनगढीमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा ढकालले भारतलाई सडकबाट गाली लगेर मात्रै नपुग्ने भन्दै राज्यलाई दबाव दिन आन्दोलन गर्न आवश्यक भएको बताए। 'भारतसँग युद्ध गरौं भन्ने होइन, कुटनीतिक पहलबाट समाधान होस भन्ने हो,' उनले भने, 'तर त्यसका लागि यो सरकारलाई प्रयाप्त दबाव दिन आवश्यक छ।'

उनले अहिले आफ्नो पार्टीले भारतीय अतिक्रमण र उप निर्वाचन बहिस्कारको मुख्य अभियान लिएर जनतामा गईरहेको बताए। 'लिपुलेक, लिम्पियाधुरा कालापानी लगायत नेपाली भुमी माथीको अतिक्रमणका बिरुद्ध आन्दोलन गरौं र शान्ति र समाजवाद बिरोधी उप निर्वाचनको सशक्त रुपमा बहिस्कार गरौं' भन्ने मुल नारामा जनतालाई आन्दोलनमा सहभागिता गराउन लागेको उनले जानकारी दिए।

'शान्ति र समाजवाद बिरोधी उप निर्वाचनलाइ जनताले बहिस्कार गर्नु आवश्यक छ' उनले भने, 'बिप्लव लगायतका राजनीतिक पार्टीलाई मुलधारमा नल्याएर शान्ति पनि आउदैन। र समाजवाद तर्फ उन्मुख पनि हुन सक्दैन।' त्यसैले यस्ता निर्वाचन गर्नुको कुनै अर्थ छैन यसबारे आफनो पार्टीको स्पष्ट धारणा रहेको बताए।

उनले मुलुकको शासनमा बस्ने अहिलेको सरकारको प्रवृति पनि राणा, पञ्चायत र २०४६ पछिको कांग्रेस एमालेको भन्दा कुनै फरक नभएको दावी गरे। उनले भने, ' नवमण्डले प्रवृतीनै रहेको देखिन्छ।' उनले केपी शर्मा ओलीको सरकारद्वारा जनजीविकाका समस्या र राष्ट्रियताका मुद्दाहरू समाधान नहुने दावी गरे।

'मुलुकलाई समाजवादमा लैजाने नारा लगाएर दुई तिहाईको बलियो सरकार बनाएको छ' उपाध्यक्ष ढकालले भने, 'ओली सरकारलाई समाजवाद तिर मुलुक अघि बढाउन कस्ले रोक्यो त ? उनी आफैले रोकेका छन। समाजवादलाई।'

सेनाको गस्ती

महेन्द्रनगर (रासस)- उपनिर्वाचनको सुरक्षाका लागि सेनाले गस्ती सुरु गरेको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा घेराबाहिर सेनाले गस्ती थालेको हो।

कञ्चनपुरको पुनर्वास नगरपालिका ३ मा शनिबार वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदैछ। सो क्षेत्रमा सिंहशार्दुल गुल्म भगतपुर ब्यारेकका सह-सेनानी कृष्ण भण्डारीको नेतृत्वमा सेनाको टोली बुधबारदेखि नै खटिएको हो। जिल्ला प्रहरी कार्यालयका अनुसार निर्वाचन क्षेत्रको सुरक्षा व्यवस्था कडा पारिएको छ।



तपाईंको आज

मेष	भाग्य वृद्धि	तुला	पराक्रम बढ्ने
वृष	वैभव प्राप्ति	वृश्चिक	वैमनस्यता
मिथुन	प्रियजन भेट	धनु	पदोन्नती
कर्कट	खटपट	मकर	केही लाभ
सिंह	वादविवादमा सफल	कुम्भ	कार्य सद्धि
कन्या	हर्ष बढ्ने	मीन	कर्म प्राप्ति

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल मंसिर १५ गते आइतबार तदनुरुप १ डिसेम्बर २०१९ मार्गशीर्ष शुक्लपक्ष पञ्चमी तिथि रात्रिको ८:१३ बजेसम्म उप्रान्त षष्ठि तिथि, उत्तराढा नक्षत्र प्रातः ११:३२ बजेसम्म उप्रान्त श्रवण नक्षत्र, वृद्धि योग दिनको ३:५८ बजेसम्म उप्रान्त ध्रुव योग, बव करण प्रातः ७:४३ बजेसम्म उप्रान्त बालब करण, मकर राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	मार्गदर्शन (लाइभ)
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	हर्के हल्दार (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	मनी टक्स (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	यू एण्ड आई (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	कान्तिपुर समाचार
२:००	मृगी
८:००	कान्तिपुर समाचार
८:३०	यू एण्ड आई (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	हियर्ज दु लाइफ
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	आउन मसँग खाउन
१०:००	हियर्ज दु लाइफ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	मार्गदर्शन (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
८:००	आउन मसँग खाउन (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	विज्ञान प्रविधि (नाष्ट)
०८:००	डेलमपलेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (मृपेन्द्र)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	घुम्ने मेच (डिनेश डिजी)
१०:००	स्पोर्टस् डायरी
१०:०५	गजब छ बा (दुर्गाराज)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	गेम्स् पिपुल प्ले (ग्रिचंका)
१२:००	कान्तिपुर डायरी
१२:१०	टप टेन (धलिसा)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	सेलिब्रेटी आवर (रस्मिला)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	किक स्टार्ट (सञ्जय गुप्ता)
१५:००	कान्तिपुर डायरी
१५:१५	राइवार (नन्दकुमार)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	क्विक फिक्स (स्मिता/धलिसा)
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	न्युजिक लाउन्ज (राजेश पाण्डे)
१८:००	ज्योतिश दर्शन (शिवराज)
१८:३०	कान्तिपुर डायरी
१९:००	काठमान्डु बीट (साप्ताहिक)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	रक मेसिन (मानस्वी वान्तवा)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	हेलो मिथिला (धिरेन्द्र/रुपा)
२३:००	सो टाइम (स्वर्ण)
२४:००	टप टेन (धलिसा)
२४:१०	म अनि मेरो कथा (शुभ)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०८:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१११९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२११०९

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१४००
जिल्ला प्रशासन कार्यालय	५२१२०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३१८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२११०२/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८४८४४०१९०/४२०२०४
जिल्ला अस्पताल	४२००१०
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८४२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८४८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५४५०४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४४००२८४४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८४८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९७४८२७१४४६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८४८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८१६५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२७७, ०८८५३०२५५
एम्बुलेन्स	९८०४८५८४८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००२९
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५४०६३२४२

कैलाली

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८४८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९९
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०९४६

सल्यान

प्रहरी	०८८-५२००४०, ९८५४०८४५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४४०३२४३८/०८८-५२००४४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४९०४५/४२४९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६५४८२९
आकस्मिक प्रहरी सेवा	४२२६९९२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शवबाहन	४४९०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०१४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६०८६
नेपाल मिटर दुवावसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

अदालतको लापरबाहीले सास्ती

विराटनगर (कास)- छिमेकीले हातमा पत्रिका बोकेर बिहानै घरमा आएपछि विराटनगरका अशोककुमार चौहान शुक्रबार दिनभर घरबाट बाहिर निस्कन सकेनन् । स्थानीय केही पत्रिकामा फरार प्रतिवादी पक्राउ भन्ने शीर्षकको समाचारमा अशोकको पनि नाम थियो ।

छिमेकीले 'के हो यस्तो ?' भन्दै सोध्न थालेपछि उनले घरबाट निस्कन नसकेको गुनासो गरे । २०६५ मा मोरङको लेटाङबाट विराटनगर फर्कंदैगर्दा लक्ष्मीमार्गमा चौहानको मोटरसाइकल दुर्घटना भएको थियो । मोटरसाइकलको पछाडि सवार लक्ष्मी संग्रौलाको घटनास्थलमै मृत्यु भयो । चौहान पनि गम्भीर घाइते भए । लक्ष्मीका आफन्तले जानीजानी मोटरसाइकल दुर्घटनामा पारेको भन्दै त्यसबेला उनीविरुद्धमा किटानी जाहेरी दिए । प्रहरीले उनलाई पक्राउ गरेको थियो । दुई हजार धरौटीमा छुटेका उनलाई अदालतले २०६५ फागुन १ मा २ हजार नै जरिवाना गर्ने फैसला गरेको थियो । धरौटी राखेको रकमबाटै जरिवाना असुलउपर भयो । आफ्नो निर्दोसिता साबित भएको भन्दै उनी ढुक्क भए । तर, अदालतले फरार प्रतिवादीको सूचीमा उनको पनि नाम चढायो ।

अदालतले फैसला कार्यान्वयन गराउने भन्दै सबै स्थानीय तह र प्रहरी कार्यालयलाई फरार प्रतिवादीहरूको सूची पठाएर पक्राउ गर्न आदेश गऱ्यो । अदालतले दिएको आदेशको पालना गर्दै मोरङ प्रहरीले धमाधम सूचीका नाम अनुसारका व्यक्ति पक्राउ गर्न थाल्यो । प्रहरीले फरार प्रतिवादी भन्दै घरमै लिन आएपछि उनी अचम्ममा परे । दुर्घटनासमेत बिर्सिसकेका उनी किन प्रहरीले आफूलाई फरारको सूचीमा राख्यो भनेर केही समय त बुझ्नै नसकेको बताए । 'न त अपराध गरेको, न कुनै बिगार गरेको । अदालतको लापरवाहीले गर्दा मेरो बेइज्जत भयो,' उनले भने, 'खाएको विष पो लाग्छ त, तर मलाई त नखाएको विष लाग्यो ।'

प्रहरीले पक्राउ गर्न खोजेपछि उनी अदालतमा गएर आफूले यसअघि नै धरौटी वापतको रकम बुझाएको प्रमाणित गराएर घर फर्किए । तर, प्रहरीले उनको नामसहित फरार प्रतिवादी पक्राउ गरिएको सूचना सञ्चारकर्मीहरूलाई दियो । अदालतको लापरवाहीका कारण चौहानले प्रहरीको मानसिक तनाव पनि बेहोर्नु पऱ्यो ।

पछिल्लो समयमा मोरङ प्रहरीले अदालतले कैद वा जरिवाना सजाय तोकेर फरार भएका अभियुक्तहरू धमाधम पक्राउ गर्न थालेको छ । अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत प्रहरीले ८ मंसिर एकैदिन ४६ जनालाई पक्राउ गरेको मोरङ प्रहरीका डीएसपी तथा प्रवक्ता राजकुमार खिउँजुले जानकारी दिएका थिए । अदालतका कर्मचारीहरूको लापरवाहीले आफूले अनावश्यक तनाव झेल्नु परेको चौहानले गुनासो गरे । 'वरिपरीका छिमेकी र साथीभाईले सोधेर हैरान भइसके,' उनले भने, 'त्यस्तो हैन भनेर जवाफ दिँदादिँदा दिक्क लागिसक्यो । न्याय पाउने ठाउँकै कारण दुःख पाउनुपऱ्यो ।'

चौहानसहित मोरङ प्रहरीले सार्वजनिक अपराध मुद्दामा एक हजार ५ सय ५० रुपैयाँ जरिवाना तिरेका विराटनगर-४ का राजेश चौधरी, चोरी मुद्दामा १२ हजार जरिवाना तिरेका अनिलकुमार मण्डल र लागूऔषध मुद्दामा सर्वोच्च अदालतबाट सफाइ पाएका विकास गुरुङलाई समेत सोही दिन पक्राउ गरेको थियो । अदालतले तोकेको जरिवानाभन्दा बढी रकम धरौटी राखेर छुटेको र जरिवाना वापतको रकम धरौटीबाटै कट्टा गराएको अवस्थामा पक्राउ गरेर प्रहरीले अनावश्यक दुःख दिएको उनीहरूको गुनासो छ ।

मोरङका एसपी विश्व अधिकारीले अदालतले दिएको विवरणअनुसार फरार प्रतिवादी पक्राउ गरिएको बताए । फरारलाई पक्राउ गर्ने र फैसला कार्यान्वयन गराउने निर्णयअनुसार दिइएको सूचीअनुसार नै आफूहरूले पक्राउ गरेको उनको दावी छ । 'अदालतले फरार प्रतिवादीहरूको लिस्ट नै दिएको छ,' उनले भने, 'त्यो लिस्अनुसार हामीले नियन्त्रणमा लिएर अदालतमा उपस्थित गराउने काम गर्नैपर्छ ।'

जिल्ला अदालत मोरङका सेरेस्तेदार ईश्वरमणि ओझाले मानवीय त्रुटिका कारण सूचीमा नहुनुपर्ने नाम पनि परेको बताए । अदालतले फरार प्रतिवादी पहिचान गरी धरौटीबापतको रकम असुलउपर गर्न यथास्थानमै कर्मचारी खटाउनेसमेत गरेको बताउँदै उनले त्यस्तो अवस्थामा अदालतमा आएर सदरस्याहा नगर्दा यस्तो त्रुटि हुन सक्ने उनको भनाइ छ ।



विश्व सिमसार क्षेत्रमा सूचीकृत कपिलवस्तुको जगदीशपुर तालमा रमाएका सारस । *तस्बिर : मनोज पौडेल/कान्तिपुर*

ज्वालातीर्थमा हराउँदै ज्वाला

दैलेख (कास)- पञ्चकोशी क्षेत्रलाई पौराणिक रूपमा पाँच हजार ज्वालाको बिन्दु भन्ने गरिन्छ । यहाँका विभिन्न स्थानमा जमिन मुनिबाट निस्कने ग्याँसबाट आगो बलेको देखिने भएकाले यस्तो भनिएको हो । बुढापाकाहरू पनि यस क्षेत्रमा थुप्रै ज्वाला रहेको बताउँछन् । तर, अहिले श्रीस्थान र नाभिस्थान गरी दुई स्थानमा मात्र ज्वाला बलिरहेका छन् । 'यी ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ताले सताइरहन्छ,' पञ्चकोशी क्षेत्रका ७६ वर्षीय पण्डित तिलकप्रसाद रिजाल भन्छन्, 'हेर्दाहेर्दै थुप्रै ज्वाला हराए, यसमा कसैको चिन्ता र चासो छैन ।'

उनका अनुसार २०२८ सालसम्म पादुकास्थानमा ज्वाला बल्थ्यो । त्यो वर्ष पादुका खोलामा बाढी आएर भेल सुकेपछि ज्वाला हरायो । त्यसपछि निभेको ज्वालालाई पुनर्ज्योति दिनेमा कसैको चासो भएन । बाढीले खोलामा रहेको मन्दिरका साथै शिलालेख, मूर्ति, खम्बा र देवल पनि बगाएको उनले बताए । 'उतिबेलै चासो राखेर संरक्षणको पहल भइदिएको भए ज्वाला जोगाउन सकिन्थ्यो,' उनले भने, 'तर यतातिर कसैको ध्यान पुगेन । निभेको ज्वाला कहिल्यै पनि बलेन ।'

स्थानीयका अनुसार करिब चार दसक अघिसम्म गमौडी खोलामा ललाट ज्वाला, कढर ज्वाला र श्रीस्थानमा काला ज्वाला बल्थे । ती ज्वाला अहिले अस्तित्वमा छैनन् । नाभिस्थानमा रहेको इन्द्र ज्वाला र बढी ज्वाला भने निरन्तर बलिरहेका छन् । 'ज्वाला जोगाउनको लागि हामीले धेरैपटक सरकारको ध्यानाकर्षण गरायौं, तर कुनै सुनुवाइ भएन,' श्रीस्थान व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष केशव थापाले भने, 'बरु अहिले यहाँ जमिन मुनि पेट्रोलियम पदार्थको भण्डार पो छ कि भनेर खोजी गर्न थालिएको छ । खनखान पार्दा गर्दा भएका ज्वाला पनि हराउने जोखिम छ ।'

प्रशस्त ज्वाला भएकै कारण पञ्चकोशी क्षेत्रलाई 'ज्वाला तीर्थ' भन्ने गरिन्छ । तर, पछिल्लो समय विभिन्न कारणले ज्वाला निभ्दा यसको महत्वमा प्रभाव परेको मानिएको छ । श्रीस्थानका मुख्य महन्त गोकर्णनाथ योगी कतिपय ज्वाला भूकम्पको कारण पनि निभेका बताउँछन् । भूकम्पको कम्पनले सानोतिनो ज्वाला निभे । यसका साथै खोलामा आउने बाढी-पहिरोले पनि ज्वाला निभेका उनले बताए ।

पादुका मन्दिरका ७५ वर्षीय महन्त देवीनाथ योगी त सरोकारवाला निकायले ध्यान नदिएकै कारण ज्वाला लोप भएका बताउँछन् । २०२८ सालमा बाढीले ज्वाला हराएको थाहा पाएपछि पुनः ज्वाला बाल्नको लागि पहल गरे पनि कसैले वास्ता नगरको उनले बताए । 'अहिले पनि खोलामा उत्खनन् गर्ने हो भने ज्वाला बाल्न सकिन्छ होला,' उनले भने, 'यो सम्भावनातिर कसैको ध्यान पुगेको छैन ।' पञ्चकोशी क्षेत्रलाई ज्वाला तीर्थ क्षेत्रकै रुपमा स्थापित गरिनुपर्ने उनले बताए ।

कोटिलामा पनि थुप्रै ज्वाला बल्थे । ज्वालाले राति त मन्दिर क्षेत्र उज्यालो देखिन्थ्यो । तर, ती ज्वाला पनि संरक्षण अभावमा निभेका स्थानीयको भनाइ छ । नाभिस्थान व्यवस्थापन समितिका अध्यक्ष नविनकुमार योगी अहिले पनि बुढापाकाहरूले ज्वालाबारे भन्ने गरेका बताए । अहिले सरकारले ज्वाला क्षेत्रमा पेट्रोलियम पदार्थको अन्वेषण थालेपछि भएका ज्वाला पनि निभ्ने हुन् कि भन्ने चिन्ता बढेको उनको भनाइ छ ।

पञ्चकोशी क्षेत्र ज्वालामात्र होइन, पुरातात्विक रुपमा पनि उत्तिकै महत्व बोकेको क्षेत्र हो । तर पछिल्लो समय सरकारले भौतिक विकास गर्ने नाउँमा यसको बेवास्ता गरिरहेको स्थानीयको आरोप छ । नारायण नगरपालिका-२ का बलबहादुर केसीले पर्यटकीय क्षेत्रमा जथाभावी सडक खन्दा जोखिम झन् बढेको बताए ।

बजेट अभावले रोकियो अनौपचारिक शिक्षा

■ **अगन्धर तिवारी** (पर्वत)

नेपाल सरकारले जिल्लामा तीन वर्षअघि सुरु गरेको अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम रोकिएको छ । प्राथमिक तहको शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षा दिन सुरु गरिएको कार्यक्रम सरकारले बजेट पठाउन छाडेपछि रोकिएको हो ।

बजार क्षेत्रमा मजदुरी गर्ने र पारिवारिक समस्याले नियमित विद्यालय आउन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा दिन २०७४ बैशाखदेखि कुश्मास्थित शिवालय माध्यमिक विद्यालयले कक्षा सञ्चालन गरेको थियो । कक्षामा ५ देखि १८ वर्षसम्मका बालबालिका अध्ययन गर्दै आएका थिए । ६ महिनासम्म नियमित अध्ययन गराएपछि उनीहरूको क्षमताअनुसार नियमित कक्षामा पठाउने कार्यक्रम थियो । कार्यक्रमबाट ५० बालबालिकाले नियमित अध्ययन गरिरहेका थिए । मजदुरी, सडकपेटी तथा बजारक्षेत्रका विभिन्न ठाउँबाट ल्याइएका बालबालिकालाई निःशुल्क खाजासहित अध्यापन गर्दैआएको विद्यालयले कार्यक्रम रोकिएपछि कक्षा नै स्थगित गरेको जनाएको छ ।

'पहिलो वर्ष २१ जनालाई पढाइएको थियो । उनिहरूको प्रगति राम्रो थियो,' प्रधानाध्यापक भूपेन्द्र चापागाईंले भने, 'स्तरवृद्धी भएका नियमित कक्षामा गएका थिए । नयाँ आउने क्रम जारी थियो । कार्यक्रम झ्याप्पै रोकियो ।' गत चैतदेखि अनौपचारिक शिक्षा कार्यक्रमको कुनै पनि सहयोग नआएपछि सहयोगी कार्यकर्तालाई समेत विदा गरिएको उनले बताए । नियमित विद्यालय आउने गरेका बालबालिका अहिले पुरानै अवस्थामा फर्किएका छन् । 'बजारमा धेरै बालबालिका यत्तिकै डुलेको देखिन्छ,' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष इश्वर गिरीले भने, 'उनीहरूलाई ल्याएर पढाउन सकिएको छैन ।' निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार दिन नसकिएकोमा उनले चिन्ता व्यक्त गरे ।

पर्वतको कुश्मास्थित शिवालय माविमा अनौपचारिक कक्षाका बालबालिका । *तस्बिर : कान्तिपुर*

मजदुरीबाटै जीविकोपार्जन गर्दै आएका परिवार र बेवारिसे बालबालिकालाई उनिहरू भएकै ठाउँमा पुगेर विद्यालयमा ल्याउने कार्यक्रम थियो । उक्त कार्यक्रमअन्तर्गत बालबालिकाको समय अनुकूल हुनेगरि बिहान र बेलुका दुइपटक कक्षा सञ्चालन हुँदैआएको सहयोगी पार्वती सापकोटाले बताइन् । 'बिना पारिश्रमिक पनि मैले धेरै दुःख गरेकी थिएँ । तत्काल नभएपनि स्थायी हुन्छ भन्नुहुन्थ्यो । अहिले न बालबालिका आउँछन् । न मेरो भविष्य बन्यो,' उनले भनिन् । सडकपेटी तथा बिभिन्न ठाउँमा पुगेर बालिबालिका खोज्दैजाँदा कतिपय बालबालिका चोकमा रोकिएका गाडीमा पैसा मार्दै गरेका समेत भेटिने उनले बताइन । 'अहिले उनीहरूको अवस्था उस्तै छ,' उनले भनिन्, 'हामीले दुःख गर्नु मात्रै भयो ।'

अनौपचारिक कक्षामा पढ्ने गरेका कतिपय बालबालिकाका अहिले पनि अभिभावकसँगै मजदुरीमा छन् । बेवारिसे अवस्थाका बालबालिका सदरमुकाम आसपासमा फोहोर संकलन गरेर पनि जीविका चलाउँछन् । उनीहरूलाई विद्यालयमा नियमित ल्याएर अक्षर चिनाउन मुस्किल छ । 'खाजा दिएर पनि ल्याउन मुस्किल हुन्थ्यो,' प्रअ चापागाईंले भने, 'त्यति हुँदाहुँदै पनि हामीले धान्ने सकेनौं ।' अनौपचारिक शिक्षा कार्यक्रम केन्द्रदेखि नै रोकिएको भन्दै कुनै सहयोग नपाइएपछि विद्यालयको स्रोतले धान्न नसकेर बन्द गरिएको उनले बताए ।

शिक्षा विभागले अनौपचारिक शिक्षा कार्यक्रम सुरु गरेसँगै उनीहरूको अध्यापन र निरन्तरताका लागि मासिक ६२ सय पारिश्रमिक तोकेर एक सहयोगी कार्यकर्ता उपलब्ध गराए पनि पारिश्रमिक भने जिल्लामा नपठाएको विद्यालयले जनाएको छ । आर्थिक वर्ष ०७५/७६ का लागि बजेट नदिएपछि कुश्मा नगरपालिकाले ६५ हजार रूपैयाँ सहयोग गरेको थियो । चालु वर्षदेखि नगरपालिकाले सहयोग नदिएपछि बालबालिकासहित सहयोगी कार्यकर्तासमेत बिदाइ गरिएको विद्यालयले जनाएको छ । नगरपालिकाबाट उक्त कार्यक्रम सञ्चालनका लागि विद्यालय व्यवस्थापनले पनि सहयोग ल्याउन पहल गरेन । बरु कक्षा नचलाउने निर्णय गर्दै दुई महिनाअघि सहयोगी र विद्यार्थीलाई विदा गरेको हो ।

उपनिर्वाचन तयारी पूरा

विराटनगर (कास)- धरान उपमहानगरलगायत प्रदेश १ का विभिन्न स्थानमा हुने स्थानीय तहको उपनिर्वाचनको तयारी पूरा भएको छ । मतदान केन्द्रहरू व्यवस्थित बनाइएको छ । सुरक्षाकर्मी र कर्मचारी परिचालन भइसकेका छन् ।

संखुवासभाको मकालु गाउँपालिका र खाँदबारी-३ मा ११ वटा मतदान केन्द्र राखिएको छ । केन्द्रमा सेना, सशस्त्र र नेपाल प्रहरी परिचालित भएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद दुलालले बताए ।

संखुवासभामा मकालु गाउँपालिकामा अध्यक्ष र खाँदबारी नगरपालिका-३ मा वडाध्यक्षको निर्वाचन हुँदैछ । मकालु गाउँपालिकामा ९ हजार १ र खाँदबारी-३ मा १ हजार ८ सय ३० मतदाता छन् । मकालुमा ७ वटा दल चुनावी मैदानमा छन् । खाँदबारी-३ को वडाध्यक्षमा नेकपा र कांग्रेसको मात्र उम्मेदवारी छ ।

एक गाउँपालिका अध्यक्ष, एक नगरपालिका र अर्को गाउँपालिकाको वडाध्यक्ष पदका लागि उप निर्वाचन हुने पाँचथरमा पनि तयारी पूरा भएको छ । मतदातालाई परिचयपत्रवितरण, मतदान स्थलनिर्माण र आवस्यक सामग्री ढुवानी लगायतका सबै काम पुरा भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदान हुने ३१ वटा केन्द्रमा पुगेका मतदान अधिकृत, सहायक अधिकृत, कर्मचारी र सुरक्षाकर्मीले मतदानस्थल निर्माण र मतपेटिका संकलनपछि मतगणना गर्ने कक्ष समेत तयार पारिसकेका मुख्य निर्वाचन अधिकृत मोहनराज भट्टराईले बताए । अध्यक्ष पदका लागि निर्वाचन हुने फाल्गुनन्द गाउँपालिकामा १६ हजार ५ सय ७७, फिदिम नगरपालिका १ मा ३ हजार ६ सय ७६ र हिलिहाङ गाउपालिका७ मा २ हजार ६ सय मतदाता छन् । सुनसरीको धरान उपमहानगरका मेयर तारा सुब्बाको निधनपछि पद रिक्त छ । यस्तै संखुवासभाको मकालु गाउँपालिका अध्यक्ष खड्गबहादुर कटुवाल र पाँचथरको फाल्गुनन्द गाउँपालिका अध्यक्ष अमरबहादुर नेम्वाङको निधनपछि स्थान रिक्त भएको हो । यसैगरी मोरङको धनपालथान गाउँपालिका-२, पाँचथरको हिलिहाङ गाउँपालिका-७, धरान-७ को वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदै छ ।

कृष्णसार बचाउन चुनौती

■ **कमल पन्थी** (बर्दिया)

दुर्लभ वन्यजन्तुमा सूचीकृत कृष्णसार हेर्नुपरे मुलुकमै एक मात्र सुगम स्थान गुलरियाको खैरापुर हो । यहाँ निश्चित क्षेत्रफललाई तारबार गरेर वन्यजन्तु हुर्काइएको छ । यसलाई अवलोकन गर्न दिनहुँ सर्वसाधारण आउने गरेका छन् ।

आगन्तुकले रूपरंग र गतिविधि हेरेर रमाइलो मान्ने यो दुर्लभ वन्यजन्तु जोगाउन भने चुनौती बढ्दो छ । मानवीय अतिक्रमण, वस्तुभाउको चरन, भुस्याहा कुकुर र चितुवाको आक्रमण बढेपछि संरक्षणमा चुनौती बढेको हो । बर्दिया राष्ट्रिय निकुञ्जका अनुसार ४५ वर्षअघि कृष्णसार लोप भएको अनुमान गरिएको थियो । कतै नदेखिएपछि हराइसकेको संरक्षणकर्मीले अड्कल गरेका थिए । त्यही बेला बर्दिया वन्यजन्तु आरक्ष स्थापना भयो । २०३२ असोजबाट यसको खोजी थालियो । संरक्षणकर्मीका अनुसार बाँके र बर्दियामा कृष्णसार खोजी गर्ने क्रममा गुलरिया-२ स्थित खैरी पण्डितपुरको वनमा एउटा सिङ भाँचिएको बूढो भाले, एउटा वयस्क भाले, तीनवटा पोथी र चार बच्चासहित नौवटा कृष्णसार फेला परे । तिनको संरक्षणका लागि तत्कालीन वन विभागको सुरक्षा पोस्ट खडा गरेको बर्दिया निकुञ्जले जनाएको छ । लामो प्रयासपछि अहिले भाले ४४, पोथी १ सय २५ र बच्चा ६५ गरी २ सय ३४ वटा कृष्णसार छन् । निकुञ्जका अनुसार कृष्णसार दुबो र काँस भएको मैदानमा बस्न रुचाउँछन् । गाई, भैंसी र भेडाबाख्रासँगै चर्न रमाउँछन् ।

बथानमा चरिरहेका कृष्णसार मानिस देख्नासाथ सुरक्षित स्थलतर्फ भाग्छन् । अन्य वन्यजन्तु र वस्तुभाउसँग चर्न मन पराउने भएकाले संरक्षित क्षेत्रमै गोठालाले वस्तुभाउ ल्याउने गर्छन् । घरपालुवा वस्तुभाउले कृष्णसारको आहारा खाने भएकाले दैनिक झगडा गर्नुपरेको संरक्षण केन्द्रका कर्मचारीले बताए । चितुवा र भुस्याहा कुकुरको आक्रमणमा वर्सेनि एक दर्जनभन्दा बढी कृष्णसारको मृत्यु हुने गरेको छ ।

बर्दियाको गुलरिया-२ को खैरापुरमा चर्दै दुर्लभ वन्यजन्तु कृष्णसार । *फाइल तस्बिर : कान्तिपुर*

सामुदायिक वनबाट निस्कने चितुवाको आक्रमणबाट गत साउनयता पाँचवटा कृष्णसार मारिएको कृष्णसार संरक्षण क्षेत्रका सूचना अधिकारी मनराज मोक्तानले बताए । उनका अनुसार बर्सेनि १२ देखि १५ वटा कृष्णसार मारिने गर्छन् । अहिले भुस्याहा कुकुर नियन्त्रणमा आए पनि चितुवाले आक्रमण गर्न थालेको संरक्षण समितिका अध्यक्ष कृष्ण खनालले बताए । ०३२ सालमा नौवटा कृष्णसार रहेकोमा ०७१ मा ३ सय १ वटा पुगेका थिए । ०७१ साल साउन अन्तिम साता आएको बाढीले ४० वटा बगाएको थियो । ०७४ सालमा बाढीले १८ वटा कृष्णसार मारिएको संरक्षण समितिले जनाएको छ । कृष्णसार संरक्षण क्षेत्रसँग बबई नदी जोडिएका कारण पनि बाढी आउनासाथ कृष्णसार संरक्षण क्षेत्रलाई क्षति पुऱ्याउँदै आएको छ ।

सूचना अधिकारी लामाका अनुसार यसको एउटा भालेले प्रजननका लागि एक दर्जन पोथी खोज्ने गर्छ । एउटै भालेले दिनहुँ एक दर्जनभन्दा बढी पोथीलाई आफ्नै नियन्त्रणमा राख्ने गर्छ । आफ्नो नियन्त्रित क्षेत्रमा अन्य भालेलाई प्रवेश गर्न दिँदैन । बलियो भाले आयो भने लडाइँ हुन्छ । त्यसमा जित्नेले ती पोथीलाई नियन्त्रणमा राख्ने गरेको दुई दशकदेखि कृष्णसार संरक्षण क्षेत्रमा काम गर्दै आएका गेम स्काउट डुम चन्दले बताए । उनका अनुसार पूर्णिमा र अँधेरी रात प्रजननका लागि कृष्णसारलाई मन पर्ने समय हो । एउटा कृष्णसारले ६-६ महिनामा २/३ वटा पाठापाठी जन्माउँछन् ।

अतिक्रमण समस्या

गुलरिया नगरपालिका-२ खैरापुर फाँटस्थित कृष्णसार संरक्षण क्षेत्र ७ सय ८ बिघा क्षेत्रमा फैलिएको थियो । हाल करिब ३ सय ५० बिघा क्षेत्रफल अतिक्रमण भएर १ सय ४२ घरटहरा बनिसकेको छ । अतिक्रमण हटाउन पहल नभएकाले वन्यजन्तु संकटमा परेको छ । केही वर्षयता थप अतिक्रमण रोकिएको छ । तर, त्यहाँबाट हटाइएकाहरूको व्यवस्थापन नहुँदा उनीहरूको दृष्टि कृष्णसार क्षेत्रकै जग्गामा छ । ०६५ चैत ३ मा संरक्षण क्षेत्र घोषणाअघि ऐलानी जग्गामा बस्दै आएका ५३ घरधुरी पनि यहीं छन् । ०६२/६३ को जनआन्दोलनका समय विभिन्न ठाउँबाट आएका ९३ जनाले संरक्षित क्षेत्रको जमिन कब्जा गरी अस्थायी टहरा बनाए । सरकारले यहाँ रहेका सुकुम्बासीका लागि अन्यत्र व्यवस्था गरे पनि छाडेर गएनन् । कृष्णसार संरक्षण समितिका पूर्वअध्यक्ष एवं गुलरिया-२ का वडाध्यक्ष टंक अधिकारीले केन्द्रले बस्ती अन्यत्र स्थानान्तरण गर्न समिति गठन प्रक्रिया अघि नबढाएका कारण समस्या भएको बताए । बर्दिया राष्ट्रिय निकुञ्जले कृष्णसारको वंश नै समाप्त गर्न अतिक्रमणकारी समूह लागिपरेको शंका गरेको छ ।

जमिन अतिक्रमण भएलगत्तै केही समयसम्म चोरी सिकारीले चारवटा कृष्णसार मारेर कान, नाइटो र पुच्छर काटेर लगेका थिए । त्यस अवधिमा भुस्याहा कुकुर, हुँडार र प्राकृतिक कारणबाट पाँचवटाको मृत्यु भएको थियो । कृष्णसारलाई संरक्षित वन्यजन्तु घोषणा गरे पनि संरक्षणका लागि सरकारले खासै पहल नगरेको वडाध्यक्ष अधिकारी गुनासो गर्छन् । चितुवा र स्याललगायतको आक्रमणले कृष्णसार मर्दै जाने हो भने केही वर्षभित्र निमिट्यान्न हुने स्थानीय जग्गु यादवले बताए । कृष्णसार एन्टीलोप (मृग) जातिको एक वन्यजन्तु हो । यसको वैज्ञानिक नाम सर्भिकापा हो । यसलाई अंग्रेजीमा ब्ल्याक बक भनिन्छ । नेपालबाट लोप हुन थालेका कारण यसलाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको हो । पहिले तराइका धेरै भागमा पाइने उक्त वन्यजन्तु वासस्थान र आहाराको कमीले गुलरियाको खैरापुर क्षेत्रमा मात्र सीमित छ । ०५५ सालमा ३५ वटा कृष्णसार हराएका थिए । तिनीहरू भारतीय सीमा नजिक रहेको जंगलात क्षेत्र र कृष्णसार (काली मृग) संरक्षण केन्द्रमा गएको शंका स्थानीयले गरेका छन् । सामान्यतः भाले कृष्णसार पोथीभन्दा अलि ठूलो हुन्छ । भालेका दुईवटा सिङ बटारिएको हुन्छ तर पोथीको सिङ नै हुँदैन । जिल्ला वन कार्यालयदेखि पाँच किमि पश्चिम र राष्ट्रिय निकुञ्जबाट ५० किमि पूर्व-दक्षिणमा छ ।